## परिच्छेद : एक

# शोध परिचय

### १.१ विषय परिचय

प्रस्तुत शोधको शीर्षक "माधव घिमिरेका बाल कवितात्मक प्रवृत्ति" रहेको छ । माधव घिमिरे आधुनिक नेपाली साहित्यका कविता, गीति नाटक र निबन्धजस्ता विधाहरूमा उल्लेखनीय योगदान गर्ने बहुमुखी प्रतिभा हुन् । उनले **शकुन्तला** (२०३७), **मालती मङ्गले** (२०३९), **देउकी** (२०५५), **विषकन्या** (२०५०), **अश्वत्थामा** (२०५३), **हिमालपारि हिमालवारि** (२०५४) जस्ता गीतिनाटक, **आफ्नै बाँसुरी आफ्नै गीत** (२०३०) र **चारु चर्चा** (२०५८) जस्ता निबन्ध सङ्ग्रहमार्फत एक सशक्त गीति नाटककार र निबन्धकारका रूपमा नेपाली साहित्यमा उपस्थिति जनाए पनि उनी खास गरी कविकै रूपमा बढी प्रसिद्ध छन् । उनले विभिन्न फुटकर कविताहरूको सँगालो **नवमञ्जरी** १९९४) र **चैतवैशाख** (२०६०) जस्ता कविता सङ्ग्रह, गौरी (२०१५), पापिनी आमा (२०१३), **राजेश्वरी** (२०१७), राष्ट्र निर्माता (२०३०) र **धरती माता** (२०३०) जस्ता खण्डकाव्यहरूको रचना र प्रकाशनद्वारा एक सशक्त कविका रूपमा प्रतिष्ठा प्राप्त गरेका छन् । **किन्नर किन्नरी** (२०३३) गीतसङ्ग्रहले उनको गीति कवितालाई पनि स्थापित तुल्याएकै छ । उनले आफ्नो कवितायात्रा (वि.सं. १९९२-हालसम्म) का क्रममा निरन्तर रूपमा बाल कविताको पनि सिर्जना एवम् प्रकाशन गर्दै आएको पाइन्छ र उनका त्यस्ता बाल कविताका यी चारवटा सङ्ग्रह पनि प्रकाशमा आएका छन् र ती हुन् : **घामपानी** (२०१०, **बाला लहरी** (२०२५), **सुनपङ्खी चरी** (२०५३) र **बिजुले र बिजुला** (२०६३) । यस्तै उनले रचेका कतिपय बाल कविता फुटकर रुपमा पनि प्रकाशित छन् । ती कृतिहरू साहित्यिक शोधका निम्ति धेरै महत्वपूर्ण छन् किनभने यिनमा सङ्कलित रचनाहरू नेपाली बालकहरूका बिचमा लोकप्रिय रहनका साथै उपयोगी पनि ठहरिएका छन् । निश्चय नै उनले विविध विधामा गरेको योगदानका साथै प्रत्येक विधागत कृति, प्रवृत्ति आदिको शोधमूलक अध्ययन-विश्लेषण अपेक्षित नै छ र उनका कवित्व र खण्डकाव्यकारितालाई लिई विधावारिधि शोध भई पनि सकेको छ तापनि उनका बाल कविताका प्रवृत्तिको निर्क्योल गर्नु पनि प्राज्ञिक ज्ञानको महत्वपूर्ण विषय भन्ने ठहर गरी यो शोध गरिएको हो । यस शोधको मुख्य विषय

उनका बाल कविताका प्रवृत्तिको अध्ययन नै हो र यस शोधमा उनका चारवटै बाल कविता सङ्ग्रहका बाल कविता र फुटकर रूपमा समेत प्रकाशित 'राहुल यशोधरा' बालकाव्य एवं अरू कतिपय बाल कविता समेतको विश्लेषण गरी सोही आधारमा उनका बाल कविताका प्रवृत्तिको निरूपण गरिएको छ ।

## १.२ शोध समस्या

प्रस्तुत शोध कार्यको मुख्य प्राज्ञिक समस्या माधव घिमिरेको बाल कविताका सृजनशीलता हो । माधव घिमिरेले रचेका बाल कविताहरूलाई अनेक दृष्टिले अध्ययन गर्न सकिने र उनले नेपाली बाल कविताका परम्परामा पुऱ्याएको योगदानका बारेमा पनि विश्लेषणात्मक अध्ययन गर्न सकिने अवस्था रहेकै सन्दर्भमा प्रस्तुत शोधमा चाहिँ बाल कविताका तत्वका दृष्टिले उनका बाल कवितामा के कस्ता प्रवृत्ति दृष्टिगत हुन्छन् भन्ने जिज्ञासालाई नै मुख्य शोध समस्याका रूपमा लिइएको छ । यस मुख्य शोध समस्याको समाधानमा पुग्नका निम्ति तलका शोध प्रश्नहरूको प्राज्ञिक समाधान पहिल्याइएको छ :

क) माधव घिमिरेका जीवनयात्रा र कवितायात्राका परिप्रेक्ष्यमा उनको बाल कविता यात्राको विकासक्रम केकस्तो देखापर्छ ?

ख) माधव घिमिरेका साहित्यिक कृतिहरूमा बालक सम्बन्धी के कस्ता धारणा व्यक्त भएका छन् ?

ग) माधव घिमिरेका बाल कवितामा के कस्ता धारागत र विधातत्वगत प्रवृत्तिहरू देखा पर्दछन् ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधका मुख्य उद्देश्य यस प्रकार छन् :

क) माधव घिमिरेका जीवनयात्रा र कवितायात्राका परिप्रेक्ष्यमा उनको बाल कवितात्मक यात्राको विकासक्रमको अध्ययन गर्नु ।

ख) माधव घिमिरेका साहित्यिक कृतिमा व्यक्त बालक सम्बन्धी धारणाको अध्ययन गर्नु ।

ग) माधव घिमिरेका बाल कविताका धारागत एवं विधातत्वगत प्रवृत्तिहरूको निर्क्यौल गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

"माधव घिमिरेका बाल कविताका प्रवृत्ति" शीर्षकको प्रस्तुत शोधकार्यसँग सम्बद्ध पूर्वाध्ययनहरू चार किसिमका देखापर्दछन्; ती हुन् :

क) माधव घिमिरेको जीवनयात्रासँग सम्बन्धित अध्ययनहरू

ख) माधव घिमिरेको सृजनयात्रासँग सम्बद्ध अध्ययनहरू

ग) माधव घिमिरेका जीवनयात्रा तथा सृजनयात्राका सहसम्बद्धता बारेका अध्ययनहरू

घ) माधव घिमिरेका बाल कविताका सम्बन्धमा गरिएका अध्ययनहरू

माधव घिमिरेका बाल कविताका बारेमा भएका पूर्वाध्ययनतर्फ दृष्टि दिँदा प्रथमतः उनले रचेको बाल कवितासङ्ग्रह **घामपानी**को भूमिकामा आएको 'परिचय'मा भनिएका कुराहरूमा नै दृष्टि पुऱ्याउनु पर्ने हुन्छ । सो 'परिचय' **घामपानी** २०१२ सालमा प्रकाशित दोस्रो संस्करणमा रहेको छ र त्यसको लेखन वासुदेव शर्मा लुइँटेलले गरेको देखिन्छ । त्यस 'परिचय'को प्रारम्भमा लुइँटेलले **घामपानी**का बारेमा टिप्पणी गर्दा सो बाल कवितासङ्ग्रहको पहिलो संस्करणमा रहेको बास्तोलाजीको भूमिकाको सन्दर्भ दिइएको देखिएबाट घिमिरेको बाल कविताबारे प्रथम समीक्षात्मक टिप्पणी गर्ने व्यक्ति बास्तोलाजी ठहर्छन् । सो 'परिचय'मा लुइँटेलले उल्लेख गरेअनुसार बास्तोलाका विचारमा घिमिरेका बाल कवितामा नेपाल बोल्ने र नेपालीको मुटु हल्लाउने शक्ति रहेको छ । **घामपानी**का कविता स्कुलमा पढाउँदा ती कविता बालकहरूले आफ्नै सम्झने र त्यसभित्रका कतिपय कविताहरू सुन्दा आमाहरूका आँखामा आँसु आउने शक्ति रहेको कुरा पनि लुइँटेलले उल्लेख गरेका छन् । उनका अनुसार **घामपानी**का कविताले नेपाल देशको माया जगाउने शक्ति राख्दछन् । यसरी बास्तोलाले गरेको **घामपानी**का टिप्पणीमा घिमिरेका बाल कवितामा भावपक्षको वृत्त राष्ट्रप्रेम रहेको र त्यसको अभिव्यक्ति निकै शक्तिशाली भएको कुरा सङ्केतित छ । प्रस्तुत 'परिचय'मा वासुदेव लुइँटेलले चाहिँ घिमिरेको **घामपानी** बाल कविता सङ्ग्रहका बारेमा गरेको टिप्पणी निकै महत्वपूर्ण छ । उनका अनुसार **घामपानी**मा नेपाली गेडा र नेपाली लय पाइन्छ; **घामपानी**का कविताहरूको लय र ताल बाल बालिकाहरूको हुर्काइअनुसार लम्बिँदै गएको देखिन्छ र त्यसमा प्रयोग गरिएको लोकलयका साथै वार्णिक छन्द पनि सोही अनुरुप छ भन्ने कुरो लुइँटेलले औंल्याएका छन् । उनका अनुसार

**घामपानी**का कवितामा अभिव्यक्त विचारमा बालकको जीवनको अङ्ग बन्न सक्ने गुणका साथै शब्दचित्र र भावचित्रका विशेषता छन् । उनले नेपाली राष्ट्रिय संस्कृतिको अभिव्यक्तिअन्तर्गत नेपाली समाजका पारिवारिक नाता सम्बन्ध, भूमिका, व्यवहार आदिका साथै नेपाली समाजमा आएका नयाँ परिवर्तनको चित्रण पनि छ भन्ने कुराको उल्लेख गरेका छन् । **घामपानी**का कवितामा प्रकृति र मानव जीवनबिचको सहसम्बन्ध देखाइएको छ र जीवनका आशा र आदर्शका साथै धरतीप्रतिको प्रेम पनि प्रकट छ । यसै गरी लुइँटेलले **घामपानी**का कवितामाअनुकरणात्मक शब्दहरूको सुन्दर छटा भेटिन्छ भन्ने टिप्पणी पनि गरेका छन् । यसरी लुइँटेलले घिमिरेका **घामपानी** बाल कविताका बारेमा परिचय दिँदा घिमिरेका बाल कवितामा जे जस्ता विशेषताको सङ्केत गरेका छन् त्यो निकै महत्वपूर्ण छ र त्यसले यस शोधमा गरिएको अध्ययनलाई प्रशस्त सघाएको छ ।

तारानाथ शर्मा (२०२९) ले पनि **नेपाली साहित्यको ऐतिहासिक परिचय** मा माधव घिमिरेका बाल कविताका बारेमा केही सूचना दिएका छन् । उनले लक्ष्मीप्रसाद देवकोटा आदि कविहरूको परिचय दिने क्रममा माधव घिमिरेको पनि चिनारी दिएका छन् । शर्माले माधव घिमिरेलाई छन्दमा बाँधिएर पनि भाषालाई सुन्दरतापूर्वक नचाउन सक्ने प्रतिभाशाली कविका रूपमा चिनाएका छन् । शर्माले माधव घिमिरेका काव्यकृतिहरूको चर्चा गर्ने क्रममा **गौरी**, **राजेश्वरी** र **घामपानी**को चर्चा गरेका छन् । त्यसै चर्चाको प्रसङ्गमा शर्माले **गौरी**, **राजेश्वरी** र **घामपानी**लाई ग्रन्थको रूपमा र अन्य निकै फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा छापिएका छन् भनेर सूचित गरेका छन् । **घामपानी** बाल कविता सङ्ग्रहको बारेमा चर्चा गर्ने क्रममा **घामपानी**लाई उनले केटाकेटीका लागि लेखिएको सरल पद्यात्मक पुस्तक हो भनेर छोटो टिप्पणी मात्र दिएका छन् ।

तारानाथ गौतम (२०३७) ले "कवि घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना" शीर्षकको स्नातकोत्तर शोधपत्रमा घिमिरेको बाल कविताका बारेमा चर्चा गरेका छन् । घिमिरेका कृतिहरूको चर्चा गर्दा उनका बाल कविताकृति **घामपानी** र **बालालहरी**को उल्लेख मात्र गरेका छन् र तिनका बारेमा अरु कुनै पनि अध्ययन उनले गरेको भेटिन्न ।

भानुभक्त पोखरेल (२०३९) ले **कवि घिमिरे र उनको काव्य चिन्तन**मा माधव घिमिरेको **घामपानी** बाल कवितासङ्ग्रहको रचनाका बारेमा निकै महत्वपूर्ण सूचना दिएका छन् । उनले दिएको सूचनाअनुसार माधव घिमिरेले **घामपानी** बाल कवितासङ्ग्रहको रचना २००५ देखि २००८/९ सालको समयावधिमा गरेका हुन् । त्यसबखत उनले लमजुङस्थित यशोब्रह्म शाहको

दरबारमा आधारशिक्षा माध्यमिक विद्यालयको प्रधानाध्यापक भएर काम गर्दा जे जति बाल कविताको रचना गरेका थिए, तिनैलाई सङ्कलन गरेर २०१० सालमा यो पुस्तकाकार कृतिका रूपमा महानन्द सापकोटा समेतको रुचिले गर्दा छापिएको हो भन्ने सूचना पोखरेलले दिएका छन् ।

प्रस्तुत पुस्तकको तेस्रो अध्यायमा कवि माधव घिमिरेका कविता, गीत र काव्यको कालक्रमिक विवरण दिने क्रममा **घामपानी** र **बालालहरी** बाल कवितासङ्ग्रहमा परेका कविताहरूको शीर्षक र प्रकाशन कालसहित टिप्पणी दिएका छन् । उनका अनुसार **घामपानी** बाल कविता सङ्ग्रहको पहिलो संस्करण २०१० मा प्रकाशित भएको र यसको तेस्रो संस्करणमा दुईवटा बाल कविता ‘मै मिरिमिच्चे’ र ‘उठ पुता’ थपिएको र **घामपानी** पाँचौं संस्करणमा ‘तारा’, ‘भँगेरा र भँगेरी’, ‘नर्कटको घोडा’, ‘यो घर कसको आलेको’, ‘चिप्लेकीरो’ र ‘पुतली’ बाल कविता थपिएको अनि प्रथम संस्करणको ‘ध्रुवको कथा’ हटाइएको समेत उल्लेख गरेका छन् । यसै गरी पोखरेलले माधव घिमिरेको दोस्रो बाल कविता सङ्ग्रह **बालालहरी** (२०२५) मा परेका बाल कविताहरूको पनि प्रकाशन काल र शीर्षकसहित उल्लेख गरेका छन् । पोखरेलका बिचारमा घिमिरेले लमजुङ बसाईको क्रममा प्राप्त गरेको प्राकृतिक सजीवता र ग्रामीण सरलताकै परिणाम उनका बाल कविताको प्रवाह हो । यस अध्ययनमा पोखरेलले घिमिरेका बाल कविताबारे सङ्केत मात्र गेका छन् र तिनको विश्लेषणात्मक अध्ययनलाई आफ्नो अध्ययनको विषय बनाएका छैनन् ।

नरेन्द्र चापागाई (२०४३) ले **केही सृष्टि : केही दृष्टि**मा माधव घिमिरेका बारेमा चर्चा गरेका छन् । चापागाईले ‘नेपाली बालसाहित्यको स्थिति’को अवलोकन गर्ने क्रममा माधव घिमिरेले रचेको **घामपानी** बाल कवितासङ्ग्रहको पनि उल्लेख गरेका छन् । उनले यसमा साक्षरताको तहसम्म सीमित व्यक्तिलाई बालकसरह मान्दै साक्षर व्यक्तिलाई प्रभावित पार्ने रचनाका रूपमा **गौरी** शोककाव्यलाई पनि बालसाहित्यका कोटीमा राखेका छन् । चापागाईले यसरी घिमिरेको शोककाव्य **गौरी**लाई बालसाहित्यको कोटीमा राख्नुमा उनको निजी भावनाको जोड रहेको देखिन्छ । बालसाहित्यको सैद्धान्तिक एवम् वस्तुगत अध्ययन प्रणालीका सन्दर्भमा यो भावना प्रबल दृष्टिकोणसँग सहमत हुनु सम्भव छैन ।

वासुदेव त्रिपाठी र अन्य (२०४६) का सम्पादकत्वमा प्रकाशित **नेपाली कविता** भाग ४ मा पनि माधव घिमिरेका बाल कविताका बारेमा उल्लेख गरिएको छ । त्रिपाठीले सो पुस्तकको

भूमिका लेखेका छन् र त्यस क्रममा उनले माधव घिमिरेका बाल कविताका बारेमा उल्लेख गर्दै **घामपानी** बाल कविता घिमिरेको काव्ययात्राको दोस्रो चरण (२००४-२०१६)मा, **बालालहरी** चौथो चरण (२०२६-२०३६)मा अनि पाँचौं चरण (२०३७-२०५३)मा **सुनपङ्खी चरी** बाल गीतमाला रचना गर्न पुगेका छन् भन्ने सूचना दिएका छन् । सूचनामूलक मात्र हुनु र घिमिरेका बाल कविताको प्रवृत्तिगत विश्लेषण नगरिनु यस अध्ययनको सीमा हो ।

सीता कटुवाल (२०५०) ले "नेपाली बाल कविताको अध्ययन" शीर्षकमा स्नातकोत्तर तहको शोधपत्रमा नेपाली बाल कविताको २०४५ सालसम्मको विकासक्रमको चर्चा गर्दा माधव घिमिरेको पनि चर्चा गरेकी छन् । कटुवालले यस शोधमा नेपाली बालसाहित्यका विशिष्ट प्रतिभामध्ये कवि माधव घिमिरे पनि एक हुन् भन्दै भारतीय सुप्रसिद्ध साहित्यकार रवीन्द्रनाथ ठाकुरका बाल कविताबाट प्रेरित र प्रभावित भएर घिमिरेले बाल कविता लेख्न पुगेको कुराको उल्लेख गरेकी छन् । कटुवालका अनुसार घिमिरेले बालसाहित्यको सिर्जना २००५ सालमा पुस्तुन आधार स्कुलमा प्रधानाध्यापक हुँदादेखि नै गर्न थालेका हुन् । लोकपरम्परामा आधारित ग्रामीण परिवेशमा हुर्किएका बालबालिकाका खुसियालीका गीत तथा उनीहरूका हर्ष-उमङ्गका क्षणहरूलाई टिपेर **घामपानी** २०१० र **बालालहरी**, २०२५ जस्ता रचना गरेको र अन्य पत्रपत्रिकामा पनि घिमिरेका बालरचना प्रकाशित भइरहेको जानकारी समेत कटुवालले दिएकी छन् । कवि घिमिरेका बाल कविताहरू पाठ्यपुस्तकमा पनि समावेश गरिएको र उनी बालसाहित्यमा बालगीत र बाल कविताका क्षेत्रमा सक्रिय र सशक्त रहेको कुरा पनि कटुवालले उल्लेख गरेकी छन् । कटुवालले यस शोधमा घिमिरेका **घामपानी** र **बालालहरी** दुई बाल कविता सङ्ग्रहमा रहेका रचनाहरूको विषयवस्तुगत वर्गीकरण गरेर अध्ययन गरेकी छन् । घिमिरेका यी दुई बाल कवितासङ्ग्रहमा छयालिस बाल कविता सङ्गृहीत भएको र तिनीहरू विविध विषयमा रचिएको भनी उनले उल्लेख गरेकी छन् । यसरी कटुवालले गरेको अध्ययन मूलतः नेपाली बाल कवितासँग मात्र सम्बद्ध रहेको र प्रासङ्गिक रुपमा मात्र उनले घिमिरेका २०५० सालसम्मका २ वटा बाल कविता सङ्ग्रहका बारे सङ्क्षिप्त अध्ययन गरेकी छन् ।

रञ्जुश्री पराजुली (२०५३) ले बालगीतमाला 'सुनपङ्खी चरी' (२०५३) समीक्षात्मक लेखमा घिमिरेले रचेको **सुनपङ्खी चरी** बालगीतमाला पुस्तकको समीक्षा गरेकी छन् । सो समीक्षामा **सुनपङ्खी चरी** केटाकेटीकै लोरीबोलीमा रचिएको र उनीहरूको मस्तिष्क र हृदय

छाम्न सफल भएको बालगीतमाला हो भन्ने निष्कर्ष दिइएको छ । उनले गरेको यो समीक्षा घिमिरेको एउटा बाल कवितासङ्ग्रहसँग सम्बद्ध छोटो अध्ययन हो ।

रामदयाल राकेश (२०५५) ले **नेपाली साहित्य : विभिन्न आयाम** समालोचनात्मक ग्रन्थमा 'कवि माधव घिमिरेको काव्यसाधना' शीर्षकमा घिमिरेको सामान्य परिचय दिएका छन् । यस क्रममा उनले नेपाली लोकलय झ्याउरेमा कविता रचेर नेपाली वाङ्मयमा लयात्मकता, गीतात्मकता र सरसताको त्रिवेणी बगाउनमा घिमिरे सिपालु छन् भनेका छन् । राकेशले उक्त पुस्तकमा घिमिरेको कविताकामिनी परम्परापोषित संस्कृत छन्दमा आबद्ध भएर अभिव्यक्त हुन्छ भन्ने विचार प्रकट गरेका छन् । राकेशले यसमा घिमिरेलाई एउटा प्रसिद्ध एवम् प्रख्यात कविका साथसाथै एउटा चिन्तक र दार्शनिक कवि पनि मानेका छन् । उनले यसै क्रममा 'राहुल-यशोधरा' बालकाव्यका बारेमा यो काव्य सर्वप्रथम विश्वहिन्दु स्मारिकामा 'आफैं दुःख उठाउँछु' शीर्षकमा छापिएको सूचना दिएका छन् । राकेशको यो अध्ययन पनि सूचनामूलक मात्र छ र यसमा घिमिरेका सबै बाल कवितालाई अध्ययनको विषय बनाइएको छैन ।

मोहनप्रसाद घिमिरे (२०५६) ले स्नातकोत्तर तहको आठौँ पत्रको प्रयोजनका लागि तयार पारेको "बालसाहित्यकार माधवप्रसाद घिमिरे" शीर्षक शोधपत्रमा घिमिरेलाई बालसाहित्यकारका रूपमा परिचय दिँदै उनका **घामपानी** (२०१०), **बालालहरी** (२०२५) र **सुनपङ्खी चरी** (२०५३) जस्ता बाल कवितासङ्ग्रहमा संकलित कविताहरूको विषयवस्तुगत अध्ययन गरेका छन् । यसमा मोहन घिमिरेले ती कवितालाई विभिन्न विषय (जस्तै पशुपक्षी, खेलजगत्, सामाजिकताका विविध पक्षहरू आदि) गत रूपमा छुट्याएर अध्ययन गरेका छन् । यस प्रसङ्गमा उनले **घामपानी**, **बालालहरी** र **सुनपङ्खी चरी** तीनवटै कवितासङ्ग्रहका कविताहरूका शीर्षकहरूलाई विविध विषयमा वर्गीकृत गरेर विश्लेषण गरेका छन् । मोहन घिमिरेले आफ्नो अध्ययनमा बालबालिकाहरुको रुचि र मनोभाव, उनीहरुको दैनन्दिनी र बालभाषाको प्रयोग र मनोरञ्जन पक्षको सूक्ष्म अध्ययन गरी लेखिएका कवि घिमिरेका बाल कविताहरू नेपाली साहित्यका महत्वपूर्ण प्राप्ति हुन् भन्ने निष्कर्ष दिएका छन् ।

प्रमोद प्रधान (२०५७) ले **नेपाली बालसाहित्यको इतिहास** शीर्षकको ग्रन्थमा माधव घिमिरेको बाल कवित्वको बारेमा उल्लेख गरेका छन् । उनले नेपाली बालगीत तथा बाल कविताको ऐतिहासिक अध्ययनका क्रममा र नेपाली बाल कविता परम्पराका प्रमुख

प्रतिभाहरूको चिनारी दिने क्रममा सङ्क्षिप्तमा माधव घिमिरेको बाल कवित्वको समीक्षा गरेका छन् । प्रधानका विचारमा बालसुलभ कोमल भावनालाई उनीहरूकै भाषा र  बोलीमा आकर्षक तरिकाले प्रस्तुत गरी रचिएका घिमिरेका बालगीत र बाल कविताहरू निकै लोकप्रिय छन् र तिनमा नेपाली लोक परम्परा पनि जीवन्त रूपमा प्रकट भएको छ । बालबालिकाहरूको रुचि, उनीहरूको दैनन्दिनी र मनोविज्ञान बालभाषाको प्रयोग र मनोरञ्जनलाई ध्यानमा राखी रचिएका हुनाले घिमिरेका कविता नेपाली बालसाहित्यका महत्वपूर्ण प्राप्ति हुन् भन्ने ठहर पनि प्रधानले गरेका छन् । प्रधानले घिमिरेका कवितामा प्रकृति, समाज, संस्कृतिजस्ता अनेक विषयहरू बालअनुभूति र बालशैलीमा अभिव्यक्त छन् भन्दै उनका कविताहरू सुकोमल, लयदार भएकाले बालबालिकाहरूका निम्ति रुचिपूर्ण पनि छन् भन्ने समीक्षात्मक मन्तव्य पनि दिएका छन् ।

अच्युतशरण अर्ज्याल (२०५८) ले “नेपाली बालसाहित्यको अध्ययन” शीर्षकको विद्यावारिधि अप्रकाशित शोधग्रन्थमा ‘माधव घिमिरेका बाल कविता’ शीर्षकमा घिमिरेका बाल कविताहरू फुटकर रूपमा र कृतिगत रूपमा पनि देखिन्छन् भन्दै उनको बाल कविता सङ्ग्रह **सुनपङ्खी चरी**को अध्ययन गरेका छन् । यस अध्ययनमा अर्ज्यालले **सुनपङ्खी चरी** बाल कविता सङ्ग्रहका बालगीतहरू ६ देखि ९ वर्ष उमेरसमूहका बालबालिकाका निम्ति रुचिकर हुन पुगेको उल्लेख गरेका छन् । उनले ती बाल कविताको आयुसीमा निर्धारण गरी बाल आयुसीमा भन्नाले शिशु अवस्था पार गरिसकेको किशोरावस्थातिर उन्मुख रहेको अवस्था भन्ने बुझिन्छ भन्दै तिनमा मानवीय नातासम्बन्धी, प्रकृतिसम्बन्धी तथा बालअनुभव सम्बन्धी विषयवस्तुको प्रयोग गरिएकोले ती बाल कविताहरूको आयाम छोटोछरितो रहेको उल्लेख गरेका छन् । यसै गरी अर्ज्यालले ती बाल कवितामा नेपाली लोकलयको विविधतापूर्ण नवीन प्रयोग गरिएको, वात्सल्य रस, बालहितकारी सन्देश एवम् बालभाषाशैलीको उपयोग गरिएको कुरालाई विश्लेषण गरी प्रस्तुत गरेका छन् ।

महादेव अवस्थी (सन् २००७) ले **सय वर्षको नेपाली बालगीत र बाल कविता काव्यको ऐतिहासिक विकासक्रम, मूल प्रवृत्ति र उपलब्धि**मा माधव घिमिरेको पनि उल्लेख गरेका छन् । उनले घिमिरेलाई नेपाली बाल कविताको दोस्रो अवधि (१९९७-२०३६) का स्वच्छन्दतावादी धाराका लक्ष्मीप्रसाद देवकोटापछिका महत्वपूर्ण स्रष्टाका रूपमा उल्लेख गरेका छन् । अवस्थीले माधव घिमिरेका तिनवटा बाल कविता सङ्ग्रह **घामपानी** (२०१०), **बालालहरी**

(२०२५), **सुनपङ्खी चरी** (२०५३)को उल्लेख गर्दै घिमिरेका बाल कविताको मूलधारा स्वच्छन्दतावादी धारा नै हो भन्नेमा जोड दिएका छन् । उनले माधव घिमिरेका बाल कविताका विभिन्न पक्षको बारेमा गरेको टिप्पणीअनुसार घिमिरेका बाल कवितामा श्रुतिमधुर लयात्मक सङ्गीत, मिठासपूर्ण भावयोजना र प्रचुर सौन्दर्यपूर्ण भाषाशैलीगत विशेषता पाइन्छन् र यिनै विशेषताले गर्दा घिमिरेका बाल कविता निकै समुन्नत बन्न पुगेका छन् । प्रकृति, वनस्पति र जीवमण्डल अनि मानवमनका सेरोफेरोका विभिन्न पक्षको अभिव्यक्तिलाई बालमनले छुने गरी सौन्दर्यपूर्ण ढङ्गले अभिव्यक्त गर्न सकेकोले नै घिमिरेको बालकवित्व उच्च देखा पर्छ भन्दै अवस्थीले **घामपानी** र **बालालहरी**भित्रका कविता/गीतले नेपाली बाल कविताको यस अवधिमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरेका छन् ।

भानुभक्त पोखरेल (२०५९) ले **कवि घिमिरेको रचनायोग** समालोचनात्मक ग्रन्थमा माधव घिमिरेको 'बाल कविताकृतित्वगत योगदान र स्थान' उपशीर्षकमा माधव घिमिरेका तिनवटा बाल कविता सङ्ग्रह **घामपानी** (२०१०), **बालालहरी** (२०२५) र **सुनपङ्खी चरी** (२०५३)को प्रकाशनकाल उल्लेख गर्दै **राहुल यशोधरा** बालकाव्य **फूलबारी** नामक पत्रिकामा २०३५ सालमा प्रकाशित भएको सूचना दिएका छन् । यसै गरी पोखरेलले **सुनपङ्खी चरी** बाल कविताका बालगीत क्यासेटमा पनि सङ्गीतबद्ध छन् भन्ने जानकारी पनि गराएका छन् । पोखरेलले माधव घिमिरेका बाल कविताका बारेमा टिप्पणी पनि गरेका छन् । उनको टिप्पणीअनुसार घिमिरेका बाल कविताहरू अत्यन्त सरल, कसिला, सरस र लयतरङ्गित बाललय र बालभाषामा रचित भएका छन् ।

शैलेन्दुप्रकाश नेपाल (२०५९) ले "माधव घिमिरेका खण्डकाव्यको ध्वनितात्विक अध्ययन" शीर्षकको विद्यावारिधि अप्रकाशित शोधग्रन्थमा माधव घिमिरेका बाल कविताका बारेमा सामान्य चर्चा मात्र गरेका छन् । उनले गरेको चर्चाअनुसार माधव घिमिरे बालसुलभ भावना, जिज्ञासा र व्यवहारलाई आत्मसात् गरेर बालरचनाको सिर्जना गर्ने व्यक्तित्व हुन् । उनले सरल भाषाका माध्यमले बालसंवेदनालाई पक्रने प्रयासअनुरूप तिनवटा बाल कवितासङ्ग्रह **घामपानी** (२०१०), **बालालहरी** (२०२५) र **सुनपङ्खी चरी** (२०५३) को रचना गरेको उल्लेख गर्दै यी कृतिभित्रका कविताहरूको विषयवस्तु प्रकृति, समाज र पौराणिक प्रसङ्गबाट लिइएको उल्लेख गरेका छन् र उनको अध्ययन यति मै सीमित छ ।

नेत्र एटम (२०६०) द्वारा सम्पादित **राष्ट्रकवि घिमिरे : समीक्षात्मक अवलोकन** शीर्षक ग्रन्थको सम्पादकीय अन्तर्गत माधव घिमिरेका बाल कविताका बारेमा पनि सङ्क्षिप्तमा प्रकाश पारिएको छ । त्यहाँ एटमले उल्लेख गरेअनुसार घिमिरेका बाल कविताहरू बालहृदयको भाव, रुचि र लयका अनुकूल छन् अनि उपदेशका भारी नबोकाई नेपाली सांस्कृतिक चेतनाको उद्बोध गर्न सक्नु र गीतिखेलका रूपमा प्रयोगमा आउन सक्ने हुनु पनि घिमिरेका बालसाहित्यको विशेषता हो ।

अनन्तप्रसाद वाग्ले (२०६०) ले **कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ** मा 'बालबोलीका झङ्कार' शीर्षक लेखमा माधव घिमिरेका तिनवटा बाल कविता कृति **घामपानी** (२०१०), **बालालहरी** (२०२५) र **सुनपङ्खी चरी** (२०५३) को उल्लेख गरेका छन् । वाग्लेका अनुसार घिमिरेका यी कविताहरूले जिज्ञासु बालमनलाई तुरुन्त छुनेमात्र होइन, मन पगालिदिने क्षमता राख्दछन् । घिमिरेका बाल रचनाहरूमा प्रकृति र मानवबिचको सम्बन्धलाई पनि जीवन्त रूपमा प्रस्तुत गरिएको हुन्छ र बालबालिकाहरूले सहजतापूर्वक यसको सौन्दर्यबोध गर्न सक्छन् भन्ने निष्कर्ष वाग्लेले दिएका छन् ।

**नेपाली बालविश्वकोश** (२०६०) अन्तर्गत नेपाली बालसाहित्यको विधागत विकासबारे सङ्क्षिप्त जानकारी दिँदा बालसाहित्यकार माधव घिमिरेको कृतित्वका सम्बन्धमा पनि ठाउँ ठाउँमा उल्लेख गरिएको भेटिन्छ । यस क्रममा घिमिरेले रचेका **घामपानी**, **बालालहरी** र **सुनपङ्खी चरी** बाल कवितासङ्ग्रहका साथै उनका फुटकर बालगीत तथा बाल कविताका प्रकाशनबारे सूचना दिइएको छ । घिमिरेका बाल कवितात्मक विशेषताबारेको उल्लेख भने त्यसमा गरिएको पाइन्न ।

चितवन साहित्य परिषद् (२०६१) द्वारा प्रकाशित **वागीश्वरी** राष्ट्रकवि माधव घिमिरे विशेषाङ्कमा पूर्णप्रसाद अधिकारीले 'माधवप्रसाद घिमिरे र उनको 'बालालहरी' कवितासङ्ग्रह एक अवलोकन' शीर्षक लेख लेखेका छन् । सो लेखमा अधिकारीले घिमिरेको **बालालहरी** सङ्ग्रहमा बालसुलभ चेतनाको जीवन्त चित्रण पाइने कुरो निचोडका रूपमा उल्लेख गरेका छन् ।

महादेव अवस्थी (२०६१) ले 'नेपाली बालगीत/बाल कविताकाव्य : ऐतिहासिक विकासक्रम, मूल प्रवृत्ति र उपलब्धि' शीर्षकको लेखमा नेपाली बालगीत, बाल कविता र

बालकाव्यको ऐतिहासिक विकासक्रमलाई यी तीन समयावधिमा विभाजन गरी विश्लेषण गरेका छन् :

क) प्रथम अवधि (१९७०-१९९६)

ख) द्वितीय अवधि (१९९७-२०३६)

ग) तृतीय अवधि (२०३७-२०६०)

अवस्थीले नेपाली बालसाहित्यको विकासक्रमको द्वितीय अवधि (१९९७-२०३६) अन्तर्गत माधव घिमिरे स्वच्छन्दतावादी धाराका बाल कविताको स्रष्टाका रूपमा स्थापित भएको कुरा प्रस्ट पारेका छन् र घिमिरे नेपाली बाल कविताका विकासक्रमको तृतीय अवधि ( २०३७-२०६०) का कालखण्डमा पनि बाल कविताका रचनामा उत्कृष्ट सृजनकौशल देखाउन सफल रहेको तथ्य पनि औंल्याएका छन् । अवस्थीले नै बालगीत तथा बाल कविताका स्रष्टा माधव घिमिरेका बाल कवितात्मक प्रवृत्ति र स्थानका बारेमा पनि चर्चा गरेका छन् । अवस्थीका अनुसार श्रुतिमधुर लयात्मक सङ्गीत, मिठासपूर्ण भावयोजना  र प्रचुर सौन्दर्यपूर्ण भाषाशैलीका साथै प्रकृति र मानवसमाजका विविध पक्षको बालोपयोगी चित्रण माधव घिमिरेका बाल कवितात्मक मूल प्रवृत्ति हुन् । यसै गरी अवस्थीले नेपाली बाल कविताका समष्टि परम्परामा गुणस्तरीयता एवम् लोकप्रियताका दुवै दृष्टिले हेर्दा बाल कविताका स्रष्टा माधव घिमिरेको सर्वोच्च स्थान रहेको सङ्केत पनि दिएका छन् । माधव घिमिरेका बाल कवितात्मक प्रवृत्ति र योगदानको सङ्क्षिप्त रेखाङ्कन अवस्थीले गरिदिएका छन् तापनि घिमिरेका सबै बाल कविता सङ्ग्रहमा आधारित भई उनका समष्टि प्रवृत्तिको विश्लेषण नगरिनु अवस्थीका अध्ययनको सीमा हो ।

शैलेन्दुप्रकाश नेपाल (२०६१) ले **राष्ट्रकवि माधव घिमिरे** शीर्षकको जीवनीगत, व्यक्तित्वगत र कृतित्वगत अध्ययन गरिएको पुस्तकमा माधव घिमिरेको बालसाहित्यकार व्यक्तित्व पनि मूलतः बाल कविता र बालगीतकै क्षेत्रमा केन्द्रित रहेको उल्लेख गरेका छन् । बालसुलभ भावना, जिज्ञासा र व्यवहारलाई आत्मसात् गरेर उनका बालरचना सिर्जिएका छन् भन्ने सूचना पनि नेपालले दिएका छन् । घिमिरेले सरल भाषाशैलीका माध्यमले बाल संवेदनालाई पक्रने प्रयास गरेका छन् भन्दै सरल, सहज, प्रभावकारी तथा मिठासपूर्ण बालरचनाहरूका तीनवटा सङ्ग्रह प्रकाशनमा ल्याइसकेका घिमिरे बालसाहित्यका क्षेत्रमा पनि

समर्पित छन् र उनको बालसाहित्यकार व्यक्तित्व पनि लोकप्रिय देखापर्छ भन्ने कुराको उल्लेख (पृ. १७) पनि नेपालले गरेका छन् ।

विन्दु शर्मा (२०६२) ले **गीतिनाट्यपरम्परामा राष्ट्रकवि घिमिरे** शीर्षक समालोचनात्मक ग्रन्थमा 'बालकवि घिमिरे' शीर्षक लेख लेखेकी छन् । यसमा उनले माधव घिमिरेको **घामपानी** बाल कविता २००५ सालदेखि २००८/९ सालको समयावधिमा रचिएको उल्लेख गरेकी छन् । उनले घिमिरेको बाल कविता लेखनको प्रेरक तत्वको चर्चा पनि गरेकी छन् । शर्माका अनुसार माधव घिमिरेलाई बाल कविता लेख्ने प्रेरणा दिने तत्व गाउँको स्वच्छ तथा मनोहर वातावरण, शिक्षकको जागिर र विद्यार्थीहरूसँगको बसउठ नै हो अनि उनीहरूको रुचि तथा भावनालाई बुझ्न सकेकाले नै घिमिरे बाल कवितातर्फ आकर्षित भएका हुन् भन्ने राय प्रकट गरेकी छन् ।

शीला रानाभाट (२०६२) ले "नेपाली बाल कविताको अध्ययन (२०४६-२०६०)" शीर्षक स्नातकोत्तर शोधपत्रमा नेपाली बाल कविताको विकासक्रमको चरण विभाजन गर्ने क्रममा माधव घिमिरेका बाल कविताहरूलाई द्वितीय चरण (वि.सं. १९९७-२०३६) अन्तर्गत राखेकी छन् । उनले द्वितीय चरणका उल्लेख्य प्रतिभाका रूपमा घिमिरेलाई लिँदै आफ्नो शोधक्षेत्रअनुसार उनको **सुनपङ्खी चरी** (२०५३) गीतमालाका कविताहरूको विश्लेषण गरेकी छन् ।

लेखप्रसाद निरौला (२०६३) ले **माधव घिमिरेका खण्डकाव्यमा अलङ्कारयोजना** शीर्षकको विद्यावारिधि शोधग्रन्थमा माधव घिमिरेको बाल साहित्यकार व्यक्तित्वको पनि चर्चा गरेका छन् । निरौलाका अनुसार माधव घिमिरेले बाल साहित्यिक कृतिको लेखन २००४-०५ सालतिर गाउँसहरस्थित आधार स्कुलमा प्रधानाध्यापक छँदादेखि नै सुरु गरेका हुन् र घिमिरेले नेपाली बालसाहित्यको क्षेत्रमा बाल कविता र बालगीतहरू दिएर योगदान पुऱ्याएको कुराको सङ्क्षिप्त चर्चा मात्र गरेका छन् ।

प्रमोद प्रधान (२०६४) ले **प्रतिनिधि बाल कविताहरू** शीर्षकको पुस्तकमा माधव घिमिरेले रचेको 'पुतली खेल' शीर्षक कविता सङ्कलित गरेका छन् र उनले माधव घिमिरेलाई नेपाली बाल कविताको परम्परामा पहिलो पुस्ताका कवि हुन् भन्ने सङ्केत पनि गरेका छन् ।

प्रमोद प्रधान (२०६५) ले **नेपाली बालवाङ्मय परिचयकोश** शीर्षकको पुस्तकाकार ग्रन्थमा नेपाली बालसाहित्यलाई पाठ्य बालसाहित्य र पाठ्येतर बाल साहित्यजस्ता दुई वर्गमा विभाजित गरेका छन् । त्यस अन्तर्गत उनले पाठ्येतर नेपाली बाल साहित्यको विकासक्रमको पहिलो चरण (१९९७-२०३५) अन्तर्गत माधव घिमिरेलाई नेपाली बाल साहित्यको महत्वपूर्ण कविका रूपमा चिनाएका छन् । प्रधानका विचारमा बालबालिकाहरूको रुचि र मनोभाव, उनीहरूको दैनन्दिनी, बाल भाषाको प्रयोग र मनोरञ्जनलाई सूक्ष्म अध्ययन गरी कवि घिमिरेले रचेका बाल कविताहरू निकै महत्वपूर्ण छन् । प्रधानले उक्त ग्रन्थमा हाम्रा घरेलु जीवनमा देखिने, प्रयोग हुने र भोगिने कुरा र विषयलाई प्रस्तुत गरेर उनीहरूलाई सामाजिक जीवनको परिचय दिँदै घिमिरेले आफ्ना बाल कवितामा ठाडो उपदेश दिने प्रचलनविरुद्ध खेलखेलमै जीवनका लागि आवश्यक ज्ञान र जानकारी बालबालिकालाई दिने क्षमता देखाउँछन् भन्ने निष्कर्ष पनि प्रस्तुत गरेका छन् ।

प्रमोद प्रधानले माधव घिमिरेका ती कविताका बारेमा पनि टिप्पणी गरेका छन् जुन कल्पना प्रधानका बाल कवितासमेत सङ्कलित रहेको **मेरो सानो खरायो/टालाटुली बटुली** संयुक्त बाल कवितासङ्ग्रहमा समाविष्ट छन् । यस सङ्ग्रहमा परेको 'टालाटुली बटुली' घिमिरेको पूर्वप्रकाशित र नेपाली बालबालिकाका बिचमा लोकप्रिय रहेको अनि बाल मनोविज्ञानलाई बुझेर लेखिएको सरल, मधुर र लोकलयात्मक बाल कविता हो भन्ने टिप्पणी पनि प्रधानले गरेका छन् । त्यो बाल कविता पूर्वप्राथमिक र प्राथमिक तहमा पढ्ने विद्यार्थीहरूका निम्ति उपयोगी रहेको, गीतका रूपमा पनि गाउन सकिने र नर्सरी राइमका रूपमा प्रयोग गर्न सकिने रचना हो भन्नेतर्फ पनि उनले सङ्केत गरेका छन् ।

वासुदेव त्रिपाठी (२०६८) ले "बाल साहित्यिक कविता गीत र काव्यको रचना र सम्पादनका सम्बन्धमा केही संझना र टिप्पणी" शीर्षकमा नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा कार्यपत्र प्रस्तुत गरेका छन् । त्यस कार्यपत्रमा उनले माधव घिमिरेको कविताको सम्बन्धमा निकै गम्भीर समीक्षात्मक विचार व्यक्त गरेका छन् । त्रिपाठीले माधव घिमिरेको बाल कवितात्मक सिर्जनशीलताका सम्बन्धमा व्यक्त गरेको त्यस समीक्षाका मुख्य बुँदा यी हुन् : क) लक्ष्मीप्रसाद देवकोटाको देहावसानपछि नेपाली बाल कविता र गीतलाई माधव घिमिरेका सिर्जनाले अर्को नव समृद्ध सिर्जनात्मक युगतर्फ डोऱ्याए; ख) घिमिरेले वार्णिक लयमाधुर्यले युक्त

शैलीगत परिष्कार, सौन्दर्यले ओतप्रोत रुमानी भावाकुल, सरल, सरस, सुकुमार बाल कविताको रचना गरे; ग) घिमिरेले बङ्गाली भाषाका कवि रवीन्द्रनाथ ठाकुरका बाल सिर्जनाबाट बाल कविता रच्ने अनुप्रेरणा पाएका हुन्; घ) घिमिरेले आफ्ना सन्ततिलाई हुर्काउँदा देखेका, भोगेका बाललीला र बालक्रीडासँग तादात्म्य राख्ने आफ्नै मनको वात्सल्य भाव व्यक्त गरेर पनि बाल कविता लेखेका हुन्; ङ) घिमिरेले बालरुचि र खेलमेल एवम् बाल भावनालाई व्यक्त गरी **घामपानी, बालालहरी, सुनपङ्खी चरी** एवम् **बिजुले र बिजुला** बाल कविता सङ्ग्रह रचेका हुन् र उनका ती कृति नेपाली बाल जगतमा र अभिभावक जगत्मा लोकप्रिय पनि छन्; च) घिमिरेले रचेका 'घामपानी', 'कमिलारानी', 'पुतली खेल', 'मै मिरिमिच्चे', 'सियो खोइ सियो', 'रडी', 'शयपत्री', 'छेपाराको आहान', 'भँगेरा र भँगेरी', 'सानुभाइ', 'सानी बहिनी मैना', 'लोरी', 'प्रभाती', 'आए फुर्के फुर्की', 'के पीर पऱ्यो बोल बोल', 'सुनपङ्खी चरी', 'लुकामारी', 'सक्छु म पनि', 'लुली लुली पाखुरी', 'घिउ कमिला', 'सिपालु हो माकुरो', 'घामछाया' आदि बाल कविताहरू विशेष लोकप्रिय छन् । त्रिपाठीले सूत्रबद्ध रूपमा घिमिरेका बाल कवितात्मक सिर्जनशीलताबारे प्रकाश पार्दा व्यक्त गरेका यी बुँदाहरू निकै महत्वपूर्ण छन् र प्रस्तुत शोधमा यी कुराहरूको सत्यापन गर्ने प्राज्ञिक प्रयास पनि गरिएको छ ।

शैलेन्दुप्रकाश नेपाल (२०७०) ले **नव प्रज्ञापन** बाल साहित्य विशेषाङ्कमा 'माधव घिमिरेको बालसाहित्य एकसरो चर्चा' शीर्षक लेखमा माधव घिमिरेको बालसाहित्य लेखन र उनको **घामपानी**, **बालालहरी**, **सुनपङ्खी चरी** र **बिजुले र बिजुला** चारवटै बाल कविता सङ्ग्रहका बाल कविताहरूको विषयवस्तु, छन्द, लयढाँचा आदिको सङ्क्षेपमा उल्लेख गरेका छन् । उनका अनुसार यी चारवटा बाल कविता सङ्ग्रहमा जम्मा एकसय छ वटा बाल रचना र पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले प्रकाशन गरेको **बालली**ला (२०५७) मा सङ्कलित दुई कविता गरी उनका जम्मा एकसय आठवटा बाल रचना (बाल कविता) प्रकाशमा आएको देखिन्छ । यीमध्ये सातवटा रचना शास्त्रीय छन्दमा संरचित छन् भने एकसय एक रचना लोकलयमा आधारित छन् भन्ने एकसरो चर्चा नेपालले गरेका छन् ।

सन्तोष न्यौपाने (२०७०) ले **नागरिक**मा 'कविता लेख्छन् कसोरी' शीर्षक लेखमा माधव घिमिरेको बाल कविता लेख्ने प्रक्रियाबारे निकै महत्वपूर्ण सूचना प्रकाशमा ल्याएका छन् । सो लेखाइ अन्तर्गत माधव घिमिरेका 'सियो खोइ सियो', 'भँगेरा र भँगेरी', 'पुतली खेल'

बालकहरूका बिचमा निकै लोकप्रिय रहेको कुरा उल्लेख छ। माधव घिमिरेले रचेका चारवटै बाल कवितासङ्ग्रहमा प्रयुक्त विषयवस्तुगत सेरोफेरोका बारेमा पनि त्यहाँ संक्षिप्त टिप्पणी गरिएको छ। त्यहाँ न्यौपानेले माधव घिमिरेले लोक साहित्यबाट बाल कविता लेख्ने प्रेरणा पाएको कुरा उल्लेख गर्दै घिमिरेका बाल कविताका विशेषताका बारेमा विभिन्न विज्ञ व्यक्तिका विचार समेत उद्धृत गरेका छन् र बाल मनोविज्ञानलाई बुझेर बालोपयोगी शब्द चयन गरी बाल कविता लेख्ने कलामा माधव घिमिरे अद्वितीय छन् भन्ने निष्कर्ष दिएका छन्।

माधव घिमिरे (२०७०) ले 'बालक भएर सोच्नुपर्छ' शीर्षकको छोटो लेखमा पनि बाल कविताका बारेको आफ्नो राय दिएका छन् । त्यहाँ उनले आफ्नो बाल कविता लेखनबारे जानकारी दिंदै बाल कविताको प्रवृत्ति र शक्तिबारे पनि केही महत्वपूर्ण कुरा उल्लेख गरेका छन्। त्यहाँ उनले आफूले नेपाली लोकसाहित्यबाट र रवीन्द्रनाथ टेगोरका बाल कविताको पढाइबाट बाल कविता लेख्ने प्रेरणा पाएको स्पष्ट उल्लेख गरेका छन्। बाल कविता लेख्दा स्रष्टा आफैं बालकतुल्य भई बालकले नै बुझ्ने भाषा र भावमा कविता लेख्नुपर्छ र त्यस्ता बाल कवितामा चारखण्ड मध्ये तिन खण्ड बालकले बुझ्ने खालको र एकखण्ड नबुझ्ने खालको हुनुपर्छ भन्ने गम्भीर विचार उनले व्यक्त गरेका छन्। यस सन्दर्भमा उनले बच्चाहरूको ध्यान जाने र पुग्ने विषय, भाव, भाषाको प्रयोग गरी बाल कविता रच्ने र त्यस क्रममा उसले नबुझ्ने खालका सन्देश र ज्ञानका कुरा मिसाई बाल कविता मार्फत बालकलाई अज्ञातबाट ज्ञाततर्फ लैजाने कोसिस गर्नुपर्छ अनि बाल कवितामा बालकलाई मात्र नभई ठूला मान्छेलाई पनि घत पर्ने, सृष्टि रहस्य र सृष्टि दर्शनसँग सम्बद्ध विषयको प्रयोग गरी बाल कविता रचिनु पर्छ भन्ने मान्यता प्रस्तुत गरेका छन्।

सन्तोष न्यौपाने (२०७०) ले 'जूनकीरी'मा 'भँगेरा र भँगेरी तपाईंले लेख्या हो' भन्ने प्रश्न गरी माधव घिमिरेसँगको अन्तर्वार्ता प्रस्तुत गरेका छन्। यस अन्तर्वार्तामा न्यौपानेले माधव घिमिरेका चारवटा बाल कविता सङ्ग्रह (**घामपानी, बालालहरी, सुनपङ्खी चरी र बिजुले र बिजुला**) मा १११ वटा बाल कविता छापिएका छन् भनेर उल्लेख गर्दै घिमिरेका 'भँगेरा र भँगेरी', 'पुतली खेल', 'सियो खोइ सियो', 'मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक' जस्ता चारवटा बाल कविताको रचनागर्भका बारेमा माधव घिमिरेबाट प्राप्त जानकारी उल्लेख गरेका छन्।

**शिक्षक** पत्रिका (२०७०) ले 'राष्ट्रकविको युग' शीर्षकमा आफ्नो विशेषाङ्क प्रकाशित गरेको छ। उक्त पत्रिकाको सो अङ्कमा घिमिरेले पाकाहरूका निम्ति विश्वचेतनाले भरिएका कवितादेखि लिएर बालकहरूका निम्ति 'टाटाटुली बटुली' र 'गाउँछ गीत नेपाली' जस्ता मनोरञ्जनप्रधान तथा राष्ट्रिय चेतनाप्रधान बाल कविता लेखेको कुराको संकेत सम्पादक राजेन्द्र दाहालले गरेका छन् ।

दीपेन्द्र अधिकारी (२०७०) ले **कान्तिपुर**मा 'राष्ट्र कविको जोस' शीर्षक टिप्पणीमूलक लेख लेखेका छन् । सो लेखमा उनले घिमिरेका जीवन र सिर्जनसँग सम्बन्धित विभिन्न पक्षमाथि रोचक प्रकाश पारेका छन् । त्यस क्रममा अधिकारीले घिमिरेले रचेका **घामपानी** (२०१०) **बालालहरी** (२०२५) र **सुनपङ्खी चरी** (२०५३) जस्ता महत्पूर्ण बाल कविता सङ्ग्रहको नाम उल्लेख गरेका छन् ।

रमण घिमिरे (२०७०) ले **कान्तिपुर**को 'कोसेली' मा 'कवि जन्माउने कवि' पृष्ठ क मा माधव घिमिरे लगायत अन्य कविलाई कविता लेख्न प्रेरणा दिने काव्य गुरु लेखनाथ हुन् भनी चर्चा गरेका छन् । यस प्रसङ्गमा रमणले माधव घिमिरेको कवित्वको उत्प्रेरणा स्रोत लेखनाथ पौड्याल हुन् भनेका छन् भने स्वयम् कवि घिमिरेले पनि लेखनाथ पौड्याललाई चिन्नु अघि नै उनको **ऋतु विचार** खण्डकाव्य पढिसकेको र पौड्यालकै आध्यात्मिक भावनाबाट उत्प्रेरित भएर आफ्नो पहिलो कविता सङ्ग्रह **नवमञ्जरी**को रचना गरेको पनि उल्लेख गरेका छन् । यसदेखि बाहेक घिमिरेका बाल कवितात्मक प्रवृत्तिवारे त्यहाँ केही उल्लेख पाइन्न ।

**समीक्षात्मक निष्कर्ष**

माधव घिमिरेका बाल कविताका सम्बन्धमा भएका पूर्वाध्ययनको सर्वेक्षणबाट केही महत्वपूर्ण निष्कर्ष स्थापित हुन्छन् । उनका बाल कविताका सम्बन्धमा भएका पूर्वाध्ययनहरूमध्ये प्राज्ञिक तथा अनुसन्धानात्मक दृष्टिले महत्वपूर्ण ठहरिने अध्ययनहरू भानुभक्त पोखरेलको **कवि घिमिरे र उनको काव्यचिन्तन** (२०३९), **कवि घिमिरेको रचनायोग** (२०५९), सीता कटुवालको "नेपाली बाल कविताको अध्ययन", अच्युतशरण अर्ज्यालको "नेपाली बालसाहित्यको अध्ययन" (२०५८), प्रमोद प्रधानको **नेपाली बालसाहित्यको इतिहास** (२०५८), नेपाल बाल साहित्य

समाजको **नेपाली बालसाहित्यको सय वर्ष** (१९५८-२०५८), वासुदेव त्रिपाठीको 'बाल साहित्यिक कविता, गीत र काव्यको रचना र सम्पादनका सम्बन्धमा केही सम्झना र टिप्पणी' (२०६८) कार्य पत्र हुन् । यीमध्ये सीता कटुवाल र अच्युतशरण अर्ज्यालको कृति क्रमशः स्नातकोत्तर र विद्यावारिधि शोधकार्यका कृतिहरू हुन् भने अरू सबै प्राज्ञिक महत्वका स्वतन्त्र कृति हुन् । यी सबै पूर्वाध्ययनबाट प्रस्तुत शोधका निम्ति बाल सहित्यसम्बन्धी आवश्यक सैद्धान्तिक आधार तयार पार्न प्राज्ञिक रूपमा सहयोग पुगेको छ भने माधव घिमिरेका बाल कविताका प्रवृत्ति पहिल्याउन पनि यिनबाट निकै सहयोग मिलेको छ । यी पूर्वाध्ययनका साथै अरू सम्पूर्ण पूर्वाध्ययनबाट माधव घिमिरेका बाल कवितात्मक प्रवृत्तिबारे कहीँ फाटफुट र कहीँ संक्षिप्तमै निकै महत्वपूर्ण स्थापना गरेको पाइए पनि माधव घिमिरेका बाल कवितामा प्रयोग भएको कविता धाराका साथै बाल कविताका तत्व समेतको आधार लिई उनका समग्र बाल कवितात्मक प्रवृतिको निर्क्योल गर्ने उद्देश्यका साथ कुनै शोधमूलक अध्ययन भएको देखिँदैन र सोही अभाव पूर्तिका लागि यो शोध सम्पन्न गरिएको छ ।

## १.५ शोधको औचित्य

माधव घिमिरेका बाल कविताका प्रवृत्तिहरू प्राज्ञिक ज्ञानका विषय हुन् । यस शोधमा उनले रचेका बाल कविताहरूको तत्वगत विश्लेषण गरी समग्रमा उनका बाल कवितात्मक प्रवृत्तिसँग सम्बन्धित जुन मौलिक ज्ञानको प्रतिपादन गरिएको छ त्यो उनको बाल कविताका धारागत एवं तत्वगत अध्ययन परम्परामा थपिएको नवीन प्राज्ञिक उपलब्धि हो । प्रस्तुत शोधबाट यही नवीन, प्राज्ञिक उपलब्धि प्राप्त भएको हुँदा यस शोधको औचित्य पनि सिद्ध हुन्छ । माधव घिमिरेका बाल कविताका प्रवृत्तिको निर्क्यौल गर्दा यस शोधमा एक निश्चित पद्धतिको प्रयोग गरिएको छ र त्यो पद्धति हो - बाल कवितात्मक धारा एवं विधागत तत्वका आधारमा र बाल कवितासँग सम्बन्धित कतिपय अरू पक्षको पनि उपयोगमा आधारित विश्लेषण पद्धति । प्रस्तुत शोधमा यही निश्चित विश्लेषण पद्धतिको प्रयोगद्वारा उनका बाल कविताका प्रवृत्तिको निरूपण गरिएकोले यस शोधको अनुसन्धानात्मक औचित्य पनि सिद्ध हुन्छ । यस शोधबाट माधव घिमिरेका बाल कविताका प्रवृत्तिसँग सम्बन्धित ज्ञान उपलब्ध हुने हुनाले सोसँग सरोकार राख्ने अनुसन्धाता, अध्येता, प्राध्यापक, विद्यार्थी, जिज्ञासु सबै लाभान्वित हुने देखिन्छ । यसरी प्राज्ञिक तथा अनुसन्धनात्मक महत्वका कारणले यो शोध औचित्यपूर्ण बनेको छ ।

## १.६ शोधविधि

प्रस्तुत शोधका क्रममा उपयोग गरिएका सामग्री सङ्कलन विधि र सैद्धान्तिक आधार तथा विश्लेषणको ढाँचा जस्ता दुई प्रकारका विधिको चिनारी दिनु आवश्यक हुने हुँदा तिनको परिचय तलका उपशीर्षक १.६.१ र १.६.२ मा क्रमशः दिइएको छ । यसै गरी माधव घिमिरेसँग लिइएको अन्तर्वार्ता पनि यस शोधको परिशिष्ट खण्डमा राखिएको छ ।

### १.६.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधका निम्ति आवश्यक सामग्री सङ्कलन पुस्तकालयीय अध्ययनका आधारमा गरिएको छ। यस शोधका समस्यासँग सम्बन्धित विश्लेषण गर्नुपर्ने मुख्य सामग्री माधव घिमिरेले रचेका सम्पूर्ण बाल कविताहरू नै हुन् । त्यसैले माधव घिमिरेले रचेका **घामपानी** (२०१०), **बालालहरी** (२०२५), **सुनपङ्खी चरी** (२०५३) र **बिजुले र बिजुला** (२०६३) जस्ता चार वटा बाल कविताहरूका साथै उनका फुटकर रूपमा प्रकाशित **बालमेला** (२०५८) र **चैत वैशाख** (२०६०) कविता सङ्ग्रहमा प्रकाशित बाल कविताको समेत सूक्ष्म अध्ययन गरी प्रस्तुत शोधका समस्याको प्राज्ञिक समाधानमा पुग्नका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय स्रोतबाट गरिएको छ। त्यस क्रममा उनले रचेका चारवटा बाल कवितासङ्ग्रहभित्र जम्मा एकसय चौध बाल कविता, **बालमेला**मा सङ्कलित दुईवटा बाल कविता र **चैत वैशाख**मा सङ्कलित 'राहुल यशोधरा' शीर्षकको एउटा बालकाव्य समेत गरी जम्मा ११७ वटा कृतिको विश्लेषण यस शोधमा गरिएको छ । यस शोधको मुख्य समस्या माधव घिमिरेका बाल कवितात्मक प्रवृत्तिको निर्क्यौल गर्न बाल कवितात्मक धारा र विधागत तत्वहरूको आधार लिइएको हुँदा सोही अनुरूपको सामग्रीको सङ्कलन प्रस्तुत शोधमा गरिएको छ। त्यस क्रममा माधव घिमिरेका जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा गरिएको अध्ययनमा आधारित पुस्तक, लेख, शोधपत्र आदिबाट र माधव घिमिरे स्वयम्ले दिएका अन्तर्वार्ताबाट पनि यस शोधका निम्ति आवश्यक कतिपय सामग्रीको सङ्कलन गरिएको छ। प्रस्तुत शोधमा माधव घिमिरेका बाल कविताको भाषाशैलीका साथै अलङ्कार प्रयोगका निम्ति उनले खेका चारवटा कवितासङ्ग्रहमध्ये प्रत्येकबाट दुई-दुई बाल कविताको यादृच्छिक नमुना छनोट गरिएको छ । उनका भाषाशैलीको विश्लेषणका निम्ति यी आठवटा बाल कविता छनोट गरिएका छन् : **घामपानी**बाट 'घामपानी' र 'भोटेसेलो', **बालालहरी**बाट 'बालालहरी', 'बाघको

भान्जो बिरालो', **सुनपङ्खी चरी**बाट 'सुनपङ्खी चरी र सानो भाइ', **बिजुले र बिजुला**बाट 'बिजुले  बिजुला', 'त्यहाँ ज्योति बल्यो' । अलङ्कार प्रयोगका निम्ति छनोट गरिएका बाल कविता यी रहेका छन् : **घामपानी**बाट 'बस बस माहुरी' र 'कमिला रानी', **बालालहरी**बाट 'नानी' र 'यति सानो नानी बोले कस्तो हुन्थ्यो', **सुनपङ्खी चरी**बाट 'हाम्री बहिनी टुल्की' र 'सिपालु हो माकुरो', **बिजुले र बिजुला**बाट 'बिजुले र बिजुला' र 'लाग्यो तिहार' बाल कविताहरू । त्यसै गरी सामग्री सङ्कलनको स्थलगत अन्तर्वार्ता विधिका आधारमा पनि यस शोधपत्र सामग्रीको सङ्कलन गरिएको छ र माधव घिमिरेसँग लिइएको त्यो अन्तर्वार्ता यस शोधप्रबन्धका परिशिष्टमा राखिएको छ । यिनै सामग्रीहरुको विश्लेषण गरी यो शोध तयार पारिएको छ ।

## १.६.२ सैद्धान्तिक आधार र विश्लेषणको ढाँचा

### १.६.२.१ सैद्धान्तिक आधार

प्रस्तुत शोधको मुख्य विषय माधव घिमिरेका बाल कविताका प्रवृत्ति रहेको छ र त्यस विषयको अध्ययनका निम्ति यस शोधमा प्रयोग गरिएको सैद्धान्तिक आधार बाल कवितासँग नै सम्बन्धित छ। माधव घिमिरेका बाल कविताका प्रवृत्तिलाई औंल्याउनका निम्ति जीवनीपरक समालोचनात्मक पद्धतिलाई अपनाइएको छ। बाल कविता भनेको बाल साहित्यको एउटा पाटो हो वा प्रकार हो। बाल साहित्य भन्नाले बालकहरूलाई लक्षित गरी वा प्रयोजन बनाई रचिएको साहित्य भन्ने बुझिन्छ भने बाल कविता भन्नाले चाहिँ त्यसै बालसाहित्यको बाल प्रयोजनमूलक लयबद्ध भाषिक अभिव्यक्तिगत एक प्रकार बुझिन्छ। अर्को किसिमले भन्ने हो भने जीवनजगत्सित सम्बन्धित कुनै खास विषय, विचार वा भावनालाई बालोपयोगी भाषाशैलीको प्रयोगद्वारा लयबद्धरूपमा बालोपयोगी विम्ब, अलङ्कारको प्रयोग गरी रम्य र आकर्षक अभिव्यक्तिका रूपमा रचना गरिएको भाषिक वस्तु नै बाल कविता हो (अवस्थी, २०६५)। बाल कविता बालकै सरह भएर लेखिनुपर्छ, यसमा प्रौढ अभिव्यक्ति व्यक्त हुनु हुँदैन अनि बाल कवितामा कथ्य भावलाई झल्काउने खालको चित्राङ्कन पनि भयो भने त्यो रचना बालकहरूका निम्ति बोध्य एवं आकर्षक समेत बन्दछ। यसमा बालकले प्रयोग गर्ने बालभाषाको प्रयोग बढी हुनुपर्छ र नयाँ-नयाँ शब्द संयोजन बढी गरिनु हुँदैन अनि उस्तै खालका शब्दको बारम्बार पुनरावृत्ति गरिनुपर्छ, किनभने बालकहरूले एकैचोटि धेरै नयाँ

शब्दहरू ग्रहण गर्न सक्तैनन् (माधव घिमिरेबाट मौखिक रुपमा प्राप्त जानकारी) । प्रस्तुत शोधमा पनि बाल कविता भन्नाले यही कुरा बुझिएको छ। यस शोधका सन्दर्भमा प्रयोग गरिएको जुन बाल कवितात्मक सैद्धान्तिक आधार हो त्यसका प्रष्ट पार्नु पर्ने केही पक्षहरू छन् र तिनलाई तलका बुँदाहरूमा स्पष्ट पारिएको छ ।

**क) बालकको चिनारी**

प्रस्तुत शोधका सन्दर्भमा 'बालक' भन्नाले शिशु अवस्थादेखि सोह्र वर्षको उमेरसम्मको मानिसलाई बुझिएको छ। बालक कसलाई मान्ने सम्बन्धमा विभिन्न किसिमका अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा सामाजिक, सांस्कृतिक मान्यताहरू प्रचलनमा रही आएका छन्। अन्तर्राष्ट्रिय सन्दर्भमा संयुक्त राष्ट्र सङ्घीय बाल अधिकार सम्बन्धी महासन्धि सन् १९८९ (बालमैत्री स्थानीय शासन २०५७, पृ. ४) का अनुसार बालक भन्नाले १८ वर्ष उमेर नपुगेका बाल बालिकालाई मानिन्छ। नेपाल सरकारले तर्जुमा गरेको बालबालिका सम्बन्धी ऐन '२०४८' मा उल्लेख भए अनुसार 'बालक' भन्नाले सोह्र वर्ष उमेर पूरा नगरेको बाल बालिकालाई सम्झनुपर्छ (राजपत्र २०४९ जेठ ७, ऐन प्रारम्भ मिति २०५०-वैशाख १) भनिएबाट नेपालमा राष्ट्रिय सन्दर्भमा चाहिँ सोह्र वर्ष उमेर नपुगेको व्यक्ति नै बालक हो भन्ने ठहर्छ ।

सामाजिक सांस्कृतिक प्रचलन अनुसार सोह्र वर्षसम्मको उमेर पुगेको व्यक्तिलाई बालक मान्ने प्रचलन रहेको र सोह्र वर्ष पुगिसकेपछिको व्यक्तिलाई पिताले मित्र तुल्य ठान्नुपर्ने मान्यता रहेको ('प्राप्ते तु षोडशे वर्षे पुत्रमित्रमिवाचरेत्') परिप्रेक्ष्यमा पनि बालक भन्नाले सोह्र वर्ष पुगिनसकेको व्यक्ति नै बुझिन्छ। त्यसैले प्रस्तुत शोधका सन्दर्भमा पनि जन्मदेखि सोह्र वर्षको उमेर नपुग्दाको व्यक्तिलाई नै बालकको रूपमा बुझिएको छ र त्यस्ता बालकहरूलाई लक्षित गरी रचिएका कविताहरूलाई नै बाल कविता मानिएको छ। त्यस्ता बालकहरूका उमेर समूहगत भावात्मक, मानसिक तथा वैचारिक/बौद्धिक क्षमतालाई बालोपयोगी विषय तथा भाषाशैली र शिल्पको प्रयोग गरी रचिएको लयबद्ध रचनालाई बाल कविता मानिएको छ।

**(ख) बालकको उमेर समूहगत वर्गीकरण**

जन्मदेखि सोह्र वर्षको उमेर नपुग्दासम्मको बालकहरूलाई तिनमा शारीरिक, मानसिक, संवेगात्मक र बौद्धिक विकासको अवस्थाका साथै तिनका भाषिक सिकाइ समेतका आधारमा उमेर समूहगत वर्गीकरण गर्ने गरेको पाइन्छ। प्रस्तुत शोधका लागि 'बालक' लाई उमेर

समूहको आधारमा जन्मदेखि ५ वर्ष, ६ देखि १० वर्ष र ११ देखि १५ सम्म गरी जम्मा तीन उमेर समूह सकारिएको छ ।

उमेर समूहगत वर्गीकरण अनुसार बालकको जन्मदेखि ५ वर्षसम्मको उमेरलाई शैशवावस्था मानिएको छ । यस उमेरमा बालक आफ्नो इच्छाको तुरुन्त समाधान गर्न चाहने, आफूले चाहेको कुरा नपाउँदा भुईंमा लडीबुडी गर्ने आदि मानसिक क्रियाकलाप गर्दछ र सोही अनुसारको मानसिक विकास उसमा भएको हुन्छ । यस अवस्थामा उनीहरू अरूको नक्कल गर्ने, आफूलाई सबैले माया गरून् भनी ठान्ने स्वभावका हुन्छन् । यसै गरी यस अवस्थामा उनीहरूको संवेगात्मक विकास पनि क्रमशः बढ्दै जान्छ । यस उमेरका शिशु ज्यादै जिज्ञासु स्वभावका हुने भएकाले प्रत्येक वस्तु, मानिस, पशु आदिका बारेमा यो कसरी भयो, किन भयो, यो के हो ? आदि प्रश्न गर्दछन् र उत्तर सुन्नुभन्दा प्रश्न सोध्न नै बढी अग्रसर हुन्छन् । यस अवस्थामा शिशु बाहिर घुम्न फिर्न पाएमा खुसी हुने, नयाँ-नयाँ वस्तु हेर्दा आनन्दको अनुभव गर्ने खालका हुन्छन् । यो उमेरमा बालबालिका कुनै सामान फुटाउने वा एकत्रित पार्ने स्वभावका पनि हुन्छन् । यस अवस्थामा बालक एक्लै बस्नुभन्दा साथीहरू वा परिवारका अन्य सदस्यसँग बस्न रुचाउँछन् । (शर्मा र चन्द्रा, १९८९-९०, पृ. १६०)

शिशु अवस्थामा बालकको भाषात्मक विकास पनि भएको हुन्छ । १३ देखि १४ महिनाको आयुमा बालक पहिलो शब्द बोल्दछ । भाषा विकासको सुरुआत यसै आयुमा हुन्छ । यस अवस्थामा बालक फरक-फरक प्रकारका ध्वनि र संकेतका सहायताले दोस्रो अथवा अरूलाई आफ्नो कुरा बुझाउन खोज्छ । यस बखत उसले जस्तो कथा वा गीत सुन्दछ त्यो संझेर बताउन सक्ने हुन्छ । ४-५ वर्षको आयुमा बालकको वाक्य रचनामा धेरै सुधार आउँछ । यस उमेरमा बालक धेरै बोल्दछ । यस उमेरमा उनीहरू भाषाको शुद्धसँग उच्चारण गर्न पनि सक्दछन् (शर्मा र चन्द्रा, १९८९-९०, पृ. १८१) ।

शैशवावस्थामा शिशुको जति उमेर बढ्दै जान्छ, त्यति नै सामाजिक विकास पनि हुँदै जान्छ । नवजात शिशु ज्यादै थोरै सामाजिक क्रिया गर्दछ । चेतन अथवा अचेतन रूपमा शिशु आफ्नो शारीरिक आवश्यकतासँग सम्बन्धित हुन्छ । एक वर्षको उमेरमा विस्तार विस्तार शिशु वयस्क व्यक्तिको रुचि आदिबाट प्रभावित हुन्छ । उमेर बढ्दै जाँदा शिशुको खेलमा पनि अन्तर आउँछ । दुई महिनाको बालक कुनै पेन्सिल वा काठको टुक्रा दिँदा समाउन सक्ने हुन्छ । ऊ

दुई वर्षको हुँदा आफू एक्लै आफ्नो खेलौनासँग खेल्ने र अरू बालकको खेलौना समेत खोसेर आफैं लिने प्रयत्न गर्छ । बालक तिन वर्षको हुँदा आफ्नो सामान अरूलाई बाँड्ने स्वभावको हुन्छ भने अरूले आफ्नो सामान लिन खोज्दा दिने खालको पनि हुन्छ । यस उमेरमा बालक सामूहिक खेलमा पनि सहभागी हुन खोज्छ (शर्मा र चन्द्रा, १९८९-९०, पृ. १९६-९७) ।

बालकको मानसिक, संवेगात्मक, भाषिक, सामाजिक विकाससँग सम्बन्धित अभिलक्षण अनुसार जन्मेदेखि ५ वर्षको उमेरका बालबालिकालाई सुहाउने खालका बालगीत एवं बाल कविता रचिएका देखिन्छन् र यस शोधमा पनि माधव घिमिरेले रचेका त्यस्ता बाल कविताको पहिचान गरिएको छ ।

बाल्यावस्था वा ६ देखि १० वर्ष उमेर समूहका प्रायः जसो बालक स्कुल जान्छन् । यस आयुमा तिनका सामाजिक विकासमा स्कुलको वातावरण तथा खेलबाट विशेष रूपमा प्रभाव पार्छ । बाल्यावस्थामा बालकको सामाजिक विकासमा खेलको विशेष महत्व हुन्छ । यस उमेरमा विद्यालयमा शिक्षकले पनि बालकको सामाजिक विकास हुने खालका खेलको आयोजना गर्नुपर्छ । यस उमेरमा बालकहरू दिमाग तिखार्ने क्रियाकलाप, सङ्गीत सुन्ने, उखान पूरा गर्ने, अन्ताक्षरी खेल्ने, कथा भन्ने, सिर्जनात्मक बुट्टा बनाउने, लुकाएको वस्तु खोज्ने आदि खेल खेल्न रुचाउँछन् । यस अवस्थामा बालकको शारीरिक एवम् मनोवैज्ञानिक विकासको आधारशिला तयार भइसक्छ । सोही आधारशिला अनुसार बालकमा आजीवन कायम हुने सिर्जनशील एवम् रचनात्मक प्रतिभाको विकास हुन्छ (पाठक र लामा, २०६१, पृ. ५३-५४) ।

६-१२ वर्षको उमेरमा बालक आफ्नो परिवर्तनशील सामाजिक संसारमा आफ्नो लागि अनुकूल वातावरण बनाउन थाल्दछ । यस समयमा धेरै बालक कुनै न कुनै समूहको सदस्य हुन्छ । यस उमेरमा उनीहरू छुट्टै भाषाको प्रयोग गर्ने, आफूलाई स्वतन्त्र ठान्ने, प्राय जसो घरबाट बाहिर नै निस्कन चाहने तर पनि उनीहरू आमा, बाबु र शिक्षकको प्रशस्त माया चाहने खालका नै हुन्छन् । उनीहरू अभिभावक र शिक्षकको समेत प्रशंसाको पात्र बन्न चाहन्छन् । यस उमेर समूहलाई लक्षित गरेर पनि बाल कविताहरू रचिएका भेटिन्छन् र माधव घिमिरेले रचेका त्यस्ता बाल कविताको पहिचान पनि यस शोधमा गरिएको छ ।

११-१५ वर्षको उमेर समूह वास्तवमा उत्तर बाल्यावस्था र पूर्व किशोरावस्थासँग सम्बन्धित छ । यस उमेर समूहका बाल बालिका आफूभन्दा ठूलासँग मिल्न बढी मन पराउने

स्वभावका हुन्छन् । यस अवस्थामा बालक नाचगान, पिकनिक, पर्वतारोहण तथा विभिन्न किसिमका पार्टीमा सहभागी हुन खोज्छन् । यस उमेरमा उनीहरू आफूलाई शारीरिक रूपले पनि राम्रो हुन खोज्ने, विपरीत लिङ्गी साथीप्रति आकर्षित हुने स्वभावका हुन्छन् । यस उमेरमा उनीहरूको शारीरिक, मानसिक तथा संवेगात्मक विकास पनि बाल्याावस्था (६-१० उमेर समूह) भन्दा फरक हुन्छ । उमेर बढ्दै जाने भएकोले यस उमेरमा उनीहरू स्कुलको बारेमा कुरा गर्नुको साथै दार्शनिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय विषय, खेल तथा व्यवसाय आदिका बारेमा पनि कुराकानी गर्दछन् । यस अवस्थामा धेरै किशोर किशोरीहरू आमाबाबुसँग संघर्ष वा झगडा गर्ने, आमाबाबु उनीहरूलाई अनेक कुराबाट रोक्न खोज्ने र उनीहरू स्वतन्त्र बन्ने खालका हुनाले एक अर्काको विचारको कदर गर्दैनन् । किशोरावस्थामा विपरीत लिङ्गीप्रति आकर्षण बढ्ने हुनाले र परिवार तथा विद्यालयमा व्यवस्थापन आदि कारणले गर्दा उनीहरूलाई अभिभावक वा शिक्षकको सहयोग पनि आवश्यक पर्दछ (शर्मा, १९८९ : ९०) । यस अवस्थामा बालकको शारीरिक एवम् मनोवैज्ञानिक विकासका अधारशिला तयार भइसक्छ र सोही आधारशिला अनुसार बालकमा आजीवन कायम हुने सिर्जनशील एवम् रचनात्मक प्रतिभाको विकास हुन्छ । यस अवस्थामा उनीहरूले अन्ताक्षरी खेल्ने, छिटो बोल्ने, कथा भन्ने, सिर्जनात्मक बुट्टा बनाउने, लुकाएको वस्तु खोज्ने, अनुप्रासयुक्त शब्द चिन्ने, ठाउँ तथा संस्कृति अनुसार खेल खेल्ने आदि क्रियाकलाप गर्न बढी मन पराउँछन् । यस उमेरका बालकको मनोविज्ञान अनुसार बाल कविताहरू पनि रचिन्छन् र माधव घिमिरेले रचेका त्यस्ता बाल कविताको पहिचान पनि यस शोधमा गरिएको छ ।

### ग) बाल कविता र बाल गीत

बालकलाई लक्ष्य बनाई बालोपयोगी विषय, लय, शिल्प र भाषाको प्रयोग गरी रचिएका रचना बाल कविता हुन् भने बाल कविताकै धेरोभित्र बाल गीत पनि पर्दछन् । वास्तवमा बाल कविता भन्नु र बाल गीत भन्नुमा खास फरक छैन । जसरी साहित्यिक विधा कविताका विभिन्न प्रकारहरूमध्येको एक मुख्य प्रकारको रूपमा गीतलाई लिने गरिन्छ (त्रिपाठी, २०६५ : पृ. २३-२८), त्यसै गरी बाल गीत पनि बाल साहित्यिक विधाको एक मुख्य प्रकार हो । यसको अर्थ के हो भने सबै बालगीतहरू बाल कविताभित्र अन्तर्भुक्त हुन्छन् तर सबै बाल कविताहरू बाल गीत हुँदैनन् । माधव घिमिरेले बाल कविताका साथै बाल गीतहरूको पनि रचना गरेका छन् र यस शोधमा बाल कविता अन्तर्गत नै उनले रचेका सम्पूर्ण बाल गीतहरूलाई पनि समेटिएको छ ।

### १.६.२.२ विश्लेषणको ढाँचा

बाल कविताको विश्लेषण गर्दा अवलम्बन गर्नुपर्ने आधारहरु विभिन्न हुन सक्तछन् तापनि बाल कविता पनि बालकहरुका लागि लेखिएको कविता नै हुने हुँदा कविता विश्लेषणकै आधारको प्रयोग गरेर बाल कविताको पनि अध्ययन गर्न सकिन्छ । वास्तवमा बाल कविताका लक्षण पनि बाल प्रयोजनमूलकता बाहेक अरु सबै कविताका आधारभूत लक्षण अनुरुप नै हुन्छन् भन्ने कुरो स्मरणीय छ । त्यसैले कविताको विश्लेषणका क्रममा जुन कविता धारा र कविताका विधागत तत्वको आधार लिने गरिन्छ, तिनै आधारलाई बाल कविताको अध्ययनका निम्ति अनुकूलित तुल्याई यस शोधमा प्रयोग गरिएको छ । कविताका धारा  भन्नाले विश्वका विभिन्न भाषाका कविताको इतिहासमा आन्दोलनकै रुपमा स्थापित भई आएका परिष्कारवादी धारा, स्वच्छन्दतावादी धारा, प्रगतिवादी धारा जस्ता विभिन्न धारालाई बुझ्ने गरिन्छ र नेपालीमा यस्ता साहित्यिक धाराको सैद्धान्तिक अध्ययन वासुदेव त्रिपाठी (२०६५ ख) ले गरेका छन् । त्यसै गरी कविताका विधागत तत्वबारे त्रिपाठी (२०६५, पृ. १६-२२), पाण्डेय (२०५६, ४९-६८) आदिले गहन अध्ययन गरेका छन् । बाल कविताका तत्वबारे अवस्थी (२०६५) ले गरेको अध्ययन उल्लेखनीय छ भने घिमिरे (२०७१) ले लक्ष्मीप्रसाद देवकोटाका बाल कविताको विश्लेषणका निम्ति प्रयोग गरेको बाल कवितात्मक विधातात्विक आधार पनि महत्वपूर्ण नै छ । यिनै पूर्व अध्ययनमा कविताका विधागत तत्वबारे गरिएका अध्ययनलाई संयोजित गरी यहाँ माधव घिमिरेका बाल कविताको विश्लेषण गर्ने र उनका बाल कवितात्मक धारा एवम् प्रवृत्ति पहिल्याउने प्रयोजनका निम्ति केही आधारहरु तयार पारिएका छन् । ती आधारहरु यस प्रकार छन् :

१) जीवनीपरक समालोचनात्मक आधार
२) धारागत आधार
३) विषयवस्तु तथा भाव
४) उक्ति संरचनागत आधार
५) लयढाँचागत आधार
६) भाषाशैलीगत आधार
७) उमेर समूहगत आधार
८) अलङ्कार प्रयोगगत आधार

१. कुनै पनि साहित्यकारको जीवनीकै एक महत्वपूर्ण कार्यकलापका रूपमा उसको साहित्यिक सिर्जनशीलता पनि रहेको हुन्छ । त्यसैले साहित्यकारका जीवनी र सिर्जनशीलताका बिच सहसम्बन्ध भेटिने गर्दछ । साहित्यकारका जीवनगत कार्यकलापकै परिप्रेक्ष्यमा उसका साहित्यिक कृतित्वको समीक्षा गर्ने प्रणाली जीवनीपरक समालोचना हो । यस शोधमा मा.वि.का जीवनगत विकासक्रमका परिप्रेक्ष्यमा उनका कविता यात्रा र बाल कविता यात्राको विवेचना गरिएको छ । त्यसैले यस शोधका सामग्री विश्लेषणको एक महत्वपूर्ण आधारका रूपमा जीवनीपरक समालोचना प्रणालीको उपयोग गरिएको छ ।

२. धारागत आधार भनेको कविता सृजनाका परम्परामा प्रयोग भई आएका परिष्कारवाद, स्वच्छन्दतावाद, प्रगतिवाद आदिजस्ता धारासँग सम्बद्ध मान्यता हो । यस शोधमा माधव घिमिरेका बाल कविताको विश्लेषणका निम्ति अँगालिएको धारागत आधार उनैको मुख्य कविता धाराका रूपमा रहेको स्वच्छन्दतावादी धारा हो । विश्व साहित्यका विकास प्रक्रियामा देखा परेका महत्वपूर्ण साहित्यिक धारामध्येको एक महत्वपूर्ण र लोकप्रिय धारा स्वच्छन्दतावादी धारा हो । यस धाराको दार्शनिक स्रोत आदर्शवादी रहस्यवाद र आत्मवाद, प्रकृतिदर्शन तथा मानवतावाद रहेका छन् (त्रिपाठी, २०६५,

पृ. १२२) । साहित्यिक धाराका रूपमा यसको प्रथम प्रयोग सत्रौँ शताब्दीको जर्मनेली साहित्यमा भयो र यो एक प्रभावकारी धाराका रूपमा युरोपेली एवं अमेरिकाली भाषाका साहित्यमा फैलिन पुग्यो । खासगरी उन्नाइसौँ शताब्दीमा अङ्ग्रेजी साहित्यमा भएको स्वच्छन्दतावादी धाराको पुनर्दीप्तिको प्रभावलाई कवि लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) ले वि.सं. १९९१ तिर नेपाली कवितामा भित्र्याएपछि यो धारा नेपाली कविताको मुख्य धारा बन्यो । यस धाराका प्रयोगकर्ता नेपाली कविहरूमध्ये माधव घिमिरे पनि एक हुन् । त्रिपाठी (२०६५) ले यस धाराका मुख्य मान्यताहरूमाथि प्रकाश पारेका छन् र यस शोधको प्रयोजनका निम्ति त्यसैको आधार लिइएको छ ।

त्रिपाठी (२०६५ख) ले उल्लेख गरे अनुसार ईश्वरको दिव्य स्वरूप र अतीन्द्रिय सत्ताको प्रत्याभास स्वच्छन्दतावादी धाराको मूल दर्शन हो । स्वच्छन्दतावादी धारालाई यान्त्रिक र औद्योगिक सभ्यताको विरुद्धको आत्मिक आक्रोश पनि मानिन्छ । कल्पनाको केन्द्रीयताभित्र आत्माभिव्यक्तिको प्रबलता यस धाराको चिनारी हो । प्रकृति र प्राकृतिक संस्कार एवम्

सभ्यताप्रति अभिमुख मानवीय स्वभाव वा अवचेतन आवेगको भावसत्यको स्वतःस्फूर्त अभिव्यक्ति पनि स्वच्छन्दतावादी धाराको विशेषता हो । स्वच्छन्दतावादी धारामा क्लासिकल धाराको जस्तो अभिव्यक्तिगत वस्तुपरक अनुशासन, संयम, सन्तुलन र परिष्कार कमै पाइन्छ भने यसको विपरीत तीव्र भावात्मक ऊर्जा र स्वतः स्फूर्त, सहज, स्वच्छन्द आत्माभिव्यञ्जनाको ताजापन यसमा पाइन्छ । कतिपय स्वच्छन्दतावादी स्रष्टाहरूमा रुमानी भाव र परिष्कृत शैली अँगाल्ने समन्वयात्मक प्रवृत्ति देखा पर्दछ तापनि यस धाराको खास आफ्नो स्वरूप चाहिँ भाव र शैली दुवैका स्तरमा आत्मपरक सहज, स्वच्छन्द र स्वतः स्फूर्त अभिव्यक्ति झल्काउनु नै हो । स्वच्छन्दतावादी धारामा दृश्य जगत्लाई अन्यन्त सजीव र संवेद्य रूपमा भावात्मक किसिमले ग्रहण गरी कुनै जानकारी नै नभएको र नदेखिने अदृश्य वस्तुतर्फ संकेत गर्ने र कुनै वस्तुलाई एकैसाथ त्यसको इन्द्रियगत र अतीन्द्रिय स्तरमा दुवैतर्फ छुने भावमयता र संवेगात्मकता शक्तिशाली रूपमा रहेको पाइन्छ । यसै गरी भाषा, लय, विम्ब र भावमा सांकेतिकता वा व्यञ्जनात्मक लचकता स्वच्छन्दतावादी धाराको लक्षण हो । आत्मवादी रहस्यवादी दृष्टि र प्रकृति सौन्दर्यतर्फको संवेद्य आकर्षणका साथै स्वतन्त्रता, समानता एवम् भातृत्वमा आधारित मानवतावादी सामाजिक दृष्टि तथा विश्वबन्धुत्व, देशभक्ति, समाजसुधार, सामाजिक-सांस्कृतिक रूपान्तरणको प्रगतिशील चेतना, मानव समाजका लोकसंस्कृति, अतीतकालीन सम्पदा, बाल्यजीवन, श्रमिकका जीवन, प्रकृतिनिकट ग्रामीण जीवनप्रतिको प्रेम र तीव्र युगबोध समेत यस धाराका प्रवृत्तिहरू हुन् । माधव घिमिरेका बाल कविताको धारागत प्रवृत्तिको विश्लेषण गर्दा स्वच्छन्दतावादका यिनै लक्षणहरूको आधार लिइएको छ ।

३) विषयवस्तु तथा भाव भन्नाले बाल कवितामा प्रयोग गरिएको वा भनिएको जीवन जगत्सँग सम्बन्धित जुन मुख्य कथ्य विषय हुन्छ र सो विषयका अभिव्यक्ति अन्तर्गत अन्तर्निहित तुल्याई मानवीय मनोभावका साथसाथै त्यसैसँग मिसिएर आउने खास विचार एवम् सन्देश रहेको हुन्छ सोही कुरालाई पहिल्याउने कोण बुझिन्छ र त्यो कुरो बालोपयोगी हो वा होइन भन्ने कुरा यसअन्तर्गत खुट्ट्याइन्छ । बाल कवितामा कविले प्रकृति जगत् र मानव जीवनसँग सम्बद्ध खास खास वस्तुलाई र भावलाई नै मुख्य कथ्य विषयवस्तुको रूपमा प्रयोग गरेको हुन्छ र त्यो कथ्य भाव बालसंवेद्य हुनु वाञ्छनीय हुन्छ ।

४) प्रस्तुत शोधका सन्दर्भमा उक्ति संरचना भन्नाले बाल कवितामा कविले आफ्नो कथ्य भाव वा विचार वा विषयलाई कथन गर्ने क्रममा अँगालेको उक्ति वा कथनको रीति वा तरिका भन्ने बुझिएको छ । त्यो उक्तिको रीति भनेको कवितात्मक कथ्य अर्थको कथनको कोणका साथै त्यसको क्रमिक व्यवस्थापनका निम्ति कविले अँगालेको उक्तिको ढाँचा भन्ने पनि बुझिन्छ । बाल कवितामा कविले आफ्नो कथ्य अर्थलाई कहीँ भावक बालक समक्ष सिधै प्रस्तुत गर्दछ, कहीँ भावक बालकलाई सम्बोधन गरी प्रस्तुत गर्दछ र कहीँ सो कवि आफैं बालकतुल्य वा बालकको आमातुल्य भई आफ्नो कथ्य भाव विचारको लयात्मक भाषिक अभिव्यक्ति गर्ने नीतिको प्रयोग गर्दछ । कविले आफ्नो कथ्य अर्थलाई बाल कवितामा कथन गर्दा कहीँ त्यसलाई आफ्नै गुनगुन वा आत्मालापका ढाँचामा कवि प्रौढोक्तिका रुपमा व्यक्त गर्दछ भने कहीँ त्यस कथ्य अर्थलाई सूक्ष्म आख्यानात्मक ढाँचाको उपयोग गरेर पनि कथन गर्न सक्तछ (त्रिपाठी, २०६५ 'क', पृ. १९) त्यसै गरी बाल कवितामा कविले आफ्नो कथ्य अर्थलाई कुनै खास दृश्यको रचना गरी वा नगरिकनै पनि कुनै खास पात्रका मनोवादका उक्ति ढाँचामा वा पात्रपात्रका बिचका सम्वादका ढाँचामा कथन गर्ने नाटकीय उक्ति, पद्धतिको प्रयोग पनि गरी आफ्नो बाल कवितात्मक उक्ति कौशललाई विशिष्ट तुल्याउँछ । यसरी बाल कवितामा कथ्य अर्थको उक्तिका क्रममा अँगालिने कविगत उक्ति, आख्यानात्मक उक्ति र नाटकीय उक्तिका ढाँचालाई नै यस शोधमा उक्ति संरचनाका रुपमा स्वीकार गरिएको छ ।

५) लयढाँचागत आधार भन्नाले बाल कवितामा प्रयुक्त बद्ध वा मुक्त लयढाँचा भन्ने बुझिन्छ । बद्ध लयढाँचा भनेको कवितात्मक हरफ वा चरणको समानुपातिक आवृत्तियुक्त वितरणगत प्रयोग हो भने मुक्त लयढाँचा भन्नाले कवितात्मक हरफ वा चरणको असमानुपातिक आवृत्तिमा आधारित प्रयोग हो भन्ने बुझिन्छ । त्यो बद्ध वा मुक्त लयढाँचा भाषिक वर्णगत पुनरावृत्तिमा आधारित आन्तरिक तथा अन्त्यका अनुप्रासद्वारा बालकहरूका निम्ति श्रुतिमधुर हुने गर्दछ । बद्ध लयढाँचा अन्तर्गत शास्त्रीय स्रोतका वर्णमात्रिक र मात्रिक छन्दका विविध प्रकार पर्दछन् भने मुक्त लय ढाँचा भनेको गद्यकवितात्मक लयढाँचा नै हो र यसका निश्चित प्रकार छैनन् । यस शोधको विषयका रुपमा रहेका माधव घिमिका बाल कविताहरु खास गरी लोकलयबद्ध

र केही सङ्ख्यामा चाहिँ वर्णमात्रिक छन्दमा बद्ध रहेकाले बद्ध लय ढाँचाको नै उपयोग गरिएको छ ।

६) भाषाशैली भन्नाले भाषाका वर्ण, अक्षर, शब्द र शब्दावलीका साथै वाक्यका संरचना र अर्थको समष्टि प्रयोगमा आधारित बालोपयोगी भाषिक घटकहरूको चयन र विचलनको कौशल हो भन्ने कुरालाई यस शोधमा विश्लेषणको आधार बनाइएको छ ।

७) आलङ्कारिक प्रयोग भन्नाले साहित्यशास्त्रमा स्थापित रहेका उपमा (उपमान र उपमेयका बीच वाचक शब्दद्वारा साधर्म्य देखाई तुलना गर्ने पद्धति), रूपक (रूप्य र रूपक बिच अभेद सम्बन्ध देखाउने तरिका) अतिशयोक्ति (उपमेयका विशेषतालाई उपमानद्वारा अतिशय रूपमा झल्काउनु), स्वभावोक्ति (कुनै पनि पदार्थको प्राकृत वा स्वाभाविक स्वरूपको यथार्थ चित्रमय चित्रण गर्नु) आदि त्यस्ता अर्थालङ्कारको प्रयोग भन्ने बुझिन्छ, जसले बाल कविताको कथ्य अर्थ वा भावलाई बालकहरूका निम्ति चमत्कारपूर्ण तुल्याइदिएको हुन्छ । यिनै उपमा, रुपक, अतिशयोक्ति र स्वाभावोक्ति अर्थालङ्कारका साथै सन्देह, दृष्टान्त, सङ्कर, व्यक्तिविधान उत्प्रेक्षा, विरोधाभास, अर्थान्तरन्यास, समानान्तरता, प्रश्नालङ्कार आदिको उपयोग गरी माधव घिमिरेका बाल कवितागत अलङ्कार प्रयोगको विश्लेषण गरिएको छ । यी अलङ्कारहरुमध्ये व्यक्तिविधान समानान्तरता र प्रश्नालङ्कारका निम्ति नेपाल (सन् २००९) ले गरेको अध्ययनलाई र अरु अलङ्कारका निम्ति सिग्द्याल (२०५८) लाई सैद्धान्तिक आधार बनाइएको छ ।

८) उमेर समूहगत आधार अन्तर्गत बाल कवितामा अभिव्यक्त विषय, धारणा, विचार र सन्देशका साथै त्यसलाई व्यक्त गर्नाका निम्ति प्रयोग गरिएका भाषा, शैली र अलङ्कार कुन उमेर समूहका बालकको निम्ति उपयोगी छन् भनी ठम्याउने कार्य पर्दछ । यिनै कोणहरूलाई आधा बनाई माधव घिमिरेका बाल कविताबारे उमेर समूहगत उपयोगिताको सङ्केत गरिएको छ ।

उपर्युक्त आधारहरूको प्रयोग गरी यस शोधमा माधव घिमिरेका बाल कविताको विश्लेषण गरिएको छ र त्यसैबाट उनका बाल कविताका प्रवृत्तिको पनि निरूपण गरिएको छ ।

## १.७ सीमाङ्कन

प्रस्तुत शोधको मुख्य विषय 'माधव घिमिरेको बाल कविताका प्रवृत्ति' को निर्क्योल गर्ने कार्य हो र सो विषयको अध्ययन गर्ने क्रममा यस शोधमा स्वच्छन्दतावादी कविता धारा र बाल कविताका तत्वका आधारमा उनका सम्पूर्ण बाल कविताहरूको अध्ययन गरिएको छ । उनका बालकाविताको विश्लेषण गर्दा आवश्यकताअनुसार स्वच्छन्दातावादी भावधाराका साथै बाल कविताका विषयवस्तु, उक्तिढाँचा, लयढाँचा, अलङ्कार, भाषाशैली जस्ता तत्वहरूको आधार लिइएको छ । त्यसैले बाल कविताका तत्वका दृष्टिले र स्वच्छन्दतावादी धाराका दृष्टिले मात्र उनका बाल कवितालाई विश्लेषण गरी उनका बाल कवितात्मक प्रवृत्तिको निर्क्यौल गर्नु यस शोधको सीमा हो । उनका बाल कविताका सिर्जन पक्षको पृष्ठभूमिका रूपमा उनका साहित्यिक अभिव्यक्तिमा उनी आफैले बालकका सम्बन्धमा व्यक्त गरेका धारणाबारे पनि सान्दर्भिक रूपमा यस शोधमा अध्ययन गरिएको छ ।

## १.८ शोध प्रबन्धको रूपरेखा

प्रस्तुत शोधमा माधव घिमिरेका बाल कविताका प्रवृत्तिबारे गरिएको अध्यनयलाई निम्नलिखित परिच्छेदहरूमा सङ्गठित गरी प्रबन्धात्मक रूप दिइएको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : माधव घिमिरेको जीवनयात्रा, कवितायात्रा र बाल कवितायात्राको रूपरेखा

परिच्छेद तीन : माधव घिमिरेका साहित्यिक कृतिमा बालक

परिच्छेद चार : माधव घिमिरेका बाल कविताहरूको विश्लेषण

परिच्छेद पाँच : माधव घिमिरेका बाल कविताका प्रवृत्तिको निरूपण

परिच्छेद छ : सारांश तथा निष्कर्ष

यसरी प्रस्तुत शोधप्रबन्धमा छवटा परिच्छेदहरू रहेका छन् । तीमध्ये पहिलो परिच्छेद विषय परिचयको रूपमा रहेको छ भने दोस्रो परिच्छेदमा माधव घिमिरेको जीवनयात्रा, साहित्यिक यात्रा र बाल कवितायात्राको अध्ययन गरिएको छ । यसका तेस्रो परिच्छेदमा माधव घिमिरेका काव्यकृतिमा भेटिने खासगरी बालकसम्बन्धी धारणाको विश्लेषण गरिएको छ भने चौथो परिच्छेदमा माधव घिमिरेका चारवटा बाल कविता सङ्ग्रहका साथै **चैतवैशाख** कविता

सङ्ग्रहमा संकलित **राहुल यशोधरा** बालकाव्य र **बालमेला**मा प्रकाशित दुईवटा फुटकर बाल कविताहरूको समेत विश्लेषण गरिएको छ। यस शोधप्रबन्धको पाँचौं परिच्छदेमा माधव घिमिरेका बाल कविताका प्रवृत्तिहरूको अध्ययन गरिएको छ। यस शोधको मुख्य उद्देश्य पनि 'माधव घिमिरेको बाल कविताका प्रवृत्ति'को अध्ययन गर्नु रहेकोले उक्त पाँचौ परिच्छेदलाई महत्वपूर्ण परिच्छेदको रूपमा लिइएको छ। प्रस्तुत शोधप्रबन्धको छैटौं परिच्छेद सारांश तथा निष्कर्षको रूपमा रहेको छ। यहाँ 'सारांश' शीर्षक अन्तर्गत यस शोधप्रबन्धका परिच्छेद दुईदेखि पाँचसम्मको शोध सारांश राखिएको छ भने 'निष्कर्ष'अन्तर्गत यस शोधका समस्याको प्राज्ञिक समाधानका रूपमा प्राप्त निचोड प्रस्तुत गरिएको छ। 'अन्तिम निष्कर्ष' अन्तर्गत यस शोधको अन्तिम प्राप्तिको उल्लेख गरिएको छ। त्यसपछि यस शोधप्रबन्धको परिशिष्ट खण्डमा बाल कविताका स्रष्टा माधव घिमिरेसँग यस शोधार्थीद्वारा लिइएको अन्तर्वार्ता प्रस्तुत गरिएको छ। यस शोध प्रबन्धका अन्त्यमा सन्दर्भसागग्री सूची दिइएको छ।

परिच्छेद : दुई

# माधव घिमिरेको जीवनयात्रा, कविता यात्रा र बाल कवितायात्राको सहसम्बन्ध

माघव घिमिरेको सम्पूर्ण साहित्यिक सिर्जनशीलता उनका जीवनयात्राका यावत् पक्षहरूसँग जोडिएको छ। उनको बाल कविताका सिर्जनशीलता पनि उनले आफ्ना जीवनयात्राका खास-खास कालखण्डमा गरेको एक महत्वपूर्ण कार्य हो। यसै सन्दर्भमा उनको बालकवित्वलाई बुझ्न उनको जीवनयात्राको पनि पर्यवेक्षण गर्नु आवश्यक हुन्छ। त्यसैले सर्वप्रथम यहाँ उनको जीवनको विकासयात्रालाई छोटकरीमा अवलोकन गरी त्यसपछि उनको साहित्ययात्रा र बाल कवितायात्राको पनि सर्वेक्षण गरी यी सबैका बिचको सहसम्बन्धको विश्लेषण गरिएको छ।

## २.१ माधव घिमिरेको जीवनयात्रा

माधव घिमिरे नेपाली साहित्यका दैहिक रूपमा पनि दीर्घजीवी व्यक्तित्व हुन् भन्ने कुराको पुष्टि उनी हाल ९६ वर्षको उमेरमा पनि गतिशील रहेका सन्दर्भबाट हुन्छ। उनी १९७६ सालमा जन्मिएका हुन् भने २०७१ सालमा उनी छयानब्बेऔं वर्षमा क्रियाशील देखापर्छन्। यस परिप्रेक्ष्यमा उनको जीवनयात्रा नौ दशक पूरा गरी दसौं दशकमा लम्किरहेको देखापर्न आउँछ। उनको यस जीवनयात्रालाई विभिन्न किसिमले केलाउन सकिने भए पनि यहाँ त्यसको दशकीय विभाजन गरी अध्ययन गरिएको छ। सो अनुसार उनको जीवनको विकास यात्राका दशकहरू यस रूपमा निर्धारित हुन आउँछन् :

१. पहिलो दशक : वि.सं. १९७६ देखि ८५

२. दोस्रो दशक : वि.सं. १९८६ देखि ९५

३. तेस्रो दशक : वि.सं. १९९६ देखि २००५

४. चौथो दशक : वि.सं. २००६ देखि २०१५

५. पाँचौं दशक : वि.सं. २०१६ देखि २०२५

६. छैटौं दशक : २०२६ देखि २०३५

| | | |
|---|---|---|
| ७. | सातौँ दशक : | २०३६ देखि २०४५ |
| ८. | आठौँ दशक : | २०४६ देखि २०५५ |
| ९. | नवौँ दशक : | २०५६ देखि २०६५ |
| १०. | दशौँ दशक : | २०६६ देखि यता |

उपर्युक्त दशकहरू माधव घिमिरेको जीवनयात्रा र सिर्जनयात्रासँग सम्बन्धित भएकाले तिनीहरू सम्बन्ध तथ्यलाई तल क्रमैसँग केलाइएको छ ।

### २.१.१ पहिलो दशक (वि.सं. १९७६–१९८५) को जीवनयात्रा

वि.सं. १९७६ देखि १९८५ सम्मको समयावधि माधव घिमिरेको जीवनयात्राको पहिलो दशक हो । यो दशक उनका जन्म, नामाकरण, अन्नप्राशन, शिक्षादीक्षा आदि जस्ता जीवनीगत घटनाक्रमहरूसँग सम्बन्धित छ । उनको जन्म १९७६ साल आश्विन ७ गते मङ्गलबार लम्जुङ जिल्लाको पुस्तुन गाउँमा भएको हो । गौरीशंकर उपाध्याय र द्रौपदीदेवीका पहिलो सन्तानका रूपमा माधव घिमिरे जन्मिएका हुन् । घिमिरेको बाल्यकाल त्यति सुखद रूपमा बितेन किनभने घिमिरे अढाई-तीन वर्षको नहुँदै उनकी आमाको अचानक मृत्यु भयो । आमाको मृत्युपछि माधव घिमिरेको हेरविचार उनकी हजुरआमा र उनका बाबुबाट भयो । संयुक्त परिवार भएको र आर्थिक दृष्टिकोणले पनि त्यति सम्पन्न नभएकोले माधव घिमिरेले बाल्यकालमा आफ्नो परिवारबाट पाउनु पर्ने जति स्नेह पाउन सकेनन् । (निरौला, २०६२)

हिन्दु परम्पराअनुसार माधव घिमिरेको जन्मपछि अन्नप्राशन आदि हुँदै पाँच वर्षको उमेरमा घरायसी वातावरणमै शिक्षा प्रारम्भ भयो । त्यसका लागि उनलाई बाहुनडाँडाको जोगीमढीमा बसेका सानाबाबा श्री केदारनाथ गिरीको कुटियामा लगिएको थियो । त्यसबखत ब्राह्मणका छोराहरूले चण्डी, रुद्रीजस्ता हिन्दू धर्मशास्त्रका देवी, शिवजस्ता भगवती र भगवान्सँग सम्बन्धित पुस्तकहरू अध्ययन गर्नुपर्ने भएकोले घिमिरेले पनि अक्षरारम्भसँगै **चण्डी**बाट अनौपचारिक शिक्षा आरम्भ गरे । पाँच-सात वर्षको उमेरदेखि **चण्डी**को अध्ययनको साथै फुलेबाबासँगको सम्पर्कबाट आठ-नौ वर्षको उमेरदेखि ज्योतिष विद्याको अध्ययनका प्रारम्भ पनि उनले गरे । यसरी तत्कालीन परिवेशअनुसार माधव घिमिरेले संस्कृत कर्मकाण्डीय पद्धति र प्राचीन ग्रन्थहरूको अध्ययनसँगै आफ्नो पढाइलाई पनि सुदृढ बनाउँदै लैजान खोजे तर घरायसी वातावरण त्यति सहज नभएकोले उनले औपचारिक अध्ययनको क्रममा नियमित

रूपले विद्यालय जान पाएनन् । वर्षायाममा यिनी बाबुसँगै जगरागोठमा बस्नुपर्ने भएकोले हिउँदमा मात्र विद्यालय जान पाउँथे । यति हुँदाहुँदै पनि ज्योतिष विधालाई भने उनले निकै रुचिपूर्वक अध्ययन गरे। यसले गर्दा **भास्वती**जस्तो गम्भीर शास्त्रीय ज्योतिष ग्रन्थको अध्यनबाट पञ्चाङ्ग (पात्रो) बनाउने ज्ञानमा समेत उनी दक्ष भए (निरौला, २०६२ : १२१) । अध्ययनको क्रमसँगै हिन्दू परम्पराअनुसार घिमिरेको उपनयन पनि सात वर्षको उमेरमा भयो । यसरी जीवनको पहिलो दशक उनको जन्म, शिक्षादीक्षा र उपनयनजस्ता क्रियाकलापसँग सम्बन्धित देखिन्छ र यस दशकमा उनले प्राप्त गरेको पारिवारिक संस्करण, प्रारम्भिक शिक्षा र गाउँघरका प्रकृतिनिकट वातावरणमा हुर्किदा आजको अनुभवको असर उनका समग्र सृजनामा र बाल कवितामा पनि भेटिन्छ ।

### २.१.२ दोस्रो दशक (वि.सं. १९८६-१९९५) को जीवनयात्रा

वि.सं. १९८६ देखि १९९५सम्मको समयावधि माधव घिमिरेको जीवनयात्राको दोस्रो दशक हो । उनको ११ वर्षे बाल्यावस्थादेखि १९ वर्षे युवावस्थासम्मको समयावधि यस दोस्रो दशकमा पर्ने भएकोले उनको बाल्यकालीन र किशोरकालीन विभिन्न क्रियाकलापसँग पनि यो दशक सम्बन्धित छ । यस समयावधिमा उनको शिक्षादीक्षाको निरन्तरताको साथै उनको विवाह पनि भयो र उनका साहित्यिक यात्राका आरम्भका साथै प्रकाशन पनि थालियो । माधव घिमिरे आफ्नो अध्ययनको क्रममा बाह्र वर्षको हुँदा (वि.सं. १९८८) आफ्नो गाउँ पुस्तुनबाट आफ्नी ठुलीआमाको घर दुराडाँडा गए । त्यहाँ उनले प्रशस्त पारिवारिक स्नेह पाउनुका साथै गणित र फलित ज्योतिषको अध्ययन गर्ने मौका पनि पाए। उनले त्यहाँ मोक्षेश्वर घिमिरेबाट ज्योतिषसम्बन्धी थप शिक्षा पनि प्राप्त गरे ।

हुन त विवाह युवावस्थामा प्रवेश गरेपछि मात्र गरिन्छ तर माधव घिमिरेको समयमा वा तत्कालीन समयमा केटाकेटी अवस्थामै विवाह गरिने चलन भएकोले माधव घिमिरेको विवाह पनि उनी किशोरावस्थामा हुँदै अर्थात् १९९० वि.सं.मा चौध वर्षको कलिलो उमेरमै लमजुङ खुदीवेनीकी आठ वर्षीय गौरीसँग भयो । विवाहपछि भने घिमिरेको भाग्योदय भएको देखिन्छ । किनभने विवाहपछि उनी ससुरालीमै बसेर अध्ययन गर्न थाले । एकातिर ससुरालीको मान, अर्कोतिर खुदीबेनीमै संस्कृत पाठशाला हुनु अनि पण्डित बद्रीनाथ सुवेदीजस्ता संस्कृत वैयाकरणसँगको सम्पर्कले घिमिरेले लघु कौमुदी, रघुवंश, हितोपदेश, गोरखाशिक्षा दोस्रो आदिको पनि अध्ययन गर्ने मौका पाए । यसै गरी तत्कालीन नेपाली साहित्यका स्रष्टाहरूको सिर्जनाहरू

पढ्ने मौका पनि पाए। यसले गर्दा उनको जीवनको दोस्रो दशक साहित्य सिर्जनाको प्रथम दशकको रूपमा पनि चिनिन्छ । लेखनाथ पौड्यालका कविता, आफ्नै जन्मस्थलो लमजुङको मनोरम पहाडी प्राकृतिक सम्पदा, लोकगीतको सुमधुर भाका सुसेलिने पहाडी परिवेश आदि उनको साहित्य सिर्जना गर्ने प्रेरणाका स्रोत हुन्। यसै गरी निश्छल र मर्मस्पर्शी प्राकृतिक वातावरण एवम् घना जङ्गलको अनौठो दृश्य, रोदीघर, मारुनी, सोरठी, घाटु, दोहरी गीत र अनेकौं लोकभाकाहरू पनि उनका लागि साहित्यसिर्जना गर्ने प्रेरणाका स्रोतहरू हुन्। यस्तै तीर्थराज पाण्डेको **उपदेश मञ्जरी**, भानुभक्त आचार्यको **रामायण**, प्रेमप्रसाद भट्टराईको **विरक्त पुष्पाञ्जली**, चक्रपाणि चालिसेको **संक्षिप्त रामायण**, लेखनाथ पौड्यालको **वसन्त कोकिल** आदि काव्यकृतिहरूको अध्ययन एवम् अनुशीलनबाट पनि घिमिरेलाई साहित्य सिर्जना गर्ने प्रेरणा मिलेको थियो। फलस्वरूप वि.सं. १९९२ भाद्र १४ गते शुक्रवारको **शारदा** पत्रिकामा **ज्ञानपुष्प** शीर्षकको पहिलो कविता उनले गोरखापत्रमा छपाउन पुग्छन् र यसै कवितादेखि उनी औपचारिक रूपमा साहित्यको क्षेत्रमा प्रवेश गरेको देखिन्छ। हुनत, यसभन्दा अघि पनि उनले **वैराग्य पुष्प** शीर्षक कविता लेखेको पाइन्छ। त्यतिबेला पण्डितहरूले २५ वर्षको उमेरसम्म ब्रह्मचार्य धारण गर्नुपर्छ भन्ने थियो, त्यसैअनुसार मैले पनि वैराग्यमा आधारित कविता लेखेँ नत्र १५ वर्षकै उमेरमा के को वैराग्य ? (विवेक विष्टसँगको कुराकानीमा आधारित, २०६९, असार ३०, **गोरखापत्र**)। कवि घिमिरेकै भनाइ अनुसार उनको कविताको पहिलो श्रोता लमजुङको उनकै विद्यालयका भाषा पाठशालाका उनका सहपाठी थिए र उनीहरूले घिमिरेलाई लेख्ने हौसला बढाइरहन्थे। वैराग्यपुष्प कविता पहिलोपटक गोरखापत्रमा प्रकाशित भएको थाहापाएपछि कवि घिमिरे अति नै रोमाञ्चित भएर गाउँभरि कविता सुनाउँदै हिँडेका थिए (विवेक विस्ट, २०६९, असार ३०)। त्यसपछि घिमिरेले अन्य कविताहरू पनि लेख्दै जान्छन्। वि.सं. १९९४ मा स्वदेश भक्ति शीर्षक फुटकर कविता र १९९४ वि.सं.मा नौवटा कविताहरूको सङ्कलन भएको **नवमञ्जरी** प्रथम प्रकाशित कवितासङ्ग्रह पनि उनको जीवनयात्राको दोस्रो दशकमै प्रकाशित हुन्छ। दोस्रो दशकमा **नवमञ्जरी** प्रथम पुस्तिकाकार कृति लगायत नौ थान कवितासमेत यस अवधिका जम्मा पच्चीस थान फुटकर कविता प्रकाशित भएको देखिन्छ (पोखरेल, २०५९)। पढाइको सिलसिलामा घिमिरे दोस्रो दशकमै खुदीबेनीबाट विना पैसा अर्थात् जम्मा तीन मोहरमा काठमाडौं आई रानीपोखरीको संस्कृत पाठशालामा भर्ना हुन्छन्। काठमाडौं आएपछि उनको पढाइ झन सुदृढ हुँदै जान्छ र उनले प्रथम श्रेणीमा प्रथम परीक्षा उत्तीर्ण पनि गर्दछन्। यसरी जीवनको दोस्रो दशकमा घिमिरे साहित्य सिर्जना र पढाइ दुवैमा सक्रिय देखिन्छन्।

### २.१.३ तेस्रो दशक वि.सं. (१९९६–२००५) को जीवनयात्रा

१९९६ देखि २००५ सालसम्मको समयावधिलाई घिमिरेको जीवनयात्राको तेस्रो दशक मानिन्छ। यस समयावधिमा घिमिरेको बसाइ लमजुङको खुदीवेनीबाट काठमाडौँ भएको देखिन्छ भने पढाइ पनि वि.सं. १९९७ सम्ममा सम्पूर्ण मध्यमा परीक्षा उत्तीर्ण गरे । त्यसपछि पढाइकै क्रममा घिमिरे वनारसको 'क्विन्स'कलेजमा भर्ना भई सर्वदर्शन विषयमा 'शास्त्री' तह पनि प्रथम श्रेणीमा उत्तीर्ण गर्दछन् र उनको औपचारिक शिक्षा यहाँबाट टुंगिएको देखिन्छ तर निजी अध्ययनको निरन्तरताले, आधार शिक्षाको तालिम आदिले गर्दा ज्ञानविज्ञान एवम् इतिहास, भूगोल आदिको समेत यथेष्ट जानकारी उनमा भएको पाइन्छ (निरौला, २०६३) ।

जीवनयात्राको तेस्रो दशकमा घिमिरेले सुख, दुःख दुवैलाई वरण गर्नुपऱ्यो । एकातिर शास्त्री परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण, अर्कोतर्फ वि.सं. १९९९ मा भाषानुवाद परिषद्मा सर्वप्रथम जागिरे, वि.सं. २००२ देखि २००४ सालसम्ममा गोरखापत्रका सहसम्पादक जस्ता पदमा आसिन भई जागिरे जीवनको सुरुवात गरे भने वि.सं. २००४ आषाढमा घिमिरेले ठुलो दुर्घटना सहनुपऱ्यो । प्राणप्रिय पत्नी गौरीको असामयिक निधनले उनको पारिवारिक जीवन क्षतविक्षत हुनपुग्यो । २ वर्षकी शान्ति र ४ महिनाकी कान्ती आमाविनाको टुहुरा हुन पुगे । यस घटनाले उनको जीवनमा ठुलो आघात पुऱ्यायो । २००५ सालमा घिमिरेले फेरि आफूभन्दा सत्र वर्ष कम उमेरकी आमा विनाकी टुहुरी महाकाली अधिकारीसँग दोस्रो विवाह गरे । हुनत गौरीको सम्झना उनको हृदयमा ताजा थियो तैपनि दोस्रो विवाहपछि भने उनको दाम्पत्य जीवन सबल रूपमा चल्न थाल्यो ।

यस दशकमा उनले आफ्नो साहित्यिक सिर्जनलाई पनि निरन्तरता दिँदै जान थाले । यस समयावधिमा रचना गरिएका कविता कृतिहरूमा 'जननीजन्मभूमिश्च स्वर्गादपि गरीयसी', **उषाचरित्र** (चम्पूकाव्य) १९९८, 'राष्ट्रिय झण्डा' (२००४) आदि प्रसिद्ध छन् ।

### २.१.४ चौथो दशक वि.सं. (२००६–२०१५) को जीवनयात्रा

वि.सं. २००६ देखि २०१५ सम्मको समयावधिलाई घिमिरेको जीवनयात्राको चौथो दशक मानिएको छ। यसवखत घिमिरे जागिरको सिलसिलामा २००५ सालदेखि नै काठमाडौँबाट लमजुङ गई त्यहाँको आधारशिक्षा माध्यमिक विद्यालयमा प्रधानाध्यापकको रूपमा २००९ सालको पूर्वार्द्धसम्म बस्दछन् र २००९ वि.सं. को उत्तरार्धतिर उनी काठमाडौँ

फर्कन्छन् । यस समयावधिमा घिमिरेका 'सङ्कल्प' (२००६), 'पहाडी झरना' (२०१०) फुटकर कविता र पहिलो बाल कवितासङ्ग्रह **घामपानी** (२०१०) पनि प्रकाशित हुन्छन् । यसै समयावधिमा उनको 'पर्वतवासिनी देवी', 'गाउँछ गीत नेपाली', 'वैशाख', 'अन्नपूर्णा', 'लाग्दछ मलाई रमाइलो', 'नवयुवक' जस्ता फुटकर कविताहरूका साथै वि.सं. २०१३ मा **पापिनी आमा** खण्डकाव्य समेत प्रकाशित हुन्छन् । २०१३ सालमै उनको **नयाँ नेपाल** गीतिखण्डकाव्य पनि प्रकाशित हुन्छ ।

चौथो दशकमा घिमिरे पनि फुटकर कविताका रचनाबाट क्रमशः खण्डकाव्य र गीतिखण्डकाव्य समेतका रचनातर्फ सङ्क्रमण गर्दछन् भने व्यक्तिगत जीवनमा पनि वि.सं. २०१२ मा 'शिक्षक शिक्षण केन्द्र' कलेज अफ एजुकेशनमा परिणत भएपछि उनी लेक्चरर हुन पुग्छन् । २०१४ साल असार ९ गतेबाट उनी शिक्षण पेसाबाट मुक्ति लिई रोयल नेपाल एकेडेमीका सदस्य बन्न पुग्दछन् । उनी त्यहाँको सदस्यका साथै पद्य विभागका प्रमुख, कविता योजनाका प्रमुख तथा लोकगीत अनुसन्धानकार्यका प्रमुख बनाइन्छन् । यसबाट उनको तलबका साथै अन्य भत्ता पनि आउने हुनाले उनको आयस्रोतमा पनि वृद्धि हुन्छ । जीवनको चौथो दशक घिमिरेको साहित्य सिर्जना र पेसा दुवै दृष्टिले सफल देखिन्छ । घिमिरेले **गौरी** शोककाव्यको रचना पनि यसै दशकमा गरेको देखिन्छ ।

## २.१.५ पाचौँ दशक वि.सं. (२०१६–२०२५) को जीवन यात्रा

वि.सं. २०१६-२०२५ सम्मको दश वर्षको समयावधिलाई घिमिरेको जीवनको पाँचौं दशक मानिएको छ । यस दशकमा पनि अनेकौं फुटकर कविता कृतिका साथै **राजेश्वरी** खण्डकाव्य (२०१७), **माछाकाँडे सिउर** लोककाव्य (२०२३), **राष्ट्रनिर्माता** खण्डकाव्य (२०२३) जस्ता खण्डकाव्यात्मक कृतिहरू प्रकाशित हुन्छन् । यसवखत उनको पारिवारिक स्थिति पनि केही सुदृढ भएको देखिन्छ । फलस्वरूप वि.सं. २०१९ सालमा घिमिरे काठमाडौँको लैनचौरमा तीन रोपनी जग्गा लिएर निजी दुईतले पक्की घरको निर्माण गरी त्यहाँ बसोबास गर्न थाल्छन् । यसरी उनका जीवनका पछिल्ला समयहरू अघिल्लाभन्दा आर्थिक र सिर्जनाका दृष्टिले पनि लाभप्रद देखिन्छन् ।

## २.१.६ छैटौँ दशक (२०२६–२०३५) को जीवन यात्रा

वि.सं. २०२६ देखि २०३५ सम्मको समयावधिलाई माधव घिमिरेको जीवनयात्राको छैटौँ दशक मानिएको छ । यस समयावधिमा पनि उनले थुप्रै फुटकर कविताका साथै खण्डकाव्यहरूको समेत रचना गरेका छन् । ती कृतिहरूमा **सूर्यसूक्त** (२०२६), **बालालहरी** बाल कवितासङ्ग्रह (२०२५), **घामपानी** बाल कवितासङ्ग्रहको बाह्रौ संस्करण (२०२९), **धर्तीमाता** (२०३०) खण्डकाव्य, **इन्द्रकुमारी** गीतिनाटक (समाप्त प्रायः तर अप्रकाशित), 'भानुको बोली माधवको लोली' (प्यारोडी २०३१), **शाकुन्तला** गीतिनाटक (२०३१), **किन्नर किन्नरी** गीत सङ्ग्रह (२०३३), 'मेरी धर्तीमाता', 'परन्तु यौटै मूर्तिमा विराट', 'यही हो मेरो मिथिला' आदि फुटकर कविताहरू पर्दछन् । यस समयावधिमा थुप्रै फुटकर कविताको पनि रचनाको साथै **इन्द्रकुमारी** खण्डकाव्य (२०३४), 'राहुल यशोधरा' बाल लघुकाव्य (२०३५), 'दुलही हिमाल कञ्चनजङ्घा'
(फुटकर कविता)को लेखन पनि उनले गरेको देखिन्छ ।

जागिरले मानिसलाई एउटा निश्चित क्षेत्रबाट हुने निश्चित आयस्रोतका आधारमा जीविका चलाउन सहयोग पुऱ्याउँछ । प्रत्येक व्यक्ति आफ्नो जीवनमा विभिन्न क्षेत्र वा पेसामा संलग्न रही कार्य गरिरहेका हुन्छन् । जागिर कसैले बाध्यात्मक अवस्थाका कारणले खाएका हुन्छन् भने कसैले आफ्नो जीवनलाई व्यस्त राख्न ऐच्छिक रूपमामा खाएका हुन्छन् । आफ्नो पढाइलाई अधुरै छोडी आर्थिक कठिनाइसँग संघर्ष गर्दै जागिर खानु माधव घिमिरेको बाध्यात्मक अवस्था थियो (निरौला, २०५९) । घिमिरे वि.सं. १९९९ देखि नै जागिरे पेसामा संलग्न देखिन्छन् । सर्वप्रथम उनले काठमाडौँमा नेपाली भाषानुवाद परिषद्मा मासिक रु २५ ( पच्चीस) तलब पाउने गरी लेखक पदबाट जागिरे जीवन सुरुवात गरेका हुन् । त्यसपछि उनी २००२ देखि २००४ सम्म **गोरखापत्र**का सहसम्पादकका रूपमा काम गर्न पुग्दछन् । त्यसबखत उनको पारिश्रमिक मासिक रु ४० (चालिस) थियो भने त्यसपछि २००४ सालमा आधार शिक्षा तालिम प्राप्त गरेपछि २००५ सालमा उनी फेरि आफ्नै गाउँ लमजुङको यशोब्रह्म शाहको दरबारमा संचालित आधार शिक्षा माध्यमिक विद्यालयमा प्रधानाध्यापकका रूपमा मासिक रु. ३० तलब पाउने गरी जागिर खान पुग्दछन् । त्यसपछि लगभग साँढे चार वर्षजति त्यहाँ जागिर खाएपछि उनी फेरि काठमाडौँ आउँछन् र शिक्षक शिक्षण केन्द्रमा मासिक रु १५० (एक सय पचास) तलब प्राप्त हुने जागिर खान पुग्दछन् । २०१२ सालमा शिक्षक शिक्षण केन्द्र कलेज अफ एजुकेसनमा परिणत भएपछि उनी त्यही लेक्चरर हुन्छन् र उनको तलब मासिक

२५० (दुई सय पचास) हुन पुग्दछ । लगभग पन्ध्र वर्षजति शिक्षण पेसामा बिताएपछि उनी २०१४ असार ९ गतेदेखि यस पेसाबाट मुक्ति लिन्छन् र रोयल नेपाल एकेडेमीका सदस्य हुन पुग्दछन् । यसबाट उनलाई मासिक रु ६०० पारिश्रमिक पनि आउँथ्यो । उनलाई तलब बाहेक अन्य सुविधाहरू पनि उपलब्ध हुन थाल्दछ । यसबाट उनको आर्थिक अवस्था पनि राम्रो हुँदै जान्छ । २०२८ सालसम्म उनी एकेडेमीका सदस्यका रूपमा जागिरे देखिन्छन्; यसपछि २०३६ सालसम्म उनी कुनै निश्चित आय भइरहने पेसामा संलग्न देखिँदैनन् । साहित्य सिर्जनाका दृष्टिले चाहिँ यस दशकलाई उनको उर्वर सृजनकालका रूपमा लिन सकिन्छ । यस दशकमा उनका **बाललहरी** २०२५) बाल कवितासङ्ग्रहका साथै गीतिनाटक, खण्डकाव्य लगायत दर्जनौँ फुटकर कविताहरूको रचना प्रकाशन भएकोले उनको साहित्य सिर्जनाको उर्वरकालका रूपमा यस छैटौँ दशकलाई लिन सकिन्छ ।

## २.१.७ सातौँ दशक (२०३६-२०४५) को जीवनयात्रा

वि.सं. २०३६ देखि २०४५ को समयावधि घिमिरेको जीवनयात्राको सातौं दशक हो । यस समयावधिमा घिमिरे विशेषगरी विभिन्न साहित्यिक संघ संस्थाका कार्यकलापमा संलग्न रहेका देखिन्छन् । २०३६ सालदेखि २०४५ सालसम्म उनी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति पदमा आसीन हुन पुग्दछन् । उपकुलपति जस्तो उच्च पद  नेपालका प्राज्ञहरूको उत्कृष्ट थलोका रूपमा रहेको उक्त प्रज्ञा प्रतिष्ठानको उपकुलपति पदमा रहेर कला, साहित्य र सङ्गीत लगायत धर्म, संस्कृति आदि अनेक पक्षसँग सम्बद्ध विद्वान्हरूका बिच गौरवपूर्ण रूपमा आफ्नो कार्यकाल पूरा गर्न सक्नु उनको प्रशासनिक व्यक्तित्वको सफल पक्ष हो । यस समयावधिमा घिमिरे एक कुशल प्रशासकका साथै साहित्य रचनामा पनि सक्रिय व्यक्तित्वका रूपमा देखिन्छन् । उनको **शकुन्तला** (२०३८) र **मालतीमङ्गले** गीति नाटक (२०३९) जस्ता उत्कृष्ट गीति नाटकहरू यसै कालखण्डमा रचिएर प्रकाशित भए । उनको **गौंथली र गजधम्मे** खण्डकाव्य पनि २०४५ सालमा मधुपर्कमा प्रकाशित भएको देखिन्छ ।

माधव घिमिरेले यस समयावधिमा विभिन्न सम्मान तथा पुरस्कार पनि प्राप्त गरेको देखिन्छ । उनले २०३७ सालमा गोरखा दक्षिण बाहु द्वितीय प्राप्त गरेका थिए भने उनको गीति नाटक **मालती मङ्गले** बहुचर्चित भएपछि २०४१ सालमा उनलाई 'मालती मङ्गले विशेष नगद पुरस्कार' पनि प्रदान गरिएको थियो । जीवनकालको सातौं दशकमा यसरी घिमिरे प्रज्ञा

प्रतिष्ठानका उपकुलपति जस्तो पदमा आसीन हुनुका साथै उनका कृतिहरूको कदर स्वरूप उनलाई सम्मान तथा पुरस्कार पनि उपलब्ध हुन पुगेबाट साहित्य सिर्जना र व्यक्तिगत जीवनका उपलब्धिका दृष्टिले पनि उनको जीवनयात्राको सातौं दशक निकै सफल देखा पर्छ ।

## २.१.८ आठौँ दशक (वि.सं. २०४६–२०५५) को जीवनयात्रा

वि.सं. २०४६ देखि २०५५ को समयावधिलाई घिमिरेको जीवनयात्राको आठौँ दशक मानिन्छ । यस समयावधिको प्रारम्भमा उनी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका कुलपति ( २०४७ साल) जस्तो उच्च गरिमामय पदमा नियुक्त हुन पुग्दछन् तर २०४७ सालको प्रारम्भतिर नै नेपालमा भएको राजनैतिक परिवर्तनका कारण उनले प्रज्ञा प्रतिष्ठानको कुलपतिको पदभार पूर्णकालसम्म वहन गर्न पाएनन् ।

साहित्यको क्षेत्रमा चाहिँ माधव घिमिरेले यस समयावधिमा **विषकन्या** (२०५०), **देउकी** (२०५०) जस्ता लोकलयाश्रित गीति नाटकका साथै **अश्वत्थामा** गीतिनाटक (२०५३) र तेस्रो बाल कवितासङ्ग्रह **सुनपङ्खी चरी** (२०५३) जस्ता उत्कृष्ट कृतिहरूको रचना गर्न पुगे । **सुनपङ्खी चरी** बाल कवितासङ्ग्रहका कविताहरू क्यासेटमा समेत लयबद्ध गरी राखिनु उनको जीवनयात्राको यस दशकको अर्को प्राप्ति हो । उनले यस समयावधिमा विभिन्न देशहरूको भ्रमण गर्ने अवसर पनि प्राप्त गरे । २०४६ सालतिर उनी बंगलादेशको भ्रमणमा गएका थिए भने विभिन्न संघ संस्थाबाट पनि उनलाई सम्मानित गरिएको थियो । २०५१ सालमा 'सिलसिला परिवार'बाट रथयात्रा, २०५१ सालमै सीताराम  साहित्य पुरस्कार, २०५२ सालमा त्रिभुवन विश्वविद्यालय दीक्षान्त समारोहका प्रमुख अतिथि, २०५२ सालमै आदिकवि भानुभक्त पुरस्कार र २०५४ सालमा साझा पुरस्कारबाट पनि उनलाई सम्मानित गरियो ।

समग्रमा भन्नुपर्दा जीवनको आठौँ दशकमा विभिन्न संघ संस्थाहरूबाट सम्मानित हुनु र  साहित्य सिर्जनामा पनि सक्रिय नै रही नयाँ नयाँ कृतिहरू प्रकाशनमा आइरहनु माधव घिमिरेको जीवनयात्राको यस दशकका प्राप्ति हुन् । उनी यस दशकमा पनि बाल कविताका रचनामा संलग्न रहिरहेको साक्ष्य **सुनपङ्खी चरी** बाल कवितासङ्ग्रहले नै प्रस्तुत गर्दछ ।

## २.१.९ नवौँ दशक (वि.सं. २०५६–२०६५) को जीवन यात्रा

वि.सं. २०५६ देखि २०६५ सम्मको समयावधि माधव घिमिरेको जीवनयात्राको नवौँ दशकसँग सम्बन्धित छ। यस समयावधिमा पनि उनी आफ्नो साहित्यिक यात्रामा उत्तिकै सक्रिय देखिन्छन् । उनले रचेका **इन्द्रकुमारी, गौँथली र गजधम्मे** तथा **बोराको परदा** जस्ता तिनवटा खण्डकाव्यको सङ्ग्रह वि.सं. २०५७ मा **इन्द्रकुमारी** शीर्षकमा प्रकाशित भएको देखिन्छ । उनको एकमात्र कथा सङ्ग्रह **मनचिन्ते मुरली** पनि वि.सं. २०५७ मै प्रकाशित भयो । यस कथा सङ्ग्रहमा उनले रचेका छ वटा कथाहरू सङ्कलित छन् र ती कथाहरू प्रायजसो बालबालिकालाई सुहाउने र उनीहरूसँगै सम्बद्ध विषयवस्तुको प्रयोग गरी लेखिएका छन् । उनको **चारुचर्चा** निबन्ध सङ्ग्रह पनि वि.सं. २०५८ मा प्रकाशित भएको देखिन्छ । यस समयावधिमा प्रकाशित कृतिहरूमा अनूदित काव्य **दुर्गा सप्तशती** (२०५८) अनि **चैत वैशाख** (२०६०, जसमा वि.सं. १९९९ देखि २०६० सम्मका कविताहरूको सङ्कलन छ) कवितासङ्ग्रह, **बालकुमारी** गीति नाटक (२०६१), **बिजुले र बिजुला** बाल कवितासङ्ग्रह (२०६३) आदि पनि पर्दछन् ।

साहित्यिक दृष्टिकोणले माधव घिमिरेको जीवनयात्राको नवौँ दशक पनि निकै महत्वपूर्ण देखापर्छ; किनभने यस समयावधिमा उनले रचेका खण्डकाव्य, कथासङ्ग्रह, कवितासङ्ग्रह, गीतिनाटक र बाल कवितासङ्ग्रह समेत गरी निकै रचनाहरू प्रकाशित भएका छन् । आफ्नो जीवनयात्राको नब्बे वसन्त पार गरिसकेका घिमिरेको यो दशक साहित्यिक दृष्टिकोणले मात्र नभई व्यक्तिगत दृष्टिकोणले पनि महत्वपूर्ण देखापर्छ; किनभने २०६० सालमा कविवर घिमिरेलाई जनस्तरबाट भव्य नागरिक अभिनन्दन प्राप्त हुनुका साथै राजस्तरबाट राष्ट्रकविजस्तो सम्मानित उपाधिले पनि विभूषित गरिएको देखिन्छ अनि चितवन साहित्य समाजले पनि २०६२ मा उनलाई अभिनन्दन समेत गरेको थियो ।

माधव घिमिरेले यस समयावधिमा विभिन्न देशहरूको भ्रमण पनि गरेका थिए । उनले २०५७ मा बेलायत र अमेरिकाको भ्रमण गरे अनि भारत सरकारको आतिथ्यमा चार-चार पटक भारत भ्रमणमा पनि गए । यस बिचमा उनले विभिन्न पुरस्कार तथा सम्मान पनि प्राप्त गरेका छन् । उनलाई २०५६ सालमा राष्ट्रिय व्यक्तित्व सम्मान, वि.सं. २०५६ मै भूपालमानसिंह कार्की प्रज्ञा पुरस्कार, २०५७ मा वसुन्धरा मान सम्मान, २०५७ मै सुप्रसिद्ध गोरखा दक्षिणबाहु प्रथम, २०५८ सालमा वीरेन्द्र ऐश्वर्य पदक, २०६० सालमा राष्ट्रिय प्रतिभा पुरस्कार, २०६० सालमै पूर्वाञ्चल नागरिक अभिनन्दन (विराटनगरमा), **तन्नेरी** पत्रिकाबाट

राष्ट्रकवि माधव घिमिरे विशेषांक (२०६० भदौ ६) र तत्कालीन राजा ज्ञानेन्द्रबाट २०६० साल असोज ७ गते राष्ट्रकविको उपाधि प्रदान जस्ता उपलब्धिबाट उनका जीवनयात्राको यो नवौँ दशक उनका निम्ति विशेष महत्वपूर्ण बनेको देखिन्छ ।

### २.१.१० दसौँ दशक (वि.सं. २०६६ देखि यता) को जीवनयात्रा

वि.सं. २०६६ देखि यताको समयावधि माधव घिमिरेको जीवनयात्राको दसौँ दशक हो । बयानब्बेऔँ वसन्त पार गरिसक्ता पनि उनी उत्तिकै फुर्तिला, जोसिला र जाँगरिला देखिन्छन् । जीवनको दसौं दशकमा रहेका बेला पनि उनी यस समयावधिमा **ऋतम्भरा** महाकाव्यको रचनामा संलग्न देखिन्छन् । 'यदि फेरि यति नै समय पाए के गर्नुहुन्थ्यो कविज्यू' भनी यस अनुसन्धानकर्ताले प्रश्न गर्दा उनको जवाफ थियो 'म फेरि यति नै समय पाए शास्त्रीय सङ्गीत सिक्ने थिएँ, किनभने मलाई शास्त्रीय सङ्गीतमा ज्यादै रुचि र सोख छ ।' यस भनाइबाट उनी अझै पनि सक्रिय रहिरहेको भान हुन्छ । अहिले पनि विभिन्न कार्यक्रमहरूमा सहभागी हुन जानु, विभिन्न संघ संस्थाको कार्यक्रममा प्रमुख अतिथिको भूमिका निर्वाह गर्नु आदिबाट उमेरले नब्बे वर्ष पार गरिसके पनि उनीभित्रको जोस र जाँगर अझै तन्नेरीको झैँ देखिन्छ । यस्ता दीर्घजीवी व्यक्तित्वको जीवनको दसौँ दशक विशेष गरी विभिन्न अनुसन्धानकर्ताहरूलाई भेट दिनु, विभिन्न ठाउँको निम्तोलाई स्विकारी त्यसमा सहभागिता जनाउनु र फुर्सदको समयमा अपूरो महाकाव्य **ऋतम्भरा**लाई पूर्णता दिनतिर लाग्नुजस्ता दिनचर्यामा बितेको देखिन्छ । आफ्नो जीवनको अन्तिम दशकसम्म पनि साहित्य सेवामा समर्पित रहेका कविवर घिमिरेलाई 'उज्ज्वल कीर्तिमय राष्ट्रदीपमान' पदवीबाट २०६९।२।९ गते राष्ट्रपतिबाट सम्मानित समेत गरिएको छ । यो पदवी २०६७ मा घोषित राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिलाई प्रदान गरिने पदक हो र त्यो नवयुगीन राष्ट्रिय महत्वको सम्मान पनि उनले प्राप्त  गरे । यसरी उनका जीवनयात्राको यो दसौं दशक पनि अत्यन्त गौरवमय हुन पुगेको छ ।

## २.२ माधव घिमिरेको कवितायात्राको चरण विभाजन

माधव घिमिरेको बाल कवितायात्रा उनको सिङ्गो कवितायात्रासँग सह-सम्बन्धित छ । उनको बाल कवितायात्रा पहिल्याउनका निम्ति उनका समष्टि कवितायात्राको पर्यवेक्षण पनि

आवश्यक छ। त्यसैले यहाँ उनका समष्टि कवितायात्राको सर्वेक्षण गरी र त्यसपछि मात्र त्यसैका परिप्रेक्ष्यमा उनको बाल कवितायात्रालाई केलाउने प्रयास गरिएको छ ।

माघव घिमिरेले आफ्नो हालसम्मको जीवनयात्रा (वि.सं. १९७६-२०७१) मा सातदशक भन्दा लामो कविता साधना गरिसकेका छन्। बाह्र वर्षकै उमेरमा वि.सं. १९८८ मा आफ्नै गाउँ-ठाउँका रामलाल साहुलाई विषयबनाई पहिलो नेपाली कविता रचना गरी आफ्ना गाउँलेहरूलाई सुनाएको भए पनि घिमिरेको प्रथम प्रकाशित कविताचाहिँ वि.सं. १९९२ को गोरखापत्रमा प्रकाशित 'ज्ञानपुष्प' कविता नै हो । त्यसपछि उनले कविता, गीत, बाल कविता र खण्डकाव्यका साथै गीतिनाटक, निबन्ध र कथा समेतको रचना एवम् प्रकाशनद्वारा सातदशक लामो साहित्ययात्रा पुरा गरिसकेका छन् । यसरी उनले आफ्नो जीवनका व्यावहारिक जिम्मेवारी र सार्वजनिक दायित्वको वहनसँगै बहुमुखी साहित्यिक सिर्जनशीलतालाई जुन निरन्तरता दिएका छन्, त्यसको सर्वाधिक प्रसिद्ध पक्ष भने उनको कवित्व नै हो। त्यसैले उनको साहित्ययात्रा भन्नाले मुख्यतः कवितायात्रा नै भन्ने बुझिन्छ र त्यसको चर्चा गर्नु आवश्यक छ।

माघव घिमिरेको कवितायात्राका सम्बन्धमा नेपाली साहित्यका समालोचकहरूले पनि प्रकाश पारेका छन्। सर्वप्रथम उनको कविता यात्रासम्बन्धी महत्वपूर्ण अध्ययन गर्ने समालोचक भानुभक्त पोखरेल हुन्। त्यसै गरी घिमिरेको कवितायात्राको सम्बन्धमा अध्ययन गर्ने अरू उल्लेखनीय समालोचक तथा शोध कर्ताहरू हुन् - वासुदेव त्रिपाठी, शैलेन्दुप्रकाश नेपाल र लेखप्रसाद निरौला ।

माघव घिमिरेको कवितायात्राको सम्बन्धमा सर्वाधिक विस्तृत अध्ययन गर्ने विद्वान् समालोचक भानुभक्त पोखरेल हुन्। उनले **कवि घिमिरेको काव्य चिन्तन** (२०३९), र **कवि घिमिरेको रचनायोग** (२०५९) जस्ता दुईवटा ग्रन्थमा घिमिरेका कवितायात्रासम्बन्धी समालोचना दुई पटक गरेका छन्। यीमध्ये **कवि घिमिरेको काव्य चिन्तन**मा पोखरेलले गरेको घिमिरेका कवितायात्राको कालगत सीमा २०३९ रहेको हुनाले र **कवि घिमिरेको रचनायो**गमा उनले गरेको घिमिरेको कविता यात्रासम्बन्धी अध्ययन नै पछिल्लो अध्ययन भएको हुँदा त्यसैको अध्ययन अवलोकन यहाँ गरिन्छ ।

भानुभक्त पोखरेल (२०५६) ले माधव घिमिरेको अखण्ड कवितायात्राको द्विखण्डी विभाजन गरेका छन् र उनले गरेका त्यस विभाजनअनुसार माधव घिमिरेका कवितायात्राको दुई चरण यस प्रकार छन् :

| | | |
|---|---|---|
| पूर्वार्द्ध चरण | : | (१९९२-२०२२ साल) |
| उत्तरार्ध चरण | : | (२०२३ सालदेखि यता) |

भानुभक्त पोखरेलले फेरि उही अध्ययनमा घिमिरेको कवितायात्राको त्रिखण्डी विभाजन पनि गरेका छन् । उनले गरेको त्यो त्रिखण्डी विभाजन यस्तो छ :

| | | |
|---|---|---|
| प्रथम प्रहर | : | (१९९२-२०१४) |
| मध्यवर्ती प्रहर | : | (२०१५-२०४०) र |
| अन्तिम प्रहर | : | २०४० देखि यता । |

पोखरेलले घिमिरेको कवितायात्रालाई चार प्रहरमा विभाजन गरेर पनि हेरेका छन् । त्यस अनुसार घिमिरेको कवितायात्राका चार प्रहर यी हुन् :

| | | |
|---|---|---|
| पहिलो प्रहर | : | १९९२-२००३ |
| दोस्रो प्रहर | : | २००४-२०२२ |
| तेस्रो प्रहर | : | २०२३-२०४० र |
| चौथो प्रहर | : | २०४१ यता । |

भानुभक्त पोखरेलले यसरी घिमिरेको कवितायात्रालाई चार प्रहरमा विभाजन गर्न सकिने सम्भावना औंल्याए पनि द्विखण्डी विभाजनलाई नै बढी उपयोगी मानी त्यसै अनुसार घिमिरेका कवितायात्राका चरण-उपचरणहरूको छानविन गरेका छन् । त्यसअनुसार भानुभक्त पोखरेलले माधव घिमिरेको कवितायात्रालाई पूर्वार्द्धकाल (१९९२-२०२२ साल) र उत्तरार्धकाल (२०२३ यता) जस्ता दुई मुख्य कालखण्डमा विभाजन गरेका छन् र यी दुई मुख्य कालखण्डका पनि चरण तथा उपचरणहरूको निर्धारण गरेका छन् ।

भानुभक्त पोखरेलपछि घिमिरेको काव्ययात्राको चरण विभाजन गर्ने प्रमुख व्यक्तित्व हुन् -वासुदेव त्रिपाठी । त्रिपाठीले माधव घिमिरेको कवितायात्रालाई **नेपाली कविता** भाग ४ (पाँचौं संस्करण २०६५) मा पाँच चरणमा विभाजन गरेर हेरेका छन् । त्रिपाठीका अनुसार घिमिरेको कवितायात्राका पाँच चरण निम्नअनुसार छन् :

प्रथम चरण १९९२–२००३-४

दोस्रो चरण २००४– २०१६

तेस्रो चरण २०१७–२०२२

चौथो चरण २०२३–२०३६

पाँचौं चरण २०३७–२०५३

त्रिपाठीले घिमिरेको काव्ययात्राको चरण विभाजन गर्दा वि.सं. १९९२ मा प्रकाशित 'ज्ञानपुष्प' कवितादेखि २०५३ सालमा प्रकाशित बालगीत सङ्ग्रह **सुनपङ्खी चरी**सम्मको समयावधिलाई समेटेको देखिन्छ। २०६६-६७ सालका वर्तमान बिन्दुमा विचार गर्दा यो चरण विभाजनले पनि घिमिरेको कवितायात्राको विकासक्रमलाई अद्यावधिक रूपमा समेट्न असमर्थ रहेको देखिन्छ।

वासुदेव त्रिपाठीपछि घिमिरेको काव्ययात्रालाई चरण विभाजन गर्ने तेस्रो प्रमुख व्यक्तित्व हुन्–शैलेन्दुप्रकाश नेपाल। उनले "माधव घिमिरेको खण्डकाव्यका ध्वनि तात्त्विक अध्ययन"
(२०५९) शीर्षकको विद्यावारिधि शोधग्रन्थमा घिमिरेको काव्ययात्रालाई यी चार चरणमा विभाजन गरेका छन्–

पहिलो चरण १९९२-२००१/२ साल

दोस्रो चरण २००३–२०१६ साल

तेस्रो चरण  (२०१७ -२०३६) साल

चौथो चरण (२०३७ - वर्तमानसम्म (२०५९)  ।

शैलेन्दुप्रकाश नेपालले माधव घिमिरेको कवितायात्राको चरण विभाजन फरक तरिकाले गरेका छन्। नेपालले समष्टिमा घिमिरेको काव्ययात्रालाई पूर्वाद्ध र उत्तरार्ध गरी दुई भागमा विभाजन गर्दा पहिलो र दोस्रो चरणलाई पूर्वाद्ध र तेस्रो र चौथो चरणलाई उत्तरार्धमा राख्न सकिने पनि उल्लेख गरेका छन्। उनले समयगत विन्दुमा समेत हेरफेर गरी घिमिरेको कवितायात्रालाई उपर्युक्त चार चरणमा विभाजन गरेको देखिन्छ तर नेपालले आफ्नो अध्ययनको प्रयोजनको निम्ति चाहिँ घिमिरेको कवितायात्रालाई पुनः पूर्वाद्ध र उत्तरार्ध गरी दुई चरणमा विभाजन गरी अध्ययन गरेका छन्।

माधव घिमिरेको काव्ययात्राको चरण विभाजन गर्ने चौथो उल्लेखनीय व्यक्तित्व लेखप्रसाद निरौला हुन् । निरौलाले "माधव घिमिरेका खण्डकाव्यमा अलङ्कार योजना" (२०६३) शीर्षक विद्यावारिधिको शोधग्रन्थमा घिमिरेको काव्ययात्राको चरण विभाजन गर्दा भानुभक्त पोखरेल र वासुदेव त्रिपाठीकै चरण विभाजनलाई आधार मानेका छन् । त्यस क्रममा निरौलाले घिमिरेको काव्ययात्रा यी चार चरणमा निर्धारण गरेका छन् :

पहिलो चरण (वि.सं. १९९५-२००३-४ आभ्यासिक प्रवृत्ति)
दोस्रो चरण (२००४- २०१६, अन्तर्मुखी प्रवृत्ति)
तेस्रो चरण (२०१७ - २०२२, मानवतावादी चिन्तन)
चौथो चरण (२०२३ -२०६३ दार्शनिक प्रौढता

माधव घिमिरेको काव्ययात्राको चरण विभाजनलाई हेर्दा भानुभक्त पोखरेल र वासुदेव त्रिपाठीले २०५३ सालसम्मलाई आधार मानेर त्यसको अध्ययन गरेको देखिन्छ भने शैलेन्दुप्रकाश नेपालले २०५९ र लेखप्रसाद निरौलाले २०६३ सालसम्मका प्राप्तिलाई समेटेको भेटिन्छ । विभिन्न साहित्यकारहरूले घिमिरेको काव्ययात्राको चरण विभाजन आआफ्ना प्राज्ञिक उद्देश्यअनुरूप गरेकाले तिनमा केही समस्याहरू पनि देखिएका छन् । ती समस्याहरू हुन् : १) माथि गरिएको चरण विभाजन माधव घिमिरेको २०६३ सालसम्म विकसित कवितायात्रासँग सम्बन्धित हुनु; २) चरण विभाजन असमानुपातिक समयावधिमा आधारित हुनु । यी दुबै थरी समस्याको निराकरण हुने गरी यहाँ माधव घिमिरेका कवितायात्राको चरण विभाजन निम्नलिखित किसिमले गर्नु उपयुक्त ठानिएको छ -

क) प्रथम चरण १९९२ -२०२९ साल
ख) द्वितीय चरण २०३० -हाल (२०७१ साल) सम्म ।

माधव घिमिरेका कवितायात्राको चरण विभाजन उपर्युक्त किसिमले गर्दा माथि १ र २ मा उल्लेखित समस्याको निराकरण हुन जान्छ। किनभने यस चरण विभाजनले उनको कवितायात्राको अद्यावधिक पाइलालाई पनि समेटेको छ भने उनको समग्र कवितायात्रालाई पनि ३७-४१ वर्षको लगभग समानुपातिक अवधिमा विभाजन गरेको छ। यस चरण विभाजनले घिमिरेका कवितायात्रागत प्रवृत्तिको निरन्तरता र नव प्रवर्तनशीलतालाई पनि झल्काउन सक्ने देखिन्छ । २०२९ सालसम्म घिमिरे प्रकृति र देशभक्तिका साथै वैयक्तिक एवम् सामाजिक खास खास बद्ध लयात्मक परिष्कृत परिमार्जित भाषाशैलीमा स्वच्छन्दतावादी आत्मानुभूतिको

अभिव्यक्ति गर्ने कविका रुपमा देखापर्दछन् भने २०३० साल यता उनले वैदिक विषय (धर्तीमाता खण्डकाव्य, २०३०) को प्रयोगका साथै कविताभन्दा गीतिनाट्यको रचना (शकुन्तला २०३८), मालती मङ्गले २०३९, अश्वत्थामा २०५५, देउकी, हिमालवारि हिमालपारि आदि) तर्फ विशेष केन्द्रीतता देखाएको र बाल कविताका रचनामा पनि आफ्नो प्रौढावस्थाका विन्दुबाट युगानुकूल रुपमा नयाँ विषय (फोनमा बोल्ने म हो) को बालोपयोगी प्रयोग गर्ने नवीन प्रवृत्ति देखाएका छन् ।

## २.२.१ प्रथम चरण

माधव घिमिरेको काव्ययात्राको प्रथम चरणको निर्माण वि.सं. १९९२ (भाद्र १४ गते शुक्रवार) मा **गोरखापत्र**मा प्रकाशित 'ज्ञानपुष्प' कवितादेखि (पोखरेल, २०५९) उनका २०२९ सालसम्म प्रकाशित रचनाहरूबाट भएको छ । यस चरणमा प्रकाशित उनका महत्वपूर्ण कृतिहरूमा **नवमञ्जरी** (१९९४) कवितासङ्ग्रह, 'स्वदेशी गीत' (१९९५), 'वनशोभा' (१९९५) कविता, **जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी** (१९९६) पुस्तकाकार कृति, **उषाचरित्र** (१९९८) काव्य, 'राष्ट्रिय झण्डा' (२००४) कविता, **नागानन्द** (संस्कृत नाटकको अनुवाद २००२), **गौरी** शोककाव्य (२००४ श्रावण), **घामपानी** (२०१०), सोह्रवटा बाल कविताहरूको सङ्गालो), 'गाउँछ गीत नेपाली' (२०१०), 'वैशाख' (२०११) कविता, **राजेश्वरी** (खण्डकाव्य २०१७), **राष्ट्रनिर्माता** (खण्डकाव्य २०२३), **माछाकाँडे सिउर** (लोककथाश्रित लघुकाव्य २०२३), **बालालहरी** (२०२५, चौबिसवटा बाल कविताहरूको सङ्ग्रह), **धरतीमाता** (खण्डकाव्य २०३०) पर्दछन् । १९९२ देखि २०३० सम्मको अठ्तिस वर्षको समयावधिमा कवि घिमिरेले फुटकर कविता (**नवमञ्जरी**), शोककाव्य (**गौरी**), बाल कवितासङ्ग्रह (**घामपानी र बालालहरी**), संस्कृतको अनूदित नाटक (**नागानन्द**), विभिन्न गीत आदि र **राजेश्वरी** (२०१७) जस्तो उत्कृष्ट खण्डकाव्यको समेत रचना गरेको देखिन्छ । यसबाट उनको सृजनात्मक अभिरुचिका विशेष क्षेत्र फुटकर कविता, गीत र खण्डकाव्य नै रहेका देखिन्छन् । उनले यस चरणका रचनामा स्वच्छन्दतावादी रहस्यवाद र मानवतावादका साथै प्रकृति प्रेम र राष्ट्र प्रेमका भावनाको छन्दोबद्ध र गीति लयबद्ध समधुर तथा सघन अभिव्यक्ति गरेको देखिन्छ । यस चरणका रचनाबाट उनी रूप, शृङ्गार र वीर रसका अभिव्यक्तिमा विशेष निपुण र परिष्कारधर्मी स्वच्छन्दतावादी कविका रूपमा स्थापित भएका छन् ।

### २.२.२ द्वितीय चरण

२०३० सालमा **धरतीमाता** खण्डकाव्यको लेखन तथा प्रकाशनबाट माधव घिमिरेको कवितायात्रामा नयाँ मोड आयो र त्यहीँबाट उनको कवितायात्राको दोस्रो चरण थालियो । उनको कवितायात्राको दोस्रो चरणको थालनीको सूचक नयाँ प्रवृत्ति हो- प्राचीन वैदिक कवितात्मक मन्त्रतर्फको उन्मुखता र त्यसैको परिणामस्वरूप ऋग्वेदका **पृथ्वीसूक्त**को भावानुवादलाई मौलिकतुल्य प्रतीत हुने गरी **धरतीमाता**जस्तो खण्डकाव्य रची प्रकाशमा ल्याउनु । वैदिक सूक्तमा निहित भाव तत्वलाई समाती त्यसलाई स्वायत्तीकृत पनि तुल्याई उनले **धरतीमाता** खण्डकाव्य रचेर वैदिक साहित्यतर्फको उन्मुखताद्वारा पूर्वीय र नेपाली सांस्कृतिक तथा ऐतिहासिक अतीततर्फ फर्कने दोस्रो चरणको नयाँ स्वच्छन्दतावादी धारागत प्रवृत्ति देखाए । यस्ता सांस्कृतिक तथा ऐतिहासिक अतीतसँग सम्बन्धित विषयवस्तुको प्रयोग गरी उनले यस चरणमा कविता, नाटक वा गीति नाटकको रचनातर्फ पनि आफूलाई केन्द्रित तुल्याउने नव प्रवृत्तिको वरण गरे । उनले यस चरणमा लेखेका कविताकृति, खण्डकाव्य, गीत, गीतिनाटक र बाल कविता अनि छरिएर रहेका उत्कृष्ट खालका फुटकर कविताको सूचि निम्नअनुसार छ :

| क्र. सं. | कृतिको नाम | साल | विधा | कैफियत |
|---|---|---|---|---|
| १ | आफ्नो बाँसुरी आफ्नै गीत (निबन्ध) | २०३० | सैद्धान्तिक लेख सङ्ग्रह | एघारवटा शीर्षक रहेको लेखहरूको सङ्गालो |
| २ | किन्नरकिन्नरी | २०३३ | गीत | एक सय पचासवटा गीतहरूको सङ्ग्रह |
| ३ | राहुल यशोधरा | २०३५ | काव्य | अनुष्टुप् छन्दका बीस श्लोकको बालकाव्य, फूलबारी पत्रिकामा प्रकाशित २०६० मा चैत्र-वैशाख कवितासङ्ग्रहमा सङ्कलित |
| ४ | शकुन्तला | २०३१-३४ लेखन र २०३७ प्रकाशन | गीति नाटक | २०३६-३७ मा संशोधित र अभिनीत |
| ५ | मालती मङ्गले | २०३९ | गीति नाटक | २०४२ सालमा छुट्टै पुस्तकाकारमा लोकलयश्रित नाटक |
| ६ | विषकन्या | २०५० | नाटक | |
| ७ | अश्वत्थामा | २०५३ | नाटक | अनुष्टुप् छन्दको गीति नाटक |
| ८ | सुनपङ्खी चरी | २०५३ | गीत | तिसओटा बालगीतको सङ्ग्रह, क्यासेटमा रेकर्डिङ भई विक्रीवितरण हुन थालेको |

| | | | | |
|---|---|---|---|---|
| ९ | हिमालपारि हिमालवारि | २०५० लेखन र २०५५ प्रकाशन | नाटक | लोकलयाश्रित गीति नाटक |
| १० | बोराको परदा | २०१० र २०५७ मा प्रकाशित | खण्डकाव्य | २०१० तिर प्रकाशित भएको मानिए पनि २०५७ मा परिवर्तनका साथ इन्द्रकुमारीमा सङ्कलित |
| ११ | गौँथली र गजधम्मे | २०४५/२०५७ मा प्रकाशित | खण्डकाव्य | २०४५ मा मधुपर्कमा प्रकाशित, २०५७ मा इन्द्रकुमारीमा सङ्कलित |
| १२ | इन्द्रकुमारी | २०३४/०५१/०५७ मा प्रकाशित | खण्डकाव्य | गीतिनाटकको परिवर्तन, तिनवटा काव्यको सङ्ग्रह |
| १३ | मनचिन्ते मुरली | २०५७ | कथासङ्ग्रह | ६ वटा बालकथाको सँगालो |
| १४ | चारुचर्चा | २०५८ | लेख, निबन्ध सङ्ग्रह | |
| १५ | दुर्गासप्तशती | २०५८ | अनुदित काव्य | संस्कृत ग्रन्थको पद्यानुवाद |
| १६ | चैत वैशाख | २०६० | कवितासङ्ग्रह | १९९९ देखि २०६० सम्मका कविताहरूको सँगालो |
| १७ | बालकुमारी | २०६१ | गीतिनाटक | लोकलयाश्रित गीतिनाटक |
| १८ | बिजुले र बिजुला | २०६३ | बालगीत सङ्ग्रह | पैँतिस वटा बाल गीतको सङ्ग्रह |

'भानुको बोली माधवको लोली' (२०३१), 'साठी लाग्दाको दिन' (२०३५), 'दुलही हिमाल कञ्चनजङ्घा' (२०३५) जस्ता फुटकर कविताहरू पनि माधव घिमिरेको कवितायात्राको दोस्रो चरणमा प्रकाशित उत्कृष्ट रचना हुन् । आफ्नो कवितायात्राको दोस्रो चरणमा उनले विभिन्न फुटकर कविता, खण्डकाव्य तथा **शकुन्तला**, **मालतीमङ्गले** जस्ता प्रसिद्ध गीति नाटकको रचना गरेका छन् । हाल उनी **ऋतम्भरा** महाकाव्यको लेखनमा लागिरहेका छन् । उल्लिखित वाहेक उनका अनेकौँ फुटकर कविता, लेख, रचना र गीतहरू पनि विभिन्न पत्रपत्रिकाहरूमा वा पुस्तकपुस्तिकाहरूमा समय-समयमा प्रकाशित हुँदै आइरहेका समेत पाइन्छन् । यस चरणमा उनी प्रकृति वा सृष्टिको रहस्यप्रति दृष्टि पुऱ्याउने, जीवनको मधुरताबोध गर्ने, सांस्कृतिक तथा ऐतिहासिक अतीततर्फ फर्कने, समाजबोध र मानवताबोध गर्ने तथा बालबालिकालाई पनि स्नेह गर्ने त्यस्ता स्वच्छन्दतावादी कविका रूपमा देखा परेका छन् जसले शास्त्रीय तथा नेपाली लोक छन्दको मधुरतम प्रयोगसँगै नेपाली भाषाको पनि परिष्कारपूर्ण रम्य ललित प्रयोग गर्ने कौशल देखाएका छन् ।

## २.३ माधव घिमिरेको बाल कवितायात्राको चरण विभाजन

माधव घिमिरेको बाल कवितायात्रा उनको कवितायात्राकै एक अंश हो । उनको कवितायात्राको निरन्तरताभित्रको एक सङ्घटक तत्व उनको बाल कवितायात्राको सिर्जनशीलता

हो । त्यसैले जसरी उनको सिङ्गो कवितायात्रालाई प्रथम चरण र द्वितीय चरणजस्ता दुई चरणमा विभाजन गरी अध्ययन गर्नु उपयुक्त हुने देखिन्छ, त्यसै गरी उनको ती दुवै चरणको अंशको रूपमा रहेको बाल कवितायात्रालाई चाहिँ पूर्वार्ध र उत्तरार्धका दुई कालखण्डमा विभाजन गरी विश्लेषण गर्नु बढी युक्तिसङ्गत हुने देखिन्छ। त्यसअनुसार उनका बाल कवितायात्राको दुई चरणको निरूपण यस रूपमा हुन्छ –

क) पूर्वार्ध चरण : वि.सं. १९९२-२०२९

ख) उत्तरार्ध चरण : वि.सं. २०३० यता ।

माधव घिमिरेले कविता लेखनको थालनी वि.सं. १९९२ देखि नै गरेको भए पनि उनको पहिलो बाल कवितासङ्ग्रह **घामपानी** भने वि.सं. २०१० मा मात्र प्रकाशित भएको देखिन्छ । वि.सं. २००८ मा घिमिरे आधार शिक्षा शिक्षक तालिम दिने प्रशिक्षक र त्यसभन्दा अघि लमजुङकै विद्यालयमा शिक्षक र प्रधानाध्यापक भएर काम गर्दा उनले बाल बालिकाको मनस्थिति बुझ्ने अवसर पाएका थिए । यस शोधार्थीले २०६४ सालमा घिमिरेसँग लिएको अन्तर्वार्ता अनुसार वि.सं. २००४ मा लमजुङ आधार स्कुलमा प्रधानअध्यापक भएर आफ्नो जिल्लामा जाँदा पनि केही बाल कविताहरू गुनगुनाएको र त्यसभन्दा अघि पनि केही बाल कविता गाएको र लेखेको सूचना प्राप्त छ । उनका कतिपय बाल कविता गाएर लेखिएको वा लेखूँ भनेर लेखिएका भए पनि अधिकांश बाल कविता चाहिँ उनले आफ्ना छोराछोरीहरूलाई खेलाउँदा रचेको बुझिन्छ । आफ्नो कवितायात्राको पूर्वार्ध चरणअन्तर्गत २००४ सालको आसपासदेखि बाल कविता लेख्न सुरु गरेका घिमिरेले हालसम्म बाल कविता रचना गरिरहेको देखिन्छ । उनको बाल कवितायात्राका पूर्वार्ध चरण र उत्तरार्ध चरणको चिनारी तल क्रमशः दिइएको छ ।

२.३.१ पूर्वार्ध चरण (वि.सं १९९२-२०२९)

२.३.२ उत्तरार्ध चरण (वि.सं. २०३० यता)

## २.३.१ पूर्वार्द्ध चरण (वि.सं १९९२-२०२९)

माधव घिमिरेले आफ्नो साहित्यिक यात्राको थालनी कविता विधाबाट गरे पनि उनले थुप्रै बाल कविता लेखेका छन् । हाम्रो जनजीवनमा प्रचलित लोकगीतहरूबाटै प्रभावित भएर बाल कविताको रचना गर्न पुगेका घिमिरेका अहिलेसम्म प्रकाशित बाल कवितासङ्ग्रहमध्ये वि.सं. २०१० मा प्रकाशित **घामपानी** बाल कवितासङ्ग्रह पहिलो कृति हो । यस कवितासङ्ग्रहमा

सोह्रओटा बाल कविताहरू सङ्कलित छन् । ती सोह्रओटा कविताहरूमध्ये पनि उनको 'बस बस माहुरी' शीर्षक बाल कविता पहिलो हो । **घामपानी** बाल कवितासङ्ग्रहमा विविध विषयवस्तुको प्रयोग गरी रचिएका बाल कविताहरू छन् । ती बाल कविताहरू विशेष गरी ३/४ वर्ष उमेर समूहका बालबालिकादेखि १२-१३ वर्ष उमेर समूहका बालबालिकाहरूलाई ध्यानमा राखेर रचना गरिएका छन् ।

**घामपानी** बाल कवितासङ्ग्रहको प्रथम संस्करण २०१० मा साझा प्रकाशन काठमाडौँबाट प्रकाशित भएको थियो भने दोस्रो संस्करण २०१२ मा कवि घिमिरेले नै प्रकाशित गराएका थिए । २०५८ सालमा **घामपानी**को तेह्रौ संस्करण प्रकाशित हुँदा यसका केही शीर्षकहरू बदलिएर आएका छन् भने पहिलो संस्करणमा रहेका केही कविताहरू हटाइएका देखिन्छन् । यसभन्दा अघि २०१८ सालमा **घामपानी**को पाँचौँ संस्करण प्रकाशित भएको कुरा भानुभक्त पोखरेलले **घामपानी** कै २०२९ सालमा प्रकाशित प्रतिका भित्री पानामा उल्लेख गरेका छन् । त्यसपछि २०२९ सालमा **घामपानी**को बाह्रौ संस्करण प्रकाशित भएको छ । यस संस्करणमा पनि **घामपानी** (२०१२) मा भएका केही कविताहरू हटाइएका छन् । **घामपानी**को तेस्रो संस्करण २०१५ सालमा प्रकाशित भएको कुरा पनि भानुभक्त पोखरेलले **घामपानी** २०२९ को आवरणपृष्ठमा आफैँले उल्लेख गरेका छन् । साथै पाँचौ संस्करण २०१८ मा प्रकाशित भएको कुराको उल्लेख पनि यसको भित्री आवरणमा टिपोटको रूपमा राखेका छन् । उनका अनुसार **घामपानी** २०२९ का कविताका शीर्षकहरू निम्न लिखित छन् :

१. घामपानी
२. धुन
३. तारा
४. भोटेसेलो
५. मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक
६. बालालहरी
७. पानी पर् पानी पर्
८. उठ पूता, दिउल पुग्यो
९. भँगेरा र भँगेरी
१०. ढिकी र जाँताको सवाइ
११. नर्कटको घोडा
१२. गुलेली
१३. यो घर कसको आलेको
१४. बस बस माहुरी
१५. कमिला रानी
१६. चिप्ले कीरो
१७. पुतली
१८. भकभके
१९. डोको
२०. हिमचुली

२१.	नदी	२२.	खेलौना

घामपानी (२०१२) मा भएका दुइवटा बाल कविता ('म के हूँ' र 'ध्रुवको कथा') यसमा हटाइएका छन् ।

**घामपानी** बाल कवितासङ्ग्रह प्रथम पटक २०१० सालमा नेपाली भाषा प्रचारक संघ करफोकबाट प्रकाशित भएको कुराको विवरण विपिनदेव ढुंगेलको पुस्तकको सूचीमा पाइन्छ भनेर भानुभक्त पोखरेलले **घामपानी** (२०२९) को भित्री पृष्ठमा नोटको रूपमा लेखेका छन् । यसै गरी **घामपानी** (२०१२) स्वयम् कवि घिमिरेले प्रकाशित गराएपछि यसका तेस्रो संस्करण (२०१५), पाँचौं आवृत्ति (२०१८), बाह्रौं आवृत्ति (२०२९ माघ अजय प्रिन्टर्स, बाराणसी) र त्यसपछि २०५८ मा नवीन संस्करण प्रकाशित भेटिन्छन् । यस नवीन संसकरणमा 'त्यस्तो हुँदा कस्तो' शीर्षक बाल कविता थपिएको छ ।

माधव घिमिरेको बाल कवितायात्राको पूर्वार्ध चरणको दोस्रो बालसाहित्यिक कृति **बालालहरी** २०२५ सालमा छापिएको हो । यसमा उनले रचेका र बालकलाई सुहाउने खालका २४ वटा बाल कविताहरू छन् । ती बाल कविताहरू पनि विविध विषयवस्तुमा आधारित छन् । जस्तै : बालकको खेलमेलसँग सम्बन्धित ('बालालहरी', 'पुङभाङ', 'थैया थैया', 'पुतली खेल', 'दुगुर् दगुर् कुहिरा'); मानवेतर प्राणी र पंक्षी जगत्का विषयवस्तुसँग सम्बन्धित ('काली कुती ब्याइछ', 'कुती कुइँया कुइँया', 'हुइँया हुइँया हुइँया', 'बाघको भान्जो बिरालो', 'चिर्बिर च्याण्टे'); गाउँखाने कथा र आख्यानका विषयवस्तुसँग सम्बन्धित तुल्याई बालकलाई अर्तीउपदेश दिने खालका ('सियो खोई सियो', 'गाउँखाने गीत', 'छेपाराको आहान'); वायु मण्डलसँग सम्बन्धित ('बिजुली') मानिसका संवेग र स्वभावलाई विषयवस्तु बनाइएका ('रिस', 'खित्खित् खित्का', 'चकचके', 'हा-इ हाइ'); मानवलाई विषयवस्तु बनाएर रचिएका ('आमा', 'नानी', 'यति सानो नानी बोले कस्तो हुन्थ्यो') आदि । यसै गरी वनस्पति जगत्लाई विषयवस्तु बनाएर पनि उनले बाल कविताको रचना गरेका छन् त्यो बाल कविता हो-'शयपत्री', 'केरा', 'फूलै फूलको तरेली' ।

माधव घिमिरेले आफ्नो बाल कवितायात्राको पूर्वार्ध चरणमा यसरी विविध विषयवस्तुको प्रयोग गरी बाल कविता लेखेका छन् । उनका यी कविताहरू विशेष गरी बालकलाई मनोरञ्जन दिने उद्देश्यले लेखिएका छन् र उनले बालकलाई बाठो बनाउन, सामानको जतन गर्न र प्रकृतिका चराचुरुङ्गी, वनस्पति लगायत पशुपक्षीलाई पनि माया गर्नुपर्छ भन्ने शिक्षा दिन पनि यी विविध विषयवस्तुमा आधारित कविता रचेको पाइन्छ ।

माधव घिमिरेको पूर्वार्द्ध चरणका यी दुई बाल कवितासङ्ग्रहका कवितालाई हेर्दा उनको **घामपानी** बाल कवितासङ्ग्रहका केही कविताहरू ('नदी', 'डोको', 'हिमचुली', 'खेलौना', 'ध्रुवको कथा') शास्त्रीय छन्द अन्तर्गत उपजाति र अनुष्टुप छन्दमा लेखिएका छन् भने अन्य सबै कविताहरू नेपाली लोकलयमा नै लेखिएका छन् अनि **बालालहरी** सङ्ग्रहका सबै कविताहरूमा नेपाली लोकलयको प्रयोग गरिएको भेटिन्छ ।

माधव घिमिरेले बालकको उमेर बढ्दै गएअनुसार नै **घामपानी** र **बालबालहरी**का कवितालाई पनि क्रमशः ४-५ वर्षको उमेरदेखि ८-९ वर्षको उमेरका बालकका निम्ति उपयोगी हुने तुल्याएका छन् । त्यस क्रममा उनले ती बाल कवितामा अन्त्यानुप्रास पनि बढाउँदै लगेका छन् । उनका पूर्वार्द्ध चरणका बाल कविताहरू ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति बढी उपयोगी देखिन्छन्; किनभने तिनमा उनले क्रमशः दुई अक्षर देखि तिन अक्षर हुँदै चार अक्षरसम्मको अन्त्यानुप्रास मिलाउँदै लगेका छन् र त्यो अनुप्रास उक्त उमेर समूहका बालकका निम्ति श्रव्य रुपमा उपयोगी हुने देखिन्छ ।

### २.३.२ उत्तरार्ध चरण (वि.सं. २०३०–हालसम्म)

माधव घिमिरेको कवितायात्राको वि.सं. २०३० देखि यताको समयलाई उत्तरार्ध चरण मानिएको छ । यस चरणमा उनका दुईवटा बाल कवितासङ्ग्रह प्रकाशित भएका छन् । ती हुन्- **सुनपङ्खी चरी** (२०५३) र **बिजुले र बिजुला** (२०६३) ।

**सुनपङ्खी चरी** बाल कवितासङ्ग्रहमा ३० वटा बाल कविताहरू सङ्कलित छन् । यस कवितासङ्ग्रहका कविताहरू बालगीतका रूपमा क्यासेटमा पनि उपलब्ध छन् । उनका यस कवितासङ्ग्रहका कविताहरू पनि विविध विषयमा रचित छन् । यस बाल कवितासङ्ग्रहका बाल कविताहरू खेलजगत्सँग मात्र सम्बन्धित नभई कुनै बाल कविता बालकलाई विषयवस्तु बनाएर रचिएका छन्, कुनै बाल कविता पक्षीजगत्लाई विषयवस्तु बनाएर रचिएका छन्, कुनै पशुजगत्लाई विषयवस्तु बनाएर रचिएका छन् भने कुनै पशुका बानीबेहोरा, कुनै प्रकृतिजगत्लाई विषयवस्तु बनाएर रचिएका छन् । यस सङ्ग्रहभित्रका बाल कविता कीट पतङ्गलाई विषयवस्तु बनाएर पनि रचिएका छन् । यी विविध विषयमा रचिएका बाल कविताको मुख्य उद्देश्य प्रकृतिका विभिन्न वस्तुबाट पनि बालकहरू मनोरञ्जन लिन सक्छन् भन्ने देखाउनु रहेको छ भने कतिपय

बाल कविता बालकलाई प्रकृतिका पशुपक्षी आदिका क्रियाकलाप देखाएर उनीहरूलाई इमान्दार, मिहिनेती बन्नुपर्छ भन्ने सन्देश दिने गरी पनि रचिएका छन् ।

माधव घिमिरेका बाल कविताहरू बालकको बढ्दो उमेरलाई दृष्टिगत गरी क्रमिक रूपमा रचिएका छन् र सोहीअनुरूप तिनका अनुप्रास र लयात्मक हरफ पनि बढ्दै गएका छन्। उदाहरणको लागि उनको पहिलो बाल कविता **घामपानी** मा जम्मा चारवटा मात्र अनुप्रासको प्रयोग छ भने **सुनपङ्खी चरी** बाल कवितासङ्ग्रहका कविताहरूमा ६ देखि ८, १० वटासम्म अनुप्रासको प्रयोग पाइन्छ। उनले **सुनपङ्खी चरी**का बाल कविता बालकको उमेरलाई समेत ध्यानमा राखेर रच्ने क्रममा ६-१० वर्ष उमेर समूहका बालकलाई सुहाउने बाल कवितामा एउटै शब्दको पनि बारम्बार पुनरावृत्ति गर्ने प्रवृत्ति लिएको भेटिन्छ। उनले यसमा नयाँ शब्दको प्रयोग धेरै गरेका छैनन् तर ११-१४ वर्ष उमेर समूहका बालकका लागि उपयोगी बाल कवितामा उनले अनुप्रास बढाएका छन् । लामालामा हरफहरू राखेका छन् र नयाँ नयाँ शब्दको प्रयोग गरेका छन् ।

माधव घिमिरेको कवितायात्राको उत्तरार्ध चरणमा लेखिएको दोस्रो कवितासङ्ग्रह **बिजुले र बिजुला** हो । यस कवितासङ्ग्रहमा विभिन्न उमेर समूहका बालबालिकालाई सुहाउने खालका चौंतिस बाल कविताहरू सङ्कलित छन्। ती बाल कविताहरू आधुनिक सञ्चारको सशक्त माध्यम टेलिफोनदेखि लिएर नेपाली जनताले बेहोर्नुपरेको आन्तरिक द्वन्द्व (२०५२-२०६२) को मानसिक आघातजन्य त्रास एवम् करुणासम्मलाई विषयवस्तु बनाएर रचिएका छन्। उनका बाल कविताहरू इतिहासका विषयदेखि पौराणिक कथाका विषयवस्तुसम्म समेटिएर लेखिएका छन्। चौथो बाल कवितासङ्ग्रहको नाम **बिजुले** र **बिजुला** राखिनुको कारण बाल बालिकाहरूलाई ज्यादै बाठो वा चलाख बनून् भनेर हो भन्ने कुरो कवि घिमिरेले बताएका छन् । यस बाल कवितासङ्ग्रहका बाल कविताहरू पढेपछि बालबालिकाहरू आफैं बाठो बन्न सक्छन् भन्ने धारणा कविको देखिन्छ। यस कवितासङ्ग्रहका बाल कविताहरूमा बालबालिकालाई देशभक्तिको भावना र राष्ट्रिय एकताको भावना जागृत गराउने उद्देश्य एकातर्फ देखिन्छ भने अर्कोतर्फ उनीहरूले नाचेर गाएर मनोरञ्जन लिन सकून् भन्ने उद्देश्य छ। बालबालिकाहरू असम्भव कुरालाई पनि सम्भव बनाउन पाए हुन्थ्यो भनेर ठान्ने र त्यस्तो भए कस्तो हुन्थ्यो होला भनेर आश्चर्यमा पर्ने कुराको चित्रण यस बाल कवितासङ्ग्रहको पहिलो बाल कविता राष्ट्रिय झण्डामा गरिएको छ भने यसको दोस्रो बाल कविता 'फोनमा बोल्ने म

हो' मा बालबालिकाले आफ्नो वास्तविक परिचय दिन नसक्ने र उसले आफूलाई सबैले 'नानी' या 'बाबु' भनेर सम्बोधन गर्दा आफ्नो वास्तविक नाम पनि 'नानी' या 'बाबु' नै ठान्ने र कसैले तिमी कति 'ज्ञानी' भनिदिंदा उनीहरू खुसी हुने भएकोले बाल मस्तिष्कमा नकारात्मक कुरा भरिनु हुँदैन भन्ने कुरा देखाउन खोजिएको छ ।

**बिजुले र बिजुला** बाल कवितासङ्ग्रहका बाल कविताहरू पनि विविध विषयमा रचिएका छन् । घिमिरेका अघिल्ला तीन बाल कवितासङ्ग्रहका बाल कविता झैँ यसका बाल कविताहरू पनि वनस्पति जगत्, पंक्षीजगत्, बालबालिकाका खेलमेल, प्रकृतिमा आइपर्ने विपत्ति, भुइँचालो, अनिकाल, मानवीय दैनिक व्यवहार प्रयोग हुने थैलो र थैली, बाल बालिकाका अनेक इच्छा र चाहना आदिलाई पनि विषयवस्तु बनाएर रचिएका छन् । वनस्पति जगत्लाई विषयवस्तु बनाएर रचिएका बाल कवितामा 'केरा', 'फूलैफूलको तरेली' जस्ता बाल कविता पर्दछन् । यसै गरी पंक्षीजगत्लाई विषयवस्तु बनाएर लेखिएका बाल कविताहरू 'चुरिच्याउँ चुइँत्त', 'बात मारौं', 'चङ्खे जुरेली' आदि हुन् । बालबालिकाका खेलमेलसँग सम्बन्धित बाल कविताहरू 'बालमेला', 'बिजुले' र 'बिजुला', 'हैन त्यस्तो के छ र ?', 'खेलौनासित खेल्दै', 'अचम्मको घोडा' आदि हुन् भने पशुजगत्लाई विषयवस्तु बनाएर रचिएका कविताअन्तर्गत 'म्याउँ बिरालो', 'बाँदरको बेहोर' पर्दछन् । यसै गरी युद्धकालीन समयलाई विषयवस्तु बनाएर लेखिएको बाल कवितामा 'सारङ्गीमा राइँ राइँ', लोककथालाई विषयवस्तु बनाएर लेखिएको बाल कवितामा 'पम्फा मैंयाको कथा', विश्वबन्धुत्वको भावनालाई विषयवस्तु बनाएर लेखिएको बाल कवितामा 'बाललीला', 'हुलाकी', पौराणिक विषयवस्तुमा आधारित कवितामा 'कामधेनु गाई', ऐतिहासिक विषयवस्तुमा रचित बाल कवितामा 'त्यहाँ ज्योति बल्यो', 'कलाकार अरनिको' आदि पर्दछन् । माधव घिमिरेले रचेका यी सबै बाल कविताको मुख्य उद्देश्य मनोरञ्जन दिनु रहे तापनि यी बाल कविताका माध्यमबाट बालकलाई चलाख बन्ने, मिलनसार बन्ने र अरूलाई हेलाँ नगर्ने जस्ता नैतिक सन्देश पनि दिइएको छ ।

माधव घिमिरेले प्रस्तुत कवितासङ्ग्रहका सबै कविताहरू लोकलय वा झ्याउरे छन्दमा रचेका छन् । ती कविताहरू न्यूनतम ६ अक्षरे लोक लयात्मक हरफदेखि अधिकतम अठार अक्षरे लोकलयात्मक हरफसम्ममा पूर्ण भएका छन् । आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोग पनि उनका सबै बाल कवितामा छ । यस बाल कवितासङ्ग्रहका बाल कविताहरू

विषयगत र शिल्पगत तथा शैलीगत दृष्टिले प्राय जसो एघार -पन्ध्र वर्ष उमेरसमूहका बालकका निम्ति बोध्य रूपमा उपयोगी देखिन्छन् ।

समग्रमा भन्नुपर्दा माधव घिमिरेको साहित्यिक यात्रालाई जस्तै बाल कविता-यात्रालाई पनि चरण विभाजन गरेर हेर्न सकिन्छ । उनको बाल कवितायात्रालाई पूर्वार्द्ध चरण र उत्तरार्ध चरण गरी दुई भागमा विभाजन गरेर हेर्न सकिन्छ । पूर्वार्द्ध चरण (१९९२-२०२९) मा घिमिरेका **घामपानी** (२०१०) र **बालालहरी** (२०२५) गरी दुईवटा बाल कवितासङ्ग्रहमा जम्मा पचासवटा (**घामपानी** पहिलो र २०५८ मा जम्मा २६ र **बालालहरी**मा २४) बाल कविता सङ्कलित छन् । उनको बाल कवितायात्राको उत्तरार्ध चरणमा दुईवटा बाल कवितासङ्ग्रह प्रकाशित भएका छन् । ती दुईवटा बाल कविता-सङ्ग्रहमा **सुनपङ्खी चरी** (२०५२) र **बिजुले र बिजुला** (२०६३) रहेका छन् । यी दुईवटा बाल कवितासङ्ग्रहका **सुनपङ्खी चरी**मा तिसवटा र **बिजुले र बिजुला**मा चौंतिसवटा गरी जम्मा चौंसट्ठीवटा बाल कविताहरू सङ्कलित छन् । यसै गरी उनका फुटकर बाल कविताको रूपमा वि.सं. २०५७ मा पाठ्यक्रम विकास केन्द्रबाट 'कान्छी औंलाले', र 'बाल लीला' गरी दुईवटा बाल कविता प्रकाशित छन् । यसरी उनले जम्मा ११६ (एक सय सोह्र) वटा बाल कविताहरू रचेको देखिन्छ । यी बाल कविताहरू क्रमिक रूपमा ६-९ वर्षे उमेर समूहदेखि १५-१६ वर्षको उमेर समूहका बालकका निम्ति सम्म उपयुक्त देखिन्छन् ।

## २.४ निष्कर्ष

माधव घिमिरे नेपाली साहित्यमा दैहिक रूपमा पनि दीर्घजीवी व्यक्तित्व हुन् भने साहित्यिक योगदानका दृष्टिले पनि अत्यन्त महत्वपूर्ण प्रतिभा मानिन्छन् । हाल उनी छयानब्बेऔं वर्षको वृद्धावस्थामा पनि सृजनात्मक रूपमा क्रियाशील रहिरहेबाट यस कुराको पुष्टि हुन्छ । यति लामो जीवनयात्रामा घिमिरेले विभिन्न पेसा (शिक्षक, प्राध्यापक, प्राज्ञ) मा संलग्न रहनुका साथै आफ्नो व्यक्तिगत र घरायसी दायित्वको पनि निर्वाह गर्दै साहित्यका विविध विधाका कृतिको पनि रचना गरेका छन् । उनले बालसाहित्यको पनि रचना गरेर आफूलाई नेपाली बालसाहित्यको एक सशक्त स्रष्टाका रूपमा स्थापित गरेका छन् । आफ्नो जीवनयात्राको पहिलो दशक (१९७६-१९८५) लाई छोडेर दोस्रो दशक (१९८६-१९९५) देखि साहित्य सिर्जना थालेका घिमिरे आफ्नो जीवनको दसौं दशकसम्म पनि साहित्य साधनामा

तल्लीन नै छन् । हाल उनी **ऋतम्भरा** महाकाव्यको लेखनमा व्यस्त रहेकोबाट पनि यस कुराको पुष्टि हुन आउँछ । उनको वि.सं. १९९२ देखि हालसम्मको कवितायात्रालाई पहिलो चरण (१९९२-२०२९) र दोस्रो चरण (२०३०-२०७१) गरी दुई चरणमा विभाजन गरिएको छ । घिमिरेले पहिलो चरण अन्तर्गत वि.सं. २००४/५ देखि नै बालसाहित्यको रचना थाली २०१० सालमा **घामपानी** बाल कवितासङ्ग्रह प्रकाशनमा ल्याएको पाइन्छ । त्यसपछि उनले आफ्नो काव्ययात्राको पहिलो चरणमै दोस्रो बाल कवितासङ्ग्रह **बाला-लहरी** (२०२५) पनि प्रकाशित गराएका छन् । उनको काव्ययात्राको दोस्रो चरणमा **सुनपङ्खी चरी** (२०५३) र **बिजुले र बिजुला** (२०६३) गरी दुई वटा बाल कवितासङ्ग्रह प्रकाशित छन् । यस बिचमा २०५७ सालमा उनले फुटकर रूपमा 'कान्छी औंलाले' र 'बाललीला' गरी दुईवटा कविता पनि रचेका छन् अनि २०६० सालको **चैत वैशाख** फुटकर कवितासङ्ग्रहमा उनको 'राहुल यशोधरा' बालकाव्य पनि समाविष्ट छ । यसरी आफ्नो जीवनयात्रा र साहित्ययात्रा वा कवितायात्राअन्तर्गत उनका बाल कवितात्मक सृजनयात्राको पनि अन्तर्विकास भइआएको देखिन्छ ।

माधव घिमिरेका जीवनयात्रा र कवितायात्रासँग उनका बाल कवितायात्राको सह-सम्बन्ध छ । उनले आफ्नो झन्डै दश दशक लामो जीवनयात्राअन्तर्गत कविता विधाका फुटकर कविता, गीत, खण्डकाव्यका साथै नाटक विधाका गीति नाटक, आख्यान विधाका कथा एवम् निबन्ध विधाका आत्मपरक भावात्मक चिन्तनप्रधान निबन्ध, विभिन्न पुस्तकका भूमिकासँगै बालकहरूका निम्ति निकै रमाइला एवम् शिक्षाप्रद बाल कविता पनि रचेको पाइन्छ । माधव घिमिरेले यसरी आफ्नो साढे नौ दशक लामो जीवनयात्रामा गीत, गीतिनाटक, खण्डकाव्य, निबन्ध, कथासँगै चारवटा बाल कवितासङ्ग्रह समेत प्रकाशित गराएर आफ्नो बहुमुखी सृजनशीलता देखाएका छन् । वास्तवमा उनको बाल कवितात्मक सृजनशीलता उनका समग्र जीवनयात्रा, साहित्यिक अभिव्यक्तिगत सेरोफेरोकै परिपूरक एक महत्वपूर्ण अंश हो र सोही अर्थमा उनका समष्टि जीवन एवं सृजनसँग यो सम्बद्ध रहेको छ । उनले आफ्ना जीवनमा आफ्नै छोराछोरी र नातिनातिनालाई फुल्याउँदा र हुर्काउँदा अनि आफ्नो गाउँठाउँका विद्यार्थी बालबालिकालाई शिक्षा प्रदान गर्दा आफ्नो सृजनशीलतालाई बाल कविताका रचनातर्फ पनि मोडी महत्वपूर्ण योगदान पुऱ्याए । यसै अर्थमा नै उनको जीवनयात्रा सृजनयात्रा, कवितायात्रा र बाल कवितायात्रा सहसम्बन्धित छन् भन्ने कुराको पुष्टि हुन्छ ।

**परिच्छेद : तिन**

# माधव घिमिरेका साहित्यिक कृतिमा बालकसम्बन्धी धारणा

माधव घिमिरे कवि, गीतकार, खण्डकाव्यकार, गीतिनाटककार, कथाकार, निबन्धकारका साथै बालसाहित्यकार पनि हुन् । उनले **घामपानी** (२०१०), **बालालहरी** (२०२५), **सुनपङ्खी चरी** (२०५३) र **बिजुले र बिजुला** (२०६३) जस्ता चारवटा बाल कवितासङ्ग्रह रचेका छन् । उनका बाल कविताको अध्ययन गर्ने क्रममा पृष्ठभूमिका रूपमा उनले आफ्ना साहित्यिक अभिव्यक्तिहरूमा बालकसम्बन्धी जेजस्ता धारणाको सान्दर्भिक अभिव्यक्ति गरेका छन् त्यसको पनि सर्वेक्षण र विश्लेषण गर्नु आवश्यक हुन आएको छ । यस सन्दर्भमा उनका सम्पूर्ण साहित्यिक कृतिहरूको पठन गर्दा उनले बालकलाई निम्न लिखित तिन किसिमले प्रयोग गरेको पाइन्छ–

क) विषयका रूपमा बालकको प्रयोग

ख) अलङ्कारको रूपमा बालकको प्रयोग

ग) जीवनसम्बन्धी दृष्टिकोणको प्रतिपादनका निम्ति बालकसम्बन्धी धारणाको अभिव्यक्ति ।

माथि उल्लेख गरिएका बुँदाहरूमध्ये बालकलाई विषयवस्तु बनाएर रचिएका उनका कविता, गीत, गीतिनाटक, खण्डकाव्य, कथा र निबन्धमा भेटिने बालकसम्बन्धी विषयगत र अलङ्कारगत प्रयोग तथा बालकसम्बन्धी धारणाको विश्लेषण तलका उपशीर्षकहरूमा क्रमशः गरिएको छ ।

## ३.१ फुटकर कवितामा विषयका रूपमा बालक

माधव घिमिरेका काव्यकृतिहरूमा बालकसम्बन्धी धारणालाई प्रतिपादन गर्नु यस शोधको प्रमुख उद्देश्य भए पनि उनका काव्यकृतिहरूको अध्ययन गर्दै जाँदा तीमध्ये कतिपयमा बालकलाई विषयका रूपमा पनि कविले उपयोग गरेको पाइन्छ र सो कुराका विश्लेषणबाट पनि उनका बालधारणाको निर्क्योल गर्न सकिन्छ । माधव घिमिरेले आफूले रचेका फुटकर कवितासङ्ग्रहका कविताहरूमा जीवनसम्बन्धी दृष्टिकोणको अभिव्यक्तिका लागि बालकसम्बन्धी धारणा अभिव्यक्त गर्ने क्रममा बालकलाई विषयका रूपमा प्रयोग गरेको पाइन्छ छन् । उनका फुटकर कविताका सङ्ग्रहहरू **नवमञ्जरी** (१९९४), **चैत वैशाख** (२०६०) गरी दुईवटा छन् । **नवमञ्जरी** (१९९४) फुटकर कवितासङ्ग्रह उनको पहिलो कवितासङ्ग्रह हो । यो कवितासङ्ग्रह

उनले आफ्नो छात्रावासको जीवन (१९९४) मा लेखेका हुन् र छात्रावासीय विद्यार्थी जीवनमा उनका मनमा आएका भावनाहरू यस सङ्ग्रहका कवितामा अभिव्यक्त छन्। यस कवितासङ्ग्रहमा **गोरखापत्र**मा १९९२ सालमा प्रकाशित उनको पहिलो कविता 'ज्ञानपुष्प' लगायत नौ वटा (प्रार्थना, गीता, वैराग्य, दृष्टान्त, कीर्तिसार, उद्योग, विधा, शरद र देवीइच्छा) कविताहरू सङ्कलित छन्। ती कविताहरू विशेष गरी आध्यात्मिक भावनालाई विषय बनाएर रचिएका छन्। तिनमा उनले बालकलाई विषय बनाएर रचिएको कविता भने छैन।

माधव घिमिरेले रचेका फुटकर कविताहरूको अर्को महत्वपूर्ण सङ्ग्रह **चैत वैशाख** हो। यस सङ्ग्रहमा वि.सं. १९९९ देखि २०६० सालसम्म उनले रचेका करिब एकसठ्ठी वर्षको समयावधिका पचासीवटा फुटकर कविताहरू सङ्कलित छन्। यस कवितासङ्ग्रहका निम्न शीर्षकका कविताहरू बालकलाई विषय बनाएर लेखिएका पाइन्छन् : क) अन्नपूर्णा, ख) कुमारी आँसु, ग) भानुको बोली : घिमिरेको लोली र घ) दूधको सन्धि।

माधव घिमिरेले बालकलाई विषय बनाएर लेखेको पहिलो फुटकर कविता 'अन्नपूर्णा' हो। यस कवितामा उनले किसानका बालिकाहरूलाई विषय बनाएका छन्। उक्त कविताको विषय सङ्केत गर्ने त्यो अंश यस प्रकार छ :

बाली कुर्छन् अनि कृषकका बालिका झुत्ति खेली
सिक्छिन् बालापन ललितका देशलीला नबेली।

(**चैत वैशाख,** पृ. ३३)

ग्रामीण कृषकका बालिकालाई विषय बनाइएको यस कवितामा उनीहरूका बाल्यकालीन खेलमेल र कर्मशीलताको चित्रण गरिएको छ। यहाँ एकातर्फ किसानका बालिकाहरू झुत्ती खेलिरहन्छन् भन्ने देखाइएको छ भने अर्कोतर्फ झुत्ती खेल्दै बाली कुर्ने कामको पनि निर्वाह पनि तिनले गरिरहेका छन् भन्ने कुरा दर्साइएको छ। यसबाट घिमिरेले ग्रामीण किसान बालाका खेलमेल र कर्तव्यशीलताप्रति आफ्नो मनमा रहेको आकर्षण झल्काई त्यसलाई आफ्ना कविताको विषय बनाएको भेटिन्छ। यसबाट उनी बालबालिकाप्रति गहिरो रुचि राख्ने स्रष्टा हुन् भन्ने पनि सिद्ध हुन्छ। कुमारी आँसु कवितामा पनि माधव घिमिरेले बालकलाई विषय बनाएका छन्। उक्त कवितामा उनी भन्छन् :

उठ्छिन् कुमारी हरएक प्रात
प्रसन्न मीठो मुसकान साथ
खिल्थे खुशीले अति नै त कस्तो

कि पीर काहीँ पनि छैन जस्तो ।

(**चैत वैशाख**, पृ. ४४)

प्रस्तुत कवितांशमा बालिकालाई कुमारीको रूपमा चित्रण गर्दै बालिका वा कुमारीको प्रसन्न अनि सधैं हँसिलो जीवनको व्याख्या गरिएको छ। बालिका वा कुमारी प्रत्येक बिहान उठ्दा तिनको मुहारमा मिठो मुस्कान छाएको देखिन्छ अनि कतै पनि पीर दुःख नै नभएका जस्ता तिनका आँखाहरू निश्छल देखिन्छन् भन्दै कविले बाल्य जीवन सँधै हँसिलो र रसिलो अनि ओठमा सँधै मुस्कान छाइरहने र आँखामा सँधै खुसी छाइरहने हुन्छ भन्ने आशय व्यक्त गरेका छन् । यसरी बालिकाहरूको जीवन सँधै प्रसन्न र पीडामुक्त रही रसिलो र हँसिलो रहन्छ भन्ने विषयको अभिव्यक्ति यसमा देखिन्छ। 'भानुको बोली घिमिरेको लोली' शीर्षक कवितामा पनि बालकलाई विषय बनाएको पाइन्छ। जस्तैः

थियो बालक् कालको वय कति मिठो बालरसले
मलाई लैजान्थ्यो वन चउरमा खेल्न कसले
म दौडन्थें मेरै प्रतिध्वनि र छायाहरूसित
निधारीमा धारी दिनभर पसीना चिटचिट

(**चैत वैशाख**, पृ. ६४)।

यी पङ्क्तिहरूमा कविले 'म' का कोणबाट बालककालीन जीवनको रसमयताको वर्णन गरेका छन्। बाल्यजीवन र बाल्य उमेर बाल सुलभ बानीबेहोराले गर्दा कति मिठो र आनन्ददायी थियो भन्दै कविले आफ्नै बाल्यकालको सम्झना यी पङ्क्तिहरूमा गरेका छन्। बालककालमा वन चउरमा गरिने खेलमेलको मिठो संझना गर्दै वन चउरमा खेल्दा रमाउँदै आफ्नो आवाज र छायाको पछिपछि दौडँदा निधारभरि चिटचिट पसिना आएको सम्झना उनले गरेका छन्। बालककालको जीवन ज्यादै रसिलो, प्रसन्न, रमाइलो, भयरहित, तनावरहित, हल्का, फुक्का र स्वतन्त्र प्रकारको हुने र त्यो जीवन नै रसमय हुने कुरा यसमा झल्काइएको छ। यसबाट पनि माधव घिमिरेमा बालक र बालजीवनप्रति निकै आकर्षण रहेको सङ्केत मिल्छ।

माधव घिमिरेले 'दूधको सन्धि' शीर्षक फुटकर कवितामा पनि बालकलाई विषय बनाएका छन्। यस कवितामा तलका पङ्क्तिहरूमा बालकलाई विषय बनाएर भनिएको छ :

"मेरा बालक पुत्र हो, हृदयका टुक्राहरू हो सुन
यै लाम्टा दुई भाइले मिलि चुस्यौ सानै थियौ त्यो दिन ।"

(**चैत वैशाख**, पृ. १०७) ।

यी पङ्क्तिहरूमा बालकलाई हृदयको टुक्रा मानिएको छ । यस कवितांशमा आमाका निम्ति सानो छँदा स्तनपान गरी हुर्किएका बच्चाहरू हृदयको टुक्रा बराबर हुन्छन् भन्ने सङ्केत दिइएको छ । यसबाट कवि घिमिरेले गरेको मातृवात्सल्यप्रेमको बोधका साथै उनका मनमा रहेको बालप्रेम पनि झल्किन पुगेको छ ।

## ३.२ बालकलाई विषय बनाइएका गीतहरू

माधव घिमिरे नेपाली साहित्यमा गीतकारका रूपमा पनि प्रसिद्ध छन् । उनले रचेका गीतहरूको एउटा सङ्ग्रह प्रकाशित छ र त्यो हो- **किन्नर किन्नरी** (२०३३) । यस गीत सङ्ग्रहमा 'किन्नर' पूर्वार्ध र 'किन्नरी' उत्तरार्ध गरी दुई खण्ड छन् । 'किन्नर' पूर्वार्धमा ८३ वटा (त्रियासी) गीतहरू छन् भने किन्नरी उत्तरार्धमा ७८ वटा (अठहत्तर) वटा गीतहरू छन् । ती गीतहरूमध्ये कतिपय गीतमा बालकलाई पनि विषयका रूपमा चित्रण गरेको भेटिन्छ । यस सङ्ग्रहको पूर्वार्ध 'किन्नर' खण्डमा रहेका निम्न लिखित शीर्षकका गीतमा बालकलाई विषय बनाइएको छः क) घामले सिन्दूर हालेको कहाँ छ, ख) यही हो मेरो मिथिला, ग) बल्ल हिमाल खुल्यो, घ) सुन हे आमा ! को आज रुन्छ, ङ) बालापन विटुल्छ कि ! सिंदूरैले पनि, च) सच्चा मानिस, छ) कुर्वानी भयो कलिलो जवानी ।

उपर्युक्त गीतहरूमध्ये 'घामले सिन्दूर हालेको कहाँ छ' शीर्षक गीतमा अर्थात् कुमारी केटीलाई बालाका रूपमा लिई बालकसम्बन्धी विषयको साङ्केतिक चित्रण गरिएको छ । जस्तैः

हिमालचुली उत्तर खुली
धूपीको छायामा
पहाडी बाला गाउँछिन् गीत
कलिलो मायामा

(**किन्नर-किन्नरी**, पृ. ९) ।

एउटी किशोरी बालामा उम्रिन लागेको कलिलो मायाको भावना बारेको उद्गार यसमा व्यक्त गरिएको छ । धूपीको छायामा बसेर हिमालको काखमा एउटी पहाडी कुमारी बाला

आफ्नो भर्खरै फक्रन लागेको कलिलो मायाको उद्गार व्यक्त गर्दै गीत गाइरहेकी छिन् । यसरी पहाडी बालामा पलाएको कलिलो मायाको भावनालाई विषय बनाई यो गीत रचिएको देखिन्छ ।

बाल्यावस्था र किशोरावस्थाका साँधतिर बालमनमा जाग्ने मायाका भावनाको बोध घिमिरेले गरेको भेटिन्छ । 'यही हो मेरो मिथिला' गीतमा पनि बालकलाई विषय बनाएर भनिएका पङ्क्तिहरू पाइन्छन्; जस्तै :

जन्मिथिन् यहाँ जानकी
मञ्जरी जस्ती धानकी
माण्डवी कीर्ति उर्मिला
बहिनी -बाल चञ्चला

(**किन्नर किन्नरी,** पूर्वार्द्ध १०, पृ. १०) ।

जानकी जस्ता बालिकालाई धानको मञ्जरी वा नयाँ पालुवाको रूपमा चित्रण गर्दै धानका भर्खरै पालुवा पलाएका कमला मुनाहरू जस्तै जानकी यही मिथिला वा जनकपुरमा जन्मिएकी थिइन् र बालक कालको चञ्चले स्वभाव भएका माण्डवी, कीर्ति, उर्मिला जस्ता बहिनीहरूसँग खेल्दै उनको बाल्य जीवन बितेको कुराको उल्लेख यसमा पाइन्छ । यसरी यहाँ बाल्यकालीन चञ्चलतालाई विषयका रूपमा व्यक्त गर्ने प्रयत्न कवि घिमिरेले गरेका छन् । बालिकाहरू धानका मञ्जरी झैं कलिला र राम्रा हुन्छन् अनि उनीहरू बाल्यकालमा चञ्चले हुन्छन् भन्ने कुरा यसमा देखाइएको छ ।

'बल्ल हिमाल खुल्यो' शीर्षक गीतमा पनि माधव घिमिरेले बालकलाई विषय बनाएका छन्; जस्तै :

"झरीबाट लेक ब्याँसी निस्किआए कस्तो
रुँदारुँदै सानु शिशु मुस्कुराए जस्तो

(**किन्नर-किन्नरी,** पृ. २३) ।

झरीपछिका लेक बेँसी उज्याला र सफा देखिए जस्तै रुँदारुँदै मुस्कुराएको बालक पनि सुन्दर देखिन्छ भन्ने रोचक विषयको चित्रण यहाँ गरिएको छ । बालसुलभ बानीबेहोरालाई झल्काएर भनिएका यी गीति हरफमा बालबालिकाहरूका संवेगको बोध गरी त्यसैको चित्रण गरिएको छ । बालक वा शिशुहरू तुरुन्तै रुने र तुरुन्तै हाँस्न सक्ने हुन्छन्; उनीहरूको संवेग

क्षणिक हुन्छ; उनीहरू रुँदारुँदै एक्कासि मुस्कुराउँदा झरीपछि घाम लागेर लेकबेंसी उज्याला देखिए जस्तै हँसिला र सुन्दर देखिन्छन् भनी कविले बालसंवेग प्रतिको आफ्नो बोधका साथै आकर्षणलाई पनि यहाँ व्यक्त गरेका छन् ।

'सुन हे आमा को आज रुन्छ' शीर्षक गीतमा पनि बालकलाई विषय बनाएर भनिएका भनाइहरू पाइन्छन् । यस गीतमा गरिब बालकका अवस्थाको चित्रण गरिएको छ । एउटा गरिबले तिन-तिन दिनसम्म पनि आफ्ना भोका बालकलाई खुवाउन नसकेर घरमा छोडेर आफ्नो हृदयमा अन्तर्निहित दुःख दर्दलाई बिसाउन घर-घरमा माग्दै आएको अवस्थाको चित्रण यसमा पाइन्छ । त्यो गरिव खाली हात फर्कंदा हामीले टन्न खाएर के सार भयो र भन्दै कविले बेसाहा माग्न बाध्य गरिबका घरमा तिन-तिन दिनसम्म पनि बालकहरू भोकै पर्छन भन्ने मार्मिक अवस्थाको चित्रण यी पङ्क्तिहरूमा गरेका छन् :

तीन दिनका भोका बालकलाई घरमा पर्खाइ
गरीब आयो बेसाहा माग्न हृदय धर्काइ
त्यो त्यसै गयो के सार भयो हामीले खाएको
साँझको बत्ती हेर ए आमा ! जालोले छाएको ।"

(**किन्नर किन्नरी**, पृ. ४२) ।

कविले यसरी गरिबीले पिल्सिएका र भोकै परेका बालकका अवस्थाको मार्मिक चित्रण गरी सबै बालकले आहारा वा भोजन पाउनुपर्ने बाल अधिकारबोधतर्फको सचेतता पनि यहाँ देखाएका छन् ।

'बालापन बिटुल्छ कि ! सिन्दूरैले पनि' शीर्षक गीतमा केटाकेटी अवस्थामा नै विवाह भएर जानुपर्ने बालिकाहरूको बाध्यता र बालक अवस्थामा नै गरिएको विवाहले बालिकाको बालकपनलाई विथोल्ने पीडाबोध अभिव्यक्त भएको पाइन्छ । बालापन चोखो र पवित्र हुन्छ तर बालक अवस्थामा नै विवाह गरिदिने चलनले गर्दा सिन्दूरले उनीहरूको त्यो बालापनलाई बिटुलो बनाइदिन्छ कि भन्ने भाव यसमा पाइन्छ; जस्तै :

"बालापन बिटुल्छ कि † सिंदुरैले पनि"

(**किन्नर किन्नरी,** पृ. १०७)।

ग्रामीण बालिका लजाउँदा फूल फुले जस्तो मुस्कान देखिने र उनीहरूले मनको भाषा बोल्न खोज्दा आँखाबाट नै सबै कुरा बुझ्न सकिने कुराको अभिव्यक्ति 'सच्चा मानिस' शीर्षकको गीतमा पाइन्छ । केटाकेटीहरू निश्छल र फूलजस्तै सुकोमल अनि सुन्दर हुन्छन् र उनीहरूका निश्छल आँखाबाट नै उनीहरूका मनको भाव बुझ्न सकिन्छ भन्ने अभिव्यक्ति यसमा पाइन्छ । जस्तै :

'ग्रामबाला लजाउँदा फूल खिले जस्ती
दिलको भाषा बोलूँ भन्दा आँखा बोले जस्ती'

(**किन्नर-किन्नरी**, पृ १६४) ।

बालकहरू फूल जस्तै हुन्छन् र उनीहरूका आँखाले नै दिलको भाषा बोलिदिए जस्तो हुन्छ भनी कविले यहाँ आफ्ना मनको बालप्रेमलाई वाणी दिएका छन् ।

'कुर्वानी भयो कलिलो जवानी' गीतमा परदेशी भूमिमा लडाईंमा मारिएको कोपिलातुल्य कलिलो बालकको मार्मिक अवस्था अभिव्यक्त गरिएको छ । कुन्छाको वनमा सुरिलो भाकामा गीत गाउने भर्खर जुँगाको रेखी बसेको कलिलो किशोर लडाईंमा मारिएको घटनाको सन्दर्भ दिई यो गीत रचिएको देखिन्छ । यसमा १४-१५ वर्षकै कलिलो उमेरमा विदेशी फौजमा भर्ती हुन जानुपर्ने बाध्यताका नेपाली किशोरहरूको मार्मिक जीवन कथालाई समेटिएको छ । यस गीतमा कविले बालकलाई कोपिलाका रूपमा लिएका छन्; जस्तैः

'बोल्दामा बोल्दै परेला ढले कोपिला निदायो
साँझमा एउटा हँसिलो तारा स्वर्गमा उदायो ।'

(**किन्नर किन्नरी**, पृ. ५०) ।

एउटा कोपिला फक्रन नै नपाई चुँडिएको कुरा यसमा व्यक्त गरिएको छ । यी भनाइहरूमा युद्धमा बालहत्या भएको सङ्केत दिइएको छ । यसरी युद्धमा गरिने बालसैन्यको प्रयोगप्रति कवि मनमा रहेको असहमतिका साथै त्यहाँ मारिने बालकप्रतिको गहिरो सहानुभूति पनि यहाँ प्रकट भएको छ ।

## ३.३ गीति नाटकमा विषयका रूपमा बालकको

माधव घिमिरे कवि, गीतकारका साथै गीति नाटककार पनि हुन् । उनका सातवटा गीति नाटकहरू प्रकाशित भएका छन् । ती हुन् :

क) शकुन्तला (२०३८)

ख) मालती मङ्गले (२०३९)

ग) विषकन्या (२०५०)

घ) अश्वत्थामा (२०५१ रचनाकाल, प्रकाशन २०५३)

ङ) हिमालपारि, हिमालवारि (२०५४)

च) देउकी (२०५५)

छ) बालकुमारी (२०६१)

उपर्युक्त नाटकहरूमध्ये **शकुन्तला** गीति नाटक २०३८ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित भएको हो । यस नाटकमा पौराणिक कालका राजा दुष्यन्त र शकुन्तला बीचको प्रेम प्रसङ्गलाई उल्लेख गरिएको छ । यस गीति नाटकको पाँचौं अङ्कमा बालकलाई सान्दर्भिक रूपमा विषय बनाएको पाइन्छ; जस्तैः

पाखामा फ्याँकिएकी हुँ काखमा राखि पालिएँ
त्यो बालक कालको दुःख फेरि यो कोखमा लिएँ

(पृ. ३८) ।

यो शकुन्तलाको उक्ति हो । यसमा स्वर्गकी अप्सराले धरती लोकमा शकुन्तलालाई जन्माएर बीच जङ्गलमा छोडेर स्वर्ग गएपछि चराचुरुङ्गीले सुरक्षा दिएर राखिएकी शकुन्तलालाई ऋषिले आफ्नो आश्रममा ल्याएर अत्यन्त माया दिएर पालेका छन् । शकुन्तला जवान भई राजा दुष्यन्तको प्रेमजालमा फसेर गर्भवती बन्न पुगेपछि शकुन्तला राजा दुष्यन्तको खोजी गर्दै उनको दरवारमा गएको, राजाले शकुन्तलालाई चिनो दिएको औंठी हराएको हुँदा दुर्वाशा ऋषिको श्राप अनुसार दुष्यन्तले शकुन्तलालाई बिर्सेको र शकुन्तलाले त्यसपछि आफ्नो बाल्यकालको संझना गर्दै बालककालमा आफ्नी आमाबाट अवैध रूपमा जन्मिएकी सन्तान हुनाले पाखामा फ्याँकिएकी थिएँ र अहिले त्यो बालक कालमा आफूले भोगेको दुःखलाई फेरि यो कोखमा लिएँ भनेर आफैलाई धिक्कारेको सान्दर्भिक आशय अभिव्यक्त छ । कुमारी आमाको कोखबाट जन्मिएका बालकलाई विषय बनाएर लेखिएको यस गीति नाटकमा त्यस्ता बालकहरूले भोग्नु परेका विभिन्न सामाजिक र मानसिक दुःखलाई विषय बनाइएको छ ।

**शकुन्तला** गीति नाटक पछि माधव घिमिरेले रचेको दोस्रो गीतिनाटक **मालती मङ्गले**मा भने बालकलाई कतै पनि विषयका रूपमा प्रयोग गरेको पाइँदैन । तेस्रो गीति नाटक **विषकन्या**मा पैंतिसवटा गाउन मिल्ने गीतहरू समावेश गरेर लेखिएको छ । यस गीति नाटकमा एउटा देशको राजाले अर्को देशको राजालाई मार्न विषकन्याको प्रयोग गरेको, त्यसको निम्ति राज्यभरकी सुन्दरी कन्यालाई ल्याएर सानै उमेर देखि नै अमृतमा घोलेर विष खुवाइने गरेको, तिनलाई सङ्गीत र नृत्यको तालिम दिँदै प्रेम प्रकट गर्ने कलाको पनि तालिम दिने गरेको विषय सन्दर्भको चित्रण गर्दा यस गीतिनाटकमा बालकलाई गीत ३, अङ्क १ मा विषयका रूपमा प्रयोग गरेको भेटिन्छ; जस्तैः

देवताका सेवामा अर्पिएका देउकी
हामी कन्या कुमारी दशवर्षै नपुगी

(पृ. ४) ।

पश्चिम नेपालमा प्रचलित दशवर्षको उमेर नै नपुगेका कुमारी बालिकाहरूलाई देवीका नाममा मन्दिरमा चढाइने देउकी प्रथामा देखिएको विकृतिको उल्लेख गरिएको छ । यस गीतमा केटाकेटी वा बालबालिकालाई देवताका नाममा चढाइने देउकी प्रथाको उल्लेख गर्दै देउकी बन्न पुगेका दसवर्ष नै नपुगेका बालिकाको मार्मिक वेदनालाई यसमा विषय बनाइएको छ । यसरी धर्मका नाममा सुकुमारी बालिकालाई मन्दिरमा अर्पने सामाजिक कुप्रथाप्रतिको असहमति यहाँ व्यक्त गरिएको छ ।

दसवर्ष पनि नपुगेका कलिला बालिकालाई देवताका नाममा अर्पण गरी उनीहरूको हाँस्ने, खेल्ने, स्वतन्त्र रूपमा बाँच्न पाउने बालअधिकारको हनन भएको मार्मिक चोटलाई पनि यी भनाइहरूमार्फत् अभिव्यक्त गरिएको छ । ९-१० वर्षका कलिला केटाकेटी वा बालबालिका आफ्ना साथीहरूसँग स्वतन्त्र रूपले हासखेल गर्न पाउनुपर्छ तर धर्मको नाममा चल्दै आएको सामाजिक कुसंस्कारको सिकार भएका अबोध बालिकाहरू देउकी बन्दा उनीहरूको बाल्यकाल चुँडिन पुगेको मार्मिक पक्षलाई नै यहाँ विषय बनाइएको छ ।

**अश्वत्थामा** गीति नाटकको रचना माधव घिमिरेले २०५१ सालमा गरेका छन् र त्यसको प्रकाशन २०५३ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट भएको हो । यस गीतिनाटकमा महाभारत कालमा युद्धको नैतिकता विरुद्ध आधा रातमा आफ्नो शिविरमा निश्चिन्त सुतिरहेका पाण्डवपुत्रहरूको जघन्य हत्याको अपराध गर्ने अश्वत्थामाले त्यसै अपराधको परिणति स्वरूप माथमा कहिल्यै निको नहुने घाउ लिएर अशान्त भई भौतारिइरहेको कथालाई विषय बनाइएको छ । यस गीति नाटकमा जम्मा सात अङ्क छन् । यसका प्रत्येक अङ्कमा ६-६ गीतहरू छन् । जम्मा सात अङ्कमा बयालिस गीतहरू रहेका छन् । यस गीति नाटकको केही अङ्कमा बालकसम्बन्धी विषयको पनि प्रयोग पाइन्छ । यस नाटकमा बालकलाई विषय बनाएर लेखिएका गीतहरूका अङ्कगत उद्धरणहरू यसप्रकार छन् :

अश्वत्थामा : "वनफूल बनी हाँस्ने म ह्वैन वनदेवता
बालहत्या गरी हिँड्ने ब्रह्म राक्षस हुँ म ता"
(अङ्क ३, गीत ६ पृ. ३०) ।

सर्वेसर्वा : "मैले होइन तैंले नै हानिहोस् अग्निवाण यो
युद्ध पागलझैं हर्छस् शिशुको पनि प्राण यो
(अङ्क ५, गीत ३, पृ. ४५) ।

"आफ्नै सन्तान मारेर पिता पागल झैं बनी
हेरे जस्तै तिमी हेर्छौ  यो मैले के गरें भनी

(अङ्क ७, गीत १, पृ. ६८) ।

माथि उल्लिखित तिनवटा अङ्कमा बालकलाई विषय बनाएर भन्ने क्रममा अङ्क ४, गीत ६ मा अश्वत्थामाको क्रूर र निर्दयी व्यवहारको सिकार कलिला बालबालिकाहरू बन्न पुगेको कुराको उल्लेख छ। अश्वत्थामा ब्रह्म राक्षस जस्तै बनेर बालबालिकाको हत्या गर्दै हिँडेको छ र युद्धको समयमा निर्दोष बालबालिकाहरूले समेत ज्यान गुमाउनु परेको कुराको चित्रण यसमा गरिएको पाइन्छ ।

अङ्क ५ गीत ३ मा सर्वेसर्वाको माध्यमबाट बालकलाई विषय बनाएर भनिएको छ। अश्वत्थामा पागल जस्तै बनेर सबै मानिसलाई वाण हान्दै जान्छ, उसले चलाएको अग्निवाणले शिशुहरू पनि सुरक्षित रहन सक्तैनन्, ऊ विनाकारण शिशुहरूको पनि हत्या गर्दै हिँड्छ, त्यसैले अरू मानिसहरूले उसलाई किन युद्धमा पागल जस्तै बनेर कलिला शिशुहरूको पनि ज्यान हर्छौ भनेर अश्वत्थामाप्रति निर्दोष बच्चाहरू मारेकोमा आक्रोश पोखिएको छ। शिशु हत्याको अपराध गर्नेप्रतिको निन्दालाई यस गीतमा विषय बनाइएको छ।

अङ्क ७ गीत १ मा आफ्नै सन्तान मारेर पिता पागल बनेर मैले यो के गरें भन्दै पछुताएर हेरेजस्तै अश्वत्थामाले पनि युद्धमा ठूला मानिस लगायत निर्दोष केटाकेटीहरूको ज्यान लिएकामा कविले भावविव्हल हुँदै जसरी बाबुले आवेशमा आएर आफ्ना छोराछोरीलाई मारेपछि पागल बनेर मैले यो के गरें भनेर पछुताएर हेर्दछ, त्यसै गरी तिमी पनि ती अबोध बालकहरूलाई मारेर मैले यो के गरें भनेर पछुताएर हेरिरहेका छौ भनेका छन् । बालहत्या गरेपछि हुने पछुतो यस गीतको मुख्य विषय हो ।

**देउकी** गीति नाटक वि.सं २०५५ मा प्रकाशित भएको देखिन्छ । पश्चिम नेपालमा प्रचलित देउकी प्रथालाई यस गीति नाटकमा देखाइएको छ । देउकीहरू मन्दिरमा बसेर सङ्गीत, नृत्य र कलाको साधनाद्वारा देवताको अर्चना गर्थे र तिनै देउकीहरूलाई विषय बनाएर यो गीति नाटकको रचना गरिएको छ। जम्मा सात अङ्कमा रचित यस गीति नाटकमा बालकलाई विषय बनाएर अङ्क ४ को गीत ४ मात्र रचिएको पाइन्छ। बालकलाई विषय बनाएर लेखिएको त्यो गीत यस प्रकार छ :

"बालककालमा झगरा गर्थे खेलमा जोसित

बासित गई उजुर गरी खेल्दथें त्यैसित

(अङ्क, ४, गीत ४, पृ. २९)

केटाकेटी बेला वा बाल्यकालमा खेल खेल्दा केटाकेटीहरू आफ्नो कुरा जित्न एक अर्कासित झगडा गर्ने बानीबेहोरालाई विषय बनाएर यी पङ्क्तिहरू भनिएका छन् । केटाकेटीहरू खेलखेल्दा एक अर्कासित झगडा गर्ने र आफ्नो गल्ती भए पनि त्यो सही हो भन्ने पार्न आमाबाबुलाई गुहार्न जाने र पछि फेरि त्यही साथीसँग मिलेर खेल्ने बालबालिकाहरूको स्वभावलाई यसमा विषयवस्तु बनाइएको छ । बालबालिकाहरूको मानसिक संवेगलाई प्रस्तुत गरिएको यस गीतका भनाइमा बालबालिकाहरू छिट्टै रिसाउने र छिटै खुसी पनि भइहाल्ने स्वभावका हुन्छन् भन्ने कुरा देखाउन खोजिएको छ ।

## ३.४ खण्डकाव्यमा विषयका रूपमा बालक

माघव घिमिरे कवि, गीतकार गीतिनाटककारका साथै खण्डकाव्यकार पनि हुन् । उनका आठवटा खण्डकाव्यहरू प्रकाशित भएका छन् । ती खण्डकाव्यहरूको नाम र प्रकाशन समय क्रमैसित उल्लेख गरी ती खण्डकाव्यहरूमा बालकलाई विषय बनाएर भनिएका पङ्क्तिहरूको पनि यहाँ अध्ययन गरिएको छ ।

रचनाकाल र प्रकाशनका दृष्टिले घिमिरेका खण्डकाव्यहरू यसप्रकार छन् :

| खण्डकाव्य | रचनाकाल | प्रकाशनकाल |
|---|---|---|
| पापिनी आमा | २०१० | २०१३ |
| गौरी | २००४ | २०१५ |
| राजेश्वरी | २०१७ | २०१७ |
| राष्ट्रनिर्माता | २०२३ | २०२३ |
| धर्तीमाता | २०२८ | २०३० |
| इन्द्रकुमारी | २०३२ (२०५१) | २०५७ |
| बोराको परदा | २०१० | २०५७ |
| गौथली र गजधम्मे | २०४५ | २०५७ |

### ३.४.१ 'पापिनी आमा' खण्डकाव्यमा बालक

**पापिनी आमा** खण्डकाव्य वि.सं. २०१० मा रचना गरिएको र प्रकाशन २०१३ सालमा भएको देखिन्छ। यो खण्डकाव्य पछि **राजेश्वरी** खण्डकाव्य (२०१७) मा गाभिएको छ। एउटी विधवा नारी अवैध गर्भधारण गरेर जन्म दिएको बालकलाई मार्न भनेर मसानघाटमा पुगेकी र पछि उसको मनस्थिति एकाएक बदलिएर बालकलाई नमारी उसले समाजलाई चुनौती दिनुपरे दिउँला भनी आत्मनिर्णय गरेको घटनामा यो खण्डकाव्य आधारित छ। यस खण्डकाव्यमा अवैध गर्भधारण गरेर समाजको अगाडि मुख देखाउन लाज भएपछि आफूले जन्माएको बच्चालाई मसानघाटमा लगेर मारेर गाड्न तयार भएकी एउटी विधवा नारीलाई मसानघाटमा गाडिएका बच्चाहरू एकाएक उठेर आई घेरेको अनौठो घटनाको उल्लेख पाइन्छ। आफूलाई यसरी एकाएक मसानमा गाडिएका बालकहरूले उठेर घेरेपछि त्यो पापिनी आमाको हृदय मातृवात्सल्यले भरिन्छ र ऊ आफूले जन्माएको त्यो बालकलाई नमारी फर्केर आएर समाजलाई चुनौती दिएर बाँच्ने अठोट लिन्छे। यस खण्डकाव्यमा 'पापिनी' आमालाई विषय बनाएर धेरै पद्यहरू आएका छन् भने बालकलाई विषय बनाएर भनिएका पद्यहरू पनि केही मात्रामा आएका छन्। निम्न उद्धरण बालकलाई विषयका रूपमा प्रयोग गरिएको देख्न सकिन्छ :

क) हृदय सारा सुम्पेर पनि आखिर मै हारूँ
आफूले जन्म दिएर आफैं बालक मै मारूँ !
(पृ. ४९)।

ख) उभिएकी छु बालकलाई छातीमा टाँसेर
कसैको बुता बर्गत भए लैजाओ खोसेर !
(पृ. ४९)।

माथि (क) मा दिइएको उद्धरणमा उल्लेख भएअनुसार एउटी आमाले आफ्नो सन्तानको सुखका लागि आफ्नो सारा सुख र हृदय सुम्पेकी हुन्छे। त्यसरी माया दिएर जन्म दिएको बालकलाई म कसरी मारूँ भन्दै आश्चर्यचकित हुँदै ऊ यी भनाइहरू भनिरहेकी छे। आमाको लागि आफ्नो शिशु वा छोराछोरीभन्दा ठुलो केही हुँदैन। आफ्नो सारा हृदय उनीहरूले त्यो बालक वा शिशुका लागि अर्पेका हुन्छन्। त्यही शिशुलाई समाजको डरले एउटी आमाले मार्न खोजे पनि आफ्नो मुटुको टुक्रा बराबरका बालकलाई मार्न नसक्ने र बालकलाई मार्न पनि नहुने कुरो यहाँ व्यक्त भएको छ।

एकल महिलाहरूले गर्भधारण गरी बच्चा जन्माएपछि जे जस्तो सामाजिक र मानसिक समस्या बेहोर्नु पर्ने हुन्छ, त्यसैका सन्दर्भमा आफैंले जन्म दिएको बालकलाई आफैं मारूँ कि नमारूँ भन्ने अन्योलग्रस्त मानसिकताका साथै जन्मिएको बालकलाई मार्नु हुन्न भन्ने आशय समेतलाई प्रस्तुत खण्डकाव्यको विषय बनाइएको छ। माथि (ख) को उद्धरणमा एउटी बालककालमा विधवा भएकी नारीले जवानीमा कुनै पुरुषसँगको सम्पर्कबाट गर्भधारण गरेपछि भोग्नुपर्ने मानसिक र सामाजिक प्रताडनाबाट जोगिन बच्चा मार्नुपर्ने बाध्यतालाई कुल्चँदै एउटी एकल महिलाले आफ्नो अवैध गर्भको शिशुलाई नमारी जन्म दिएर समाजलाई चुनौती दिएको विषयलाई उक्त उद्धरणमा उल्लेख गरिएको छ। मातृत्वको हुङ्कार प्रबल रूपमा व्यक्त भएका यी पङ्क्तिहरूमा जसरी ढुङ्गाको कापलाई समेत फोरेर पिपल उम्रन्छ, त्यसै गरी सिर्जना शक्तिलाई कसैल विफल पार्न वा मार्न खोजेर मर्दैन भन्दै एउटी विधवाले बच्चा जन्माउनु हुँदैन भनेर उसको मातृत्वलाई सकैले मार्न सक्तैन भन्ने आशय समेत सान्दर्भिक रूपमा उक्त खण्डकाव्यमा व्यक्त गरिएको छ । त्यसैले आफ्नो कोखबाट जन्मिएको यो बालकलाई काखीमा च्यापेर उभिएकी छु, यदि कसैको तागत छ भने तेरो बालक होइन भनेर खोसेर लैजाऊ भन्दै सिङ्गो समाजलाई नै चुनौती दिंदै एउटी विधवा नारीले आफ्ना शिशुका पक्षमा प्रकट गरेको हुङ्कार यहाँ व्यक्त भएको छ। आफ्नो बालकको रक्षाको लागि उसले समाजलाई चेतावनी दिएको विषयवस्तु यसमा पाइन्छ। यसरी प्रस्तुत खण्डकाव्यमा जन्मिएका वा जन्माइएका बालकको रक्षा गरिनुपर्ने दृष्टिकोण माधव घिमिरेले प्रकट गरेका छन् र उनका बाल कविताहरू उनको यस्तै खालको बालप्रेमका सृजनात्मक परिणति पनि हुन्।

### ३.४.२ 'गौरी' खण्डकाव्यमा बालक

**गौरी** खण्डकाव्य माधव घिमिरेले आफ्नी प्राणप्रिय पत्नी गौरीको निधनपछि उनकै सम्झनामा रचना गरेको शोककाव्य हो। यस खण्डकाव्यमा करुणरसको अभिव्यक्ति भएको छ। गौरीको मृत्यु हुँदा उनका एउटी दुई वर्ष र अर्की चार महिनाकी दुइटी टुहुरी छोरीलाई पनि गौरीको निधनमा अत्यन्त भावविह्वल हुन पुगेका कविले विषयवस्तु बनाएका छन् । यस खण्डकाव्यमा घिमिरेले आफ्ना दुई टुहुरी छोरीहरूलाई विषय बनाएर रचेका उद्‌गारहरू यस प्रकार छन् :

सारा विष्णुमती पुगेर अडिए क्यै बेर आँसू पिई

बाबाको बुइमा चढेर दुईकी बच्ची उज्याली थिई

('यौटा सत्य कथा म भन्छु,', पृ. ८) ।

दुई वर्षको अबोध बच्चीलाई विषय बनाएर रचिएका यी पङ्क्तिमा आमाको मृत्यु हुँदा समेत अबोध बालबालिकाहरू त्यस मृत्युको दुःखद क्षणलाई बुझ्न सक्तैनन् र उनीहरू उज्यालो अनुहार लगाएर बसिरहन्छन् भन्ने प्रसङ्ग उल्लेख छ। बालबालिकाहरू उज्याला हँसिला अनुहारका हुन्छन्। बाबुआमालाई परेको पीर उनीहरू बुझ्न सक्तैनन्। आफ्नै आमाको मृत्यु हुँदा समेत उनीहरू सो मृत्युबारे बुझ्न सक्तैनन्। यस उद्धरणमा पनि गौरीको मृत्यु भएकोले उनको लासलाई जलाउन आफन्त र मलामीहरू समेत रुँदै विष्णुमतीको घाटमा पुगेर अडिए तर त्यसै बखत बाबाको पिठिउँमा बोकिएकी दुई वर्षकी अबोध बालिका अर्थात् उनकी छोरी भने उज्यालो अनुहारकी थिइन्। टुहुरी बालिकाको अवस्थालाई विषयवस्तु बनाएर यी भनाइहरू भनिएका छन्। त्यसै गरी यस खण्डकाव्यको अर्को ठाउँमा भनिएको छ :

'आऊ शान्ति र कान्तिमा अमृतको देऊ नयाँ चुम्बन
आऊ यो मनमा पसेर सहजै लेऊ नयाँ जीवन'

('हिँड्दै छौ कि बस्यौ कतै !', पृ. १८) ।

आमा गुमाएका कलिला केटाकेटीलाई विषय बनाएर आफ्ना दुई छोरी शान्ति र कान्तिका सम्बन्धमा यी पङ्क्तिहरु रचिएका छन्। यी पङ्क्तिहरूमा बालककालमा आमालाई गुमाएका टुहुरा केटाकेटीहरू आमा आउलिन् र आफूलाई काखमा लिएर मीठो चुम्बन देलिन् भनेर सँधै आमाको बाटो हेरिरहेका हुन्छन् भन्ने प्रसङ्गलाई मार्मिक रूपमा करुण रसमा व्यक्त गरिएको छ। यस खण्डकाव्यको एक उद्‌गार यस्तो छ :

सोध्छे शान्ति मलाई सानो मुखले- 'आमाकहाँ छन् ?' भनी।

('हाम्रो भेट हुँदैन हो कि कहिल्यै !', पृ. २०)

कलिला बालबालिकालाई आमा मरेको थाहा हुँदैन। उनीहरू घरमा परिवारका सबै सदस्यहरूलाई देख्छन् तर आमालाई नदेख्दा विशेष गरी बाबालाई 'आमा खोइ' भनेर तोते बोलीमा सानो मुखले सोध्छन्। परिवारका सदस्यहरूले उनीहरूलाई आमा मरेको भनेर सुनाउँदैनन्, भगवान्को घर गएको भनेर झुक्याएका हुन्छन्। त्यसैले यहाँ आमा मरेका टुहुरा बालबालिकालाई विषय बनाउने क्रममा कविले आफ्नै टुहुरी छोरी शान्तिको माध्यमबाट

बालबालिकाले आफ्नी आमालाई भुल्न सक्तैनन् र उनीहरू जिज्ञासु स्वभावका भएकाले आफ्नी आमा आफूलाई छोडेर कहाँ गएकी होलिन् भनेर सँधै कौतूहल राखिरहन्छन् भन्ने कुरा मार्मिक रूपमा व्यक्त गरेका छन् ।

**गौरी** खण्डकाव्यमा बालकलाई विषय बनाई रचिएको एक अर्को मार्मिक उद्गार यस्तो छ :

धूलामाथि बसेर काख उनकै ढुक्छन् यहाँ केवल
कुर्छन् त्यै ममता र प्यार कहिल्यै मेटिन्न है तलतल
('मान्छे हो ! यिनलाई प्यार गर है', पृ. ३२) ।

आमाविनाका बालक केटाकेटीलाई विषय बनाएर भनिएका यी पङ्क्तिहरूमा आमा नभएका केटाकेटीहरू धुलो माटोमा खेलेका हुन्छन् । उनीहरूलाई माटोमा, धुलोमा नखेल भनेर त्यहाँबाट उठाएर काखमा लिने कोही हुँदैनन् र ती टुहुरा बालबालिकाहरू आमा आएर काखमा बोक्छिन् कि भनेर धुलोमा बसेर आमाको ममता र प्यार कुरिरहन्छन् भन्ने कुरा व्यक्त गरिएको छ। आफ्नी आमाको ममता र प्यार ढुकेर ती टुहुरा बालबालिका बसिरहन्छन् । उनीहरूका हृदयमा आमाको ममता र प्यारको तलतल कहिल्यै मेटिंदैन । आमाको मायाबाट वञ्चित टुहुरा बालबालिकाको अवस्थालाई मार्मिक र हृदयस्पर्शी ढंगमा यहाँ अभिव्यक्त गरिएको छ । यसै गरी बालक सम्बन्धी चित्रण गरिएको **गौरी**को अर्को उद्धरण यस्तो छ :

"सानीलाई फुल्याउँला कति यहाँ औंलो चुसाईकन
ठूलीलाई भुलाउँला कति यहाँ आँसु लुकाईकन"
('मान्छे हो ! यिनलाई प्यार गर है', पृ. ३३) ।

आफ्नै दुई टुहुरा छोरीहरूको चित्रणका माध्यमबाट आमा विनाका टुहुरा टुहुरीहरूको अवस्था बारेको मार्मिक चित्रण यसमा गरिएको पाइन्छ । यिनमा केटाकेटी अवस्थामा आमा गुमाएका बालबालिकाहरूको स्थितिको चित्रण गरिएको छ। यी पङ्क्तिहरूमा दुधे बालक आमाको मृत्यु हुँदा बेला-बेलामा आमाको दुध खान खोज्छन् र कति दिनसम्म तिनलाई औंला चुसाएर फुल्याएर राख्ने अनि दुई-तीन वर्षका टुहुराहरूले आमा खोज्दा कति दिन आँखामा आँसु लुकाएर उनीहरूलाई ढाँट्ने भनेर टुहुरा बालबालिकाको लालनपालनमा अभिभावकलाई आइपर्ने समस्याको चित्रण यहाँ गरिएको छ ।

माधव घिमिरेले आफ्नै टुहुरा छोरीहरूलाई फुल्याउँदै र हुर्काउँदै जाँदा नै बाल कविताहरू पनि रचना गरेका छन् र तिनमा पनि बालसंवेदनाको मार्मिक चित्रण भेटिन्छ ।

### ३.४.३ 'राजेश्वरी' खण्डकाव्यमा बालक

**राजेश्वरी** खण्डकाव्य २०१७ सालमा लेखिएको र सोही सालमा प्रकाशन पनि भएको देखिन्छ । यो खण्डकाव्य रणबहादुर शाहकी जेठी रानी राजेश्वरीलाई विषय बनाएर लेखिएको एक उत्कृष्ट ऐतिहासिक खण्डकाव्य हो । यस खण्डकाव्यमा रणबहादुर शाहको मृत्युपछि उनका रानीहरूलाई सती पठाउने क्रममा हेलम्बुमा निर्वासित जेठी रानी राजराजेश्वरीलाई झुटो सूचना दिएर जबर्जस्ती सती पठाएको घटना वर्णित छ । राजेश्वरीले सती जानुअघि आठ वर्षका नाबालक गीर्वाणयुद्धलाई भेट्न खोज्दा भेट्न नदिईकन उनलाई सती पठाएको कुरा यसमा मार्मिक तरिकाले अभिव्यक्त गरिएको छ ।

यस खण्डकाव्यमा बालकलाई विषय बनाएर रचिएको एक उद्गार यस्तो छ :

"जाँदैछ्यौ वनवासिनी हुन भनी मैले अहो जानिनँ
त्यो बेला अनजान पाँच वयको बच्चा भएँ हुँ किन"
('छाल' १४, पृ. २७) ।

बालक गीर्वाणयुद्धले भनेका यी भनाइमा राजेश्वरीलाई हेलम्बुमा निर्वासित गराउन पठाउँदा गीर्वाणयुद्ध पाँचवर्षका बालक भएको कुरालाई विषय बनाइएको छ । गीर्वाणयुद्धले आफू पाँच वर्षको अन्जान बालक भएकोले नै आफ्नी जेठी आमा राजेश्वरी हेलम्बुमा निर्वासित हुन गइरहेको भन्ने आफूलाई थाहा नभएकोमा पछुतो मानेकोलाई यहाँ विषयवस्तु बनाइएको छ र बालकका मनमा हुने मातृप्रेम यहाँ प्रकट भएको छ । यस खण्डकाव्यको अर्को अंश यस्तो छ :

"आमा ! भीषण हावभाव यिनको देखेर तर्सन्छु म
तिम्रै सुन्दर शान्त सौम्य मुखको मुस्कान पर्खन्छु म"
('छाल', १४, पृ. २७) ।

यसमा वक्ता बालक 'म' (गीर्वाणयुद्ध)लाई विषय बनाएर आमाबाट छुट्टिएका बालकहरूको अवस्थाको झलक दिइएको छ। गीर्वाणयुद्ध आठ वर्षका बालक छन्। राजेश्वरीलाई एक पटक पनि बालक गीर्वाणसँग भेट गर्न नदिएर उनलाई सती जान बाध्य गराइन्छ । त्यसबखत आमासँग भेट गर्ने तीव्र इच्छा राखेका बालक गीर्वाणयुद्ध आमा दरवारमा

आउँछिन् कि भनेर बाटो हेरेर बसिरहेका हुन्छन् । देख्दै डरलाग्दा हावभाव भएका भारदारहरूको राक्षसी अनुहार देखेर तर्सिएका नाबालक गीर्वाण आफ्नी आमा राजेश्वरीको शान्त, सुन्दर, सौम्य मुस्कानको पर्खाइमा बसिरहेका हुन्छन् । यही बालपरक विषयको कथन माथिका उद्गारमा गरिएको पाइन्छ । बालमनका यस्ता संवेदनाको अभिव्यक्ति पनि माधव घिमिरेका बाल कवितामा भेटिन्छ ।

## ३.५ कथामा विषयका रूपमा बालक

माधव घिमिरे कवि, गीतकार, गीतिनाटककार, खण्डकाव्यकार, निबन्धकारका साथै कथाकार पनि हुन् । उनले लेखेका बाल कथाहरूको सँगालो **मनचिन्ते मुरली** २०५७ सालमा प्रकाशित भएको छ । यस कथा सङ्ग्रहमा उनले बालबालिकालाई विषय बनाएर रचेका कथाहरू छन् । माधव धिमिरेकी श्रीमती महाकाली घिमिरेद्वारा प्रकाशित **मनचिन्ते मुरली** नामक कथासङ्ग्रहमा बालबालिकालाई सुहाउने खालका ६ वटा कथाहरू सङ्कलित छन् । यस सङ्ग्रहमा सङ्कलित ती कथाहरू यस अनुसार छन् :

क) देवी रुन्छिन्

ख) अम्बा

ग) देवकुमार

घ) मनचिन्ते मुरली

ङ) पाले बा

च) खड बाउ

माथि उल्लिखित शीर्षकका कथाहरू माधव घिमिरेले बालबालिकाका मनोभावनालाई ध्यानमा राखेर रचेका छन् । यी कथाहरूमध्ये 'अम्बा', 'देवकुमार' र 'मनचिन्ते मुरली' शीर्षक कथा चाहिँ बालकलाई विषयवस्तु बनाएर रचिएका छन् । 'अम्बा' शीर्षक कथा 'सरस्वती' नामकी एक बालिकाको बालसुलभ प्रवृत्तिलाई विषय बनाएर लेखिएको छ । आर्थिक अवस्था कमजोर भएकी निम्नवर्गीय परिवारकी सरस्वती चारवर्षकी अबोध बालिका हो । बाबु नभएकी टुहुरी बालिका सरस्वतीको बारीमा एकबोट अम्बा छ । अम्बाको बोटमा लटरम्म अम्बा फलेको छ । सरस्वती अम्बा देखेर ज्यादै खुसी हुन्छे । उसलाई अम्बा खान त मन लाग्छ तर ती अम्बाहरूको ज्यादै माया लागेकोले ऊ टिपेर खान सक्तिन उसले ती अम्बाको झुप्पाको लुर्का र फुर्का भनेर नाम पनि राखेकी छे । ऊ सधैंभरि अम्बाको बोटमुनि बसेर अम्बालाई गन्ने गर्थी

र आफ्नी आमालाई समेत ती अम्बाहरू नटिप्नुहोस् है भन्थी। सरस्वतीकी आमा गरिब भएकीले एकदिन त्यो अम्बा बेचेर छोरीलाई र आफूलाई लाउने कपडा किन्ने विचार गर्छे। उसले घरनजिकैको साहुको पसलमा लगेर अम्बा बेच्दछे। सरस्वती पनि खेल्दै खेल्दै त्यहीँ नजिकै पुग्छे र आफ्नो बोटको लुर्का झुप्पा अम्बा साहुको पसलमा देखेर ऊ दौडेर घर आउँछे। ऊ अम्बाको रूखमुनि बसेर रुँदै रूखमा हेर्न थाल्छे। रूखमा अम्बा हुँदैन। ऊ केटाकेटी भएकीले हातको औंलामा पुग्ने दशदेखि बढी गन्न जानेकी छैन, तैपनि बोटबाट एउटामात्र अम्बा हराए पनि थाहा पाउन सक्थी। उसले साहुको पसलमा झुन्ड्याइएका अम्बाहरूलाई हेरिरही यो हाम्रो बोटको अम्बा किन ल्याएको भनेर सोध्ने आँट त्यस टुहुरी बालिकामा थिएन। केटाकेटीहरू आफ्नो सामान र आफ्नो घर अनि बगैंचाका फलफूल लगायत आफ्नो सेरोफेरोका सबै सामान आफ्नै ठान्दछन्। ती बस्तुहरू कसैले चलायो वा लिइदियो भने उनीहरू आफ्नो हकको माल जसरी भए पनि खोसेर लिन्छन्। सरस्वतीले पनि केही बेर अम्बाको झुप्पालाई हेरी र त्यसपछि आफ्नो 'फुर्का' झुप्पा अम्बा लिएर ऊ त्यहाँबाट भाग्दछे। त्यो देखेर साहुको सानो छोरो चिच्याउँछ र सरस्वतीको हातबाट अम्बा खोसेर ल्याउँछ अनि पसल्नी साहुनी सरस्वतीलाई गाली गर्न थाल्दछे।

प्रस्तुत कथामा बालकलाई विषय बनाएर भनिएको मुख्य भनाइ हो - छोरी बालकै छ, उनको गूढ स्नेहलाई बुझ्न सक्तिन, उसलाई अम्बा पनि चाहिन्छ, नाना पनि चाहिन्छ, दुइवटाको रहर एउटैमा मेट्न सक्ने सन्तोष उसमा छैन (**मनचिन्ते मुरली**, पृ. ६)। बालक केटाकेटीलाई विषय बनाएर भनिएको यस भनाइमा बालक केटाकेटीहरू आमाबाबुले बाहिर देख्दा गाली गरे पनि भित्री रूपले माया गरिरहेको कुरा बुझ्न सक्तैनन् भन्ने झल्काइएको छ। बालबालिकालाई खानको लागि पापा पनि चाहिन्छ र लाउनको लागि नाना पनि चाहिन्छ। उनीहरू पापाबाट नानाको रहर मेटाउन सक्तैनन् अनि नानाबाट पापाको रहर मेटाउन सक्तैनन्। उनीहरूलाई दुवैथोक एकैचोटि चाहिन्छ। यहाँ पनि सरस्वती बालकै छ, उसलाई नयाँ लुगा लाउने इच्छा पनि छ तर आफ्नो बोटको अम्बा बेचेर किनेर ल्याएको लुगाबाट ऊ सन्तुष्ट छैन। उसलाई त्यो फुर्का, झुप्पा अम्बाको असाध्यै माया लागेको छ, त्यसैले त ऊ रुँदै मेरो अम्बा ख्वै, तिमीले देखिनौ भनेर प्रश्न गर्दै रूखको फेदमा बसेर रुन्छे। केटाकेटीहरूको बालसुलभ प्रवृत्ति, आफ्नो घर वरपरका र आफ्नो सेरोफेरोका सबै सामान आफ्नै ठान्ने बानीबेहोराको चित्रण यसमा पाइन्छ। बाल मनोविज्ञान अनुसार पनि ४-५ वर्ष उमेरका

बालबालिकाहरू आफ्नो वरपरको वातावरणबारे थाहा पाउने र आफ्ना घरको र बारी बगैंचाका सामान आफ्नै हो भन्ने स्वभावका हुन्छन् । यही बालमनोविज्ञान उक्त कथामा अभिव्यक्त छ ।

प्रस्तुत सङ्ग्रहमा सङ्कलित 'मनचिन्ते मुरली' कथामा पनि बाल विषयको प्रयोग माधव घिमिरेले गरेको पाइन्छ । उक्त कथामा रहेको उल्लेख्य भनाइ हो - "म टुहुरो बालक ! मैले आफैंले संसार रमाइलो छ भनेर सोच्नुपर्दछ र त्यो कुरालाई मुरलीमा भनेर सुन्नुपर्छ, अनि मात्र संसार रमाइलो लाग्छ" (मनचिन्ते मुरली, पृ. १८) ।

'म' बालक पात्रलाई विषय बनाएर भनिएको यस भनाइमा 'म' पात्रले बाबुआमा विनाका सम्पूर्ण बालबालिकाको प्रतिनिधित्व गरेको छ । जुन टुहुरा बालबालिकाहरूले संसारमा आफूलाई हरेक क्षणमा हेरविचार गर्ने आमाबाबु र पालन पोषण गर्ने अभिभावक गुमाएका छन् अनि हरेक क्षणमा खुसी राख्न खोज्ने आमाको माया ममता गुमाएका हुन्छन् त्यस्ता बालबालिकाहरूले यस संसारमा बाँच्नका लागि आफैंले संसार रमाइलो छ भनेर सोच्नुपर्छ भन्ने दृष्टिकोण यहाँ व्यक्त भएको छ । यहाँको म पात्ररूपी बालक पनि मुरली बजाएर त्यसको धून सुनेर संसारमा आनन्द लिन चाहन्छ । बाहिरी संसारमा ऊ आमाबाबु विनाको टुहुरो भएकोले उसलाई रमाइलो लाग्दैन तर मुरलीको सुरिलो धुनमा उसले संसारलाई रमाइलो ठान्दछ । सङ्गीतले ठूलाको हृदयलाई मात्र नभई साना बालबालिकाको हृदयलाई पनि आनन्दित पारिदिन्छ । आफ्ना दुःखपीडालाई उनीहरू पनि सङ्गीतको धुनसँगै विर्सन चाहन्छन् भन्ने कुरालाई यसमा व्यक्त गरिएको छ ।

'देवकुमार' शीर्षक कथामा कथाकार माधव घिमिरेले बालकलाई देवताका छोरा छोरीका रूपमा लिइएको विषयलाई उल्लेख गरेका छन् । माधव घिमिरेले प्रत्येक बालबालिकाहरू सुकुमार हुन्छन् र उनीहरू भर्खरै भगवान्का घरबाट आएका छोराछोरी सरह हुन् भनेका छन् । बालबालिकाहरू अबोध सुकुमार र निष्कलङ्क हुन्छन् । उनीहरू मानिलिऊँ भगवान्कै सन्तान सरहका देवकुमार हुन् भन्दै यस कथामा सम्पूर्ण बालकलाई नै विषय वस्तु बनाएर बालकहरूको बानीबेहोरा, उनीहरूको सुकोमल शरीर, निर्दोष र अबोध बालसुलभ प्रवृत्तिलाई देखेर यिनीहरू मानिसका छोराछोरी नभई भगवान्का सन्तान हुन् भनिएको छ ।

'पाले बा' शीर्षक कथामा एकजना बूढो पालेलाई स-साना बालबालिकाले विभिन्न प्रश्नहरू सोधेर उसबाट मजा लिएको कुरा उल्लेख गरिएको छ । साना-साना केटाकेटीलाई

विषय बनाएर लेखिएको यस कथामा घाँटीमा गाँड आएको एउटा बूढोलाई विद्यार्थीहरूले जिस्क्याएको कुराको उल्लेख छ । आफ्ना छोराछोरी र श्रीमती समेत गुमाएको 'पाले बा' साना-साना केटाकेटीलाई आफ्नै छोराछोरी सरह ठान्दछ । केटोकटीहरूका जिज्ञासु विनोदप्रिय, रसिला, रमाइला र ठटेउला बानीबेहोरालाई यस कथामा विषयवस्तु बनाएको छ ।

माधव घिमिरेको एकमात्र कथा सङ्ग्रह **मनचिन्ते मुरली** हो । यो कथासङ्ग्रह बालकलाई नै विषय बनाएर लेखिएको छ । यस सङ्ग्रहमा बालकलाई विषय बनाएर रचिएका प्रसङ्गहरू यति नै हुन् र यिनले उनी बालकका विविध अवस्था, रुचि, स्वभाव, प्रवृत्ति, मनोदशा आदिका वेत्ता स्रष्टा हुन् भन्ने सिद्ध हुन्छ । बालकका यी सम्पूर्ण प्रवृत्तिको अभिव्यक्ति कुनै न कुनै रूपमा उनले आफ्ना बाल कवितामा पनि गरेका छन् ।

## ३.६ बालकलाई विषय बनाएर रचिएका बाल कविताहरू

माधव घिमिरे कवि, गीतकार, गीतिनाटककार, खण्डकाव्यकार, कथाकार र निबन्धकारका साथै बालसाहित्यकार पनि हुन् । उनका चारवटा बाल कवितासङ्ग्रह प्रकशित भएका छन् । ती कवितासङ्ग्रहहरू हुन् : **घामपानी** (२०१०), **बालालहरी** (२०२५), **सुनपङ्खी चरी** (२०५३) र **बिजुले** र **विजुला** (२०६३) । उनका यी चारवटा बाल कवितासङ्ग्रहहरूमा बालबालिकालाई सुहाउने खालका बाल कविताहरू सङ्कलित छन् । यी बाल कविताहरू बालबालिकाकै निम्ति लेखिएका हुन् । माधव घिमिरेको पहिलो बाल कवितासङ्ग्रह **घामपानी** हो । यस कवितासङ्ग्रहमा बालकलाई विषय बनाएर रचिएका कविताहरू निम्न छन् :

क) खेलौना

ख) ध्रुवको कथा

'खेलौना' शीर्षक कवितामा केटाकेटीहरू आफूलाई मन परेको सामग्रीसँग खेल्न पाएमा खान, सुत्न पनि भुल्दछन् भन्ने कुरालाई देखाइएको छ । केटाकेटीहरूले आफ्नो खेलौनाको रूपमा ढुङ्गा, माटो, मुरली, माला, कपडाका साना साना टुक्रा, मुजुरको प्वाँख, आदिलाई लिएका हुन्छन् । केटाकेटीहरू ती सामानलाई आफ्नै तरिकाले प्रयोग गर्दै खेलेर रमाउन चाहन्छन् । बाल संसार ठूला मानिसको भन्दा भिन्दै खालको हुन्छ । उनीहरू आफ्नो संसारमा रमाउँछन् र खेल खेल्न पाएमा खान, सुत्न पनि भुल्दछन् । बालमनोविज्ञान अनुसार पनि ४-५ वर्षका केटाकेटीहरू खेल खेल्नमा बढी रुचि राख्ने स्वभावका हुन्छन् । यसबखत उनीहरू

माटोको घर बनाउने, काठका टुक्राहरू जोडेर सामान बनाएर आनन्द लिने स्वभावका हुन्छन् । यस बाल कवितामा पनि बालकले विभिन्न सामानहरू वरपर राखेर खेलेको र आमासँग ठूलो मानिसले जस्तै परिपक्व कुरा गरेको देखेर आमाले नानी ज्ञानी भएको महसुस गरेकी हुन्छिन् । यस सन्दर्भमा प्रस्तुत कविताका यी पङ्क्तिलाई हेर्न सकिन्छ :

अहो अझै बालक नै रहेछ
के के खिलौना बटुली रहेछ ।

(**घामपानी**, पृ. १७) ।

बालकहरू कहिलेकाहीँ आफ्नी आमासँग ठूलो मानिसले झैं सबै कुरा बुझेको जस्तै गरेर ज्ञानी कुरा गर्दछन् । यसरी कुरा गरेको देखेर आमाहरू अब त छोराछोरी ठूला भएछन्, ज्ञानी भएछन् भनेर सोच्दछन्; तर बालकले आफू बस्ने र सुत्ने विच्छ्यौना  नजिकै काम नलाग्ने भनेर फ्याँकिएका सामानहरूलाई पनि बटुलेर खेलौना बनाएर राखेको देख्दा आमाहरू छक्क पर्दछन् । यस सन्दर्भमा आमाहरू आफ्ना बालकलाई कुरा भने निकै बाठो र ज्ञानीको जस्तो गर्छ तर अझै यी के के सामान बटुलेर खेल्दै रहेछ भनेर अझै पनि यो सानै बच्चा नै छ भनेर भन्दछन् ।

साना बालकलाई विषय बनाएर भनिएका यी पङ्क्तिहरूमा बालकहरू खेल खेल्न औधि रुचाउँछन् भन्ने कुराको चित्रण गरिएको छ ।

बालकहरूको खेलको सामान यही नै हुन्छ भनेर भन्न सकिँदैन । उनीहरू आफ्नो रुचि अनुसार ढुङ्गा, माटो, काठ र कपडाका टुक्रालाई समेत खेलौना बनाउँदै खेल्दछन् । त्यसैले कवि भन्दछन् :

हुन् खेलिने संपति खालि चाचा
हुन् पारखी बालक मात्र साँचा

(**घामपानी,** पृ. १८) ।

बालकहरू अर्काको नक्कल गर्न सिपालु हुन्छन् र अरूको नक्कल गर्न सिपालु बालकहरू सच्चा हृदयका हुन्छन् भन्ने भावलाई मुख्य विषयवस्तु बनाई भनिएका यी भनाइहरूमा बालकहरूको सम्पति भनेको उनीहरूको खेलौना हो, उनीहरू आफ्नो चाचा वा खेलौनालाई नै सर्वस्व ठान्दछन्, आफ्ना खेलौनाहरू ढुङ्गा, माटो, काठको टुक्रा, कपडाको टुक्रा

नै भए पनि त्यसलाई उनीहरू आफ्नै सम्पत्ति जस्तो गरेर जतन गरेर राख्दछन् भन्ने कुरा औंल्याइएको छ। बालकहरू अरूले जे गऱ्यो त्यसको छिटै पारख वा नक्कल गर्न सिपालु हुन्छन्। अरूको नक्कल गर्न सिपालु बालकका खेलौनाहरू नक्कली भए पनि ती बालकहरूचाहिँ साँचा हुन्छन्। बालकहरू मात्र सच्चा हृदयका हुन्छन् र उनीहरूको सबैभन्दा प्यारो वस्तु भनेको नै खेलौना हो भन्ने कुरा पनि माथिको उद्गारमा प्रकट भएको छ।

प्रस्तुत सङ्ग्रहमा परेको 'ध्रुवको कथा' बाल कवितामा पनि बालपरक विषयवस्तुको प्रयोग गरिएको छ। उक्त कवितामा भनिएको छ :

जब नानीहरू बस्छन् बाबुका काखमा गई
अनि जन्माउने आमा हेर्दछिन् कति फुर्किई।

(**घामपानी**, पृ. १९)।

पौराणिक कथाका बालकपात्र ध्रुवलाई विषय बनाएर लेखिएको यस बाल कवितामा केटाकेटीको बालसुलभ प्रवृत्तिलाई देखाइएको छ। यी पङ्क्तिहरूमा बालबालिकामा रिसरागको भावना हुँदैन, उनीहरूको संवेग क्षणिक हुन्छ र उनीहरू कोसित बोल्नुहुन्छ, कोसित हुँदैन भनेर छुट्याउँदैनन् तर ठूला बडाको सङ्कुचित सोचाइको सिकार उनीहरू हुन् पुग्दछन् भन्ने आशय व्यक्त गरिएको छ। बालक ध्रुव आफ्ना बाबु उत्तानपादका काखमा गएर बस्दछन् त्यो देखेर उनकी आमा सुनीति अत्यन्त खुसी भएर ध्रुवको बालसुलभ क्रियाकलापलाई हेरिरहेको कुराको चित्रण यस उद्गारमा गरिएको छ। त्यसै गरी उक्त कवितामा भनिएको छ :

अजान बालखालाई रुवाइस् आज यस्तरी।
माया लाग्दैन ता सौता ! दया लाग्दैन निष्ठुरी

(**घामपानी**, पृ. २०)।

सौतेनी आमाबाट प्रताडित बालकहरूलाई विषय बनाएर भनिएका यी पङ्क्तिहरूमा बालकहरू निर्दोष र अजान हुन्छन्। ठूलाबडाहरू किन उनीहरूलाई यो शत्रु, यो मित्रु, योसँग बोल, योसँग नबोल भनेर भेदभाव गर्दछन् ? ती कलिला बालबालिकाको कमलो मस्तिष्कमा किन आघात पुऱ्याउन खोज्छन् भन्ने कुरालाई यी पङ्क्तिहरूमा प्रस्ट्याउन खोजिएको छ। पौराणिक कथाका बालक पात्र ध्रुवलाई विषय बनाएर आएका यी पङ्क्तिहरूमा बालक ध्रुव केटाकेटी नै भएकोले आफ्नो भाइ उत्तमसँग खेल्दै उनी पनि राजा उत्तानपादको काखमा बस्न

पुग्दछन् । तर ध्रुवकी सौतेनी आमा सुरुचिलाई यो सह्य हुँदैन । उनी ईर्ष्यालु स्वभावकी भएकोले आफ्नो छोरा उत्तम मात्र बाबुको काखमा सुहाउने र ध्रुवलाई नसुहाउने भनेर अनेक कटु वचनले गाली गर्दै तानेर राजाको काखबाट ध्रुवलाई तल झार्छिन् । ध्रुव बालकै भएकाले सौतेनी आमाको गाली र तीखो वचन सुनेर आँखाभरि आँसु पार्दै आफ्नी आमा सुनीतिका सामुन्ने गई सबै घटना बताएर रून थाल्दछन् । आफ्नो बालक छोराप्रति सौताले गरेको त्यस्तो व्यवहारबाट सुनीति रूष्ट हुन्छिन् । त्यसपछि सुनीतिले सुरूचिलाई आज तैंले मेरो अजान बालकलाई यसरी रुवाइस्, तेरो छोरा र मेरो छोरामा के फरक थियो ? आखिर यी दुवै अजान बालकहरूमा किन भेदभाव राख्छेस् ? तँलाई अलिकति पनि यो बालकको दया लागेन ? यस्ता प्रश्न गर्छिन्, यिनै प्रश्नद्वारा यहाँ अन्जान बालकप्रति ठूलाबडाले गर्ने भेदभावप्रति खिन्नता प्रकट गरिएको छ ।

यस शोधको मुख्य शीर्षक नै माधव घिमिरेका बाल कवितात्मक प्रवृत्तिलाई औंल्याउनु रहेकोले बाल कविताको विभिन्न कोणबाट विश्लेषण गर्ने क्रममा बालकका सम्बन्धमा भनिएका कुराहरू पनि आउने हुनाले यस परिच्छेदमा विस्तृत रूपमा घिमिरेका बाल कवितामा बालकका सम्बन्धमा भनिएका कुराहरू राख्दा भनाइ दोहोरिने भएकोले यहाँ अन्य बाल कवितामा बालकलाई विषयका रूपमा प्रयोग गरिएका केही प्रसङ्ग मात्र देखाइएको छ । 'ध्रुवको कथा' मै फेरि भनिएको छ :

नानी असल बानीले माथि माथि उठीकन
उज्यालो पार संसार ध्रुवतारा तिमी बन

(**घामपानी,** पृ. २०) ।

बालकलाई असल बानीबेहोराले नै मानिस ठूलो बन्दछ भन्ने विषयलाई यी पङ्क्तिहरूमा व्यक्त गरिएको छ । जसरी बालक ध्रुव आफ्ना असल बानीबेहोराले गर्दा ध्रुव तारा बने र आकाशमा चम्किएर संसारलाई नै उज्यालो बनाए, त्यसै गरी तिमीहरू पनि राम्रो बानीबेहोरा सिक, राम्रो बानीले ठूलो मान्छे बन्दै जाऊ र ध्रुवताराले जस्तै संसारलाई उज्यालो बनाऊ भन्ने सन्दर्भद्वारा नै सम्पूर्ण बालबालिकालाई नै राम्रो बानीबेहोरा सिकेर ठूलो मानिस बनेर संसारमा आफ्नो नाम चम्काऊ भन्ने सन्देश यस कविताका उपर्युक्त हरफहरूले दिएका छन् ।

माधव घिमिरेको **घामपानी** बाल कवितासङ्ग्रहको 'मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक' कविताका केही हरफमा पनि बालकलाई विषय बनाइएको छ;

ए मान्छेको बच्चा त
मै जस्तै बन् सच्चा तँ

(**घामपानी**, पृ. ९) ।

एउटा बाखाको पाठाको चञ्चले स्वभावलाई विषयवस्तु बनाएर रचिएको यस बाल कवितामा कविले बाखाको पाठाको माध्यमबाट सम्पूर्ण मानव जातिका बच्चालाई पनि ऊ जस्तै सच्चा बन्न अनुरोध गरेका छन् । मानवेतर प्राणी बाखाको पाठाको चुलबुले स्वभावलाई मानिसको बालकको स्वभावमा आरोपित गर्दै एउटा बाखाको पाठो जसरी म्याँ म्याँ गर्दै यता उता बऱ्याकबुरुक गर्दै उफ्रिन्छ त्यसै गरी बालबालिकाहरू पनि चञ्चले स्वभावका हुन्छन्, उनीहरू पनि बाखाको पाठो जस्तै चकचके हुन्छन् तर बाखाको पाठो जति सच्चा स्वभावको हुन्छ, मानिस पनि त्यस्तै सच्चा बन्न सक्नुपर्छ भन्ने सन्देश सम्पूर्ण मानव जातिका बालकलाई यहाँ दिइएको छ । एउटा मानवेतर प्राणी बाखाको पाठो त सच्चा, छलकपटरहित छ भने चेतनशील प्राणी मनुष्य मात्र किन अरूलाई ढाँट्ने छल्ने, लुच्चो बन्छ, ऊ पनि पाठो जस्तै सच्चा बनोस् भन्ने भाव यसमा पाइन्छ ।

माधव घिमिरेको **घामपानी** (२०५८) सालको संस्करणमा राखिएको अत्यन्त नयाँ कविता 'त्यस्तो हुँदा कस्तो' शीर्षक कविताका केही हरफहरू पनि बालकलाई विषय बनाएर रचिएका छन् । जस्तै :

मैले गाली गर्दा खेरि भाइ रुँदा खेरि
भाइको रूप लिइदिऊँ आफ्नो रूप फेरी

(**घामपानी**, पृ. २०) ।

साना-साना निर्दोष बालकलाई विषय बनाएर भनिएका यी पङ्क्तिहरूमा एउटा बालकले अहिले मनुष्य भएर रहँदा त यति आनन्द छ भने झन् आफूले चाहे जस्तो अवस्थाको बनेर विभिन्न रूप फेर्न पाए कति रमाइलो हुँदो हो भन्ने कल्पना गरेको छ । यस प्रसङ्गमा उसले आकाशमा चरा बनेर उडिरहँदा बाज देखे मान्छे बनेर हिंड्न पाए हुन्थ्यो भनेर अनेक कल्पना गर्दै आफूले गाली गरेर भाइ रुँदा एकछिन मात्र भए पनि आफ्नो रूप फेरेर भाइको

रूप लिई भाइलाई परेका पीर जान्न पाए कस्तो हुन्थ्यो होला, भन्दै मानिसले अरूलाई परेको पीर पनि आफ्नै पीर ठानेदेखि कस्तो हुन्थ्यो होला भन्ने कौतूहल र आश्चर्य यहाँ प्रकट भएको पाइन्छ ।

माधव घिमिरेको तेस्रो बाल कवितासङ्ग्रह **सुनपङ्खी चरी** (२०५३) का बाल कविताहरू प्रायः जसो बालबालिकालाई नै विषयवस्तु बनाएर रचिएका छन् । यस बाल गीतमालामा रहेका तीसवटा बाल गीतहरू विभिन्न उमेरसमूहका बालबालिकालाई ध्यानमा राखेर रचना गरिएका छन्। यस सङ्ग्रहमा प्रकृति, वनस्पति र जीवमण्डलका साथै मानिसहरूका समाज र सम्बन्धको सेरोफेरोलाई अँगालेर लेखिएका विभिन्न शीर्षकका बाल कवितामा बालबालिकालाई विषय बनाइएको छ। जस्तैः सानुभाइ, लोरी, आए फुर्के फुर्की सयपत्री, सक्छु म पनि, हाम्री बहिनी टुल्की, प्रभाती आदि ।

'सानुभाइ' शीर्षक बाल कवितामा शिशु अवस्थाको बालकको चित्रण गरिएको छ। मुखमा भर्खरै दुइटा दाँत टुसाएको एउटा बालकलाई विषय बनाएर लेखिएको यस बाल कवितामा साना बालकका आँखा नै बोलूँ बोलूँ जस्तो हुन्छन्, तिनीहरू सँधै काखमा लिइराखुँ जस्ता हुन्छन् र बेलाबेलामा कुटुनीले हसाउँदा दुइटा दाँत देखाएर हाँस्दा तिनीहरूको हाँसो पनि कति मीठो हुन्छ भन्दै ती साना बाल बालिकाले बोल्ने तत्याङ तुतुङ तोते बोली पनि मीठो हुन्छ भनिएको छ।

'लोरी', 'प्रभाती' शीर्षक बाल कवितामा क्रमैसँग बालकलाई सुताउने र उठाउने कुरालाई विषयवस्तु बनाइएको छ। लोरी बाल कवितामा साना साना बालबालिकालाई सुनाउनका लागि आमाहरूले लोरी भन्ने गरेको लोकजीवनमा प्रचलित परम्परालाई विषयवस्तु बनाइएको छ भने प्रभाती बाल कवितामा बालबालिकालाई बिहान भएपछि उठाउनको लागि फूल उठेर मीठो बास्ना छरिसकेको, घामका किरण पनि किरिमिरी गरी झ्यालबाट नानी उठी कि उठिन भनेर हेरिसकेकाले नानीलाई उठ भनिएको छ। यसै गरी शयपत्री शीर्षक बाल कवितामा साना नानी बालबालिकाहरू सँधैभरि राम्रा हुन्छन्, उनीहरू हिजो पनि राम्रा थिए, आज पनि राम्रा छन् भन्दै साना बालबालिकाहरू सँधै राम्रा देखिन्छन् भन्ने विषयको प्रयोग गरिएको छ। जस्तै :

सानु नानी हाम्री सँधै भरि राम्री

हेर आजै राम्री सम्झे हिजै राम्री ('शयपत्री', पृ. १८)

बालबालिकाहरू सँधैभरि राम्रा हुन्छन् भन्ने भावलाई विषय बनाइएको यस बाल कवितामा बालबालिकाको शान्त र सरल स्वभावले गर्दा उनीहरू सँधै राम्रो देखिने कुराको अभिव्यक्ति गरिएको छ ।

## ३.७ अलङ्कारको रूपमा बालक

साहित्यका सन्दर्भमा अलङ्कार भन्नाले शब्दगत सौन्दर्य र अर्थगत सौन्दर्यका सर्जक तत्व भन्ने बुझिन्छ भने तीमध्येका पनि मुख्य कथ्य अर्थको सौन्दर्यवर्धक तत्वका रूपमा आउने अर्थालङ्कारलाई नै खास अलङ्कार मानिन्छ । माधव घिमिरेका फुटकर कविता, गीत, गीतिनाटक, खण्डकाव्य, कथा, निबन्ध र बाल कविताहरूमा पनि अर्थालङ्कारको सुरम्य प्रयोग पाइन्छ । त्यस क्रममा उनले बालकलाई पनि अर्थालङ्कारको रूपमा ठाउँ-ठाउँमा प्रयोग गरेको भेटिन्छ । यस सन्दर्भमा उनले आफ्नो फुटकर कविता, गीत र गीति नाटकमा बालकलाई पनि कथ्य अर्थको सौन्दर्य बढाउने रूपमा प्रयोग गरेको पाइन्छ भने उनका खण्डकाव्य र कथासङ्ग्रहमा बालकलाई अलङ्कारको रूपमा प्रयोग गरेर रचिएका केही उद्गार पाइन्छन्; जस्तै :

क) बालक उठ्छन् थाङ्नाको बुझो मुखमा कोचेका
अगाडि मुट्ठी बटारी मन्टो पछाडि भाँचेका
(**पापिनी आमा** पृ. ४६)

ख) आमाले हाउ गरेको देखि बालक डराई
जसरी जान्छ, आमाको काखमा आधार नपाई
(**पापिनी आमा** पृ. ४९)

ग) यत्तिमै पूर्व उज्यालो हुन्छ विहानी पखमा
ज्योतिका शिशु मुस्कुराउँछन् धर्तीको काखमा
(**पापिनी आमा** पृ. ५०)

घ) बालक लाखौं उठे झैं लाग्यो माटोमा गाडेका
दूध नै खान नपाईकन आमाले छाडेका
(**पापिनी आमा** पृ. ४८)

माथि उल्लेखित क), ख), ग) र घ) का पङ्क्तिहरूमा बालकलाई अलङ्कारको रूपमा प्रयोग गर्ने क्रममा क) का पङ्क्तिमा बालकका अवस्थाको मनोवैज्ञानिक रूपबाट भ्रान्तिमान्

अलङ्कारको प्रयोग गरिएको छ। पापिनी आमाकी नायिका पापिनी आमाले मसान घाटमा बालकलाई गाड्न जाँदा उसका सामुन्ने मसानमा गाडेका बालकहरू उठेर उसलाई बाटो छेके झैं लागी ऊ भ्रमित भएकी छे। मुखमा थाङ्नाको बुझो कोचिएका र मन्टो बटारेर मारिएका बालकहरू एकाएक मसानबाट उठेर आए झैं उसलाई भान भएको छ। उसले आफ्नो नवजात शिशुलाई मसान घाटमा गाड्न जाँदा उसलाई ती मारिएका शिशुहरूले एकाएक बाटो छेक्न आए झैं भान भएको छ। एउटा पदार्थलाई वा वस्तुलाई अर्कै पदार्थ वा वस्तुका रूपमा बुझियो भने भ्रान्तिमान् अलङ्कार हुन्छ। यहाँ पनि त्यस पापिनी आमाको मनमा दृश्य वस्तुलाई गाडिएका शिशु बौरिएर आएकोको चित्रण गरिएको छ।

माथि ख) का कवितांशमा सन्देह वा संशय अलङ्कारको प्रयोग गरिएको छ। प्रस्तुत वस्तुलाई देखेर अप्रस्तुत वस्तुको सन्देह भएको कुराको वर्णन गर्नुलाई सन्देह वा संशय अलङ्कार भनिन्छ। यसमा पनि आमाले 'हाउ' गर्दा केटाकेटी केही डरलाग्दो वस्तु वा जनावर अगाडि आयो भनेर डराएर आमाको काखमा लुटुपुटिन गए जस्तै त्यो पापिनी आमाले पनि मसानका अनेक बालकहरू एकाएक उठेर उसलाई छोप्न आएको संशयमा परी आफ्नो शिशुलाई पोल्टामा राखेर हिँड्छे भन्ने कुराको चित्रण यहाँ आएको छ।

माथि ग) मा उल्लिखित पङ्क्तिहरूमा रूपक अलङ्कारको प्रयोग भएको छ। रूपक शब्दको अर्थ आरोप गर्नु हो। आरोपको अभिप्राय एउटा पदार्थसँग अर्को पदार्थको अभेद सम्बन्ध देखाउनु हो। उपमान र उपमेयका बिचमा एकरूपता स्थापित गर्नका लागि अभेद सम्बन्ध देखाइँदा रूपक अलङ्कार बन्दछ। यी पङ्क्तिहरूमा बालकलाई ज्योतिका शिशुका रूपमा लिँदै उनीहरू धरतीका काखमा मुस्कुराउँछन् भनेर शिशुलाई ज्योतिमा आरोपित गरिएको छ। यहाँ 'ज्योति' र 'शिशु'लाई अभिन्न देखाई रूपक अलङ्कारको प्रयोग गरिएको छ।

माथि घ) मा उल्लिखित उद्गारमा उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको छ। यसमा माटोमा गाडेका बालक झैं लागेको सम्भावना झल्काई उत्प्रेक्षामा अर्थालङ्कारको प्रयोग गरिएको छ।

माधव घिमिरेको **मनचिन्ते मुरली** कथा सङ्ग्रहको 'मनचिन्ते मुरली' शीर्षक कथामा पनि बालकलाई अलङ्कारका रूपमा प्रयोग गरिएका केही उद्गार पाइन्छन्; जस्तै :

झरीका बालकहरू चारैतिर गीत गाइरहेका छन्।

(पृ. १२)

यस पङ्क्तिमा रूपक अलङ्कारको प्रयोग भएको छ। यसमा बालकलाई झरीका रूपमा आरोपित गर्दै झरी र बालकका रूपमा अभेद सम्बन्ध देखाइएको छ। त्यसैले यसमा रूपक अलङ्कारको प्रयोग गरिएको छ।

यसरी माधव घिमिरेले आफ्ना कतिपय साहित्यिक रचनामा बालकलाई उपमा, रूपक, उत्प्रेक्षाा, सन्देह, भ्रान्तिमा आदि अलङ्कारको रूपमा प्रयोग गरेको भेटिन्छ । यसबाट पनि माधव घिमिरेका मनमा बालकहरूप्रति गहिरो अभिरुचि रहेको कुरा स्पष्ट हुन्छ ।

## ३.८ बालकसम्बन्धी धारणाको अभिव्यक्ति

माघव घिमिरेले आफ्ना काव्यकृतिहरूमा बालकसम्बन्धी धारणाको पनि अभिव्यक्ति दिएको पाइन्छ। उनका फुटकर कविता, गीत, गीतिनाटक, खण्डकाव्य, कथा र निबन्धहरूमा बालकसम्बन्धी धारणा अभिव्यक्त भएका छन्। बालकसम्बन्धी धारणा अभिव्यक्त गर्ने क्रममा उनले कतै 'शिशु', कतै 'बालक', कतै 'बालिका' शब्दको प्रयोग गरेको पाइन्छ।

### ३.८.१ 'किन्नर किन्नरी' गीत सङ्ग्रहमा बालकसम्बन्धी धारणा

माधव घिमिरेले **किन्नर-किन्नरी** गीति संग्रहमा बालकलाई 'शिशुका' रूपमा प्रयोग गरी आफ्ना बाल धारणा प्रकट गरेको पाइन्छ; जस्तैः

झरीबाट लेक व्याँसी निस्किआए कस्तो
रुँदारुँदै सानु शिशु मुस्कुराए जस्तो ।

('बल्ल हिमाल खुल्यो', पृ. २३)

यहाँ बालकलाई शिशुका रूपमा हेरिएको छ । यी पङ्क्तिहरूमा बालकहरूको संवेग क्षणिक हुने भएकोले उनीहरू रुँदारुँदै पनि मुस्कुराउन सक्छन् भनिएको छ। बालकको संवेगात्मक अवस्थाको चित्रण गर्दै झरी परेर रोकिएपछि बादल फाटेर लेक बेसी उज्यालो देखिएजस्तै रुँदारुँदै मुस्कुराएका शिशुहरू पनि त्यस्तै उज्याला वा राम्रा देखिन्छन् भनी यहाँ बालकको हाँसो मनमोहक हुन्छ भन्ने धारणा प्रकट गरिएको छ।

### ३.८.२ गीति नाटकमा अभिव्यक्त बालकसम्बन्धी धारणा

माधव घिमिरेले **अश्वत्थामा, हिमालपारि हिमालवारि** र **देउकी** नाटकमा बालकप्रतिका आफ्ना केही धारणा प्रकट गरेका छन्। उनी **अश्वत्थामा** गीतिनाटकमा लेख्तछन् :

फुल्दथ्यो पहिलो फूल अशोक रूखमा पनि

चल्दथ्यो शिशु विस्तारै आमाको कोखमा पनि

(अङ्क ३, गीत २)

बालकलाई शिशुको रूपमा लिँदै रचिएका यी पङ्क्तिमा अशोकको बोटमा पहिलो पटक फूल फुल्दा जसरी राम्रो देखिन्थ्यो त्यसै गरी आमाको कोखमा शिशु विस्तारै चल्मलाउँदा आमा खुसी देखिन्थिन् । भ्रुण अवस्थामा रहेको शिशु बिस्तारै बढ्दै जाँदा आमा प्रसन्न हुन्थिन् भन्ने धारणा यो पङ्क्तिहरुमा पाइन्छ ।

छोड्छौ बाण तिमी आफू लुकेर क्रूर मृत्युभैँ
शिशुलाई पनी मार्छौं भविष्य पनि जित्छु भैँ ।"

(अङ्क ५, गीत ३, पृ. ५४)

युद्धको समयमा लुकेर बाण हान्दा नाबालक शिशुहरू समेत मारिएका कुराको वर्णन यसमा छ। नाबालक शिशुको हत्या गर्नु हुँदैन भन्ने धारणा यहाँ व्यक्त गरिएको छ। **हिमालपारि हिमालवारि** पनि माधव घिमिरेले रचेको एक उत्कृष्ट गीतिनाटक हो। यस गीतिनाटकमा पनि उनले बालकसम्बन्धी धारणा व्यक्त गरेका छन् ।जस्तै :

"जोगीले देखे स्वर्गकी शिशु धर्तीको धूलोमा
गुफामा राखे नरम न्यानू बुकीको झूलोमा"

(अङ्क १, गीत ३, पृ. ९)

बालकहरू उज्याला राम्रा हुन्छन् । उनीहरू मानिसका सन्तान नभई स्वर्गका देवताका सन्तानभैँ राम्रा हुन्छन् । यस भनाइमा पनि स्वर्गकी कुनै अप्सराले सन्तान जन्माएर धरती लोकमा छोडेर हिँडेकी हुन्छे । एउटा जोगीले त्यो स्वर्गको शिशु भैँ राम्रो बालकलाई पृथ्वीको धुलोमा देख्दछ । त्यसपछि उसले त्यो बालकलाई बचाउन आफ्नो गुफामा बुकी फूलको नरम र न्यानो झुलोमा राख्दछ। स्वर्गका अप्सराबाट जन्मिएका सन्तानहरू पृथ्वीमा छोडिन्थे। त्यस्ता शिशुहरूको अवस्थाको चित्रण गर्दै एउटा जोगीले आफ्नो गुफामा बुकी फूलको नरम झोलुङ्गोमा ती शिशुलाई न्यानो पारेर राखेको प्रसङ्ग यसमा छ। आमाविनाका शिशुहरूको रक्षा गर्नुपर्दछ भन्ने धारणा यहाँ पाइन्छ ।

**बालकुमारी** गीति नाटकमा पनि घिमिरेको बालकसम्बन्धी धारणा अभिव्यक्त भएको पाइन्छ । उनको यस गीति नाटकको गीत ५ मा बालक सम्बन्धी निम्न धारणा पाइन्छ :

फूल हुर्काओ निंदरीमा मुस्कुराउँछ शिशु
कति मिठो गरी हेर्छ पाली हेर पशु
(पृ. ३५) ।

भ्रूण अवस्थाको शिशुलाई राम्ररी हुर्काउन सक्यो भने भोलि ऊ यस धरतीमा मुस्कुराउँछ भन्दै बाल्यावस्थाका शिशुहरूलाई राम्ररी हेरविचार गर्नुपर्छ भन्ने धारणा यसमा पाइन्छ । मानवेतर प्राणी पशुको उदाहरण दिँदै पशुमा त मानिसप्रति दया हुन्छ भने मानिसकै शिशुलाई नाश नगरी राम्ररी हुर्काउनु पर्छ भन्ने प्रसङ्गमा यी भनाइहरू आएका छन् । शिशुको मुस्कान फूलजस्तै कोमल र सुन्दर हुन्छ भन्ने भावलाई व्यक्त गर्न यहाँ पशुको उदाहरण दिइएको छ । बालकलाई शिशुको रूपमा हेरिएका यी पङ्क्तिहरूमा पनि बालकहरू निदरीमा पनि मुस्कुराउँछन् भन्न खोजिएको छ । पशुलाई त राम्ररी हुर्काएर पालेपछि उसले मानिसलाई मायालु आँखाले हेर्छ भने बालकहरू त झन् मायालु र सुकुमार हुन्छन् भन्ने धारणा यहाँ प्रकट गरिएको छ ।

## ३.८.३ फुटकर कवितामा अभिव्यक्त बालकसम्बन्धी धारणा

माधव घिमिरेका **नवमञ्जरी** (१९९४) र **चैतवैशाख** (२०६०) गरी दुईवटा फुटकर कवितासङ्ग्रहहरू प्रकाशित छन् । उनले **नवमञ्जरी** कवितासङ्ग्रहमा बालकसम्बन्धी धारणा खासै अभिव्यक्त गरेको पाइँदैन भने **चैतवैशाख** कवितासङ्ग्रह अन्तर्गत 'राहुल, यशोधरा' बालकाव्यमा मात्र उनको बालकसम्बन्धी धारणा अभिव्यक्त पाइन्छ । उनी त्यहाँ भन्दछन् :

राहुल : फुलिन्न त्यो रुने बच्चा म आफैँ नपुगी त्यहाँ
साना बालकको मर्का बूढाले बुझ्दछन् कहाँ"
(**चैत-बैशाख**, पृ. ७१)

यी पङ्क्तिहरूमा बालकलाई बुझाउन 'बालक' तथा 'बच्चा' दुवै शब्दको प्रयोग गरिएको छ । केटाकेटी वा बच्चाहरूको मनोभावना कोमल हुन्छ र उनीहरू स-साना कुरामा पनि तुरुन्तै रुने अनि तुरुन्तै हाँस्ने स्वभावका हुन्छन् भन्ने सन्दर्भमा उनीहरूका मर्का वा दुःखलाई ठूला मानिसले बुझ्न सक्दैनन् र बालकको सुखदुःखमा बालकले नै साथ दिन्छन् भन्ने आशय यहाँ व्यक्त गरिएको छ । यी कुराको सन्दर्भमा यहाँ बूढा मानिसले साना बालकको मर्का बुझ्दैनन् भन्ने धारणाको अभिव्यक्ति भएको कुरा स्पष्ट हुन्छ ।

## ३.८.४ खण्डकाव्यमा बालकसम्बन्धी धारणा

माधव घिमिरेले आफ्ना खण्डकाव्यहरूमा बालकसम्बन्धी मार्मिक धारणाको अभिव्यक्ति गरेका छन् । उनले पापिनी आमा, गौरी र राजेश्वरी खण्डकाव्यमा नै बालकसम्बन्धी धारणाको विशेष अभिव्यक्ति गरेका छन् ।

### (क) पापिनी आमा खण्डकाव्यमा बालकसम्बन्धी धारणा

**पापिनी आमा** खण्डकाव्यमा माधव घिमिरेले बालकसम्बन्धी अत्यन्त संवेद्य धारणा अभिव्यक्त गरेका छन् । उनले यस खण्डकाव्यमा आफ्नो बालकसम्बन्धी धारणा प्रकट गर्दै भनेका छन् :

भोलिको शिशु मुस्कुराउँछ आजको प्रीतिमा
बैशाखी फूल सपना देख्छ चैतको धर्तीमा

(पृ. ४३) ।

शिशुलाई राम्रो पालनपोषण गरेर हुर्काउन सक्यो भने त्यो शिशुको भविष्य राम्रो हुन्छ भन्ने प्रसङ्ग यसमा उल्लेख गरिएको छ । जसरी चैत महिनाको धरतीमा नै बैशाखी फूलले मगमगाउँदो बास्ना दिएर फुल्ने सपना देखेको हुन्छ, त्यसै गरी आजको प्रीति वा प्यारमा भोलिको शिशु मुस्कुराउँछ । बालकलाई प्रशस्त माया, प्रेम दिएर हुर्काउन सक्यो भने उसको भविष्य पनि उज्ज्वल हुन्छ भन्ने सन्दर्भलाई स्पष्ट पार्न यहाँ बैशाखी फूलको उदाहरण दिइएको छ । वैशाख महिनामा ढकमक्क फुल्ने फूल चैत महिनामा नै राम्ररी मलजल पायो भने मात्र फुल्न सक्छ । भविष्यमा राम्रो बन्ने शिशुलाई बाल्यावस्थादेखि नै उचित स्याहारसुसार र प्रशस्त माया दिनुपर्छ भन्ने धारणा प्रकट गरी कविले यहाँ आफ्नो शिशुपक्षधरता देखाएका छन् ।

त्यसै गरी यस खण्डकाव्यको अर्को ठाउँमा पनि घिमिरेले बालकसम्बन्धी यस्तो धारणा व्यक्त गरेका छन् ।

एउटा सानो बालकलाई हृदय चुसाई
म फेरि मट्टी मनि नै आई मारुँला बिसाइ !

(पृ. ४७)

यी पङ्क्तिहरूमा आफूले जन्म दिएर आफ्नो हृदय चुसाएको बालकलाई फेरि म आफै कसरी त्यसलाई मारेर माटोमा मिलाऊँ भनेर एउटी आमाको हृदय विदारक कहानी प्रस्तुत गरिएको छ । आफूले जन्म दिएका, हृदय चुसाएका साना बालकलाई कसरी आमाहरू निर्दयी भएर आफ्ना

सन्तान मारेर माटोमा गाड्न सक्दछन् र भन्ने विस्मयपूर्ण विचारलाई यहाँ व्यक्त गरिएको छ। नवजात शिशु र सन्तानप्रतिको मातृवात्सल्यको मर्मस्पर्शी अभिव्यक्ति यहाँ गरिएको छ।

**(ख) गौरी खण्डकाव्यमा बालकसम्बन्धी धारणा**

गौरी खण्डकाव्यमा पनि माधव घिमिरेको बालकसम्बन्धी धारणा व्यक्त भएको पाइन्छ। उनी भन्दछन् :

आमा बालककी नमार भगवन् ! संसार भर्ने भए

('मान्छे हो ! यिनलाई प्यार गर है', पृ. ३१)

प्रस्तुत उद्‌गार आफ्ना छोरीहरूले बेहोर्नुपरेको मातृ वियोगको मर्म देखाई मातृविहीन टुहुराहरूको सन्दर्भमा साधारणीकृत गरी रचिएको हो। बालकको मुख्य आधार भनेको उसकी आमा हुन्। आमाविनाका टुहुरा बालबालिकाको जीवन अत्यन्त नीरस र दयनीय हुन्छ। त्यसैले यस उद्‌गारमा यदि संसारलाई परिपूर्ण बनाउने हो भने बालककी आमा नमार भनेर कविले भगवान्सँग बिन्ती गरेका छन्। यसको तात्पर्य के हो भने बालकका निम्ति मातृवात्सल्य महत्वपूर्ण छ र त्यसबाट बालकलाई वञ्चित गरिनु हुँदैन।

**(ग) राजेश्वरी खण्डकाव्यमा बालकसम्बन्धी धारणा**

माधव घिमिरेले **राजेश्वरी** खण्डकाव्यमा पनि बालकसम्बन्धी धारणा अभिव्यक्त गरेका छन्। जस्तै :

मेरो बालकको म हेर्छु मुख हे- धोको छ यै अन्तिम
एकै चुम्बनको निमित्त जसको पर्खीरहेकी छु म

(**छाल १५**, पृ. २९)।

आमाबाट टाढिएका बालकलाई विषय बनाएर भनिएको यस उद्‌गारमा बालक गीर्वाणलाई एक पटक हेरेर मात्र आफू सती जाने कुरा राजेश्वरीले प्रकट गरेकी छिन्। आफ्ना बालक सन्तानहरू सबैका लागि प्यारा हुन्छन् झन् आमालाई त आफ्नो शिशुको अझ धेरै माया हुन्छ। राजेश्वरीलाई सती पठाउन लाग्दाको क्षणमा उल्लेख गरिएका यी पङ्क्तिहरूमा राजेश्वरीले एक पटक मेरो बालक सन्तान (गीर्वाण)को मुख हेर्न देऊ, त्यसै बालकको एक चुम्बनका लागि म पर्खिरहेकी छु भनेर बिन्ती गरेकी छिन्। वास्तवमा प्रत्येक आमाका निम्ति बालक प्रिय हुन्छन् र प्रत्येक आमाहरू आफ्ना बालकको सान्निध्य प्राप्त गर्न तथा शिशुलाई स्नेह सिक्त तुल्याउन आतुर हुन्छन् भन्ने धारणा यहाँ अभिव्यक्त छ। बालकप्रतिको

मातृवात्सल्यको भाव प्रस्तुत गरिएको यस उद्गारमा आमाको मनमा आफ्ना बालकको मुख हेर्ने अन्तिम धोको हुन्छ र आफ्ना बालकलाई चुम्न उनीहरू लालायित रहन्छन् भन्ने भावना व्यक्त गरिएको छ ।

## ३.८.५ 'मनचिन्ते मुरली' कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा बालकसम्बन्धी धारणा

माधव घिमिरेले रचेका कथाहरू 'मनचिन्ते मुरली' कथासङ्ग्रहमा सङ्कलित छन् । यस भित्रका 'अम्बा', 'देवकुमार', 'मनचिन्ते 'मुरली' र 'पाले बा' शीर्षक कथाहरूमा उनका बालकसम्बन्धी धारणा अभिव्यक्त भएका भेटिन्छन्; जस्तै :

"सबै केटाकेटी सुकुमार हुन्छन् किनभने तिनीहरू भर्खरै द्यौताको घरबाट आएका देवकुमार हुन् ।" (**मनचिन्ते मुरली**, 'देवकुमार' पृ. ८-९)

बालकहरू अत्यन्त सुकुमार हुन्छन् र सुकुमार हुनुको कारण तिनीहरू भर्खरै देवताका घरबाट आएका देवकुमार हुनु नै हो भन्ने आशय यस उद्गारमा प्रकट गरिएको छ । यसबाट बाल साहित्यकार माधव घिमिरेका मनमा बालकहरू देवकुमार हुन् भन्ने आदर्श धारणा विद्यमान रहेको सङ्केत मिल्छ । त्यसै गरी उनी 'मनचिन्ते मुरली' कथामा भन्दछन् : "आमाको नजिक पुगेपछि कुन बालक रुन्छ र ? (**मनचिन्ते मुरली** 'मनचिन्ते मुरली पृ १३)

प्रस्तुत उद्गारमा बालकहरूका लागि आमा अत्यन्त प्यारी हुन्छिन् भन्ने भावना अभिव्यक्त भएको छ । यहाँ बालकहरू आफूलाई जति दुःख पीर परे पनि र उनीहरू रोइरहेका भए पनि आमालाई देख्नासाथ रुन छोड्छन् र जस्तो सुकै अप्ठेरो स्थिति आइपरेको भए पनि आमाको नजिक पुगे पछि उनीहरूको त्यो दुःख हट्छ अनि बालकहरू रुन छोड्छन् भन्ने आशयलाई प्रश्न चिह्नको प्रयोग गरी विस्मयपूर्ण ढङ्गले व्यक्त गरिएको पाइन्छ । त्यस बालकको आमा ऊ सानो छँदा नै मरेकी हुनाले उसको बाबुले उसलाई फुल्याउन मुरली ल्याइदिएको हुन्छ । उसलाई तिमी मुरली बजाऊ, मुरली बजाउँदा तिमीले आफ्नी आमालाई पाउँछौ अनि आमाको नजिक पुगेपछि तिमी रुन छोड्छौं भनेर उसका बाबुले भनेका हुन्छन् । त्यसैले आमाको सान्निध्य बालकका निम्ति अत्यन्त महत्वपूर्ण हुन्छ भन्ने धारणा यहाँ पाइन्छ ।

'पाले बा' कथामा घिमिरे भन्छन् : 'बालकको भोलि सप्रन्छ भने आफू मर्न पनि तयार हुनुपर्छ ।' (**मनचिन्ते मुरली,** 'पाले बा' पृ ३०)

बालकको भविष्य राम्रो हुन्छ भने जोसुकैले पनि आफ्नो प्राण त्याग्न पनि पछि हट्नु हुँदैन भन्ने धारणा यहाँ व्यक्त भएको छ । यस धारणाबाट सङ्केत गर्न खोजिएको कुरा के हो भने भावी जीवनलाई सुधार्न बालकको रक्षा एवम् लालनपालनमा ध्यान दिनु पर्छ । बालकको भविष्य सुधार्नतर्फ लाग्दा आत्मबलिदान गर्नै परे पनि पछि हट्न हुँदैन भन्ने धारणा यहाँ अभिव्यक्त भएको छ ।

कथाकार घिमिरेले 'मनचिन्ते मुरली' कथामा यस्तो धारणा पनि प्रकट गरेकका छन् : "जो आफ्नाबारे चिन्ता गर्न जान्दैनन्, त्यस्ता अबोधको चिन्ता लिन पाउँदा आमाहरू गद्‌गद् हुन्छन् ।" (**मनचिन्ते मुरली**, पृ. ११)

अबोध बालबालिकाहरू आफूले खान नपाउँदा, बस्ने बास नपाउँदा यस्तै अन्य विविध समस्याहरू आफूमाथि आइपर्दा पनि त्यो समस्यालाई कसरी समाधान गर्ने भनेर चिन्तित हुँदैनन् र त्यस्ता अबोध बालबालिकाको चिन्ता उनीहरूका आमाहरूले लिएका हुन्छन् । तर आमाविनाका टुहुरा बालबालिकाको चिन्ता लिने आमा नहुँदा पनि उनीहरू आफ्ना बारेमा चिन्ता गर्न जान्दैनन् । यस्ता अबोध बालकका चिन्ता लिन पाउँदा आमाहरू अत्यन्त खुसी हुन्छन् । उनीहरू आफ्ना बालकलाई कसरी राम्रोसँग हुर्काउने, बढाउने, पढाउने र उसका समस्याहरू समाधान गरिदिने भनेर दुःखी हुनुको बदला अबोध बालकका चिन्ता आफूले लिन पाउँदा खुसी हुन्छन् । यस कथांशमा पनि बाबुआमाविनाको एउटा टुहुरो बालक फिरन्ते बनेर मुरली बजाउँदै हिँडिरहेको समयमा एक साँझ एउटा गाउँमा पुग्छ तर ऊ कसको घरमा जाने कहाँ बास बस्ने उसलाई केही पत्तो छैन । एउटी महिलाले उसलाई देखेपछि पनि उसले निश्चिन्तसँग मुरली बजाइरहेको त्यो बालकले आमा भनेर सम्बोधन गर्दा ती महिलाको हृदय पग्लेर आउँछ । साँझको समयमा पनि आफू कुन घरमा बास बस्ने त्यसको टुङ्गो नभएको त्यस अबोधलाई तिनले आफ्नो घरमा लिएर जान्छिन् । आफ्नो सन्तान नभए पनि त्यस बालकले आफूलाई 'आमा' भनेर सम्बोधन गरेको सुनेर उनी गदगद हुन्छिन् । उनको मातृ वात्सल्य उर्लेर आउँछ । उनी त्यस बालकलाई आफ्नो छोरो नभएपनि छोरो सरह ठानेर 'बाबु' भनेर सम्बोधन गर्छिन् । उनी त्यस अबोध बालकलाई आफ्नो घरमा लगेर राख्छिन् । यसबाट अबोध बालकहरूलाई आमाको संरक्षण र स्याहारसुसार चाहिन्छ भन्ने दृष्टिकोण यहाँ अभिव्यक्त छ ।

### ३.८.६ निबन्ध सङ्ग्रहमा अभिव्यक्त बालकसम्बन्धी धारणा

माधव घिमिरेका **आफ्नो बाँसुरी आफ्नै गीत** (२०३०) र **चारु चर्चा** (२०५८) गरी दुईवटा निबन्धसङ्ग्रहहरू प्रकाशित छन् । उनको पहिलो निबन्धसङ्ग्रह **आफ्नो बाँसुरी आफ्नै गीत**मा एघारवटा निबन्धहरू सङ्कलित छन् । त्यसभित्रका सातौं, पाँचौं र नवौं निबन्धमा बालकसम्बन्धी धारणा व्यक्त भएका छन् । तिनमा समाविष्ट बालकसम्बन्धी धारणाहरूलाई तल उद्धृत गरिएको छ :

क) जहाँ एक शिशु मुस्कुराउँछ त्यहाँ अभिप्राय भन्दा पनि परको वस्तु हुन्छ ।
('कवितातत्व', पृ. ३३)

ख) हाम्रो बालक कालको लीलामा एक किसिमको उत्सुकताको लय हुन्छ ।
('सङ्गति, सामञ्जस्य र सहृदयता', पृ. ४०)

ग) कुनै बालकको उत्फुल्ल आँखामा हामी यस्तै उज्ज्यालो अझ राम्ररी हेर्न सक्छौं ।
('सङ्गति, सामञ्जस्य र सहृदयता,' पृ. ४३)

माथिका भनाइहरूमध्ये क) मा शिशुको मुस्कुराहट वा मुस्कानमा आफूले सोचेको भन्दा पनि परको वस्तु प्राप्त हुने कुरा व्यक्त गरिएको छ । शिशुको मुस्कानबाट आशयभन्दा परको वस्तु प्राप्त हुन्छ भन्नुको तात्पर्य शिशुका मुस्कानमा अपार आनन्द निहित हुन्छ भन्नु नै हो ।

ख) मा उद्धृत भनाइमा बालकको बाल्यलीलाको वर्णन गरिएको छ । बालककालमा केटाकेटीहरू अनौठा बानीबेहोरा देखाउँछन् । उनीहरूको त्यो बालक्रीडा ठूला मानिसहरूका लागि उत्सुकताको विषय हुन्छ । बालककालको बाल्यलीलाबाट पनि उत्सुकता प्राप्त हुने कुरा यहाँ उल्लेख गरिएको छ । बाल्यकालको बाललीलामा कुनै नयाँ कुरा जान्ने बुझ्ने एक किसिमको उत्सुकता रहेको हुन्छ भन्ने कुरा यहाँ देखाइएको छ ।

ग) मा उद्धृत अंशमा बालकको प्रफुल्ल वा हँसिलो अनुहार र निश्चल आँखामा उसको सुन्दर भविष्य देख्न सकिन्छ भन्ने धारणा व्यक्त छ । यहाँ बालकको उत्फुल्ल आँखामा उसको उज्यालो भविष्य अझ राम्ररी देख्न सकिन्छ भन्दै बालकहरू उज्याला र हँसिला हुन्छन् भनिएको छ । उनीहरूको हँसिलो मुहारबाट उज्यालो भविष्यको सङ्केत प्राप्त गर्न सकिन्छ । बालकहरू कुनै कुरा ढाँट्न सक्तैनन् । उनीहरू जे कुरा जस्तो रूपमा देख्छन् त्यसलाई जस्ताको तस्तै प्रस्तुत गर्छन् । त्यसैले ती हँसिला अनुहार र निश्चल आँखा भएका बालकको

अनुहारबाट उसको सुन्दर भविष्य देख्न सकिन्छ भनी यहाँ बालप्रवृत्तिको सटीक चित्रण गरिएको छ ।

माधव घिमिरेको दोस्रो निबन्धसङ्ग्रहक **चारु चर्चा** हो । यस निबन्धसङ्ग्रहका प्रत्येक जसो शीर्षकमा बालकसम्बन्धी धारणा व्यक्त भएको पाइन्छ । यस निबन्ध सङ्ग्रहको निम्न लिखित शीर्षकका निबन्धहरूमा माधव घिमिरे बालकसम्बन्धी धारणा अभिव्यक्त गरेको पाइन्छ :

ङ) दुःख पाउनु कति मजा

द्द) भोलि

इ) आफ्नो आत्मामा आफ्नै देश र दिशा ओतप्रोत भइरहेका हुन्छन्

ढ्ढ) वैदिक ऋषिको दृष्टिमा कविता

छ) रमणीय जिज्ञासा र सही समाधान

ट) देवकुमार

ठ) जहाँ प्रश्न शिल्प बन्छ, त्यहीँ उत्तर आनन्द बन्छ

ड) एक्लै बस्दा किन मनमा बाँसुरी बज्न थाल्छ

ढ) सत्य दर्शन

ङण) बालसाहित्य र विज्ञान

ङङ) विद्यार्थी र गुरु कस्तो हुनुपर्छ ?

ङद्द) कविता हराए नेपाल जानु ।

ङइ) प्रश्न नर्वेको उत्तर नेपालको

ङढ्ढ) सुन्दरी नारी काखीमा बच्चा च्यापेर पवित्र बन्छिन् ।

ङछ) हुने विरुवाको चिल्लो पात

ङट) हृदयको प्रथम ध्वनि जगाउने ध्वनि

ङठ) गण्डकीको पानी मिठो भनियो भन्दैमा

ङड) मेरो दृष्टिमा कविता र महाकाव्य

ङढ) सबभन्दा मिठो बोली कुन हो ?

द्दण) पूर्वीय जीवनदृष्टि र महाकाव्य

**दइ)** काव्यात्मक तृप्तिले आखिर आध्यात्मिक तृप्तितिर लैजान्छ ।

उपर्युक्त निबन्धहरूमा परेका बालधारणासम्बन्धी उद्गार तल क्रमशः उद्धृत गरिएका छन् :

**इ)** सुकुमार शिशुलाई आमा देव मन्दिरबाट ल्याएको जीवन्त देवमूर्ति मान्छिन् ('दुःख पाउनु कति मजा', पृ. ९) ।

**द)** प्रत्येक शिशुको स्निग्ध, सुकुमार मुहारमा म भविष्यको सुन्दर संसारको दर्शन पाउँछु ('भोलि', पृ. ११) ।

**ध)** बाली राम्रो अरूको बालक राम्रो आफ्नो ('आफ्नो आत्मामा आफ्नै देश र दिशा ओतप्रोत भइरहेका हुन्छन्', पृ. ३९)

**द्ध)** अ) आमा आफ्नो अबोध सुन्दर बालकलाई देखेर आफैँ छक्क पर्छे-कति सुन्दर र सुकुमार ! यो कसरी मेरो कोखबाट जन्मियो ? ऊ रचनाको भौतिक र प्रक्रियालाई हैन, रचनाको परिपूर्णतालाई देखेर छक्क पर्छे । ('वैदिक ऋषिको दृष्टिमा कविता', पृ. ७५) ।

आ) आमाको कुरा सुनेर बालक पनि हाँस्छ, त्यो हाँसो कति अबोध र कति मुग्ध छ । ('वैदिक ऋषिको दृष्टिमा कविता', पृ. ७५) ।

**छ)** एउटा बालक वन निर्झरमा इन्द्रेनी परेको देख्छ र त्यो के हो भनेर प्रश्न गर्छ । गोठालाले उत्तर दिन्छ- त्यो त भूतले तमाखु खाएको धुँवा हो ('रमणीय जिज्ञासा र सही समाधान', ज्ञान, विज्ञान २०३७, पृ. ८३) ।

**ट)** अ) सबै केटाकेटी सुकुमार हुन्छन् किनभने तिनीहरू भर्खरै द्यौताको घरबाट आएका देवकुमार हुन् ('देवकुमार', पृ. १२३) ।

आ) नअसल बन्न खोज्यो कि, केटाकेटीको मनमा नरमाइलो लाग्छ ।

इ) केटाकेटीलाई नरमाइलो लाग्छ र एकैछिनपछि घरबाट भाग्छन् र घरको पछाडि खेल्न थाल्छन् । ('देवकुमार', पृ. १२३)

**ठ)** अ) मानव शिशुमा जानूँको जिज्ञासालाई नै हामी शिल्पद्वारा उद्घाटित गर्छौं ('जहाँ प्रश्न शिल्प बन्छ, त्यहीँ उत्तर आनन्द बन्छ', पृ. १३०) ।

आ) बालभित्र कौतूहल वृत्ति हुन्छ । त्यसैले गर्दा ऊ जे कुरालाई पनि नयाँ रूपमा देख्छ र विस्मय गर्न थाल्छ-उत्तरको निम्ति थारै र विस्मय विस्तारको निम्ति धेरै प्रश्न गर्छ ('जहाँ प्रश्न शिल्प बन्छ, त्यहीँ उत्तर आनन्द बन्छ', पृ. १३०) ।

इ) बालकलाई एउटा नौलो फूल देख्नुमा पनि आनन्द हुन्छ । ज्ञात सिस्नुलाई मै अज्ञात जस्तो बनाएर सिकाउँदा बालकहरू नयाँ प्राप्ति गर्छन् । वस्तुलाई उसको गुण धर्मबाट चिन्ने चातुरी तिनमा उत्पन्न हुन्छ ।

ई) बालकलाई विस्मय पनि चाहिन्छ, बोध पनि चाहिन्छ र उत्तर पनि चाहिन्छ, आनन्द पनि चाहिन्छ ('जहाँ प्रश्न शिल्प बन्छ, त्यहीँ उत्तर आनन्द बन्छ', पृ. १३१) ।

***ड)*** शिशुको जुन्किरी नजरमा आमाको छातीमा दूधको सिर्का चल्न थाल्दछन् (एकलै बस्ता किन मनमा बाँसुरी बज्न थाल्छ ?, पृ. १३७) ।

***ढ)*** जसको भोलि नै हुन्न त्यसले समुग्ध शिशुको आँखामा भविष्य उदाइरहेको देख्न सक्दैन ('सत्य दर्शन', पृ. १६०) ।

***ण)*** अ) वैज्ञानिकताको धुनमा बालकभित्रको सुकुमार सौन्दर्यचेत मारिन हुन्न ('बाल साहित्य र विज्ञान', पृ. १७३) ।

आ) बालकलाई शुष्क नीरस भाषा कोच्याउने हैन, शिष्ट, मिष्ट भाषा पियाउने हो ('बाल साहित्य र विज्ञान', पृ. १७४) ।

***त)*** अ) जससँग बालकले दिल खोल्छ र जो बालकसँग हारिदिएर पनि महिमामयी बन्छिन् (विद्यार्थी र गुरु कस्तो हुनुपर्छ ? पृ. १८४) ।

आ) निर्दोष बालकले उनको अनुहारमा निर्दोष तरिकाले हेरिरहँदा उनी बालकका ती आँखामा कुनै कुराभन्दा आश्चर्य मानेर सुन्ने, कुनै नयाँ कुरा जान्न खोज्ने खुल्दुली र सधैँ केही जानीराखुँ भन्ने जिज्ञासा बोकेका फूलजस्ता स-साना केटाकेटीलाई उनी कहिल्यै बिर्सन सक्दैनन् ('विद्यार्थी र गुरु कस्तो हुनुपर्छ ?' पृ. १८४) ।

***थ)*** कविता शिशुको मुस्कानजस्तै हुन्छ र त्यसले त्यसै पनि हृदय छुन्छ ।

('कविता हराए नेपाल जानु', पृ. १८९)

***इद)*** म बाल कविता बालकको निम्ति, गीत र कविता सर्वसाधारणका निम्ति र चिन्तनप्रधान कविता प्रबुद्ध पाठकका निम्ति लेख्छु ('प्रश्न नर्वेको, उत्तर नेपालको' पृ. १९३) ।

***इध)*** सुन्दरी नारी काखीमा बच्चा च्यापेर पवित्र बन्छिन् (**चारुचर्चा,** पृ. २१६, २१७) ।

***इछ)*** अ) बालकलाई औँलामा समातेर जीवनको मेलामा लैजानुपर्छ भोलि ऊ आफैँले पनि यात्रा गर्न सक्छ। बाल सहित्यका निर्माता हामीहरू माताजस्तै बालकहरूको मर्म र महिमा बुझ्न सक्ने हुनुपर्छ ('सुन्दरी नारी काखीमा बच्चा च्यापेर पवित्र बन्छिन्', पृ. २१७) ।

आ) बाललीला शिल्पको सङ्केत हो ('हुने विरुवाको चिल्लो पात' पृ. २१९) ।

***इट)*** शिशुमाथि आमाको मायाजस्तै भगवान्प्रति भक्तको भक्तिभावना अहेतुक हुन्छ ('हृदयको प्रथम ध्वनि जगाउने ध्वनि', पृ. २००) ।

***इठ)*** कविको सिर्जनशीलता बालकको बालापनजस्तै चञ्चल र जहाँतहीँ नाच्न सक्ने खालको हुनुपर्छ ।

***इड)*** बालकले सर्वप्रथम मूर्तबाट नै अमूर्तको ज्ञान गर्दछ ('मेरो दृष्टिमा कविता' पृ. २५४) ।

***इढ)*** बालक एक्लै पनि खेलिरहन्छ, सुस्पष्ट शब्दै विना पनि बोलिरहन्छ र खेलौना र पुतलीसँग, ढुङ्गा र माटोसँग पनि संवाद गरिरहन्छ । संसारमा सबभन्दा मिठो कुन हो भनेर सोधे म भन्नेछु-बालकको बोली ('सबभन्दा मिठो बोली कुन हो ?', पृ. २५७) ।

***दण)*** सन्तानहरू बाबुले दिएको उपदेशभन्दा आमाले दिएको उपदेश मान्छन् । त्यो उपदेश वात्सल्य र स्नेहबाट आएको हुन्छ ('पूर्वीय जीवन दृष्टि र महाकाव्य', पृ. ३०५)

***दइ)*** कुनै बालकलाई हेर्दा त्यो बालक आफ्नो नभए पनि हामीलाई सुन्दर लाग्छ ...
('काव्यात्मक तृप्तिले आखिर आध्यात्मिक तृप्तितिर लैजान्छ', पृ. ३१६-१७)

उपर्युक्त उद्धरणहरूमध्ये 'दुःख पाउनु कति मजा' शीर्षक निबन्धमा परेको १) मा उल्लिखित धारणामा माधव घिमिरेले बालकलाई शिशुको रूपमा हेरेका छन् । राम्रा र कलिला

शिशुलाई आमा आफूले जन्माएको सन्तान नभई देवताको मन्दिरबाट ल्याएको जिउँदो देवताको मूर्ति ठान्दछिन् भन्ने आशय घिमिरेले त्यहाँ व्यक्त गरेका छन् । माथि २) मा दिइएको 'भोलि' शीर्षक निबन्धभित्रको उद्गारमा पनि बालकलाई शिशुको रूपमा हेरिएको छ । हरेक शिशुको सफा, उज्यालो अनुहारमा भविष्यको सुन्दर संसार थाहा पाउन सकिन्छ भन्ने आशय उनले यहाँ झल्काएका छन् । माथि ३) मा दिइएको 'आफ्नो आत्मामा आफ्नै देश र दिशा ओतप्रोत भइरहेका हुन्छन्' शीर्षक निबन्धभित्रको उद्गारमा माधव घिमिरेले आमाबाबुको लागि आफ्ना सन्तान वा बालक असाध्यै राम्रा हुन्छन् भन्ने धारणा व्यक्त गरेका छन् । आफूले रोपेको बाली जति राम्रो भए पनि किसानहरू आफ्नो बालीभन्दा साँधको अरूको बाली राम्रो देख्छन् तर केटाकेटीहरूमा चाहिँ आफ्ना बालक जति नराम्रो भए पनि उनीहरूलाई राम्रो लाग्छ । आफ्ना बालकप्रतिको मायाले गर्दा ती बालकहरू आमाबाबुलाई राम्रो लाग्ने धारणा यसमा अभिव्यक्त भएको पाइन्छ ।

माथि ४) अ. मा दिइएको 'वैदिक ऋषिको दृष्टिमा कविता' शीर्षक निबन्धको उद्गारमा बालकहरू अबोध हुन्छन्, उनीहरू राम्रा हुन्छन्, सुकुमार हुन्छन् भन्ने धारणा व्यक्त भएको पाइन्छ । बालकहरू अबोध, सुकुमार र सुन्दर हुने भएकाले उनीहरूलाई जन्म दिने आमाहरू पनि त्यति राम्रा बालकलाई देखेर छक्क पर्छन् र कसरी यति राम्रो बालक मेरो कोखबाट जन्मियो भनेर आश्चर्य मान्दै बालकको बनोटको भौतिक प्रक्रियालाई नभएर रचनाको परिपूर्णतालाई देखेर आमा छक्क पर्छिन् भन्ने कुरो यहाँ व्यक्त भएको छ । ४) आ. को 'वैदिक ऋषिको दृष्टिमा कविता' शीर्षककै निबन्धको उद्गारमा माधव घिमिरेले बालकको हाँसो अबोध र सबैलाई आकर्षित पार्ने खालको हुन्छ भन्ने धारणा व्यक्त गरेका छन् । बालकहरू अबोध हुन्छन् । उनीहरू साना र कलिला भएकाले उनीहरूको कलिलो मस्तिष्कले सबै कुरा बुझ्न सक्दैन तर उनीहरूको हाँसो सबैलाई मुग्ध पार्ने खालको हुन्छ । अबोध बालकको हाँसोले सबैजना आकर्षित हुन्छन् भन्ने त्यही धारणा यहाँ व्यक्त भएको छ ।

माथि ५. मा उल्लिखित 'रमणीय जिज्ञासा र सही समाधान' शीर्षक निबन्धको उद्गारमा बालकको जिज्ञासु स्वभावलाई चित्रण गर्दै बालकहरू जिज्ञासु हुन्छन् भन्ने धारणा व्यक्त भएको छ । बालकहरू अत्यन्त जिज्ञासु स्वभावका हुन्छन् । उनीहरू हरेक नौलो वस्तु देख्नासाथ यो के हो ? कसरी भयो ? यस्ता प्रश्न राख्न थाल्दछन् । ठूला मानिसहरूले उनीहरूलाई झुठो उत्तर दिए भने पनि उनीहरू पत्याउँछन् । इन्द्रेनी परेको देखेर आश्चर्य

मान्दै एउटा बालकले यो के हो भनेर प्रश्न गर्दा गोठालाले भूतले तमाखु खाएको धुवाँ हो भनेर जवाफ दिन्छ । बालकहरू त्यो कुरो पत्याउँछन्, 'भूत' भनेपछि डराउँछन् र उनीहरू नौलो कुरा देख्नासाथ त्यसबारे जान्न उत्सुक हुन्छन् भन्ने धारणा यसमा व्यक्त भएको छ ।

६) अ. मा दिइएका 'देवकुमार' शीर्षक निबन्धको उद्गारमा सबै बालकहरू सुकुमार हुन्छन् भन्ने धारणा व्यक्त भएको छ । बालकहरू देवताका घरबाट आएका देवकुमार भएकाले तिनीहरू राम्रा हुन्छन् भन्ने अभिव्यक्ति यहाँ व्यक्त भएको छ । सबै बालकहरू राम्रा हुने भएकाले तिनीहरू मानिसका सन्तान नभई भगवानका घरबाट आएका भगवानका सन्तान वा देवकुमार हुन् भन्ने धारणा यसमा पाइन्छ । साना बालकहरू सुकुमार, अबोध, हँसिला र निस्कपट, निश्चल हुने भएकाले तिनीहरूलाई मानिसका सन्तान नभई भगवानका सन्तान ठानिएको छ ।

६) आ. मा परेको 'देवकुमार' शीर्षक निबन्धकै अर्को उद्धरणमा केटाकेटीहरू राम्रा नराम्रा दुवैथरी मानिसको सङ्गत गर्छन् तर नअसल बन्न खोज्यो भने उनीहरूको मनमा नरमाइलो अनुभव हुन्छ भन्ने धारणा यहाँ अभिव्यक्त भएको छ । बालकहरू राम्रा मानिससँग सङ्गत गर्दा आफूलाई रमाइलो भएको अनुभव गर्दछन् तर खराब मानिसको सङ्गतले उनीहरूलाई दुःखी बनाउँछ । उनीहरू नअसल वा खराब मानिसले साथी बनाउँदा नरमाइलो अनुभव गर्छन् भन्ने कुरा यहाँ व्यक्त भएको छ ।

६) इ. मा दिइएको 'देवकुमार' शीर्षक निबन्धकै अर्को उद्धरणमा केटाकेटीहरू निर्दोष र सरल हुन्छन् भन्ने धारणा व्यक्त भएको छ । केटाकेटीहरूलाई बाबुआमाको अरूप्रतिको नराम्रो व्यवहारको कुनै मतलब हुँदैन । उनीहरू सबैलाई आफूजस्तै सरल ठान्दछन्, त्यसैले आमाबाबुले अरूसँग झगडा गरेका छन् भने पनि उनीहरू तिनीहरूका छोराछोरीसँग खेल्न जान्छन् । बाबुआमा छिमेकीसँग झगडा गरेर तिनीहरूका छोराछोरीसँग आफ्ना छोराछोरीलाई खेल्न जान रोक्छन्, उनीहरूलाई घिच्याउँदै ल्याएर घरमा थुन्छन् तर केटाकेटीलाई त्यो देखेर नरमाइलो लाग्छ । उनीहरू एकैछिनपछि नै घरबाट भाग्छन् र घरको पछाडि बाबुआमाले नदेख्ने गरी खेल्न थाल्छन् । केटाकेटीहरूमा रिसरागको भावना क्षणिक हुन्छ र उनीहरू खेल्न असाध्यै मन पराउने हुनाले बाबुआमाले रोकेर राखे पनि भागेर खेल्न जान्छन् भन्ने धारणा यसमा व्यक्त भएको छ ।

७) अ. मा दिइएको 'जहाँ प्रश्न शिल्प बन्छ, त्यहीँ उत्तर आनन्द बन्छ' शीर्षक निबन्धका उद्गारमा केटाकेटी वा शिशुहरू जिज्ञासु स्वभावका हुन्छन् भन्ने धारणा व्यक्त भएको छ। केटाकेटी वा शिशुहरूमा हरेक कुरा सिक्ने जिज्ञासा रहेको हुन्छ। उनीहरू हरेक कुराको बारेमा जानकारी लिन खोज्छन्। केटाकेटीका यही जिज्ञासु स्वभावलाई कविहरू शिल्पद्वारा उद्घाटित गर्छन्। उनीहरू बालकका विभिन्न जिज्ञासालाई समाधान गर्ने उद्देश्यले विभिन्न कलाद्वारा तिनीहरूलाई प्रस्तुत गर्दछन्। बालकहरूमा रहेको जिज्ञासु स्वभावलाई कविले आफ्नो रचनाद्वारा उद्घाटित गर्छन् भन्ने यही धारणा यहाँ प्रस्तुत गरिएको छ।

माथि उल्लिखित ७) आ. को 'जहाँ प्रश्न शिल्प बन्छ, त्यही उत्तर आनन्द बन्छ' शीर्षक निबन्धका उद्धरणमा बालकहरूमा नयाँ कुरा सिक्ने जान्ने कौतूहल हुन्छ, त्यसैले उनीहरू जे कुरालाई पनि नयाँ रूपमा देख्छन् र उनीहरू त्यसका बारेमा अनेक प्रश्न गर्न थाल्छन् भन्ने धारणा व्यक्त भएको छ। उनीहरू अरूको उत्तर सुन्नमा ध्यान दिँदैनन् तर प्रश्न भने एकपछि अर्को गर्दै जान्छन्। उनीहरू उत्तरको निम्ति थोरै र विस्मयविस्तारका निम्ति धेरै प्रश्न गर्छन्। बालकमा हुने जिज्ञासु स्वभाव र आफ्नो समस्या समाधान गर्नको लागि उनीहरू अरूले दिएको प्रश्नको उत्तर सुन्नुभन्दा प्रश्न गर्न नै बढी आतुर हुन्छन् भन्ने धारणा यहाँ पाइन्छ।

'जहाँ प्रश्न शिल्प बन्छ', त्यहीँ उत्तर आनन्द बन्छ शीर्षक निबन्धका ७) इ. को उद्धरणमा बाल मनोविनोदका भावनाहरू अभिव्यक्त भएका छन्। यी उद्धरणमा परेका भनाइहरूमा हरेक नयाँ कुरा देख्दा बालकहरू खुसी र आनन्दित हुन्छन् भन्ने धारणाा व्यक्त गरिएको छ। बालसंसार रमाइलो र आनन्ददायक हुन्छ। बालकलाई देखिरहेको र जानिरहेको वस्तु सिकाउँदा पनि त्यस वस्तुको गुण, धर्म, अर्थात् त्यो वस्तुका राम्रो नराम्रो पक्ष र त्यसको उपयोगिता बताइदिनु पर्छ। जानेकै र देखेकै कुरालाई पनि नजानेको र नदेखेको जस्तो गरेर नयाँ तरिकाले सिकाउँदा उनीहरूमा कुनै वस्तुलाई उसको गुण र धर्मबाट चिन्ने चातुरी उत्पन्न हुन्छ। सिस्नुलाई चिनाउनुपर्दा सिस्नु जस्तै अन्य काँढा भएका वनस्पतिलाई देखाएर सिस्नुले पोलेजस्तै यसले पनि घोच्छ भनेर सिकाउँदा उनीहरूमा अन्य काँढा भएका वस्तुलाई देख्दा यो पनि सिस्नु जस्तै हो, यसले पनि घोच्छ भन्ने थाहा हुन्छ। यसरी बालकलाई देखिरहेको वा जानिरहेको कुरा सिकाउँदा पनि नजानेको र नदेखेको जस्तो गरेर नयाँ तरिकाले सिकाउँदा उसमा कुनै वस्तुलाई त्यसको गुण र धर्मबाट चिन्ने चातुरी उत्पन्न हुन्छ भन्ने दृष्टिकोण यस उद्गारमा प्रकट भएको छ।

माथिको ७) ई. मा दिइएको बालकलाई विस्मय पनि चाहिन्छ, बोध पनि चाहिन्छ र उत्तर पनि चाहिन्छ, आनन्द पनि चाहिन्छ भन्ने उद्धरणमा बालकलाई कुनै कुरा सिकाउँदा उसले कतै गल्ती गरेको छ भने त्यो गल्ती औँल्याएर उसलाई त्यस बारेमा अबदेखि गल्ती गर्दिन भनेर विस्मय पनि उत्पन्न गराउनुपर्छ भने उसलाई कुनै कुराको बारेमा जानकारी पनि गराउनु पर्छ भन्ने दृष्टिकोण व्यक्त भएको छ । त्यस्तै बालकलाई एकोहोरो कुनै वस्तु रटाउनु मात्र हुँदैन भन्ने पनि यहाँ झल्काइएको छ । यस्तै बालकहरू जिज्ञासु स्वभावका तिनले हुनाले उनीहरू थोरै सुन्ने र धेरै प्रश्न गर्ने खालका हुन्छन्, त्यसैले तिनले गरेका प्रश्नहरूको उत्तर पनि तिनलाई चाहिन्छ । यसै गरी बालकलाई कुनै नौलो कुरा सिकाउने क्रममा ऊभित्रको रमाइलो पनलाई मेटाउन हुँदैन र उसलाई रमाइलो तरिकाले नयाँ किसिमका ज्ञानहरू दिँदै जानुपर्छ भन्दै बालकमा विस्मय, बोध, उत्तर र आनन्द सबै कुरा हुन्छ भन्ने धारणा यसमा पाइन्छ ।

माथि ८) मा 'शिशुको जुन्किरी नजरमा आमाको छातीमा दूधको सिर्का चल्न थाल्छन्' (एक्लै बस्दा किन मनमा बाँसुरी बज्न थाल्छ) भन्ने उद्धरणमा बालकको निर्दोष, निश्चल र चञ्चले आँखाको हेराइले आमाको छातीमा मायाका भावनाहरू सल्बलाउन थाल्छन् भन्ने धारणा व्यक्त भएको छ । बालकका साना तर तेजिला आँखा रोमाञ्चित बनाउने खालका हुन्छन् । त्यसैले शिशुको जुन्किरी नजरमा आमाको छातीमा दूधका सिर्काहरू चल्मलाएको अनुभव हुन्छ भन्ने भाव यहाँ अभिव्यक्त छ ।

माथि (९) मा उल्लिखित 'जसको भोलि नै हुन्न त्यसले सम्मुग्ध शिशुको आँखामा भविष्य उदाइरहेको देख्न सक्तैन' भन्ने अंशले शिशुहरू नाबालक हुन्छन्, उनीहरू आफैँ सबै कुरा बुझेर ठुला मानिसहरूको जस्तो क्रियाकलाप गर्न सक्दैनन् भन्ने धारणा व्यक्त भएको छ । उनीहरूलाई आफूभन्दा ठुला वा अभिभावकहरूको निर्देशन चाहिन्छ । बालकको भविष्य अभिभावकको हातमा रहेको हुन्छ तर आफैँभित्र हराउने र आफ्नै भोलिका दिनहरू देख्न नसक्ने मानिसले सधैँ हँसिलो र अरूलाई मुग्ध पार्ने बालकको आँखामा उसको भविष्य उदाइरहेको देख्न सक्दैन । जसले आफूलाई नै भुल्छ, आफैँलाई चिन्न सक्दैन उसले अरूको बारेमा पनि केही सोच्न सक्दैन । त्यस्ता अभिभावक वा मानिसले बालकको हँसिलो अनुहार र निर्दोष आँखामा उसको भविष्य उदाइरहेको देख्न सक्दैनन् भन्ने दृष्टिकोण यहाँ प्रकट भएको छ ।

१०) अ. मा उद्धृत 'वैज्ञानिकताको धुनमा बालकभित्रको सुकुमार सौन्दर्यचेत मारिन हुन्न' भन्ने उद्गारमा बालकलाई विज्ञानसम्बन्धी जानकारी दिनुपर्छ तर वैज्ञानिकताका तथ्य, प्रमाण, सूत्र आदि सिकाउने धुनमा बालकभित्र भएको कोमल सौन्दर्यचेत मारिनु हुन्न भन्ने कला सचेत दृष्टिकोण यहाँ व्यक्त भएको छ । बालकको आफ्नै रमाइलो बाल संसार हुन्छ र त्यसमा ऊ स्वतन्त्र भएर हाँस्न र खेल्न पाउनु पर्छ अनि वैज्ञानिकताको चापमा पारेर बालकभित्रको सुकुमार सौन्दर्यचेत मारिनु हुन्न भन्ने धारणा यहाँ आएको छ ।

१०) आ. मा दिइएको 'बालकलाई शुष्क नीरस भाषा कोच्याउने हैन, शिष्ट, मिष्ट भाषा पियाउने हो' भन्ने उद्गारमा बालकहरूलाई रूखो र नीरस भाषा मात्र सिकाउने होइन, उनीहरूलाई पाठ्यपुस्तकको भाषा मात्र सिकाउने होइन, साहित्य पनि सिकाउनुपर्छ भन्ने कुरा झल्काइएको छ । साहित्यको भाषा मनोविनोदपूर्ण हुन्छ र यसले मनलाई रमाइलो बनाउँछ; त्यसैले बालकहरूलाई शिष्ट र मिठो भाषा सिकाउनुपर्छ भन्ने कुरा यहाँ व्यक्त गरिएको हो ।

११) अ. मा परेको 'जससँग बालकले दिल खोल्छ र जो बालकसँग हारिदिएर पनि महिमामयी बन्छिन्' भन्ने उद्धरणमा बालकहरू जिद्दी स्वभावका हुन्छन्, आमाहरूले उनीहरूको जिद्दीको अगाडि हार खाए पनि सधैँ उनीहरूका लागि आमा महिमामयी बन्छिन् । त्यसै गरी गुरु पनि आमाले जस्तै बालकलाई माया दिने स्वभावका हुनुपर्छ । बालकलाई रूखो वचनले गाली गरेर, पिटेर, हप्काएर अनि तर्साएर शिक्षा दिने होइन, उसलाई आमाले जस्तो स्नेह दिएर शिक्षा दिनुपर्छ । बालकहरूलाई घरमा मात्र होइन विद्यालयमा पनि आमाको जस्तै स्नेह दिएर पढाउने शिक्षकको आवश्यकता हुन्छ भन्ने धारणा यहाँ व्यक्त भएको छ ।

११) आ. मा दिइएको उद्धरणमा निर्दोष बालकले गुरुको अनुहारमा निर्दोष तरिकाले हेरिरहँदा गुरु बालकका ती आँखामा कुनै कुराभन्दा आश्चर्य मानेर सुन्ने, कुनै नयाँ कुरा जान्न खोज्ने खुल्दुली र सधैँ केही जानी राखूँ भन्ने जिज्ञासा बोकेका फूलजस्ता स-साना केटाकेटीलाई कहिल्यै बिर्सन सक्दैनन् भन्ने विचार अगि सारिएको छ । केटाकेटीहरू जिज्ञासु स्वभावका, अबोध, निर्दोष र निश्छल अनि फूलजस्तै स-साना तर सुन्दर हुन्छन् र यस्ता जिज्ञासु, कोमल र सुन्दर केटाकेटीलाई आफू कहिल्यै बिर्सन नसक्ने कुरा स्वयम् निबन्धकार घिमिरेले एक गुरुका रूपमा आफ्ना धारणा उल्लेख गरेका छन् ।

१२) मा दिइएको 'कविता शिशुको मुस्कान जस्तै हुन्छ र त्यसले त्यसै पनि हृदय छुन्छ' उद्धरणमा शिशुको मुस्कान सबैलाई प्यारो लाग्ने हुन्छ र उसको निश्छल र निर्दोष मुस्कान जस्तोसुकै कठोर हृदय भएका मानिसलाई पनि हँसाइदिने वा मन पगाल्ने खालको हुन्छ भनिएको छ । जसरी कवितामा कुनै पूर्व निश्चित उद्देश्य हुनैपर्छ भन्ने छैन र यो जस्तो पनि हुनसक्छ त्यसै गरी बालकको अबोध हाँसोले सबैको हृदय हुन्छ । कविताले प्रत्येक पाठकको हृदय छुन सकेजस्तै क्षमता बालकका हाँसोमा हुन्छ । यहाँ कवितालाई बालकको मुस्कानसँग तुलना गरी बालक र कविता उत्तिकै शक्तिशाली र संवेद्य हुन्छन् भनिएको छ ।

१३) मा उल्लिखित 'म बाल कविता बालकको निम्ति, गीत र कविता सर्वसाधारणको निम्ति र चिन्तनप्रधान कविता प्रबुद्ध पाठकको निम्ति लेख्छु' भन्ने उद्धरणमा बाल कविता भन्नासाथै बालकको भावनालाई बुझेर लेखिने कविता भन्ने बुझिन्छ र बालकको इच्छा र चाहना अनुसार उसलाई मनोरञ्जन दिने खालका बाल कविताहरू लेखिनु पर्छ भन्ने विचार व्यक्त भएको छ । सर्वसाधारण मानिसहरूको रूचिअनुसार गीत र कविता लेखिनुपर्छ । सर्वसाधारण मानिस र बालकको रूचि फरक हुन्छ । बालकका निम्ति सरल र मनोरञ्जन दिने कविताको आवश्यकता पर्दछ । उसका खेलजगत्का कुराहरू समेटेर बाल कविता रचना गरियो भने उनीहरू त्यसबाट प्रशस्त मनोरञ्जन लिन सक्छन् भन्ने कुरा यहाँ अभिव्यक्त छ ।

माथि १४) मा परेको 'सुन्दरी नारी काखीमा बच्चा च्यापेर पवित्र बन्छिन्' शीर्षक निबन्धको उद्‌गारमा बालबालिकालाई आफ्नो संस्कृति र रीतिरिवाज सिकाउनुपर्छ र विभिन्न पर्वहरूमा गाइने गीतहरूबारे पनि उनीहरूलाई जानकारी दिनुपर्छ भन्ने धारणा व्यक्त भएको छ । तिहारमा गाइने द्यौसी र भैलो जस्ता गीतले बालबालिकाहरूमा एकआपसमा समूहमा मिलेर काम गर्ने बानीको विकास गराउँछन् । बालकहरूलाई अर्ती उपदेश दिएर कुनै कुरा सिकाउनुभन्दा गीतबाट सिकाउँदा उनीहरूलाई चाख दिएर छिटै सिक्छन् । हाम्रा परिवारिक मान्यताहरूलाई पनि हामी गीतबाट नै बालकलाई सिकाउँछौं । बाल्यावस्थामा गीतबाट नै पारिवारिक मान्यता अथवा परिवारमा आफूभन्दा ठुलालाई मान्ने, साना भाइबहिनीलाई माया गर्ने, गुरुका अर्ती उपदेश मान्ने आदि कुराहरू सिकाउँदै जाँदा भविष्यमा मानव समुदायका आदर्श र सिद्धान्त समेत टिक्न सक्ने बनाउन सक्छौँ । यिनै धारणाहरू उपर्युक्त उद्‌गारमा अभिव्यक्त छन् ।

माथिको १५) अ. मा 'बालकलाई औँलामा समातेर जीवनको मेलामा लैजानुपर्छ, भोलि ऊ आफैँले पनि यात्रा गर्न सक्छ' भन्ने उद्धरणमा बाल साहित्यका निर्माता हामीहरू माताजस्तै बालकहरूको मर्म र महिमा बुझ्न सक्ने हुनुपर्छ भन्ने उद्धरणमा बालकलाई औँलामा समातेर जीवनको मेलामा लैजानुपर्छ अर्थात् बालकलाई आमाबाबुले सही बाटोमा हिँड्न सिकाउनुपर्छ भन्ने दृष्टिकोण प्रकट भएको छ । बाल्यावस्थामा उनीहरूलाई औँलामा समाएर सही र गलत बाटो चिनाएपछि मात्र बालकले कुन कुरा ठिक, कुन बेठिक भनेर छुट्ट्याउन सक्छ । केटाकेटी अवस्थामा उसले सिकेका क्रियाकलापबाट नै ऊ भविष्यमा अगाडि बढ्न सक्छ । बालसाहित्य लेख्ने साहित्यकारहरूले पनि आमाले बालकको मनोभावना बुझेझैँ गरी बाल साहित्यको रचना गर्न सक्नुपर्छ र बाल साहित्यको निर्माता बालकको मर्म र महिमा बुझ्ने बालमाता जस्तै हुनुपर्छ भन्ने धारणा यहाँ प्रकट भएको पाइन्छ ।

१५) आ. को बाललीला शिल्पको सङ्केत हो भन्ने उद्धरणमा यसमा घिमिरले बाल अधिकारको सम्बन्धमा चर्चा गरेका छन् । बालबालिकालाई ठुलाहरूले यस्तो गर यस्ता नगर भनेर आफ्नो अधीनमा मात्र राख्न खोज्नु हुँदैन । बालकलाई उसको बालापन बालकै भएर भोग्न दिनुपर्छ । बालबालिकाहरूको आफ्नै संसार हुन्छ, उनीहरूको संसारमा बालक्रीडा अनि खेलजगत् आफ्नै हुन्छ । बाललीला अति नै आनन्ददायक हुन्छ, बाललीला जस्तो आनन्द केही नभएकोले यस आनन्दबाट बालकलाई वञ्चित गराउनुहुन्न भन्ने धारणा उपर्युक्त उद्गारमा व्यक्त भएको छ ।

माथि १७) मा दिइएको उद्धरणमा कविको सिर्जनशीलता बालकको बालापनजस्तै चञ्चल र जहाँतही नाच्न सक्ने खालको हुनुपर्छ भन्ने टिप्पणी गरिएको छ ।

माथि १८) मा बालकले सर्वप्रथम मूर्तबाट अमूर्तको ज्ञान गर्छ भन्ने उद्धरणमा कविलाई कतिपयले चित्रकवि भनेर आलोचना गरेको सुनिन्छ भनेर **नवपत्रिका**का प्रश्नकर्ता इन्द्रबहादुर देवकोटाले सोधेका प्रश्नको उत्तर दिने क्रममा घिमिरेले आफ्ना कवितालाई हरेक पाठकले हरेक दृष्टिकोणले हेर्ने गरेको भन्ने प्रसङ्गमा बालकको कुरा आएको छ । निबन्धकारले प्रत्येक स्वच्छन्दतावादी कवि प्रकृतिको हात नसमाती आफ्नो कविताको रचना गर्न सक्दैन र स्वच्छन्दतावादी कविहरू प्रकृतिको चित्रण नगरी कविता लेख्न सक्दैनन् भन्ने जवाफ दिएका छन् । केटाकटीलाई सिकाउँदा पहिले उसले जानेका कुरा सिकाएर पछि नजानेका कुरातिर सिकाइन्छ, त्यसै गरी दृश्यचित्रबाट नै कविताको पनि रचना गरिन्छ भनेर घिमिरेले भनेका छन् । यसबाट यहाँ केटाकेटीलाई जानेको कुराबाट नजानेको कुरा सिकाउनुपर्छ भन्ने

आशयलाई शिक्षा शास्त्रीय सरलताबाट जटिलतातर्फको सिकाइसम्बन्धी मान्यतामा आधारित भएर व्यक्त गरिएको छ ।

माथि १९) मा परेको 'बालक एक्लै पनि खेलिरहन्छ.... संसारमा सबभन्दा मिठो कुन हो भनेर सोध म भन्नेछु-बालकको बोली' भन्ने उद्धरणमा बालकको बोली सबभन्दा मिठो र प्यारो लाग्ने हुन्छ भनिएको छ । बालकको बोली सुनेपछि स्वयम् सरस्वती पनि काखको वीणा भुइँमा राखेर त्यसैसँग गाउन थाल्छिन् भन्दै निबन्धकारले संसारमा रमाइलो बाललीला हो भनेका छन् । बालक साथीविना पनि एक्लै खेल्ने, बोल्न नसके पनि एक्लै कराउँदै खेल्ने गर्दछन् । यसै गरी आफ्ना खेलौना र पुतलीसँग पनि ढुङ्गोमाटोसँग पनि उनीहरू एक्लै बोलिरहेका हुन्छन् । त्यसैले बालकको बोली मिठो हुन्छ । बालसाहित्यको सिङ्गो सिद्धान्त नै 'सबभन्दा मिठो बोली कुन हो' शीर्षकको लघु निबन्धमा पाइन्छ । माधव घिमिरेले बालकको बोलीलाई सबभन्दा मिठो बोलीको रूपमा चित्रण गरेका छन् । बाललीलालाई उनले संसारको सबभन्दा रमाइलो मानेका छन् । बालकको खेल, बोलाइ, संवाद, गाना, भाकाका साथै उनीहरूका मनमा पैदा हुने प्रश्न, आश्चर्य जिज्ञासा र सिर्जनशीलताको महिमागान उनले यस निबन्धमा गरेका छन् । गाउँदै खेलिरहने र खेल्दाखेल्दै बोलिरहने, त्यसै त्यसै रमाउने बालकको लीला नै भोलिको सिर्जनाको शिल्प हो भन्ने निचोड यस निबन्धमा पाइन्छ ।

माथि २०) मा दिइएको 'सन्तानहरू बाबुले दिएको उपदेशभन्दा आमाले दिएको उपदेश मान्दछन् । त्यो उपदेश वात्सल्य र स्नेहबाट आएको हुन्छ' भन्ने उद्‌गारमा बालकहरू बाबुसँगभन्दा आमासँग बढी समय बिताउँछन् भन्ने संवेदना व्यक्त भएको छ । उनीहरू आफ्ना हरेक कुरा आमासँग भन्ने हुनाले बाबुसँगभन्दा आमासँग बढी नजिक हुन्छन् । आमाले उनीहरूलाई गाली गरे पनि त्यो गालीमा ममता भरिएको हुन्छ । आमाले उनीहरूलाई अर्ती उपदेश दिँदा ममता र वात्सल्य भरिएको हुन्छ र बालकले छिटै मान्छ तर बाबुको अर्ती उपदेश उसलाई आदेशजस्तो गरी दिइएको हुन्छ र आमाले दिएको जस्तो मायालु वचनले भरिएको हुँदैन, त्यसैले सन्तानहरू बाबुले दिएको उपदेशभन्दा आमाले दिएको उपदेश बढी मान्दछन् । आमाले उनीहरूलाई फकाएर मायालु बोलीले अर्ती उपदेश दिने हुँदा केटाकेटीहरू आमाको वात्सल्य र स्नेहबाट निस्केको उपदेश मान्छन् भन्ने मार्मिक धारणा यहाँ प्रकट भएको छ ।

माथि २१) अ. मा परेको 'कुनै बालकलाई हेर्दा त्यो बालक आफ्नो नभए पनि हामीलाई सुन्दर लाग्छ । त्यस बेला त्यसको सौन्दर्यले हाम्रो आत्मालाई छुन्छ' भन्ने उद्‌गारमा बालकहरू अबोध र सुन्दर हुन्छन् र उनीहरूको निश्छल हाँसो एवं कोमल अनुहारले गर्दा कुनै

बालक आफ्नो नभए पनि हामीलाई राम्रो लाग्छ भन्ने विचार व्यक्त भएको छ । बालकको सौन्दर्यले हाम्रो आत्मालाई छुन्छ र ऊ हामीलाई राम्रो लाग्छ । अबोध शिशुहरूको हँसाइ र उसको मुखाकृतिको सौन्दर्यले आफन्तलाई मात्र नभई पराइलाई पनि आकर्षित पार्छ भन्ने धारणा व्यक्त गरिएको छ । आफूसँग आत्मीयता भएको वस्तुलाई त हामी सुन्दर नै देख्छौँ तर आत्मीयता नभएका अपरिचित बालकहरू पनि सबैका लागि सुन्दर हुन्छन् भन्ने सौन्दर्य चेतना यहाँ प्रकट भएको छ ।

माथि २१) आ. मा दिइएको 'कुनै खेलौना लिएर खेलिरहने शिशुजस्तै पनि हुन्छ, त्यो बेला खेलौना नै मेरो प्रिय बन्छ र दृश्यले नै भगवान्को रूप लिन्छ भन्ने उद्गारमा केटाकेटी खेलौना भनेपछि हुरुक्क हुन्छन् र उनीहरू खेलौना पाएपछि आफूलाई भोक नलागुन्जेल त्यही खेलौनासँग खेलिरहन्छन् अनि उनीहरूको लागि साथी नै खेलौना हुन्छ र उनीहरू त्यही खेलौनासँग बोल्छन्, हाँस्छन, रिसाउँछन्, रुन्छन् र कहिलेकाहीँ त त्यसलाई फाली पनि दिन्छन् भन्दै उनीहरूको लागि खेलौना नै प्यारो हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ ।

माधव घिमिरेले फाटफुट रूपमा विभिन्न पत्रपत्रिकामा पनि बालकसम्बन्धी धारणा प्रस्तुत गरेका छन् । त्यसमध्ये **नागरिक** (२०७१।१।२९) मा उनले दिएको अन्तर्वार्ताका अनुसार गिरदेखि क्रिकेटसम्म आइपुग्दा बच्चाहरूको खेलमात्र होइन, व्यवहारमा पनि धेरै परिवर्तन आइसकेको छ । भौतिक विकास र समाज परिवर्तनले बालकहरूको हुर्कने वातावरणमा असर गरिरहेको छ । भौतिक प्रविधिको विकास र समाजमा आएको परिवर्तनको कारण बालकहरूको हुर्काइ, शिक्षादीक्षा र लालनपालनले समाजमा जेजस्तो परिवर्तन आएको छ त्यसले बालकहरूलाई पुरानो सामाजिक, पारिवारिक संस्कृतिबाट टाढा पुऱ्याई नयाँ भौतिक प्रविधिका नजिक पुऱ्याएको छ भन्ने दृष्टिकोण घिमिरेले त्यहाँ व्यक्त गरेका छन् । मानव सभ्यताको विकासमा आएको भौतिक परिवर्तनको असर बालकहरूमा पर्ने कुरा उनले स्वीकारेका छन् ( न्यौपाने, २०७१)

## ३.९ निष्कर्ष : घिमिरेका बालधारणा र बाल कविताका बिचको सहसम्बन्ध

माधव घिमिरेले आफ्ना साहित्यिक रचनाहरूमा बालकको प्रयोग विभिन्न सन्दर्भमा गरेका छन् । उनले आफ्ना रचनाहरूमा जहाँ एकातर्फ बालकलाई विषयवस्तुका रूपमा प्रयोग गरेका छन्, त्यहीँ अर्कातर्फ मुख्य विषयवस्तुगत अर्थलाई चमत्कृत पार्न बालकलाई अलङ्कारका रूपमा पनि प्रयोग गरेका छन् । यसै गरी उनले बालक एवम् बाल जीवनका सम्बन्धमा आफूले आर्जेका भावना, विचार, अनुभव, ज्ञान आदिका आधारमा बनेका जे-जस्ता

धारणा प्रकट गरेको पाइन्छ, ती निकै महत्वपूर्ण छन् । उनले ठाउँठाउँमा बालक र बालजीवनका सम्बन्धमा व्यक्त गरेका धारणाअनुसार सौन्दर्य, सुकुमारता, सुकोमलता, निश्छलता आदि बालकका विशेषता हुन् र ती बालक धर्तीमा अवतरित देवकुमारतुल्य नै हुन्छन्, अनि बालजीवन ज्यादै सरल, सरस र उल्लासमय हुन्छ भन्ने धारणा पनि व्यक्त गरेका छन् । गाउनु, नाच्नु, उफ्रनु, खेल्नु र आफू रम्दै अनि अरूलाई पनि रमाउँदै सबैका आँखाको नानी हुनु बालस्वभावको मोहकता हो भन्ने पनि उनले देखाएका छन् । बालजीवनप्रतिको त्यही मोहक आकर्षण र बालकका सुकोमलता एवम् चञ्चलता र क्रीडनशीलताप्रतिको स्नेह तथा चासोका कारणले नै उनले बालकका निम्ति मनोरञ्जनप्रद र शिक्षाप्रद समेत लाग्ने सौन्दर्यपूर्ण बाल कविता रचेका हुन् । यस्ता बाल कविता रच्दा उनी स्वयम् बालकतुल्य बन्ने गरेको कुरा पनि उनी आफैंले बताएका छन् । माधव घिमिरेका अन्य साहित्यिक कृतिमा अभिव्यक्त बालकसम्बन्धी धारणा उनका बालक कविताहरूमा पनि पाइन्छन् । घिमिरेका बाल कवितामा पनि बालकलाई 'जूनजस्ता', 'फूलजस्तो', 'आँखाको नानी'जस्तो उपमा दिएको पाइन्छ । समग्रमा उनलाई बालक प्यारा लाग्दछन्; त्यसैले उनले बालकलाई मन पर्ने खालका सुन्दर बाल कविता लेखेका छन् ।

## परिच्छेद : चार

# माधव घिमिरेका बाल कविताहरूको विश्लेषण

प्रस्तुत शोधको मुख्य विषय **माधव घिमिरेको बाल कविताका प्रवृत्ति** हो। यस विषयसँग सम्बन्धित ज्ञान पहिल्याउने क्रममा यसअघिका परिच्छेदहरूमा उनको बाल कवितायात्राका साथै उनले आफ्ना विविध विधाका रचनाहरूभित्र गरेको बालचित्रण समेत माथि समेत प्रकाश पारिसकिएको छ। उनका बाल कविताका प्रवृत्तिको निर्क्योल गर्न उनले रचेका बाल कविता सङ्ग्रहको विश्लेषण गर्नु आवश्यक हुने भएकाले प्रस्तुत शोधको पहिलो परिच्छेदमा निर्दिष्ट सैद्धान्तिक ढाँचाअनुसार उनका प्रकाशित **घामपानी**, **बाललहरी**, **सुनपङ्खी चरी** र **बिजुले र बिजुला**जस्ता चारवटा बाल कविता सङ्ग्रहको र केही फुटकर बाल कविताको विश्लेषण यस परिच्छेदमा क्रमशः गरिएको छ।

## ४.१ 'घामपानी' बाल कविता सङ्ग्रहका बाल कविताहरूको विश्लेषण

माधव घिमिरेले रचेका बाल कविताहरूको प्रथम प्रकाशित सङ्ग्रह **घामपानी** हो। यसको पहिलो प्रकाशन २०११ सालमा नेपाली भाषा प्रकाशिनी समितिद्वारा भएको थियो। त्यसपछि २०१२ सालमा स्वयम् कवि घिमिरेले उनका साथी जयाप्रसादजी र काशीराजजीको आर्थिक सहयोगबाट यो पुस्तक छपाएका थिए (घिमिरे, २०१२, पृ. ङ)। त्यसपछि **घामपानी** बाल कविता सङ्ग्रहका २०१८ सालमा पाँचौं र २०२९ सालमा बाहौं संस्करण प्रकाशित भएको उल्लेख भानुभक्त पोखरेलले **घामपानी** २०२९ को भित्री पृष्ठमा उल्लेख गरेका छन्। **घामपानी** २०५८ सालमा प्रकाशित भएपछि यो फेरि प्रकाशन भएको पाइएको छैन। **घामपानी** २०१२, २०२९ र २०५८ का प्रति मात्र प्राप्त भएकाले र तीमध्ये २०२९ र २०५८ सालमा प्रकाशित घामपानीमा समाविष्ट कविताहरू एउटै देखिएकाले यस शोधमा **घामपानी** २०१२ र **घामपानी** २०५८ को मात्र विश्लेषण गरिएको छ।

**घामपानी** २०१० को प्रकाशनका सन्दर्भमा विभिन्न विद्वान्हरूका बिच मतमतान्तर पाइन्छ। **घामपानी** २०१२ को भूमिकामा लेखक स्वयम्ले 'यो किताब २०११ सालमा नेपाल भाषा प्रकाशिनी सङ्घबाट छापिएको थियो भनेर उल्लेख गरेको पाइन्छ' (घिमिरे, २०१२)। तर नेपाली बाल साहित्यको इतिहासमा बाल साहित्यकारहरूको परिचय दिने क्रममा प्रमोद प्रधान

(२०५८) ले 'माधव घिमिरे' शीर्षकमा माधव घिमिरेको पहिलो बाल कविताको रूपमा **घामपानी** २०१० सालमा प्रकाशित भएको कुरा उल्लेख गरेको पाइन्छ । **घामपानी** २०१० वा २०११ सालमा प्रकाशित पुस्तक कतै उपलब्ध नभएको हुँदा यस शोधमा **घामपानी** २०१२ लाई नै प्रथमतः विश्लेषण गरिएको छ ।

**घामपानी** २०१२ मा सोह्रवटा बाल कविताहरू सङ्कलित छन्। यस सङ्ग्रहमा सङ्कलित ती सोह्रवटा कविताहरू यस प्रकार छन् :

**घामपानी २०१२**

ज्ञ) घामपानी
द्द) धुन
घ) भोटे सेलो
द्ध) बाल लहरी
छ) पानी पर
ट) ढिकी र जाँताको सवाई
ठ) गुलेली
ड) बस बस मौरी
ढ) कमिला रानी
ज्ञण) म के हुँ
ज्ञज्ञ) झकझके
ज्ञद्द) डोको
ज्ञघ) हिमचुली
ज्ञद्ध) नदी
ज्ञछ) खेलौना
ज्ञट) ध्रुवको कथा

**घामपानी २०५८**

ज्ञ) घामपानी
द्द) धुन
घ) तारा
द्ध) भोटे सेलो
छ) पानी पर् पानी पर्
ट) बाल-लहरी
ठ) भँगेरा र भँगेरी
ड) मै मिरिमिच्चे म्याँ म्याँ बुक्
ढ) उठ् पूता दिउल पुग्यो !
ज्ञण) ढिकी र जाँताको सवाई
ज्ञज्ञ) नर्कटको घोडा
ज्ञद्द) गुलेली
ज्ञघ) यो घर कसको आलेको
ज्ञद्ध) बस बस माहुरी
ज्ञछ) पुतली
ज्ञट) कमिला-रानी
ज्ञठ) त्यस्तो हुँदा कस्तो
ज्ञड) भकभके
ज्ञढ) डोको
द्दण) हिमचुली
द्दज्ञ) नदी

**द्दद्द)** चिप्लेकीरो

**द्दह)** खेलौना

**द्दद्ध)** राष्ट्रिय गीत

यी बाल कविताहरुको विश्लेषण तल क्रमशः गरिएको छ ।

### ४.१.१ 'घामपानी' बाल कविताको विश्लेषण

माधव घिमिरेद्वारा रचित **घामपानी** बाल कविता सङ्ग्रहमा सङ्कलित बाल कविताहरूमध्ये 'घामपानी' शीर्षक कविता पहिलो बाल कविता हो । यो बाल कविता 'घामपानी घामपानी' भन्ने लोकलयको पङ्क्तिबाट प्रारम्भ गरिएको छ । धरतीको जीवन स्वर्गबाट प्रारम्भ हुन्छ, एउटा बीजको रूपमा त्यो माटोमा बस्छ, पालुवामा झुल्छ र फूलमा मुस्कुराउँछ अनि त्यो मुस्कान देखेर पुतलीहरू आकर्षित हुन्छन् भन्दै कविले यस कवितामा बालजीवनको कथालाई प्रकृतिको माध्यमबाट प्रकट गरेका छन् । यस कविताको उठान घामपानीलाई आकाशकी रानीको रूपमा स्त्रीत्वविधान गरिएको प्रसङ्गबाट भएको छ । घामपानीलाई एउटी आकाशकी रानीको रूपमा हेर्दै घामपानी परेपछि बिरुवा उम्रने, ती घामपानी थोप्लाबाट खसेर भुइँभित्र पस्ने कुराको बयान यसमा गरिएको छ । प्रकृतिको क्रममा पहिले पानी पर्ने, त्यसपछि त्यो पानी माटोभित्र पस्ने, त्यसपछि नयाँ पालुवा आउने र फूल फुल्ने अनि फूल फुलेपछि मात्र पुतलीहरू कुरा गर्न आउने कुराको अनौठो कल्पना कविले यसमा गरेका छन् ।

घामपानी घाम-पानी आकाशकी रानी
थोप्लाबाट खस्छिन् भुइँभित्र बस्छिन्

पालुवाको झूलमा
मुस्कुराउँछिन् फूलमा

पुतलीका साथ
गर्छिन् मीठा बात

(**घामपानी**, पृ. १)

यसरी प्रकृतिलाई जीवन्त तुल्याएर फूल मुस्कुराएपछि पुतलीहरू फूलसँग खेल्न आएको कुरा देखाएकोले यो कविता रोमाण्टिक वा स्वच्छन्दतावादी भावनाले भरिएको छ । परमतत्व धरतीमा अवतरित हुन्छ र त्यसले सबैलाई प्रभावित पार्छ अनि आफूतिर खिच्छ भन्ने सार उनका हरेक कवितामा पाइन्छ र यसमा पनि छ । आकाशकी रानीको रूपमा देखापरेकी ती घामपानी थोप्लाबाट खस्ने अनि भुइँभित्र पस्ने र तिनी पालुवारूपी झुलमा बसेर फूलभित्र मुस्कुराउने र पुतलीका साथमा बसेर मिठो कुराकानी गर्ने कुराको उल्लेख यस कवितामा पाइन्छ । यस कविताको उद्देश्य बालकलाई मनोरञ्जन दिनुका साथै प्रकृतिमा आउने परिवर्तनका बारेमा जानकारी गराउनु हो ।

घाम र पानी दुई विपरीतार्थक तत्व सँगसँगै देखापरेको प्राकृतिक पर्यावरणलाई देखेर बालबालिकाहरू रमाएको प्रसङ्गलाई विषयवस्तु बनाई यो कविता रचिएको छ । यस कविताको उठान घामपानीलाई आकाशकी रानीका रूपमा स्त्रीत्व विधान गरिएको प्रसङ्गबाट भएको छ । घापमानीको वातावरणसँग सम्बद्ध यो कल्पना बालकहरूका निम्ति निकै मनोहर भएको छ । बालकले प्राकृतिक पर्यावरण घामपानीलाई पनि मानवीय स्वरुपमा हेरेर घामपानीलाई आकाशकी रानीको रुपमा कल्पना गरेको छ र ती रानी पालुवाको झुलमा र फूलमा मुस्कुराउँछिन् भनेर यस कवितामा बालकलाई मनोरञ्जनका साथै प्रकृतिका वस्तुलाई पनि बालकले मानवकै रूपमा कल्पना गर्छ भन्ने कुरा देखाउनु यस कविताको उद्देश्य हो ।

प्रस्तुत कविताको उक्ति कवि स्वयम्का तर्फबाट गरिएको हो र त्यस उक्तिलाई उनले बालोक्तिका रूपमा प्रस्तुत गरेका छन् । एक बालकले घामपानीको दृश्य देख्दा जेजस्तो सौन्दर्यपरक कोमल कल्पना गर्नु सम्भव छ; त्यसैको आलङ्कारिक उक्ति यस कवितामा गरिएको छ । त्यस क्रममा यहाँ व्यक्तिविधान (घामपानीलाई रानीका रूपमा स्त्रीत्व विधान) र रूपक अतिशयोक्तिजस्ता अर्थालङ्कारहरूको स्वाभाविक प्रयोग गरी यस कविताको उक्तिढाँचालाई रमणीय बनाइएको छ । आकाशकी रानीरूपी घामपानी पालुवाको झुलमा र फूलमा मुस्कुराउँछिन् भनेर यसमा रूपक अलङ्कारको प्रयोग गरिएको छ । यसै गरी 'थोप्लाबाट खस्छिन्' र 'भुइँभित्र बस्छिन्' भनेर घामपानीलाई नारीका रूपमा मानवीकरण गरी चित्रण गरिएको छ । वक्ताको कोणबाट गरिएको घामपानीको वर्णन र घामपानीलाई आकाशकी रानीको रूपमा गरिएको चिनारी आलङ्कारिक र काल्पनिक छ भने त्यो चिनारी बालकका निम्ति घतलाग्दो देखिन्छ ।

प्रस्तुत कवितामा जम्मा दुई दुई हरफका छोटा छोटा चार श्लोक रहेका छन् । प्रत्येक हरफमा ६।६ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग यसमा गरिएको छ । वर्णयोजनागत आन्तरिक अनुप्रास र अन्त्यानुप्रासीय रम्यता, शब्द प्रयोगगत सुबोध्यता, वाक्यरचनागत सरलता आदिले यस कवितालाई निकै आकर्षक बनाएका छन् । कवितामा घ्, म्, प्, न्, क्, ल्, र् जस्ता शब्दको बारम्बार पुनरावृत्तिले आन्तरिक अनुप्रास मिलाइएको छ भने 'पानी-रानी', 'खस्छिन्-बस्छिन्', 'झुलमा-फूलमा', 'साथ-बात' जस्ता अन्त्यानुप्रासको प्रयोगले पनि यस कवितालाई रमणीय बनाएको छ ।

छोटा छोटा सरल वाक्यको प्रयोग गरेर लेखिएको प्रस्तुत बाल कवितामा सरल वाक्य ढाँचाको प्रयोग पाइन्छ । त्यसैले यसको शैली सजिलो र रसिलो बनेको छ । वाक्यगत पदलोप र पदक्रमगत विचलनको भाषिक शैलीगत त्यस्तो प्रवृत्ति पनि यस कवितामा पाइन्छ जुन कविता तथा गीतको शैलीगत रम्यताको पहिचान नै हो ।

वास्तवमा घामपानीका सम्बन्धमा बनेका बाल लोकगीतहरू नेपाली लोक जीवनमा प्रसिद्ध छन् र त्यस्तै खालका बाल लोकगीतका उत्प्रेरणामा माधव घिमिरेले रचेको यो 'घामपानी' उनको मौलिक बाल कविता हो । यसले घामपानीको दृश्य देख्दा बालकका मनमा पैदा हुने खालका विचित्र कल्पनाको रमणीय चित्रण गरी बालक तथा प्रकृतिको निकटतालाई राम्ररी झल्काएको छ । यी सबै कुराका सन्दर्भमा प्रस्तुत बाल कविता ६-१० वर्ष उमेर समूहका बालबालिकाका निम्ति बोध्य रही उपयोगी हुने देखिन्छ ।

### ४.१.२ 'घुन' बाल कविताको विश्लेषण

'घुन' कवितामा भर्खर अक्षर सिकेका बच्चाहरू प्रकृतिमा पनि त्यही रूप देख्छन् र प्रकृतिले पनि अक्षर लेखेको, मेटेको कल्पना गर्छन् भन्ने कवि कल्पनाको चित्रण गरिएको छ । घिमिरेले बालक कालमा आफ्नो घरभन्दा माथि गाउँ जाने बाटो डाङ्डुङे 'ड' जस्तो देखेका र बालक कालमा आफूले देखेको दृश्यलाई परिपक्वको चिन्तनमा पुगेपछि 'घुन' कविता बनाई लेखेको उल्लेख गरेका छन् ।

'घुन' शीर्षक बाल कविता काठमा घुनले पारेका अक्षरलाई विषयवस्तु बनाई रचिएको छ । त्यस विषयवस्तुलाई थरीथरीका कल्पनाको चित्रणद्वारा यस कवितामा फैलाएर व्यक्त गरिएको छ । प्रथमतः यस कवितामा काठमा परेको धर्का देखाउन कसैलाई (बालकलाई) मुख यता फर्काऊ भनी आग्रह गरिएको छ । त्यसपछि त्यो काठमा कसले अक्षर पाऱ्यो भन्ने प्रश्न

उठाई त्यो अक्षर पार्ने कालोकालो घुन हो भन्ने उत्तर पनि दिइएको छ । यसपछि त्यस काठमा परेको अक्षरलाई चिनाउने प्रसङ्गमा डाँडाकाँडा के जस्तो छ भनी प्रश्न गरी त्यो डाँडाकाँडा डाङ्डुङे 'ड' जस्तो छ भन्ने उत्तर मिठो रूपमा प्रस्तुत गरिएको छ । यसै गरी वर्णमालामा चिनाइने चन्द्रविन्दुलाई चन्द्रमाका आकारको र शिरविन्दुलाई सारा तारा जस्तो हुन्छ भन्ने रूपमा चिनाइएको छ। यस कविताका अन्त्यमा दिनमा र रातमा आकाशको पाटीमा घामछायाको अक्षर ईश्वरले नै लेख्छन्, मेट्छन् भन्ने स्वच्छन्दतावादी रहस्यवादी आदर्श कल्पनाको अभिव्यक्ति गरिएको छ । जस्तैः

आकाशको पाटीमा
दिनमा र रातीमा
घाम छायाको अक्षर
लेख्छन् मेट्छन् ईश्वर ।

(**घामपानी**, पृ. २)

यसले गर्दा प्रस्तुत कविता बालकमा रहस्य चेतना भर्ने उद्देश्यले लेखिएको देखिन्छ । अक्षरका लेखाइ र मेटाइको अन्तिम नियामक ईश्वर नै हो भन्ने स्वच्छन्दतावादी आदर्शवादी विचारधाराको अभिव्यक्ति यसमा गरिएको भए पनि यो कविता बालकका अक्षर लेखाइ र सिकाइका प्रारम्भिक अभ्याससँग नै जोडिई बालकोचित बनेको छ । बालकहरूको अक्षर सिकाइको प्रक्रियालाई रोचक तरिकाले चित्रण गर्नु यस कविताको उद्देश्य हो ।

प्रस्तुत कवितामा सात-सात अक्षरको समानुपातिक वितरण गरिने छोटोछरितो नेपाली लोकलयको सुमधुर प्रयोग गरिएको छ । यस कवितामा जम्मा बाह्र हरफका छोटा-छोटा ६ श्लोक छन् । वर्णयोजनागत आन्तरिक अनुप्रास (क्, ल्, ड्, च्, र् आदि वर्णहरूको प्रयोग) र अन्त्यानुप्रास (**का**ठमा, ध**र्का**, **का**लो-**का**लो, डाँ**डा**-काँ**डा**, **च**न्द्र-**च**न्द्र, ता**रा** सा**रा** आदि) को प्रयोगले गर्दा यस कविताको लय बालकहरूका निम्ति निकै गेयात्मक बनेको छ । वास्तवमा यस कविताका भाषिक वर्णयोजनामा अनुप्रासीय रम्यता भरिएको छ भने छोटा छरिता सुबोध्य शब्द प्रयोगको सरलता र माधुर्य यस कविताको भाषिक शैलीगत वैशिष्ट्यका रूपमा देखा पर्दछन् । छोटा छरिता सरल वाक्यहरूको प्रयोग, सामान्यार्थक, विध्यर्थक र प्रश्नार्थक वाक्यढाँचाको प्रयोग, वाक्यात्मक पदलोप र पदक्रम विचलन गर्ने प्रवृत्तिजस्ता जेजति भाषिक विशेषता यसमा पाइन्छन् तिनले यसको शैलीलाई निकै आकर्षक र प्रभावकारी बनाएका छन् । समग्रमा यस कवितालाई विश्लेषण गरेर हेर्दा यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालबालिकाका निम्ति उपयुक्त देखिन्छ ।

### ४.१.३ 'भोटेसेलो' बाल कविताको विश्लेषण

जनजीवनलाई बालकले कसरी हेरिरहेको हुन्छ भन्ने तर्फ दृष्टि पुऱ्याई जनजीवनको झाँकीलाई यस कवितामा विषयको रूपमा प्रस्तुत गरिएको छ । बालकले आफ्नो सूक्ष्म दृष्टिले जनजीवनका चिह्नहरूलाई ग्रहण गरिरहेको हुन्छ । यस कवितामा यतिमात्र नभई व्यक्ति एउटा

सामाजिक भावनाले गर्दा नै उत्कर्षमा पुग्छ भन्ने कुरा देखाउन खोजिएको छ र त्यो सामाजिक भावना हो-उसले मागेको पीठो । यस कवितामा सामाजिक जीवनको झाँकी मात्र नभई उच्च महानता पनि छ र त्यो उच्च महानता हो - उसले पीठो मागेर आफ्नो घरमा आएमा चौरीको घिउ खानदिने महानता । यसै गरी भोटेसँग चौरीको घिउ प्रशस्त हुने भएकोले उसले घिउ दिने र पीठो लिने कुरालाई देखाएर जनजीवनमा एकअर्को वस्तुको आदानप्रदान गरिने परिपाटी पनि यसमा झल्काइएको पाइन्छ । यसै गरी बालबालिकामा भोटे तल्लो श्रेणीको र हामी माथिल्लो श्रेणीको भन्ने भेदभाव नरहोस् भन्ने देखाउन पनि यो कविता रचिएको उल्लेख पनि कवि स्वयम्ले गरेका छन् । हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा जातिको धर्म, भोटेको जीवन शैली र उनीहरूले आफ्ना जीवनमा माने पेमे जप्ने गरेको प्रसङ्ग अनि उनीहरूले गाउने, लाउने, खाने, बजाउने इत्यादि विविध पक्षलाई विषयवस्तु बनाएर यस कविताको रचना गरिएको छ । वास्तवमा यस कवितामा भोटेका प्राकृतिक, सांस्कृतिक र व्यावसायिक जीवनशैलीसँग सम्बन्धित पक्षको रोचक चित्रण स्वच्छन्दतावादी धाराअनुरूप गरिएको छ । हिमाल नजिकको प्राकृतिक परिवेशमा बसोबास गर्ने भोटेका गुम्बा, मानेपेमे हुम् जस्ता मन्त्र र 'लेली लेलु, लेलो'मा आधारित सेलोभाका जस्ता सांस्कृतिक पहिचानको चित्रण प्रस्तुत कविताका सुरुमा गरिएको छ । यस कविताका मध्यतिर भोटेहरूले कानमा इयूँ लगाउने, लामा लुगा लगाउने, पाखी बुन्ने र जिम्बु बेच्नेजस्ता सांस्कृतिक तथा व्यावसायिक पक्षको अभिव्यक्ति गरिएको छ । यस कविताका अन्त्यमा जिम्बुका सट्टा भोटेले पीठो माग्ने र पीठो दिनेलाई धर्म हुने कुरो गर्दै भोटेले आफ्नो घरमा आउन र चम्रीको घ्यू खाएर जान आग्रह गरेको विषय व्यक्त गरिएको छ । जस्तैः

हामी पीठो माउँछ (माग्छ)
दिन्छ धर्म आउँछ
हाम्रो घर आइजा
चम्री-घिउ खाइजा

(**घामपानी**, पृ. ३)

अन्त्यमा उनीहरू लेली, लेलु, लेलौ भाकामा सेलो गाउने कुराका उल्लेख गरिएको छ ।

भोटेको सरल प्राकृतिक जीवनसँग सम्बद्ध पक्षको चित्रण यस कवितामा गरिएको छ भने त्यसलाई भोटेसेलो भनिने नेपाली लोकलयमा आवद्ध गरी प्रकट गरिएको छ । यस

कवितामा प्रयुक्त भ्यामे, लोङ्मा, मेमे, पेमे, लिम्बु, जिम्बु आदि शब्दका साथै 'भ्यामल्याङ भुम्लुङ लम्बू लाएर म्यामे, प्यामे' द्वारा माने घुमाएर आएको भोटे लामाको चित्र अगाडि खडा हुन्छ भने यहाँ माग्नका निम्ति आएको भोटे गरिब भएर माग्न आएको होइन भन्ने भाव पनि कविले देखाएका छन् । ऊ सुनको देश ल्हासाको मुहानबाट आएको हो, उसले कानमा बहुमूल्य इयूँ लाएको छ तैपनि ऊ किन माग्दछ त ? ऊ सगरमाथाको (भ्यामोलोङ्माको) गुम्बामा बसेर शिव पार्वती (मेमे पेमे) को भजन गर्ने लामा हो । माग्नु उसको धर्म हो, त्यसैले ऊ आज हामीसँग पीठो मागिरहेछ, तर उसको घरमा जाने हो भने हामीलाई चम्री गाईको घिउ खुवाएर पठाउँछ भन्दै कविले यसमा हाम्रो महान् संस्कृति र राष्ट्रियताको झल्को दिएको पाइन्छ । संसारमा बसोबास गरेका सबै मानिस एउटै हुन्; अर्थगत अनि जातिगत दृष्टिकोणले ठुला साना भनेर मानिसहरूमा विभेद गरिनु हुँदैन, सबै मानिस समान हुन् भन्ने समानतावादी विचारको विकास बालकमा गराउनु यस कविताको उद्देश्य हो ।

प्रस्तुत कविताको उक्ति कविकल्पित भोटेका तर्फबाटै गरिएको छ र यसको वक्ता भोटे नै भएकाले यस कवितामा भोटे जनजातिले उच्चारण गर्ने खालको र सोहीअनुसारको वाक्यात्मक व्याकरण भएको रसिलो नेपाली भाषाको आकर्षक प्रयोग भएको छ । वाक्यगत पदक्रम विचलनका साथै पदलोप गरि कविताशैली यसमा पनि पाइन्छ । यस कवितामा प्रयोग भएका छोटाछोटा शब्दसंयोजनलाई हेर्दा यो बाल कविता ६ देखि १० वर्ष उमेर समूहका बालबालिकाका निम्ति उपयुक्त देखिन्छ ।

सेलो भाकामा रचना गरिएको प्रस्तुत बाल कवितामा एक हरफमा जम्मा ६ वटा अक्षरको समानुपातिक वितरण यस कविताभरि नै पाइन्छ । गुम्बा, हुम्बा, सेलो लेलो, जिम्बु, लम्बु, माउँछ, आउँछ, आइजा, खाइजा जस्ता शब्दका वितरणद्वारा अन्त्यानुप्रास मिलेको जुन भोटेसेलो लोकलयको प्रयोग यसमा गरिएको छ त्यो बालकहरूका निम्ति सुगेय र श्रुतिमधुर देखिन्छ । भोटे जनजातिले उच्चारण गर्ने खालको भाषाशैली (गाउँछ, लाउँछ, आइजा, खाइजा)को प्रयोग पनि यसमा पाइन्छ । त्यसैले यस कवितामा भाषिक घटकका स्वाभाविक चयनमा आधारित सरल शैली पाइन्छ ।

### ४.१.४ 'बाललहरी' बाल कविताको विश्लेषण

बालकको उमेर बढ्दै गएपछि उनीहरू विभिन्न वस्तुको नक्कल गरेर खेल्छन् भन्ने कुरालाई प्रस्तुत कवितामा रोचक ढङ्गले व्यक्त गरिएको छ । जनजीवनको अर्को झाँकीको

चित्रणका रूपमा यस कवितालाई लिन सकिन्छ । यस कवितामा प्रकृतिको चित्रण मात्र नभएर हाम्रो जनजीवनको झाँकी समेत प्रस्तुत गरिएको छ । औद्योगिकीकरणमा नपसेको जीवन पशुपालन र कृषिमा आधारित हुन्छ भन्ने स्वच्छन्दतावादी दृष्टि यसमा व्यक्त गरिएको छ । यस कवितामा कृषि र पशुपालनमा हाम्रो जीवन आधारित छ भन्दै जनजीवनका दुईवटा झाँकी प्रस्तुत गरिएको छ; त्यो हो- जनजीवनको नक्कल र कर्मलाई कलाद्वारा प्रस्तुति ।

जनजीवनमा आमाबाबुले जस्तो काम गर्छन् सानो बच्चाले पनि त्यसकै नक्कल गर्छ । कृषि र पशुपालनमा आधारित जीवनमा बाबु आमाले खेतमा काम गरेका, धान रोपेका, गोडेका, काटेका, घरमा खाना पकाएका, दूध दुहेका, मही पारेका आदि क्रियाकलापको नक्कल बालबालिकाले आफ्नो खेलमा गर्दछन् । बालकले आमाबाबुले दैनिक रूपमा गरेको कर्मलाई गाउँदै, नाच्दै त्यो नक्कल गर्छन् । यसै गरी तिनीहरू त्यो जीवनसँग दीक्षित हुन्छन् । बालकहरूले आमाबाबु र समाजका मानिसले गरेको कर्मलाई कलाको रूपमा कसरी प्रस्तुत गर्दछन् र आनन्द लिन्छन् त्यो कुरालाई यसमा देखाइएको छ । काम गर्नेहरूले परिश्रम गर्नुपर्छ र दुःख पनि खप्नु पर्छ तर त्यसलाई कला वा नृत्यमा उतारेर नक्कल गर्ने बालकहरूले कलाको आनन्द मात्र लिन्छन् ।

गाउँघरमा गरिने विभिन्न प्रकारको कामको झल्को दिइएको यस कवितामा धान रोप्ने, धान काट्ने, दूध दुहुने, दही मथ्ने र भात पकाउने जस्ता काम गर्ने तरिकालाई स्पष्ट पारिएको छ । बालकहरूमा अनुकरण गरी सिक्ने बानीको विकास हुने र त्यसका माध्यमबाट नयाँ कुरा सिक्ने सम्भावनालाई यसमा देखाइएको छ । ठूला मानिसहरूले गर्ने कामको अनुकरण गर्दै बालकहरूले खेल्ने खेलमेललाई विषयवस्तु बनाई यस बाल कविताको रचना गरिएको छ । दैनिक जीवनमा गरिने कामहरू (जस्तैः खेत रोप्ने धान काट्ने, दूध दुहुने र भात खाने आदि कुराहरू)को अनुकरणको रूपमा बालकहरूले खेल्ने खेलसम्बन्धी विषयवस्तुको चित्रण गर्ने क्रममा प्रथमतः भाइहरूप्रति सम्बोधन गर्दै खेत कसरी रोप्ने हो भन्ने प्रश्न गरिएको छ । त्यसपछि प्रश्नकर्ता बालककै समूहबाट 'सुन सुन भाइ हो छुपुछुपु यसरी भन्दै खेत छुपु छुपु रोप्ने भन्दै अनि हामीहरू यसरी ललै बालै लहरी गीत गाउँछौ भनिएको छ । यसका दोस्रो श्लोकमा भाइहरूलाई धान काट्ने कसरी हो भनी प्रश्न गरिएको छ र फेरि भाइहरूलाई उत्तर दिँदै धान सप सप गरी काटिन्छ भनिएको छ । त्यसै गरी दूध दुहुने कसरी भन्ने प्रश्न गर्दै दूध धुरुधुरु यसरी दुहिन्छ भन्दै हामी यसरी ललै बालै लहरी गीत गाउँछौ भनिएको छ । यस्तै दही

मथ्ने कसरी भन्ने प्रश्न गर्दै दही घार्र घुर्र यसरी मथिन्छ भनिएको छ भने भात पकाउने कसरी भनेर पहिले प्रश्न गरिएको छ र त्यसपछि उनीहरूलाई भात गुदुगुदु यसरी पकाइन्छ भनेर उत्तर दिइएको छ। यसै गरी भात खाने कसरी भन्ने प्रश्न गर्दै 'भात सपासप खाइन्छ' भन्दै हामी यसरी ललै बालै लहरी ! गाउँछौ भनेर कविताको अन्त्य गरिएको छ। जस्तैः

भन भन भाइ हो
खेतै रोप्ने कसरी
सुन सुन भाइ हो
छुपु छुपु यसरी।

(**घामपानी**, पृ. ४)

प्रस्तुत कविताको अन्त्यमा कवि स्वयम्ले दिएको टिप्पणीअनुसार यसमा अर्थको भन्दा लयको बढी महत्व छ र यो बालकहरूले अनुकरण गरी गरी गीत गाउने र खेल्ने कविताका रूपमा महत्वपूर्ण देखिन्छ। यसरी नेपालीहरूको जीवन कृषि र पशुपालनमा आधारित छ भन्ने कुरालाई कविता कलाद्वारा यहाँ बालकहरूसमक्ष सम्प्रेषित गरिएको छ।

भाइहरूप्रति सम्बोधन गरिएको र वक्ताद्वारा आफै प्रश्न उठाई आफै उत्तर दिइएको प्रश्नोत्तरात्मक उक्ति ढाँचाको प्रयोगले पनि यो कविता रोचक भएको छ। चुड्का भाकामा लेखिएको यस बाल कवितामा एकथरीले भन भन भन्ने, अर्काथरीले सुन सुन भन्ने र दुवै थरीले मिलेर हामी गाउँछौ यसरी ललै बालै लहरी भनेर नाच्दै गाउने गरिन्छ। यस बाल कवितामा बालकलाई मानिसले दैनिक जीवनमा गर्दै आएका हरेक क्रियाकलापको नक्कल गरेर खेलेको देखाएर उसलाई मनोरञ्जनका साथै घर व्यवहारका दैनिक काम पनि सिक्दै जाओस् भन्ने उद्देश्य पनि राखिएको छ।

प्रत्येक हरफमा सात सात अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोगले प्रस्तुत कवितालाई श्रुतिमधुर बनाएको छ भने चुड्का भाकामा दुई दुई समूह मिलेर गाउँदै नाच्दै गर्न मिल्ने त्यो लोकलय गेय र बालकहरूलाई नाँचू नाँचू र अभिनय गरूँ-गरूँ भनी उत्प्रेरित गर्ने खालको छ; किनभने त्यस लोकलयलाई अनुकरणात्मक शब्दको प्रयोग र अन्त्यानुप्रासको समेत प्रयोगले बालकहरूलाई गीत गाई गाई नाच्न लगाउने पारा प्राप्त गरेको देखिन्छ। छुपु-छुपु, सपसप, धुरु-धुरु, घार्रघुर्र, गुदु-गुदु, सपासप आदि अनुकरणात्मक शब्दको प्रयोगले गर्दा यो कविता बालकहरूका निम्ति झन् श्रुतिमधुर बनेको छ।

वर्णविन्यासगत अनुप्रासीय रम्यता, छोटाछरिता शब्दप्रयोगको सरल शैलीगत माधुर्य, सम्बोधनसहितको प्रश्नोत्तरात्मक वाक्यढाँचाको प्रयोगगत रमणीय शैलीका साथै पदलोपगत र पदक्रम विचलनगत कवितात्मक शैली यस कविताका खास विशेषताका रूपमा देखिन्छन् । यो कविता विशेष गरी ६ देखि १० वर्ष उमेर समूहका बालबालिकाका निम्ति उपयुक्त देखिन्छ ।

### ४.१.५ 'पानी पर् पानी पर्' बाल कविताको विश्लेषण

बालकले खेल्दा कविता गाउन पनि मिल्ने र गाउँदै नाच्न पनि मिल्ने खालको हुनु पर्छ। यो कविता यस्तै खालको छ। प्रकृति चलायमान रहेको अवस्थाको स्वच्छन्दतावादी चित्रण यसमा छ। प्रकृतिसँग भिजेर लेखिएको स्वच्छन्दतावादी कविता हुनाले प्रकृतिमा पानी पर्ने, बादल सर्ने, बलेसी झर्ने र पारि पाखाको इन्द्रेनी वारि सर्ने प्रक्रियाको स्वच्छन्दतावादी कल्पना यसमा गरिएको छ। जस्तैः

पानी पर्, पानी पर्, पानी पर् पर्
बादल सर्, बादल सर्, बादल सर् सर्
(**घामपानी**, पृ. ६)

चलायमान प्रकृति आखिरमा गएर शान्त भएको वा पानी पर्न छोडेको अवस्थाको चित्रण पनि यसमा छ।

प्रस्तुत कवितामा 'पर', 'झर', 'ह्वार्र', 'त्वार्र' जस्ता शब्दहरूको बारम्बार पुनरावृत्ति गरिएको छ किनभने बालकलाई एउटै शब्द धेरैपटक दोहोऱ्याउँदा उनीहरूले सम्झन र बुझ्न सक्छन् तर नयाँ नयाँ शब्दको धेरै प्रयोग गर्दा कलिलो मस्तिष्कलाई भार पर्छ। यसै गरी यसमा लोकगीतको चलनअनुसार शब्द दोहोरिए पनि कथा दोहोरिएको छैन।

'पानी पर् पानी पर् !' प्राकृतिक विषयवस्तुको उपयोग गरी रचिएको बाल कविता हो। प्रकृतिको पानी पर्ने प्रक्रियाप्रति बालकका मनमा जाग्ने जिज्ञासा र त्यस क्रममा बालकहरूले गीत गाउँदै पानीसँग खेल्ने चेष्टाको चित्रणबाट यस कविताको विषयवस्तुगत सेरोफेरो निर्मित भएको छ। यस कवितामा प्रथमतः जोड दिएर पानीलाई पर्न आग्रह गरिएको छ र बादललाई सर्न भनिएको छ। त्यसपछि धारालाई झर्न र धूलोलाई मर्न आग्रह गरी यस कवितालाई अगाडि बढाइएको छ। यसपछि बलेसीबाट तर्कने पानी र पानीका बाछिटाको ध्वनिअनुकरणमूलक चित्रण गरिएको छ।

प्रस्तुत कविताका अन्त्यमा पानीका धारालाई 'रिम्झिम् रिम्झिम्' गरी झर्न आग्रह गरिएको छ र पारि पाखामा लागेको इन्द्रनीलाई वारितर्फ तान्ने बाल आकांक्षा व्यक्त गरिएको छ। यसरी पानी पर्ने प्रक्रिया, बादल पानीका धारा बलेसी र बाछिटाका साथै पानीका धाराका रिमझिम वर्षा र पानी पर्दा लाग्ने इन्द्रेनीको सौन्दर्यको रोचक चित्रण गरी यो कविता रचिएको

देखिन्छ। पानी पर्ने प्रक्रियाप्रतिको बाल जिज्ञासा र प्राकृतिक वायुमण्डलीय पानी पर्ने प्रक्रियाको वर्णन कवितामा पाइन्छ। बालकहरूलाई मनोरञ्जन प्रदान गर्नु र प्रकृति पनि सजीव हुन्छ भन्ने शिक्षा दिनु यस कविताको उद्देश्य हो।

प्रस्तुत कविताको उक्तिढाँचालाई हेर्दा यसमा वक्ता प्रथम पुरुषद्वारा द्वितीय पुरुषप्रति गरिएको सम्बोधनमूलक आज्ञार्थपरक उक्तिढाँचाको प्रयोग गरिएको देखिन्छ। यस कविताको वक्ता बालकतुल्य कवि नै हुन् भने उनले द्वितीय पुरुषका रूपमा 'पानी', 'बादल', 'धारा', 'धूलो' आदिलाई सम्बोधनात्मक ढाँचामा आज्ञा दिएको पाइन्छ र त्यही नै यसको उक्तिढाँचाको खास विशेषता हो।

प्रस्तुत कविताको सुरुका दुईवटा श्लोकका प्रत्येक चरणको निर्माण दुई-दुई शब्दको पुनरावृत्तिद्वारा गरिएको छ भने त्यसपछिका दुई श्लोकमा पानी पर्ने प्रक्रिया र ध्वनिको अनि पानी पर्दाका बखत लाग्ने इन्द्रेनीको अवस्थाको अनुकरणमूलक रम्य चित्रण गरिएको छ। छोटा छोटा दुईशब्दे सरल वाक्यको प्रयोगले गर्दा यस कविताको शैलीमा सरलताका गुणहरू देखिन्छन्। ह्वार्र त्वार्र जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले यस कविताको शैलीलाई निकै आकर्षक बनाएको देखिन्छ भने वाक्यगत पदलोप र पदक्रम विचलनका कवितात्मक प्रवृत्तिहरू पनि यस कवितामा छँदै छन्।

प्रत्येक श्लोकमा दुई-दुई हरफ रहेका चार श्लोकमा पूर्ण प्रस्तुत कवितामा त्यस्तो नेपाली लोकलयको प्रयोग पाइन्छ जुन लोकलय बालकहरूले समूहमा गाउँदै र नाच्दै गर्न मिल्ने खालको देखिन्छ। प्रत्येक हरफमा दश-दश अक्षरको समानुपातिक वितरणले पनि कवितालाई श्रुतिमधुर बनाएको छ। दुई दुई अक्षरे छोटा शब्द र त्वार्र, ह्वार्र जस्ता अनुकरणात्मक शब्दको प्रयोगले गर्दा यस कविताको शैलीगत माधुर्य बढेको छ। यी सबै कुराका परिप्रेक्ष्यमा प्रस्तुत कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालबालिकाका निम्ति उपयुक्त देखिन्छ।

### ४.१.६ 'ढिकी र जाँताको सवाइ' बाल कविताको विश्लेषण

आधुनिक युगमा आएपछि घरेलु औजारका रूपमा रहेका ढिकी र जाँता जस्ता वस्तुको महत्व घटेको र आधुनिक मेसिन तथा कलकारखानाको विकासले घरेलु उद्योग खतम भएको

कुरा यस कवितामा देखाइएको छ । औद्योगिकीकरणले गर्दा गाउँमा ढिकी जाँतोको महत्व घट्दै गएको कुरालाई ढिकी र जाँतोको झगडाको रूपमा प्रस्ततु गरिएको छ । यस्तै अर्को तर्फ यस कवितामा पाहुना चाहिँ काम नगरी पिँढीमा पलेटी कसेर बसेर खाने तर नोकरले चाहिँ सधैं काम गरे पनि मिठो मसिनो खान नपाउने, त्यसैले नोकर नोकरले आफ्नो रिस साथीमा पोखेको कुरालाई ढिकी र जाँताको कलहको रूपमा प्रस्तुत गरिएको छ । प्रकृतिलाई जीवनमा ढालिएको यस कवितामा जनजीवनको झाँकीलाई प्रस्तुत गरिएको छ । यसै गरी ग्रामीण परिवेशको चित्रण गरेर लेखिएको यस कवितामा अन्त्यमा जाँतो र ढिकी क्रमशः वाग्लेको घरमा र हिमालमा बसेको देखाएबाट पहाड र हिमालतिर पनि घरेलु उद्योगलाई आधुनिक औद्योगिकीकरणले परास्त गरेको कुरा यसमा छ ।

पिस्ने औजारको रूपमा प्रयोग गरिने जाँतो र कुट्ने औजारको रूपमा प्रयोग गरिने ढिकीजस्ता नेपाली ग्रामीण परम्परामा चलिआएका गेडागुडी पिस्ने जाँतो र धान आदि कुट्ने ढिकीका सन्दर्भमा बालबालिकाका मनमा उठ्न सक्ने थरीथरीका कल्पनालाई विषय बनाई यो कविता रचिएको छ । कविताको सुरुवात भाइहरूलाई सम्बोधन गर्दै ढिकी र जाँताको सवाइ कहने कुरा गरिएको छ र सोही अनुसार यो कविता नेपाली सवाइ लोकलयमा रचिएको छ । त्यसपछि पिँढीमा रहेको जाँतो र ढिकरीमा रहेको ढिकीले निहुँ झिकी झिकी कलह गर्ने गरेको सवाइ व्यक्त गरिएको छ । त्यसपछि प्रथमतः जाँतोले च्वाइँ च्वाइँ गरेर ढिकीलाई गाली गरेको कुराको कल्पना गर्दै तिनै कल्पनाको प्रस्तुतिद्वारा यस कवितालाई अगाडि बढाइएको छ । काम गर्ने बेलामा काम नगरी उचालिइ पछारिइ सय फेरा कन्छेस भन्दै दुई पाथी धान दियो भने एक पाथी लुकाउँछेस् अनि मुसलका जस्ता दाँत भएकी तँ कामै नगरी ओथारोमात्र बस्छेस्, फुको चामल बुकाउँछेस् भन्दै ढिकीलाई गाली गर्दछ । यसै गरी ढिकीलाई गाली गर्ने क्रममा जाँतोले ओखलको जस्तो ठूलो मुख भएको तँलाई जति खान दिए पनि कहिल्यै तेरो मुख भरिँदैन, काम केही नगरी दिनभरि उपरखुट्टी लाएर भक्र्याङच्याङ, भक्र्याङच्याङ गर्दै पल्टी राख्छेस भनेपछि ढिकी बुढी पनि जाँतालाई गाली गर्न थाल्दछे । ढिकीले जाँतोलाई तँ धेरै च्याङ च्याङ गर्दै नकरा, तेरो पनि घ्याम्पाको जत्रै ठूलो भुँडी र खुँडे मुख छ अनि सधैं पाहुनाझैं भएर पिँढीको कुनामा बस्छस् । काम गर्ने बेला भयो कि बसी-बसी ठग्छस् अनि एक माना कोदो खाएर दुई माना हग्छस् भन्दै गाली गर्दछे । तेरो पनि त राक्षसको जस्तो दाह्रा भएको दाँत छन् भने जति खाए पनि नअघाउने आहारिसे बानी छ भन्दै कविताको अन्त्यमा ढिकीले जाँतोलाई

गाली गर्दै हामी त चामल खान्छौँ तर तँ त पीठो खान्छस् अझ धाक लाएर कुरा गर्छस् दुई लात दिऊँ भनेर ढिकी र जाँतो झगडा गर्न थाल्दछन् । त्यसपछि उनीहरूको झगडा छिन्न फलामे कल त्यहाँ आउँछ र जाँतोलाई बोकेर कमिलाले हिमालतिर लिएर जान्छ र ढिकी चाहिँ वाग्लेको घरमा पल्टिरह्यो । यसरी यी दुईको झगडा छिनियो । जस्तै:

जाँतो बोकी हिमालमा कमिलाले लग्यो
ढिकी गई वाग्लेको घर पल्टिरह्यो ।

(**घामपानी**, पृ. ७)

मानवीय शील स्वभावलाई विषय वस्तु बनाइएको यस कवितामा ढिकी र जाँताको कलह, ढिकी र जाँताको मानवीकरणका साथै एक अर्कामा दोषारोपण गर्ने प्रवृत्तिलाई देखाउन खोजिएको छ । यसरी पहाड र हिमालतिरका गाउँघरमा ढिकी र जाँताको महत्व घट्दै गएको कुरालाई यस कवितामा बालकोचित रूपमा व्यक्त गरिएको छ । बालकहरूलाई मिलेर बस्नुपर्छ भन्ने शिक्षा मनोरञ्जनमूलक ढङ्गले दिनु यस कविताको उद्देश्य हो ।

प्रस्तुत कविताको उक्तिढाँचालाई हेर्दा वक्ता 'म' को तर्फबाट यो कविता प्रस्तुत भएको छ र त्यस वक्ता 'म' ले ढिकी र जाँतोका सवाल, जवाफ र आरोप प्रत्यारोपणलाई पालैपालो प्रस्तुत गरेको छ । सुरुका दुई हरफ बाह्र बाह्र अक्षरको सवाइ र त्यसपछि चौध अक्षरको समानुपातिक वितरणमा गरिएको सवाइ लोकलयमा यो कविता रचिएको छ । यसमा प्रयोग गरिएको सवाइ लयमा अनुप्रासीय र अन्त्यानुप्रासीय पनि मिलाइएको छ । 'भन्छु'-'कहन्छु', 'ढिकी'-'झिकी', 'न्वाइँ'-'घ्वाइँ', 'लुकाउँछेस'-'बकाउँछेस' जस्ता आन्तरिक अनुप्रासको प्रयोगले कवितामा श्रुतिमधुरता छाएको छ । यसै गरी न, ह, क, झ र, द, म आदि शब्दहरूद्वारा सुगठित आन्तरिक अनुप्रासले यो कविता बालकहरूका निम्ति गेयात्मक देखिन्छ ।

वर्ण योजनामा अनुप्रास र न्वाइँ, घ्वाइँ, च्याङ, च्याङ आदि अनुकरणात्मक शब्द र ढिकरी, ढिकी, पाथी, धान, मुसलदाँते आदि झर्रा नेपाली शब्दको प्रयोगले गर्दा यो कविता बालकहरूका निम्ति सजिलो र रसिलो बनेको छ । ढिकी र जाँतो बिचको झगडाको प्रसङ्गलाई उल्लेख गर्दा छुद्रार्थक शब्दको प्रयोग केही मात्रामा यस कवितामा गरिएको छ तापनि त्यो विषयवस्तुगत सान्दर्भिकता अनुरूप उपयुक्त बनेको छ ।

सामान्यार्थक र सरल वाक्यको प्रयोग अनि कतै कतै पदलोप र पदक्रम विचलन पनि कवितामा पाइन्छ। ढिकी र जाँतो बिचको झगडा र पछि तिनीहरूको झगडा छिन्नको लागि फलामको कल र कमिलाले जाँतोलाई बोकेर हिमालतिर लिएर गएको अनि ढिकी वाग्लेको घरमा पल्टिरहेको प्रसङ्गलाई उल्लेख गरेर बालबालिकालाई एक आपसमा झगडा नगरी मिलेर बस्नुपर्ने सन्देश पनि यस कविताले दिएको छ। कवितामा प्रयोग भएका छोटा र सरल अनि सामान्यार्थक वाक्यहरूको प्रयोगहरूलाई हेर्दा यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालबालिकाका निम्ति उपयुक्त देखिन्छ।

## ४.१.७ 'गुलेली' बाल कविताको विश्लेषण

बालकहरूमा जाग्ने कर्मशीलता सङ्घर्षशीलता, साहस वा वीरता र राष्ट्र सेवा गर्ने वा देश सेवा गर्ने भावनाको गम्भीर चित्रणलाई विषयवस्तु बनाई यो कविता रचिएको छ। यस कविताको सुरुवात वक्ता बालकलाई उभ्याएर उसैका तर्फबाट अब पनि धूलामा बसेर कति खेल्ने बरु गुलेली भिरेर शिकार खेल्न जाउँ भन्ने प्रसङ्गबाट भएको छ । अब मटयाङ्ग्राले गुलेली हानेर फट्याङ्ग्रा मार्ने होइन वाण हानेर बाघ मार्नुपर्छ भन्ने ओजस्वी भावका साथ अघि बढेको यस कवितामा अब तड्की तड्की हिँड्नुपर्छ, गोज्याङ्ग्रा बनेर बस्नु हुँदैन भन्दै बालकहरूका स्वप्नशीलता वा बालकहरूले भविष्यमा आफू के बन्ने भन्ने कल्पनालाई यसमा व्यक्त गरिएको छ। बालकहरूले टुँडीखेलमा सैनिकले कवाज खेलेको देखेर हामी पनि त्यसै गरी वान्, टु, वान्, टु गरेर फूर्तिसाथ कवाज खेलौँ र सैनिकले उसको अफिरसलाई बुट ठोकेर एक हातले सलाम गरेजस्तै हामी पनि गरौँला भनेर वीरताको भाव अभिव्यक्त भएको छ। यसै गरी बालकले सैनिकको अभिनय गर्दै आज हामी वायुपङ्खी घोडामा चढेर युद्धको मैदानमा जाउँला, ढर्रढम्म मेघको बाजा बजौँला त्यसपछि आकाशमा बादल दौडेझैँ छिटो हाम्रा फौजहरू कुलाउँला भन्ने अनौठो कल्पना यसमा गरिएको छ । इन्द्रेनी नुहेझैँ नुहेको हाम्रो गुलेलीले बिजुलीको झिल्कासरी छिटो शत्रुको छातीमा बज्र चड्काउँला र बज्रको शब्दले शत्रुको फौज भड्काउँला भन्दै अँध्याराका सारा राक्षसलाई मारेर नेपालमा उज्यालो दिन पारेर चन्द्रसूर्य अंकित झण्डालाई अझ उँचो बनाउँला भन्दै राष्ट्रियताको भावना समेत अभिव्यक्त गरेर यो कविताको अन्त्य गरिएको छ। जस्तै:

नेपालमा उज्यालो दिन पारौंला
ध्वजा चन्द्र सूर्यको माथि सारौंला।

(**घामपानी**, पृ. ९)

प्रस्तुत कविता वक्ता बालकहरूको सामूहिक उक्तिका रूपमा रचिएको छ । त्यसैले यो कविताको उक्ति ढाँचा अरू कविताको भन्दा फरक छ र त्यो उक्ति एकपछि अर्को गर्दै अन्त्यमा चन्द्र सूर्य ध्वजा उचाली माथि पुऱ्याउँला भन्ने गम्भीर राष्ट्रवादी भावना व्यक्त गरी टुङ्ग्याइएको छ । बालकलाई खेलको माध्यमबाट उसका मनमा जाग्ने कर्मशीलता, साहस र वीरता देखाएर उसमा आफ्नो देशभक्तिको भावना जगाउने उद्देश्य यस कवितामा लिइएको छ ।

बाह्र-बाह्र अक्षरको समानुपातिक वितरण गरेर रचिएको यस कवितामा जम्मा ९ श्लोक छन् तर ती श्लोकहरू कवितामा छुट्टिएका देखिँदैनन् । एक हरफमा बाह्र अक्षर भएको यस कवितामा जम्मा अठार हरफ छन् । कवितामा ब, ल, ण, न, घ, ड, क, ट, म, ज जस्ता शब्दको पुनरावृत्तिले आन्तरिक अनुप्रास र खेली, गुलेली, मट्याङ्ग्रा, फट्याङ्ग्रा, गोज्याङ्ग्रा, चढौँला, बढौँला, बजौँला, मारौँला, पारौँला, सारौँला आदि शब्दको प्रयोगले अन्त्यानुप्रास मिलाइएको छ भने यसै गरी बालकहरूले गाउँदै नाच्ने, आनन्द लिने खालको नेपाली लोकलयको प्रयोगले कवितामा श्रुतिमधुरता छाएको छ ।

प्रस्तुत कविताको भाषाशैलीमा वीरतापूर्ण भाव व्यक्त गर्नका निम्ति वर्णमा झर्रा, रसिला र जोश जाँगर बढाउने खालका अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ, जसले गर्दा यसको शैली ओजगुणले ओतप्रोत हुन पुगेको छ । प्रश्न मिश्रित विस्मयका साथसाथै इच्छार्थ र सम्भावनार्थ क्रियापदको प्रयोगमा आधारित रोचक शैलीको प्रयोग यसमा गरिएको छ ।

पदलोप र पदक्रम विचलन पनि अन्य कवितामा झैँ यस कवितामा पनि पाइन्छ । छोटा छोटा सजिला पदक्रम विचलन गरिएको कवितात्मक गुणले युक्त शैली यस कवितामा पनि छँदैछ । कवितामा प्रयोग भएका भाषा, शैली आदिलाई हेर्दा यो कविता  ११ देखि १४ वर्ष उमेर समूहका बाल बालिकाका निम्ति उपयुक्त देखिन्छ ।

## ४.१.८ 'बस बस माहुरी' बाल कविताको विश्लेषण

**बस बस बाहुरी !** बाल कविता बाल लोकगीतबाट उत्प्रेरित भएर रचिएको बाल कविता हो । माधव घिमिरेले आफ्नो बाल्यकालमा आफ्नो जन्मथलो लमजुङको पुस्तुन गाउँमा सुनेका र उनको अवचेतन मनमा सुषुप्त रूपमा रहेका बाल लोकगीतहरू जागृत भएर आउँदा नै उनले यस बाल कविताको रचना गरेका हुन् । नेपालको पूर्वी भेगको नेपाली बालगीतमा प्रचलनमा रहेको 'बस बस माहुरी' बोललाई जस्ताको तस्तै राखेर लेखे पनि यसको विषयवस्तु

भने सो बालगीतभन्दा फरक छ। बालगीत लेख्नको निम्ति हाम्रै लोक साहित्यमा बालकले पक्रन सक्ने थुप्रै लोकगीत प्रचलित छन् भन्ने ध्येय लिई घिमिरेले यस **बस बस माहुरी** बाल कविताको रचनामा गरेका छन्।

प्रस्तुत कवितामा बालकलाई कल्पनाशील बनाइएको छ। यस कवितामा माहुरीको हुललाई बालकहरूले फकाएर आफ्नो घरमा राख्न खोजेका, आफ्नो घरमा बसे माहुरीलाई तोरी बारी विर्ता दिने, माहुरीले मह दिए आफूले आशीर्वाद दिने र त्यो आशीर्वादले उसले धेरै छोराछोरी पाउने कुरा जस्ता कल्पना गरिएको छ। यसै गरी यस कवितालाई अर्को ढङ्गले हेर्दा एउटा गाउँको धनी परिवारको चित्रण छ। त्यो परिवारमा केटाकेटीहरूले राम्रा राम्रा लुगा लगाउने, सुनको पटुकी बाँध्ने, वरिपरि हुल वा बथान लिएर काम गर्ने, त्यसपछि मिठो खाने आदि कुराकै आधारमा उडिरहेका माहुरीका बथानलाई हाम्रो घरको घारमा बास बस्यौ भने तोरीबारी फूलबारी विर्ता दिने, तिमीलाई जे जे चाहिन्छ त्यही दिने र त्यसपछि तिमी सुनको पटुकी बाँधेर बसौली भन्ने कल्पनाका साथ बालकले माहुरीलाई फकाएको कल्पना यस कवितामा गरिएको छ। माहुरी बसे घरमा सह हुने र कुकुर बिराला जस्तै माहुरी पनि पाल्ने परम्परा रहेको देखाउँदै सबै प्राणीलाई सजाएर फाइदा लिने मानिसको स्वभावलाई यसमा देखाइएको छ। आफूलाई फाइदा हुने सबै प्राणीलाई मानिस स्याहार्छ भन्ने कुरालाई कविले सौन्दर्यबोध, कल्पनाबोध र उपयोगिताबोध समेतलाई मिलाई यो कविता रचेका छन्।

घर वरपर उड्दै हिँडेका माहुरीका हुललाई देखेर वा प्रकृति निरीक्षणबाट रचिएको यो कविता निकै रमणीय बनेको छ। पटुकी, तोरीबारी, फूलबारी आदि माहुरीको रानीलाई विर्ता दिने, सुनजस्तो पहेँलो पटुकी बाँधिदिएर तिनलाई सिँगार्ने, फूलबारीमा हुनहुनाउँदै पुतलीलाई गिज्याउली भन्ने कल्पना गर्दै आफूले धर्म गरे वंश वृद्धि हुने वा छोराछोरी जन्मने आदि कुराको छनक समेत यस कवितामा दिइएको छ जस्तैः

हाम्रो घर घारमा मह रास लाउलीँ
छ मैनाको सोजले वर्ष दिन खाउली।

(**घामपानी**, पृ. १०)

प्रस्तुत कवितामा माहुरीका रूपमा एउटा मिहिनेती ग्रामीण किसानको चित्रण पनि गरिएको छ। यस्तै छ महिनाको सोजले वर्षदिन खाने किसान र सञ्चय गर्ने गाउँले जीवनको चित्रण पनि यसमा छ। एउटा गाउँलेको मिहिनेत गर्ने, घर बनाउने, फूलबारी बनाउने,

आनन्दले बाँच्ने, अरूलाई गुन लगाएर धर्म गरेपछि सन्तान जन्मिने आदि प्रकृति सिर्जनाको लक्षण अनि एउटा सुन्दर बस्तीमा एकथरीलाई डाकेर लाउन र मिठो खान दिने, सुनका चिज दिने आदि सुन्दर सहअस्तित्वको भावना यसमा पाइन्छ। अन्य कविताको तुलनामा यसमा लामो खालको  लोकलयको प्रयोग पाइन्छ। यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ। बालकलाई मनोरञ्जनका माध्यमले जनजीवनमा मिलेर बस्यो भने फाइदा हुन्छ; उनीहरु माहुरी जस्तै मिहिनेती बनून भन्ने उद्देश्य यस कवितामा राखिएको छ।

## ४.१.९ 'कमिला–रानी' बाल कविताको विश्लेषण

प्रकृतिको निरीक्षण गरेर लेखिएको यस कवितामा कमिलाको रानीको बिहे हुन्छ रे भनेपछि स्वर्गबाट पनि अप्सरा आउने कुराको वर्णन यसमा पाइन्छ। कमिलाले पानी पर्न थाल्यो कि फुल सार्न थाल्ने हुनाले कविले प्रकृति निरीक्षण गर्दै बालकहरूले आफ्नो परिवेशलाई कसरी काव्यमा ढाल्छन् भन्ने कुरालाई यसमा देखाइएको छ। जस्तैः

आज जान्छ जन्ती यो कुन देश कुन घर
कहाँ होलिन दुलही सुन्केस्रा झैं सुन्दर
(**घामपानी**, पृ. ११)

प्राकृतिक  जीव कमिलालाई मानवीकृत गरी कमिलाकी रानीको पनि बिहे हुने, जन्ती जाने, दुलही सुन्केस्राझैं सुन्दर हुने, उनी पनि दरबारभित्र बस्ने आदि कुराको बयान गरेर बालकलाई मनोरञ्जन दिइएको छ। कमिलाको ताँती त्यसका गति, बासस्थान आदिलाई विषय बनाई रचिएको बाल कविता 'कमिलारानी' हो। कविताको सुरुमा दुलाबाट निस्केर धूलामा हिँडिरहेको कमिलाको ताँतीको वर्णन छ। त्यस क्रममा एउटा साथी दुलाबाट निस्केर अर्को साथीलाई खबर दिएको कुराको वर्णन छ। कमिलाको ताँतीलाई जन्तीका रूपमा लिइएको छ र यो जन्ती कुन देशको कुन घर जाने होला र कमिलाको सुनकेस्रा झैं सुन्दरी दुलही कहाँ होलिन् भनेर खुल्दुली व्यक्त गरिएको छ। यस कविताको दोस्रो पङ्क्ति पुञ्जमा त्यसै खुल्दुलीको समाधान दिन खोजिएको छ। यस क्रममा फूलबारीमा स्याउको रूखमुनि ढोकामा च्याउको सेतो छाता राखिएको छ र त्यहीँको पहारिलो कान्लामा सानो - सानो दुलो छ। त्यस दुलो बाहिर धूलो भएपनि भित्र ठुलो दरबार छ र त्यसै दरबारमा कमिलाकी रानी बस्छिन् भनी अघि उठाइएको खुल्दुलीलाई मेटाइएको छ। यस कविताका अन्त्यमा आकाशकी इन्द्रेणी धरतीभित्र

पस्ने अनि घामपानी परेको आजको राम्रो दिनमा नै कमिला रानीको बिहे हुने रे भन्ने विस्मय मिश्रित सम्भावनाको अभिव्यक्ति गरिएको छ । प्राकृतिक प्रक्रियालाई मनोरञ्जनमूलक किसिमले प्रस्तुत गर्नु यस कविताको उद्देश्य हो ।

प्रस्तुत कविताको कथन समूह बालक वक्ताका कोणबाट गरिएको छ र त्यो द्वितीय साथीप्रति सम्बोधित छ । यस अन्तर्गत एउटा कमिलाको ताँतीसँग सम्बन्धित मसिनो आख्यान वर्णन गर्दै त्यसभित्र कुतूहलताको संयोजन गर्ने र अन्त्यमा विस्मयमूलक ढङ्गले खुल्दुलीलाई मेटाइदिने वर्णनात्मक उक्ति ढाँचाको रोचक उपयोग यस कवितामा गरिएको छ ।

प्रस्तुत कविताको लयढाँचालाई हेर्दा दुई वटा पङ्क्ति पुञ्जमा रचित यस बाल कविताको पहिलो पङ्क्ति पुञ्जमा ६ हरफ र दोस्रो पङ्क्ति पुञ्जमा ८ हरफ रहेका छन् । ती प्रत्येक हरफमा चौध-चौध अक्षरको समानुपातिक वितरण गरिएको छ । ताँती-माथि, खबर-लश्कर, घर-सुन्दर जस्ता अन्त्यानुप्रास र ह, -र, -ल, क आदि व्यञ्जन वर्णहरूको बारम्बार पुनरावृत्ति भई आन्तरिक अनुप्रासको श्रुति रम्यताको कारणले गर्दा यस कविताको सवाइ लोकलय बालकहरूका निम्ति सुगेय बनेको छ । बालकले प्रकृतिका हरेक कीट, पंक्षी, जीव आदिलाई पनि मानिसकै रूपमा हेर्दछ र ती सबै जीवलाई जोगाएर राख्नुपर्छ भन्ने उद्देश्य यसमा रहेको छ ।

वर्ण योजनाको तहमा उस्तै - उस्तै खालका स्वर र व्यञ्जन वर्णहरूको बारम्बार पुनरावृत्तिजन्य शैलीगत रम्यता र शब्द प्रयोगगत छरितोपन, छोटा सरल वाक्यको समानान्तर प्रयोगका साथै सामान्यार्थ, प्रश्नार्थ, विस्मयार्थ, सम्भावनार्थ र विध्यर्थ वाक्यको प्रयोगले गर्दा यसको शैली प्रभावकारी भएको छ । कमिलालाई रानीका रूपमा मानवीकृत गरिनु, कविताको ताँतीलाई जन्तीका रूपमा हेरिनु, अनि कमिलाकी दुलहीको कल्पना गरिनु, कमिलाको दुलोभित्र ठूलो दरबार भएको कल्पना गरिनु, कमिलाकी रानीको बिहे हुने कल्पना झल्काउनु जस्ता विचित्रताको संयोजन यस कवितामा गरिएको छ र यो विचित्रता कमिलाको ताँती सम्बन्धी बाल लोकगीतबाट उत्प्रेरित पनि देखिन्छ । यिनै कारणले गर्दा कमिला रानी कविता बालकहरूका बिचमा लोकप्रिय पनि भएको देखिन्छ भने यसलाई बाल पाठ्य वस्तुको रूपमा पनि निकै प्रयोग गरेको भेटिन्छ । यस कवितामा प्रयोग भएका छोटा छरिता र लयात्मक वाक्यलाई हेर्दा यो कविता ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ ।

### ४.१.१० 'म के हूँ ?' बाल कविताको विश्लेषण

'म के हूँ ?' शीर्षक बाल कविता एउटी सुकुमारी बालिकाको चिनारीलाई विषयवस्तु बनाएर लेखिएको छ । ती सुकुमारी बालिकाको चिनारी दिने क्रममा सो बालिकालाई प्रकृतिकी चरी, पुतली, मौरी जस्ता पखेरु वर्गका साथै शीतल छाया, जलकी रानी तथा पर्वत कुमारीसँग दाँजो गरी चिनाइएको छ ।

म हूँ चरी, उठ्तछु एक ब्यान
हेर्दै उज्यालो दिन गर्छु गान ।

(**घामपानी**, पृ. १२)

त्यस क्रममा प्रथमतः कुमारी बालिकालाई चरीका रूपमा चिनाइएको छ। कुमारी बालिका चरी झैं बिहानै उठ्ने र दिनको उज्यालो हेर्दै गान गर्ने व्यक्तिका रूपमा चिनाइएकी छिन् । यसपछि कुमारी बालिकालाई क्रमशः राम्री, सफा, सुग्घरिली, हलुङ्गी पुतलीका रूपमा चिनाइएको छ । यसै गरी ती कुमारी बालिकालाई जाँगरिली, गुनगुनाइरहने मौरीका रूपमा, दुःखीहरूमाथि माया गर्ने जेठकी शीतल शान्त छायाका रूपमा र तिर्खाउनेलाई पानी दिने जलकी रानी पधेर्नीका रूपमा चिनाइएको छ । यस कविताका अन्त्यमा कुमारीलाई वन पाखा, खेतबारी डुल्ने पर्वतकी कुमारी पार्वतीका रूपमा चिनाउँदै झलमल्ल बत्ती बाल्ने कुमारीका रूपमा पनि चिनाइएको छ। बालिका कुमारीको यो चिनारी कवि निबद्ध 'म' कुमारीका कोणबाट प्रस्तुत गरिएको छ। त्यसैले यो बाल कविता बालिका कुमारीकै उक्तिका रूपमा रचिएको देखिन्छ । प्राकृतिक वस्तु र बालकका बिच तादात्म्य देखाउनु यस कविताको उद्देश्य हो ।

प्रस्तुत कविताको लयढाँचालाई हेर्दा यस बाल कवितामा यस्तो शास्त्रीय वर्णमात्रिक छन्दको प्रयोग गरिएको छ जसलाई प्रत्येक पाउमा त, त, ज, गु, गु गण हुने इन्द्रवज्रा र ज, त, ज, गु, गु, गण हुने उपेन्द्रबज्रा छन्दको मिश्रणद्वारा बन्ने उपजाति छन्द भन्ने गरिन्छ । यस कवितामा इन्द्रबज्रा र उपेन्द्रवज्रा छन्दका नियम अनुसारका श्लोकगत चरणहरूको वितरण गरिएको छ। त्यसैले यसमा उपजाति छन्दको नै प्रयोग गरिएको छ। अनि यसमा त्यस छन्दको गतिको छरितोपन, यतिको सु-व्यवस्था अनि वर्ण वितरणगत आन्तरिक अनुप्रासीय र अन्त्यानुप्रासीय श्रुति माधुर्यद्वारा यो कविता सुगेय बनेको देखिन्छ ।

प्रस्तुत कविताको भाषाशैलीलाई हेर्दा वर्णयोजनाका तहमा म, न, र, ल, त जस्ता व्यञ्जनवर्णको र विभिन्न स्वरवर्णहरूको आवृत्तिजन्य अन्त्यानुप्रासीय रम्यता व्याप्त रहेको

पाइन्छ भने यस कविताका प्रत्येक दुई-दुई पाउमा अन्त्यानुप्रास पनि मिलाइएको छ । त्यसैले यस कवितामा अनुप्रासीय रम्यता व्याप्त रहेको पाइन्छ ।

'बिहान' जस्तो कथ्य शब्दका साथै छोटा-छरिता तद्भव झर्रा नेपाली शब्दहरूको रोचक प्रयोग गरिएकोबाट यस कविताको शैली सुबोध्य एवम् सरस बनेको छ । यसमा सरल तथा संयुक्त वाक्य ढाँचाबाट बनेको ज्यादा जसो सरल र केही मात्रामा विस्तारमय शैली भेटिन्छ भने शास्त्रीय उपजाति छन्दका गण अपेक्षालाई सघाउने गरी पदलोप तथा पदक्रम विचलन गरिएको आलङ्कारिक कवितात्मक शैली पनि यसमा छँदै छ । त्यसै गरी कुमारी बालिकालाई चरी, पुतली, मौरी, छाया, जलकी रानी र पर्वतकी कुमारी जस्ता विभिन्न बिम्वहरू दिई यस कविताको कलात्मक पक्षलाई पनि गहिऱ्याइएको छ । यी सबै कुराका सन्दर्भमा प्रस्तुत कविताको कलात्मक पक्ष ज्यादा गहन बनेको पाइए पनि यसको प्रथम पुरुषीय उक्ति, उपजाति छन्दको लयगत माधुर्य तथा यसमा गरिएको दाँजो बालकहरूका निम्ति बढी आकर्षक बनेको भेटिन्छन् र त्यसैले गर्दा यो कविता १० वर्षे उमेर समूहका बालकहरूका निम्ति प्रभावकारी हुने देखिन्छ ।

### ४.१.११ 'भकभके' बाल कविताको विश्लेषण

कविले एकजना प्रसिद्ध तर भकभके व्यक्तिलाई बाटामा भेटेपछि उनीसँगको कुराकानीबाट प्रभावित भई यो बाल कविता रचेका हुन् । बोलीको विकार वा बोलीमा आएको भकभके पनलाई विषयवस्तु बनाएर यो कविता रचना गरिएको छ । त्यसक्रममा शारीरिक विकारका रूपमा देखापर्ने भकभकेका वाणीगत विकारलाई यसमा बालकहरूका निम्ति रमणीय हुनेगरी व्यक्त गरिएको छ । भकभकेको मनमा दुरुस्त कुरा भएपनि बाहिर स्पष्ट बोल्न नसक्ने कुराको चित्रण यस कवितामा गरिएको छ । भकभकेको बारेमा गरिएको दोस्रो टिप्पणी भकभकेले बोल्दाखेरी वा उच्चारण गर्दा उसको जिब्रो लट्पटिएर उच्चारण गर्न खोजिएको शब्दको लट्पटाइले गर्दा उसले राम्ररी बोल्न नसकेर भकभकिनु हो । यस कवितामा गरिएको भकभकेको विशेषताको बयान तेस्रो सन्दर्भ हो । भकभके कसैलाई भनेर बिराउँदैन । ऊ सोचेर मात्र केही कुरा बोल्छ, नराम्रा कुरालाई ऊ उँ,उँ गरेरै टार्दछ भने त्यो बक्‌बक् गरेर धेरै नबोले पनि असाध्यै बाठो हुन्छ । यसरी भकभकेका मनमा कुरा प्रशस्त भए पनि उसको बोली प्रष्ट नफुटेकोले बोल्दा अप्ठेरो हुने र उसको बोली विचित्र किसिमको हुने कुराको बयान गर्दै भकभके बाहिर प्रष्ट बोल्न नसके पनि ऊ असाध्यै बाठो हुने कुराको उल्लेख कवितामा पाइन्छ । शारीरिक रूपमा फरक क्षमता भएका मानिसहरूप्रति समानतापूर्ण व्यवहार गर्नु पर्छ भन्ने नैतिक शिक्षा परोक्ष रूपमा प्रदान गर्नु यस कविताको उद्देश्य हो ।

बोल्दैन त्यो बक्बक गर्नु साटो
त्यो भक्भके हुन्छ बिछट्ट बाठो ।

(**घामपानी**, पृ. १३)

प्रस्तुत कविताको उक्ति ढाँचालाई हेर्दा कवि उक्तिको प्रयोग पाइन्छ र त्यस कवि उक्ति अन्तर्गत भकभकेका शारीरिक अवस्था, बोलीवचनगत व्यवहार र उसको स्वभावको पनि रोचक वर्णनात्मक कथन यस कवितामा पाइन्छ । भकभकेका मनमा कुरा दुरुस्त भएका तर उसले मुखमा ल्याएर प्रष्ट बोल्न नसकेको उसको पेटभित्र सायद अक्षर उल्टो परेर होला त्यो भकभके अनौठो बोल्छ भन्दै भकभकेको बोलाइको अप्ठेरोपना र उसमा भएको सोझो र बाठोपनलाई कवि उक्तिद्वारा वर्णनात्मक कथनमा व्यक्त गरिएको छ ।

प्रस्तुत कविताको लय ढाँचालाई हेर्दा यस कवितामा पनि यस्तो शास्त्रीय वर्णमात्रिक छन्दको प्रयोग गरिएको छ जसलाई प्रत्येक पाउमा त, त, ज, गु, गु, गण हुने इन्द्रवज्रा र ज, त, ज, गु, गु गण हुने उपेन्द्रवज्रा छन्दको मिश्रणद्वारा बन्ने उपजाति छन्द भन्ने गरिन्छ । यस कवितामा पनि इन्द्रवज्रा र उपेन्द्रवज्रा छन्दका नियम अनुसारका श्लोकगत चरणहरूको वितरण गरिएको छ । त्यसैले यसमा उपजाति छन्दको प्रयोग गरिएको छ । यसमा त्यस छन्दको गतिको छरितोपन यतिको सुव्यवस्था अनि वर्ण वितरणगत आन्तरिक अनुप्रासीय र अन्त्यानुप्रासीय श्रुति माधुर्यद्वारा यो कविता सुगेय बनेको देखिन्छ ।

प्रस्तुत कविताको भाषाशैलीलाई हेर्दा वर्ण योजनाका तहमा यस कवितामा क, म, न, ब, प, ट जस्ता व्यञ्जन वर्णको र विभिन्न स्वरवर्णहरूको आवृत्तिजन्य अन्त्यानुप्रासीय रम्यता व्याप्त रहेको पाइन्छ भने यस कविताका प्रत्येक दुई-दुई पाउमा अन्त्यानुप्रास पनि मिलाइएको छ । छोटा छरिता तद्भव झर्रा नेपाली शब्दहरूको रोचक प्रयोगले गर्दा यस कविताको शैली सुबोध्य एवं सरस बनेको छ । सरल र मिश्र वाक्यको प्रयोग र भकभकेको क्रियाकलापलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको यस कवितामा पनि पदलोप तथा पदक्रम विचलन पनि छँदै छ । भकभकेद्वारा उच्चारण गरिने केही शब्दका रूपका साथै सजिला र रसिला नेपाली शब्दको वितरण, सामान्यार्थ विस्मयार्थ वाक्य ढाँचाको प्रयोग यस कवितामा पाइन्छ भने यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालबालिकाका निम्ति उपयुक्त देखिन्छ ।

यस कविताका चार पङ्क्ति एकै ठाउँमा हुनुपर्ने तर छाप्दा अशुद्ध छापिएको कविको भनाइ छ (अन्तर्वार्ता २०७०।८।३०) ।

## ४.१.१२ 'डोको' बाल कविताको विश्लेषण

'डोको' शीर्षक बाल कविता डोकोको स्वरूपका बारेमा गरिएको कवि कल्पना र डोकोको महिमालाई विषयवस्तु बनाइ रचिएको छ । 'डोको' भनेर परिश्रमी, इलमी मानिसको मिहिनेत गरेर खाने एउटा साधनको रूपमा हेरिएको छ भने त्यसै गरी 'डोको' भनेर सिङ्गो आकाशलाई नै लिइएको छ ।

प्रस्तुत कविताको सुरु डोकोको महिमागानबाट भएको छ । जसको पिठ्यूँमा डोको हुन्छ त्यसलाई खानको कुनै धोको रहँदैन भन्दै अप्ठेरो परेको बेलामा पैसा चपाइन्न त्यसबखत अन्न पानी दिने यथार्थ साधन डोको नै हो भन्दै सिङ्गो आकाशलाई नै डोकोको रूपमा हेरिएको छ । आकाशरूपी डोको बडो अपार खालको छ र आकाशमा देखिने हजार ताराहरू

आकाशरूपी डोकोका छिद्र हुन भन्दै ईश्वरले आकाशबाट डोको घोप्ट्याएका हुनाले नै पृथ्वीमा अन्नवाली हराभरा भएको हो भन्ने भाव कविताको अन्त्यमा पाइन्छ । जस्तैः

घोप्ट्याउँछन् ईश्वर, हुन्न खाली
वैरिन्छ पृथ्वीभरि अन्न बाली

(**घामपानी,** पृ. २२)

यी उद्धरणहरुमा आकाशरुपी डोको प्रकृतिले धरतीमा खन्याएर नै धरती हराभरा छ र यहाँका प्राणीहरु बाँच्न पाएका छन् भन्ने भाव निहित रहेको पाइन्छ । जीवनमा मनुष्य परिश्रमी हुनुपर्छ भन्ने शिक्षा व्यक्त गर्ने उद्देश्य यस कवितामा लिइएको छ ।

प्रस्तुत कविताको उक्ति ढाँचालाई हेर्दा यसमा कवि उक्तिको प्रयोग पाइन्छ र त्यस कवि उक्ति अन्तर्गत डोकोको महिमाको वर्णन छ । जसको पिठ्यूँमा डोको हुन्छ, उसलाई जीवनमा के खाऊँ, के लाऊँ भनेर चिन्ता लिनु नपर्ने कुराको वर्णनात्मक शैलीमा अभिव्यक्त गरिएको छ । त्यसैले यस कवितामा प्रयोग भएको कवि उक्ति वर्णनात्मक छ । प्रस्तुत कवितामा एकातिर डोकोको महिमाको वर्णन र अर्कोतिर सिङ्गो आकाशलाई नै डोकोको रूपमा हेरिएको छ ।

प्रस्तुत कविताको लय ढाँचालाई हेर्दा यसमा पनि शास्त्रीय वर्णमात्रिक छन्दको रूपमा रहेको उपजाति छन्दको प्रयोग गरिएको छ । प्रत्येक पाउमा त, त, ज, गु, गु गण हुने इन्द्रवज्रा र ज, त, ज, गु, गु गण हुने उपेन्द्रवज्रा छन्दको मिश्रणद्वारा बन्ने छन्दलाई उपजाति छन्द भनिन्छ । यस कवितामा इन्द्रबज्रा र उपेन्द्रवज्रा छन्दका नियम अनुसारका श्लोकगत चरणहरको वितरण गरिएको छ । त्यसैले यसमा उपजाति छन्दको नै प्रयोग गरिएको छ । त्यस छन्दका गतिको छरितोपन, यतिको सुव्यवस्था अनि वर्ण वितरणगत आन्तरिक अनुप्रासीय र अन्यानुप्रासीय श्रुति माधुर्यद्वारा यो कविता सुगेय बनेको देखिन्छ ।

प्रस्तुत कविताको भाषाशैलीलाई हेर्दा वर्णयोजनाका तहमा यस कवितामा क, न, प, ल, ड, स र जस्ता व्यञ्जनवर्णको र विभिन्न स्वरवर्णहरूको आवृत्तिजन्य अन्त्यानुप्रासीय रम्यता व्याप्त रहेको पाइन्छ भने यस कविताका प्रत्येक दुई-दुई पाउमा अन्त्यानुप्रास पनि मिलाइएको छ । त्यसैले यस कवितामा अनुप्रासीय रम्यता व्याप्त रहेको पाइन्छ । छोटा छरिता तद्भव झर्रा नेपाली शब्दहरूको रोचक प्रयोग गरिएकोबाट यस कविताको शैली सुबोध्य एवम् सरस बनेको छ । मिश्र तथा संयुक्त वाक्य ढाँचाबाट बनेका, ज्यादा जसो सरल र केही मात्रामा विस्तारमय शैली यस कवितामा भेटिन्छ भने शास्त्रीय उपजाति छन्दका गण अपेक्षालाई

सघाउने गरी पदलोप तथा पदक्रम विचलन गरिएको आलङ्कारिक कवितात्मक शैली पनि छँदै छ । यसै गरी 'डोको' लाई श्रमजीवीको जीविकोपार्जनको साधन र सिङ्गो आकाश, र डोकोको छिद्रलाई 'तारा'जस्ता विभिन्न विम्वहरू दिई यस कविताको कलात्मक पक्षलाई पनि गहिऱ्याइएको छ । उपजाति छन्दको लयगत माधुर्य आदिले गर्दा यो बाल कविता पनि १० वर्षे उमेर समूहका बालकका निम्ति बढी उपयोगी देखिन्छ ।

बालकलाई भविष्यमा गएर इलमी र मिहिनेती बन भनेर नैतिक सन्देश दिने उद्देश्यले लेखिएको यो कवितामा ईश्वरको संरचनामा आकाशलाई डोकोको रूपमा लिँदै अन्न फल्ने र फुल्ने ईश्वरले प्रकृतिमा डोको घोप्ट्याएरै हो भन्दै ईश्वरले प्रकृति बनाएकाले नै त्यसमा अन्नबाली फलाएर खान पाइएको, प्रकृतिले नै पानी पारिदिएर हराभरा भएको प्रसङ्ग ल्याउँदै उपत्यका र तराईवासी किसानको श्रम गरेर खाने माध्यमको रूपमा डोको लाई लिइएको छ ( अन्तर्वार्ता, २०७०।८।३०) ।

## ४.१.१३ 'हिमचुली' बाल कविताको विश्लेषण

प्रस्तुत कवितामा प्रकृतिसँग आत्मसात भई, क्रान्ति वा परिवर्तनको सङ्केत बालकलाई डल्ला र फुचुना भनिएको, राष्ट्रप्रेमको भावना, हिमाललाई देखेर बालकले गरेको कल्पना यसमा पाइन्छ। बालक तुल्य 'म' कविका कोणबाट दिइएको हिमालको परिचय र नेपाल राष्ट्रप्रतिको प्रेमलाई विषयवस्तु बनाई यो कविता रचिएको छ। त्यस विषयवस्तुलाई व्यक्त गर्नका लागि 'म' पात्रले आफूलाई हिमालका चुचुराहरूले खेल्न बोलाएका र आफू हरिया उकाली चढेर पाखा पहराहरूलाई पनि उरालेर हिमालमा लिएर गएको प्रसङ्गबाट यस कविताको उठान गरिएको छ। त्यसपछि हिमचुलीको वर्णन गर्ने प्रसङ्गमा हिमालमा शङ्कर भगवान बूढाजस्तो गरी बसेका, उनको जटाबाट गंगा बगेकी, उनीहरूका छोराछोरी हजारौँ नदीनालाहरू रहेका र त्यसमध्ये गणेश डल्ला र फुचुना कुमार बूढा शङ्करका छोराहरू रहेको कुराको वर्णन यस कविताको दोस्रो श्लोकमा गरिएको छ । यसै गरी कविताको तेस्रो श्लोकमा बूढा शिवजी रमाएर पहरा र छहरालाई दङ्दङ् र छङ्छङ् बजाई उफ्रेर नाच्ने र पार्वतीचाहिँ फूल टिपेर ल्याएर छहारीमनि गीत गाएर बस्ने रोचक प्रसङ्गको वर्णन यस कवितामा पाइन्छ । यस कविताको अन्तिम श्लोकमा नेपाल राष्ट्रप्रतिको प्रेमलाई झल्काइएको छ । यस क्रममा हिमचुलीले टाकुरामाथि सिन्दूर हालेको अनि पाखा पखेराले बाजा बजाई वनमा नियालेका

घामछाँया चञ्चल भएर नाचेका, यस्तो रमणीय नेपालको मलाई माया लाग्छ भनेर राष्ट्रप्रेमको भावनालाई झल्काएर यो कविताको अन्त्य गरिएको छ ।

नचाउँला चञ्चल घाम-छाया
नेपालको लाग्छ मलाई माया ।

(**घामपानी**, पृ. १५)

प्रस्तुत कविताको उक्ति ढाँचालाई हेर्दा यसमा कवि निबद्ध उक्तिको प्रयोग पाइन्छ । यस कवितामा कवि निबद्ध 'म' बालकतुल्य भई म कविका कोणबाट हिमालको वर्णन र नेपाल राष्ट्रप्रतिको प्रेमलाई कवि कथनबाट 'म' पात्रको माध्यमले व्यक्त गरिएको हुनाले यसको उक्ति कवि निबद्ध देखिन्छ । हिमाललाई बूढा शङ्करको रूपमा लिएर उनकै जटाबाट गंगा बगेकी, हजारौँ खोलानालाहरू उनीहरूका सन्तानका रूपमा रहेका र त्यसमध्ये उनीहरूका सन्तान गणेशचाहिँ डल्ला र कुमारचाहिँ फुचुना वा साना भन्दै पार्वतीचाहिँ फूल टिपेर ल्याई छहारीमनि गीत गाएर बस्ने आदि वर्णनात्मक उक्ति ढाँचा यसमा पाइन्छ ।

प्रस्तुत कविताको लय ढाँचालाई हेर्दा यो कविता पनि शास्त्रीय वर्ण मात्रिक छन्द अन्तर्गत उपजाति छन्दमा रचिएको छ । यो छन्द प्रत्येक पाउमा त, त, ज, गु, गु गण हुने इन्द्रबज्रा र, ज, त, ज, गु, गु गण हुने उपेन्द्रबज्रा छन्दको मिश्रणबाट बन्दछ । यसमा त्यस छन्दको गतिको छरितोपन यतिको सुव्यवस्था अनि वर्ण वितरणगत आन्तरिक अनुप्रासीय र अन्त्यानुप्रासीय श्रुतिमाधुर्यद्वारा यो कविता सुगेय बनेको देखिन्छ । प्रस्तुत कविताको उद्देश्यलाई हेर्दा बालकमा राष्ट्रप्रेमको भावना जगाउनु देखिन्छ र उसले ती पहाड र हिमालहरुले आफूलाई खेल्न बोलाएको कल्पना गरेको कुरा देखिन्छ ।

प्रस्तुत कविताको भाषाशैलीलाई हेर्दा वर्णयोजनाका तहमा यस कवितामा म, ल, न, र ह, छ, ब, प जस्ता व्यञ्जन वर्णको र विभिन्न स्वरवर्णहरूको आवृत्तिजन्य अन्त्यानुप्रासीय रम्यता व्याप्त रहेको पाइन्छ भने, यस कविताका प्रत्येक दुई-दुई पाउमा अन्त्यानुप्रास पनि मिलाइएको छ । त्यसैले यस कवितामा पनि अनुप्रासीयरम्यता व्याप्त रहेको पाइन्छ । यसै गरी दङ् दङ्, छङ् छङ् जस्ता अनुकरणात्मक शब्दका साथै छोटा छरिता तद्भव र तत्सम अनि झर्रा नेपाली शब्दको रोचक प्रयोग गरिएकोबाट यस कविताको शैली सुबोध्य एवम् सरस बनेको छ । सरल तथा संयुक्त वाक्य ढाँचाबाट बनेको ज्यादा जसो सरल र केही मात्रामा विस्तारमय शैली यसमा भेटिन्छ भने शास्त्रीय उपजाति छन्दका गण अपेक्षालाई सघाउने गरी

पदलोप तथा पदक्रम विचलन गरिएको आलङ्कारिक कवितात्मक शैली पनि यसमा छँदैछ। त्यसै गरी हिमचुलीलाई बूढा शङ्कर अनि खोलानालालाई छोराछोरी र गणेश र कुमारलाई 'डल्ला' र 'फुचुना' जस्ता मानवीय विम्वहरू दिई यस कविताको कलात्मक पक्षलाई पनि गहिऱ्याइएको छ। यी सबै कुराका सन्दर्भमा प्रस्तुत कविताको कलात्मक पक्ष ज्यादा गहन बनेको पाइए पनि यसको प्रथम पुरुषीय उक्ति, उपजाति छन्दको लयगत माधुर्य तथा यसमा गरिएको दाँजो बालकहरूका निम्ति बढी आकर्षक बनेको देखिन्छ। त्यसैले यो कविता पनि ९-१० वर्ष उमेर समूहका बालकका निम्ति प्रभावकारी हुने देखिन्छ।

## ४.१.१४ 'नदी' बाल कविताको विश्लेषण

**नदी** शीर्षक बाल कविता पहाडी सानी नदीको सौन्दर्यलाई विषयवस्तु बनाई रचिएको छ। त्यस क्रममा सो नदीलाई मानवीय नारी व्यक्तित्व पनि दिइएको छ। सानी नदी पर्वतबाट झर्ने, त्यो नदी, हाहा र हु हु गर्दै बग्ने र त्यस नदीका संगिनीका रूपमा रहेका हजारौँ खोला र नालाले वनका पुछारमा त्यस नदीलाई भेट्ने गरेको रमणीय कुराको वर्णनबाट यस कविताको उठान गरिएको छ। इन्द्रेनीको विचित्र रचना भएको घामछायामय कुञ्जभित्र ती सानी नदी आनन्दले लट्टा फिँजाई छहारीमुनि नित्य गट्टा खेल्छिन् भन्ने मिठो कल्पना पनि यस कवितामा गरिएको छ।

आनन्दमा चट्ट फिजाइ लट्टा
खेल्छिन् छहारीपनि नित्य गट्टा।

(**घामपानी**, पृ. १६)

प्राकृतिक नदीलाई मानवीय नारी व्यक्तित्वका रुपमा चित्रण गर्दै ती सानी नदी आनन्दमा आफ्ना कपालका लट्टा फिंजाएर बस्दै छहारी मनि सधैं गट्टा खेल्ने कुराको अद्भूत चित्रण यसमा गरिएको छ। बालकहरूलाई प्राकृतिक पर्यावरणसम्बन्धी ज्ञान मनोरञ्जनात्मक किसिमले दिने उद्देश्य यस कवितामा लिइएको छ।

प्रस्तुत कविताको तेस्रो श्लोकमा जब सानी नदी रिसाउँछिन् तिनले पाखा, पहरा लछार्छिन्, ढुंगा र मुढालाई पछार्छिन, अनि बाढी र पैह्रासित गड्गडाएर पर्वतराजलाई थर्काउँछिन् भन्ने अर्को विचित्र कल्पना गरी यस कवितामा पहाडी नदीको चित्रण गरिएको छ।

गाउँलाई घुमी घुमी रेखदेख गर्ने पहाडी नदीले सारा पहाड, पाखालाई हरियो बनाउने गरेको र आखिरमा ती सानी नदी टाढाको समुद्र भेट्न जाने र तिनीलाई कसैले रोक्न नसक्ने

कुराको भव्य चित्रण गरिएको छ । यसरी पहाडी नदीको प्राकृतिक गतिशील सौन्दर्य र त्यसका शान्त तथा क्रुद्ध रूपलाई मानवीय नारी व्यक्तित्वको समानान्तरतामा प्रस्तुत गरिएको छ र पहाडी सानी नदीको महिमा प्रतिको कविगत आकर्षण साह्रै सुन्दर ढङ्गले व्यक्त भएको छ । यसमा नदीका सम्बन्धमा जेजस्ता कल्पनाहरू गरिएको छ, ती कल्पनाहरू खासगरी ११-१५ वर्ष उमेर समूहका बालकहरूका निम्ति बढी बोध्य र प्रभावकारी देखिन्छ ।

प्रस्तुत कविताको उक्ति ढाँचालाई हेर्दा यस कविताको कथन वा उक्ति कविकै कोणबाट गरिएको छ र त्यस अन्तर्गत सानी नदीको सौन्दर्यको वर्णनात्मक चित्रण भएको छ । त्यस क्रममा नदीलाई स्त्रीलिङ्गी 'सानी' विशेषण र झर्छिन्, गर्छिन, खेल्छिन्, पछार्छिन्, जान्छिन् जस्ता स्त्रीलिङ्गी क्रियापदको प्रयोगद्वारा मानवीय नारी व्यक्तित्वको आयाम पनि दिई यस कविताको उक्ति ढाँचालाई मोहक बनाइएको छ । सानी नदी पर्वतबाट झरेको कुराबाट थालिएको यस कवितालाई सो नदीको वन, पाखा, पखेरा, बाढी, पैह्रासितको जम्काभेट आदि हुँदै अघि बढेको यात्रा आखिर समुद्रमा पुगेपछि टुङ्गिन्छ भन्ने कुराको क्रमिक चित्रणबाट यस कविताको उक्ति संरचनालाई व्यवस्थित पनि बनाइएको भेटिन्छ ।

प्रस्तुत कविताको लय ढाँचालाई हेर्दा यो कविता उपेन्द्रबज्रा र इन्द्रबज्राको मिश्रित योगबाट बन्ने उपजाति छन्दको प्रयोग गरी रचिएको छ । प्रत्येक पाउमा त, त, ज, गु, गु गण हुने इन्द्रवबज्रा र ज, त, ज, गु गु गण हुने उपेन्द्रबज्रा छन्दको मिश्रणबाट बन्ने छन्दलाई उपजाति छन्द भन्ने गरिन्छ । झर्छिन्, गर्छिन्, हजार, पुछार, भित्र, विचित्र, लट्टा, गट्टा आदि अन्त्यानुप्रासबाट यस कवितामा प्रयोग गरिएको उपजाति छन्द बालकहरूका निम्ति श्रुतिमधुर तथा सुगेय भएको छ ।

प्रस्तुत कविताको भाषाशैलीलाई हेर्दा वर्णयोजनागत अनुप्रासीय रम्यता र ज्यादाजसो बालकहरूले बुझ्ने खालका छोटा छरिता झर्रा शब्द र केही मात्रामा मिठा तत्सम शब्दको प्रयोगबाट बनेको ओजस्वी शैली, सरल तथा मिश्र वाक्यको प्रयोगमा आधारित सरलतापूर्ण शैलीगत सघनता, सामान्यार्थक, क्रियापदका प्रयोगमा झल्किने भावमय वर्णन तथा वाक्यगत पदलोप एवम् पदक्रमगत विचलनबाट झल्किने कवितात्मक आलङ्कारिता यस कविताका शैलीगत विशेषता हुन् । परिवर्तनको इच्छा, नदीको बहाइ, प्रकृति वर्णन र पानीको वहावलाई कसैले रोक्न नसक्ने कुराको चित्रण यसमा पाइन्छ ।

### ४.१.१५ 'खेलौना' बाल कविताको विश्लेषण

बालक खेलमा मात्र व्यस्त हुन्छन् । बालकलाई खेल्नको साथै थाहा नपाइ पढाइमा पनि लगाउनु पर्छ । बालकको खेलप्रतिको संलग्नता, आमाको महानता आदि कुरालाई यस कवितामा देखाइएको छ । बालकहरूले सत्य बोल्छन् र महान् कुरा बोल्छन्, यसबाट बालक जान्ने भयो भने पनि आमाले उसलाई अनजान वा बच्चा नै देख्छन् भन्ने भाव यसमा पाइन्छ ।

अहो अझै बालक नै रहेछ

के के खिलौना बटुलीरहेछ ।

(**घामपानी**, पृ.१७)

बालकका खेलौनालाई विषयवस्तु बनाई त्यस विषयलाई बालककी आमाबाट प्रकट गरिएको छ । त्यस क्रममा आमाले प्रथमतः आफ्नै बालकको बालापन, उसका खेलौना र बालक अवस्थाका खेलमेल अनि माइतीघरमा बाल्यावस्थामा आफैँले खेलेका पुतली खेल आदिका बारेमा गरेको सम्झना । ती सबैलाई सम्झँदै गहबाट आँसु झारी आफ्नो बालकप्रति गरेको मायाको चित्रण गरिएको छ र यी सबैका सन्दर्भमा यस कविताको विषयवस्तुगत केन्द्र बालकको खेलौनालाई बनाइएको छ । बालकहरुको सबभन्दा प्यारो वस्तु खेलौना भएकोले उसलाई खान, लाउन जस्तै स्वतन्त्र रुपमा खेल्न पनि दिनुपर्छ भन्ने उद्देश्य यस कवितामा देखिन्छ ।

यस कविताको उठान दिनभरि खेलेर थकित भएको बालक दुदुमाम खाएर निदाएपछि उसकी आमा हातमा बत्ती लिएर कोठामा यताउता मिलाउन आएको कुराको चित्रणबाट भएको छ । त्यस क्रममा बालकले आफ्नो सानो कन्तुर थन्क्याउन बिर्सिएकोले भुइँमा नै परेको र आमाले त्यो कन्तुर खोलेर हेर्दा त्यसमा ढुंगा, माटा, मुरली, माला, छेपारचाटे कपडाका टुक्रा र टाला, मुजूरको प्वाँख र एउटा चित्रलाई देखेर छक्क पर्छिन् । यसका खेलौनाहरू त विचित्र किसिमका रहेछन् भनेर आमा छक्क पर्छिन् र त्यसपछि उनी बालकको सिरानमा गएर उसको निधारमा आएको अलि अलि पसिना पुछ्दै उसको कलिलो मुखतर्फ हेरेर तिनी विस्मयका साथ बोल्छिन् । सानो केटाकेटी भए पनि त्यो बालकले बुद्धिमानी कुरा गर्ने भएकोले अब त नानी (बालक) ज्ञानी भएछ भनेर ठानेको तर अझै पनि ऊ बालक नै रहेछ र खेल्नका लागि के के खेलौना बटुलिरहेछ भनेर विस्मय प्रकट गरिएको छ । त्यस बालकले कहिले ठूलो भएर सुन, तामा र चाँदीजस्ता जुहार कमाउला र यसले के घर व्यवहारको भार समाउला भन्दै विस्मयभाव पनि आमाको तर्फबाट प्रकट गरिएको छ । बालकका खेलौनालाई देखेर आमा अचम्मित हुँदै जसको कुनै काम नै छैन भनेर फालिन्छ त्यस्ता वस्तु बालकका निम्ति अमूल्य धन हुने र यिनीहरूका सम्पत्ति भनेका यिनै ‘चाचा’ वा खेलौना भएकोले संसारमा हरेक वस्तुको नक्कल गर्न जान्ने पारखी बालक मात्र साँचा वा सत्य हुन्छन् भन्ने भाव पनि कवितामा पाइन्छ ।

बालकका खेलौनाका सन्दर्भलाई लिएर बालककी आमाले त्यसपछि आफ्नो बाल्यकालको सम्झना गरेको अर्को रोचक र घतलाग्दो पक्षको वर्णन पनि कवितामा पाइन्छ । यस क्रममा उनले आफू पनि बाल्यकालमा कपडाका टुक्रा बटुलेर पुतली बनाई रमाएर माइतीमा खेल्ने गरेको तर अहिले त्यस्ता दिन गएका र यस बालकले आफूलाई भुलाएको प्रसङ्गको रोचक पक्षको वर्णन पनि कवितामा पाइन्छ ।

यस कविताको अन्त्यभागतिर बालकले आमाले नदेख्ने  गरी खेलौना लुकाएर घरभित्र आएर ऊ जाती बनेको, आमाको आँखा छलेर आफ्नो खेलौना लुकाएकोमा आमाले विस्मय प्रकट गरेकी छन् । म पनि ती खेलौनालाई जतन गरेर राखिदिन्थेँ किन तैँले मलाईचाहिँ निष्ठुरी ठानिस भन्दै आफ्ना आँखाबाट आँसु झार्दै उनी बालकका सलक्क परेका गाला र चिउँडो मुसार्छिन् । उसलाई म्वाइँ खाएर, थुम्थुम्याएर आमा सुतेको कुराको उल्लेखबाट यस कविताको अन्त्य गरिएको छ ।

प्रस्तुत कविताको कथन कवि कल्पित आमाको तर्फबाट गरिएको छ । अनि बालकका बारेमा, खेलौनाका बारेमा र आफ्नो बाल्यावस्थाको बारेमा र बालकप्रतिको प्रेमका सम्बन्धमा आमाका मनमा उठेका कल्पना र तर्कना तथा पूर्वस्मृतिबाट बनेको मसिनो आख्यानात्मक वर्णनमूलक उक्ति यसमा पाइन्छ ।

प्रस्तुत कविता पनि शास्त्रीय छन्द अन्तर्गत उपजाति छन्दमा लेखिएको छ । उपजाति छन्द इन्द्रबज्रा र उपेन्द्रबज्रा छन्द मिली बन्दछ । यो छन्दको प्रत्येक पाउमा त, त, ज, गु, गु गण हुने इन्द्रबज्रा र ज, त, ज, गु, गु गण हुने उपेन्द्रबज्रा छन्दका नियम अनुसारका श्लोकगत चरणहरूको वितरण गरिएको छ । यसमा त्यस छन्दको गतिको छरितो पन, यतिको सुव्यवस्था अनि वर्ण वितरणगत आन्तरिक अनुप्रासीय र अन्त्यानुप्रासीय श्रुति माधुर्यले गर्दा यो कविता पनि सुगेय बनेको छ ।

प्रस्तुत कविताको भाषा शैलीलाई हेर्दा वर्ण योजनाका तहमा यस कवितामा क, न, म, ल र ह, छ, द, ट, त, थ जस्ता व्यञ्जन वर्णहरूको बारम्बार पुनरावृत्ति तथा विभिन्न स्वर वर्णहरूको आवृत्तिजन्य अन्त्यानुप्रासीय रम्यता व्याप्त रहेको पाइन्छ भने प्रत्येक दुई-दुई पाउमा अन्त्यानुप्रास पनि मिलाइएको छ । यसै गरी यस कवितामा बालकहरूले बोल्ने बाल भाषा ‘दुदुमाम’ चाचा र बालकलाई माया गरेर बोलाइने ‘ज्ञानु’ जस्ता शब्दका साथै छोटो छरिता

तत्सम, तद्भव, झर्रा नेपाली शब्द र 'जुहार' जस्ता आगन्तुक शब्दहरूको रोचक प्रयोग गरिएकोबाट यस कविताको शैली सुबोध्य एवम् सरस बनेको छ । ज्यादाजसो सरल र संयुक्त वाक्य अनि केही मात्रामा मिश्रवाक्य ढाँचाबाट बनेको वर्णनात्मक शैली यसमा भेटिन्छ भने यसै गरी प्रश्न, विस्मय, कल्पना र आमाको बालकप्रतिको प्रेमलाई पनि यसमा देखाइएको छ । यो सबै कुरालाई हेर्दा यस कविताका शैलीमा सरलता, विस्तृति तथा सघनताजस्ता विशेषता भरिन पुगेका छन् । सामान्यार्थकताका साथै प्रश्नार्थकता र विस्मयार्थकता अनि सम्बोधन, संभावना र स्मृतिजस्ता शैलीगत विविधता पनि यस कवितामा पाइन्छन् । वाक्यगत पदलोप एवम् पदक्रमगत विचलनबाट कवितात्मक आलङ्कारिक शैलीको सौन्दर्य पनि यस कविताभरि संप्रसारित पाइन्छ ।

### ४.१.१६ 'ध्रुवको कथा' बाल कविताको विश्लेषण

हिन्दू धर्मावलम्बीहरूको महापुराणको रूपमा प्रसिद्ध रहेको श्रीमद्भागवतको चतुर्थ स्कन्धको आठौँदेखि तेह्रौं अध्यायसम्म विस्तारित रहेको **ध्रुव चरित्र**सँग सम्बन्धित आख्यानको मुख्य कथालाई विषयवस्तु बनाई यो कविता रचिएको छ । यस कविताको सुरुमा वक्ता कविले 'नानी'लाई सम्बोधन गर्दै भुईंमा साँझका बत्ती बलेपछि र आकाशमा नौलाख तार झिलिमिली भएपछि हिमालमाथि उत्तरतर्फ सधैँभरि झुल्की राख्ने, कहिल्यै नअस्ताउने, नखस्ने ताराको नाम 'ध्रुव' हो र त्यस ताराको कथा आज सुनाउँछु भनेको पाइन्छ । त्यसपछि वक्ता कविले ध्रुवको कथा भन्दै गएका छन् । त्यस कथासँग सम्बन्धित मुख्य घटनाक्रम यी हुन् :

राजा उत्तानपादका पाँच वर्षका छोरा ध्रुव आफ्ना भाइ उत्तमसँग बाललीला गरी खेलिरहेका हुनु, एकदिन दुवै भाइ फुर्किएर बाबुको सिंहासनमा गएर बस्नु, ध्रुवकी सौतेनी आमा सुरुचिले चाहिँ त्यो सिंहासनमा ध्रुव बसेको नसुहाएकोले सो सिंहासन आफ्नो छोरो उत्तमलाई सुहाउने कुरा गर्नु, अनि ध्रुवलाई चाहिँ हाँसको बथानमा बकुल्लो पसेजस्तो देखियो भनी अति निष्ठूर बचन लाउँनु, सौतेनी आमाको अति निष्ठूर वचन मनमा बिझेपछि ध्रुव आँसु निकाल्दै सरासर आफ्नी आमा सुनीतिकहाँ जानु जस्ता घटना यस कथांशको सुरु भागमा घटेका छन् । त्यसपछि सुरुचिको कटु वचनले आफ्नो छोरो रोएको थाहा पाई सुनीतिचाहिँ सुरुचिकहाँ गई आफ्नो बालकलाई निष्ठुरी भएर किन रुवाइस् भनेर जङ्गिँदै बरु आफैलाई वचन लाएको भए सहने थिएँ भन्नु, त्यसरी बोल्दाबोल्दै सुनीतिका पनि आँसु खस्न थाल्नु र ध्रुवको रुवाइको हिक्का पनि चालु नै रहनु, सुनीतिले सौताको पेचले आफू रुँदै आएकोमा अब आफ्नो छोराले

पनि रुनु परेकोमा पीर मान्दै पुनस (पूर्वजन्म) हारेको बोध गर्नु, आफू र आफ्नो छोराको लागि यस लोकमा आँसु पुछ्ने कोही नभएको बोधसँगै दुःखीहरूको सहारा 'हरि' पनि कहाँ छन् भनी प्रश्न गर्नु, त्यसपछि दुखिनी सुनीति भिमलमा पर्छिन् (कहालिनु), त्यसपछि रात पर्नु, अँध्यारो रातमा आमालाई मनमनै ढोग गरी कि गरि छाड्ने कि मरिछाड्ने अठोटका साथ ध्रुव एक्लै सहर बाहिर निस्कनु जस्ता घटना मध्यभागमा घटेका छन् । सुनसान रातमा सप्तर्षि वृन्दले हरि खोज्न निस्केका ध्रुवलाई मन निर्मल पारेर हरिको ध्यान गर्न सुझाव दिनु, ध्रुव सप्तर्षिलाई नमस्कार गर्दै जुनेली रातमा वृन्दावनतर्फ लाग्नु, बाघका गर्जन र झ्याउँकीरीका झ्याउँ-झ्याउँ बिच अप्सरा गणका छलहरूलाई पन्छाउँदै हरिको ध्यानमा शान्त मनले लाग्दछन्, उनको अटल ध्यानबाट प्रसन्न भई ज्योतिका रूप लिएर भगवान् झुल्किनु र ध्रुवलाई अब तिम्रा निम्ति कतै रीसराग छैन सबै जगत् उज्यालो भयो भन्नु, सुरुचिलाई पनि सपनामा गई भगवान्ले ज्ञानी ध्रुवले के बिरायो भनी प्रश्न गरेपछि सुरुचिको पनि मन फर्कनु, त्यसपछि बाबुआमा, सानीआमा आई ध्रुवलाई भेट्नु, सानीआमाले काखमा लिई दरबारको सिंहासनमाथि बसाइदिनु, राजाले ध्रुवलाई मुकुट लाइदिनु र ध्रुवकी दुखिनी आमाले हर्षका आँसु बरबर खसाल्दै, ध्रुवलाई अर्ती शिक्षा दिनु जस्ता घटना कथांशको करिब अन्त्य भागमा घटेका छन् । त्यसपछि कान्छी रानीलाई लिई राजा तपोवनतिर जानु, छोराको विहे गरी सुखका दिन हेरेर ध्रुवकी आमा पनि तपोवनतिर जानु, ध्रुवले भाइलाई मन्त्री बनाएर हरिकै भरमा परि सारा प्रजालाई सुख दिएर राज्य चलाउँनु, ध्रुवका राज्यमा सुख शान्ति छाउँनु, एकदिन स्वर्गका अप्सराहरू पुष्पवर्षा गरी माला लिई ध्रुवकहाँ पुगी हरिले बोलाएको र बेला पनि पुगिसकेको हुनाले अब पाल्नुहोस् भन्नु, अप्सराले दिएको माला लाउनासाथ ध्रुव तत्क्षण ज्योतिको रूप लिई आकाशमा पुग्नु, आकाशबाटै ध्रुवले मन मैला पार्नु हुन्न, मिठो प्रेम पुण्य कर्म र उज्यालो मुख लिई जीवनको ज्योति जगाउनुपर्छ भन्ने दीव्य वाणी व्यक्त गर्नु, ध्रुव उड्दै गई तारा बनी स्वर्ग, पृथ्वी दुवैतिर देखिने ठाउँमा स्थीर भई बस्नु जस्ता घटना पछि यस कथांशको अनत्य भएको छ ।

यिनै घटनाक्रमको समष्टिबाट बनेको ध्रुवको कथा सुनाइसकेपछि यस कविताको अन्त्यमा वक्ता कविले आकाशको सबै ताराहरू पहिले मानिस नै थिए र पछि आफ्ना पुण्य कर्मले ती सबै आकाशमाथि उक्लिएका हुन् भन्दै नानीहरूलाई असल बानी लिई माथि माथि उठ्दै संसारलाई उज्यालो पार्दै ध्रुवतारा जस्तै बन्नुपर्छ भन्ने सन्देश पनि दिएका छन् । बालकलाई राम्रो काम गरेर ठुलो मानिस बन भन्ने उद्देश्य यस बाल कविताले राखेको छ ।

जम्मा ६१ (एकसठ्ठी) श्लोक भएको प्रस्तुत कविता आख्यानात्मक संरचना भएको लघु काव्यको रूपमा रचिन पुगेको देखिन्छ। यस आख्यानात्मक लघु काव्यको कथन वक्ता कविकै कोणबाट गरिएको छ र त्यो कथन नानी बालकहरूप्रति सम्बोधित छ। सो सम्बोधनमूलक आख्यान कथन वर्णनात्मक रूपमा आएको छ। त्यस वर्णन अन्तर्गत ध्रुवलाई सौतेनी आमाले वचन लाएको घटनाबाट कथानकीय आदिभाग बनेको छ भने सुनीति सुरुचिसित जङ्गिएको अनि सुनीतिले आफूलाई अभागी ठानी रोएको घटना प्रसङ्गबाट कथानकीय विकास भागको निर्माण भएको छ। बालक ध्रुव सुनसान अँध्यारो रातमा 'हरि' खोज्न सहर बाहिर निस्किइ वृन्दावनतर्फ लागेको, ध्रुवले शान्त मनका साथ हरिको ध्यान गरेको अनि हरिले ध्रुवलाई उज्यालो ज्योति दिएको घटना वर्णनद्वारा यस लघुकाव्यका आख्यानको चरमोत्कर्ष भाग बनेको छ । ध्रुवकी सौतेनी आमा सुरुचि र बाबु आइ ध्रुवलाई लगी सिंहासनमा बसाएको अनि ध्रुवलाई नै राजकाजको जिम्मा दिई बाबु र कान्छीआमा तपोवनतिर गएको, ध्रुवको विहे गरी उसका सुखका दिन हेरी उसकी आमा पनि तपोवनतर्फ गएको घटनाको चित्रणबाट यस लघुकाव्यको कथानकीय प्रतिचरमोत्कर्ष भाग निर्मित हुन पुगेको छ। आखिर ध्रुवले पनि राजकाज चलाई प्रजाहरूलाई सुख दिई बेला पुगेपछि हरिको आज्ञाअनुसार धरती छाडी आकाशतर्फ उडी हिमालमाथि उत्तरतर्फ ध्रुव ताराका रूपमा स्थीर आसन लिई अडिएको घटनाको चित्रणद्वारा यस लघुकाव्यको आख्यानलाई टुङ्ग्याइएको छ। त्यसपछि वक्ता कविले सबै नानीलाई ध्रुवतारा जस्तै बन्नुपर्छ भन्ने सन्देश दिई यस लघुकाव्यलाई टुङ्ग्याएको देखिन्छ।

प्रस्तुत कवितामा प्रारम्भ, विकास, चरमोत्कर्ष र प्रतिचरमोत्कर्ष र उपसंहारका पाँच भागसँग सम्बन्धित घटनाक्रमको विन्यासद्वारा कथानक निर्मित भएको छ। त्यस कथानकसँग सम्वद्ध पात्रका क्रिया, प्रतिक्रिया एवम् सत, असत् चरित्रको द्वन्द्व हुँदै आखिर सत् पक्षको विजय देखाइएको चरित्र योजना र दरबार, परिवार, वनजंगल, राजसिंहासन, तपोवन, दिन-रात अनि आकाशको तारा आदिसँग सम्बन्धित विषयको चित्रणबाट कथानक निर्मित भएको छ। चरित्र योजनागत परिवेश वा कार्यपीठिका समेतका समष्टिबाट यस लघुकाव्यमा पुष्ट आख्यानको प्रयोग गरिएको देखिन्छ। त्यस्तै पुष्ट आख्यानका माध्यमबाट बालकहरूलाई वचन लाउनु हुँदैन, बालकहरू निडर हुनुपर्छ र बालकहरूले असल कार्य गरी संसारलाई उज्यालो

बनाउनुपर्छ भन्ने सन्देश पनि दिइएको छ। तसर्थ यस लघुकाव्यको उक्ति संरचना वक्ता कविद्वारा वर्णित नानीप्रति सम्बोधित र सन्देशमूलक आख्यानमा आधारित देखिएको छ।

प्रस्तुत लघु काव्यमा शास्त्रीय अनुष्टुप छन्दको प्रयोग गरिएको छ। त्यस अनुष्टुप छन्दका ६१ वटा चतुष्पदी श्लोकमा यो लघु काव्य पूर्ण भएको देखिन्छ। ती सबै श्लोकहरूमा अन्त्यानुप्रास मिलाइएको छ र आन्तरिक अनुप्रासको श्रुति माधुर्य पनि ती श्लोकहरूभित्र छँदै छ। पौराणिक आख्यानसँग सम्बद्ध घटनाक्रम, पात्र, नाम तथा पात्रीय कार्य व्यापारसँग सम्वद्ध शब्दहरूको प्रयोगका साथै कविद्वारा गरिएको आलङ्कारिक एवम् कल्पनाशील चित्रण समेतका समष्टि सन्दर्भमा यस कविताको भाषाशैली किशोरवयका बालकहरूका निम्ति बढी बोध्य बन्न गएको पाइन्छ। निश्चय नै यस कविताका वक्ता कविले सम्बोधित नानीलाई "तिमीजस्तै बडा ज्ञानी फूर्तिला पाँच वर्षका" भनेको भए तापनि यस लघुकाव्यको आख्यान संरचना, लय संरचना, शब्द प्रयोग, वाक्य प्रयोग आदिका साथै यसमा गरिएको कल्पनाशील चित्रण समेत पाँच वर्षका बालकहरूका निम्ति बोध्य नरही कम्तिमा पनि ११-१५ उमेर समूहका बालकहरूका निम्ति मात्र सम्प्रेष्य वा ग्राह्य देखिन्छ।

## ४.२ 'घामपानी' बाल कविता सङ्ग्रह २०५८ को विश्लेषण

**घामपानी** बाल कविता सङ्ग्रहका विभिन्न संस्करणहरू छापिए पनि पुस्तकालय र बजारमा समेत **घामपानी** (२०१२) र **घामपानी** (२०५८) मात्र प्राप्त भएकोले **घामपानी** (२०१२) का कविताहरूको विश्लेषणपछि **घामपानी** (२०५८) का कविताहरूको पनि क्रमैसँग यस अध्यायमा विश्लेषण गरिएको छ। **घामपानी** (२०१२) पछिको उपलब्ध पछिल्लो संस्करण २०५८ मा कतिपय शीर्षकका कविताहरू जस्ताको तस्तै छापिएका छन् भने 'ध्रुवको कथा' शीर्षक बाल कविता हटाइएको छ अनि अन्य केही कविताहरू थपिएका पनि छन्। यस अध्यायमा २०१२ सालको **घामपानी**मा परेका बाल कविताहरूको विश्लेषण अघिल्लो अध्यायमै गरिसकिएकोले नयाँ थपिएका बाल कविताहरूको मात्र विश्लेषण गरिएको छ।

**घामपानी** (२०५८) मा सङ्कलित जम्मा चौबीसवटा कविता यस प्रकार छन् :

१. घामपानी
२. घुन
३. तारा
४. भोटेसेलो
५. पानी पर पानी पर
६. बाल लहरी

७. भँगेरा र भँगेरी
८. मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक्
९. उठ् पुता दिउल पुग्यो !
१०. ढिकी र जाँताको सवाई
११. नर्कटको घोडा
१२. गुलेली
१३. यो घर कसको आलेको
१४. बस बस माहुरी
१५. पुतली
१६. कमिला रानी
१७. त्यस्तो हुँदा कस्तो
१८. भकभके
१९. डोको
२०. हिमचुली
२१. नदी
२२. चिप्लेकीरो
२३. खेलौना
२४. राष्ट्रिय गीत

माथि उल्लिखत २४ (चौबिस) वटा बाल कविताहरूमध्ये २०५८ सालको घामपानीमा देखापर्ने नयाँ बाल कविताहरू यी हुन् :

१. तारा
२. भँगेरा र भँगेरी
३. मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक्
४. उठ् पूता दिउल पुग्यो !
५. नर्कटको घोडा
६. यो घर कसको आलेको
७. पुतली
८. त्यस्तो हुँदा कस्तो
९. चिप्लेकीरो
१०. राष्ट्रिय गीत

यिनै दशवटा कविताको विश्लेषण यहाँ गरिएको छ ।

## ४.२.१ 'तारा' बाल कविताको विश्लेषण

**तारा** शीर्षक बाल कविता ताराहरू चम्केको देख्दा बालकहरूका मनमा आउने भावनाहरूलाई अनुकरणमूलक ढङ्गले व्यक्त गर्ने गरी रचिएको छ ।

यस कविताका सुरुमा ताराहरूले चम् चम् गरेकोमा बालकहरूले छम् (छौँ) भनी भनेको कुराको चित्रण गर्दै कोही (बालक) यहाँ छौँ र कोही (तारा) उहाँ (आकाशमा) छौँ भन्ने वैपरीत्यलाई अनुकरणात्मक 'चम्-चम्' शब्द र कथ्य 'छम' क्रियापदको प्रयोगद्वारा व्यक्त गरिएको छ । यसपछि प्रस्तुत कवितामा ताराहरूको गतिको अनुकरणमूलक चित्रण गरिएको छ । त्यस क्रममा ताराहरू टलपलाउने, बेलुका बल्ने र बिहान चल्ने कुराको रोचक चित्रण गरिएको छ । यसपछि प्रस्तुत कवितामा ताराका अवस्था र शक्तिको चित्रण गरिएको छ । ताराहरूको 'किरमिर' र 'छिरविर' अवस्थाको अनुकरणमूलक चित्रण गरी उनीहरूलाई

'अँध्याराका वीर' पनि मानिएको छ भने तिनलाई आफ्ना परेलीमा छिर्न आग्रह पनि गरिएको छ । यसपछि प्रस्तुत कविताका अन्त्यमा  आकाशमा गुजुमुज्ज देखा पर्ने ताराहरूलाई हेर्दै कुरा सुभ्ने र बुभ्ने गर्नुपर्छ भन्ने निष्कर्षमूलक सन्देश पनि रोचक ढङ्गले नै दिइएको छ ।

गुजमुज तारा । गुज् मुज् गुज्
ग् गर सारा सुभ्क् बुभ्क् सुभ्क्

(**घामपानी**, पृ. ३)

प्रस्तुत कविताको कथन बालकतुल्य कविका कोणबाट नै गरिएको छ । आकाशमा तारा उदाएको देख्दा बालकहरूले जेजस्तो प्रतिक्रिया व्यक्त गर्दछन्, त्यसैको नर्तनशील ध्वन्यात्मक अभिव्यक्ति कविले यस कवितामा गरेका छन् । त्यसैले यस कवितामा कवि आफै बालक सरह भई ताराका गति, स्थिति आदिलाई गत्यात्मक तथा स्थित्यात्मक अनुकरण बुभ्काउने शब्दको प्रयोगद्वारा व्यक्त गरेका छन् ।

प्रस्तुत कवितामा प्रयुक्त भाषा अनुकरणमूलक शब्द प्रयोगको प्रचुरताद्वारा नै विशिष्ट बनेको छ र ती शब्दहरूले यस कविताको पठनवाचन गर्ने बालबालिकाहरूलाई उफ्री-उफ्री नाच्न लगाउन सक्ने देखिन्छ । तिनै शब्दका प्रयोगमा आधारित छोटो छरितो जोश जगाउने खालको मिठो र प्रत्येक पाउमा (३-४-६) तीन-चार र छ अक्षरको वितरण गरिने नेपाली लोकलयको प्रयोग गरी यो कविता रचिएको देखिन्छ । त्यो लोकलय अनुकरणमूलक शब्द प्रयोगमै आधारित आन्तरिक तथा अन्त्यको अनुप्रासद्वारा तीव्र लय चेतनाले ओतप्रोत भई बालकहरूका निम्ति सुमधुर बनेको देखिन्छ ।

प्रस्तुत कवितामा प्रयोग भएका छोटा छरिता र अनुकरणमूलक शब्द प्रयोगका साथै तिनका माध्यमबाट व्यक्त गरिएको ताराका गति अवस्था र विषय समेतलाई दृष्टिगत गर्दा यो कविता ६ देखि १० वर्ष उमेर समूहका बालकहरूका लागि उपयुक्त देखिन्छ । प्रकृति र बालकका बिच तादात्म्य देखाउनु यस कविताको उद्देश्य देखिन्छ ।

## ४.२.२ 'भँगेरा-भँगेरी' बाल कविताको विश्लेषण

भँगेरा र भँगेरीजस्ता स-साना चिटिक्क परेका पक्षीका गतिविधिलाई विषयवस्तु बनाई यो कविता रचिएको छ । त्यस क्रममा यस कवितामा भँगेरा र भँगेरीका बोली, कार्य र

चलाखीको बालोचित रोचक चित्रण गरिएको छ। प्रथमतः यस कवितामा भँगेरा र भँगेरी कसरी कुरा गर्छन् भन्ने प्रश्न उठाइएको छ भने त्यसको उत्तरको रूपमा भँगेरो चुरचुर गर्छ र भँगेरी चिरविर गर्छे भन्ने कुरा झल्काइएको छ। यसपछि यस कविताको वक्ताले भँगेरा र भँगेरीलाई नै पालोपालो वक्ता र श्रोताका रूपमा परिचालित गरी उनीहरूकै कोणबाट तिनका गतिविधिको चित्रण गरिएको छ। बालकलाई बाठो बनाउने उद्देश्यले यो कविता रचिएको हो।

भँगेराले चारा चोर्ने क्रममा ती मध्येको एउटाले चाहिँ यताउति नहेरी चारा चर्नुहुन्न त्यसैले एउटा आँखोले चाहिँ तैले र अर्को आँखाले चाहिँ मैले हेरी चारा टिप्नु पर्छ भनेको छ।

चारा चर्न हुन्न है, यताउति नहेरी

यौटा आँखा तँ हेरी अर्को आँखो म हेरी

(**घामपानी**, पृ. ८)

भँगेरा र भँगेरीले लिने सावधानीको चित्रण यस कवितामा साह्रै सरल ढङ्गले गरिएको छ । यसपछि ती दुईमध्येको वक्ता भँगेराले नै कसैलाई नटेरी कनिका टाप्पटिप्प टिपिहाल्ने अनि भुर्र्र उडीहाल्ने कुरो गरेको प्रसङ्गको पनि मिठो चित्रण पाइन्छ । भँगेरा र भँगेरीको बठ्याइँले गर्दा बिरालो जिल्ला पर्ने र बोहोरी (बाज) हिस्स पर्ने कुराको घतलाग्दो चित्रणमा पुऱ्याई यस कवितालाई टुङ्ग्याइएको छ । भँगेरा र भँगेरीका बोली, ध्वनि, गतिविधि, सावधानी, बठ्याइँ आदिका बारेमा बालकका मनमा जेजस्ता कल्पना जाग्न सम्भव छ र भँगेरा र भँगेरीका चञ्चल, चपल, गतिविधिप्रति बालकका मनमा जेजस्तो विस्मय उत्पन्न हुन्छ, तिनैको सरल, सुमधुर र रोचक चित्रण गरी यो कविता रचिएको देखिन्छ । त्यस सन्दर्भमा प्रस्तुत कविताको उठानमा र विश्रान्तिमा वक्ताका रूपमा कविको भूमिका रहेको देखिन्छ भने मध्य भागमा चाहिँ कविले वक्ताको भूमिका भँगेरालाई नै दिएको पाइन्छ । त्यसैले यस बाल कवितामा कवि निबद्ध 'म' भँगेराको उक्तिको पनि रोचक संयोजन गरिएको पाइन्छ ।

प्रस्तुत कविता नेपाली लोकलयको प्रयोग गरी रचिएको छ । यसमा प्रयोग गरिएको नेपाली लोकलय प्रत्येक पाउमा १४ अक्षरको समानुपातिक वितरण गरिने झ्याउरे लोकलय नै हो । नेपाली झ्याउरे लोकलयको प्रयोगले गर्दा यो कविता नेपाली बालबालिकाका निम्ति निकै आकर्षक बनेको पाइन्छ ।

आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको श्रुति माधुर्यका साथै भँगेरा र भँगेरीको चिरिबिरीका गीति माधुर्यले पनि ओतप्रोत रहेकाले यस कविताको लय प्रयोग बाल बालिकाका निम्ति सुमधुर बनेको देखिन्छ ।

क, ग, र च, ह, ट म जस्ता व्यञ्जनवर्णको बारम्बार आवृत्तिले गर्दा यसका भाषिक वर्ण योजनामा अनुप्रासीय रम्यता भरिन पुगेको पाइन्छ । छोटा छरिता र झर्रा नेपाली शब्दको प्रयोगले गर्दा यो कविता ज्यादै सजिलो भएको छ । छोटो छरिता, सरल वाक्यको प्रयोगका साथै सामान्यार्थक, प्रश्नार्थक, विध्यर्थक एवम् विस्मयार्थक वाक्य प्रयोगको विविधताले गर्दा यस कविताको शैली निकै रमणीय भएको छ । वाक्यगत पदक्रम, विचलन र पदलोपका त्यस्ता प्रवृत्तिहरू पनि यस कवितामा छँदैछन्, जसले यसको शैलीलाई कवितात्मक गुणले ओतप्रोत तुल्याएका छन् ।

भँगेरा र भँगेरी कविताको माध्यमबाट बालकलाई बाठो बन्न सिकाइएको छ । यसै गरी मिलेर काम गर्नुपर्छ, चरित्र निर्माण एक भएर गर्नुपर्छ भन्ने सन्देशका साथै भँगेराको स्वर

अलि धोत्रो हुने र भँगेरीको स्वर सुरिलो, मसिनो हुने भएकोले यी दुईको स्वरगत भिन्नतालाई पनि यसमा देखाइएको छ । गीतको व्याकरण पनि आफ्नै खालको हुन्छ । गीतमा क्रिया, कर्म, कर्ता इत्यादिलाई पुछपाछ पारेर प्रस्तुत गरिएको हुन्छ। प्रस्तुत गीतमा पनि **भँगेरा भँगेरी** जस्ता पंक्षीका चारा चोर्न जाने क्रममा उनीहरूको बोलाइ र बठ्याइँलाई प्रस्तुत गरेर पंक्षीहरू त बाठा हुन्छन् भने तिमीहरू पनि यस्तै बाठो बन्नुपर्छ भन्ने नैतिक सन्देश दिइएको छ (०७०।८।२२ को माधव घिमिरेसँगको भेटघाटमा आधारित) ।

विषयगत सेरोफेरो र त्यसलाई व्यक्त गर्ने भाषिक घटकलाई दृष्टिगत गर्दा यो कविता पनि ६-१० वर्ष उमेर समूहका बालबालिकाका निम्ति उपयुक्त देखिन्छ र यो सो उमेरका नेपाली बालबालिकाको पाठ्य सामग्रीका रूपमा प्रयुक्त भई लोकप्रिय समेत हुन पुगेको पाइन्छ ।

## ४.२.३ 'मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक' बाल कविताको विश्लेषण

मिरिमिच्चेको अर्थ हुन्छ सानो । बाख्राले 'मुरुमुरु च्याप' गरेर खान्छ भने बाख्राको पाठोले 'मिरिमिरि च्याप्प' गरेर खान्छ । मिरिमिरि च्याप्प गर्ने बाख्रोको पाठो ब्रुक्क उफ्रन्छ । यो कविता कविले लाजिम्पाटमा कलेज पढाउन जाँदा ज्यापूको घरमा एउटा बाख्राको पाठो उफ्रिएको र एकदिन लोक साहित्यको 'जहिले पनि मिरिमिच्चै' भन्ने शब्द सम्झिएपछि बाख्राको सानो पाठो मिरिमिच्चेलाई विषयवस्तु बनाएर 'मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक' बाल कविता लेखेको र यो बाल कवितालाई वास्तविक रूप दिन २-३ महिना लागेको कुरा कविले व्यक्त गरेका छन् (भेटघाट ०७०।८।२२) ।

बाख्राका पाठोको गतिविधि र स्वभावलाई मुख्य विषयवस्तु बनाई त्यसैको चित्रण यसमा गरिएको छ । त्यसका गतिविधि र स्वभावलाई वक्ता कविले बाख्राको पाठोकै तर्फबाट व्यक्त गरेका छन् । यस कविताको सुरुमा उसका शारीरिक अंगको अनुकरणमूलक चित्रण गर्दै उसका जन्याक जुरुक हिँडाइ र म्याँ, म्याँ ब्रुकका ध्वनिको बालकानुकूल चित्रण गरिएको छ । त्यसपछि प्रथम पुरुष 'म' कै रूपमा उभिएको त्यस बाख्रोको पाठोले आफू कहिले भुँइमा हिँड्ने, कहिले बुइँमा चढ्ने, एकै ठाउँमा नबस्ने र दिनभरि फन्याकफुरुक गर्ने गतिशील स्वभावको चित्रण गरिएको छ । यस कविताको अन्त्यमा त्यस बाख्राको पाठोको तर्फबाट मान्छेको बच्चालाई पनि तस्वीर खिच्ने चुल्लोपन छाडी आफूजस्तै सच्चा बन्न आग्रह गरिएको छ अनि

त्यस बाखाको पाठोले भऱ्याकभुरुक मान्दिन भन्दै म्याँ म्याँ ब्रुक गरेको कुराको घतलाग्दो चित्रण यसरी गरिएको छ ।

ए मान्छेको बच्चा तँ
मै जस्तै बन् सच्चा तँ
तस्बिर खिच्ने लुच्चा तँ ।

(**घामपानी,** पृ. ९)

लोक छन्दमा रचित यस कवितामा एक पङ्क्तिमा आठ-आठ अक्षर हुने नेपाली लोकलयको प्रयोग गरिएको छ । 'फट्‌फट्, खट्‌खट् चट्'जस्तो अनुकरणात्मक शब्दद्वारा यस लोकलयलाई ध्वन्यात्मक पारिएको छ । खट्, चट्, फट्, ब्रुक, जऱ्याकजुरुक जस्ता गतिबोधक अनुकरण शब्द र म्याँ, म्याँ जस्ता ध्वनि अनुकरणमूलक शब्दको प्रयोगले गर्दा यस कविताको भाषाशैली पनि बालकहरूका निम्ति अति आकर्षक बनेको छ । मान्छेको बच्चालाई बाखाको पाठाजस्तै सच्चा बन्न आग्रह गरिएकोले यो कविता स्वच्छन्दतावादी प्रकृतिचेतना र प्राणी चेतनामूलक विचारबाट ओतप्रोत हुन पुगेको देखिन्छ । त्यो उच्च विचार बालकहरूका निम्ति सोझै बोध्य नदेखिए तापनि यस कविताको भाषाशैली बालकहरूलाई बुरुक बुरुक उफारी खेल्न लगाउने किसिमको देखिएकोले यो कविता ६-१० वर्षका बालकहरूका निम्ति उपयोगी बनेको छ। बालकलाई सबैसँग साँचो कुरा बोल, झुटो नबोल भनेर सिकाउनु नै यस कविताको उद्देश्य हो ।

## ४.२.४ 'उठ् पूता ! दिउल पुग्यो' बाल कविताको विश्लेषण

दिउलको अर्थ हुन्छ दुई टुक्रा परेको बीज उम्रने बेलाको दल । भदौको बेलामा घामले त्यो दिउल सुकेको र पछि पानीपरेपछि फुकेको र ढुकुरले राखेको दिउल सुकेको र फुकेको लोककथाको विषयवस्तुलाई लिएर यो बाल कविता रचिएको हो। गाउँघरतिर मानिसले लोककथा बनाउँदा प्रकृतिका जीवजन्तुका स्वरबाट पनि बनाउने चलन हुन्छ । एकथरी ढुकुर कुर्लने र एकथरी ढुकुर कुहु कुहु गर्ने हुन्छ । त्यही ढुकुरको स्वरलाई लिएर गाउँका मानिसले कथा बनाउँछन् । यो बाल कविता पनि त्यही लोककथाको विषवस्तुसँग सम्बन्धित छ । यसै गरी आफ्नो घर नजिकैको एकजना महिलाले आफ्ना छोराछोरीलाई गाली गर्दै 'कमाउनेलाई

कत्रो गाह्रो, खानलाई जाबो 'चारो' भनेको सुनेबाट यस बाल कवितामा लोककथाको त्यही क्रमलाई मिलाइएको छ (कविको भनाइ अनुसार)।

**उठ् पूता ! दिउल पुग्यो** बाल कविता घाम लाग्दा दिउल सुक्ने र पानी पर्दा दिउल फुक्ने तथ्यलाई विषयवस्तु बनाई रचिएको छ। यस विषयवस्तुको अभिव्यक्ति गर्नका निम्ति कविले यसमा ढुकुर ढुकुर्नी र उसका बचरालाई पात्रका रूपमा उभ्याई तिनका कार्यव्यापारसँग सम्बन्धित छोटो, मिठो, रोचक कथानकको प्रयोग गरेका छन्। त्यस कथानकका चार मुख्य मोड छन्। तीमध्येको पहिलो मोडमा रमाइलो भाकामा असारको याममा ढुकुरको जोडी बचरालाई पहुल चारापानी सँगै गुँडमा छोडी एउटा रूखबाट अर्को रूखमा उडी उडी डुल्न गएको कुराको वर्णन छ। त्यसपछि ढुकुरका जोडी उतै भुलेको, र अबेर गरी घरमा आएको घटना प्रसङ्गको चित्रण गरिएको छ। उक्त कथानकको दोस्रो मोडमा घरमा फर्की आउँदा चाराका निम्ति छोडी गएको दिउल थोरै मात्र रहेको थाहापाएपछि ढुकर रिसले रिडी बचरालाई ठुङ्न लागेको, त्यत्रो चारा स्वाहा पारेर पनि हामी आउँदा आँ आँ गरेको भनी गाली गरेको, घटनाक्रमलाई देखाइएको छ। ढुकुरले चारो खानेलाई सजिलो भए पनि कमाउन कत्रो गाह्रो हुन्छ भन्दै आफ्नो बचेरालाई एकमुठी सास मात्र रहने गरी कुटी कुटी मार्छु भनेको डरलाग्दो कुरालाई रिसको भाकामा व्यक्त गरिएको छ।

यसपछि प्रस्तुत कथानकमा अर्को तेस्रो मोड आएको देखाइएको छ र त्यो मोड हो ढुकुर्नीले रोइ रोई छेक्दा छेक्दै र रोक्दारोक्दै पनि ढुकुरका पिटाइले जब बिचरा बच्चा मर्न लाग्यो ठीक त्यही बेला पानी पर्न लाग्नु र त्यसैको परिणाम स्वरूप सुकेको दिउल फुल्दै आई दिउल थोरै हुनुको भेद खुल्नु। यस कथानकीय घटनाक्रमको प्रस्तुति पछि कविले चारा चुन्न नसक्ने, कुरा भन्न नसक्ने दिनभर भोको रहेको बचेराको मनमा आमा बाबु कहिले आउलान् र मलाई दिउल ख्वाउलान् भन्ने एउटा मात्र धोको थियो भन्ने टिप्पणी नरमाइलो भाकामा गरेका छन्। जस्तैः

चारा चुन्नै नसक्ने त्यो
कुरा भन्नै नसक्ने त्यो
बचरो दिनभर भोको थियो
उसको यौटा धोको थियो
'आमा बाबु कहिले आउलान्

कहिले दिउल मलाई ख्वाउलान् !'

(**घामपानी**, पृ. ११)

प्रस्तुत कविताका अन्त्यमा सो घटना घटेका दिनपछि ढुकुरले रुँदैरुँदै 'उठ् ! पूता दिउल पुग्यो, घाम लाग्दो दिउल सुक्यो, पानी पर्‍यो दिउल फुक्यो, उठ पूता, दिउल पुग्यो' भन्ने गीत गाउँदै आएको छ भन्ने टिप्पणी पनि कविले गरेका छन् । यसरी दिउल सुक्ने र फुक्ने प्राकृतिक प्रक्रियासँग सम्बन्धित विषयवस्तुलाई ढुकुर ढुकुर्नीको लोक आख्यानको बलियो पुट दिई यस कवितामा प्रभावकारी किसिमले चित्रण गरिएको छ । कुनै पनि काम गर्दा कुरा नबुझी आवेशमा आएर निर्णय गर्नुहुँदैन, सोच विचार गरेर गर्नुपर्छ भनेर सिकाउनु नै यस कविताको उद्देश्य रहेको छ ।

प्रस्तुत कवितामा आख्यानात्मक उक्ति ढाँचाको प्रयोग गरिएको छ । त्यस आख्यानको कथन कवि आफैँले वर्णनात्मक रूपमा गरेको पाइन्छ र सो आख्यानमा चारवटा नाटकीय मोड देखाई यसको वर्णनात्मक उक्तिलाई रोचक बनाइएको छ । त्यस अन्तर्गत ठाउँ ठाउँमा संवाद र पात्र पात्रका प्रतिक्रियाहरू र ती प्रतिक्रियाहरू बारेको कवि टिप्पणी समेत मिसाइएको पाइन्छ भने एउटा कथानकीय घटनालाई फैलाउँदै लगी त्यसमा कुतूहलता पनि भरि रोचक ढङ्गले कथ्यलाई अभिव्यक्त गर्ने वर्णनात्मक कथन कौशलद्वारा यो कविता ओतप्रोत रहेको पाइन्छ ।

प्रस्तुत कविताको चारवटा कथानकीय मोडलाई क्रमशः कोष्ठकमा (रमाइलो, रिस, नरमाइलो र विरह भाकामा) भन्ने सङ्केत गरी यसको लयलाई भाव अनुसार गाउनु पर्ने निर्देश कविले गरेको पाइन्छ भने त्यो लयचाहिँ प्रत्येक पाउमा ८-८ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलय नै रहेको छ । आन्तरिक तथा अन्त्यानुप्रासीय श्रुतिमाधुर्य यस कविताका लोकलयमा पनि व्याप्त छँदै छ । यस कवितामा दिउलको सुक्ने र फुक्ने प्राकृतिक रहस्यलाई सजिला र रसिला नेपाली शब्द प्रयोगद्वारा सामान्यार्थक, विस्मयार्थक र निर्देशनात्मक पाराका वाक्य ढाँचाद्वारा व्यक्त गरिएको छ र त्यो अभिव्यक्ति आख्यानात्मक समेत भएको हुँदा निकै रोचक बनेको छ । यस कवितामा प्रयुक्त उक्ति, लयढाँचा, वाक्य गठन इत्यादिलाई हेर्दा यो कविता ६ देखि १० वर्ष उमेर समूहका बालबालिकाका निम्ति उपयुक्त देखिन्छ ।

## ४.२.५ 'नर्कटको घोडा' बाल कविताको विश्लेषण

बालकको उमेर जति बढ्दै जान्छ, उति उसमा ऊर्जा बढ्दै जान्छ र त्यो ऊर्जाको सदुपयोगका निम्ति उनीहरू नाच्ने, खेल्ने आदि गर्दछन् । बालकले अरूले घोडा चढेको देखेर,

त्यसैको नक्कल गरी नर्कटलाई घोडा बनाएर चढेको कुराको रोचक वर्णन यस कवितामा पाइन्छ। बालकलाई घोडा कुदाउन मात्र सिकाउँदा उसको लक्ष्य के भनेर थाहा हुँदैन। उसको लक्ष्य निश्चित पार्नको लागि यस कवितामा "आयो मेरो घोडा ......" भनेर सुरु गरेर 'घर फर्की मेरो आयो मेरो घोडा' भनेर समाप्त पारिएको छ। यो बाल कविता 'घोडाको मोल तीन सय साठी, घोडा चढ्नुभन्दा त्यसै हिँड्नु जाति' भन्ने लोकलयलाई अनुशरण गरेर लेखिएको छ

नेपालमा पहिले विमान थिएन, नेपालीले पनि चन्द्रमामा पुग्न पाए हुन्थ्यो भन्ने इच्छा राखेको र नेपालले पनि विमान बनाउँछ भनेर हल्ला चलेको र त्यस व्यक्तिको नाम नै विमान पण्डित राखिएको थियो। नेपालीको पैसाको पनि सदुपयोग होस् र नेपालमा विमान बन्ने किंवदन्तीबाट प्रेरित भएर यो बाल कविता लेखेको कविको भनाइ छ (२०७०।८।२२ कुराकानी)।

बाल बालिकाले खेल्ने गरेको नर्कटको घोडा खेललाई विषयवस्तु बनाई यो कविताको रचना गरिएको छ। बालकहरूका निम्ति नर्कटको घोडा नै मोटर, रकेट, विमान आदि सबैभन्दा महत्वपूर्ण खेलमेलको साधन हो र नर्कटको घोडा चढ्दा बालकले अरूले घोडा, मोटर, विमान, रकेट आदि चढे सरहको गौरव तथा आनन्दको अनुभव गर्ने कुरालाई नै झल्काई यो कविता रचिएको छ। यस कविताका प्रारम्भमा बालकले नर्कटको घोडा चढ्दै आई सबैलाई बाटो छोड्न आह्वान गरेको छ र तीन सय साठी मोल पर्ने मोटर चढ्नुभन्दा नर्कट चढ्नु नै जाती हो भन्ने व्यंग्य गरेको छ। यसपछि नर्कटको घोडाको बुइमा जीउ राखी भुइँमा गोडा टेकाई नर्कटको घोडा कुटाउने बालकले सबैलाई बाटो छाड्न भन्दै पाडापाडी, अल्छी सबैलाई उकालाको फेदीमा छाडी पलङ्काको पारी रहेको सुनकी फूलबारी हेर्न जोडालाई हिँड भन्दै अल्छीको पैसा र इलमीका पाकेट अनि नेपालको नर्कट र रसियाको रकेट बिचको समानान्तर कल्पनामूलक चित्रण पनि गरिएको छ। यसपछि प्रस्तुत कविताका अन्त्यमा नेपालीहरूले पनि चन्द्रमामा अचम्मको विमान उडाउनु पर्छ भन्ने ध्वन्यात्मक अर्थ दिने चित्रण गर्दै कहिले डुल्किने, कहिले पैयाँ जाने घोडालाई देखेर वक्ता बालकले आफ्नी चन्द्रमाकी मैयालाई डरायौ की भनी सोद्धै आखिर आफ्नो काँधमा समाउन आग्रह गरिएको पाइन्छ भने फेरि आफ्नो नर्कटको घोडा घरै फर्की आएको चित्रण गरी यस कवितालाई बिसाइएको छ। बालकलाई जीवनमा कुनै उद्देश्य लिएर अगाडि बढ, विना उद्देश्यको जीवन असफल हुन्छ भनेर निश्चित उद्देश्य लिएर अगाडि बढे सफल होइन्छ भनेर यस कविताले सिकाएको छ।

प्रस्तुत कविताको कथन कवि निबद्ध वक्ता बालक 'म' का कोणबाट गरिएको छ। त्यसै वक्ता बालकलाई नर्कटको घोडा चढाइका उल्लास, कुदाइ, गौरव, विस्मय र विश्रान्तिको घतलाग्दो चित्रण गरी यस कविताको उक्ति ढाँचालाई प्रभावकारी बनाइएको छ। प्रत्येक पाउमा बाह्र-बाह्र अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग गरी यो कविता रचना गरिएको छ। त्यस अन्तर्गत ठाउँ ठाउँमा ६।६ अक्षरका अर्धपाउको पनि प्रयोग गरिएको छ। त्यस्ता अर्धपाउको प्रयोगले र आन्तरिक तथा अन्त्यानुप्रासको संयोजनले गर्दा यस कविताको लय ढाँचा बालकहरूलाई नर्कटको घोडा बनाई खेल्न र यो कविता गाउन उत्प्रेरित गर्ने खालको नै बनेको छ।

म, ड, छ, र, न, ब आदि व्यञ्जनवर्णको पुनरावृत्ति, जोडा-घोडा, पाडी-छाडी आदिको अन्त्यानुप्रासीय रम्यता, छोटा छरिता झर्रा नेपाली शब्द प्रयोगको सरलता यस कविताका भाषा शैलीगत विशेषता हुन्। त्यसै गरी छोटै वाक्य र ती वाक्यहरूको पुनरावृत्तिपूर्ण प्रयोगका साथै आग्रह र विस्मय झल्काउने वाक्यको प्रयोगले पनि यस कविताको शैली सुन्दर बनेको पाइन्छ। वाक्यगत पदलोप र पदक्रम विचलन हुने कवितात्मक शैलीको रम्यता पनि यस कविताका भाषाशैलीमा भेटिन्छ। यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालबालिकाका निम्ति उपयुक्त देखिन्छ।

### ४.२.६ 'यो घर कसको आलेको' बाल कविताको विश्लेषण

बालक बढ्दै गएपछि उसलाई उपदेश दिने लोकको प्रवृत्ति छ। यस कवितामा बालकलाई नैतिक उपदेशका साथै घर बनाउने, देश बनाउने, गाउँ बनाउने आदि कुराको उदाहरण दिँदै काम गर्ने ठाउँ खेतको उन्नति नभई घरको नहुने, हली विना खेतको महत्व नहुने, पानी लाउने ठाउँ नभए खेत कसरी राम्रो हुन्छ, काट्ने बन्चरो र हँसिया नभई वनको महत्व नहुने, वनजङ्गल हराभरा भए देशको उन्नति हुने, जसले देश चलाउन सक्छ त्यसैको यो देश भन्दै यसमा प्राकृतिक सौन्दर्यको पनि वर्णन छ। यस कवितामा घामले सिन्दुर हालेको भनेर नयाँ उन्नतिको सङ्केत गरिएको छ। यसै गरी काम गर्दा भोलि नभनी आजै गर्नुपर्ने कुराको उल्लेख पनि यस कवितामा पाइन्छ। यो कविता राष्ट्रिय भावनाले भरिएको कविता हो। (कुराकानी २०७०।८।२२)।

ग्रामीण, प्राकृतिक र कृषि प्रधान राष्ट्रिय परिवेशलाई मुख्य विषयवस्तुका रूपमा प्रयोग गरी यो कविता रचिएको छ। नेपालका राष्ट्रिय परिवेशका विभिन्न पक्षलाई विषयवस्तु

बनाउँदा प्रश्न गर्ने र स्वयम् उत्तर दिने रोचक शैलीको प्रयोग गरी यस कवितलाई बालकका निम्ति निकै घतलाग्दो बनाइएको छ ।

प्रस्तुत कविताको पहिलो श्लोकमा बिजुली बत्ती बालेको घर कसको हो ? भन्ने प्रश्न उठाई त्यसको जवाफमा त्यो सुनौला छाना देखिने घर सपना देखिरहेको आलेको हो भन्ने जवाफ दिई बिजुली बत्तीको प्रकाश पुगिसेको ग्रामीण नेपाली घर तथा तिनमा बस्ने स्वप्नशील नागरिकका जीवन शैलीगत सौन्दर्यको चित्रण गरिएको छ । यस कविताको दोस्रो श्लोकमा फेरि एउटा प्रश्न उठाइएको छ र यो प्रश्न हो– यो कोशी, गण्डकी र कालीका किनारमा रहेको खेत कस्को हो ? भन्ने यस प्रश्नको जवाफ पनि सोही श्लोकभित्र दिइएको छ र त्यो जवाफ हो- यो खेत हलो, कोदालो र फालीको हो । यसरी यस श्लोकमा कृषि प्रधान देश नेपालका किसानहरूले चलाउने औजार नै नेपाली खेतिपातिका मुख्य साधन हुन् भन्ने कुरा सरलतापूर्वक झल्काइएको छ । प्रस्तुत कविताको तेस्रो श्लोकमा फेरि अर्को प्रश्न यो वन कस्को हो ? भनी गरिएको छ । त्यस प्रश्नको जवाफमा त्यो वन घाँसी, बन्चरो र आँसीको हो भनिएको छ । यसै कुराको समानान्तरतामा यहाँ मन नहाँसी को गीत गाउन सक्छ र भन्ने मार्मिक भावनालाई पनि विस्मयपूर्वक व्यक्त गरिएको छ । बालकमा राष्ट्र भक्तिको भावना विकास गराउने उद्देश्यले यो कविता लेखिएको हो ।

प्रस्तुत कविताको चौथो श्लोकमा यो गाउँ कस्को हो ? भन्ने प्रश्न उठाई त्यसको जवाफमा यो गाउँ पञ्चको हो भन्दै गाउँमा इन्साफ छैन भनेर कस्ले भन्न सक्छ भन्ने जोड्दार प्रश्न गरिएको छ । त्यसैका समानान्तरतामा त्यहाँ अरूको भलो नगरी आफू को ठूलो बन्छ र भन्ने अर्को घतलाग्दो विचारको विस्मयपूर्ण अभिव्यक्ति गरिएको छ । यस कविताका अन्त्यमा घामले सिन्दुर हालेको यो देश कस्को हो ? भन्ने प्रश्न उठाइएको छ र यसको जवाफमा भोलि-भोलि नभनी आजै काम थाल्ने भालेको नै यो देश हो भनिएको छ । यसरी घर, खेत, वन, गाउँ, हुँदै अन्त्यमा देशको वृहत्तर सन्दर्भलाई विषय बनाई यो कविता रचिएको छ र त्यो देशभक्तिपूर्ण विषय अति सजिलो र रसिलो भाषाशैलीमा व्यक्त भएको छ ।

वक्ता कविका आफ्नै प्रश्न र आफैंले दिएका उत्तरका क्रमिक बुनोटबाट यस कविताको उक्ति ढाँचा पनि प्रभावकारी बन्न पुगेको पाइन्छ । बिजोर पाउमा सात र जोर पाउमा आठ अक्षरको समानुपातिक वितरण गरिएको नेपाली लोकलयको प्रयोग गरी रचिएका

जम्मा पाँच श्लोकबाट यो कविता बनेको छ । क, ल, ब, न, त, र ग, छ आदि व्यञ्जनवर्णको पुनरावृत्तिपूर्ण प्रयोगबाट यस कवितामा आन्तरिक अनुप्रासीय रम्यताका साथै लयगत उच्चार्य मधुरता भरिएको पाइन्छ भने अन्त्यानुप्रासीय प्रयोगले ती रम्यता र मधुरतालाई अझ तीव्रता दिई यस कवितालाई बालकहरूका निम्ति गाइ-गाइ, उफ्री-उफ्री नाच्न समेत उत्प्रेरित गर्ने खालको बनाइएको छ । यस कवितामा पनि पदक्रम विचलन पाइन्छ ।

प्रस्तुत कवितामा कविले एउटा 'आले' थरको व्यक्तिको घरलाई सम्बोधन गरेर सिङ्गो ग्रामीण परिवेशको नेपाली घर, यसै गरी खेत भनेर सिङ्गो नेपाल राष्ट्र जसको सीमानामा गण्डकी, कोशी र काली रहेका छन् भने यसै गरी नेपालको प्राकृतिक परिवेश विशेष गरी नेपालको वन सम्पदाको रूपमा रहेको वनजंगललाई कस्को हो ? भनेर प्रश्न गर्दै यो वन जंगल वनमा नै आश्रित रहेर जीवन (बिताउने) निर्वाह गर्ने घाँसी, उसको हतियारको रूपमा रहेको आँसी (हँसिया) र बन्चरोको हो भन्ने राष्ट्रिय एकताको भावना उजागर गराउने खालको देखिन्छ । कविले यस देशका गाउँहरूलाई पञ्चको ठान्दै ती पञ्चहरूले गाउँमा न्याय दिने भएकाले ती गाउँहरूमा न्याय छैन भनेर कसले भन्न सक्छ र भन्दै सिङ्गो देश नै जो मिहिनेती र परिश्रमी छ, त्यसको हो भन्ने भावना अभिव्यक्त गरेका छन् ।

यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ ।

## ४.२.७ 'पुतली' बाल कविताको विश्लेषण

प्राणी शास्त्रको कुरालाई यसमा देखाइएको छ । पुतली बन्नुभन्दा पहिले लार्भा बन्छ, त्यसपछि प्युपा र अनि मात्र पुतली बन्दछ । कीराबाट पुतली कसरी बन्छ ? यो जीवशास्त्रको विषय हो । तर यहाँ वर्णित पुतलीचाहिँ त्यही शास्त्रीय कुरालाई कवितामा ढालेको चिज हो । यति नाना फाट्यो ... भन्ने लोकगीतका पंक्तिबाट यो कविताको थालनी गरिएको छ । दसैँको बेला नयाँ लुगा किन्ने प्रचलन र पुतलीले लार्भा, प्युपाबाट पुतलीको रूप लिएको देखेर अनेक किसिमका रङ लिएर आउने पुतलीलाई देखेर आफूलाई पनि त्यस्तै नयाँ बाना फेरिद्यौन भनेर बालकले गरेको आग्रहलाई यसमा प्रस्तुत गरिएको छ । बालकको उमेर बढ्दै जाँदा बाल कविताका भाषामा पनि अनुप्रास, लय, शैली पनि उमेर अनुसार बढाउँदै लैजाने हुनाले यसमा एउटै श्लोकमा चारवटा अन्त्यानुप्रास (वाना, नाना, फोइ, धोइ) को प्रयोग छ ।

पुतलीको जुनीलाई विषयवस्तु बनाएर यो बाल कविता रचिएको छ । त्यस विषयलाई व्यक्त गर्नका निम्ति यहाँ पुतलीको रूप, सौन्दर्यप्रति आकर्षित वक्ता बालपात्र र आफ्नै जुनीका बारेमा इति वृत्तान्त व्यक्त गर्ने पुतलीपात्रका बिचको उक्ति प्रत्युक्तिको क्रमबद्ध एवम् रोचक प्रयोग गरिएको छ। ती दुवैका बिचको उक्ति प्रत्युक्तिको बुनोट गर्ने कौशल चाहिँ यस कविताका रचयिता स्वयम्कै नै हो। त्यस उक्ति प्रत्युक्ति अन्तर्गत यस कविताका प्रारम्भमा दसैं लाग्न आँटेको र बादल फाटिसकेको परिवेशमा नाना फाटेको बालकले पुतलीलाई बाना फेर्न आग्रह गरेको पाइन्छ। सोही सिलसिलामै वक्ता बाल पात्रले खुबै राम्रो नाच्ने पुतलीको रूप हेर्ने इच्छा प्रकट गर्दै पुतलीलाई नचली चुपचाप फूलमा बस्न आग्रह पनि गरेको पाइन्छ । यसपछि पुतलीले आफ्नो भुसिल्कीरोको पूर्व जुनी र त्यसपछि प्राप्त गरेको हालको पुतली जुनीसँग सम्बन्धित इतिवृत्तको कथन गरेको पाइन्छ। भुसिल्कीराका भुस फालि सेतो जालो बुनी पुतलीले जुनी फेरेको कुरा त्यहाँ झल्काइएको छ। त्यसै गरी पुतलीले आफ्ना दुई प्वाँख सफा गरी घामछायालाई छोइ पुतलीको रङ्गिलो बाना छानेको कुरा पनि त्यहाँ व्यक्त गरेको छ ।

प्रस्तुत कवितामा यसपछि पुतलीले राम्रो हेर्ने इच्छाले प्वाँखमा नै आफ्नो आँखा उम्रेको र हिमालको काखमा लाखौं लाख रङ्ग छर्दै रूप बदली बदली उड्छु भनेको विषयलाई व्यक्त गरिएको छ। प्रस्तुत कविताका अन्त्यमा फेरि बालकका तर्फबाट गरिएको उक्ति राखिएको छ र त्यस अन्तर्गत पुतलीलाई कुन बाना लिन्छ्यौ, कति राम्री हुन्छ्यौ, कसको मन छुन्छ्यौ जस्ता प्रश्न गरी अन्त्यमा तिमी आफूले चाहे अनुसारको सक्कली बाना छानेर लेऊ भनी आग्रह गरिएको छ। जस्तै यी पङ्क्तिहरुमा -

> कुन बाना लिन्छयौ
> कति राम्री हुन्छयौ
> कसको मन छुन्छयौ
> जस्तो तिमी भन्छयौ - छानिल्यौ न बाना सकली !
>
> (**घामपानी**, पृ. १८)

बालकलाई प्राकृतिक पर्यावरणको जानकारी गराउनु यस कविताको उद्देश्य रहेको छ । ६-६ अक्षरको चार पाउ र प्रत्येक चार-चार पाउका अन्त्यमा ९ अक्षरको वितरण गरिएको स्थायी जस्तो लाग्ने लयात्मक अंशको विन्यासबाट बनेको नेपाली लोकलयको सुमधुर प्रयोग

गरी यो कविता रचिएको छ । वक्ता मानव बालक र प्राकृतिक सुन्दर कीटका रूपमा देखा पर्ने पुतलीका बिचको वार्तालापको कल्पनाद्वारा यस कविताको भाषिक तथा लयात्मक दुवैथरी उक्ति प्रत्युक्तिलाई आकर्षक बनाइएको छ । यो एक किसिमको बालकहरूका निम्ति बनाइएको पुतली सम्बन्धी गीतका रूपमा रचिएको रचना हो । यसमा झुसिल्कीराको जुनी फेरेर नै रङ्गिलो पुतली बन्ने जैविक परिवर्तनको प्रक्रियासँग सम्बन्धित गहिरो विषयलाई बालकहरूका निम्ति बोध्य हुने गरी व्यक्त गरिएको छ । यो कविता पनि विशेष गरी ६ देखि १० उमेर समूहका बाल बालिकाका निम्ति उपयुक्त देखिन्छ ।

### ४.२.८ 'त्यस्तो हुँदा कस्तो' बाल कविताको विश्लेषण

बालकले जस्तो देख्यो त्यस्तै हुन पाए हुन्थ्यो भनेर गरिने मानसिकताको बिजारोपण यसमा पाइन्छ । यस्तो मानसिकता ठूला मानिसमा पनि हुन्छ तर बालकमा चाहिँ धेरै हुन्छ । उनीहरू कुनै वस्तु देख्दा एकछिन मात्रै भए पनि त्यस्तो हुन पाए कस्तो हुन्थ्यो होला भनेर कल्पना गर्छन् । बालकले जे मन लाग्छ, त्यही बन्न खोज्नु असम्भव छ र तिमी नराम्रो नबन, राम्रो बन भनेर यसमा बालकलाई आफैँले नराम्रो बनेर पीडा भोग्छौ त ? भनेर राम्रो बन्ने उपदेश पनि दिइएको छ ।

त्यस्तो हुँदा कस्तो बाल कविता बालकका मनोगत स्वप्नशील विचित्र कल्पना र कुतूहलतालाई विषयवस्तु बनाएर रचिएको छ । एउटा बालकले आफूलाई मान्छेका रूपमा प्राप्त भएको आनन्दबोध गर्दै बाघजस्तै, पक्षीजस्तै, बाजजस्तै, ताराजस्तै, माछापुच्छ्रेजस्तै र भाइको रुँदो रूपजस्तै बन्न पाए कस्तो हुँदो हो ? वा कति आनन्द पाइँदो हो भन्ने विषयमा मनमा खोलाउने सपना, कल्पना तथा खुल्दुलीको रोचक चित्रण प्रस्तुत कवितामा पाइन्छ । त्यस क्रममा प्रथमतः बालकले कुनै जीव वा विचित्र प्राकृतिक वस्तु वा दृश्यलाई देख्दा आश्चर्यचकित हुँदै सोही जीव वा वस्तुजस्तै बन्न पाए हुन्थ्यो भन्ने जुन कल्पना गर्दछ, त्यसको मनोवैज्ञानिक चित्रणमा यस कविताका सुरुदेखि मध्य हुँदै अन्त्यसम्मका कवितात्मक उद्गारहरू उनिएका छन् । यस्तो प्रवृत्तिलाई मनोवैज्ञानिक समानान्तरण र अति निर्धारण पनि भनिन्छ । यस कविताको मध्य भागमा आकाशका ताराहरू सबै मान्छे भइदिए अनि मानिस तारा भइदिए कस्तो हुन्थ्यो भन्ने इच्छा राख्दै यदि त्यस्तो हुने भए एकअर्कालाई देखेर सारा दुनिया आश्चर्यमा पर्थे होलान भनेर विचित्र कल्पनाको कुरो चित्रण गरिएको छ । आफूले जुन बेला जे

चाह्यो त्यही बन्न पाए कस्तो हुन्थ्यो होला भनेर बालकले जिज्ञासा राख्नु बाल मनोविज्ञानको मुख्य प्रवृत्ति नै हो भने उनीहरू आफू पंक्षी बनेको, उडेकोजस्ता कुराहरू सपनामा देख्छन् तर सपनामा देखेजस्तो विपनीमा नभएको पाउँदा छक्क पर्छन् । यही बाल मनोभावनालाई स्वप्न मनोविज्ञानको पुट (आधार) समेत दिई यस कवितामा व्यक्त गरिएको छ । यदि यसो हुँदो हो त जसरी माछापुच्छ्रे आफ्नो छाया तालमा हेरेर छक्क पर्छ त्यसै गरी मान्छेहरू पनि आश्चर्य र मजाको अनुभव गर्दा हुन् भन्ने कुरो विस्मयपूर्ण ढङ्गले व्यक्त गरिएको छ । प्रस्तुत कविताका अन्त्यमा सबैका पीर समान हुन्छन् भन्ने मानवतावादी भावनालाई व्यक्त गरिएको छ । आफूले दुःख दिनाले रोएको भाइको रूप जसरी आफैँ लिइदिउँ भन्ने भावना हामीमा पैदा हुन्छ त्यसै गरी अर्काको पीरलाई पनि आफ्नै पीरजस्तो मान्ने मानवीय मनोदशा भइदिएमा कस्तो हुँदो हो भन्ने खुल्दुली व्यक्त गरिएको छ । बालकहरु कल्पनाशील स्वभावका हुने भएकाले प्रकृतिका हरेक वस्तुलाई देखेर आफू पनि त्यस्तै बन्न पाए कस्तो हुन्थ्यो होला भनेर गरेको अद्भूत कल्पनालाई देखाउनु नै यस कविताको उद्देश्य देखिन्छ । प्रकृतिका विचित्र दृश्यहरू देख्दा बालकका मनमा पैदा हुन सक्ने खालका अद्भूत कल्पनाको रोचक चित्रण गर्नु यस बाल कविताको उद्देश्य रहेको छ ।

प्रस्तुत कविता प्रथम पुरुष 'म' को उक्तिका रूपमा आएको छ । वक्ता 'म' का मनमा उठेका भावना, इच्छा र आश्चर्यहरूलाई विचित्र किसिमको कल्पनाद्वारा ओतप्रोत तुल्याइ यसमा व्यक्त गरिएको छ र त्यो विचित्र कल्पनामूलक उक्तिक्रम अत्यन्त सुगठित र आकर्षक देखिन्छ ।

प्रस्तुत कविता एक चरणमा चौध अक्षरको वितरण गरिने नेपाली लोकलयको प्रयोग गरी रचिएको छ र त्यस्तो लोकलयमा आधारित क्रमशः दुई, चार-चार र चार पङ्क्ति पुञ्जका जम्मा चार श्लोकद्वारा यो कविता पूर्ण भएको छ । अनुप्रासीय र अन्त्यानुप्रासीय माधुर्यद्वारा यस कवितामा उपयोग गरिएको लय ढाँचा ओतप्रोत नै छ । समान किसिमका वर्णहरूको आवृत्तिजन्य अनुप्रासीय रम्यता, छोटा, छरिता र मिठा झर्रा शब्दको प्रयोग यस कवितामा पाइन्छ । छोटै खालका मिश्रवाक्यको प्रयोग, इच्छार्थ र प्रश्न अन्तरनिहित विस्मयार्थ वाक्य ढाँचाको प्रयोग पनि यसमा पाइन्छ । पदक्रम विचलन र पदलोपजस्ता जुन भाषिक प्रवृत्तिहरू यस कवितामा दृष्टिगत हुन्छन् तिनले यसको शैली भावात्मक र सुमधुर रहेको तथ्य पुष्टि गर्दछ । यी सबै कुराका सन्दर्भमा प्रस्तुत कविता ६ देखि १० वर्ष उमेर समूहका बालबालिकाका निम्ति उपयुक्त देखिन्छ ।

### ४.२.९ 'चिप्लेकीरो' बाल कविताको विश्लेषण

यस बाल कवितामा प्रकृति निरीक्षणको साथै विश्व बन्धुत्वको भावना पनि पाइन्छ। कुनै वस्तु सानो भए पनि त्यसको भावना वा विचार ठूलो हुनसक्छ। यस बाल कवितामा चिप्लेकीरोलाई सानो 'जिन्तु' भनेर हेपिएको छ । त्यो चिप्लेकीरो सानो जिन्तु भए पनि संसारभरि पस्री-पस्री नाप्ने उसको भावना ठूलो छ। संसार सबै प्राणीहरूका लागि एउटै हो भन्ने विश्व बन्धुत्वको भावना यसमा पाइन्छ।

कहाँ जान्छस् चिप्लेकीरा, त्यति सानु जिन्तु
पस्रीपस्री पृथिवीलाई नाप्न खोज्छस् किन्तु

(**घामपानी,** पृ. २५)

**चिप्लेकीरो** शीर्षक बाल कविता चिप्लेकीरोको जैविक, शारीरिक संरचनालाई विषयवस्तु बनाएर रचिएको छ र त्यसका जैविक, शारीरिक संरचनाप्रतिका बालकीय जिज्ञासालाई पनि यहाँ व्यक्त गरिएको छ। यस विषयलाई व्यक्त गर्नका निम्ति प्रस्तुत कवितामा चिप्लेकीराप्रतिका जिज्ञासामूलक प्रश्न र त्यस्ता प्रश्नका सम्बन्धमा चिप्लेकीराले दिने खालका उत्तरको विचित्रतापूर्ण मोहक चित्रण गरिएको छ। त्यसैले प्रस्तुत कविता पनि प्रश्नोत्तरात्मक उक्ति ढाँचाको प्रयोग गरी रचिएको देखिन्छ। बालकलाई साहसिलो बन र संसारका सबै प्राणीलाई माया गर्न सिक भनेर देखाउनु नै यस कविताको उद्देश्य देखिन्छ।

प्रस्तुत कविताका सुरुमा चिप्लेकीरालाई त्यति सानो जिन्तु भएर पनि कहाँ जान्छस् र पस्री पस्री पृथ्वीलाई नाप्न खोज्छस् भन्ने जिज्ञासा उठाईएको छ। त्यसपछि चिप्लेकीरालाई नै 'म' का रूपमा उभ्याई म सानो कीरो भए पनि मेरो आँट ठूलो छ र म नौला नौला वन, खेत, फाँट घुम्न निस्केको हुँ भन्ने उत्तर दिई उक्त जिज्ञासाको समाधान गरिएको छ। त्यसपछि प्रस्तुत कविताका मध्य भागमा भोलि फूलका दुई जोडी यहाँ उम्रने छन् भन्ने अनौठो कुरो व्यक्त गरिएको छ।

यसपछि वक्ता बालकले पृथ्वीलाई प्यारो गर्छु भनी डिङ हाँक्ने चिप्लेकीरालाई टाउकामा किन सिङ राखिस् भन्ने प्रश्न गरिएको छ। प्रस्तुत कविताका अन्त्यमा चिप्लेकीराले आफ्ना सिङ कसैलाई हान्ने नभई जान्ने हुन र हान्नेलाई जान्नासाथ ती सिङ शिरैभित्र तान्ने गर्दछु भनी आफ्नो जैविक शारीरिक प्रक्रियाको चिनारी दिएको छ। यिनै कुराको सन्दर्भमा वक्ता कविले चिप्लेकीराकै तर्फबाट भने जस्तो गरी अर्कालाई घोच्ने भन्दा आफैँ सोच्ने सच्चा हो र कसैलाई घच्चा नलाइ आफ्नो रक्षा गर्नु असल हो भन्ने सन्देश दिएका छन्।

प्रस्तुत कवितामा चिप्लेकीराका शारीरिक बनोट र त्यसका सम्बन्धमा गरिएका बालकोचित मीठा कल्पनाहरूलाई सजिलो भाषामा व्यक्त गरिएको छ। प्रश्न र उत्तरको कथनशैली, आन्तरिक र अन्त्यको अनुप्रासीय रम्यता, छरिता शब्द र छोटा वाक्य ढाँचाको प्रयोग, पदक्रम विचलन र पदलोप गर्ने आलङ्कारिक शैलीद्वारा यस कवितालाई रमणीय बनाइएको छ। प्रत्येक चरणमा चौध (१४) अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग गरी यो कविता रचिएको छ र आन्तरिक तथा अन्त्यको अनुप्रासले गर्दा त्यो लय श्रुतिमधुर पनि भएको छ।

## ४.२.१० 'राष्ट्रिय गीत' बाल कविताको विश्लेषण

नेपाली राष्ट्रियताका भौगोलिक, प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सौन्दर्य तथा गरिमालाई विषयवस्तु बनाइ यो कविता रचिएको छ। यस कविताको कथन वक्ता कविकै कोणबाट गरिएको छ। त्यसै कथन अन्तर्गत नै सर्वप्रथम ज्योतिको पंख उचाली नेपालीले सुन्दर, शान्त र विशाल नेपालको जय होस् भन्ने गीत गाउँछ भन्ने उद्गार व्यक्त गरिएको छ। यसै गरी प्रस्तुत कविताको अर्को फाँकीमा नेपालका गण्डकी, कोशी, कर्णाली, मेची र महाकाली जस्ता प्राकृतिक नदी नालाले लाखौँ लहर उचाली यहाँका लेक बेसीलाई ब्युँझाउँछन् भन्ने अर्को राष्ट्रप्रेमी भावना व्यक्त गरिएको छ।

यसपछि यहीँकै हिमालचुलीमा घामको पहिलो झुल्का पर्छ र सर्वोच्च शिखर सगरमाथामा पनि पहिले नेपाली नै पुग्दछ भन्ने नेपाली राष्ट्रिय गौरवलाई वाणी दिइएको छ। यहीँ जन्मेका सीता र भृकुटीले क्रमशः दक्षिणतर्फका लङ्का र भारतलाई भिजाएको र उत्तरतर्फ चीन तीब्बतमा ताराका रूपमा उदाइ इज्जत कमाएको, यसै मुलुकमा नै बुद्धले ज्ञानको पहिलो मुहान पाएको अनि शिवले सृष्टिको पहिलो बिहान पनि यहीँ ल्याएको ऐतिहासिक र सांस्कृतिक तथा धार्मिक राष्ट्रियताको गौरवगान गरिएको छ। यसपछि इतिहासका कुनै कालखण्डमा नेपालको सीमा विस्तार पश्चिमतर्फ काँगडा र पूर्वतर्फ टिस्टासम्म पुगेको अनि हामी नेपाली कुनै पनि शक्तिको सामुमा नझुकेको ऐतिहासिक वीरताको गौरवलाई व्यक्त गरिएको छ। एसियाका माझमा हामीले उठाएको हिमालमा नै सभ्यता बास बसेको गौरव बोध पनि यस कवितामा गरिएको छ।

प्रस्तुत कविताका अन्त्यमा यही नेपाली धूलामा दिलको फूल रोपेर यहीँकै पहाडी शिलामा प्रीतिको गीत खोपेर, चन्द्र, सूर्य ध्वजा लिइ हामी नेपालमा बाँचौंला अनि ज्योतिको पंख उचाली हामी हिमालमा नाचौंला भन्ने राष्ट्रियताले ओतप्रोत उल्लासमय भावनाको अभिव्यक्ति गरिएको छ । बालकमा देशभक्तिको भावना जगाउनु नै यस कविताको उद्देश्य हो ।

प्रस्तुत कविता नेपालीहरूका माझमा चर्चित रही आएको राष्ट्रिय गीत नै हो र यसमा नेपाली राष्ट्रियताको गौरवगानलाई ज्यादै सजिलो, रसिला र जोसिला शब्दमा व्यक्त गरिएको छ । यसमा प्रयोग गरिएको सोह्र अक्षरे नेपाली लोकलयलाई बालकहरू र अरू नेपालीहरू पनि जोसिइ-जोसिई भाका हाली गाउन सक्दछन् । आन्तरिक अनुप्रास र अन्त्यको अनुप्रासको कसिलो प्रयोगले गर्दा यसको भाषाका साथै लय प्रयोग समेत ओजस्वी बन्न पुगेको पाइन्छ । यो कविता पनि विशेष गरी ११-५ वर्षका बालकका निम्ति उपयोगी भए पनि साना साना बालकले पनि गाएर आनन्द लिन सक्दछन् ।

## ४.३ 'बाला-लहरी' बाल कविता सङ्ग्रहका बाल कविताहरूको विश्लेषण

**बाला-लहरी** बाल कविता सङ्ग्रह वि.सं. २०२५ सालमा साझा प्रकाशन, काठमाडौंबाट प्रकाशन भएको हो । कवि घिमिरेका अनुसार यस बाल कविता सङ्ग्रहमा सङ्कलित बाल कविता बालकको लोरी र बालकका आफ्नै गीत हुन् (घिमिरे, माधव, २०२५ : बाललहरी) । यस बाल कविता सङ्ग्रहमा विभिन्न शीर्षकका चौबिसवटा बाल कविताहरू सङ्कलित छन् । ती बाल कविताका शीर्षकहरू यस अनुसार छन् :

१. बाला-लहरी
२. पुङ भाङ
३. थैया थैया
४. चिर्बिर च्याण्टे
५. कालीकुती ब्याइछ
६. पुतली खेल
७. सियो खोइ सियो !
८. गाउँ खाने गीत
९. बिजुली
१०. सयपत्री
११. रडी
१२. हा-इ हाई !
१३. छेपारोको आहान
१४. चकचके
१५. रिस
१६. नानी

१७. नूनकीरी

१८. आमा

१९. यति सानो नानी बोले कस्तो हुन्थ्यो !

२०. दगुर दगुर कुहिरा !

२१. कुती कुइँया कुइँया

२२. हुइँया हुइँया हुइँया

२३. बाघको भान्जो बिरालो

२४. खित् खित् खित्का

यो बाल कविता सङ्ग्रह वि.सं. २०२६ सालमा साझा प्रकाशन काठमाडौंबाट प्रकाशित भएको थियो भने वि.सं. २०५२ सालमा साझा प्रकाशन काठमाडौबाट नै यसको तेस्रो संस्करण छापिएको छ। यस बाल कविता सङ्ग्रहका बाल कविताहरूको विश्लेषण क्रमैसँग गरिन्छ।

## ४.३.१ 'बाला–लहरी' बाल कविताको विश्लेषण

बाला-लहरी शीर्षक बाल कविता बालबालिकाले खेल्ने खेललाई विषयवस्तु बनाएर रचिएको छ। बालबालिकाले खोलाको पानी कुल्कुल र खुल्खुल गरी बहँदा निस्कने आवाजजस्तै गरी एक अर्कामा गरेका कुराकानी कुलाकुलै र खोलाखोलैको कमलो ध्वनिझैं प्रतीत हुने र उनीहरू त्यसबखत तुल्बुल र चुल्बुल गरी बालै लहरी खेल खेल्छन् भन्ने कुराको अभिव्यक्ति यस कविताको उठानमा पाइन्छ। बालबालिकाहरू यो खेल खेल्दा कहिले जाने, कहिले आउने, अनि खेलखेल्दै गीत पनि गाउँदै ललै लहरी बालै लहरी खेल खेल्ने प्रक्रियाको वर्णन यस कविताको मध्य भागमा पाइन्छ। यसै गरी बालबालिकाले यो खेल खेल्दा निस्किएको आवाज कुनै कलह वा झगडा होइन भन्दै उनीहरूले गरेका खलबल पनि कति मीठो भन्ने आश्चर्यजनक अभिव्यक्ति अनि उनीहरूका यस प्रकारको खेलमा नै भुलिएर संसारभरि डुल्न पाए कति मजा हुन्थ्यो भन्ने भाव यसमा पाइन्छ। बालकको संसार सानो छ त त्यो रमाइलो छ । यसमा पानीको कुल कुल ध्वनि वा पानीको लहर देखाएर जीवनको गति पनि पानीकै लहर जस्तै छ भन्न खोजिएको छ । पानीको लहरलाई विम्ब बनाएर बालकको चञ्चल जीवनलाई देखाएको छ र विना खलबल सङ्गीतमय जीवनले बालक अगाडि बढोस् भन्ने उद्देश्य पाइन्छ।

बाल लहरी शीर्षक बाल कविता बालबालिकाले खेल्ने खेललाई विषयवस्तु बनाई रचिएको छ। त्यो खेलका दृश्य, ध्वनि तथा गतिजस्ता पक्षलाई यस कवितामा अनुकरणात्मक नेपाली शब्दको प्रयोग गरी व्यक्त गरिएको छ। बालकहरूले बाला-लहरी खेल्दा कुलकुल जस्तो

कमलो ध्वनि, खुल्खुल्जस्तो पानीको बहाइको गति, तुल्बुल र चुल्बुलजस्ता भावनात्मक पक्षहरू, आउनु र जानु अनि खेल्नु र गाउनुका गतिशीलताले ओतप्रोत बाल लहरीको गीत यस कवितामा गाइएको छ। यी कुराले यो बालै लहरी खेल खेल्न बालकहरूलाई कुल्कुल् गर्ने खोलाको दृश्यले उत्प्रेरित तुल्याएको पनि देखिन्छ। खोलाबाट निस्कने पानीको कलकल ध्वनि र खल्बल्को आभास ज्यादै मीठो हुने बोध यस बालै लहरी कवितामा व्यक्त गरिएको छ। खोलाका पानीले स्थानीय स्तरमा भुल् भुल् गर्ने र त्यो पानी संसारभर डुल्न पुग्ने विषयलाई यहाँ ललै लहरी बालै लहरीका रूपमा व्यक्त गरिएको छ। समापिका क्रिया प्रायः लुप्त रहेको सरलता प्रधान वाक्य ढाँचाको प्रयोगले गर्दा यस कविताको भाषाशैली सरल तथा वर्णनात्मक बनेको देखिन्छ। कुल्कुल्, खुल्खुल्, चुल्बुल्, तुल्बुल्, ललै, कल्कल्, खल्खल्, भुल्भुल् जस्ता अनुकरणात्मक शब्दको प्रयोगले कथ्य विषयवस्तुका ध्वनि गति र रूपलाई मूर्त रूपमा चित्रण गर्न सघाएका छन् र यस कविताको गीतिलयलाई पनि श्रुति मधुर बनाएका छन्।

प्रस्तुत बाल कविताको उक्ति कविद्वारा गरिएको वर्णन र त्यो वर्णन ध्वन्यात्मक एवं दृश्यात्मक बालै लहरी खेलका गति र क्रम तथा रीतिलाई व्यक्त गर्न सक्षम देखिन्छ। आठ–आठ अक्षरका समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग यस बाल कवितामा पाइन्छ। 'क', 'ख', 'ल', 'त', 'द', 'प', 'न', 'ह' जस्ता व्यञ्जन वर्णको पुनरावृत्ति तथा कुल्कुल, खुल्खुल, बुल्बुल, चुल्बुल, कलकल, खलबल, भुलभुल, डुलडुल जस्ता अनुकरणात्मक शब्दको प्रयोगले गर्दा यस बाल कविताको लय अझ श्रुतिमधुर बन्न पुगेको छ। छोटा छरिता झर्रा तद्भव शब्दको प्रयोग अनि सरल तथा संयुक्त वाक्य ढाँचाको छोटा छोटा प्रयोगले यो कविता अझ आकर्षक देखिएको छ। बालकहरूले गाउँदै, रमाउँदै उफ्री उफ्री खेल्न सक्ने यो बाला-लहरी बालगीतमा आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको पनि प्रयोग पाइन्छ।

प्रत्येक जोडी हरफका अन्त्यमा 'पनि' को आवृत्तिद्वारा अन्त्यानुप्रासको प्रयोग गरी यस कविताको भाषाशैलीलाई सौन्दर्यपूर्ण बनाइएको छ। 'ललै लहरी बालै लहरी' जस्तो स्थायीको पुनरावृत्तिपूर्ण प्रयोगले यसको गीति लयलाई पनि तीव्र मधुरताले ओतप्रोत तुल्याएको पाइन्छ। बालगीत र बालकको खेलमेलसँग सम्बन्धित यो बाल कविता विशेष गरी ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ।

## ४.३.२ 'पुङ्भाङ्' शीर्षक बाल कविताको विश्लेषण

**पुङ्भाङ्** शीर्षक बाल कवितामा बाल बालिकाले खेल्ने खेललाई विषयवस्तु बनाइएको छ। यस बाल कवितामा केटाकेटीहरूले पुङभाङ पुङभाङ भन्दै टुप्पै काटी पुङ् पुङ् फेदै काटी भाङ् भाङ् दुवै काटी पुङभाङ भनेर खेलेको दृश्यको चित्रण गरिएको छ। बालबालिकाले 'पुङ् पुङ् भाङ् भाङ् पुङभाङ भन भन् आफै पुङभाङ' भनेर खेलेको खेलबाट यस बाल कविताको आरम्भ गरिएको छ। त्यसै गरी पुङभाङको परिचय दिँदै टुप्पा काटिएकोलाई पुङ् र फेद काटिएकोलाई भाङ र फेद टुप्पो दुबै काटिएकोलाई पुङभाङ भनिएको छ। त्यस पुङभाङलाई आफै पुङ् पुङ् भाङ् भाङ् भन भन्ने जोडदार आग्रहका साथ यस कवितालाई टुङ्ग्याइएको छ। दुई, तीन, दुई-तीन र दुई गरी बाह्र हरफको वितरण गरिएको जम्मा पाँच पङ्क्तिपुञ्जमा यो कविता सङ्गठित छ। यस बाल कवितामा पुङभाङ, पुङभाङ भन्दै केटाकेटीहरूले फेद र टुप्पा दुबैतर्फ खाली रहेको बाँसको ढुङ्ग्रोलाई फुक्दै खेलेको पुङभाङ खेलको रोचक चित्रण गरिएको छ। यसै गरी मादलकोताललाई विषय बनाएर यो कविता लेखिएको छ । मादल बज्दा निस्कने 'पुङ', 'भाङ्' आवाजलाई बालकले जीउँदो सम्झेको छ। जस्तैः

पुङ् पुङ् भाङ् भाङ पुङ्भाङ्
भन् भन् आफैं - पुङ्भाङ्
(**बाला-लहरी**, पृ. ८)

यस कवितामा ध्वनिबोधक अनुकरणात्मक शब्दको प्रचुर प्रयोग गरिएको छ र त्यसले गर्दा यो कविता बालकहरूका निम्ति निकै आकर्षक बनेको छ। पुङभाङको परिचय दिने क्रममा रक्सी खाने पुङ्पुङ र भाङ् खाने भाङ्भाङ् दुवै खाने पुङ्भाङ् भनिएको छ। बालकलाई पुङ्भाङ् जस्तो वेकम्वा नबन, असल बन भनेर सिकाउनु नै यसको उद्देश्य देखिन्छ।

प्रस्तुत कविताको उक्ति ढाँचा हेर्दा कवि कल्पित बालकका तर्फबाट गरिएको कथनमा आधारित छ। यो कथन पुङ्भाङ्तर्फ लक्षित र सम्बोधित छ। रक्सी र भाङ् दुवैथरी खाने व्यक्तिलाई पुङ्भाङ् भनेर परिचित गराएको यस बाल कविताको भाषिक प्रयोग सरल छ र शैली छरितो छ। कविताको अर्थ तथा शैली र संरचनामा बालकहरूका निम्ति उपयोगी नृत्य एवम् गायनका गुणहरू विद्यमान छन्। प, भ, न, ङ, क, ख, ट जस्ता व्यञ्जन वर्ण अनि 'आ' जस्तो स्वरवर्णको पुनरावृत्तिले यस कविताको लोकलय ढाँचालाई अझ श्रुतिमाधुर्य बनाएको छ। छोटा छरिता सरल अनि आज्ञार्थक वाक्यको प्रयोगले गर्दा यो कविता ६ देखि १० वर्ष

उमेर समूहका बालकका लागि उपयुक्त देखिन्छ। बालकहरु शब्दको, वाक्यको अर्थभन्दा अनुकरणात्मक शब्दको क्रिया, भाव बढी रुचाउँछन् किनकी उनीहरुसँग शब्द सम्पदा छैन । पुङ्भाङको खास अर्थ हुन्छ 'काम नलाग्ने' । यस्ता अनुकरणात्मक शब्दमा पनि बालकहरु रुचि राख्छन् ।

## ४.३.३ 'थैया थैया' बाल कविताको विश्लेषण

बालकलाई खेलाउँदै आज त राम्रो छ, भोलि कस्तो हुने होला भनेर आमाबाबुले गरेको कल्पनालाई यसमा देखाइएको छ। आमा बालकको सबभन्दा नजिक हुन्छिन् भन्ने कुरालाई पनि यसमा देखाउँदै बालकसँग सम्पर्क गर्ने माध्यमको रूपमा 'थैया-थैया'लाई लिइएको छ ।

**थैया-थैया** शीर्षक बाल कविता बालबालिकालाई खेलाउँदा भनिने थैया थैयासँग सम्बन्धित पक्षलाई विषयवस्तु बनाएर रचिएको छ। यस बाल कविताको थालनीमा आफ्नो सानो भैया (छोरा)लाई थैया थैया गरी खेलाएको प्रसङ्गको चित्रण छ। यस कविताको मध्य भागमा सानो बालकका बारेमा बाबाले बयान लाउने र आमाले बयान सुन्ने अनि बाबा आमा आफैले 'थैया थैया' गर्ने आफ्नो सानो बालक भोलि कस्तो हुन्छ भनेर जिज्ञासा राख्ने र आफैले नै त्यो थैया थैया गर्ने बालक भोलि ठूलो हुन्छ भनी उत्तर दिने जस्ता पक्षको रमाइलो चित्रण गरिएको छ। त्यसपछि यस कविताका मध्य भागमा नै पूर्व कता पऱ्यो, पश्चिम कता पऱ्यो भन्ने प्रश्न उठाउँदै आमा बसेकोतिर पूर्व परेको कुरा उल्लेख गरिएको छ भने थैया थैया गर्ने बालकको तर्फबाट पूर्व पश्चिम घुम्नाले थकाई लाग्न गई 'ऐय्या' भनिएको कुरा पनि यहाँ व्यक्त भएको छ। यस कविताका अन्त्यमा फेरि सानो भैयालाई थैया थैया गराइएको कुराको चित्रण गरिएको छ। यसरी साना बालकलाई बाबु आमाले थैया थैया गरी खेलाउने र त्यस बालकका भविष्यका सम्बन्धमा उनीहरूले गर्ने कल्पना समेतलाई विषय बनाइएको छ। सानो बालकका थैया थैयासँग सम्बन्धित यो विषयवस्तु बालकहरूका निम्ति पनि निकै रोचक हुने देखिन्छ। यसै गरी यस बाल कविताको माध्यमबाट देशभक्ति वा राष्ट्रभक्तिको भावना पनि बालकलाई सिकाइएको छ। जस्तैः

पूर्व घुमें, पश्चिम घुमें थकाइ लाग्यो ऐØया

(**बालालहरी,** पृ. ९)

यस उद्गारमा पूर्व पश्चिमका जुन जुन देशहरुको भ्रमण गरे पनि अन्त्यमा आफ्नै देश नेपालमा फर्केर आउनुपर्छ भन्ने अर्थ व्यञ्जनाका रुपमा व्यक्त भएको छ ।

प्रस्तुत बाल कवितामा मुख्यतः कवि उक्तिकै प्रयोग गरिएको छ । यसमा कविद्वारा गरिएको जुन उक्ति छ त्यस अन्तर्गत बाबु आमाका मनका कल्पनाहरूको कथन पनि गरिएको छ भने तिनका कथन क्रमभित्रै बालकका तर्फबाट पूर्व पश्चिम घुमिएको कुराको बयान पनि लाइएको छ । 'थैया थैया'का कथनबाट यो कविता थालिएको देखिन्छ भने यसका मध्य तथा अन्त्यमा पनि त्यसै थैया थैयाको आवृत्ति गरिएको छ । यस कविताको यो चक्राकारीय कथन निकै रमणीय देखा पर्छ । बालकलाई संसारको जुन ठाउँमा पुगेपनि आफ्नै देशमा फर्केर आऊ भनेर देशभक्तिको भावना जागृत  गराउनु यस कविताको उद्देश्य देखिन्छ ।

प्रस्तुत कवितामा त्यस्तो नेपाली लोक गीतिलयको प्रयोग गरिएको छ, जसको स्थायी अंश ६।६ अक्षरको वितरणबाट बनेका दुई दुई हरफबाट निर्मित छ । त्यसै गरी यसका दुई स्थायीका बिचका उद्गारका सुरुका दुई हरफमा १२।१२ अक्षरको, बिचको एक हरफमा आठ अक्षरको र अन्तिम एक हरफमा चौध अक्षरको वितरण पाइन्छ । यस्तै खालको लोकलयको आन्तरिक अनुप्रासीय र अन्त्यानुप्रासीय श्रुतिमाधुर्यको व्याप्ति प्रस्तुत कवितामा छ र यो लय बालकहरूलाई गाउन तथा नाच्न पनि उत्प्रेरणा दिने खालको छ । प्रस्तुत कविता दुई हरफे स्थायी अंशको तिन आवृत्ति र चार हरफे दुईवटा आन्तरिक अंशको समष्टिबाट निर्मित भएको छ । यी स्थायी तथा अन्तराहरूमा आमाबाबुले थैया थैया गरी आफ्नो सानो बालकलाई खेलाउने र उसका बारेमा गर्ने कल्पनालाई क्रमिक रूपमा चित्रण गरिएको छ ।

प्रस्तुत कवितामा छोटा छरिता झर्रा नेपाली शब्दको र बालकहरूका निम्ति प्रयोग गरिने 'थैया थैया', 'सानु' जस्ता शब्दको समेत रोचक प्रयोग गरिएको छ । त्यसै गरी कही कर्ता लोप गरिएको र कही क्रियापद लोप गरिएको सरल वाक्य ढाँचाको प्रयोगमा आधारित छरितो भाषाशैलीमा यो कविता रचिएको देखिन्छ । पदक्रमको विचलन गरिने कवितात्मक शैली पनि यस कवितामा छँदै छ भने प्रश्नबोधक तथा विस्मयबोधक वाक्य र चिह्न समेतका प्रयोगबाट यसको शैली आकर्षक बनेको भेटिन्छ । यो कविता विशेष गरी चार महिनादेखि १ वर्ष उमेर समूहका बालकलाई ध्यानमा राखी रचिएको भए पनि गायन तथा वाचनका दृष्टिले यो कविता आफ्ना भाइ, बहिनीलाई खेलाउने बालकहरूका साथै आफ्ना ४ महिनादेखि १ वर्षसम्मका शिशुलाई हुर्काउने बाबु आमाका निम्ति पनि उपयोगी हुने देखिन्छ ।

### ४.३.४ 'चिर्विर च्याण्टे' बाल कविताको विश्लेषण

चराको चिरविर छिरविर रङ्गको बयान गर्दै चराको बचराको बोली पनि मीठो र शरीर पनि राम्रो च्याट्ट भएकोले त्यसलाई चिर्बिर च्याण्टे भनिएको हो । चराका बचरा बचरी पनि राम्रा हुन्छन् र चराले चूर्र आवाज ननिकाली उड्दैन र 'चूर्र' ले 'चोर आयो' भन्ने अर्थ जनाउँछ । चराले चोर आएको थाहा पाएपछि चुच्चुरि चुर्र गरेर उड्छ । यसरी अनुकरणात्मक शब्दलाई पनि उनले कसरी अर्थ दिएर बालकले बुझ्छन् भनेर त्यसै अनुसारको बाल कविताको रचना गरेका छन् (घिमिरेसँगको कुराकानीमा आधारित) ।

**चिर्विर च्याण्टे** शीर्षक बाल कविता चराका चिर्विर, छिरबिर आदि आवाज र त्यसका बारेमा बालकतुल्य भई कविले गरेको कल्पनालाई विषयवस्तु बनाएर रचिएको छ । सो कविता कवि कल्पित छिरविर रङ्गको चराको तर्फबाट गरिएको कथन र त्यो कथन उसका साना साना बचेराले गरेका चुर्बुर च्याँ, च्याँको अनुकरणात्मक वर्णनमा केन्द्रित छ ।

प्रस्तुत कवितामा चराचुरुङ्गीहरूले चिर्विर च्याँट्ट गरेर आवाज निकाल्ने कुराको चित्रणबाट थालिएको छ। तिनका बचेराहरूले चुर्बुर चुर्बुर च्याँ च्याँ गरेर कराउँने र त्यो कराउँदा चुबुर चुबुर खाँ खाँ भन्दै चिर् चिर् चिर् चुर्र चुर्र गर्दै तिनीहरूले आवाज निकाल्ने कुराको वर्णन पनि त्यहाँ गरिएको छ। चराको आवाजले 'हेर् हेर्, चोर् चोर् चोर्' भन्दै आहारालाई 'हेर्' र 'चोर्' भनेर सङ्केत गरेको कुराको काल्पनिक बयान पनि त्यहाँ छ । जस्तैः

हेर् हेर् चोर् चोर् - चो'र

(**बालालहरी,** पृ. १०)

प्रस्तुत कविताको मध्य भागमा चराले 'चुच्चुरि चुर्र' गरेर कराउँदा आहारा खाइरहेका उसका छोराछोरी भुर्र गरेर उड्ने प्रसङ्गको उल्लेख पाइन्छ। चराले चुर् बुरा चुइँ गरेर कराउँदा आहारा चोरिरहेका चरा हुईय गरेर उड्ने क्रमको समेत वर्णन यस कवितामा पाइन्छ। चुच्चुरि चाँच्ची गरेर कराउने चरीलाई चिर्विर च्याण्टी र साँच्चिकै चतुरी भनी यो कविता टुङ्ग्याइएको छ ।

प्रस्तुत कविता कवि कल्पित छिरविर रङ्गको चराको तर्फबाट गरिएको कथनका रूपमा राखिएको छ। त्यो कथन उसका साना साना बचेराले गरेको चुर्बुर च्याँ, च्याँको अनुकरणात्मक वर्णनमा केन्द्रित छ। यो वर्णनात्मक कथन बालकहरूका निम्ति निकै आकर्षक र मोहक बनेको छ। बालकले चरा चुरुङ्गीका आवाजको पनि आफ्नै ढङ्गले अर्थ लाएर खेली मजा लिएको कुरा देखाउनु नै यसको उद्देश्य देखिन्छ।

प्रस्तुत बाल कविताको ध्वन्यात्मक अनुकरणात्मक शब्द प्रयोगमा आधारित लय ढाँचा निकै आकर्षक देखिन्छ । त्यो लय ढाँचा बालकका निम्ति गाउँदा सुन्दा मिठो लाग्ने लाक लयकै पाराको देखिन्छ। यो कविता जम्मा आठवटा छोटा छोटा हरफको पहिलो श्लोक र सात पङ्क्तिबाट बनेको दोस्रो श्लोकका समष्टि पन्ध्र हरफमा पूर्ण भएको छ । ध्वनि अनुकरणबोधक शब्दको प्रचुर प्रयोग यस कवितामा पाइन्छ र यिनले अन्त अनुप्रास एवम् अन्त्यानुप्रासको सौन्दर्य सिर्जनामा पनि मद्दत पुऱ्याएका छन् ।

प्रस्तुत कवितामा चिर् चिर्, हेर् हेर् चोर जस्ता छोटा शब्दहरूको प्रयोग गरिएको छ र त्यसले गर्दा यसको शैली छरितो बनेको छ । यस बाल कवितामा पनि कर्तापदको लोप गर्ने र पदक्रमको विचलन गर्ने गीति कवितात्मक प्रवृत्ति पनि छँदै छ ।

चराको बोलीलाई मुख्य विषयवस्तु बनाएर लेखिएको यस बाल कवितामा चराले बोलेको बोलीको विभिन्न अर्थ पनि लगाइएको छ। चराहरूले चिरविर, चिरबिर गर्दै आफ्ना बचेराहरूलाई आहारा खान बोलाएको, आहारा चोर्ने र मानिस आउँदा कसरी भुर्र उड्ने आदि कुरा सिकाएको कुराको कल्पना यस बाल कवितामा गरिएको छ । चराले चुर्र चुर्र गर्दा उसका बचेरालाई आहारा चोर्, चोर् भनेर सङ्केत गरेको, चुच्चुरि चुर्र गर्दा भुर्र उड्नु भनी सिकाएको र चुच्चुरि चाँच्ची भन्दा 'साँच्चै चतुरी भइस्' भनेर चिर्विर च्याण्टे चराले चरीलाई भनेको कुरा यस बाल कवितामा उल्लेख गरिएको छ ।

प्रस्तुत कविता विशेष गरी शिशु बाल बालिकाका निम्ति उफ्री उफ्री गाउन मिल्ने गरी रचिएको बुझिन्छ। यो कविता पनि विशेष गरी ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ।

### ४.३.५ 'काली कुती ब्याइछ' बाल कविताको विश्लेषण

बालकलाई हुस्सु हुनु हुँदैन, गम्भीर भएर कुनै पनि कुरालाई हेर्नुपर्छ भन्ने कुरालाई यस कवितामा देखाइएको छ। यसमा अनुकरणात्मक शब्दको संयोजनबाट अलि माथि उठ्दै बालकको बुद्धि तिखारिएको छ ।

**काली कुती ब्याइछ** शीर्षक बाल कविता कुकुरलाई विषयवस्तु बनाई रचिएको बाल कविता हो । कुकुर बालकहरूका निम्ति मायालु प्राणी नै हो भने कुकुरका छाउरा छाउरी पनि

बालकहरूका निम्ति विस्मयकारी विषयकै रूपमा रहेका हुन्छन् । प्रस्तुत कवितामा कालो कुकुर ब्याएको र उसले छाउरा पाएको कुरालाई 'म' बालकका कोणबाट नै काली कुती ब्याएको र छाउरा पाएको भन्ने कथन प्रकट गरिएको छ । त्यसपछि यो बाल कविता वक्ता 'म' र श्रोता 'तँ' का प्रश्नोत्तरका सिलसिलाबाट अघि बढेको छ । त्यस क्रममा प्रश्नकर्ता 'म' ले 'तँ'लाई ब्याएकी काली कुतीले कति छाउरा पाइछ भन्ने प्रश्न सोधेको छ भने उत्तरदाता 'म'ले काली कुतीले धेरै छाउरा पाइछ भन्ने जवाफ दिएको छ । जस्तैः

काली कुती ब्याइछ
कति छाउरा पाइछ - हेरी आइसे तैंले ?
काली कुती ब्याइछ
धेरै छाउरा पाइछ - हेरी आएँ मैले ।

(**बाला-लहरी,** पृ. ११)

त्यसपछि प्रश्नकर्ताले श्रोतालाई काली कुतीले कति गोटा छाउरा पाइछ र कस्ता छाउरा पाइछ भन्ने कुरा फेरि हेरी आ र फेरि सोध्नु पर्ने गरी मलाई दिक्क नलगा भन्ने आदेश दिएको छ । त्यसपछि उत्तरदाताले काली कुतीले राम्रा छाउरा पाइछ भन्ने जवाफ दिएको छ । कविताको अन्त्यमा प्रश्नकर्ताले चाहिँ तिनको रङ कस्तो छ ? फेरि हेरी आइज भन्ने आदेश दिएको प्रसङ्गमा पुगी यो कविता टुंगिएको छ । यसरी 'म' र 'तँ' का बिचको प्रश्नोत्तरात्मक संवाद मार्फत कालो कुकुर ब्याएको र उसले धेरै राम्रा छाउरा पाएको विस्मयकारी विषयको घतलाग्दो चित्रणबाट यो बाल कविता निर्मित हुन पुगेको देखिन्छ । बालकलाई बाठो बन्न सिकाउनु नै यस कविताको मुख्य उद्देश्य हो ।

प्रस्तुत कवितामा कालो कुकुर ब्याएको र उसले छाउरा पाएको कुरालाई 'म' बालकका कोणबाट नै काली कुती ब्याएको र छाउरा पाएको भन्ने कथन प्रकट गरिएको छ । वक्ता 'म' र श्रोता 'तँ'का प्रश्नोत्तरात्मक उक्ति ढाँचाबाट यो कविता अघि बढेको हुनाले यस कवितामा 'म' बालकका तर्फबाट प्रश्नगत उक्ति र तँ श्रोताका तर्फबाट उत्तरगत उक्ति प्रयोग भएकोले यसमा प्रश्नोत्तरात्मक उक्ति ढाँचा प्रयोग गरिएको छ ।

प्रस्तुत कवितामा लोक लयात्मक दुई दुई चरणबाट बनेका जम्मा आठ श्लोक छन् र प्रत्येक श्लोकको पछिल्लो चरणका अन्त्यमा प्रश्नोत्तरमूलक 'हेरी आइस तैँले', 'हेरी आएँ मैले' जस्ता थेगाको पनि प्रयोग गरिएको छ । यसका प्रत्येक चरणमा ६ वटा अक्षरको समानुपातिक

आवृत्तिमूलक वितरण पाइन्छ भने त्यसपछि ६ वटै वर्णको वितरण गरिएको प्रश्नोत्तरमूलक थेगोको उपयोग गरिएको छ। यस किसिमको नियमित चरण योजना र थेगोको प्रयोगले प्रस्तुत कवितामा प्रयोग गरिएको लोकलय बालकहरूका निम्ति गाउँदा सुन्दा मिठो लाग्ने बनेको छ। त्यसै गरी प्रत्येक श्लोकमा 'ब्याइछ', 'पाइछ'को अन्त्यानुप्रासीय प्रयोग गर्नाले र थेगोमा पनि 'मैले' र 'तैँले'को पुनरावृत्तिपूर्ण प्रयोग गर्नाले यस कविताको लयमा प्रचुर गीतिगुण निहित देखिन्छ।

प्रस्तुत कविताको भाषा ज्यादै सरल छ र कुकुरका निम्ति बालकहरूले प्रयोग गर्ने 'कुती' शब्दको उपयोगद्वारा यस कवितालाई साना साना बालकका निकटमा पुऱ्याइएको छ। साना साना बालकले पनि बुझ्ने खालका शब्द प्रयोग र ती शब्दको वितरण गरिएको छोटा वाक्यहरूको पदक्रम समेत विचलन नगरी गरिएको प्रयोगले गर्दा यो कविता ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उफ्री उफ्री रमाइ रमाई गाउन मिल्ने किसिमले रचना गरेको देखिन्छ।

## ४.३.६ 'पुतली खेल' बाल कविताको विश्लेषण

यस बाल कवितामा 'छैन' र 'हैन' दुईवटा क्रियापदको प्रयोग सँगसँगै पाइन्छ र यी दुई क्रियापद बिच भिन्नता पनि छ। अहिलेसम्म नभईसकेकोलाई 'छैन' भनिन्छ। 'छ' ले अस्तित्वमात्र बुझाउँछ र 'हो' ले केही भईसकेको बुझाउँछ। यसमा पनि पुतलीको विशेषता बुझाउन 'त्यो सानी पनि छैन रे' 'अनि ठूली पनि हैन रे' भनेर 'छैन' र 'हैन' क्रियापद बिचको भिन्नतालाई देखाइएको छ। बालकहरूका निम्ति सबभन्दा प्यारो खेल पुतली खेल हो। उनीहरू कपडाका टुक्राहरूलाई बटुलेर बनाएको पुतलीलाई गाजल, टीका लगाइदिएर राम्री बनाएर खेल्न पाउँदा आनन्द मान्दछन्। त्यही पुतली खेलको वर्णन यस कवितामा पाइन्छ ( घिमिरेसँगको अन्तर्वार्तामा आधारित)।

पुतली खेल शीर्षक बाल कविता कपडाका टाला टुक्रा बटुलेर बनाइएको पुतलीलाई विषयवस्तु बनाई रचिएको कविता हो। टालाटुली बटुलेर बनाइएकी पुतली कति राम्री भन्ने विस्मयकारी भनाइबाट यो बाल कविता सुरु गरिएको छ। त्यो पुतली सानी पनि होइन, अनि ठूली पनि होइन, त्यसको जीउ सुत्त परेको छ, त्यो पहेँली र पातली छ र त्यो पुतली कति राम्री छ भन्ने कुराको चित्रणबाट यो कविता अघि बढेको छ। जस्तै :

सानी पनि छैन रे
ठूली पनि हैन रे
जीउ सुत्त परेकी पहेंली र पातली
कति राम्री पुतली

(**बाला-लहरी,** पृ. १३)

त्यस पुतलीलाई नाकमा बुलाकी र निधारमा टिकी लगाई त्यसको कपाल कोरीबाटी गरेर चुलठी बनाई त्यसका आँखामा गाजल लगाइदियो भने त्यो झन् राम्री हुने थिई कि भन्ने मिठो कल्पना पनि यस कवितामा गरेको पाइन्छ। यस कविताको अन्त्य भागमा त्यस पुतलीलाई बिगारेर अझ राम्री अर्की पुतली बनाऊँ कि भन्ने प्रश्न गर्दै एकछिन पुतली नखेलेर त्यसै हेरेर मात्र बस्न पाए हुन्थ्यो र त्यो पुतली आफ्नो मनमा पनि झल्झली बसे हुन्थ्यो भन्ने मिठो भावना व्यक्त गरिएको छ। पुतली खेलद्वारा बालकलाई मनोरञ्जन प्रदान गर्ने उद्देश्य यस कवितामा लिइएको छ।

प्रस्तुत कवितामा कवि कथनको प्रयोग छ र त्यो कथन बालकतुल्य बनी पुतलीतर्फ लक्षित छ। प्रथम पुरुष वक्ता कविको एकालाप शैलीमा यो कविताको रचना गरिएको छ। वक्ता कविले बालकतुल्य बनी पुतलीको शारीरिक सौन्दर्यको वर्णन गर्दै त्यस पुतलीलाई बिगारेर अझै राम्री अर्की पुतली बनाऊँ कि भनेर पुतलीतर्फ लक्षित कथन यसमा पाइन्छ।

प्रस्तुत बाल कवितामा पनि लोकलयको प्रयोग गरिएको छ र त्यसका आन्तरिक चरणहरूमा सात अक्षरको उपान्त्य चरणमा चौध अक्षरको र स्थायी चरणमा सात अक्षरको नियमित वितरण गरिएको छ। यस किसिमका चरण योजना छोटो छरितो लय प्रवाहको वाहकको रूपमा देखापरेको छ। 'ट', 'ल', 'र', 'न', 'क', 'त' जस्ता व्यञ्जनवर्णको पुनरावृत्तिपूर्ण प्रयोगले गर्दा यस कविताको लय ढाँचा निकै श्रुतिमधुर बन्न पुगेको देखिन्छ भने अन्त्यानुप्रासीय श्रुतिरम्यता पनि यसका लय ढाँचाको विशेषता नै हो।

साना-साना बालबालिकाको पुतली खेललाई विषय बनाई त्यसैको बयान गर्ने सजिला, रसिला झर्रा शब्दको प्रयोगले र छोटा-छरिता वाक्यको प्रयोगले गर्दा यस कविताको भाषाशैली सुबोध्य एवम् सुगम बनेको देखिन्छ र त्यो ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति सम्प्रेस्य छ।

### ४.३.७ 'सियो खोइ सियो !' बाल कविताको विश्लेषण

बालकलाई कुनै पनि वस्तु सानो हुँदैमा त्यसको महत्व नहुने होइन, सानो वस्तु पनि महत्वपूर्ण हुन्छ र त्यसलाई प्रयोग गरिसकेपछि फाल्नु हुँदैन, जतन गरेर राख्नुपर्छ भन्ने कुरा यस कविताले सिकाएको छ । यस कविताले वस्तु आकारका दृष्टिले सानो भए पनि त्यसको महत्व ठूलो हुन्छ भन्ने कुरा बालकलाई सिकाएको छ (घिमिरेसँगको कुराकानीमा आधारित) ।

**सियो खोई सियो !** शीर्षक बाल कविता सानो सियोलाई विषयवस्तु बनाएर रचिएको छ । सानो सियो एकछिन अघिसम्म यहीँ थियो तर अहिले कहाँ हरायो भन्ने भनाइबाट सुरु गरिएको यस बाल कवितामा सियो हेर्दा सानो भए पनि यसको काम ठूलो भएको कुराको उल्लेख पाइन्छ ।

प्रस्तुत कविताको मध्य भागमा त्यो हराएको सियोले लुकेर चियो गरेको र मानिसले कता, कता हेरेर आफूलाई नदेखेको कुराको कल्पना 'म' सियोका तर्फबाट गरी बालकहरूका लुकामारी खेल र लुक्नुको मजालाई रोचक ढङ्गमा वर्णन गरिएको छ। यस कविताको अन्त्यमा सियोले पहिले मलाई त्यसै फाल्यौ, अहिले त्यो सियो सानो भए पनि त्यसको काम ठूलो थियो भनेर मलाई खोज्न थाल्यौ भनी बालकहरूलाई जिस्क्याएको मिठो कल्पना व्यक्त भएको छ। बालकलाई हरेक वस्तुलाई जतन गरेर राख भनेर सिकाउनु नै यस कविताको उद्देश्य देखिन्छ ।

प्रस्तुत कवितामा पनि कवि उक्तिकै प्रयोग छ र त्यो उक्ति कविद्वारा बालकका तर्फबाट सियो हराएको प्रसङ्ग प्रस्तुत गर्दै बालकद्वारा सियोका तर्फबाट आफू हराएको, लुकामारी खेल्नुको मजा बोध गरेको, पहिले आफूलाई फाल्ने अनि पछि सियो सानो भए पनि त्यसको काम ठूलो थियो भनी सियो खोज्न थाल्ने बालकहरूप्रतिको सम्बोधनमूलक उक्ति शृङ्खलाबाट यो कविता सुसङ्गठित भएको छ ।

प्रत्येक हरफमा ६-६ वटा अक्षरको समानुपातिक आवृत्तिपूर्ण प्रयोग हुने नेपाली लोकलयको उपयोग यस कवितामा गरिएको छ। त्यस क्रममा यसको पहिलो पङ्क्ति पुञ्ज जम्मा आठ हरफको र दोस्रो पङ्क्ति पुञ्ज जम्मा दस हरफमा पूर्ण भएको देखिन्छ। ती दसै हरफमा बालकका तर्फबाट सियो हराएको प्रसङ्ग प्रस्तुत गर्दै बालकद्वारा सियोका तर्फबाट आफू हराएको, लुकामारी खेल्दा मजा आएको र पहिले आफूलाई सानो सियो भनेर हेँला गरेर फालेको तर पछि त्यसको काम ठूलो थियो भनेर मानिसले दैनिक जीवनमा प्रयोग गर्ने सियो सानो भए पनि त्यो महत्वपूर्ण थियो भन्ने विचार यसमा प्रस्तुत गरिएको छ ।

'सियो', 'थियो', 'काँ काँ', 'आँखा', 'नजा', 'मजा' जस्ता शब्द वितरणबाट सिर्जित अन्त्यानुप्रासको प्रयोगले गर्दा यस बाल कविताको भाषिक रम्यता तथा लय माधुर्य तीव्र बनेको देखिन्छ। सरल र छोटाछोटा वाक्य प्रयोग, कहीँ कर्ता लोप र कही क्रियापद लोपजस्ता कवितात्मक भाषाशैलीका गुण यसमा पनि छँदै छन्। यस बाल कविताको विषय, विचार, भाषा, लय आदिको समुच्चयलाई हेर्दा यो ६ देखि १० वर्ष उमेर समूहका बाल बालिकाहरूका निम्ति बोध्य तथा प्रभावकारी हुने देखिन्छ।

## ४.३.८ 'गाउँ खाने गीत' बाल कविताको विश्लेषण

यस बाल कविताले बाल बालिकालाई बाठो बन्न सिकाएको छ। गाउँ खाने भाकामा प्रश्न सोध्दै उत्तर पनि त्यसैमा दिइएको यस बाल कविताबाट बाल बालिकाहरू मगज खियाउन पनि जानून् भन्ने उद्देश्य राखिएको छ (घिमिरेसँगको कुराकानीमा आधारित)।

**गाउँ खाने गीत** शीर्षक बाल कविता बालबालिकाले गाउँ दिएर खेल्ने गाउँ खाने गीतलाई विषय बनाएर रचिएको छ। यो बाल कविता बालबालिकाले दुई समूह भई प्रश्नोत्तर शैलीमा गीत गाउँदै जवाफ दिएका जस्ता उक्ति प्रत्युक्तिका क्रमबाट अगाडि बढेको छ। यस कविताको सुरु भागमा सोधिएको प्रश्नको उत्तर दिँदै त्यति मिठो तरकारी न्यूरो होला कि भनेर दिएको जवाफमा फेरि त्यो सागपात होइन जिउँदो जातको छ भनेपछि उत्तर दाता बालकका तर्फबाट त्यति मिठो तरकारी त्यसो भए तित्रो चराको मासु होला भनेर जवाफ दिइएको छ। त्यसपछि फेरि प्रश्नकर्ताले त्यो उड्ने जिन्तु होइन तर त्यसको पखेटा छन् भनेपछि उत्तरदाता बालकले त्यसो भए के हो त भनेर उत्सुकतापूर्ण प्रश्न गरेपछि प्रश्नकर्ताले 'गाउँ मलाई ले त' भनेर पुनः प्रश्न गर्दा बालकले सुनको लासा लेउ भनेर उत्तर दिएपछि प्रश्नकर्ताले त्यो पखेटा भएको मिठो तरकारी माछा हो भनेर अन्त्यमा उत्तर दिएको छ। जस्तैः

लेउ सुनको लासा
तर्कारी मीठो माछा।

(**बालालहरी,** पृ. १६)

यसरी यस गाउँ खाने कथाको भित्री विषय माछाको तरकारीलाई बनाइएको छ र त्यस विषयलाई कुतूहलतापूर्ण ढङ्गले प्रस्तुत गरिएको छ। बालकलाई गाउँखाने कथाको माध्यमले बाठो बन्न सिकाउनु नै यस कविताको मुख्य उद्देश्य हो।

प्रस्तुत बाल कवितामा कवि उक्तिको प्रयोग गरिएको छ । कवि स्वयम्ले गाउँ खाने कथाको ढाँचामा बालकलाई प्रश्न गर्दै अन्त्यमा उत्तरदाता बालकबाट सही उत्तर नआएपछि प्रश्नकर्ता कविले नै उत्तर दिएपछि यो कविता टुंगिएकोले यसमा प्रश्नोत्तरात्मक शैलीको उक्ति प्रत्युक्तिको क्रम पाइन्छ ।

प्रस्तुत बाल कवितामा जम्मा दुई पङ्क्ति पुञ्ज छन् । तीमध्ये पहिलो पङ्क्ति पुञ्जमा ६ वटा र दोस्रो पङ्क्ति पुञ्जमा ८ वटा लयात्मक हरफहरू छन् । ती लयात्मक हरफहरू प्रत्येकमा सात र छ अक्षरको वितरण गरिएको छ र त्यो लय ढाँचा लोक लयको ढाँचा नै हो । यस लोक लयात्मक ढाँचामा रचिएको प्रस्तुत कविताको सिङ्गो संरचना गाउँ खाने कथाको प्रश्नोत्तरका क्रमिक उठान, विस्तार र बैठानबाट निर्मित देखिन्छ । त्यो संरचना आन्तरिक एवम् अन्त्यका अनुप्रासीय प्रयोगद्वारा भाषिक तथा लयात्मक रूपमा समेत मनोहर र गेय बनेको देखिन्छ ।

छोटा-छोटा झर्रा र तद्भव शब्दको प्रयोग भएको यस बाल कविताका छोटै वाक्य ढाँचामा कतै कर्ता र कतै क्रियापदको लोप गर्ने प्रवृत्ति कायमै छ ।

यो बाल कविता विशेष गरी ६ देखि १० वर्ष उमेर समूहका बाल बालिकाहरूले दुई पङ्क्तिका समूहमा गाउने खालको देखिन्छ ।

## ४.३.९ 'बिजुली' बाल कविताको विश्लेषण

यस बाल कवितामा बालकलाई प्रकृति निरीक्षण गर्न सिकाएको छ । **बिजुली** शीर्षक बाल कविता आकाशमा बिजुली चम्कँदा देखिएको उज्यालोलाई विषयवस्तु बनाएर रचिएको छ । बाल बालिकाहरूका लागि धरतीका रूख, विरुवा, फूलबारी, पशुपंक्षी मात्र नभई आकाशका तारा, चन्द्र, सूर्य, इन्द्रेनी, बादल लगायत बिजुली चम्कँदाको क्षण समेत अनौठो र आश्चर्य लाग्दो हुन्छ । त्यसैले उनीहरूले आकाशमा बिजुली चम्कँदा पनि त्यो बिजुली चञ्चले वा तुल्बुली बनेर खेलूँ खेलूँ गरिरहेकी छे भनेर आश्चर्य भाव प्रकट गरेका छन् । यसै गरी त्यो बिजुली धरतीको पारि तोरी फुलेको बारीमा लुकामारी खेल्ने र त्यो एक्ली छे कि दुकुली छे । उ : उः हेर बिजुली भन्दै बिजुलीलाई देख्दा बालकहरूका मनमा उत्पन्न हुने कुतूहलतालाई प्रस्तुत गरिएको छ । यसै गरी यस कविताको तेस्रो श्लोकमा गएर आकाशमा झिलिक्क देखा परेर लुक्ने त्यो बिजुली यतातिर लुकी कि उतातिर लुकी भन्दै त्यसलाई निकै बाठी 'ह' कि भनेर

एक आपसमा राखेको बाल जिज्ञासा निकै रोचक देखिन्छ। त्यो बिजुली इलिमिली र झिलिमिली गर्दै आकाशमा एक ठाउँमा चम्कँदै फेरि अर्को ठाउँमा चम्कन पुगेको देखेर मानवीय स्त्रीबोधक 'बाठी' विशेषणलाई प्रयोग गरिएको छ भने त्यस बिजुलीलाई देखेर बाल बालिकाले त्यसको जिउभरी आँखा छ, तर त्यसको जिउ भने छैन भन्दै त्यस बिजुलीलाई हेर्नको लागि आफूहरू तुल्बुल भएको कुरा सँगै यस कविताको अन्त्य गरिएको छ। जस्तैः

जिउभरी नैन
जिउ भने छैन
खालि हो कि हैन -

(**बालालहरी,** पृ. १७)

प्रस्तुत बाल कवितामा बाल बालिकाले बिजुलीलाई देखेर त्यसका बारेमा गरेका अनेक कल्पना र त्यो बिजुलीको जिउभरि आँखा देखिन्छन् तर त्यसको शरीर भने छैन, त्यसैले त्यसलाई सबैले राम्ररी हेरुँ है त भन्दै हेरिरहेको तर त्यो बिजुली एकैछिन मिलिक्क मिल्केर फेरि अलप भएको आदि कुरालाई बालक समूहको उक्तिका रूपमा प्रस्तुत गरिएको छ। त्यसैले यस कविताको उक्ति ढाँचा बालक समूहद्वारा गरिएको वर्णनात्मक अभिव्यक्तिमा आधारित देखिन्छ। बालकले बिजुलीलाई पनि मानवीय स्वरुपमा हेरेर यता उता लुकामारी खेलेको देखाएर उनीहरु प्रकृतिका हरेक वस्तुबाट मनोरञ्जन लिन सक्छन् भन्ने देखाउनु नै यस कविताको उद्देश्य हो।

प्रत्येक हरफमा छ अक्षरको वितरण गरिने लोक लयको प्रयोग गरी रचिएको यस बाल कवितामा 'उः उः हेर बिजुली' स्थायीको आवृत्ति पाइन्छ। यस बाल कविताका स्थायी अंशको आवृत्ति भएका दुई दुई हरफे पङ्क्ति पुञ्ज सुरुमा, बिचमा र अन्त्यमा पनि प्रयुक्त छन् भने अन्तरा सरहको पङ्क्ति पुञ्जहरू तीन-तीन हरफका देखिन्छन्। यस कवितामा जम्मा सात पङ्क्ति पुञ्ज छन्। ती सबैमा आकाशमा चम्कने बिजुलीप्रतिको बाल जिज्ञासा र कल्पनाको क्रमिक एवम् रोचक चित्रण पाइन्छ। 'बिजुली, तुल्बुली, पारि/बारी, लुकी/पुगी, नैन/छैन, हैन' जस्ता तुकबन्दी मिलाई यस कविताका लय तथा भाषाशैलीलाई मधुर र रम्य बनाइएको छ। छोटो छरिता वाक्यको प्रयोग भएको यस बाल कवितामा कतै कर्ता र कतै क्रियापद लोप गर्ने पदक्रमको विचलन पनि गर्ने कवितात्मक शैली पाइन्छ।

प्रस्तुत बाल कवितामा बिजुलीलाई 'एकली', 'दुकली', 'बाठी' जस्ता स्त्रीबोधक विशेषण दिई 'खेल्छे', 'लुकी', 'पुगी' जस्ता स्त्रीलिङ्गी क्रियापदद्वारा चित्रण गरिएकाले प्रकृतिको व्यक्ति

विधान गर्ने कलात्मक प्रविधिको चारुत्वपूर्ण प्रयोग गरेको देखिन्छ। यसले गर्दा प्रस्तुत बाल कविता निकै रोचक भएको छ। यो बाल कविता विशेष गरी ६ देखि १० वर्ष उमेर समूहका बालबालिकाका निम्ति उपयोगी देखिन्छ।

## ४.३.१० 'शयपत्री' बाल कविताको विश्लेषण

बालक बढिराखेको बाबुआमाले थाहा नै पाउँदैनन्। यसमा शयपत्री फूललाई बालकसँग दाँजिएको छ। यो बाल कविता बालकका निम्ति गाइएको गीत हो (घिमिरेसँगको कुराकानी २०७०।९।६)।

**शयपत्री** शीर्षक बाल कविता शयपत्री फूल र सानी नानीलाई विषयवस्तु बनाएर रचिएको छ। शयपत्री फूल सधैँभरि उत्रै देखिने प्रसङ्गको उल्लेख गर्दै यो फूल फुलेदेखि झरेसम्म त्यत्रै रहने कुराको उल्लेख यस कविताको सुरुको भागमा पाइन्छ भने मध्य भागमा संसारभरको उज्यालो सरोबरी भएको हेर्ने शयपत्री फूल पनि सधैँभरि उत्रै रहेको कुराको उल्लेख छ। शयपत्री फूल सधैँभरि उत्रै भएजस्तै हाम्री सानु नानी पनि सधैँभरि राम्री छिन्। हिजो पनि राम्री थिइन्, आज पनि राम्री छिन् भन्दै यस कविताको अन्त्य भागमा एक निद्रा सुतेर उठे हाम्री सानी नानी अझ राम्री देखिन्थिन भनिएको छ।

प्रथम पुरुषीय समूहबोधक 'हामी' सर्वनामका तर्फबाट यस कविताको कथन गरिएको छ र त्यस कथन अन्तर्गत शयपत्री फूल एवम् सानी नानीको समानान्तरता झल्काउने वर्णनात्मक शैलीको उपयोग गरिएको छ।

छोटा छरिता र सजिला, रसिला शब्दको प्रयोग, क्रियालुप्त छोटै वाक्य र पदक्रमगत विचलन यस बाल कविताका शैलीगत चिह्न हुन्। ६-६ अक्षरको एक चरण हुने नेपाली लोकलयको प्रयोग गरी यो बाल कविता रचिएको छ। त्यस क्रममा यसका प्रत्येक लोक लयात्मक श्लोकको पहिलो हरफमा दुई चरणको प्रयोग पाइन्छ भने दोस्रो र तेस्रो हरफ एक एक चरणका रूपमा प्रयुक्त छन्। ती सबै चरण र श्लोकहरू आन्तरिक र अन्त्यको अनुप्रासबाट अविष्टित छन्। त्यसैले यो बाल कविताको भाषा र छन्दको शैली सुरम्य र सुमधुर बनेको छ।

प्रस्तुत बाल कविताको शीर्षक शयपत्री राखिए पनि सुरुका हरफमा शयपत्री फूलको वर्णन गर्दै मध्य भागको अन्त्य देखि अन्तिम भागसम्म सानुनानी को वर्णन गरिएको छ। जस्तैः

एक् नींद सुती- बिम्भे अभै राम्री

सानु नानी हाम्री

सधैं भरि राम्री !

(**बालालहरी,** पृ. १८)

सानु नानीलाई सुताउने उद्देश्यले रचना गरिएको यस कवितामा शयपत्री फूल फुलेदेखि नभरेसम्म उत्रै रहेजस्तै सानु नानी पनि हिजो पनि राम्री र आज पनि राम्री, अभ एक निद्रा सुतेदेखि भन राम्री देखिने थिइन भनेर यो बाल कविता टुङ्ग्याइएको छ। त्यसैले यसमा शयपत्री फूल र सानी नानीको समानान्तर चित्रण गरिएको छ। यी सबै कुराका समष्टि सन्दर्भमा प्रस्तुत कविता ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ। बालबालिकाहरु फूलजस्तै सुकोमल र राम्रा हुन्छन् भन्ने कुरा देखाउनु नै यस कविताको उद्देश्य हो।

## ४.३.११ 'रडी' बाल कविताको विश्लेषण

बालकको मनोविज्ञानलाई चित्रण गरेर यो बाल कविता लेखिएको छ। जिद्धीवाल बालकले आमाबाबुले सधैँ आफूलाई हेरोस् भन्ने चाहन्छ, जब आमाबाबुले हेर्न भ्याउँदैनन् त्यसपछि बालक जिद्धी गर्न थाल्छ र जे दिए पनि इन्कार गर्छ। (अन्तर्वार्ता, २०७०।९।६)।

**रडी** शीर्षक बाल कविता बालकको रोड्याइँ वा लडीबुडी गरेर भगडा गर्ने बानीलाई विषयवस्तु बनाएर रचिएको छ। भुइँमा लडीबुडी गरेर रोइरहेको बालकका कार्यकलापलाई नै रडीका रूपमा लिई त्यसैको सेरोफेरोबाट यस कविताको विषयवस्तुगत वृत्तको निर्माण गरिएको छ।

प्रस्तुत कविताको सुरु भुइँमा लडीबुडी गरेर रोइरहेको बालकलाई 'रडी आयो' भनेकोबाट भएको छ। उठ्न पनि नमान्ने, बस्न पनि नमान्ने, भैमा लडीबडी गर्ने बालकको रोड्याइँलाई रडी आयो भन्दै त्यसैको रोचक वर्णनबाट यस कविताको पहिलो पङ्क्ति गुच्छ बनेको छ।

प्रस्तुत कविताको मध्य भागमा लडीबुडी गरिरहेको बालकलाई फुल्याउन पापा दिँदा पनि फालिदिएको र त्यो पापा टिपूँ भन्दा रुन थालेको र नटिपूँ भन्दा ऊ भन लडीबुडी गर्दै रोएको दृश्यको वर्णन छ। यस कविताको अन्त्यमा बालकलाई फकाउन आमा अर्कैतिर

फर्किएर अर्को मानिस बनेको बहाना बनाएपछि बालक बुइमा चढेको र आमालाई रुँदै हाँस्तै पिटेको दृश्यको बयान यस कवितामा छ। बालकहरु जिद्दी स्वभावका हुन्छन् भन्ने कुरा देखाउनु नै यस कविताको उद्देश्य हो।

प्रस्तुत कवितामा कवि कथनको प्रयोग पाइन्छ। रोइरहेको बालकलाई लक्षित गर्दै आमाका तर्फबाट रडी आयो रडी भनेर बालकलाई गिज्याइएको छ। भुइँमा लडीबडी गरेर रोइरहेको बालकलाई रडी आयो रडी भन्दै फुल्याउन खोजेको, बालकले नमानेको र पछि आमाले अर्कोतिर मुख फर्काएर अर्को मानिस बनेको बहाना बनाएपछि बालक आमाको बुई आएको आदि कुराहरू कविका तर्फबाट वर्णनात्मक ढाँचामा प्रस्तुत गरिएको छ। खासगरी भुइँमा लडीबडी गरी रोइरहेको बालकका गतिविधिको क्रमिक र रोचक वर्णन यस कविताको उक्तिगत वैशिष्ट्य हो।

प्रत्येक हरफमा ६-६ वटा उच्चार्य अक्षर हुने नेपाली लोकलयको छरितो प्रयोग यस बाल कवितामा गरिएको छ। छोटा-छोटा सात हरफको पहिलो पङ्क्ति पुञ्ज र पाँच-पाँच हरफका दोस्रो र तेस्रो पङ्क्ति पुञ्ज गरी जम्मा तीनवटा पङ्क्ति पुञ्जमा यो कविता पूर्ण भएको छ। 'रडी आयो रडी', 'आयो रडी, रडी' स्थायीको पुनरावृत्तिपूर्ण प्रयोग भएको छ भने स्थायी तथा अन्तरा दुवैमा रडी, लडीबडी, अर्की, फर्की, रडी, चढी जस्ता शब्दहरूको प्रयोगद्वारा अन्त्यानुप्रास पनि मिलाइएको छ। छोटो छोटा सरल वाक्य ढाँचा भएको यस कवितामा पनि पद विचलन पाइन्छ। यस कविताका प्रत्येक चरणमा ६ वटा अक्षरको समानुपातिक वितरण पाइन्छ भने त्यसपछि ६ वटै वर्णको प्रयोग गरिएको 'आयो रडी, रडी' थेगोको प्रयोग पाइन्छ। यस किसिमको नियमित चरण योजना र थेगोको प्रयोगले प्रस्तुत कवितामा प्रयोग गरिएको लोकलय बालकहरूका निम्ति गाउँदा सुन्दा मिठो लाग्ने बनेको छ। प्रायः कर्तालोप र क्रियापदको बढी प्रयोग भएको यो बाल कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति बढी उपयोगी देखिन्छ। छोटा-छोटा सामान्यार्थक, विस्मयार्थक र विध्यर्थक वाक्यको प्रयोग गरी यस कविताको शैलीलाई सुरम्य बनाइएको छ।

### ४.३.१२ 'हा–इ हाइ !' बाल कविताको विश्लेषण

बालकले गरेको 'हाइ'लाई विषयवस्तु बनाएर यो कविताको रचना गरिएको छ। बालकलाई अल्छी बन्न हुँदैन भनेर यसमा भनिएको छ।

**हा-इ हाइ !** शीर्षक बाल कविता कसैलाई अति प्यारो गरेर भनिने हा-इ र कसैका दुःखमा सहानुभूति प्रकट गर्दा व्यक्त गरिने हाइ ! समेतलाई विषयवस्तु बनाएर रचना गरिएको छ। प्रस्तुत कविताको थालनी आयो हा-इ हाइ ! कत्रो मुख बाइ भन्ने विस्मयपूर्ण कथनबाट गरिएको छ। त्यो कथन अल्छी लाग्दा आउने 'हाइ'तर्फ लक्षित छ। यसपछि काम र नाम विना पनि सबको हाइ, हाइ वा अति प्यारो हुने अवस्थालाई कत्रो सुख पाएको होला भन्ने ढङ्गले चित्रण गरिएको छ र त्यस हाइलाई पनि कत्रो मुख बाएर आयो है भनी आश्चर्योन्वीत तुल्याइएको छ। यस कविताका अन्त्यमा अति दुःख पाएको मान्छेलाई आउने हाइको वर्णन गरिएको छ र त्यस दुःखी मानिसकै मुख बाएर निस्कने हाइले उसैलाई निल्छ भन्दै 'कठै हा-इ हाइ' भनी शोक व्यक्त गरिएको छ र फेरि त्यो हा-इ हाइ ! कत्रो मुख बाइ आयो भन्ने कथनद्वारा यस कवितालाई टुङ्ग्याइएको छ। यसरी एउटै हाइका अनेक अर्थको चित्रणद्वारा यो कविता रोचक बन्न पुगेको छ। एउटै हा-इ, हाइ ! को तीनथरि अर्थको अभिव्यक्ति गरी यस छोटो कवितामा निकै विस्तृत विषयवस्तुको कथन गर्ने उत्कृष्ट सीप देखाइएको छ। बालकलाई सबैको प्यारो बन भनेर सिकाउनु नै यस कविताको उद्देश्य रहेको छ।

प्रस्तुत कवितामा पनि कवि कथनकै प्रयोग छ। अल्छी लाग्दा आउने हा-इ र कसैको प्यारो हुँदा वा कसैलाई दुःख पर्दा व्यक्त गर्ने विस्मयका रूपमा प्रयोग हुने हाइ ! लाई कविकै तर्फबाट वर्णन गरिएको छ। त्यसैले यस कवितामा हा-इ हाइ ! को अर्थ, यो आउँदाको अवस्थाको वर्णन आदिलाई वर्णनात्मक शैलीमा व्यक्त गरिएकोले यसमा कविकथनलाई वर्णनात्मक शैलीमा व्यक्त गरिएको छ।

प्रस्तुत कवितामा ६-६ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको मिठो प्रयोग पाइन्छ। त्यस क्रममा प्रस्तुत कवितामा 'आयो हा-इ हाइ ! कत्रो मुख बाई', भन्ने दुई हरफे स्थायीको तीन पटक आवृत्ति गरिएको छ भने चार-चार हरफको वितरणबाट बनेका दुईवटा पङ्क्ति पुञ्जहरू यस कविताका मध्य भागमा छन्। यसका स्थायी तथा अन्तराका अन्त्यमा हाइ, बाई, नाइँ, पाई, लाईको आवृत्तिद्वारा अन्त्यानुप्रासको सौन्दर्यको सिर्जना गरिएको छ भने आन्तरिक अनुप्रासको भाषिक रम्यता तथा लयगत माधुर्यबाट पनि यो कविता ओतप्रोत नै छ। सजिला, रसिला र झर्रा बालोपयोगी शब्दको प्रयोग, कहीँ क्रिया लुप्त र कतै कर्तालुप्त छोटा छरिता सरल ढाँचाका विस्मयपूर्ण वाक्यको प्रयोगले गर्दा यस कविताको भाषाशैली पनि निकै आकर्षक बनेको देखिन्छ। यस कवितामा प्रयुक्त सजिला शब्द र सरल वाक्य ढाँचालाई

ध्यानमा राखी हेर्दा यो बाल कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति सुबोध्य ठहरिन आउँछ ।

### ४.३.१३ 'छेपारोको आहान' बाल कविताको विश्लेषण

छेपारोले सधैँ शिर हल्लाउने र काम गर्छु भन्ने तर काम कहिल्यै नगर्ने प्रवृत्तिलाई देखाएको छ । छेपारो जस्तो अल्छी हुनुहुँदैन भन्दै यो कविता बालकलाई नाच्दै गाउन मिल्ने खालको देखिन्छ । बालकको उमेर बढ्दै गएपछि अनुप्रास पनि बढाउँदै लैजानु पर्छ । यस बाल कवितामा पनि चारवटा अनुप्रासको प्रयोग छ (कुराकानी, २०७०।९।६) ।

**छेपाराको आहान** शीर्षक बाल कविता छेपाराका सम्बन्धमा चलेको आहानलाई मुख्य विषयवस्तु बनाएर रचिएको छ र त्यो आहान हो– घर भोलि बनाउँछु भन्दै काम टार्दै जाने र रङ्ग पनि फेर्दै जाने प्रक्रिया ।

छेपारोको घर नभएको, उसले शिर हल्लाउने गरेको र भोलि घर बनाउँछु भनी काम टारेको प्रसङ्गबाट यो कविता थालिएको छ । यस कविताको मध्यभागमा रातमा भित्र बाहिर जताततै उघारो हुनाले छेपारोले जाडोको बोध गरेको र घर बनाउन कति गाह्रो भएको भनी महसूस गरेको आहानको अभिव्यक्ति गरिएको छ । यस कविताका अन्त्य भागमा बिहान भएपछि लेकबाट झरेको घाम जीउमा पर्दा छेपाराले रङ्ग फेरेको, पहारिलो अनुभव गरेको र आजै घर बनाउन के हतार भनी फेरि आफ्नो काम टारेको आहान व्यक्त गरिएको छ । जस्तैः

लेकबाट घाम झऱ्यो
छेपाराले रङ फेऱ्यो-
आज मीठो झन् पहार
घर बनाउन के हतार

(**बालालहरी,** पृ. २१)

आज गर्नैपर्ने कामलाई भोलि, भोलि भन्दै काम टार्दै हिँड्ने मानिसको अल्छे, मस्त र भोलि परस्त घर बनाउने र रङ्ग फेर्ने आहानसँग बालकहरूले बुझ्ने गरी मिठो ढङ्गमा व्यक्त गरिएको छ ।

प्रस्तुत कवितामा पनि कवि कथन वा कवि उक्तिकै प्रयोग गरिएको छ र त्यो उक्ति कविका तर्फबाट छेपारोप्रति लक्षित छ । छेपारोको बानी बेहोरा र उसले सधैँ घर भोलि बनाउँछु भन्ने तर कहिल्यै नबनाउने र गर्मी महिनामा रङ्ग फेर्ने छेपारोको स्वभावलाई कवि कथनको माध्यमबाट वर्णनात्मक उक्तिद्वारा व्यक्त गरिएको छ । कविले बालकलाई लक्षित गरी

छेपाराको भोलिवादी तथा रङ्ग फेर्ने प्रवृत्तिलाई वर्णनात्मक शैलीमा रोचक ढङ्गले प्रस्तुत गरेका छन् र छेपारोको माध्यमले बालकलाई आजको कामलाई भोलि गर्छु भनेर नभन भनेर सिकाउनु नै यस कविताको उद्देश्य रहेको छ ।

छोटा-छोटा जम्मा सोह्र पङ्क्ति पुञ्जको यस बाल कवितामा ६ देखि १० वटा शब्दको प्रयोग पाइन्छ भने प्रत्येक श्लोकको अन्त्यमा ६-६ वटा अक्षरद्वारा निर्मित 'हलौ हलौ होली, घर बनाउँछु भोलि', थेगोको आवृत्तिमूलक प्रयोग पाइन्छ । लोक लयात्मक छन्दमा लेखिएको यस बाल कवितामा पनि प्रत्येक श्लोकको अन्त्यमा स्थायी र बिच बिचमा अन्तराको प्रयोग पाइन्छ । कवितामा अन्त्यानुप्रासलाई मिलाउन होली, भोलि, उधारो, सारो, पहार, हतार आदि शब्दको प्रयोग पाइन्छ । सामान्यार्थक र अनिश्चयार्थक वाक्य ढाँचाका सरल वाक्यहरूको प्रयोगले गर्दा यसको भाषाशैली रोचक बनेको छ । पदक्रम विचलन यस कवितामा पनि पाइन्छ भने आजको कामलाई भोलि गरौँला भन्ने भोलिवादी प्रवृत्तिलाई छेपाराको आहान शीर्षक दिएको यो बाल कविता सबै उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ ।

## ४.३.१४ 'चकचके' बाल कविताको विश्लेषण

बालकलाई विज्ञानको कुरा सिकाएको र विज्ञानको कुरा सिकाउँदै खेल खेलाएको यस **चकचके** शीर्षक बाल कविता चकमक ढुङ्गालाई विषयवस्तु बनाएर रचिएको छ । त्यस क्रममा चकमक ढुङ्गो कसरी बल्यो होला भन्ने विषयमा कुनै टुङ्गो नपाएको कुराको चित्रणबाट यो कविता थालिएको छ भने त्यो चकमक वा दर्शन ढुङ्गो आगै आगाको थियो कि भन्ने विस्मयका अभिव्यक्तिबाट यो कविता अघि बढेको छ । यस कविताका अन्त्यमा चकमकबाट झिल्का झिल्की झरेको र सूर्य तारा जस्तै झकमक भएको वातावरणदेखि सारा मानिस अकमक परे भन्ने भनाइमा पुगी यो कविता टुंगिएको छ । यस विषयको कथनका क्रममा प्रस्तुत कवितामा सोधूँ भने चकचक गरेको ठानिने र नसोधुँ भने सकसक लागिरहने बालकीय चकचके द्वैध मानसिकताको चित्रण पनि गरिएको छ ।

प्रस्तुत बाल कविता दर्शन ढुङ्गा वा चकमकसित खेल्ने र त्यहाँबाट आगाका झिल्का झिल्की निकाल्ने चकचके बालकका तर्फबाट गरिएको उक्तिका रूपमा आएका छन् र ती सबै पङ्क्तिलाई त्यही बालकका चकचक तथा सकसकसँग सम्बन्धित मानसिक कार्यव्यापारद्वारा

एकान्वित तुल्याएको छ । बालकलाई चकचके नबन भनेर सिकाउनु नै यस कविताको उद्देश्य रहेको छ ।

प्रस्तुत कवितामा एक हरफमा ६ अक्षरको वितरण गरिने नेपाली लोकलयको त्यस्तो सुमधुर प्रयोग गरिएको छ, जुन समान खालका वर्ण वितरणबाट सिर्जित आन्तरिक अनुप्रास र अन्त्यानुप्रासद्वारा तीव्र बनेको छ । यसै लय ढाँचाको प्रयोग गरिएका जम्मा तीनवटा पङ्क्ति पुञ्जलाई स्थायीका रूपमा प्रयोग गरी यस कविताको आकृतिलाई जम्मा सोह्र हरफमा पूर्णता प्रदान गरिएको छ । ती सोह्रवटै हरफहरू दर्शन ढुङ्गा वा चकमकसित खेल्ने र त्यहाँबाट आगाका झिल्का झिल्की निकाल्ने चकचके बालकसँग सम्बन्धित छ ।

भाषिक वर्ण विन्यासगत अनुप्रासीय रम्यता, तद्भव, झर्रा र अनुकरणमूलक शब्द प्रयोगको आकर्षण वाक्यगत सरलताका साथै प्रश्नार्थकता, विध्यर्थकता र विस्मयार्थकता जस्ता वाक्यार्थबाट झल्किने रमणीयता यस बाल कविताका पनि शैलीगत विशेषता हुन् । यस बाल कवितामा कथन गरिएको दर्शन ढुङ्गासित सम्बन्धित विषयवस्तु, चकचके बालकको द्विविधाग्रस्त मनस्थिति र तिनलाई व्यक्त गर्न कविले प्रयोग गरेको लय, भाषा तथा शैलीका समष्टि सन्दर्भमा दृष्टिगत गर्दा यो कविता पनि ६ देखि १० वर्षसम्मका उमेर समूहका बालकका निम्ति पाठ्य र गेयका रूपमा प्रभावकारी बन्ने देखिन्छ ।

### ४.३.१५ 'रिस' बाल कविताको विश्लेषण

रिसाएको व्यक्तिलाई देखेर बालकले गिज्याएको र रिस अमूर्त चिजलाई मूर्त रूपमा यस कवितामा देखाइएको छ । कुनै वस्तुलाई सूक्ष्म दृष्टिले हेर्ने बानी देखाउँदै रिस राम्रो होइन भनिएको छ (कुराकानी, २०७०।९।६) ।

रिसाएको मान्छेको अनुहार देख्दा उठ्ने हाँसोलाई विषयवस्तु बनाएर यो कविताको रचना गरिएको छ । रिसाएको मान्छेको अनुहारमा जब रिस बुर्लुक्क उफ्रन्छ तब उसका आँखाका गेडी पिर्लिक्क पर्छन् र बल्ड्याङ्ग्राका वियाँ बाहिर निस्के जसरी पिर्लिक्क परि मुख नै काच्चकुच्च देखिन्छ तब त्यसलाई हेर्ने बालक लगायतका मान्छेलाई हाँसो उठ्छ तापनि त्यस्तो अवस्थामा हाँसिदिँदा सो रिसाएको मान्छेले कुट्छ भन्ने आशयको अभिव्यक्तिबाट यो कविता थालिएको छ ।

धेरै रिस उठेको मानिसले दाँत नै ङाच्च ङिच्च पारि एकअर्कालाई घुर्की लाएको अवस्था हेर्दा त्यो हेर्ने मानिसलाई हाँसो उठ्ने कुराको सुरम्य कथनद्वारा यो कविता अघि बढेको छ। रिसाएको मानिसले चर्को बोली निकाल्दा भाँडाकुँडा थर्किएको, ढोडनसो तर्केको, पाच्चपिच्च गाली गरेको हेरिरहँदा पनि हाँसो नै उठ्ने कुराको कथन पनि यस कविताको मध्य भागमा गरिएको छ। रिसले गर्दा खलखल पसिना निस्केको, आन्द्रा भुँडी गलबल परेको र आँतै जल्नाले जल वा पानी मागेको र मुखमा फिँज गाज्जगुज्ज परेको हेर्दा पनि हाँसो उठ्छ भन्ने विषयको कथनमा पुगी यो कविता टुंगिएको छ। यसरी प्रस्तुत कवितामा रिसले मान्छेको अनुहार बिगारीदिने र त्यस्तो विकृत बनेको अनुहार हेर्दा अरूका निम्ति हाँसो उठ्दो बन्ने रोचक विषयवस्तुको अभिव्यक्ति कविले गरेको भेटिन्छ। बालकलाई रिसाउनु हुँदैन, रिसायो भने राम्रो अनुहार पनि नराम्रो देखिन्छ, अरुले जिस्क्याउँछन् त्यसैले नरिसाउ भनेर सिकाउनु नै यस कविताको उद्देश्य हो।

प्रस्तुत कविताको उक्ति ढाँचालाई हेर्दा रिसाएको मानिसको तर्फबाट गरिएको कथन र त्यो कथन रिसाएको मान्छेले चर्को बोली निकाल्दा भाँडाकुँडा थर्कने, उसको ढोडनसो तर्कने र उसले पाच्चपिच्च गाली गर्दा हेरिरहेको मानिसलाई हाँसो उठ्ने कुराको कथन पनि यस कवितामा पाइन्छ। रिस उठ्दाको अवस्थालाई वर्णनात्मक कथनद्वारा यस कवितामा व्यक्त गरिएको छ। कवि कथनकै रूपमा आएको यो कवितामा रिसाएको मानिसको अनुहारका हाउभाउ, शारीरिक चेष्टा र बोली वचनगत विकार हास्यमूलक हुने कुराको रोचक वर्णनबाट त्यो कवि कथन घतलाग्दो बनेको देखिन्छ।

प्रस्तुत कवितामा प्रत्येक हरफमा ६ अक्षरको वितरण गरिएका दुई दुई हरफे पाँचवटा स्थायी अंश र प्रत्येक हरफमा सात अक्षरको वितरण गरिएका ३-३ हरफे चारवटा अन्तरा अंशका प्रयोगबाट यो बाल कविता पूर्ण बनेको देखिन्छ। आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोगद्वारा यस कविताको लोकलयात्मक प्रयोग सुमधुर बनेको छ।

समान खालका वर्णहरूको पुनरावृत्तिजन्य आन्तरिक अनुप्रासका साथै उठ्छ, कुट्छ, बुर्लुक्क, पिर्लिक्क, बिर्लिक्कका प्रयोगद्वारा अन्त्यानुप्रास मिलाई यस कविताको भाषाशैलीलाई रमणीय पारिएको छ। बालकका निम्ति बोधगम्य झर्रा अनुकरणात्मक शब्द प्रयोग, वाक्यात्मक सरलता र पदलोपगत एवम् पदक्रम विचलनगत कवितात्मकता यस बाल कविताका पनि

विशेषता हुन् । यस कविताका कथ्य विषयवस्तुगत अर्थ, भाषा, लय तथा शैली समेतका समष्टि सन्दर्भमा विचार गर्दा यो बाल कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी र प्रभावकारी देखिन्छ ।

## ४.३.१६ 'नानी' बाल कविताको विश्लेषण

बाल जिज्ञासालाई विषयवस्तु बनाएर यो कविता रचिएको छ । बालकलाई प्यारो मान्दै उसलाई प्रकृति निरीक्षण, मानव जातिको निरीक्षण गर्न सिकाएको, आँखाको नानी जस्तै साना बाल बालिका पनि प्यारा हुन्छन् भन्ने भाव यस कवितामा पाइन्छ। यो बाल कविता बालकलाई प्रभाव पार्ने खालको छ (कुराकानी, २०७०।९।६) ।

**नानी** शीर्षक बाल कविता कविले आमाका आँखाभित्र देखिएको नानीको प्रतिविम्वलाई विषयवस्तु बनाएर लेखिएको छ। यस कविताको प्रारम्भ सानी नानीले आमाको आँखामा मुजुरपङ्खी झ्यालमा मैया झुलेजस्ती र अमृतको तालमा जून खुलेजस्ती सानी नानी को हो ? भनी राखेको जिज्ञासाबाट भएको छ । त्यस सानी नानीले आमाको आँखाभित्र देखापरेकी त्यो सानी नानी को हो भन्ने जिज्ञासा पनि राखेकी छ, जुन आँखा चिम्म गर्दा झिम्म निभेर गइहाल्छे । यस कविताको उत्तर भागमा सानी नानीले राखेका यिनै जिज्ञासाको उत्तर आमाका तर्फबाट दिइएको छ । त्यस क्रममा आमाले आफ्ना आँखाभित्र देखापर्ने सानी नानी तिमी नै हौ अनि म तिमीलाई धूलो परे पनि बिझाउन दिन्न, आँसु झरे पनि जान दिन्न र कसैले छुन खोजे झिम परेली तानी छोपी हाल्छु भन्ने उत्तर आमाका तर्फबाट दिइएको छ । जस्तै:

छुन खोजे छोप्छु झिम्परेली तानी
आँखाभित्र मेरो तिमी नै ह्वौ नानी

(**बालालहरी,** पृ. २५)

यही सानी नानी र आमाका बिचको प्रश्नोत्तरात्मक उक्ति ढाँचामा यो कविता रचिएको छ ।

प्रस्तुत बाल कवितामा सानी नानी र आमा बिचको प्रश्नोत्तरात्मक उक्ति ढाँचाको प्रयोग गरिएको छ । कविताको सुरुमा नानीका तर्फबाट आमालाई 'तपाईको आँखाभित्र देखिने मुजुरपङ्खी झ्यालमा मैया झुलेजस्ती र अमृतको तालमा जून खुलेजस्ती सानी नानी को हो ?' भनेर जिज्ञासाका रूपमा प्रश्न राखिएको छ भने त्यसपछि आमाका तर्फबाट आँखाभित्र देखिने

त्यो सानी नानी तिमी नै हौ र तिमीलाई धूलो परे पनि बिझाउन दिन्न र आँसु झरे पनि जान दिन्न भनेर उत्तर दिइएको छ । यसरी यस कविताको उक्ति ढाँचा प्रश्नोत्तरात्मक छ ।

प्रस्तुत कवितामा नेपाली लोक लयको सुमधुर प्रयोग गरिएको छ। त्यो लोकलय प्रत्येक चरणमा बाह्र अक्षरको वितरणमा आधारित देखिन्छ । यस कवितामा 'आँखाभित्र आमा को हो ? सानी नानी, अनि 'आँखाभित्र मेरो तिमी नै हौ, सानी नानी' जस्ता उद्गारको पुनरावृत्तिबाट त्यो लोकलय निकै सुमधुर बनेको छ । झ्यालमा, तालमा, जानी, सानी, नानी, तानी जस्ता शब्दका वितरणबाट अन्त्यानुप्रास मिलाई यस कविताको लय योजनालाई झन तीव्रता दिइएको छ । उस्तै उस्तै स्वर व्यञ्जन वर्णको आनोपूर्वी वितरण (एकपछि अर्को क्रम मिलेको) छोटा छरिता झर्रा अनुकरणात्मक शब्दको सुष्ठु प्रयोग, पदलोप र पदक्रमगत विचलन, सङ्केतार्थक, सम्बोधन तथा निश्चयार्थक जस्ता भाषिक विशिष्टताले ओतप्रोत प्रस्तुत कविताको प्रश्नोत्तरात्मक शैली निकै रमणीय बनेको देखिन्छ । आमाले सानी नानीप्रति देखाउने वात्सल्य र सानी नानीले आमा समक्ष प्रकट गर्ने खुल्दुलीलाई आमा र नानीकै जस्तो भाषामा व्यक्त गरिएको छ । त्यसै गरी यस कवितामा मुजुरपङ्खी झ्याल, अमृतको ताल, मैया झुल्नु र जून खुल्नुजस्ता आलङ्कारिक पदावलीहरूको पनि प्रयोग गरिएको छ र त्यस्ता पदावलीले यस कविताको कथ्य अर्थलाई चमत्कारपूर्ण तुल्याएका छन् । प्रस्तुत कविता पनि ६ देखि १० वर्षको उमेर समूहका बालकका निम्ति उपयोगी बनेको देखिन्छ । बालबालिकाहरु आँखाका नानी जस्तै प्यारा हुन्छन् भनेर देखाउनु नै यस कविताको उद्देश्य हो ।

## ४.३.१७ 'जूनकीरी' बाल कविताको विश्लेषण

जूनकीरीको उज्यालो रङ परेका फूलका रङ र बालकको हाँसो उस्तै देखिने कल्पना यस कवितामा गरिएको छ । बालकले गाउँदै नाच्न मिल्ने गीतिलय यस कवितामा पाइन्छ (अन्तर्वार्ता, २०७०।९।६) ।

जूनकीरी शीर्षक बाल कविता जूनकीरीलाई विषयवस्तु बनाएर रचिएको छ । त्यस विषयवस्तुलाई रातका अँध्यारामा देखापर्ने जूनकीरीप्रतिको बालकका जिज्ञासा र गीति खेलका ढङ्गमा फैलाई यो कविता रचिएको छ । यस कविताको पहिलो पङ्क्ति पुञ्जमा जूनकीरी देख्दा बालकहरू 'जूनकीरी' 'जूनकीरी' भन्दै उफ्रिने सन्दर्भको झलक दिई घामकीरोलाई छोडेपछि खेल्ने, झ्याउँकीरी गर्दै बोल्ने, झिलिमिली पर्दै झुलुक्क देखा पर्ने कुन कीरो हो भन्ने प्रश्न

उठाई त्यो कीरो चाहिँ जूनबाट ओर्लेर आएकी जूनकीरी हो भन्ने उत्तरको प्रस्तुति गरिएको छ। यस कविताका मध्य भागमा रातमा देखापर्ने जूनकीरीका बारेमा फेरि अर्को एउटा अनौठो कल्पना गरिएको छ। त्यो कल्पना हो रातले कालो हातले पुछेको फूलको रङ्ग नै पिलपिल गरी पुलुक्क देखापरेको त्यो कुन कीरी होला ? यस मिठो काल्पनिक कुतूहलताको समाधानका रूपमा पनि त्यो कीरी जूनबाट ओर्लेको जूनकीरी हो भन्ने दिइएको छ। यस कविताको अन्तिम पङ्क्ति पुञ्जमा जूनकीरीप्रतिको कविगत दृष्टिकोण व्यक्त भएको छ। त्यहाँ कविले स्वयम् बालकजस्तो भई फूलका रङ्ग सबै उस्तै रहेको बताउँदै र सपनामा शिशुहरू हाँस्तै रहेको सङ्केत दिँदै मिलमिल गरी मुलुक वा संसार हेर्ने कुन कीरी हो भन्ने प्रश्न उठाई त्यो कीरी जूनबाटै ओर्ली आएको जूनकीरी नै हो भन्ने उत्तर दिएका छन् र कवितालाई टुङ्ग्याएका छन्। जस्तैः

फूलका रङ्ग उस्तै छन्
सप्नामा शिशु हाँस्तैछन्
मिलमिल मुलुक- कुन कीरी
जूनकीरी, जूनकीरी जूनकीरी !

(**बालालहरी,** पृ. २५)

प्रस्तुत कविताको उक्ति ढाँचालाई हेर्दा बालकतुल्य कविको उक्तिका रूपमा आफै प्रश्न गर्ने र आफै उत्तर दिने ढङ्गको क्रमिक र विशिष्टतापूर्ण प्रयोग पाइन्छ। कवि स्वयम् बालकतुल्य भई जूनकीरीलाई घामकीरी, जूनबाट ओर्लेकी जूनकीरी र त्यो जूनकीरी घामकीरोलाई छोडेपछि खेल्ने भ्याउँकीरी आदि नाम दिँदै जूनकीरीको बारेमा बयान गरिएकोले यसको उक्ति ढाँचा बालकतुल्य भई कविकातर्फबाट गरिएको वर्णनात्मक उक्ति ढाँचा देखिन्छ।

प्रस्तुत कविता प्रत्येक पङ्क्तिमा सात-आठ अक्षरको वितरण गरिने नेपाली लोकलयमा रचिएको छ। यस कवितामा जूनकीरी जूनकीरी जूनकीरी भन्ने हरफलाई स्थायीका रूपमा चार पटक प्रयोग गरिएको छ भने जूनकीरी, कूनकीरी, रातले, हातले जस्ता शब्दको प्रयोगबाट अन्त्यानुप्रास मिलाई यसको लोक लयात्मक ढाँचालाई श्रुतिमधुर बनाइएको छ। सोही लयमा रचिएका यसका तीनवटा पङ्क्ति पुञ्जहरू बालकतुल्य कविकै उक्तिका रूपमा प्रस्तुत छन् र

त्यस अन्तर्गत आफै प्रश्न गर्ने अनि आफै उत्तर दिने ढङ्गको क्रमिक र विशिष्टतापूर्ण प्रयोग पाइन्छ । बालक र प्राकृतिक जीवका बिच मित्रता देखाउनु यस कविताको उद्देश्य हो ।

समान किसिमका स्वर व्यञ्जनवर्णको आनुपूर्वी वितरण, कवि आफैद्वारा निर्मित घामकीरी र झ्यामकीरीजस्ता शब्दका साथै छोटा छरिता झर्रा अनुकरणात्मक शब्द प्रयोगको रोचकता, वाक्यगत सरलताका साथै पदलोप एवम् पदक्रम विचलनगत कवितात्मकता, प्रश्नार्थकता र निश्चयात्मकता यस कविताको भाषिक प्रयोगगत विशेषता हुन् । तिनले यस कविताको प्रश्नोत्तरात्मक शैलीलाई निकै रोचक र प्रभावकारी तुल्याएका छन् । घामकीरी, कालो हात, रातले फूलको रङ्ग पुछ्नु, शिशु सपनामा हाँस्नु, जूनकीरी जूनबाट ओर्लिनु जस्ता आलङ्कारिक पदावलीहरूको प्रयोगले प्रस्तुत कविताको शैलीगत सौन्दर्यका साथै अर्थगत सौन्दर्यको वृद्धिमा प्रशस्त सघाउ पुगेको देखिन्छ । यी सब कुराका सन्दर्भ विचार गर्दा र उक्त कविताको पठन गर्दा यो कविता ६-१० वर्ष उमेर समूहका बालबालिकाका निम्ति पाठ्य तथा गेय रूपमा उपयोगी हुने ठहरिन्छ ।

### ४.३.१८ 'आमा' बाल कविताको विश्लेषण

बालमनोविज्ञानको राम्रो चित्रण यस कवितामा पाइन्छ । बालक आमाको काखबाट बाबुको काखतिर जानुको अर्थ बालक ठूलो हुँदै संसार बुझ्न थाल्नु हो । आमा बालक ठूलो हुँदै गएको देखेर हर्षले हाँस्छिन पनि र बालकले आफूलाई दुःख दिँदा रुन्छिन् पनि भन्दै बालकको एकैछिनमा खुसी हुने र एकै छिनमा दुःखी हुने संवेगलाई यसमा चित्रण गरिएको छ ।

**आमा** शीर्षक बाल कविता बालबालिकाहरूका लागि सबभन्दा प्यारी 'आमा'लाई विषयवस्तु बनाएर रचिएको छ । कवि कथनद्वारा आमाका विभिन्न क्रियाकलापमा लक्षित यस बाल कविताको सुरु आमा हाँस्ने र रुने दुवै किसिमका कार्यव्यापार गर्दछिन् भन्ने भनाइबाट भएको छ । केटाकेटीहरूका विभिन्न बालसुलभ बानी बेहोरा देखेर आमा कहिले हाँस्ने र कहिले रुने, कहिले दिक्क हुने गर्दछिन् र यो स्वाभाविक कुरो नै हो ।

केटाकेटीहरू ठूलो भएपछि बाबुको काखमा गएर बस्ने र त्यस बखत उनीहरू आमाभन्दा बाबा जाति भन्ने गर्दछन् तर केही कुरामा दुःख दिनुपर्‍यो र केही सामान चाहियो भने आमा भन्दै रुँदै आउने स्वाभाविकताको चित्रण पनि यस कवितामा गरिएको छ । यसरी बालकका यस्तो किसिमको स्वभावलाई देखेर आमा कहिले हाँस्ने र कहिले रुने गर्छिन भन्ने

कविको टिप्पणी छ । बालबालिकाका अनौठो स्वभावको असर आमामा पनि देखापर्छ  भन्ने कुराको चित्रण गर्नु यस कविताको उद्देश्य देखिन्छ ।

केटाकेटीहरू ठूलो भएर साथीसँग खेल्न जाँदा साथीले खेलाएन भने आमालाई उजुर गर्न आउने र आमाले इन्साफ गर्न नपाउँदै फेरि साथीसँग खेल्न जाने यस्तो स्वभाव देखेर आमा कहिले हाँस्ने र कहिले रुने कुराको वर्णन कविले बालकजस्तो भई व्यक्त गरेका छन् ।

प्रस्तुत कविताको अन्त्य भागमा आमाले खेलाउँदै ठूलो बनाएको बालक ठूलो भएपछि आमालाई छोडेर परदेश जाने र उसले आमालाई छिटै आउँछु भनेर चिठी पठाए पनि फर्किएर नआउने कुराको मार्मिक ढङ्गले चित्रण गरिएको छ । आमा पनि बुढी भइसकेकीले छोरालाई भेट्न जान सक्दिनन् र छोरालाई सम्झेर रुन्छिन् । त्यसैले आफ्ना नानीको यस्तो अवस्था देख्दा आमा हाँस्छिन् पनि र रुन्छिन् पनि ।

प्रस्तुत कविता पनि कवि कथनद्वारा आमाको विभिन्न क्रियाकलापमा लक्षित छ । बालकका विभिन्न किसिमका क्रियाकलापलाई देखेर आमा कहिले हाँस्ने र कहिले रुनेजस्ता मानवीय संवेदनालाई वर्णनात्मक शैलीमा यस कवितामा प्रस्तुत गरिएको छ । त्यसैले यस कविताको उक्ति कवि उक्ति नै हो तापनि त्यो उक्ति आमाका तर्फ लक्षित देखिन्छ र बालकका विभिन्न क्रियाकलापलाई देखेर आमा कहिले हाँस्ने, कहिले रुने, कहिले दिक्क हुने स्वाभाविक घटनालाई वर्णनात्मक उक्ति ढाँचामा प्रस्तुत गरिएको छ ।

प्रस्तुत बाल कवितामा त्यस्तो लोकलयको प्रयोग गरिएको छ, जसका स्थायी अंश ६-६ अक्षरले बनेको छ भने अन्तरा अंश १२-१२ अक्षरको समानुपातिक वितरणमा रहेको छ ।

सजिला र झर्रा नेपाली शब्द प्रयोगको सरसता, छोटा छरिता संयुक्त तथा मिश्रवाक्यको प्रयोगगत विस्तार र सघनता तथा वाक्यार्थगत निश्चयात्मकता यस कविताका शैलीगत विशेषता हुन् भने हाँस्नु र रुनु अनि ढुक्क हुनु र दिक्क हुनु, उजुर गर्नु र इन्साफ नगर्दै खेल्न जानु, परदेश जानु, चाँडै आउँछु भन्नु तर भेट्न आउन नपाउनु जस्ता कुराको विरोधाभासमूलक अभिव्यक्तिबाट यस कविताको आलङ्कारिक सौन्दर्य पनि निकै आकर्षक बनेको भेटिन्छ ।

नानी र आमाका शैशव, बाल्यावस्था र ठूलो उमेर समेतका सम्बन्धलाई झल्काई यस कवितामा आमाको अवस्थाप्रति कविले विशेष मार्मिक टिप्पणी गरेको पाइन्छ । बालकहरूलाई

आमाको रुनु वा हाँस्नुको मर्म बुझाउन खोजेको देखिन्छ। यी सबै कुरालाई दृष्टिगत गर्दा प्रस्तुत कविता पनि ६-१० वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ।

## ४.३.१९ 'यति सानु नानी बोले कस्तो हुन्थ्यो' बाल कविताको विश्लेषण

९-१० महिनाको सानो बालकको चित्रण, सबैलाई चिनेजस्तो गरी हाँस्ने, उसको हाँसो मिरमिरेको किरण जस्तो देखिने र सानो बालक बोल्दा देवता बोले जस्तो हुने भन्दै बालकका सबै क्रियाकलाप सुन्दर हुने र बालक नबोले पनि बोल्ला जस्तो देखिने कुरा यस बाल कवितामा उल्लेख गरिएको छ (कुराकानी, २०७०।९।६)।

**यति सानु नानी बोले कस्तो हुन्थ्यो** शीर्षक बाल कविता भर्खर मुखमा दुई दाँत निस्किएको र बोल्न थालिनसकेको त्यस उमेर समूहका सम्पूर्ण बालकलाई लक्षित गरी लेखिएको छ। कविताको सुरु मुखमा भर्खरै दुईवटा दाँत टुसाएको सानो बालक बोले कस्तो हुन्थ्यो भन्ने रमणीय कल्पनाको चित्रणबाट गरिएको छ। सानु नानी बोल्यो भने आँखाको नानी बोलेजस्तो हुन्थ्यो भनी कल्पना गरिएको छ र त्यसको उत्तरको रूपमा दुई पाते फूल बोले जस्तो हुन्थ्यो भन्ने अर्को मिठो उत्तरात्मक कल्पना गरिएको छ। यसपछि सानो नानीको आँखा घाम छायाँसित कस्तो खेल्छ, आँखै बोल्छ जस्तो भन्ने अर्को सुरम्य कल्पना गरिएको छ। बालकको मुख, म्वाइँ खाउँ खाउँ लाग्ने गरी के विधि उज्यालो छ र म्वाइँ खायो भने दाग लाग्ला जस्तो पनि छ भनिएको छ। त्यो सानी नानीले सबैलाई चिनेजस्तो गरी हेर्छ र त्यो सानु नानीको कोही पराइ छैन भन्ने भाव पनि व्यक्त गरिएको छ। यसै गरी यस कविताको अन्त्यमा यति सानु नानी बोले मान्छे बोले पनिदेवता बोले जस्तै हुन्थ्यो भन्ने अर्को उत्सुकता व्यक्त गरिएको छ।

भर्खरै दाँत टुसाएका बालकलाई लक्षित गरी लेखिएको यस बाल कवितामा कविकथनगत प्रश्न र विस्मयको प्रयोग सुरुदेखि अन्त्यसम्म गरिएको छ। फूल बोल्नु, आँखा बोल्नु, आँखाको नानी बोल्नु, जून बोल्नुजस्ता अनेक किसिमका आलङ्कारिक प्रयोग गरेर त्यस उक्तिलाई सौन्दर्यपूर्ण तुल्याइएको छ। बालबालिकाको सौन्दर्यको चित्रण गर्नु नै यसको उद्देश्य देखिन्छ।

प्रस्तुत कवितामा प्रयोग गरिएको लोकलय एघार अक्षरे देखिन्छ र यसका प्रत्येक पूर्ण हरफहरूमा त्यसै लोकलयको नियमित प्रयोग गरेको देखिन्छ । त्यस क्रममा पहलिो लयात्मक उद्‌गार र त्यसपछिका प्रत्येक पङ्क्ति पुञ्जको तेस्रो लयात्मक उद्‌गारको पाँच अक्षरे उत्तरांशको कही शब्दगत आंशिक परिवर्तन र कहीँ पूर्ण परिवर्तन नगरिएको उद्‌गारगत आवृत्ति गरिएको

छ । यसले गर्दा प्रस्तुत कविताको लयगत सङ्गीत तीव्र बन्न पुगेको देखिन्छ । त्यसै गरी हात, दाँत, कस्तो, जस्तो आदिको प्रयोगद्वारा जुन अन्त्यानुप्रासलाई निरन्तर कायम गरिएको छ त्यसबाट पनि यस कविताको लय योजना साङ्गीतिक संवृद्धिले ओतप्रोत बनेको छ । समान किसिमका वर्णहरूको पुनरावृत्तिपूर्ण प्रयोगका साथै अन्त्यानुप्रास योजना, छोटाछरिता खालका सजिला र रसिला झर्रा नेपाली शब्दको प्रयोग, कहीँ कर्ता लुप्त र कहीँ क्रिया लुप्त रहेको सरल तथा छोटो छरितो मिश्र वाक्य ढाँचाको वाक्यको उपयोग, प्रश्न, विस्मय र सङ्केत बुझाउने वाक्यार्थगत विचित्रता यस कविताको भाषा शैलीगत अभिलक्षण हुन् । यस कवितामा तोते बोली निकाली नसकेको कोमल शिशुका सौन्दर्यको र उसका मुखबाट निस्कन सक्ने बोलीका माधुर्यको जुन चित्रण गरिएको छ त्यो बाल पाठक मनका निम्ति अत्यन्त आल्हादकारी बन्ने देखिन्छ । यी सबै कुरालाई विचार गरी भन्नुपर्दा प्रस्तुत कविता पनि ६-१० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ ।

## ४.३.२० 'दगुर दगुर कुहिरा !' बाल कविताको विश्लेषण

**दगुर दगुर कुहिरा** बाल कविता बाललोक गीत 'दगुर दगुर कुहिरा'बाट प्रभावित भएर लेखिएको हो । घामपानी बाल कविता सङ्ग्रहका सबैजसो बाल कवितामा लोक लयको पङ्क्ति छ तर यस बाल कवितामा चाहिँ ६-६ अक्षरमा विश्राम हुने लोकलयको प्रयोग छ । यसमा बालकको खेलको बयान छ (कुराकानीमा आधारित, २०७०।९।६) ।

**दगुर दगुर कुहिरा !** शीर्षक बाल कविता आकाशमा लाग्ने कुहिरोलाई विषयवस्तु बनाएर रचिएको छ । आकाशमा कुद्न लागेको कुहिरोलाई अझ छिटो बन्नका लागि गरेको आह्वानबाट यो कविताको थालनी गरिएको छ । त्यसपछि त्यो दगुर्दो कुहिरो पीठो चोरेर बनेजस्तो सेतो देखिएकाले त्यसलाई पीठै पीठो बन भनी आग्रह गरिएको छ । यता जाउँ कि उता जाउँ गरिरहेको कुहिरोलाई जतातत‍ै पुग् र अघिल्तिर उज्यालो भए पछिल्तिर पुग् भन्ने

निर्देशन दिइएको छ। त्यसपछि त्यस कुहिरो खेललाई लोकमा प्रचलित तान्त्रिक विधितर्फ मोड्दै ‘छु मन्तरकी वाचा भन्दै दही अक्षता छरेपछिको कुहिरालाई पीठो फुकाई हीरा हीरी बनेर झर भनिएको छ। त्यस कुहिरो खेलको चित्रणलाई फेरि साधु र चोरका लोक मिथकतर्फ मोड्दै चोर खोज्ने साधुले कुहिराबाट झरेको हीराहिरीलाई हीरा सम्झेर सोर्न भनिएको छ र जसले चोरलाई छोयो त्यही चोर बन्ने कुहिरो खेलको लोक नियमतर्फ सङ्केत गरिएको छ। यस दगुर दगुर कुहिरा खेलमा कोही देखि चोर र कोही लुकी चोर ठहरिई सबै चोरै चोर बन्ने र तिनीहरू नै गर्जी चोरको लश्कर छुटेको वर्णन गरिएको छ। यस कविताका अन्त्यमा कुहिरो खेलका सन्दर्भमा सबैजना चोर बनेको देखेर मान्छेहरू डराएकी भन्ने कुरालाई मान्छे प्रति नै सम्बोधन गरेर यो खेल हो र चोर खेलमा ख्याल गरे रमाइलो हुन्छ र साँचो गरे नेल हुन्छ भन्ने नैतिक अर्थ पनि व्यक्त गरिएको छ। जस्तै:

लश्कर छुट्यो चोरको गर्जी घनघोर
डरायौ कि मान्छे हो ! - यो त हाम्रो खेल
ख्याल गरे रमाइलो, साँचो गरे नेल

(**बालालहरी,** पृ. ३२)

प्रस्तुत कविता बालकतुल्य बनेका कविकै उक्तिका रूपमा आएको छ। यस कवितामा बालकतुल्य कविको उक्ति प्रथमतः कुहिराप्रति सम्बोधित देखिन्छ र अन्तिम दुई पङ्क्ति बाहेकका दश पङ्क्तिमा कुहिरालाई गरिएको आदेशमा आधारित साधु चोरको बाल खेलको वर्णन घतलाग्दो तरिकाले गरिएको छ। यस कविताका अन्तिम दुई पङ्क्तिचाहिँ मान्छेप्रति सम्बोधित रही नैतिक सन्देशमूलक उक्तिका रूपमा प्रकट भएका छन्। बालकलाई समयअनुसार बाठो बन्न सिकाउनु नै यस कविताको उद्देश्य देखिन्छ।

बाह्र हरफको एकै पङ्क्ति पुञ्जमा प्रवाहमय रूपमा यो कविता रचिएको छ। यसमा ती सम्पूर्ण पङ्क्तिहरू बाह्र अक्षरे नेपाली लोकलयमा रचिएका छन् र त्यो लय आन्तरिक अनुप्रास तथा अन्यानुप्रास समेतका कारणले गर्दा बालकहरूका निम्ति भाका हाली हाली गाउन मिल्ने गरी सुमधुर बनेको भेटिन्छ।

भाषिक वर्ण योजनागत आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोग, छरिता र रसिला खालको झर्रा नेपाली शब्दको सरल र सुमधुर प्रयोग, प्रायः सरल वाक्यको प्रयोग, तान्त्रिक विधि र लोकमिथक समेतको संयोजन तथा सम्वोधन एवम् आज्ञार्थकतापूर्ण अभिव्यक्ति यस कविताको भाषाशैलीगत विशेषताका रूपमा देखिन्छन्। त्यसक्रममा एकाध ठाउँमा

सङ्केतार्थकताको पनि रमणीय प्रयोग भेटिन्छ । यी सबै कुरालाई दृष्टिगत गर्दा प्रस्तुत कविता ६-१० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ ।

## ४.३.२१ 'कुती कुइँया, कुइँया' बाल कविताको विश्लेषण

कुकुरले आफ्नो बच्चालाई शिकार गर्न सिकाएको जस्तै आमाले पनि आफ्ना बालकलाई सबै कुरा सिकाउनु पर्छ भन्ने भाव यस कवितामा पाइन्छ (कुराकानी २०७०।९।६) । **कुती कुइँया, कुइँया** शीर्षक बाल कविता कुकुरका माउ र छाउराको बिचको कुइँया, कुइँया खेलमेललाई विषयवस्तु बनाई लेखिएको छ । यस कवितामा चौध र बाह्र हरफ पङ्क्तिका दुई अलग पङ्क्ति स्तम्भ छन् र तीमध्ये वायाँतर्फको चौध हरफ पङ्क्ति पुञ्जमा काली कुती वा कुकुर्नीले आफ्ना छाउरालाई अनेक तरहले खेलाएको बालोचित वर्णन गरिएको छ । माउ कुकुर्नीले आफ्ना छाउरालाई 'हाइ हाइ' गरी टोकेको, 'लुछी लुछी' गरेको बयान गर्दै त्यस माउले आफ्ना बच्चालाई लाछी नबन्न, शिकार गर्न, लघार्न, पछार्न तथा घिसार्न शिक्षा दिएको कुरालाई बालककै तर्फबाट व्यक्त गरिएको छ । आफ्नो छाउरालाई आफैले लघारी, घिसारी, लुछीलाछी टोकी टाकी गरेर लाछी नबन्ने र जाँगरी बन्ने शिक्षा माउ कुकुरले दिएको जुन वर्णन यहाँ पाइन्छ, त्यो कुकुर जातिका स्वभाव अनुरूप नै देखिन्छ । वायाँतर्फको पङ्क्ति स्तम्भको अन्त्यमा आफ्ना छाउरालाई खेलाउने काली कुकुर्नी सेता दाँत डिच्याउँदै हाँस्छे कि रिसाउँछे भन्ने फेरि अर्को विस्मयकारी प्रश्न गरी यो कविताका पाठकहरूको र बालकहरूको मनोदशामा अर्कै खालको घत पर्ने मोड ल्याइएको छ । बालकलाई अभिभावक विशेष गरी आमाले सबै व्यवहारिक काम सिकाउनु पर्छ भन्ने विचारलाई यस बाल कविताले देखाएको छ ।

प्रस्तुत कविताका दायाँतर्फका बाह्र हरफे पङ्क्ति स्तम्भका पूर्वार्द्धका ६ हरफमा छाउरोले माउसँग गरेको खेलमेलको घतलाग्दो बयान छ । त्यस क्रममा झोकी छाउरो पनि आफ्नै माउको कान टोकी तीखा दाँत गाड्छ तर जुक्ति पुऱ्याएर माउलाई पछारेर तान्छ र लछारेर लान्छ भन्ने वर्णन गरिएको छ । सो पङ्क्ति स्तम्भका उत्तरार्धका ६ वटा पङ्क्तिमा आफ्नो छाउरोले दाँत गाडेर कान टोकी दिँदा कुती कुइँया, कुइँया गर्दै, ऐया ऐया गर्दै अनि दाँतमा रिस र आँतमा माया राखेर सञ्चो पनि मान्छे र टोक्न पनि जान्छे भन्ने वर्णन गरेको भेटिन्छ । यो कुकुरका माउ र छाउराको कुइँया कुइँया खेलमेल बालकहरूका निम्ति निकै रमणीय तरिकाद्वारा चित्रित छ र यसको चित्रण कविले बालकजस्तै भई गरेको पाइन्छ ।

प्रस्तुत कविताको उक्ति ढाँचालाई हेर्दा बालकतुल्य कवि उक्तिको प्रयोग पाइन्छ। बालक तुल्य भई कविले कुकरका माउ र छाउरा बिचको खेलमेलाई वर्णनात्मक शैलीमा व्यक्त गरेका छन्। कुकुरले आफ्ना बच्चालाई टोकेर तँ यसरी शिकार गर, यसरी लछार, यसरी पछार, यसरी घिसार भनेर सिकाएको कुरालाई कविकथनद्वारा बालकतुल्य भई वर्णनात्मक शैलीमा व्यक्त गरिएको छ।

प्रस्तुत कवितामा ६ अक्षरे नेपाली लोकलयको प्रयोग गरिएको छ र त्यो कुती, मति, लाई, हाइ, लाछी, साक्षी इत्यादिद्वारा मिलाइएको अन्त्यानुप्रास र वर्णानुपूर्वी वितरणमा आधारित आन्तरिक अनुप्रासका कारणले गर्दा निकै श्रुतिमधुर बन्नुका साथै बालकहरूले उफ्री उफ्री गाउन मिल्ने पनि बनेको देखिन्छ। समान किसिमका वर्णहरूको वितरणगतता, पुनरावृत्तिगत रम्यता, प्रायः दुई अक्षरे र केही मात्रामा तीन र एक अक्षरे संरचना भएका शब्दहरूको छरितोपन, नेपाली जनजीवनमा प्रचलित तद्भव, झर्रा शब्दका साथसाथै बाल शब्द 'कुती' समेतको प्रयोगमा आधारित सरलता र सरसता प्रायः कर्ता लुप्त रहेका छोटा छोटा खालका सरल संयुक्त र मिश्र तीनैथरी ढाँचाका वाक्य प्रयोगको मोहकता, सामान्यार्थ र विध्यर्थबोधक वाक्यार्थको विचित्रता यस कविताको भाषाशैलीगत मुख्य विशेषता हुन्। यस कवितामा प्रयोग गरिएका भाषा शब्द आदिलाई हेर्दा यो कविता ६ देखि १० वर्ष उमेर समूहका बालकलाई लक्षित गरी लेखिएको छ।

### ४.३.२२ 'हुइँया, हुइँया, हुइँया !' बाल कविताको विश्लेषण

**हुइँया, हुइँया, हुइँया !** बाल कविताको विश्लेषण बाल लोककथा 'मेरो मीतको कथा'बाट प्रभावित भएर यो बाल कविताको रचना गरिएको हो। लोककथामा स्याल बुद्धिमान ठहरिने र स्याल आफूलाई जता हित हुन्छ त्यतै लाग्ने प्रवृत्तिको बयान यसमा गरिएको छ। बालकलाई कथाको माध्यमबाट कुटनीति पनि सिकाइएको छ।

**हुइँया, हुइँया, हुइँया !** शीर्षक बाल कविता सिंह र भालु बिचको सङ्ग्रामलाई विषयवस्तु बनाई रचिएको छ। यस कवितामा आख्यानात्मक विषयवस्तुको प्रयोग गरिएको छ र त्यसको सार वस्तुका रूपमा अवसरवादी प्रवृत्तिको चित्रण गरिएको छ। यस कविताको आख्यानको मूल घटना सिंह र भालुको बिचको सङ्ग्राम हो। त्यस आख्यानलाई अगाडि बढाउनका निम्ति एउटा तेस्रो पात्रको उपस्थिति पनि यस कवितामा गराइएको छ र त्यो हो

स्याल । परस्परमा सङ्ग्राम पर्न लागेका सिंह र भालु दुवैले त्यस स्याललाई मन्त्री मानेका छन् । दुवैले उसकहाँ गई उससित मीत लगाई कस्को जित होला भन्ने जिज्ञासा राखेका छन् र स्यालले चाहिँ दुवैसँग गुइँया वा गाढा मितेरीको स्वाङ पार्दै पालैपालो दुवैको जित हुने कुरो हुइँया, हुइँया गरी बताएको बयान यस कवितामा गरिएको छ । त्यसपछि सिंह र भालुका बिचमा सङ्ग्राम भई दुवैका बिचमा पछ्यारा पछ्यार परेको र ती दुवै हार्ने र दुवै मार्ने दाउ हेरिरहेको स्यालले चाहिँ भालुले सिंहलाई पछार्दा आफ्नै मीतको जित भएको कुरा हुइँया, हुइँया गरी प्रकट गरेको र पछारिएको सिंहले लगत्तै उठी भालुलाई पछारेपछि आफ्नै मीत सिंहको जित भएको देखेर हुइँया हुइँया गरी खुसियाली प्रकट गरेको कुराको बयान यस कवितामा भेटिन्छ । यो बयान सिंह र भालुका बिचमा परेको लडाई खेल हेरी हुइँया हुइँया गीत गाउने स्यालका खेलसँग पनि सम्बन्धित भई आएको छ र एक किसिमले सिंह, भालु र स्याल भई खेलिने तथा गाइने बाल खेल तथा गीतका रूपमा रचिएको देखिन्छ । बालकलाई मनोरञ्जनका साथै समय अनुसार बाठो बन्न सिक्नुपर्छ भन्ने उद्देश्य यस बाल कविताले राखेको छ ।

प्रस्तुत कवितामा आख्यानात्मक कथन बालकतुल्य कविकै कोणबाट गरिएको छ र त्यस अन्तर्गत प्रश्नोत्तरात्मक संवादका साथै सङ्ग्रामको वर्णन गरिएको रमाइलो उक्ति शैलीको उपयोग गरिएको भेटिन्छ ।

प्रस्तुत कवितामा तेह्र अक्षरे नेपाली सवाइ लोक छन्दको प्रयोग गरिएको छ र त्यस अन्तर्गत ठाउँ ठाउँमा "हुइँया हुइँया स्याल भालु गुइँया" जस्ता लयात्मक उद्गारहरूको पनि प्रयोग गरिएको छ । वर्णानुपूर्वी वितरणमा आधारित आन्तरिक अनुप्रासका साथै लाग्यो/लाग्यो, जीत/मीत/चीत, हुइँया/गुइँया आदिका प्रयोगद्वारा अन्त्यानुप्रास मिलाई उक्त लयढाँचालाई श्रुतिमधुर बनाइएको छ ।

दुई अक्षरे शब्द संरचनागत छरितोपन अनुप्रासीय रम्यता, तद्भव झर्रा शब्द र अनुकरणात्मक शब्दको समेत प्रयोगमा आधारित सरलता तथा सरसता, छोटा खालका सरल तथा मिश्रवाक्य गठनको प्रयोगमा आधारित शैलीगत विचित्रता, सामान्यार्थक उक्तिका साथै प्रश्न तथा विस्मयमूलक उक्ति र प्रश्नोत्तरात्मक शैलीको समेत मिश्रणमा आधारित प्रभावकारिता यस कविताको भाषाशैलीगत अभिलक्षण देखापर्दछन् । यो कविता विशेष गरी १० देखि १३ वर्ष उमेर समूहका बालकका लागि उपयोगी देखिन्छ ।

### ४.३.२३ 'बाघको भान्जो बिरालो' बाल कविताको विश्लेषण

बालकलाई उमेर बढ्दै गएपछि उसलाई बाठो बनाउन लेखिएको कविता **बाघको भान्जो बिरालो** हो । यस कविताबाट बालकलाई चलाख बनाउन खोजिएको छ ।

**बाघको भान्जो बिरालो** शीर्षक बाल कविता बाघ र बिरालो बिचको सम्बन्धलाई विषयवस्तु बनाएर रचिएको छ । नेपाली लोक जीवनमा बाघ र बिरालाका बिच क्रमशः मामा र भान्जाको सम्बन्ध हुन्छ भन्ने मिथकीय विश्वास प्रचलित छ र त्यसैलाई आख्यानात्मक रूप दिई प्रस्तुत कवितामा बाघ तथा बिरालोको संवादात्मक उक्तिमार्फत विस्तारित तुल्याई व्यक्त गरिएको छ । यस आख्यानात्मक विषयवस्तुको कथनको प्रारम्भ प्रथमतः बाघका संवादको मार्फत गरिएको छ र त्यस अन्तर्गत बाघले बिरालालाई ‘तैँले हाम्रोजस्तो रूप, तीखा नंग्रा, बुट्टे छाला र पछाडि फर्केर हेर्ने मुल्के चाला कसरी पाइस्’ भनेर प्रश्न गरेको छ । त्यस्तै बाघले बिरालालाई धम्क्याउने पाराले ‘तँलाई हामीजस्तै बन्न कहाँ दिन्छु र तेरो छाला काढेर मेरो रूप लिन्छु’ भनेको छ । त्यसपछि बिरालेले नम्र हुँदै बाघलाई मामा ठान्दै आफू मामाघर जान र बघिनीको दूध खान भनी आएको म बाघको भान्जो, बाघ मेरो मामा, म मामा गोता गएर यस्तो रूपको भएको हुँ भनेर आमाले भन्थिन भनेर जवाफ दिएको छ । त्यसपछि बिरालाले बाघलाई मामागोता गएकोले मेरा आँखा कुहिरा भएका, बाबुगोता गएकोले मेरो भाका म्याउँ म्याउँ भएको, ‘सुरी मेरी आमा, बाबु मेरो सुर सुर र सधैँभरि रिसाएझैँ मेरो घाँटी घुरघुर’ भनी तिमीसँग मेरा सबै कुरा मिल्ने भएकाले तिमी पनि म जस्तै सुरा भएका हौ कि भनेर दिएको जवाफ ज्यादै रोचक र घतलाग्दो देखिन्छ; जस्तैः

सुरी मेरी आमा, बाबु मोरा सुरसुर
रिसाएँ झै सधैं घाँटी मेरो घुरघुर
तिमीसित मिल्छन् मेरा सबै कुरा
हौ कि मेरो मामा, भाञ्जा जस्तै सुरा ।
(**बालालहरी,** पृ. ३७)

बिरालोको यस्तो कुरा सुनेपछि बाघ रिसाउँदै बिरालोलाई गाली गर्न थाल्छ । हेर्दै मर्न आँटेको तँ बिरालीको छाउरोले कसरी हामीजस्तो बाघलाई मामा भन्ने ह्याउ गरिस्, कैले लुसी बिराली बाघकी बहिनी हुन्थी, मुसा मारेर खाने अनि सधैँ थुकले मुख धुने वा मुख चाटेर बस्ने बिराली र सधैँभरि रातोपीरो हाम्रो मुख हेर तेरो तातो ताते रगत ज्युँदै पिउँछु, तँलाई कहाँ बघिनीको दूध खान दिन्छु, तेरो रगत पिएर मेरो इज्जत लिन्छु भन्दै बाघ रिसाएर बिरालोलाई

झम्टिन पुग्छ। त्यसपछि फेरि बिरालोले जुक्ति निकाल्छ र भन्न थाल्दछ तिमी त मेरै मामा रहेछौ, किन रिसाउँछौ, आमाले त बाटामै मामा लिन आउँछन् भनेकी थिइन। तिमीले म भान्जालाई मारेर किन ठूलो पाप गर्छौं, हातमा पुतलीलाई समाउँदा हातभरि धुलो भएजस्तै म डमरुको भाइ 'नमरुँ' मेरो नाम हो, त्यसैले नमर्नेलाई तिमी किन व्यर्थ मार्न खोज्छौ भनेर प्रश्न गर्दछ। यस कविताको अन्त्यमा बिरालोले बाघलाई जवाफ दिँदै भनेका भनाइहरू ज्यादै रोचक देखिन्छन्। बिरालोले बाघलाई यदि तिमीलाई मेरो रूप देखेर दुःख लागेको हो भने मेरो रूपभन्दा पनि राम्रो सीप हेर भन्दै रूखमा खुर्र्र चढ्छ, सपनाको मानिस पक्षी जस्तै बनेर भुर्र उडेजस्तै बिरालो पनि तुरुन्तै रूखमा चढेर म्याउँ, म्याउँ गर्दै बाघलाई गिज्याउँदै लौ त मामा सक्छौ भने तिमी पनि रूखमा आउ भनेको कथनबाट कविता अन्त्य भएको छ। यसरी बिरालो र बाघ बिचको सवालजवाफको आख्यानात्मक विषयवस्तु यस कवितामा पाइन्छ। बालकलाई अप्ठेरो परिस्थितिमा रिसले होइन बुद्धिले काम गर्नुपर्छ भन्ने कुरा यस कविताले सिकाएको छ।

प्रस्तुत कविताको उक्ति ढाँचालाई हेर्दा बाघ र बिरालाबिचको संवादात्मक उक्ति ढाँचा देखिन्छ। त्यो उक्ति पनि बाघ र बिराला मामा भान्जा भएका मिथकीय विश्वासलाई आख्यानात्मक शैलीमा व्यक्त गरिएको छ। बाघले बिरालालाई तैँले हाम्रोजस्तै मुल्के चाला, टाटेपाटे छाला, कुइरा आँखा कताबाट पाइस् भनेर गरेको प्रश्न, त्यसपछि बिरालाले म तिम्रै भान्जा भएकोले आमाले मामा गोता गइस् भन्थिन् त्यसैले तिम्रोजस्तै रूप पाएँ भनेर दिएको जवाफ, फेरि बाघले बिरालोलाई तँजस्तो मरन्च्याँसे बिरालो कसरी मेरो भान्जा हुन्छस् भन्दै सोधेको प्रश्न आदि आख्यानात्मक ढाँचाको भएकोले यसमा प्रयोग भएको उक्ति बाघ र बिरालाबिचको उक्ति प्रत्युक्तिलाई आख्यानात्मक ढाँचामा व्यक्त गरिएको छ।

प्रस्तुत बाल कवितामा यस्तो नेपाली लोकलयको प्रयोग गरिएको छ, जसका प्रत्येक हरफमा १२-१२ अक्षरको समानुपातिक वितरणमा रहेको ६ श्लोकका पङ्क्ति पुञ्ज छन्। आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोगका साथै लाइस, पाइस, दिन्छु, लिन्छु, मामा, आमा, म्याउँ, ह्याउ, आँखा, भाका, धुँला, ल्यूँला जस्ता अन्त्यानुप्रासको प्रयोगले कविता झन रोचक बनेको छ। प्रायजसो झर्रा तद्भव शब्दको प्रयोग, म्याउँ, सुरसुर जस्ता अनुकरणात्मक शब्दको प्रयोगका साथै सामान्यार्थ, आज्ञार्थ, प्रश्नार्थ, विस्मयार्थ वाक्यको प्रयोगले गर्दा यसको शैली झन आकर्षक बनेको छ। यो कविता १०-१३ वर्ष उमेर समूहका लागि उपयुक्त देखिन्छ।

### ४.३.२४ 'खित्खित् खित्का' बाल कविताको विश्लेषण

हाँसोको एक प्रकारका रूपमा रहेको खित्खित् गरी हाँसिने हाँसोलाई विषयवस्तु बनाई यो कविता रचिएको छ। यस कविताको सुरुवात सानो मसिनो कुराबाट पनि कति धेरै हाँसो उठेको भन्ने विस्मयबाट गरिएको छ। कुनै कुरो नै नहुँदा पनि हाँसो कति खितिखिति उठेको भन्ने आश्चर्य भाव व्यक्त गर्दै कुरो के हो भन्ने राम्रोसँग नबुझिकन नै हाँसो उठेको र त्यो हाँसोले मनमा काउकुति लाउँदै झन हँसाएको कुराको उल्लेख कविताको मध्य भागमा पाइन्छ भने यसै गरी यस कविताको अन्त्यमा हाँसो उठ्दाको कुरा बुझिएको र त्यस कुराले मनमा मर्म वा घत पूरा मात्रामा पुऱ्याएको हुनाले हाँसो निस्किएको हो भन्ने देखाइएको छ।

प्रस्तुत कवितामा कवि उक्तिको प्रयोग छ। त्यस अन्तर्गत बालकका खित्खित् हसाइका विस्मयपूर्ण वर्णनात्मक अभिव्यक्ति गरिएको छ।

प्रस्तुत कविता ६-६ अक्षरको एक चरण हुने नेपाली लोकलयमा रचिएको छ। भाषिक वर्ण योजनागत अनुप्रास एवम् अन्त्यानुप्रासको प्रयोगले गर्दा त्यो लोकलय बालकहरूका निम्ति श्रुतिमधुर र सुगेय बनेको छ। हाँसोको एक प्रकारको रूपमा रहेको खित्काका ध्वनि तथा प्रक्रिया बुझाउने अनुकरणात्मक शब्दको प्रयोगले गर्दा यस कविताको शैली पनि आकर्षक भएको छ र त्यो बालकहरूका निम्ति बोध्य भई उपयोगी पनि छ। यो बाल कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति पठनीय देखिन्छ। बालकलाई हँसाउनको लागि यो कविता लेखिएको हो। बालकलाई सधैं हाँसीखुसी बस भनेर सिकाउनु नै यस कविताको उद्देश्य देखिन्छ।

## ४.४ 'सुनपङ्खी चरी' बाल कविता सङ्ग्रहका बाल कविताहरूको विश्लेषण

माधव घिमिरेले रचेको एक रोचक बाल कविता सङ्ग्रह **सुनपङ्खी चरी** हो। यसलाई बालगीत माला पनि भनिएको छ र बालगीत भन्नु पनि बाल कविताकै एक प्रकार हो। यसको प्रकाशन २०५३ सालमा एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.ली. काठमाडौंबाट भएको देखिन्छ। यो एकता बाल साहित्य शृङ्खलाका रूपमा बासुदेव त्रिपाठी र रामबाबु सुवेदीका सञ्चालनमा प्रकाशित भएको देखिन्छ। यसमा के.के कर्माचार्यको चित्राङ्कन रहेको छ। यसमा जम्मा तीसवटा बाल गीतहरू सङ्कलित छन्। यी हुन् :

| | | | |
|---|---|---|---|
| १. | सानुभाइ | ३. | लोरी |
| २. | सानी बहिनी मैना | ४. | प्रभाती |

५. आए फुर्के फुर्की
६. के पीर पऱ्यो बोल् बोल् !
७. सुनपङ्खी चरी
८. सानु सानु रूख
९. हेर बाच्छी हाम्री
१०. हेर्दाहेर्दै ढुङ्गो
११. लुकामारी
१२. सक्छु म पनि
१३. लुली लुली पाखुरी
१४. बाँडीचुँडी खाने हो
१५. घिउ कमिला
१६. घनौटी
१७. हाम्री बहिनी टुल्की
१८. गुनुगुनु माहुरी
१९. आभ्भुइ, आभ्भुइ आभ्भुइ
२०. घामका छोराछोरी
२१. लहै खेली खेली
२२. सिपालु हो माकुरो
२३. भुक्के कुकुर
२४. बुख्याचा
२५. भोलि पर्सि
२६. कति ठूलो संसार
२७. घामछाया
२८. रूपैरूपको पन्छी
२९. तारा पनि सुन्छ रे !
३०. आँखाका नानी

यी सबै बाल कविताहरूको विश्लेषण तल गरिएको छ ।

### ४.४.१ 'सानुभाइ' बाल कविताको विश्लेषण

'सानु भाइ' बाल कवितामा शिशु अवस्थाको बालकको सौन्दर्यलाई मुख्य विषयवस्तु बनाइएको छ । शिशु अवस्थाको बालकले बाँड्ने म्वाँइ असाध्यै मिठो हुन्छ भन्ने भनाइबाट यो कविता थालिएको छ । शिशु अवस्थाका बालकका आँखाहरू बोल्लान, बोल्लान जस्ता देखिन्छन् र त्यस्तो बालकलाई काखमा लिउँ, लिउँ पनि लाग्छ र त्यस्ता साना बालकका आँखाहरू पनि मिठा हुन्छन् भन्ने कथनबाट यो कविता अघि बढेको छ; जस्तैः

बोलू- बोलूँ आँखा
लिऊँ जस्तै काखाँ
हेर्छ सानु भाइ
आँखा कति मीठो !

(**सुनपङ्खी चरी,** पृ. ६)

यस कवितामा दुईवटा दाँत टुसाएको र कुटुनीले हँसाएको सानो बालकको हाँसो पनि अति मिठो हुन्छ भनिएको छ । शिशु अवस्थाका बालबालिका सबैका प्यारा हुन्छन् भन्ने कुरा देखाउनु नै यस कविताको उद्देश्य रहेको छ ।

प्रस्तुत कविताका अन्त्यमा भरखर तत्याङ्-तुतुङ् बोली फुटेको बालकको तोतेबोली अमृतमा घोलिए जस्तो मिठो हुन्छ भनिएको छ । यी सबै कुरालाई हेर्दा प्रस्तुत कवितामा भर्खर दुइटा दाँत टुसाएको र तोतेबोली फुट्न लागेको एकवर्षे उमेर भित्रकै शिशुमा रहने कोमल सौन्दर्यको मोहक चित्रण गरिएको छ भन्न सकिन्छ । यस कवितामा खासगरी एकवर्षे उमेर भित्रकै शिशुका गाला, आँखा, दाँत, हाँसो र तोते बोलीको सौन्दर्यको सुमधुर चित्रण गरिएको पाइन्छ । सानु बालकको सजीव चित्र यसमा खिचिएको छ । बालक सानो छ, उसले म्वाइँ सबैलाई बाँडेको छ । ऊ आफैंले नै अरुले नमागी म्वाइँ दिएको छ । बोलुँ बोलुँ लाग्ने आँखा भएको र काखमा लिऊँ, लिऊँ लाग्ने बालकको हँसाइ र बोली पनि अमृत घोले जस्तै छ भन्दै सरल तरिकाले बालकको स्वभावका  अत्यन्त राम्रो तस्बिर यसमा खिचिएको छ ।

प्रस्तुत कविताको कथन कविकै तर्फबाट गरिएको छ । कवितामा जुन शिशुको चित्रण गरिएको छ, त्यसलाई सानो भाइका रूपमा चिनाएको छ । त्यो चिनारी वाचक कविद्वारा सोझै वर्णनात्मक रूपमा प्रस्तुत छ । त्यस क्रममा सानो भाइका आँखा, दाँत, हाँसो बोली, म्वाइँ आदिका सौन्दर्यको स्वभावोक्तिका साथै समानान्तरतापूर्ण उक्ति र लुक्तोपमागत उक्तिको पनि प्रयोग गरी यस कवितालाई कलात्मक सौन्दर्यले ओतप्रोत तुल्याइएको छ ।

प्रस्तुत कवितामा जम्मा चारवटा श्लोक वा पङ्क्ति पुञ्ज छन् र ती मध्ये पहिलो पङ्क्ति पुञ्जमा जम्मा ३ र त्यसपछिका प्रत्येक पङ्क्ति पुञ्जमा चार-चारवटा पङ्क्तिको वितरण गरिएको देखिन्छ र समग्रमा यो १५ पङ्क्तिका लमाइमा पूर्ण भएको देखिन्छ । यसका प्रत्येक लयात्मक पङ्क्ति वा चरणहरूमा ६-६ वटा पूर्ण उच्चार्य अक्षरको समानुपातिक वितरण हुने नेपाली लोकलयको प्रयोग गरिएको छ। प्रत्येक पङ्क्ति पुञ्जका अघिल्ला दुई चरणमा अन्त्यानुप्रास मिलाइएको छ। प्रत्येक पङ्क्ति पुञ्जका अन्तिम चरणका अन्त्यमा ‘कति मिठो’ शब्दावलीको आवृत्ति गरिएको छ। यस्तो अनुप्रास तथा शब्दावलीको आवृत्तिले प्रस्तुत कविताको लयलाई श्रुति मधुर बनाउनका साथै साङ्गीतिक तीव्रता पनि प्रदान गरेको देखिन्छ। सजिला र रसिला नेपाली शब्दहरूको प्रयोग र छोटा छरिता वाक्यहरूको प्रयोगद्वारा नै यो कविता रचिएको छ। विस्मयादिबोधक चिह्नको प्रयोगले पनि यस कवितालाई रोचक बनाइएको छ भने कवितात्मक अभिव्यक्तिमा हुने वाक्यगत पदक्रमको विचलनगत स्वाभाविक

सौन्दर्य पनि यस कवितामा छँदैछ । यस कवितामा जुन शिशुको चित्रण गरिएको छ त्यसलाई 'सानो भाइ'का रूपमा चिनाइएको छ र त्यो चिनारी वाचक कविद्वारा सोझै वर्णनात्मक रूपमा प्रस्तुत छ । यी सबै कुरालाई हेर्दा यो कविता पनि विशेष गरी ६ देखि ९ वर्ष उमेर समूहका बालबालिकाका निम्ति उपयोगी देखिन्छ ।

प्रस्तुत कवितामा स्वभावेक्ति अलङ्कारको प्रयोग गरिएको छ । सानु भाइको कोमल सौन्दर्यको, गाला, आँखा, दाँत, हँसाइ, बोलीका सौन्दर्य तथा मिठासको स्वाभाविक चित्रण गरिएको हुनाले स्वभावोक्ति, अलङ्कारको सौन्दर्य यस कविताले प्राप्त गरेको छ ।

### ४.४.२ 'सानी बहिनी मैना' बाल कविताको विश्लेषण

माधव घिमिरेले रचेको सुनपङ्खी चरी बाल गीत मालाको दोस्रो क्रममा राखिएको बाल गीत **सानी बहिनी मैना** हो । यस गीतमा बालिकाहरूका मनमा देखापर्ने सौन्दर्य प्रतिको आश्चर्यपूर्ण भावनालाई मुख्य कथ्य बनाइएको छ । यस गीतको उठान सानी बहिनी मैना हल्पी ऐना हेरेर आफैं छक्क पर्छे र आफ्नो छायाँ पनि अर्कैको हो भन्ने ठानेर ऊ छक्क पर्छे भन्ने बाल मनोविज्ञानको चित्रण गरिएको छ । यस गीतका मध्य भागमा सानी बालिका मैना आफूले जे-जे गऱ्यो ऐनाको छायाले पनि त्यही-त्यही गर्दा आफै छक्क पर्ने र ऐनाको छायाँ आफैं हो भन्ने कुरा थाहा नपाएर नै ऊ छक्क पर्ने कुराको घत लाग्दो चित्रण गरिएको छ । बालकले ऐनाको छाया हेरेर आफैं छक्क पर्ने प्रवृत्ति, बालकको सम्मुग्ध अवस्थाको चित्रण यसमा छ । आफ्नै छाया भए पनि अर्कै ठान्ने उसको स्वभावको चित्रण यसमा छ । यसरी छक्क पर्ने भाव ठुलो भए पछि पनि नहराउने कुराको चित्रण उसकी दिदीबाट गरिएको छ । उसकी दिदीमा पनि भरखर जवानी चढेकोले ऊ पनि आफैंलाई देखेर छक्क पर्छे ।

बालिकाकी हुर्की बढी सकेकी दिदी चाँहि आफैंलाई वा आफ्नै शारीरिक सौन्दर्यलाई हेरेर आफैं छक्क पर्ने किशोरी मनोविज्ञानको चित्रण गरी यस कवितालाई टुङ्ग्याइएको छ । यसरी सानी बालिका र किशोरीका आफ्नै छाया र आफ्नै शारीरिक सौन्दर्यप्रतिको दुईथरी विस्मयपूर्ण हेराइलाई विषय बनाइ रचिएको यो बाल कविता साह्रै रमाइलो बनेको देखिन्छ । यसै गरी यस कवितामा बालकले आफ्नो छायालाई त चिन्न  सक्दैन भने अरु कुरा कसरी जान्ला भन्ने विस्मयको भाव पनि पाइन्छ । यो भाव केवल बालकमा मात्र नभई अरू हरूमा पनि हुने र यस्तो भाव पहिलो दृष्टिको हेराइमा चाहिँ सबै कुरा विस्मय हुने र एकपटक हेरि

सकेको कुरामा चाहिँ विस्मय नरहने हुँदा त्यो विस्मय बालकमा नहराओस् भन्ने कविको चाहना छ (कुराकानी, २०७०) । प्रत्येक नयाँ  वस्तुमा विस्मय हुने र त्यो विस्मय बालकमा मात्र नभई ठुला मानिसमा पनि रहने कुरा देखाउनु नै यसको उद्देश्य देखिन्छ ।

प्रस्तुत कविताको उक्ति कविकै तर्फबाट गरिएको छ र त्यो उक्ति सानी बहिनी मैनातर्फ लक्षित देखिन्छ । सानी बहिनी मैना आफ्नो छाया ऐनामा देख्दा त्यो आफैं हो कि अरूको छाया हो भनेर छक्क परेकी र उसकी दिदीचाहिँ आफ्नो शारीरिक सौन्दर्यलाई ऐनामा देखेर छक्क परेको कुरालाई कविद्वारा सानी बहिनीमार्फत वर्णनात्मक उक्ति ढाँचाद्वारा व्यक्त गरेका छन् । त्यसैले यस कविताको उक्तिढाँचा कवि कथन र त्यो कथन सानी बहिनी मैनातर्फ लक्षित देखिन्छ ।

प्रस्तुत बाल गीतमा ३-३ हरफमा पूर्ण भएका जम्मा पाँच पङ्क्ति पुञ्ज छन् र त्यसको समष्टि पङ्क्ति संख्या १५ हुन आउँछ । न्यूनतम दुई शब्द र अधिकतम छोटा-छरिता ४ शब्दको वितरणबाट बनेका लयात्मक पन्ध्रवटा हरफमा पूर्ण भएको यो बालगीत लघु प्रकारको देखिन्छ । यस कविताका शीर्षकमा नै ‘न’ व्यञ्जन वर्णको ३ पटकको आवृत्तिबाट अनुप्रासीय रम्यता भरिएको देखिन्छ भने यस गीत अन्तर्गतका प्रत्येक हरफ र पङ्क्ति पुञ्जमा समान किसिमका वर्णहरूको आवृक्तिमा आधारित भित्री अनुप्रास, प्रत्येक पङ्क्तिपुञ्जको अघिल्ला दुई हरफमा मिलाइएको अन्त्यानुप्रास र प्रत्येक पङ्क्ति पुञ्जका अन्त्यमा दोहोऱ्याइएको ‘आफैं छक्क पर्छे’ भन्ने स्थायीले यस बालगीतलाई त्यस्तो अनुप्रासीयताले ओतप्रोत तुल्याएको जुन नेपाली लोकगीतको निकट देखापर्छ । यस्तो अनुप्रास र स्थायीको आवृत्तिले यसको लोकगीत निकटको लय ढाँचालाई मधुर बनाएको छ । यसको त्यो लय बालकहरूले भाका हाली गाउनका निम्ति निकै रोचक हुने देखिन्छ । छोटा छरिता नेपाली झर्रा तद्भव शब्दहरूको प्रयोग र छोटा-छोटा वाक्यहरूकै प्रयोग रहेबाट यो बालगीत प्रारम्भिक अवस्थाको बालकका निम्ति बोध्य र गेय बनेको छ ।

बालिकाहरूका आफ्नै छायाँ र आफ्नै शारीरिक सौन्दर्यप्रतिका आकर्षणको यथार्थमूलक चित्रण गरिएकाले यस गीतले स्वभावोक्ति अलङ्कारको सौन्दर्य प्राप्त गरेको देखिन्छ; जस्तैः

आफ्नु छाया पनि
अर्कैको हो भनी

आफै छक्क पर्छे ।

(**सुनपङ्खी चरी,** पृ. ७)

'उसकी दिदी' जस्ता दुईथरी बालपात्र र तिनका आत्मकेन्द्रित कार्य व्यापारमा आधारित सुक्ष्य आख्यानको बुनोटद्वारा यस गीतलाई झन आकर्षक बनाइएको छ ।

## ४.४.३ 'लोरी' बाल कविताको विश्लेषण

**लोरी** शीर्षक बाल कविता बालिकालाई सुताउने कार्य व्यापारलाई विषयवस्तु बनाई रचिएको छ । बालबालिकालाई सुताउन लोरी गाउने चलन अझै पनि हाम्रो समाजमा छ । साना बालकलाई सुताउँदा हल्लाउँदै 'झुलु नानी झुलु' भनी आमाहरूले गीत गाउने प्रचलन नेपाली समाजमा उहिलेदेखि रहँदै आएको हो र त्यस्तो गीतलाई लोरी भन्ने गरिएको कुरो पनि नेपाली समाजमा विज्ञहरूको जानकारीमा रही आएको विषय हो । त्यसै लोरी गीतको गायन प्रक्रियाको श्रृजनात्मक उपयोग गरी यो लोरी बालगीत रचिएको छ। यस बालगीतका प्रारम्भका दुई हरफमा सानो नानी बालकलाई 'झुलु झुलु झुलु' भनी निद्रा तर्फ आकर्षित पारिएको छ। यस गीतको मध्य भागका चारहरफमा फूलबारीमा बास बसेका चरीहरू पनि फुलु फुलु सुतिसकेका हुँदा सानो नानीलाई पनि झुलु झुलु हुन आग्रह गरिएको छ। बालकलाई सुताउने क्रममा प्रकृति पनि सुतेको कल्पना गरिएको छ । संसारका सबै सुतेको ठाउँमा लोरी गाउने र त्यसलाई प्रकृतिको एउटा गीत मान्दै धाराको लोरी गाएर आकाशका तारालाई हेरिएको छ । यस बालगीतका अन्तिम चार हरफमा अँध्यारोमा धारा सुसाउँछ र एक तारा जागेर टुलु टुलु हेर्छ भन्दै नानीलाई चाहिँ झुलुझुलु हुन भनिएको छ। एक शब्दमा भन्नुपर्दा यो लोरी  गीत आमा र प्रकृति दुबैले एकै किसिमले गाएका छन् । आमाले बालकलाई लोरी गाएर सुताएझैं प्रकृतिले पनि संसारलाई सुताएको छ । यसरी चरीका फुलु फुलु सुताइ धाराका सुसाइ र ताराको टुलुटुलु हेराइ जस्ता प्राकृतिक पक्षको पृष्ठ भूमिमा सानो नानी बालकका झुलु झुलु सुत्ने प्रक्तियाको रोचक चित्रण गरी यो बाल कविता रचिएको देखिन्छ; जस्तै:

सुसाउँछ धारा
जागी एक तारा
हेर्छ टुलुटुलु
झुलु नानी झुलु ।

प्रस्तुत बाल कवितामा प्रयोग गरिएको उक्ति कवि कथनमा नै आधारित छ र त्यो कथन सानु नानी तर्फ लक्षित छ। सानु नानीलाई सुताउने क्रममा आमाले झुलु नानी झुलु भन्दै फूलबारीका फूलहरू पनि फुलु फुलु गर्दै सुतिसकेका आदि कुरालाई वर्णनात्मक उक्ति ढाँचामा प्रस्तुत गरिएको छ। बालकले प्रकृतिका हरेक वस्तुलाई आफ्नै स्वरुपमा ठान्ने कुरा देखाउनु नै यसको उद्देश्य देखिन्छ।

उस्तै-उस्तै वर्णहरूको पुनरावृत्तिमा आधारित अन्त्यानुप्रास र सुरुका दुई हरफ तथा पछिल्ला चार-चार हरफ पङ्क्ति पुञ्जका अन्तिम दुई हरफका अन्त्यमा मिलाइएको अन्त्यानुप्रासले गर्दा यस गीतको भाषिक सौन्दर्यको वृद्धि हुनाको साथै यसमा प्रयोग गरिएको नेपाली बाल लोकगीतको लोरीका लय ढाँचाको माधुर्य पनि तीव्र बनेको छ। 'झुलु नानी झुलु'को आवृत्ति सहितका २+४+४ हरफको वितरण गरिएका तीन पङ्क्ति पुञ्ज र १० हरफको लमाइको आयाममा पूर्ण यो बालगीत लोरी जस्तै छोटो र मिठो छ। छोटा -छरिता शब्दहरूको प्रयोग, बढीमा ३ शब्द सम्मको पङ्क्ति योजना, नेपाली तद्भव र झर्रा अनुकरणात्मक शब्दको प्रयोग अनि छोटो छरितो किसिमको वाक्य योजनाका कारणले गर्दा यो बाल लोकगीत निकै आकर्षक बनेको देखिन्छ।

चरी, फूलबारी, धारा, ताराका प्राकृतिक सौन्दर्य र बालकको झुलाइका सौन्दर्यको स्वभावोक्ति मूलक चित्रणले पनि यस गीतलाई रोचक बनाएको देखिन्छ। यो बाल गीत आमाहरूले आफ्ना काखका शिशुलाई झुलाउने क्रममा गाउने खालको गीत भएकाले यसलाई शिशु गीत नै भन्न सकिन्छ। विशेषगरी ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति यो गीत उपयोगी देखिन्छ।

### ४.४.४ 'प्रभाती' बाल कविताको विश्लेषण

**प्रभाती** शीर्षक बाल कविता बालबालिकालाई बिहानी भएको सङ्केत गर्ने विषयवस्तुमा आधारित छ। बाल बालिकालाई आमाहरूले 'उठी नानी उठी' भनेर उठाउन खोजेको प्रसङ्ग यस बाल कवितामा पाइन्छ। बालकलाई जगाउन वा ब्युँझाउन ऊसँगै फूल पनि ब्युँझिएको, किरण पनि आँखा खोलेर हेरेको कल्पना गर्दै प्रकृति र बालकलाई एउटै रुपमा हेरिएको छ । यस बाल कविताको प्रारम्भका दुई हरफमा सानी नानी बालिकालाई उठाउन 'उठी नानी उठी' भनि बिहान भइसकेकाले उठाउने प्रयत्न गरिएको छ। यस कविताको मध्य

भागका चार हरफमा फूलबारीका फूलहरू पनि सुतेर विम्झी सकेका र आफैंलाई सम्झिएका अनि मिठो बास्ना छुटेकाले सानी नानीलाई पनि उठ्न आग्रह गरिएको छ । यसै गरी यसका अन्तिम चार हरफमा सूर्यका किरणहरू किरिमिरी हुँदै झ्यालबाट छिरेर यताउति हेर्दै गरेकाले नानीलाई उठ्न भनिएको छ । यसरी बिहान भएपछि फूलहरू बिम्झने, मिठो बास्ना छर्ने र सूर्यका किरणहरू पनि किरिमिरी हुँदै झ्यालबाट छिरेर यताउति हेर्ने गर्दछन् । प्राकृतिक फूलहरूलाई मानवीय बिम्झाइको कार्यव्यापार दिइएकोले फूलको मानवीकरण हुन पुगी यस कवितामा व्यक्ति विधान अलङ्कार पर्न गएको छ; जस्तैः

फूल फेरि बिम्झे
आफैंलाई सम्झे
बास्ना मीठो छुटी
उठी नानी उठी ।

(**सुनपङ्खी चरी,** पृ. ९)

प्रस्तुत बाल गीतमा पनि कवि कथनकै प्रयोग छ तर त्यो कथन आमाद्वारा शिशु अवस्थाका बालक नानीहरूप्रति सम्बोधित देखिन्छ । बिहान भए पछि सूर्यका किरणहरू पनि झ्यालबाट भित्र छिरेका, फूलहरू पनि बिम्झेर मिठो बास्ना छरेका आदि कुराको वर्णनात्मक उक्तिढाँचामा व्यक्त गरिएको छ ।

प्रस्तुत कवितामा ६-६ अक्षरको समानुपातिक वितरणमा आधारित नेपाली लोकलयको प्रयोग पाइन्छ । उस्तै-उस्तै वर्णहरूको पुनरावृत्तिमा आधारित अन्त्यानुप्रास र सुरुका दुई हरफ 'उठी नानी उठी' 'नानी उठी उठी' तथा पछिल्ला चार-चार हरफ पङ्क्ति पुञ्जका अन्तिम दुई हरफका अन्त्यमा मिलाइएको अन्त्यानुप्रासले गर्दा यस गीतको भाषिक सौन्दर्यको बृद्धि भएको छ । कविताभरि नै भाषिक वर्ण योजनामा आधारित आन्तरिक अनुप्रासका साथै अन्त्यानुप्रासको सौन्दर्य व्याप्त रही यसको लोकलयात्मक अभिव्यक्ति भरिएको छ । आज्ञार्थ, सामान्यार्थ र इच्छार्थ वाक्यको प्रयोगका साथै विहानी भएपछि सूर्यको किरणको किरिमिरी जस्ता प्राकृतिक वस्तुको सौन्दर्यद्वारा ओतप्रोत तुल्याइ यस बाल गीतमा बालकहरूलाई प्रभाती बेलामा उठ्न गरिएको आग्रह निकै सुन्दर भएको छ । सरल झ्याउरे शैलीमा रचिएको यो बालगीतमा छोटा-छरिता झर्रा तद्भव शब्दको प्रयोग पाइन्छ । यस बाल गीतका प्रत्येक श्लोकका बाँकी तीन पङ्क्ति अन्तराको रूपमा रहेका छन् । सामान्यार्थ, आज्ञार्थ, प्रश्नार्थ जस्ता विविध वाक्यार्थको प्रयोगले गर्दा यस कविताको भावार्थ पनि विविधतापूर्ण भई बालकहरूका निम्ति संवेद्य बन्न

पुगेको छ। वाक्यगत पदलोप तथा पदक्रम विचलनबाट झल्कने कवितात्मक शैलीगत सौन्दर्य यस कवितामा पनि छँदैछ। यी सबै कुरालाई हेर्दा यो बाल कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ। बालकलाई उठाउन प्रकृति पनि उठेको प्राकृतिक/वनस्पतिहरु पनि बिम्झेको कुरा देखाउनु नै यस कविताको उद्देश्य देखिन्छ।

## ४.४.५ 'आए फुर्के फुर्की' बाल कविताको विश्लेषण

**आए फुर्के फुर्की** शीर्षक बाल कविता बाल बालिकाहरू हाँसी खुसी भएर खेल्न हिंडेको अवस्थालाई विषयवस्तु बनाएर रचिएको छ। बालक आफैँ एक्लै पनि दङ्ग पर्ने स्वभावको चित्रण यसमा छ। बालकलाई सबैले जाती र राम्रा छन् भन्नु पर्ने, नराम्रो भन्न नहुने, बालक आफैं फूलजस्तो हाँस्ने र जूनजस्तै बढ्दै जाने हुन्छन्। यस बालगीतको उठान बालबालिका खुसी भएर खेल्न हिंडेको प्रसङ्गबाट गरिएको छ। यस गीतको मध्य भागमा सानी बालिका फुर्की कपालमा रातो रिबन बाँधेर राम्री देखिएकी र फुर्के कालो कपाल लर्काएर कोरेको हुनाले त्यो कपाल पनि राम्रो देखिएको कुराको चित्रण छ। फुर्के र फुर्की दुबैलाई तिमीहरू नजाति छौ भन्नु हुँदैन, त्यसो भन्यो भने तिनीहरू कुम ठोकेर घुर्की लाउन थाल्छन्। बालबालिकाहरू हाँसी खुसी भएर खेल्न हिँडेको प्रसङ्गलाई विषयवस्तुको रूपमा देखाइएको यस बाल कविताका अन्त्यमा ती बालबालिकाहरू फूलजस्तै हाँस्ने, पुतली झैं नाच्ने र जून जस्तै दिनदिनै हुर्कदै बढ्दै जाने कुराको उल्लेख छ; जस्तैः

फूलजस्तै हाँस्छन्
पुतलीझैं नाच्छन्
आजभन्दा भोलि
जूनजस्तै हुर्की

(**सुनपङ्खी चरी,** पृ. १०)

प्रस्तुत बाल कवितामा पनि कवि कथनकै प्रयोग छ र त्यो कथन स-साना बाल पात्र फुर्के र फुर्कीप्रति लक्षित छ। फुर्के र फुर्की कपालमा रातो रिबन र कालो कपाल कोरेर राम्रो पारेर खेल्नका लागि भनेर आइरहेका, उनीहरूलाई कसैले नराम्रो भन्न नहुने, नराम्रो भन्यो कि तिनीहरू कुम ठोकेर घुर्की लाउने, तिनीहरू फूलजस्तै हाँसिरहने, पुतली जस्तै नाचिरहने र जून जस्तै आजभन्दा भोलि ठूलो हुँदै हुर्कदै जाने कुरालाई कविकै तर्फबाट वर्णनात्मक उक्ति ढाँचामा व्यक्त गरिएको छ।

सुरुमा एक चरणमा ६ वटा उच्चार्य अक्षर हुने नेपाली लोकलयमा बाँधिएका दुई हरफबाट उठान गरिएको यस बालगीतमा चार-चार हरफका तीन पङ्क्ति पुञ्ज र अन्तिममा फेरि दुई हरफको एक पङ्क्ति पुञ्ज गरी जम्मा सोह्र हरफका पाँच पङ्क्ति पुञ्जको मेलबाट यस कविताको पूर्णाकृति सङ्घटित भएको छ। "आए फुर्के, फुर्की त्यसै त्यसै फुर्की" हरफलाई सुरु र उपान्त्य हरफका रूपमा दोहोर्‍याइएको छ। यसबाट प्रस्तुत कविता चक्राकारीय बन्नुका साथै लयोत्कर्ष पनि भएको छ। यस कवितामा फुर्के, फुर्की, जुल्फी, लुर्की, घुर्की हुर्की जस्ता शब्दको प्रयोगद्वारा लय माधुर्य तथा भाषिक सौन्दर्यको सञ्चार गरिएको छ। यस बालगीतमा बालसुलभ सौन्दर्य चेतना र उनीहरूको सधैंभरि हाँसी खुसी हुने बानी अनि कसैले नराम्रो भनिदियो भने घुर्की लाउने प्रवृत्तिलाई चित्रण गरिएको छ। बाल बालिकाको हाँसोलाई फूलजस्तै सुन्दर ठानिएको छ भने उनीहरू जून जस्तै दिनदिनै हुर्कँदै बढ्दै जान्छन् भनिएको छ। यसरी उपमेय बालकलाई फूल, पुतली र जूनको उपमान दिई यस कवितामा कथ्य अर्थ वा भावलाई पूर्णोपमाद्वारा अलङ्कृत पारिएको छ। फुर्केद्वारा बालक र फुर्कीद्वारा बालिकालाई बुझाई पुलिङ्गी तथा स्त्री लिङ्गी दुबै थरी बालकलाई यस कवितामा समान स्थान दिइएको छ र यसबाट कविमा निहित त्यस्तो लैङ्गिक सचेतता पनि प्रकट हुन पुगेको भेटिन्छ जुन नेपाली बालकहरूका निम्ति सकारात्मक र प्रेरणादायी विषय हो। बालबालिकाहरु राम्रा हुन्छन् भन्ने कुरा देखाउनु नै यस कविताको उद्देश्य देखिन्छ।

प्रस्तुत बाल कवितामा पनि ६ देखि १० वर्ष उमेर समूहका बालबालिकाका निम्ति उच्चारण गर्न सजिलो हुने छोटा-छरिता शब्दहरूको प्रयोग गरिएको छ। ती शब्दहरू तद्भव झर्रा छन् र तिनका प्रयोगले यस कविताको शैलीलाई सरल र रसिलो बनाएको छ। सरल वाक्यका साथै छोटै खालका मिश्रवाक्यको प्रयोग गरी यस कविताका सरल शैलीलाई सघन पनि बनाइएको छ। वाक्यगत पदक्रम विचलन र पदलोप गर्ने प्रवृत्ति यस कवितामा पनि छ र त्यो प्रवृत्ति कविता वा गीतका निम्ति दोष नभई गुण नै ठहरिन्छ।

### ४.४.६ 'के पीर पर्‍यो बोल् बोल् !' बाल कविताको विश्लेषण

**के पीर पर्‍यो बोल् बोल्** शीर्षक बाल कविता किताबको एउटा तस्वीरलाई विषयवस्तु बनाएर रचिएको छ। किताबमा पाठको साथ चित्र हुन्छ। पाठले बुझाउन खोजेको कुरालाई चित्रले अझै संवेद्य बनाउनु पर्छ। यस कविताको उठान किताबमा एउटा रोइरहेको बालिकाको

तस्वीरलाई देखेर सो किताब हेर्ने बालिकाले उक्त तस्वीरको बालिकालाई तँलाइ के पीर पर्‍यो र यसरी रोएको भनेर गरेको प्रश्नबाट भएको छ। बालकले एउटा रोइरहेको तस्वीरलाई हेरेर आफूसँग दाँजेर त्यसलाई जिउँदो वा जीवन्त बनाएको दृष्टिकोण यसमा छ। त्यसपछि यस कविताको मध्य भागमा रुन्चे मुख लाएको त्यस तस्वीरको बालिकालाई मनमा कहाँ दुखेर यस्तो रोऊँ-राऊँ जस्तो अनुहार लाएको भनेर फेरि अर्को प्रश्न गरिएको छ। बालकलाई चित्र दिंदा उनीहरु नै जस्तो लाग्ने खालको दिनुपर्छ। बालकहरु अर्काको पीरलाई पनि आफ्नै पीर समान ठान्दछन्। साथै सो तस्वीरको बालिकालाई सँधैभरि मनमा सकस सहेर तँ यसरी नबस् भन्दै तैंले किताबका पाठ नबुझेर पो यस्तो रुन्चे अनुहार लाएको हो कि भन्ने जिज्ञासा पनि राखिएको छ। बालकमा चिन्ताद्वारा सहानुभूति अभिव्यक्त यसमा छ। बालकले अचेतनलाई पनि आफू जस्तै सचेतन ठानेको छ। त्यसैले सो तस्वीरलाई आफूसित खेल्न आइज र एउटा गीत गाइ जा पनि भनिएको छ। यस कविताको अन्त्य भागमा किताबका पानामा भएकी त्यस बालिकाको आँखामा आँसुका दाना-दाना झर्दा गोलो अक्षर परेको सङ्केत गर्दै तँलाई के पीर परेर यसरी रोएर बसीरहेकी होस् बोल् बोल् भनिएको छ। बालकलाई कठिन पाठ दिएर हुँदैन, उसले बुझ्ने पाठ दिनुपर्छ। बालकको पीरको भावलाई नबुझेको हुनाले उसको पीर किताबमा सबै फैलिएको जस्तो लागेको छ।

प्रस्तुत कविताको उक्ति ढाँचालाई हेर्दा कवि कथनमा नै आधारित देखिन्छ। कविले बालक तुल्य भई पुस्तकको तस्वीरमा देखिएको दुःखी बालिकातर्फ लक्षित उक्ति ढाँचा यस कवितामा पाइन्छ। पुस्तकको तस्वीरमा भएको एउटी दुःखी बालिकालाई देखेर अर्की बालिकाका मनमा उठेका विभिन्न जिज्ञासाहरूलाई यसमा प्रश्तुत गरिएको छ। त्यो बालिकालाई पढ्न नआएर हो कि, अथवा मनमा कहाँ दुखेर यसरी आँसु खसालेर रोइरहेकी भनेर बालिकाका तर्फबाट राखिएका जिज्ञासाहरू यसमा पाइन्छन्। त्यसैले यसको उक्ति कवि उक्ति नै भए पनि त्यो उक्ति बालकद्वारा गरिएको पुस्तकको तस्वीर प्रतिको प्रश्नमूलक सम्बोधनमा आधारित देखिन्छ।

प्रस्तुत कवितामा ६-६ अक्षरको समानुपातिक वितरणमा गरिएका लोक लयात्मक पङ्क्तिका जम्मा चार श्लोक छन्। पहिलो दुई श्लोकमा लोक लयात्मक पङ्क्ति पुञ्जको प्रयोग गरिएको छ भने त्यसपछि प्रत्येकमा चार-चार लोकलयात्मक चरणको वितरण गरिएका तिनवटा पङ्क्ति पुञ्ज छन्। समग्रमा यो कविता चौधवटा लोक लयात्मक चरण र चारवटा

पङ्क्ति पुञ्जका विनिवेशबाट रचिन पुगेको छ । यो कविता त्यस्तो नेपाली लोकलयमा रचिएको छ, जसका प्रत्येक चरणमा पूर्ण उच्चार्य ६ वटा अक्षरको वितरण गरिएको हुन्छ । यस कविताको पठन गर्दा ठाउँ-ठाउँमा हलन्त उच्चार्य नेपाली नाम शब्दको अजन्त प्रयोग गरेको देखिए पनि लयका अपेक्षा अनुसार तिनको हलन्त उच्चारण गर्नु पर्ने हुन्छ । जस्तैः

| कवितामा प्रयुक्त हरफ | लयात्मक रुपमा उच्चार्य हरफ |
|---|---|
| ए पुस्तकको तस्वीर | ए ! पुस्तक्को तस्वीर |

छोटा, छरिता नै सरल प्रश्नार्थक र विध्यर्थक वाक्यको प्रयोगले यस कविताको शैलीलाई निकै रसिलो र घतलाग्दो बनाएका छन् । पदलोप र पदक्रम विचलन जस्ता कवितात्मक शैलीका गुणहरु पनि यस कवितामा छँदैछन् । यी सबै कुराका सन्दर्भमा प्रस्तुत कविता ६-९ वर्षका उमेर समूहका बालकहरुका निम्ति बोध्य देखिन्छ । कुनै पनि वस्तुलाई देख्दा बालकका मनमा पैदा हुने खालका संवेदनाको चित्रण गर्नु यस कविताको उद्देश्य देखिन्छ ।

### ४.४.७ 'सुनपङ्खी चरी' बाल कविताको विश्लेषण

**सुन पङ्खी चरी** बाल कविता कुखुराले फुलबाट चल्ला निकाल्ने प्रक्रियालाई विषयवस्तु बनाएर रचिएको छ । प्रकृतिमा हुने जुन जीवन चक्र छ, त्यसलाई अर्थात् प्राणी शास्त्रको कुरा कविले बालकलाई सम्झाउन खोजेका छन् । जीवन चक्रको कुरा राख्दै बालकलाई बोली सँगसँगै कविता गाइरहो भनिएको छ । हाम्रो शास्त्रमा 'हिरण्य गर्भ : समवर्ततागे्र' अर्थात् परमेश्वरबाट पहिलो सृष्टि भएको मानिन्छ । बीजलाई वा संसारकै सृष्टि भएको बाट बालकले पनि छक्क परेर सुनका देशबाट आएका यी कुखुराका चल्ला भन्ने ठान्दछ । यस कविताको सुरुवात कुखुराले फुल फुटाएर त्यसबाट हुलका हुल चल्ला निकालेको र ती चल्लाहरू यसै गरी सधैँभरि आइरहो भनी बाचक कविले आह्वान गरेको भनाइबाट गरिएको छ । यस कविताको मध्य भागमा कुखुराको फुलभित्र के छ भन्ने प्रश्न गर्दै त्यस फुलभित्र सुनैसुनको देश छ र तिमीहरू त्यस सुनको देशदेखि सधैँ यसरी नै आइरहो भनी आग्रह गरिएको छ । कुखुराका भर्खरै कोरलिएका ती चल्लाहरू पहेँलो सुनजस्तै पखेटा भएका र ती चल्लाहरूलाई हातमा राख्दा तिनीहरू थिरी थिरी गरी बिस्तारै उभिएका कुराको वर्णन गर्दै त्यस्ता साना साना चल्लाहरूलाई सधैँभरि मेरो हत्केलामा यसै गरी आइरहो भनिएको छ । यस कविताको अन्तिम

श्लोकमा कुखुराका ती चल्लाहरू चीँ चीँ, चूँ, चूँ गर्दै तिनीहरूले एकआपसमा कति राम्रो म छु भनेको होलान् भन्ने कल्पना गर्दै तिनीहरलाई सधैँभरि यस्तै गीत गाउँदै सधैँ आइरहो भनेर आह्वान गरिएको छ । जस्तैः

फुलभित्र के छ ?
सुनैसुनको देश
सुनको देशदेखि
सधैं आइरहो ! सधैं आइरहो !

(**सुनपङ्खी चरी,** पृ. १२)

सुनपङ्खी चरी सिङ्गो कविता कवि कथनकै रूपमा रचिएको छ। कवि स्वयम् बालकतुल्य भई उनले कुखुराका चल्लालाई सधैँ भरि यसै गरी आइरहो भनेर गरिएको आह्वान यस कविताको उक्ति ढाँचाको मुख्य विशेषता हो। यस कविताका सुरुका चार हरफमा कुखुराले फुल फोरेर चल्ला काढेको प्रसङ्ग, दोस्रो श्लोकमा अण्डाभित्र भएको पहेँलो भागलाई सुनसँग आरोपित गर्दै कुखुराको अण्डाभित्र सुनैसुनको देश छ र त्यस देशबाट तिमीहरू यसै गरी आइरहो भन्ने कुरा आश्चर्यमिश्रित कवि उक्तिको रूपमा प्रस्तुत गरिएको छ ।

प्रत्येक हरफमा ६-६ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग यस कवितामा गरिएको छ । सधैँ आइरहो स्थायीको प्रयोग प्रत्येक पङ्क्तिको चौथो हरफमा गरिएको छ भने प्रत्येक श्लोकका बाँकी तीन पङ्क्ति अन्तराका रूपमा रहेका छन् । 'थिरी थिरी' जस्ता बाल भाषाको प्रयोग, चिँ ची, चूँ चूँ जस्ता ध्वनिबोधक अनुकरण शब्दको प्रयोग आदिले गर्दा यस कविताको शैली सुमधुर भएको छ । सामान्यार्थ, आज्ञार्थ, प्रश्नार्थजस्ता विविध वाक्यार्थको प्रयोगले यस कविताको भावार्थ पनि विविधतापूर्ण भई बालकहरूका निम्ति संवेद्य बन्न पुगेको छ। वाक्यगत पदलोप तथा पदक्रम विचलनबाट झल्कने कवितात्मक शैलीगत सौन्दर्य यस कवितामा पनि छँदैछ । यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका लागि उपयोगी देखिन्छ। बालकले पंक्षीहरूप्रति पनि मित्रताको भावना देखाउँछ भन्ने कुरा देखाउनु यस कविताको उद्देश्य हो ।

### ४.४.८ 'सानु सानु रूख' बाल कविताको विश्लेषण

**सानु सानु रूख** शीर्षक बाल कविता वनस्पति जगत् अन्तर्गत पर्ने सिस्नुलाई विषयवस्तु बनाई रचिएको छ। गाउँखाने कथाका ढाँचामा रचिएको यो बाल कविताको सुरु गाउँखाने ढाँचामा गरिएको प्रश्नबाट भएको छ भने यस कविताको मध्यभागमा प्रश्नकर्ता बालकलाई उत्तरदाता बालकले दिएको उत्तर समावेश गरिएको छ। यस कविताको अन्त्य भागमा सो थालनीमा उठाएको प्रश्नको उत्तरका रूपमा त्यो सानो रूख गिँडी बनाइएको सिँढी वा लिस्नु हो कि भनिएको छ। यस कविताको अन्त्यमा प्रश्नकर्ता बालकले नै त्यो सानु रूख भनेको झार जत्रो हुने र काँढा बिझ्दा दुःख हुने सिस्नु हो भनी उत्तर दिएको पाइन्छ। यसरी सिस्नुलाई गाउँ खाने कथाका प्रश्नोत्तरात्मक उक्ति ढाँचाको माध्यमबाट चिनाउने प्रयास यस कवितामा गरिएको छ र त्यो प्रश्नोत्तरात्मक उक्ति बालकहरूका निम्ति निकै घतलाग्दो बनेको छ। बालकको बुद्धि तिखार्न कुनै पनि वस्तुको गुण, स्वभाव भनिदिने तर त्यो वस्तु यही हो भनेर नभन्ने र गाउँखाने कथाको रुपमा सुनाउने गर्दा बालकले त्यसको उत्तर खोज्न आफ्नो बुद्धि लगाउन खोज्छ। बालकले नबुझ्ने ढङ्गले घुमाउरो पाराले अन्त्यमा उत्तर दिए पनि उसले बुझ्न सक्दैन। कुनै चलाख बालकले भने त्यसको उत्तर त्यहीं छ भनेर दिन पनि सक्छ। जस्तैः 'हैन लिस्नु - सिस्नु'।

जम्मा ९ हरफका ३ श्लोकमा रचित यस बाल कविताको कथन अंशलाई हेर्दा कवि कथन देखिन्छ। कविले बालकतुल्य भई गरेको प्रश्न र बालकले दिएको उत्तर बिचको उक्ति प्रत्युक्ति यस बाल कवितामा पाइन्छ।

प्रत्येक हरफमा ६-६ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको सुमधुर प्रयोग यस बाल कविताको लय ढाँचागत वैशिष्ठ्य हो। यस कविताका त्रिपदी तिन श्लोकका दुई दुई हरफमा अन्त्यानुप्रास मिलाइएको छ भने ती प्रत्येक श्लोकका तेस्रो हरफका अन्त्यमा 'बिस्नु, लिस्नु, सिस्नु'को अन्त्यानुप्रास समेत मिलाइएको हुँदा यसको त्यो लोकलय ढाँचा निकै श्रुतिमधुर बनेको पाइन्छ। यही अन्त्यानुप्रासको प्रयोगले गर्दा यस कविताको भाषा शैली पनि बालकहरूका निम्ति रमणीय र रोचक बन्न पुगेको छ। यी सबै कुरालाई हेर्दा यो बाल कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ।

### ४.४.९ 'हेर बाच्छी हाम्री' बाल कविताको विश्लेषण

**हेर बाच्छी हाम्री** शीर्षक बाल कविता मानवेत्तर प्राणी गाईको बाच्छीलाई विषयवस्तु बनाएर रचिएको छ । यस कविताको सुरुवात बिहानीपख झालीमाली गाई ब्याएको प्रसङ्गबाट भएको छ । 'झालीमाली गाई' भनेर तारा लागेको रात र 'बिहानीमा व्याई' भनेको रातपछि बिहानी वा दिनलाई सङ्केत गरिएको छ । अर्थात् रातले बिहानीलाई जन्म दियो भन्न खोजिएको छ । बिहान भएपछि सुनौलो प्रभात पहेँलो रङ्गको देखिने हुनाले त्यसलाई प्वाँली रङ्गको बाच्छीसँग तुलना गरिएको छ । सुनौलो प्रभातले सेतो उज्यालो दिन ल्याउने हुनाले त्यसलाई 'चाटीचाटी ओरी, बाच्छी बनी गोरी' भनिएको छ । यसरी बालकलाई रात पछि दिन भनेर सोझै नभनी त्यसलाई 'झालीमाली गाई' बिहानीमा व्याई' भनेर उसको बुद्धि तिखार्न खोजिएको छ । प्रभातपछि विस्तारै उज्यालो बढ्दै गएर झलमल्ल घाम लागेर दिन गोरो वा उज्यालो भएको कुरालाई यसमा गाउँखाने कथाको ढाँचामा भनिएको छ । रातले दिनलाई जन्माउने क्रम त सधैँ भईरहेको छ, सधैँ देखिरहेका छौ, तैपनि किन चिनेनौ भनेर अन्त्यमा यसको उत्तर यसरी दिइएको छ– 'देख्छौ रात, दिन, नचिनेको किन' ! यसरी गाउँ खाने कथाको भावमा बालकलाई बाठो बनाएको छ र बालकलाई गाउँखाने कथाको माध्यमले बाठो बनाउनु नै यस कविताको उद्देश्य रहेको छ ।

प्रस्तुत कविता बालक सरह भई कविले गरेको उक्तिका रूपमा रचिएको छ । बालक सरह भई कविले झालीमाली गाईले बिहानको समयमा प्वाँली रंगकी बाच्छी पाएको, त्यस बाच्छीलाई चाट्दा चाट्दा गोरी भएकीले त्यो माऊभन्दा पनि राम्री भएकी, रातदिन देख्दा पनि त्यसले किन हामीलाई नचिनेकी होली भन्ने खालको सूक्ष्माख्यानले ओतप्रोत एकालापीय कविकथन यसमा पाइन्छ ।

प्रत्येक हरफमा ६-६ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग गरी यो कविता रचिएको छ । ल, र, म, ह, न, ब जस्ता वर्णहरूको बारम्बार पुनरावृत्तिले गर्दा यस कविताको आन्तरिक अनुप्रास र गाई ब्याई, माली, प्वाँली, ओरी, गोरी, राम्री, हाम्री, दिन, किन जस्ता शब्दको प्रयोगले अन्त्यानुप्रास पनि मिलाइएकोले यस कविताको लय ढाँचा सुमधुर भएको छ । भाषिक वर्णयोजनाका दृष्टिले हेर्दा ल, र, म, ह, न, ब जस्ता वर्णहरूको पुनरावृत्तिले गर्दा यसको भाषाशैली अनुप्रासीय रम्यताले ओतप्रोत हुन पुगेको छ । 'झाली, माली, प्वाँली, माउ' जस्ता झर्रा नेपाली शब्दको प्रयोगका साथै अरू पनि छोटा छरिता र सजिला नेपाली शब्दको प्रयोगले गर्दा यस कविताको भाषाशैली बालकहरूका निम्ति सजिलो र

रसिलो बनेको छ । यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ ।

## ४.४.१० 'हेर्दाहेर्दै ढुङ्गो' बाल कविताको विश्लेषण

**हेर्दाहेर्दै ढुङ्गो** शीर्षक बाल कविता ढुङ्गोबाट बन्न सक्ने अनेक किसिमको आकृतिलाई विषय बनाई रचिएको छ । यस कविताको सुरुवात एउटा ढुङ्गोलाई हेर्दाहेर्दै त्यसबाट सिङ्गो मूर्ति निस्केको कुराबाट गरिएको छ । यसै गरी आकाशमा उडिरहेको बादललाई हेर्दाहेर्दै त्यो पोकोजस्तो बनेको र त्यस पोकालाई हेर्दाहेर्दै त्यसभित्रबाट सिङ्गो बालक निस्केको भान परेको कुरा यस कविताको मध्य भागमा पाइन्छ । यस कविताको अन्त्य भागमा ढुङ्गाबाट सिङ्गो मूर्ति निस्कने, ढुङ्गामै बालकको, हात्तीसुँडे भुँडे गणेशको र लामा लोती कान हुने बुद्धको आकृतिको झलक वा भान प्राप्त हुने कुरालाई बालकोपयोगी ढङ्गले चित्रण गरिएको छ । यसरी यस कवितामा बादलमा आधारित मूर्तिको कल्पना गरिएको छ । यस्तै मूर्तिलाई हेर्दा हेर्दै गणेश र बुद्धको आकार देखिएको कुरा यसमा छ । मानिसले अधिकांश देवताको पूजा कल्पनाकै आधारमा गर्ने गर्दछन् । यस कविताबाट बालकलाई प्रकृति निरीक्षण गर्न सिकाउनुका साथै कुनै वस्तुलाई एउटै दृष्टिकोणले मात्र नहेरी विभिन्न दृष्टिकोणले हेर्न सिकाएको छ । यो नै यस कविताको उद्देश्य हो ।

प्रस्तुत कविता कवि उक्तिकै रूपमा रचिएको छ । त्यस उक्ति अन्तर्गत बालकतुल्य भई एउटै ढुङ्गामा हेर्दाहेर्दै बालकले अनेकथरी मूर्ति वा आकृतिको झलक प्राप्त गर्न सक्ने कुराको विस्मयपूर्ण चित्रण गरिएको छ । यो विस्मयपूर्ण कवि उक्ति बालकहरूका निम्ति निकै रोचक बनेको देखिन्छ ।

प्रत्येक हरफमा ६-६ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग यस कवितामा गरिएको छ । ह, द, क, न, स, ब जस्ता व्यञ्जनवर्णहरूको बारम्बार पुनरावृत्तिले यस कविताको आन्तरिक अनुप्रासीय सौन्दर्यलाई बढाएको छ भने यसै गरी ढुङ्गो, सिङ्गो, सूँडे, भुँडे, कान, ध्यान आदि शब्दहरूलाई पादान्त गर्नाले अन्त्यानुप्रास पनि मिलेको देखिन्छ । सामान्यार्थ, सरल वाक्यको प्रयोग भए पनि झर्रा नेपाली भाववाचक एवम् वस्तुवाचक शब्दका साथै विशेषण शब्दको प्रयोगले पनि र विस्मयपरक उक्तिले गर्दा पनि यस

कविताको शैली रमणीय बनेको देखिन्छ। यी सबै कुरालाई हेर्दा यो बाल कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ।

### ४.४.११ 'लुकामारी' बाल कविताको विश्लेषण

**लुकामारी** शीर्षक बाल कविता हावालाई विषयवस्तु बनाएर रचिएको छ। यस कविताको सुरुआत हावा गीत गाउँदै आउने र मित लाउँदै जाने कुराको रोचक वर्णन गरिएकोबाट भएको छ। हावा कहिले सिरीसिरी चल्ने र कहिले हुरी भएर बहने कुरा गर्दै त्यो हावा डाली झुलाई आउने र फूल फुलाई जाने अर्को मिठो कल्पनाको चित्रण गरिएको छ। हावाले जतातते छोए पनि त्यो कतै नदेखिने र त्यो आफैँ लुकी लुकी आउने र बास्ना फुकी जाने कुराको रम्य कल्पना पनि यस कवितामा पाइन्छ। यस कविताका अन्त्यमा हावाको नित्य गतिशील स्वभावको चित्रण गर्दै त्यो आउने जाने गरिरहन्छ भनिएको छ। बालकले प्रकृतिका हरेक वस्तु आफ्नो साथी बनेर खेल्न आएको कल्पना गरेको देखाउनु नै यस कविताको उद्देश्य देखिन्छ।

कवि स्वयम्ले अमूर्त स्वरूपका हावाले गीत गाउने, आउने, जाने, लुक्ने, बास्ना फुक्ने, चलिरहने, खेलिरहने जस्ता कार्य गर्ने भएकोले हावालाई मानवीय व्यक्तित्व पनि दिएका छन्। यो बाल कवितामा पनि कवि उक्तिको प्रयोग पाइन्छ। त्यसले गर्दा यस कविताको उक्ति ढाँचा बालकहरूका निम्ति रमणीय भएको छ।

प्रत्येक हरफमा ६-६ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलय ढाँचाको प्रयोग गरी यो कविता रचिएको छ। छ, त, क, ल र जस्ता वर्णको बारम्बार पुनरावृत्तिले यसमा प्रयोग गरिएको लोकलय बालकहरूका निम्ति सुमधुर रहेको छ भने गाउँदै, लाउँदै, सिरीसिरी, हुरीहुरी, लुकी, फुकी, चलिरन्छ, खेलिरन्छ, भोलि, खेली आदि अन्त्यानुप्रासको प्रयोगले समेत सो लय श्रुतिमधुर बनेको छ। तत्सम अनि तद्भव शब्दको प्रयोग पनि कविताभरि नै पाइन्छ। सामान्यार्थ वाक्यको प्रयोग र त्यसमा पदलोप तथा पदक्रम विचलन तथा सरल वाक्यको प्रयोगले गर्दा यो बाल कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ।

### ४.४.१२ 'सक्छु म पनि' बाल कविताको विश्लेषण

**सक्छु म पनि** शीर्षक बाल कविता बालकको मनोबल वा आत्मबललाई विषयवस्तु बनाएर रचिएको छ। यस कविताको थालनी एउटा बालकले अब आफू ठूलो भइसकेको र आफ्नो काम आफैंले गर्न सक्छु भनेर भनेको भनाईबाट भएको छ। बालकले यस क्रममा सबैभन्दा पहिले सुर्केनी पारेर तुना बाँध्न सिकेको त्यसपछि कमिलाले ठूला-ठूला फुल बोकी हिँडेको देखेर बालक पनि आफ्नो किताब आफैं बोक्न सक्छु भनेको कुरा कविताको मध्य भागमा व्यक्त भएको छ भने चराका बचरा र बचरी आफैं फर्फरी उडेको देखेर बालक पनि स्कूल आफैं, जान सक्छु भनी हिँडेको कुराको बयान यस कविताको अन्त्य भागमा गरिएको छ। जस्तै:

बचरा र बचरी
उडे आफैं फर्फरी
स्कूल जान आफैंले
सक्छु म पनि

(**सुनपङ्खी चरी,** पृ. १७)

प्रस्तुत कविताको उक्ति प्रथमपुरुष 'म' बालकको कोणबाट गरिएको छ। उसले आफ्नो काम आफैं गर्न सक्ने भन्ने उक्तिबाट यो कविता थालिई उसले गर्न सकेका कामको वर्णनात्मक चित्रणमा सो उक्ति आधारित रहेको देखिन्छ।

प्रस्तुत बाल कवितामा पनि यस्तो नेपाली लोकलयको प्रयोग गरिएको छ, जसको प्रत्येक हरफमा ८-८ अक्षरको समानुपातिक वितरण पाइन्छ। त्यस्तो लोकलयको जम्मा ४ वटा चतुष्पदीमा यो कविता पूर्ण भएको छ। ती सबै चतुष्पदीमा न, म, स, क, ल, म, र, जस्ता वर्णहरूको अत्याधिक आवृत्ति हुन गएकाले यसमा प्रयोग गरिएको लोकलय ढाँचा बालकहरूका निम्ति सुन्न, गाउन, मिठो लाग्ने बनेको छ।

छोटा-छरिता खालका मिश्रवाक्यका साथै संयुक्त वाक्यको जुन प्रयोग यस कवितामा पाइन्छ त्यो बालहरूका निम्ति सरल नै देखापर्छ। सामान्यार्थक र आज्ञार्थक ढाँचाका वाक्य प्रयोगले यसको शैलीलाई सामान्यका साथै भावात्मक पनि बनाएको छ। यी सबै कुरालाई हेर्दा यो बाल कविता पनि ६-१० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ। बालबालिकामा जे काम पनि गर्न सक्छु भन्ने आँट जगाउनु नै यस कविताको उद्देश्य देखिन्छ।

## ४.४.१३ 'लुली लुली पाखुरी' बाल कविताको विश्लेषण

**लुली लुली पाखुरी** शीर्षक बाल कविता काँक्रो र त्यसको बोटलाई विषयवस्तु बनाइ रचिएको छ । यस कविताको थालनीमा काँकरीको आँकुरीलाई लुली-लुली पाखुरीको रूपमा चित्रण गरिएको छ । सानु आँकुरीले थाँकरी कसरी बेरेको होला भनेर विस्मय प्रकट गर्दै यस कवितामा आँकुरीले थाँकरीलाई पहिले सुस्तरी र पछि कस्दै बेरेको बयान गरिएको छ । यस कविताको अन्त्यमा त्यति सानो मसिनो आँकुरा भएको काँक्राको बोटमा एक हजारभन्दा बढी काँक्रा बोटैभरि पाकेका र त्यसको सय हजार वा एक लाख पाखुराले बोटैभरि फैलिएर बोटलाई नै बोकिराखेको कुराको वर्णन पाइन्छ । यसरी काँक्रो र त्यसका बोटका सम्बन्धमा जेजस्तो कल्पना गरी यो कविता रचिएको छ, त्यो बालकहरूका निम्ति निकै घतलाग्दो बनेको छ । सानो काँक्राको आँकुरीले हजारौं काँक्रालाई थामेर राखे जस्तै बच्चाको कमलो वा लुलो हातले पछि संसार कसरी थाम्दछ भन्ने कुरा यसमा उल्लेख गरिएको छ । बालकको साना हातले पनि ठुलो काम गर्न सक्छ, पछि घर व्यवहार कति धान्न सक्छ भन्दै प्रकृतिको चमत्कार र बालकलाई भविष्य निर्माणका निम्ति व्यवहारको भार बहन गर्ने प्रेरणा यसमा दिएको छ; जस्तैः

एकु हजार काँकरी
बोटैभरि पाकरी
सय हजार पाखुरी
बोटै बोकिराखुरी ।

(**सुनपङ्खी चरी,** पृ. १८)

प्रस्तुत कविता कविले बालकतुल्य भई गरेको उक्तिका रूपमा रचिएको छ । त्यस उक्ति अन्तर्गत काँक्राको कोमल र विस्मयकारी वर्णन गरिएको छ र त्यो वर्णन बालकद्वारा गरिने उक्तिकै रूपमा झल्किन पुगेको छ ।

प्रत्येक हरफमा सात सात अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग गरी यो कविता रचिएको छ । दुई पदी ढाँचाको एक श्लोक र चतुष्पदी ढाँचाका दुई श्लोक गरी जम्मा दश हरफ यस कवितामा छन् । क, र, प, स, ब, त जस्ता वर्णहरूको बारम्बार पुनरावृत्तिले यसको आन्तरिक अनुप्रास र आँकुरी, पाखुरी, सुस्तरी, कस्तरी, काँकरी, पाकरीजस्ता अन्त्यानुप्रासले यो कविता ओतप्रोत रहेको छ र त्यसले गर्दा यसमा प्रयोग गरिएको लोकलय बालकहरूका निम्ति सुन्दा, गाउँदा मिठो लाग्ने खालको देखिन्छ । काँक्राको लहराहरू अत्यन्त कमला र जता लग्यो उतै जाने खालका भएका हुनाले तिनलाई 'लुली लुली

पाखुरीको उपमान/रूपक दिई यस कविताको शीर्षकलाई नै आलंकारिक बनाइएको छ। यी सबै कुराले गर्दा प्रस्तुत कविता पनि बाल हृदयका निकट पुगेको छ र बालकहरूका निम्ति घत लाग्दो बनेको छ। यी सबै कुरालाई हेर्दा यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ। बालकको साना हातले पनि भोलि ठुला काम गर्न सक्छन् भन्ने कुरा देखाउनु नै यसको उद्देश्य रहेको छ।

## ४.४.१४ 'बाँडीचुँडी खाने हो' बाल कविताको विश्लेषण

**बाँडीचुँडी खाने हो** शीर्षक बाल कविता खानेकुरा सबैलाई बाँडीचुंडी खानुपर्छ भन्ने सन्देशमूलक विषयवस्तुमा आधारित देखिन्छ। यस कविताको उठान एउटा बिरालोलाई दूध लिन पठाएको तर बिरालो दूध लिएर फर्किएर नआएपछि त्यो बिरालो दूध लिएर फर्किएर किन आएन भन्ने प्रश्नबाट गरिएको छ। यस कवितामा 'दूध लिन पठाको' भनेर उन्नतिको सङ्केत गरिएको छ भने 'दूध लिन पठाको बिरालो अझै फर्केन' भनेर विदेशीले पैसा दिने, सकारले विनियोजन गर्ने तर त्यो जुन योजनामा पठायो त्यहीं भ्रष्टाचार गरेर खाइदिए, काम राम्ररी हुन सकेन भन्ने कुरालाई सङ्केत गरिएको छ। त्यसपछि दूध लिन पठाएको बिरालाले दूध आफैंले त खाएन भन्ने शङ्का गरी त्यसले खानेकुरा बाँडीचुंडी खानुपर्छ भन्ने थाहा पाएन कि क्या हो भन्ने विस्मय प्रकट गरिएको छ। यस कविताको मध्य भागमा मासु लिन पठाएको कुकुर किन फर्किएन भनेर फेरि प्रश्न गर्दै कुकुरले पनि मासु आफैंले त खाएन भन्ने शंका गर्दै त्यसले पनि बाँडीचुंडी खानुपर्छ भन्ने थाहा पाएन कि क्या हो भनेर अर्को विस्मय व्यक्त गरिएको छ। यस कविताको अन्त्य भागमा नरिवल लिन पठाएको बाँदर नरिवल लिएर अझैसम्म पनि नआएको देखेर त्यस बाँदरले पनि नरिवल एक्लै त खाएन भनेर फेरि अर्को शंकाको भाव व्यक्त गरिएको छ र त्यस बाँदरलाई पनि खानेकुरा बाँडेर खानुपर्छ भन्ने थाहा रहेनछ कि भन्ने विस्मयको प्रकट गरिएको छ। यसरी यस कविताले मानवेत्तर प्राणीका व्यावहारिक सन्दर्भमा सबैले खानेकुरा बाँडीचुंडी खानुपर्छ भन्ने सन्देश दिएको छ। यसै गरी यस कवितामा अर्को तर्फ अहिलेका राजनेताको स्वभावको चित्रण गएिको छ। जनताले नेतालाई चुनेर प्रतिनिधि बनाएर पठाए तर त्यो प्रतिनिधि बाँदर जस्तो भएर आफू एक्लैले खाइदिएको कुराको वर्णन पनि यसमा पाइन्छ। बालकलाई कुकुर बिरालो र बाँदर जस्ता प्राणीको एकलकाटे स्वभावको बयान गर्दै त्यसरी एक्लै खाने होइन सबैलाई बाँडेर खानुपर्छ भनेर सिकाएको छ।

प्रस्तुत बाल कवितामा पनि कवि उक्तिको प्रयोग गरिएको छ। दूध मन पर्ने बिरालोलाई दूध लिन पठाउँदा बिरालोले दूध आफैले खाएको, मासु मन पर्ने कुकुरलाई मासु लिन पठाउँदा उसले पनि आफू एक्लैले मासु खाएको, नरिवल मनपर्ने बाँदरलाई नरिवल लिन पठाउँदा बाँदरले पनि नरिवल आफू एक्लैले खायो कि भन्ने शंका र विस्मय उठाई विस्मयका सिलसिलामा नै यस कविताको उक्ति आधारित रहेको देखिन्छ। त्यही प्रश्न र विस्मय मिसिएको हुनाले यस कविताको उक्ति ढाँचा बालकहरूका निम्ति रमणीय भएको छ। जस्तैः

नरिवल किन ल्याएन ?
आफैंले त खाएन !
बाँडीचुँडी खाने हो
यति थाहा पाएन।

(**सुनपङ्खी चरी,** पृ. १९)

प्रत्येक चरणमा सात सात अक्षरको समानुपातिक वितरणमा आधारित नेपाली लोकलयको प्रयोग यस बाल कवितामा गरिएको छ। यसमा त्यस लोकलयको प्रयोग गरिएका जम्मा तीन पंक्ति पुञ्ज छन र ती प्रत्येकका अन्त्यमा लोक लयात्मक अभिव्यक्तिमा जस्तै 'बाँडीचुँडी खाने हो यति थाहा पाएन भन्ने स्थायी अंशको आवृत्ति गरिएको छ। आन्तरिक अनुप्रास, अन्त्यानुप्रास र स्थायी समेतको प्रयोगले गर्दा यसको लय ढाँचा मिठासपूर्ण बनेको छ। सजिला रसिला झर्रा तद्भव शब्दको प्रयोग तथा छोटा छरिता वाक्यको प्रयोग, सामान्य, विस्मय, प्रश्न आदि अर्थ बुझाउने वाक्यको प्रयोग जस्ता भाषिक पक्षहरूले यस कविताको शैलीलाई रमणीय, प्रभावकारी एवम् बालकका निम्ति घतलाग्दो बनाएको छ। यसै गरी यस कविताको शीर्षक 'बाँडीचुँडी खाने हो' ले बाल बालिकालाई कुनै पनि खानेकुरा आफू एक्लैले खाने होइन, बाँडेर खानुपर्छ भन्ने सन्देश दिई उनीहरूको मनमा मानवीय सहअस्तित्व, भाइचारा, भगिनीत्व र पारस्परिक आदान-प्रदानसँग सम्बद्ध अभिवृत्तिको विकास गराउने गम्भीर ध्येय लिएको पाइन्छ। यी सबै कुरालाई हेर्दा यो बाल कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ। बालकलाई खानेकुरा बाँडेर खानुपर्छ, एकलकाँटे बन्नु हुँदैन भनेर सिकाउनु नै यसको उद्देश्य हो।

### ४.४.१५ 'घिउ कमिला' बाल कविताको विश्लेषण

**घिउ कमिला** शीर्षक बाल कविता अत्यन्त सानो शरीर भएको घिउ कमिलाको शारीरिक बनावटलाई विषयवस्तु बनाएर रचिएको छ । यस कविताको उठान अत्यन्त सानो शरीर भएको घिउ कमिला जताततै रिउँ-रिउँ हिँडिरहेको कुराको चित्रणबाट भएको छ । कविताको दोस्रो श्लोकदेखि जताततै हिँडिरहेका ती घिउ कमिलाको नाक, आँखा, खुट्टा, मुटु कत्रो होला भन्ने आश्चर्य भाव प्रकट गर्दै सायद घिउ सुँघ्दा त्यसको नाक नै जीउ बन्यो होला, अनि त्यसको आँखा कहाँ होला, कहाँ चिनो लगाउँ भनेर फेरि अर्को जिज्ञासा राखिएको छ । घिउ देख्नासाथ त्यसको आँखा नै जीउ बन्यो होला भन्ने अर्को विस्मय प्रकट गरिएको छ । यसै गरी घिउ कमिलाको खुट्टा कतिवटा होला र कहाँनेर चिनु लाउँ भन्ने प्रश्न गर्दै त्यसले घिउ भेट्नासाथ त्यसको जीउ नै खुट्टा बन्यो होला भन्ने अर्को रोचक प्रसङ्गको चित्रण पनि यस कवितामा गरिएको छ । यस कविताको अन्त्यमा घिउ कमिलाको मुटु कति होला, कहाँ चिनु लाउँ भन्ने प्रश्न गर्दै यसले घिउ बोक्नासाथ यसको आँट वा साहस नै जीउ बन्यो होला भन्दै घिउ कमिलाको शारीरिक बनावटको बयान रोचक ढङ्गमा गरिएको छ । जस्तैः

मुटु कति भनूँ
कहाँ लाऊँ चिनु !
बोक्यो कि त घिउ
आँटै बन्यो जिउ

(**सुनपङ्खी चरी,** पृ. २०)

प्रस्तुत कवितामा बालकले आफूलाई घिउ कमिला जस्तै ठानेको छ । बालक वा बच्चाको सानो इन्द्रियले कति ठुला कुरा थाहा पाएको भनेर बालकको महिमा गाइएको छ । बालकलाई सानो भनेर हेप्न हुँदैन, साना बालक पनि सम्वेदनशील हुन्छन् भन्ने जनाउन घिउ कमिलाको उदाहरण दिएको छ ।

प्रस्तुत कविता पनि कवि उक्तिको प्रयोग गरी रचिएको रचना हो । कीट पतङ्ग अन्तर्गत साह्रै सानो कीट घिउ कमिलालाई देखेर आफ्ना मनमा त्यसका शारीरिक बनावट जस्तै आँखा, खुट्टा, नाक, मुटु कत्रो होला भनेर गरिएको विस्मयपूर्ण प्रश्न र त्यस प्रश्नको उत्तर पनि कविकै तर्फबाट दिइएकोले यसमा कवि उक्तिको प्रयोग गरिएको छ ।

प्रत्येक हरफमा ६-६ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोक लयको प्रयोग यस कवितामा गरिएको छ । र, क, ज, म, न, घ, ल, ब जस्ता वर्णहरूको बारम्बार

पुनरावृत्तिबाट यसको आन्तरिक अनुप्रास र रिउँ, जीउ, घिउ, भनूँ, चिनुजस्ता शब्दको प्रयोगबाट अन्त्यानुप्रास मिलाइएकोले आन्तरिक अनुप्रास र अन्त्यानुप्रासले यसको लयलाई सुमधुर बनाएको छ ।

भाषिक वर्ण योजनामा अनुप्रासीय रम्यता रहेकै छ भने शब्द योजनाका तहमा तद्भव, झर्रा बालकका निम्ति बोध्य शब्दको प्रयोगले गर्दा यसको शैली सरल र सरस बनेको छ । छोटा छरिता, सरल र संयुक्त वाक्य ढाँचाको प्रयोग, सामान्यार्थका साथै विध्यर्थ वाक्यको प्रयोग एवम् वाक्यात्मक पदलोप र पदक्रम विचलनका जुन प्रवृत्तिहरू यसमा पाइन्छन् ती सबैले यस कविताको शैलीलाई बालकोचित रूपमा प्रभावकारी बनाएका छन् । यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ । घिउ कमिला सानो भएपनि बाठो भए जस्तै साना बालकहरु पनि बाठा हुन्छन् भन्ने देखाउनु नै यसको उद्देश्य हो ।

## ४.४.१६ 'घनौटी' बाल कविताको विश्लेषण

कृषि प्रधान ग्रामीण जनजीवनमा घरायसी प्रयोजनका निम्ति बनाइएको घनौटीलाई विषयवस्तु बनाई यो कविता रचिएको छ । घनौटी भन्नाले ढिकी कुट्दा अन्नलाई ढिकीको मुखमा पुऱ्याउन प्रयोग गरिने लठ्ठीमा बाँधिएको कपडाको डल्लो भन्ने बुझिन्छ भने त्यसैका सम्बन्धमा बालकले कवितुल्य भई गरेका विभिन्न कल्पनाहरू यसमा पाइन्छ । घनौटी जस्तो महत्वहीन वस्तुले पनि काम गर्न सक्छ भन्दै घनौटीलाई एउटी टुहुरी, अपाङ्ग बालिकाको रुपमा पनि यसमा चित्रण गरिएको छ । एउटी टुहुरी अपाङ्ग बालिकालाई धनीले नोकर राख्ने ठग्ने, खान दिन्छु भन्ने तर नदिने प्रवृत्तिलाई यसमा चित्रण गर्दै हास्य रसको माध्यमबाट करुण रसलाई यसमा देखाइएको छ । यस कविताको उठानमा त्यस घनौटीलाई मानवीय स्त्री व्यक्तित्व दिइएको छ र त्यसलाई आमा बाबु विनाकी ढिकी च्याउँ गाउँकी गनौटी मान्छेका रूपमा चिनाइएको छ अनि घनौटीसँग लाग् लाग् भन्ने आग्रह गरिएको छ । यस कविताको मध्य भागमा घस्री पस्री हिँड्ने दशवटै औंला डुँडुली र टाउकोमा फेता गुथेर मुडुली परेकी घनौटीको अनौठो रूपको चित्रण गरिएको छ र त्यहाँ पनि घनौटीलाई फेरि लाग् लाग् भन्ने आग्रह गरिएको छ । यस कविताको अन्त्यमा घनौटीलाई सिरौँला कुट्न आग्रह गर्दै त्यसको भारा तिर्ने कुरा मात्र गरौँला भन्दै खानै नपाई खियौटी बनेकी घनौटीलाई लाग् लाग् भनी विश्राम लिइएको छ ।

प्रस्तुत कविता पनि कवि उक्तिकै रूपमा रचिएको रचना हो। यस कवि उक्ति अन्तर्गत ढिकीमा अन्न कुट्दा प्रयोग गरिने घनौटी साधनलाई मानवीय स्त्री व्यक्तित्वका रूपमा चित्रण गर्ने विशिष्ट एवम् विचित्र कल्पना गरिएको छ, अनि त्यसै घनौटीप्रति सम्बोधित उक्तिका रूपमा यो कविता रचिन पुगेको छ ।

प्रत्येक हरफमा सात-सात अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग यसमा गरिएको छ। कविताका प्रत्येक श्लोकको चौथो हरफमा 'लाग् लाग् मेरी घनौटी' स्थायी अंशको प्रयोग गरिएको छ भने यस कविताका दुई-दुई पद र तिन-तिन पदका अन्त्यमा पनि अनुप्रास मिलाई लयोत्कर्ष दिइएको छ। नेपालको गाउँले जनजीवनमा चल्तीमा रहेका झर्रा शब्दको प्रयोग, छोटा छरिता सरल एवम् संयुक्त वाक्यको प्रयोग, सामान्यार्थक, सम्भावनार्थक र विस्मयार्थक वाक्य ढाँचाका प्रयोगका समष्टि सन्दर्भमा यस कविताको भाषाशैली पनि बालकहरूका निम्ति निकै आकर्षक बनेको देखिन्छ। यी सबै कुरालाई हेर्दा यो बाल कविता पनि ६-१० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ । हरेक वस्तुलाई माया गर्नुपर्छ भन्ने कुरा सिकाउनु नै यस कविताको उद्देश्य देखिन्छ।

### ४.४.१७ 'हाम्री बहिनी टुल्की' बाल कविताको विश्लेषण

बालबालिकाको एकोहोरो हेराइलाई विषयवस्तु बनाई त्यस विषयवस्तुको प्रस्तुतिको निम्ति बहिनीको टुल्की हेराईलाई आधार मानेर यो कविता रचिएको छ। यस कविताको उठानमा वक्ताले हाम्री बहिनी टुल्कीका आँखा टल्की टुल्की छन् र त्यो जून वा घामजस्तै गरी कताबाट झुल्की भन्ने विस्मयसूचक प्रश्न उठाइएको छ। त्यो टुल्कीले माकुराको जालोलाई र जालोभरको शीतलाई र अरू सबै चिजलाई पनि नाना, चाचाजस्तै हेर्छे भन्ने वर्णन गरिएको छ। माकुराको जालोमा परेको शीत जस्तै बालकको चञ्चले प्रवृत्तिको चित्रण यसमा छ । बच्चाले एकोहोरो कुनै वस्तु हेर्न सक्दैन । बालकले सबै वस्तु बिर्से पनि आफ्नो मान्छेलाई नबिर्सने कुरा यसमा छ। प्रस्तुत कविताको मध्य भागमा त्यो सानी बहिनी यता हेर्दा हेर्दै उता फर्किदिने र उता फर्कियो कि यताको कुरा बिर्सिदिने गरेको सन्दर्भ उठाइ उसले अरूलाई बिर्से पनि यस कविताको वक्ता 'म' लाई चाहिं नबिर्सने अनि ऊ जता फर्के पनि उसका निम्ति सारा संसार रमाइलो रहने घतलाग्दो कुराको वर्णन गरिएको छ। यस कविताको अन्त्यमा शीतको थोपा जस्तै उसको आँखाको मिठो हेराइको किरण पर्दाखेरी आफूलाई माया लाग्ने

कुराको कथनको वक्ता 'म' को तर्फबाट गरिएको छ । यसरी सानी बालिका बहिनीका हेराइको माधुर्यको जुन विचित्र चित्रण यस कवितामा गरिएको छ, त्यो बालकहरूका निम्ति निकै रोचक देखिन्छ ।

प्रस्तुत कविताको कथन आफूलाई 'म'का रूपमा चिनाउने र बहिनीका सन्दर्भमा समुदायबोधक 'हामी' को स्त्री लिङ्गी षष्ठी विभक्तियुक्त 'हाम्री' भेदक विशेषणको प्रयोग गर्ने प्रथम पुरुष वक्ताका कोणबाट गरिएको छ । त्यसै वक्ताका कोणबाट सानी बालिकाका हेराइको सौन्दर्य र माधुर्यको विचित्र काल्पनिक वर्णन यस कवितामा गरिएको छ ।

प्रत्येक हरफमा बाह्र-बाह्र अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको सुमधुर प्रयोग गरी यो कविता रचिएको छ । 'ब, म, ह, ट, क, र, प' जस्ता वर्णहरूको बारम्बार पुनरावृत्तिले यस कविताको आन्तरिक अनुप्रास मिलाइएको छ भने टुल्की-भुल्की, शीत-चीज, हेरी-खेरि आदि शब्दको प्रयोगले अन्त्यानुप्रास पनि मिलेको देखिन्छ । त्यही आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको व्यवस्थित विन्यासले गर्दा यस कविताको लोकलय श्रुतिमधुर बनेको छ । भुल्की, टुल्की, नाना, चाचा जस्ता बाल शब्दको प्रयोगले यस कविताको भाषाशैलीलाई बाल संवेद्य बनाएको छ । छोटा छरिता खालका संयुक्त र मिश्र वाक्य ढाँचाका वाक्यको प्रयोग यस कवितामा पाइन्छ ।

उपमेय बहिनीलाई जून घामको उपमान र जालो र जालो भरिको शीतलाई 'नाना', 'चाचा'को उपमान, आँखाको हेराइलाई शीतको थोपाको उपमान दिई यस कवितामा उपमा अर्थालङ्कारको सौन्दर्य पनि भरिएको छ । अन्य कविताको तुलनामा यस बाल कविताको वाक्य गठन, गीत र लय लामा भएकाले यो कविता १०-१४ वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ । बालबालिका घाम जून जस्तै राम्रा हुन्छन् भन्ने कुरा देखाउनु यस कविताको उद्देश्य देखिन्छ ।

### ४.४.१८ 'गुनुगुनु माहुरी' बाल कविताको विश्लेषण

**गुनुगुनु माहुरी** शीर्षक बाल कविता माहुरीका बथानलाई विषयवस्तु बनाएर रचिएको छ । यस कविताको उठान 'गुनु गुनु' गीत गाउने माहुरी प्रति सुनूँसुनूँ लाग्ने कस्तो गीत गाउँछयौ भन्ने सम्बोधन मूलक उक्तिबाट भएको छ । यस कविताको मध्य भागमा यसै

प्रश्नको उत्तरमा माहुरीले बोलेर दिएको उत्तर जस्तो लाग्ने कुरा प्रस्तुत गरिएको छ र त्यहाँ माहुरीका तर्फबाट ऊ फूलको बोटमा डुल्ने, उसका ओठमा मह रहने, उसले अरूको गुन गाउने र ऊ आफू पनि गुन लाउने कुरा झल्काइ त्यस्तै-त्यस्तै गीत गाउँदै वक्ताका तर्फबाट फेरि माहुरीलाई गुनुगुनु गर्दै आउ भनी आह्वान गरिएको छ। यस कविताका अन्त्यमा वक्ता 'म' ले आफ्ना घरका जहान पनि सबैको बयान गर्दछन्, अरूको कुरा काट्दैनन् र आफ्नो कुरा ढाँट्दैनन् भन्दै यही कुरो गुनगुनु गाउँदै माहुरीलाई जान आग्रह गरेको पाइन्छ। यसरी माहुरी गुनिलो भएजस्तै मनुष्य पनि गुनिलो हुनुपर्छ भन्ने अर्थ प्रत्यक्ष रूपमा झल्काउने सामर्थ्य यस कवितामा देखाइएको छ र त्यो यसको महत्वपूर्ण पक्ष हो। जस्तैः

हाम्रो घरको जहान<br>
गर्छन् सबको बयान<br>
अरुको कुरा काट्दैनन्<br>
आफ्नो कुरा ढाँट्दैनन्।

(**सुनपङ्खी चरी,** पृ. २३)

प्रस्तुत पङ्क्तिहरुमा माहुरीका तर्फबाट बालकलाई सम्बोधन गर्दै हामी माहुरीले त अरुको कुरा काट्ने र अरुलाई ढाँट्ने काम गर्दैनौं भने तिमीहरुले पनि अरुको कुरा काट्ने र अरुलाई ढाँट्ने काम नगर भन्ने उपदेश पनि दिएको छ। महान मानिस हुनका लागि बालकलाई पहिल्यै त्यसको संस्कार बसाल्नु पर्छ। त्यसो भएमा मात्र उनीहरु अर्काको गुन गाउन र आफ्नो गुन लाउन सिक्छन्।

प्रस्तुत कविताको उक्तिढाँचा प्रथम पुरुष 'म' का कथनमा आधारित देखिन्छ र त्यो 'म' वक्ता कविका साथै कवि कल्पित 'म' बालकका रूपमा पनि देखिन्छ, अनि त्यसै 'म' का उक्तिको कोण माहुरीका निम्ति पनि प्रयोग गरिएको छ। 'म' को समुदायबोधक 'हामी' को सम्बन्धबोधक एकवचन 'हाम्रो' विशेषणको समेत प्रयोग गरिएको हुँदा यो कविता प्रथम पुरुषीय उक्तिकै रूपमा रचिन पुगेको देखिन्छ।

प्रस्तुत कवितामा प्रयोग गरिएको जुन लोक लय हो त्यस अन्तर्गत लोकगीतमा जस्तै अन्तरा र स्थायीको विधान पनि मिलाइएको छ भने अन्त्यानुप्रासीय योजनाजन्य श्रुति माधुर्यबाट पनि त्यो लोकलय संवृद्धिपूर्ण बनेको छ। छोटा छरिता मिठा र बालकहरूले सजिलै बुझ्न सक्ने खालका झर्रा तद्भव शब्दको प्रयोगका साथै 'आउरी-जाउरी' जस्ता बाल शब्द

अनि गुनु-गुनु जस्तो अनुकरण शब्द आदिको प्रयोगका समष्टि सन्दर्भमा यस कविताको शैली बालकहरूका निम्ति सुरम्य र आकर्षक बनेको देखिन्छ। माहुरीको आवाज नै गुनुगुनु छ। गुनुगुनु आवाज भएको हुनाले अनावश्यक अरुको निन्दा गर्ने बानी उसमा बस्दैन। यी सबै कुरालाई हेर्दा यो बाल कविता पनि ६-१० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ। माहुरीको गुनगुनु आवाज मिठो भएजस्तै बालबालिकालाई पनि मिठो र प्यारो लाग्ने कुरा बोल भनेर सिकाउनु नै यसको उद्देश्य देखिन्छ।

## ४.४.१९ 'आभ्भुइ, आभ्भुइ, आभ्भुइ' बाल कविताको विश्लेषण

**आभ्भुइ, आभ्भुइ, आभ्भुइ** शीर्षक बाल कविता मुकुण्डो लगाइ अभिनय गर्ने मान्छे देख्दा बालकका मनमा पैदा हुने आश्चर्यलाई विषयवस्तु बनाई रचिएको छ र त्यसै आश्चर्यलाई 'आभ्भुइ, आभ्भुइ' शब्दबाट व्यक्त गरिएको छ। यस कविताको सुरुमा आँ-आँ गरी मुख बाएको र खाँ खाँ गर्दै खान लागेजस्तो गरी आउन लागेको मुकुण्डो धारीलाई देख्दा बालकहरूका मनमा पैदा भएको भय मिश्रित आश्चर्य व्यक्त गरिएको छ। बालकले रमाइलो वस्तुबाट मात्र मनोरञ्जन लिने होइन, डरलाग्दो वस्तुबाट पनि मनोरञ्जन लिन सक्छ। बालकलाई डरलाग्दो वस्तुबाट पनि मनोरञ्जन लिन सकोस् भन्ने सिकाउन यहाँ मकुण्डो लगाएर नाचेको नाचलाई देखाइएको छ।

त्यसपछि यस कवितामा मुकुण्डोधारीका शारीरिक स्वरूपको बयान गर्दै त्यसको मुखको दुबैतिर लामा लामा दाह्रा भएका, त्यसको शिर चाहिँ राक्षसको जस्तो र शरीरचाहिँ मानिसको जस्तो भएको र जिब्रो चाहिँ कसैको रगत चाटेजस्तो गरी रातो-रातो देखिएको कुराको चित्रण गरिएको छ। सो मुकुण्डोले यस कविताका वाचकको रूपमा रहेका हामी बालकको रगत पनि चाट्न आँट्यो जस्तो अनुभव भएको सन्दर्भमा त्रास मिश्रित आश्चर्य प्रकट गरिएको छ। यस कविताको अन्त्यमा त्यसलाई मुकुण्डोमात्र मानौं भने त्यसले स्वाँ-स्वाँ स्वास फेरेको र नाकका फोरा फुराई रिसले फ्वाँ-फ्वाँ गरेको कुराको चित्रण गरी सोही सन्दर्भमा नै फेरि भय मिश्रित आश्चर्य व्यक्त गरिएको छ। यो निर्जीव मकुण्डो हो वा सजीव राक्षस हो भनेर बालकको मनमा द्विविधा परेको छ। जस्तैः

लामा लामा दाह्रा मुखको दुबैतिर
मानिसको शरीर, राक्षसको शिर

(**सुनपङ्खी चरी,** पृ. २४)

प्रस्तुत कविताको उक्ति वक्ता 'हामी'का तर्फबाट गरिएको छ र सो 'हामी'ले बाल समुदायको प्रतिनिधित्व गरेको छ । त्यसैले यो कविता कविद्वारा उभ्याइएका हामीका कोणबाट गरिएको उक्तिका रूपमा रचिन पुगेको छ । त्यो उक्ति मुकुण्डो धारण गरेको व्यक्तिका अभिनय एवम् गतिविधिका दृश्यको चित्रणबाट र बालकका भयमिश्रित आश्चर्यपूर्ण अनुभवका चित्रणबाट समान्वित भई निकै प्रभावकारी बनेको छ ।

प्रस्तुत कविताको प्रत्येक हरफमा बाह्र अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग गरिएको छ र त्यसका दुई-दुई हरफका अन्तरा र 'आभ्भुइ-आभ्भुइ' भन्ने स्थायीले बनेका जम्मा चार श्लोकका समष्टिमा यो कविता पूर्ण भएको छ । लोकलयात्मक अभिव्यक्तिमा जस्तै आन्तरिक तथा अन्त्यानुप्रासको प्रयोगद्वारा यस कविताको लयगत माधुर्यलाई तीव्र बनाएको छ । सजिला, रसिला झर्रा तद्भव शब्दका साथै आँ-आँ, खाँ-खाँ, आभ्भुइ जस्ता अनुकरणात्मक शब्दको प्रयोगले यस कविताको शैलीलाई बालकहरूका निम्ति निकै घतलाग्दो बनाएको छ । यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ । डरलाग्दो वस्तुबाट पनि मनोरञ्जन लिन सिक्नुपर्छ भन्ने कुरा देखाउनु नै यस कविताको उद्देश्य देखिन्छ ।

## ४.४.२० 'घामका छोराछोरी' बाल कविताको विश्लेषण

गामका छोराछोरी वा बालक र घामका छोराछोरी वा किरणलाई समानान्तर विषयका रूपमा चित्रण गरी यो कविता रचिएको छ । यस कविताको प्रारम्भमा जसरी गाउँका छोराछोरी फूल फुलेको तोरी बारीमा दिनभर खेल्छन्, त्यसै गरी घामका छोराछोरी वा किरणहरू ती फूलमा खेल्ने नभई डुल्छन् क्यारे भन्ने विस्मयपूर्ण चित्रण गरिएको छ । यस कविताका मध्य भागमा गामका छोराछोरी चाहिँ कैले हाराहारी र कहिले लुकामारी खेल्छन् भने घामका छोराछोरी चाहिँ रङ्ग खेल्छन् क्यारे भन्ने विस्मयपूर्ण कल्पना गरिएको छ । गामका छोराछोरीले भुइँमा खेले पनि जीउमा धुलो नभएको सन्दर्भमा घामका छोराछोरी चाहिँ किरण हुन कि क्यारे भन्ने समाधानमूलक विस्मयको चित्रण गरी यो कविता टुङ्ग्याइएको छ । यस कवितामा प्रकृति निरीक्षण गरिएको छ । मानिसको छोराछोरी चाहिँ दिनभरि खेलेपछि उनीहरुको शरीरमा धूलो हुने तर घामका छोराछोरी चाहिँ दिनभरि तोरीबारीमा खेलेपनि धूलो नहुने अनि मानिसका छोराछोरी मात्र होइन, घामका छोराछोरी पनि खेल्छन् भनेर आश्चर्य प्रकट गरिएको छ । यसै

गरी  गाउँका छोराछोरी कुनै एउटा सानो ठाउँमा खेल्छन् भने घामका छोराछोरी धरतीभरि वा संसारभरि खेल्छन् तर पनि तिनका शरीरमा दाग वा धूलो हुँदैन भन्दै बालकलाई पनि घामका छोराछोरी जस्तै वेदागी बन वा जीवनमा राम्रो काम गर, कलङ्क रहित बन भनेर अर्ती उपदेश पनि दिएको छ । प्रकृतिको सजीव रुपको चित्रण यस बाल कवितामा गरिएको छ । प्रकृतिलाई पनि मानवकै रुपमा हेरेर बालकले खेल्ने गरेको कुरा देखाउनु नै यस कविताको उद्देश्य
देखिन्छ ।

प्रस्तुत कवितामा पनि कवि उक्तिकै प्रयोग छ र त्यो उक्ति तृतीय पुरुष 'घामका छोराछोरी'प्रति लक्षित छ । त्यस क्रममा गामका छोराछोरी र घामका छोराछोरीको समानान्तर चित्रण गर्ने अनि तिनका खेलाइ र डुलाइका समता र विषमता झल्काइ त्यस समानान्तरतालाई झन चमत्कारपूर्ण बनाउने र सिङ्गै कवितालाई आश्चर्यमूलक उक्तिको रूपमा परिणत गर्ने विचित्र उक्ति कौशलबाट यो कविता ओतप्रोत हुन पुगेको देखिन्छ । प्रस्तुत गामका छोराछोरीद्वारा अप्रस्तुत बालबालिकाको बोध गराउने र प्रस्तुत घामका छोराछोरीद्वारा अप्रस्तुत किरणको बोध गराउने अप्रस्तुत विधानको सौन्दर्यपूर्ण प्रयोग यस कवितामा भएको छ र त्यो बालकहरूका निम्ति अत्यन्त आकर्षक बनेको छ ।

प्रत्येक हरफमा ६-६ अक्षरको समानुपातिक वितरण गरिने त्यस लोकलयको प्रयोग यसमा गरिएको छ; जसमा गामका छोराछोरी र घामका छोराछोरी जस्ता थेगोको पुनरावृत्तिपूर्ण प्रयोग गरी लयगत संगीतलाई तीव्रता दिइएको छ । यी सबै कुरालाई हेर्दा यो बाल कविता पनि ६-१२ वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ ।

## ४.४.२१ 'लहै खेली खेली' बाल कविताको विश्लेषण

**लहै खेली खेली** शीर्षक बाल कविता नेपाल राष्ट्र निर्माणको भावनालाई विषयवस्तु बनाई रचिएको छ । यस कविताको प्रारम्भमा सबै हेलीमेली खेलीखेली ठाउँ ठाउँमा थुम्की र सगर छुने भावनाकासाथ डाँडा काँडा नागवेली दौडाइ हामी नेपाल बनाऔं भन्ने भावना व्यक्त गरिएको छ । यस कविताको मध्य भागमा काली मेचीका लहराजेली नेपालको निर्माण गरौं भन्ने भावना प्रकट गरिएको छ । यस कविताका अन्त्यमा नेपालको फूलबारीलाई गोडीमेली सजाऔं भन्ने इच्छा व्यक्त्याइएको छ । यसरी सबै मिली नेपालको चौतर्फी विकास गर्नुपर्छ

भन्ने भावना व्यक्त गर्ने देश भक्तिपूर्ण कविताका रूपमा यो लहै खेली खेली, रचिन पुगेको छ । यो बाल कविता राष्ट्रिय गीतका रुपमा देखिन्छ । राष्ट्र बनाउन एउटाले मात्र सक्दैन, मेलमिलाप गरेर सबैले बनाउनु पर्छ भन्ने भाव यसमा पाइन्छ । खेलबाट बालकको रुची थाहा हुन्छ । बच्चाहरुको खेलबाट सिर्जनाको पूर्व रुप थाहा हुन्छ । आज फूलमा धूलोमा रेखा कोरेर खेलीरहने बालक भोलि इन्जिनियर, चित्रकार बन्न सक्छ । आज गिलो माटो लिएर नेपालको महान् चित्र बनाउने बालक भोलि देशको भविष्यको निर्माण गर्न सक्छ । यस कवितामा नदीका लहरहरु बगेको देखाएर, हाम्रा नागबेली बुट्टाहरु वा एउटा पहाड अर्को पहाडसँग गाँसिएको देखाएर बालकलाई माटोमा औंला राखी वा नयाँ किसिमको सिर्जना गरेर नेपाल बनाउन सिकाएको छ । आफ्नो देश आफैंले बनाउनु पर्छ र सबै जना मिलेर देश बनाउनुपर्छ भनेर यसमा 'लहै' भनेर सबैलाई सम्बोधन गरेको छ ।

प्रस्तुत कवितामा प्रथम पुरुष बहुवचन हामीका तर्फबाट गरिएको उक्तिको प्रयोग छ । त्यस उक्ति अन्तर्गत नेपाल निर्माणका इच्छाको सुमधुर प्रस्तुति गरी यस कविताको उक्ति संरचनालाई आकर्षक बनाइएको छ ।

प्रत्येक हरफमा ६-६ अक्षरको वितरण गरिने नेपाली लोकलयको अनुप्रासीय माधुर्ययुक्त प्रयोग, झर्रा सुबोध्य तद्भव शब्दको परिचालनका साथ साथै यी मध्येका कतिपय द्वित्व प्रयोगका समष्टि सन्दर्भमा यस कविताको शैली पनि बालकहरूका निम्ति निकै आकर्षक बनेको देखिन्छ । यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ ।

## ४.४.२२ 'सिपालु हो माकुरो' बाल कविताको विश्लेषण

**सिपालु हो माकुरो** शीर्षक बाल कविता माकुराको जालो बुन्ने सीपलाई विषयवस्तु बनाई रचिएको छ । यस कविताका प्रारम्भमा राम्रो जालो बुन्ने माकुरो सिपालु हो भन्ने कुराको सन्दर्भ दिई हातमा सीप भए के कुरो रचिंदैन र भन्ने शाश्वत सत्यको अभिव्यक्ति दिइएको छ । माकुरोले जालो बुनेको देखेर कीरा, फट्याङ्ग्रामा त नयाँ कुरा निर्माण गर्ने क्षमता हुन्छ भने मानिसमा त नहुने कुरै भएन भन्ने कुरालाई यस कवितामा देखाइएको छ । माकुरोले पेटबाट धागो निकालेर जालो बुनेझैं कविले कविता लेख्ने र चित्रकारले चित्र बनाउने भित्री मनबाट आए पछि मात्र हुन्छ । यस कविताको मध्य भागमा जसरी माकुराले

पेटको रेसम झिकी जालो बुन्छ, त्यसै गरी चेतनाको अक्कल झिकेर जाली रुमाल बुनी दिउँ कि भन्ने विस्मयपूर्ण इच्छा यस कविताका बाचकले प्रकट गरेको छ। सोही सन्दर्भमा भित्र जे कुरो हुन्छ बाहिर पनि त्यही कुरो हुन्छ भन्ने शास्वत सत्य झल्काइएको छ। प्रस्तुत कविताको अन्त्य भागमा जसरी शीतै शीत पर्नाले माकुराको जालो राम्रो देखिन्छ त्यसरी नै बुट्टै बुट्टा भर्नाले जाली रुमाल पनि अझै राम्रो देखिन्छ भन्दै मनले जे कुरो छुन्छ त्यो राम्रो हुन्छ भन्ने सार्वभौमसत्यको कथन गरिएको छ। यी कुराको कथन प्रथम पुरुष वक्ताका कोणबाट गरिएको छ र त्यो कथन कवि उक्तिकै रूपमा आएको छ। त्यसैले यो सिङ्गो कविता कवि उक्तिका रूपमा रचिन पुगेको छ र त्यस अन्तर्गत माकुराको जालो बुनाइ र मान्छेका रुमाल बुनाइका समानान्तर सन्दर्भ दिई सीप, चेतना र मनका सौन्दर्यको शाश्वतता झल्काइएको छ। बालबालिकालाई  सिपालु बन भनेर सिकाउनु नै यस कविताको उद्देश्य हो।

प्रत्येक हरफमा चौध अक्षरको समानुपातिक वितरण गरिने नेपाली झ्याउरे लयको सुमधुर प्रयोग गरी यो कविता रचिएको छ। यस कवितामा दुई-दुई हरफका अन्त्यमा मिलाइएको अनुप्रासका साथै कविताभर व्याप्त रहेको वर्णानुपूर्वी वितरणमा आधारित आन्तरिक अनुप्रासले यसको लयगत माधुर्य बढाउनुका साथै शैलीगत सौन्दर्यलाई पनि संवृद्ध पारेको छ। सरल, सरस र छरिता तद्भव शब्दको प्रयोगका साथै छोटा छरिता वाक्यको विनियोजन पनि गरिएकोले यस कविताको शैली बालकहरूका निम्ति सु संवेद्य बनेको देखिन्छ। त्यसै गरी राम्रो जालो बुन्ने माकुरो सिपालु हो भन्ने विशेष अर्थलाई हातमा सीप भए के कुरो रचिँदैन र भन्ने सामान्य अर्थद्वारा पुष्टि गरिएको हुँदा यस कवितामा अर्थान्तरन्यास अलङ्कारको पनि रमणीय प्रयोग हुन पुगेको पाइन्छ। यी सबै कुरालाई हेर्दा यो कविता पनि ११-१४ वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ।

### ४.४.२३ 'भुक्के कुकुर' बाल कविताको विश्लेषण

**भुक्के कुकुर** शीर्षक बाल कविता कुकुरको बोली तथा त्यसको स्वभावलाई विषयवस्तु बनाएर रचिएको छ। यस कविताको थालनीमा कहिले भुक्क पर्ने र कहिले भुक्भुक् भुक्ने र जस्तो स्वर सुन्छ त्यस्तै भुक्ने कुकुरका रूपमा भुक्के कुकुरलाई चिनाइएको छ। यसपछि त्यस भुक्के कुकुरका स्वाभाविक गतिविधिलाई क्रमशः चित्रण गरिएको छ। त्यस क्रममा पुच्छर

हल्लाइ-हल्लाइ भुक्के खुसी हुन्छ भन्दै त्यसले टाढैबाट सुँघी कस्तो मान्छे आयो भन्नेबारे थाहा पाई असल मान्छे आए स्वागत गर्न पुग्छ भनिएको छ । जस्तैः

पछिल्तिरबाट पुच्छर हल्लाईहल्लाई
खुशी हुन्छ भुक्के, थाहा हुन्छ कल्लाई

(**सुनपङ्खी चरी,** पृ. २९)

यसपछि त्यो कुकुर खुट्टा माथि च्यापू राखेर निदाए जस्तो गरेपनि आफू चनाखो भई चियो गरिरहन्छ भन्दै त्यसले आउने मान्छेलाई टाढैबाट देख्छ र खराब मान्छे आएको भए त्यसले ठाडै टोक्न पुग्छ भन्ने चित्रण गरिएको छ । यस कविताका अन्त्यमा भुक्के कुकुरको वर्णन गर्ने वक्ता 'म' ले आफूले गर्ने गाली भुक्केले नै भुकी दिने, आफूले कसैमाथि पोख्नुपर्ने रिस उसैले पोखिदिने अनि आफ्ना वैगुन बोकेर त्यो भुक्के उही वक्ता 'म' कै ढोका ढुक्ने कुरा प्रस्तुत गर्दै त्यो भुक्के देख्दै डरलाग्दो छ र त्यसको मुख बाघको जस्तो छ भन्ने बयान गरिएको छ । यसरी एउटा कुकुरका भुकाइ, स्वाभाविक चलाखी, गुन र रूप आकृतिको जुन वर्णन यस कवितामा गरिएको छ त्यो बालकहरूका निम्ति निकै रोचक बनेको देखिन्छ । कुकुरको गुनी स्वभावलाई देखाउँदै बालकलाई पनि असल बन्न सिकाउनु नै यस कविताको उद्देश्य देखिन्छ ।

वक्ता 'म' का तर्फबाट गरिएको वर्णनात्मक उक्तिको रोचकता, आन्तरिक अनुप्रास र अन्त्यानुप्रासबाट समेत सुमधुर पारिएको बाह्र अक्षरे नेपाली लोक लयका प्रयोगको मिठास, भाषिक सरलता एवम् सरसता यस कविताका पनि विशेषता हुन् भने कुकुरका बोली, आनीबानी, स्वभाव एवम् रूप आकृतिको मूर्त यथार्थ वर्णनमा नै मिसिएको कुकुर प्रतिको मानवीय संवेदनाको अभिव्यक्ति यस कविताका वैशिष्ठ्य हुन् । यो कविता पनि ११ देखि १४ वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ ।

## ४.४.२४ 'बुख्याचा' बाल कविताको विश्लेषण

**बुख्याचा** शीर्षक बाल कविता किसानले खेतबारीमा चराचुरुङ्गी र जनावरले बाली नखाओस् भनेर मानिसको आकृति बनाएर राखेको बुख्याचालाई विषयवस्तु बनाएर रचिएको छ । भूमिसुधार आउनुअघि तल्सिङ र मोहीको बिचको सम्वादलाई यसमा खेतधनी र बुख्याचाको प्रतीकका रुपमा व्यक्त गरिएको छ । यस कविताको थालनी, खेत धनी र बुख्याचा बिचको कुराकानीबाट भएको छ । खेतधनीले खेतमा साँढेले बाली खाएको तर बुख्याचा

हेरिरहेको देखेर 'साँढेले बाली खाइरहेछ तैंले के हेरिस्' भनेर प्रश्न गरेकोबाट भएको छ भने बुख्याचाले पनि प्रत्युत्तर दिंदै साँढेलाई झुक्याउन खोजेका थियौ तर त्यसले नै उल्टै तिमीलाई झुक्याउँदै बाली खाइरहेछ भनेको छ । त्यसपछि फेरि बुख्याचाले जवाफ दिंदै लाटो कोसेरोले घाँटी चारैतिर घुमाउँदै खेतका बाली हेरेको र त्यो कानको बहिरो भएपनि एकोहोरो आँखा हेरेकाले त्यसले धान खाला भनेर हेरेर बसेको थिएँ उता साँढेले धान खाएछ भनेर रमाइलो जवाफ दिएको छ । त्यसपछि फेरि खेत धनीले बुख्याचालाई साँढेले बाली खाइरहेछ तँ के हेरेर बसिस् ए बुख्याचा भनेर प्रश्न गर्छ र बुख्याचाले तिमीले हातमा गुलेली, शिरमा टोप छतरी त दियौ तर हात नै नचलेपछि मैले कसरी बाण हानूँ भन्दै खेतधनीलाई रमाइलो उत्तर दिंदै पशुले पनि त्यो झूटो मान्छे हो भनेर बुझेको छ भन्दछ; जस्तैः

हातमा दियौ गुलेली शिरमा टोप छतरी
किन्तु हातै चलेन वाण हान्नु कसरी
झूटो मान्छे हो भनी पशुले नि बुझ्या'छ

(**सुनपङ्खी चरी,** पृ. ३१)

यस कविताको अन्त्यमा फेरि खेत धनीले साँढेले बाली खायो तैंले के हेरिस् भनेर गरेको प्रश्नमा बुख्याचाले तिमीले मलाई खेत कुर्न त लगायौ तर खेतचाहिँ मलाई दिएनौ र यो खेत तेरै हो राम्रोसँग हेर्नू भनेर चेत पनि दिएनौ, तिमीले मलाई झुक्याएको हुनाले मेरो चित्त दुख्या छ भनेर फेरि रमाइलो उत्तर दिएको छ । मोहीको प्रतीकको रुपमा बुख्याचालाई उभ्याएर सधैंभरि तल्सिङले मोहीलाई ठगेर झुक्याएर खाँदै आएकोमा अब मोहीहरु पनि बाठा भइसके र सधैंभरि निर्जीव बुख्याचा जस्तो बनेर तल्सिङ्को अत्याचार सहेर बस्न सक्दैनन् भन्ने कुरालाई यसमा देखाइएको छ । यसै गरी मोहीहरु सोझा छन् उनीहरु अधिकार खोज्न सक्दैनन् भनेर हेपेर राखिएकाले अचानक अधिकार खोजेको कुरापत्ति यसमा छ । त्यसपछि फेरि खेतधनीले बुख्याचालाई गाली गर्दै बाली साँढेले खायो तँ के हेरेर बसिस् ए बुख्याचा भन्ने प्रश्न गरेको छ र यो कविता टुङ्गिएको छ ।

प्रस्तुत कवितामा सम्वादात्मक उक्ति ढाँचाको प्रयोग गरिएको छ र त्यो सम्वाद कवि उक्ति अन्तर्गत तृतीय पुरुष पात्र किसान र बुख्याचाबिच भएको छ । खेतमा बाली कुर्न राखेको बुख्याचा र खेत धनीबिच साँढेले बाली खाइरहँदा पनि तैंले के हेरेर बसेको थिइस् भनेर गरिएको प्रश्न कविकै तर्फबाट खेतधनी तृतीय पुरुषपात्रका माध्यमबाट गरिएको छ । बुख्याचा र खेतधनी बिचको साँढेले बाली खाएको र बुख्याचाले हेरेर बसिरहेको देखेर किसानले रिसाउँदै

गरेको प्रश्न र बुख्याचाले 'मानिसले मात्र होइन पशुले पनि झुटो मान्छे भनेर मलाई चिनेको छ । त्यसैले नचल्ने हातमा बाँण राखिदिएर कसरी साँढे धपाउँ' भनेर रमाइलो जवाफ दिएबाट यस कविताको उक्ति प्रत्युक्तिमूलक, संरचना ज्यादै रोचक बनेको छ । सबै प्राणीलाई उसले पाउने अधिकार दिनुपर्छ भनेर सिकाउनु नै यसको उद्देश्य देखिन्छ ।

कविले आफ्नो घर नजिकैको ज्यापूको बारीमा बुख्याचा बनाएर राखेको दृश्यदेखेपछि भूमिसुधार आउनु अघिको मोही र खेत धनीको घटनालाई सम्झेर यो कविताको रचना गरेका हुन् (घिमिरे, २०७१) । प्रस्तुत कवितामा प्रत्येक हरफमा चौध-चौध अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोक लयको प्रयोग गरिएको छ । त्यस लोकलयमा आधारित पंक्तिहरू खेतधनी र बुख्याचाका पारस्परिक संवादात्मक उक्तिका रूपमा प्रयुक्त छन् भने खेतधनीका तर्फबाट गरिएको 'बालि खायो साँढेले के हेरिस् ए बुख्याचा' चाहिँ यस कवितामा लोक लयात्मक स्थायी अंशका रूपमा प्रयुक्त छ । सुरुमा खेतधनीका तर्फबाट र त्यसपछि बुख्याचाका तर्फबाट गरिएको उक्तिका एक-एक हरफे लयात्मक उद्गारको प्रयोग यसमा गरिएको छ भने त्यसपछिका तीनवटा चतुष्पदीहरूमा प्रत्येकका तिन हरफ बुख्याचाको उद्गारका रूपमा र अन्तिम एक हरफ खेतधनीका उद्गारका रूपमा प्रयोग गरी यस कविताको लयढाँचालाई विशिष्ट बान्की दिइएको छ । आन्तरिक अनुप्रासका साथै अन्त्यानुप्रासको माधुर्य पनि उक्त लयढाँचामा निहित छ । सजिला, रसिला र छरिता नेपाली शब्दको प्रयोग, छोटो छरितो प्रकारक वाक्यढाँचा र तिनमा निहित सामान्यार्थका साथै विध्यर्थ, प्रश्नार्थ र सम्बोधनार्थको विविधता, वाक्यगत पदक्रमको विचलन र पदलोपगत प्रवृत्ति समेतका समष्टि सन्दर्भमा यस कविताको शैली ११ देखि १४ वर्ष उमेर समूहका बालकका निम्ति बोध्य एवम् प्रभावकारी बनेको छ ।

### ४.४.२५ 'भोलि पर्सि' बाल कविताको विश्लेषण

मानवीय पारिवारिक नाता सम्बन्धसँग सम्बन्धित मार्मिक संवेदनालाई विषयवस्तु बनाइ यो कविता रचिएको छ । आमा र भाइबिचको सम्बादात्मक शैलीमा रचिएको यस कविताको थालनी भाइ पात्रले आफ्नी आमालाई दिदी कहिले फर्केर आउँछिन् भनेर गरिएको प्रश्न र आमाले दिदी भोलि-पर्सि आउँछे भनेर दिएको उत्तरबाट भएको छ । यस कविताको मध्य भागमा भाइले कोरीबाटी, राम्रो टीका लाएर हाम्री दिदी कहाँ गइन्, अब त उनको मुख नै बिर्सेर जान लाग्यो भन्दै फेरि अर्को जिज्ञासा राख्दा आमाले दिदी भोलि-पर्सि आउँछे भन्दै

जवाफ दिएको पाइन्छ। त्यस क्रममा आमाले दिदी बतासिसत खेलिरहन्छे खोलासित बोलिरहन्छे, आफैंलाई आफै बिर्सिरहन्छे र ऊ भोलि-पर्सि आउँछे भनी भाइलाई फुल्याएको मार्मिक प्रसङ्ग व्यक्त भएको छ र त्यहाँ भाइकी दिदी र आमाकी छोरी चाहिँ बतास एवम् खोलासित मिसिएको सन्दर्भ मार्फत सो दिदी छोरीको मृत्यु भएको अप्रस्तुत अर्थ पनि व्यञ्जित भएको छ; जस्तैः

नरोऊ आमा ! आँसु बर्सी
दिदी आउँछिन् भोलिपर्सि

(**सुनपङ्खी चरी,** पृ. ३२)

भाइपात्रले आमासँग मलाई दिदी भोलि-भोलि आउँछे भन्छ्यौ तर तिमी आफूचाहिँ रोइरहन्छ्यौ भन्दै आमालाई आँसु बर्साएर नरुन आग्रह गर्दै शान्त्वना दिएको पाइन्छ । यसरी भाइको बितिसकेकी दिदीप्रतिको जिज्ञासा र आमाकोचाहिँ वितिसकेकी छोरीको सम्झनाका पीडाका साथै बालक छोरा प्रतिको दायित्व समेतको जटिल मानवीय नाता सम्बन्धगत सम्वेदनालाई यस कवितामा साह्रै सरल ढङ्गले व्यक्त गरिएको छ ।

प्रस्तुत कविता भाइ र आमाबिचको सम्वादात्मक उक्ति शृङ्खलाको प्रयोग गरी रचिएको छ । त्यस क्रममा यस कवितामा भाइका कथन तिन पटक र आमाका कथन पनि तिन पटक आएका छन् भने भाइले प्रश्न गर्ने र आमाले उत्तर दिने अनि आमाका उत्तरमा चित्त नबुझी भाइले व्यक्त गरेको प्रतिक्रिया समेतको आन्तरिक शृङ्खला यस कविताका उक्तिढाँचामा पाइन्छन् । त्यसै गरी कथ्य अर्थलाई सोझै प्रस्तुत नगरी 'बतास', 'खोला', जस्ता विम्बको प्रयोगद्वारा अप्रस्तुत विधान मार्फत झल्काउने र त्यस अप्रस्तुत विधानलाई बालकका निम्ति कठिन नभई सरल नै तुल्याउने विशिष्ट कौशल कविले यस कवितामा देखाएका छन् ।

प्रत्येक उद्‌गारमा आठ-आठ अक्षरको समानुपातिक वितरणमा रचिने नेपाली लोक लयको प्रयोग यस बाल कवितामा गरिएको छ । यस कविताका त्यस लयढाँचा अन्तर्गत 'दिदी आउँछे भोलि-पर्सि' भन्ने उद्‌गार स्थायीका रूपमा प्रयुक्त छ भने यसका मुख्य तिनवटा चतुष्पदी अन्तर्गतका बाँकी तिन हरफ अन्तराका रूपमा प्रयुक्त छन् । आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको भाषिक लयगत रम्य माधुर्य, सम्वादात्मक प्रश्नोत्तरमूलक उक्तिको विचित्रता, सजिला छरिता र रसिला शब्दको प्रयोगगत नर्तन, छोटा र सुबोध्य वाक्यहरूकै प्रयोगका

समष्टि सन्दर्भमा यस कविताको शैली ६-१० वर्ष उमेर समूहका बालकहरूका निम्ति सुबोध्य रही उपयुक्त बनेको छ । मानवीय संवेदनालाई देखाएर बालकलाई पनि सुख, दुःख आत्मसात् गर्नुपर्छ भनी यस कविताले सिकाएको छ ।

### ४.४.२६ 'कति ठूलो संसार' बाल कविताको विश्लेषण

विशाल संसार र यसमा रहेको पानीको गतिशीलताको विचित्रतालाई विषयवस्तु बनाई यो कविता रचिएको छ । यस कविताको माध्यमबाट बालकलार्य विश्व चिनाउन खोजिएको छ । खोला वा नदी जहाँ जान्छ, केटी पनि पानी सँगसँगै गएको देखाएर बालकलाई प्रकृतिको साथमा हिँडाउन खोजेको छ । बालकलाई चलाखी गरेर प्रकृतिसँग हिँडाएको छ । यस विषय वस्तुलाई एउटी केटीले पानीको गतिशीलतालाई धारो र खोला हुँदै पच्छ्याएको र त्यो गतिशीलता बढ्दै गई गङ्गा हुँदै सागरसम्म पुग्ने गरेको बृहत सन्दर्भमा पुऱ्याई व्यक्त गरिएको छ। धारो खोलालाई भेटेपछि हराएको, खोला गङ्गामा विलीन भएको र गङ्गा सागरमा मिसिएपछि हराउन पुगेको रोचक विषय सन्दर्भसँगै यस ठुलो संसारमा धेरै गङ्गा छन् र ती गङ्गालाई सागरसँग भेट गर्ने हतारो भए जस्तै सबैलाई भेट्न सबैलाई हतारो छ भन्ने सत्यलाई पनि बालकले बुझ्ने गरी व्यक्त गरिएको छ । यस विषयलाई प्रस्तुत कवितामा कविकै तर्फबाट गरिएको क्रमबद्ध वर्णनात्मक उक्ति ढाँचामा बाँधि व्यक्त गरिएको छ; जस्तैः

हराइ गए गङ्गा सागरलाई भेटी
गङ्गा सागर नुहाई घरै फर्की केटी ।

(**सुनपङ्खी चरी,** पृ. ३३)

प्रत्येक हरफमा बाह्र-बाह्र अक्षरको समानुपातिक वितरण गरिएको नेपाली लोकलय ढाँचाको प्रयोग गरी यो कविता रचिएको छ । केटी-भेटी, खोला-होला, संसार-हतार जस्ता शब्द प्रयोगमा आधारित अन्त्यानुप्रासीय श्रुतिमाधुर्यका साथै आन्तरिक अनुप्रासीय मिठासद्वारा पनि त्यो नेपाली लोकलय ओतप्रोत रहेको छ। सरल, सरस र बोध्य भाषाशैलीको प्रयोग यस कविताको पनि वैशिष्ठ्य हो भने त्यो सरलता, सरसता र बोध्यता ६ - १० वर्ष उमेर समूहका बालकका निम्ति नै उपयुक्त एवम् प्रभावकारी समेत देखिन पुगेको छ। संसारका हरेक वस्तुलाई बालकले मानवीय रुपमा हेर्ने कुराको चित्रण यसमा छ र यसको उद्देश्य पनि यही हो ।

## ४.४.२७ 'घामछाया' बाल कविताको विश्लेषण

**घामछाया** शीर्षक बाल कविता वायुमण्डल अन्तर्गत पर्ने घाम र छायाका सौन्दर्यलाई विषयवस्तु बनाएर रचिएको छ । यस बाल कवितामा प्रकृति र मानिसको सम्बन्धलाई देखाएको छ । यसै गरी प्रकृतिमा हुने घाम र छायालाई साथी साथीको रुपमा हेरिएको छ । साना उमेरका दुई केटाकेटी खेलेका वश्व जनीन भाव यसमा छ र घाम छायालाई पनि एउटै उमेरका बालबालिका ठानेर आकाशको चेलो र धरतकिी चेलीको रुपमा लिएको छ । यस कविताको थालनी घाम र छाया दुबै चउरमा एकै ठाउँ भेला भएर खेल्छन् र यिनीहरू कति राम्रा हुन् भनेर विस्मय वा आश्चर्य प्रकट गरिएकोबाट भएको छ । त्यसपछि ती घामछायाका क्रियाकलापको वर्णन गर्दै तिनीहरू खोलापारिबाट खोलावारि तर्ने, डाँडा वारिपारि लुकामारी गर्ने, घाम नरमाइलो मानेर बसेपछि छाया शीतल पङ्ख तानेर कोरीबाटीविना नै आउने, छाया कोरीबाटी गरेर बसेपछि अनि घाम बादललाई काटेर आउने कुराको बयान यस कविताको मध्य भागमा पाइन्छ। त्यसबाट घामछाया दुवैलाई मानवीय व्यक्तित्व दिएको पनि पाइन्छ। यस कविताको अन्त्यमा घाम छाया दुवै मिलेर फूलमा रङ्ग भर्ने, यिनीहरू आफ्नो सीप देखेर आफैं दङ्ग पर्ने र यी घाम छायामा आकाशको चेलो घाम र धरतीको चेली छाया हुन भन्दै यिनीहरू सधैं बालापनका जस्ता हाँसी खेली गर्छन् भनिएको छ ।

प्रस्तुत कवितामा पनि कवि उक्तिकै प्रयोग छ र त्यो उक्ति अन्तर्गत तृतीय पुरुष घामछायाका सौन्दर्य एवम् तिनका गतिविधिको रोचक वर्णन गरिएको छ। त्यस वर्णनभित्रै

घामलाई पुरुष मानवीय व्यक्तित्व र छायालाई नारी मानवीय व्यक्तित्व दिने जुन आलङ्कारिक कौशल देखाइएको छ, त्यसले गर्दा यस कविताको उक्तिढाँचा बालकहरूका निम्ति घतलाग्दो बनेको छ ।

प्रस्तुत कवितामा प्रत्येक हरफमा बाह्र-बाह्र अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग गरिएको छ । क, त, म, र, ल, छ, न, ब जस्ता व्यञ्जनवर्णहरूको बारम्बार पुनरावृत्तिले आन्तरिक अनुप्रास तथा घाम-ठाम, तर्छन्-गर्छन्, आनी-तानी, बाटी-काटी, भर्छन्-पर्छन्, चेली-खेली आदि शब्दहरूबाट अन्त्यानुप्रास पनि मिलाइएकोले यसको लयढाँचामा श्रुति मधुरता भरिनुको साथै भाषा शैलीमा समेत रम्यता थपिएको छ । यसै गरी छोटा छरिता खालका सरल, संयुक्त र मिश्र तिनै थरी ढाँचाका वाक्यको प्रयोगले यस कविताको शैली विचित्रतापूर्ण बनेको छ । यो कविता पनि ६ देखि १० उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ । घाम छायालाई पनि आफ्नो साथीको रुपमा हेरेर खेलेको कुरा देखाएर बालकले प्रकृतिका सबै वस्तुलाई आफ्नो साथी ठान्दछ भन्ने कुरा देखाउनु यसको उद्देश्य देखिन्छ ।

### ४.४.२८ 'रूपैरूपको पन्छी' बाल कविताको विश्लेषण

प्रस्तुत कविता पन्छी सौन्दर्यलाई विषयवस्तु बनाई रचिएको छ । यस कवितामा उडी आउने चरीको राम्रो भेष प्रतिको आकर्षणका साथै उडी जाने चरीको दूरदेश सम्मको पहुँचप्रतिको विस्मय व्यक्त गरिएको छ । पन्छीका नाचको फऱ्याकफुरुक र छायाको छिर्का समेतको चित्रण गर्दै चरी उडी गए पनि त्यसको रङ्ग आँखामा झलझली आइरहने मिठो कुरा पनि यसमा व्यक्त गरिएको छ । चरीले आफ्नो सुरमा जति मिठो गीत गाउँछे त्यति मिठो भाका पीरमा नआउने भाव सौन्दर्यलाई व्यक्त गर्दै उडी जाने चरीले गाएको गीत पर बताससितै र वर छातीसितै सुनिने विषय सन्दर्भ पनि यहाँ व्यक्त भएको छ । प्रकृतिमा उदाउने घाम र ऋतुको नवीनताका सन्दर्भमा पन्छीको रूप सौन्दर्य बिर्सिनै नसकिने हुन्छ भन्दै उसको मुटु समेत गीतै गीतको होला भन्ने कल्पना गरिएको छ र त्यस्तो पन्छी उडी गए पनि कहिल्यै बिर्सिंदैन भनी यस कवितामा पंक्षीका रूप, रङ्ग, नाच, छाया, गीत, भाका आदि अनेक पक्षसँग सम्बद्ध सौन्दर्यको सुमधुर वर्णन गरिएको छ । यस बाल कवितामा रुपै रुपको पन्छी भनेर प्रकृतिलाई भनेको छ र प्रकृतिको रङ वा पन्छी उड्दाको आभास यसमा पाइन्छ । चराको स्वरुपमा यहाँ प्रकृतिलाई लिएको छ ।

प्रस्तुत कवितामा पनि कवि उक्तिको प्रयोग पाइन्छ । पंक्षीको सौन्दर्यको सुमधुर वर्णन वक्ता कविकै उक्तिका रूपमा आएको छ र सोही कवि उक्तिमूलक पक्षी सौन्दर्य वर्णन यस कविताको मुख्य पक्ष हो ।

प्रत्येक हरफमा बाह्र-बाह्र अक्षरको समानुपातिक वितरण गरिने र आन्तरिक अनुप्रास एवम् अन्त्यानुप्रासद्वारा सुमधुर तुल्याइने नेपाली लोकलयको प्रयोग गरी यो कविता रचिएको छ । पंक्षीलाई मानवीय व्यक्तित्व दिनु र पंक्षीका सौन्दर्यका सन्दर्भमा गरिएका कल्पनाहरू पनि बालकोचित्त नै हुनु यस कविताको थप कलात्मक वैशिष्ठ्य हो र यो नै यस कविताको उद्देश्य हो । शैलीगत सरलता, सरसता र ६ देखि १० वर्षका बालकका निम्ति बोध्यता जस्ता विशेषता यस कवितामा पनि छँदैछन् ।

## ४.४.२९ 'तारा पनि सुन्छ रे !' बाल कविताको विश्लेषण

तारा, धरती, मनुष्य र कीरासँग सह सम्बद्ध सांसारिक रहस्यलाई विषयवस्तु बनाई यो कविता रचिएको छ । त्यो रहस्य यस कवितामा बालकहरूका निम्ति बोध्य रूपमै प्रकट गरिएको छ । यहाँ कीराले गाएको किरीकिरी गीत र धरतीको गीत पनि रातिको बेला आकाशमा झल्किने ताराले सुन्दछ भन्ने मिठो कल्पना गरिएको छ । सोही सन्दर्भमा कसले सुन्ला र भन्ने भूलमा नपरि कसैको निन्दा नगर्ने आग्रह पनि कविले गरेका छन् । मान्छेले मान्छेकै निन्दा कसरी गर्दो हो भनी तारा छक्क पर्छ भन्ने कुराको विचित्र कल्पना पनि यस कवितामा पाइन्छ । मान्छेले मान्छेको निन्दा गरेको साँचै हो कि ख्याल-ख्याल हो भन्ने विषयमा अलमल भई तारा-ताराका बिचमा खलबल चल्छ भन्ने अर्को अनौठो कल्पना पनि यस कविता भित्र पाइन्छ । यही खलबलका कारण कीराले किरीकिरी गीत पनि नगाएको र आँखामा मिठो निदरी नआएको कुरो बताइ यस कवितालाई टुङ्ग्याइएको छ । यसरी तारा लगायतका प्राकृतिक पक्षका सम्बन्धमा गरिएको रहस्यमयी कल्पनाको बुनाइबाट यो कविता रचिन पुगेको छ भने त्यो बुनाइको सीप यस कविताकै स्रष्टा कविको कवितात्मक उक्ति कौशलको प्राप्तिका रूपमा देखिन पुगेको छ । सृष्टिका रहस्य र सौन्दर्यलाई पनि बालकले बुझ्न सक्ने किसिमका कल्पना मार्फत झल्काउने कवि उक्तिगत कौशलको एक विशिष्ट बाल कवितात्मक प्राप्ति यो कविता हो ।

प्रत्येक हरफमा बाह्र-बाह्र अक्षरको वितरण गरिने आन्तरिक अनुप्रास एवम् अन्त्यानुप्रासको प्रयोगजन्य माधुर्यले ओतप्रोत रहने नेपाली लोकलयको बालकोचित सुमधुर प्रयोग यस कवितामा पाइन्छ । शैलीगत सरलता, सरसता र प्रभावकारीता जस्ता विशेषता यस कवितामा पनि छँदै छ । ताराको र कीराको अनि धरतीको पनि मानवीकरण गर्ने विशिष्ट कलात्मक सीपले ओतप्रोत रहँदा रहँदै पनि ती सबै कुरालाई यस कवितामा जे जसरी झल्काइएको छ त्यो झलक ६ देखि १० वर्षको उमेर समूहका बालकका निम्ति बोध्य रहेको देखिन्छ । बालकलाई अरुको कुरा काट्नु हुन्न भन्ने कुरा सिकाउनु नै यस कविताको उद्देश्य हो ।

## ४.४.३० 'आँखाका नानी' बाल कविताको विश्लेषण

**आँखाका नानी** शीर्षक बाल कविता आँखाका नानीलाई विषय वस्तु बनाई रचिएको हो । यस कविताका प्रारम्भमा आँखाका नानीलाई अतिज्ञानी सानी-सानी, दुईटी नानीका रूपमा चिनाइएको छ । त्यस चिनारीलाई आँखाभित्र राखेपनि नबिझाउने जस्ता उपमा दिइएको छ । यस कवितामा मानिसका दुई आँखामा रहने नानीलाई एउटा डाँडापारि र अर्की डाँडावारि बस्छिन् भन्दै ती दुबैले एउटै फूलबारी पेवा पाएको मिठो वर्णन गरिएको छ । ती दुवै फरक भए पनि तिनको शरीर, उमेर र बानीबेहोर उस्तै भएको प्रति यहाँ आश्चर्य प्रकट गरिएको छ । ती दुईटा नानी एकैचोटि देखापर्ने एकैचोटी निदाउने र अरूले एउटै सिरानीमा छुट्टै सपना देखे पनि यिनीहरूले चाहिँ छुट्टै घरमा एउटै सपना देख्ने अर्को मिठो वर्णन पनि यहाँ गरिएको छ । ती आँखाका नानी एकै मिलिक्कमा लेक बेसी डुल्छन् भन्दै तिनले डुलेपछि सारा संसार रमाइलो हुन्छ भनिएको छ । यस कविताका अन्त्यमा मन मिलेपछि कुनै टाढा र कुनै नजिक हुन्छ भन्ने कुरो हुँदैन भन्ने सत्यलाई साह्रै सरल र रोचक ढङ्गले व्यक्त गरिएको छ । बालकलाई ज्ञानी बन भनेर सिकाउनु नै यस कविताको उद्देश्य हो ।

प्रस्तुत कविता कवि उक्तिकै रूपमा रचिएको छ र त्यो उक्ति भावप्रधान, वर्णनात्मक उक्तिका रूपमा प्रतिफलित भएको छ । प्रत्येक हरफमा चौधवटा अक्षरको समानुपातिक वितरण गरिने आन्तरिक अनुप्रास एवम् अन्त्यानुप्रास मिलाई सुमधुर बनाइने नेपाली लोकलयको प्रयोग गरी यो कविता रचिएको छ र त्यो लोकलय बालकहरूलाई गाउनका निम्ति निकै मिठो बनेको छ । भाषिक सरलता र शैलीगत सरसता यस बाल कविताका पनि मुख्य

विशेषता हुन् । यो कविता पनि ११ देखि १४ वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ ।

## ४.५ 'बिजुले र बिजुला' बाल कविता सङ्ग्रहका कविताहरूको विश्लेषण

**बिजुले र बिजुला** बाल कविता सङ्ग्रह वि.सं. २०६३ मा साझा प्रकाशन पुल्चोकबाट प्रकाशित भएको हो । यस कविता सङ्ग्रहमा गीतिलयका पैँतिसवटा बाल कविताहरू सङ्ग्रहित छन् । यी पैँतिस बाल कविताहरू विभिन्न विषयवस्तुसँग सम्बन्धित छन् । ती बाल कविताका शीर्षक निम्न छन् र तिनको विश्लेषण क्रमैसँग तल गरिएको छ :

१. चन्द्रसूर्य झण्डा हेर फरर !
२. फोनमा बोल्ने म हो
३. के हो त्यसको नाउँ ?
४. चुरिच्याउँ चुइँत्त
५. बात मारौं
६. बालमेला
७. अनिकाल
८. जाल गऱ्यो जुत्ताले
९. चङ्खे जुरेली
१०. फूलैफुलको तरेली
११. थैलो र थैली
१२. पैले होमवर्क
१३. लाग्यो तिहार
१४. बिजुले र बिजुला
१५. लाटो साथी
१६. कमिला र मनुवा
१७. केरा
१८. सारङ्गीमा राइँ-राइँ
१९. वृन्दावनमा कामधेनु गाई
२०. के हो ?
२१. आयो आयो भुइँचालो
२२. अचम्मको घोडा
२३. हैन, त्यस्तो के छ र ?
२४. बिरामी छोरीको रहर
२५. मितेरीको गीत
२६. हुलाकी हुलाकी
२७. म्याउँ बिरालो
२८. खेलौना सित खेल्दै
२९. पम्फा मैयाँको कथा
३०. बाँदरको बेहोर
३१. त्यहाँ ज्योति बल्यो
३२. बाह्रमासा
३३. कलाकार अरनिको
३४. सुकुन्दा

### ४.५.१ 'चन्द्रसूर्य झण्डा हेर फरर !' बाल कविताको विश्लेषण

**चन्द्रसूर्य झण्डा हेर फरर !** शीर्षक बाल कविता नेपालको चन्द्र सूर्य अङ्कित झण्डालाई विषयवस्तु बनाएर रचिएको छ। नेपालको राष्ट्रिय झण्डामा रहेका दिउँसो लाग्ने घाम वा सूर्य र राति लाग्ने जून वा चन्द्रमा एकैचोटी लागे कस्तो हुन्थ्यो भन्ने विस्मयपूर्ण कथनबाट यस कविताको थालनी गरिएको छ भने चन्द्र सूर्य अङ्कित नेपालको झण्डा फरर गरेको हेर्न भनी जोडदार आग्रह पनि त्यस क्रममा गरिएको छ। यस कवितामा जुन कुरा हुँदैन त्यो चाहिँ बालकले सम्भव बनाउन खोजेको छ। नेपालको झण्डामा रहेको सूर्यसँग सम्बन्धित घाम दाजुजस्तो र त्यसैसँग सम्बन्धित जून बहिनीजस्ती लाग्ने कुरो गर्दै यी दुवै एकैचोटि हाँसे कस्तो हुन्थ्यो भन्ने विस्मयकारी कल्पनालाई मध्य भागमा चित्रण गरिएको छ भने त्यस्तो खालको नेपालको झण्डा फरर गरेको हेर्ने आग्रहलाई यहाँ पनि जोडदार ढङ्गले दोहोऱ्याइएको छ। यस कविताको अन्त्यमा घामलाई ज्ञान र जूनलाई गुनसँग तुलना गर्दै ती दुवैलाई एकैचोटि हेर्न पाए कस्तो हुन्थ्यो भन्ने घतलाग्दो मनोभाव व्यक्त गरिएको छ र नेपालको झण्डा फरर गरेको हेर्न कविताको अन्त्य भागमा पनि आग्रह गरिएको छ। भर्खर संसारमा प्रवेश गरेका बालममा कौतूहल, जिज्ञासा, आकाङ्क्षा हुन्छ। यस बाल कवितामा बालकलाई थाहा नपाउने गरी राष्ट्रियताको भावना पनि झल्काएको छ। यसै गरी 'ज्ञानजस्तो घाम' र 'गुन जस्तो जून' भनेर अमूर्तबाट मूर्ततर्फ पनि लगिएको छ। बालकलाई मूर्त रुपमा राष्ट्रिय झण्डाको विशेषतालाई देखाएको छ भने अमूर्त रुपमा ज्ञान, चरित्र र गुन सिकाएको छ।

नेपालको चन्द्रसूर्य अङ्कित झण्डालाई विषयवस्तु बनाइ त्यसमा रहेका चन्द्र र सूर्यका सम्बन्धमा बालककै मनमा उठ्ने अनौठा विचित्रका र विस्मयकारी कल्पना गरी यो कविता रचिएको देखिन्छ। त्यसैले यस कवितामा चन्द्र सूर्य अङ्कित झण्डाका सम्बन्धमा गरिएको चित्रण कवि कथन नै भए पनि त्यो कविद्वारा बालक सरह भई गरिएको चित्रणका रूपमा आएको छ; जस्तैः

ज्ञानजस्तो घाम, गुनजस्ती जून
एकैचोटि पाए कस्तो हुन्थ्यो भन !
(**बिजुले र बिजुला,** पृ. १)

चार-चार पङ्क्तिका जम्मा तिनवटा पङ्क्ति पुञ्जमा यो कविताले पूर्णाकृति प्राप्त गरेको छ । ती पङ्क्तिपुञ्जहरू नेपाली लोकलयमा बाँधिएका छन् । ती पङ्क्तिपुञ्जका पूर्वार्द्ध भागका दुई-दुईवटा पङ्क्तिमा कविले आफ्नो कथ्य विषयको कथन गरेको पाइन्छ भने तिनको लय ढाँचागत वैशिष्ठ्य एक हरफमा बाह्रवटा उच्चार्य अक्षरहरूको वितरण गरिनु हो । यसका प्रत्येक पङ्क्तिपुञ्जको उत्तरार्ध अंशचाहिँ उही रहेको छ र त्यो हो "यति कुरा हेर्न कति रहर, नेपालको झण्डा हेर फरर !" यस कविताका प्रत्येक पङ्क्तिपुञ्जका पूर्वार्द्धमा 'जून' र 'भन', उत्तरार्द्ध अंशमा 'रहर, खरर' शब्दको प्रयोग गरी अन्त्यानुप्रासको पनि नियमित आवृत्तिमूलक प्रयोग गरिएको छ, त्यसैले यस कवितामा प्रयोग गरिएको लोकलय श्रुतिमधुर बनेको छ ।

प्रस्तुत कवितामा छोटा-छोटा खालका संयुक्त र मिश्रवाक्यको प्रयोग गरिएको छ र तिनमा संयोजक पद तथा कर्तापद लुप्त रहेको स्थिति पनि देखिन्छ । पदलोप गरिनु कविताकै शैलीगत वैशिष्ठ्य हो र त्यो वैशिष्ठ्य यस बाल कवितामा पनि पाइन्छ । त्यसै गरी प्रश्नार्थ, विध्यर्थक र विस्मयार्थक वाक्यहरूको प्रयोगद्वारा यस कविताको भाषाशैलीलाई आकर्षक बनाइएको छ ।

घामलाई दाजु र ज्ञानको तथा जूनलाई बहिनी र गुनको उपमान दिई उपमा अलङ्कारको प्रयोगद्वारा पनि यस कवितालाई रमणीय बनाइएको छ । घाम र जूनको व्यक्तित्व विधान गर्नुका साथै घामलाई पुरुष व्यक्तित्व र जूनलाई स्त्री व्यक्तित्वका आयाम दिने रमणीय शिल्प कौशलद्वारा पनि यो कविता ओतप्रोत रहेको देखिन्छ । यसै गरी यस कविताका प्रत्येक पङ्क्तिपुञ्जमा 'कस्तो हुन्थ्यो' र 'कति रहर'को प्रयोग गरी प्रश्नालङ्कारको चारुत्व पनि गरिएको छ । यस कविताबाट नेपाली बाल बालिकामा नेपालको राष्ट्रिय झण्डाप्रतिको प्रेम पनि प्रगाढ हुने देखिन्छ । यो बाल कविता विशेष गरी ६ देखि १० वर्ष उमेर समूहका बालबालिकाहरूका निम्ति बोध्य रही उपयोगी हुने देखिन्छ । बालकलाई ज्ञानी र गुनी बन भनेर सिकाउनु नै यस कविताको उद्देश्य रहेको छ ।

### ४.५.२ 'फोनमा बोल्ने म हो' बाल कविताको विश्लेषण

**फोनमा बोल्ने म हो** शीर्षक बाल कविता फोनमा गरिने वार्तालापलाई विषयवस्तु बनाइ रचिएको छ । यस कवितामा फोनमा जसरी 'हेलो हेलो' गरी प्रश्न गरिन्छ र 'म हो' भनी उत्तर दिइन्छ त्यसै प्रक्रियाको बालोचित रोचक वर्णन गरिएको छ । बालकले संसार एक

छ भन्ने देख्छ । उसले आफ्नो वास्तविक परिचय दिन सक्दैन त्यसैले उसले घर परिवारमा आफूलाई जे भनेर बोलाएको छ, त्यसैलाई आफ्नो नाम ठान्दछ भन्ने कुरा देखाउनु नै यस कविताको उद्देश्य हो । यस कविताको उठान फोन वार्तालापका क्रममा प्रथमतः भनिने हेलो र उताबाट फोनमा बोल्ने को हो भन्ने प्रश्नको कथनबाट गरिएको छ। यस कविताको मध्यभागमा फोन वार्तालापका क्रममा प्रत्युत्तर दिनेले फोनमा बोल्ने म हो र फोनकर्ताले म हो भन्ने को हो भनी गर्ने जवाफ सवालको विन्यास गरिएको छ । त्यसपछि फोन उठाउनले म हो भन्ने मै हो भनी दिएको जोडदार जवाफ पनि यस कविताको मध्य भागमा रहेको छ । यस कविताका अन्त्यमा फोनकर्ताले आफूलाई 'म' भनी चिनाइरहेको प्रत्युत्तरकर्तालाई नरम बोलीमा तिम्रो नाम के हो भनी सोधेको र उताबाट बोल्नेले मेरो नाम नानी हो भनेको अनि फोनकर्ताले तिमी कति ज्ञानी नानी रहिछौ भन्दै धन्यवाद दिएको कुरा व्यक्त गरिएको छ । बालकले आफूलाई घरमा 'नानी' भनेर बोलाएको सुनेकोले आफ्नो नाम 'नानी' भनेर जवाफ दिएपछि प्रश्नकर्ताले उसलाई 'ज्ञानी' भनेको छ । बालकको मनोविज्ञानमा खराब कुरा पार्नु हुँदैन । उसलाई 'ज्ञानी' भनेर 'तिमी ज्ञानी बन' भनेर प्रोत्साहित गरिएको छ ।

प्रस्तुत कविताको उक्ति ढाँचालाई हेर्दा कविकथन नै देखिन्छ । फोन उठाउने बालिका 'म' पात्रलाई लक्षित गरी प्रश्नोत्तरात्मक उक्ति ढाँचामा यो कविता रचिएको छ। फोनमा जसरी 'हेलो हेलो' गरी प्रश्न गरिन्छ र 'म हो' भनी उत्तर दिइन्छ, त्यसै प्रक्रियाको बालोचित रोचक वर्णन र प्रश्नोत्तरात्मक उक्ति ढाँचाको प्रयोग यसमा पाइन्छ ।

प्रस्तुत कविताको लयविधान त्यस नेपाली लोकलयको प्रयोगमा आधारित देखिन्छ जसअन्तर्गत प्रत्येक हरफमा ६ वटा पूर्ण उच्चार्य अक्षरहरूको पुनरावृत्ति वितरण हुन्छ । ६।६ अक्षरको अत्यन्त छोटा २।२ हरफका चार श्लोक र 'म हो भन्ने मै हो' भनेर बालिकाले जोडदार तरिकाले दिएको उत्तरको हरफ समेत गरी जम्मा ९ हरफ छन् । ओहो, को हो, नानी, ज्ञानी जस्ता शब्दको वितरणबाट अन्त्यानुप्रास मिलाई यस कविताको लय योजनालाई तीव्रता दिइएको छ। उस्तै उस्तै स्वरवर्णको आनोपूर्वी वितरण अनि 'हो, ऊ तथा नी, नी'का प्रयोगद्वारा अन्त्यानुप्रास मिलाइएको अनि अरू वर्णहरूको पनि पुनरावृत्तिपूर्ण वितरण गरिएको हुनाले यस कविताको लोकलयात्मक प्रयोग साङ्गीतिक बन्न पुगेको छ र त्यो लोकलय निकै छरितो पनि देखिन्छ । यो कविता साना साना बाल बालिकाले मच्ची मच्ची गाउन र उफ्रन

अनि नाच्न मिल्ने खालको देखिन्छ । छोटो छरिता तत्सम र तद्भव शब्दको प्रयोगले प्रस्तुत कविताको प्रश्नोत्तरात्मक शैली निकै रोचक बनेको छ ।

छोटा छोटा छरिता शब्दको प्रयोग, छोटै छोटै सामान्यार्थक, विस्मयार्थक र प्रश्नार्थक वाक्यको रमणीय प्रयोग, 'म' र 'तिमी'का बिचको प्रश्नोत्तरात्मक वार्तालापीय शैली, आधुनिक फोन प्रविधिको कवितात्मक रूपान्तरण यस कविताका शैलीगत र प्रविधिगत वैशिष्ठ्य हुन् ।

प्रस्तुत बाल कविता पनि विशेष गरेर ६ देखि १० वर्ष उमेर समूहका बालबालिकाका निम्ति निकै उपयोगी देखिन्छ ।

## ४.५.३ 'के हो त्यसको नाउँ ?' बाल कविताको विश्लेषण

**के हो त्यसको नाउँ** ? शीर्षक बाल कविता बालबालिकाका लागि अत्यन्त प्यारो म्वाइँलाई विषयवस्तु बनाएर रचिएको छ । 'सँधै खाने फल भए पनि चिन्न कति बल परेको, छोडाउँ भने बोक्रो नभएको थुकुँ भने छोक्रो नभएको, खाएर नअघाइने के हो भाइ' भन्ने प्रश्नबाट यस कविताको पूर्वार्द्ध अंश बनेको छ । त्यसपछि सम्बोधित भाइले चाहिँ सो प्रश्नको उत्तर थाहा पाउन नसकेको सन्दर्भ गाउँखाने कथामा जस्तै प्रश्नकर्ता दाइलाई गाउँ दिएको र त्यसको नाउँ भन्न आग्रह गरिएको छ । यस कवितामा अन्त्यमा प्रश्नकर्ता दाइले गाउँ लिन अस्विकार गरेको र म्वाइँ मागेको सन्दर्भबाट पूर्वाद्ध अंशमा सोधिएको प्रश्नको उत्तर पनि म्वाइँ नै हो भनी बुझाएको छ ।

दाइ र भाइबिचको प्रश्नोत्तरात्मक वार्तालापीय गाउँखाने कथाका ढाँचाको उक्ति यस कवितामा प्रयोग गरिएको छ र त्यो उक्ति कविकै तर्फबाट भाइ वा बालक तर्फ लक्षित छ । गाउँखाने कथाको ढाँचामा प्रस्तुत गरिएको यस कवितामा दाजुका तर्फबाट गरिएका प्रश्नहरू कवि कथन हुन् भने भाइतर्फ लक्षित उत्तरहरू बालकतर्फ लक्षित छन् ।

एक हरफमा ६ अक्षरको वितरण गरिने नेपाली लोकलयको प्रयोग यस कवितामा गरिएको छ । आन्तरिक अनुप्रासजन्य र अन्त्यानुप्रासजन्य माधुर्य, प्रश्नोत्तरात्मक वार्तालापीय शैली, छोटा, छरिता र मिठा झर्रा नेपाली शब्दको प्रयोग, छोटा छरिता सरल वाक्य प्रयोगको प्रधानता सामान्यार्थक र प्रश्नार्थक एवम् सम्बोधनार्थक वाक्य ढाँचाको आकर्षक प्रयोग यस कविताका शिल्पगत विशेषता हुन् । ६-६ अक्षरका अत्यन्त छोटा १० हरफमा रचित यो बाल

कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका लागि उपयुक्त देखिन्छ। गाउँखाने कथाको माध्यमले बालकलाई बाठो बनाउनु यसको उद्देश्य देखिन्छ।

### ४.५.४ 'चुरिच्याउँ चुइँत्त' बाल कविताको विश्लेषण

**चुरिच्याउँ चुइँत्त** शीर्षक बाल कविता चराका गतिविधिलाई विषयवस्तु बनाएर रचिएको छ। चराको उडाइ सम्बन्धी क्रियाको गतिविधिलाई अवलोकन गरिरहेको वक्ता म को उक्तिको उपयोग गरिएको छ। त्यस वक्ता म ले चराको उडाइलाई हेर्दै त्यसको अनुकरण गरी 'चुइँत्त चुरिच्याउँ र सुइँत्त उडी जाउँ' भन्ने खालको अभिव्यक्ति यस कविताको सुरुमा, बिचमा र अन्त्यमा समेत प्रकट गरिएको छ। असाध्यै चङ्ख चरीका पङ्खले उड्न खोजिरहेको र उड्न बाँकी रहेकै अवस्थामा वक्ता 'म' लाई डाकेर सुइँत्त उडी जाउँ भन्ने जस्तो आभास यस कविताको वक्ता 'म' ले गरेको छ। त्यसै गरी विनु नाउँको फूल कुन ठाउँमा फुलेको होला र त्यो ठाउँ भनिहाल्यो भने पहिला कोही पुगिहाल्ला भन्ने चरीको कल्पना पनि यस कवितामा वक्ता म कै कोणबाट प्रस्तुत गरिएको छ। चुइँत्त चुरिच्याउँ गर्दै सुइँत्त उड्ने चङ्ख चरी र फूल फुल्ने ठाउँसम्मको उसको उडाइ प्रति वक्ता म को मनमा उठेका विस्मयकारी कल्पनाको अनुकरणमूलक रोचक अभिव्यक्तिबाट यो कविता निर्मित भएको छ। चराका गतिविधिप्रति बालकका मनमा पैदा हुने खालका यिनै रमाइला कल्पनाको रोचक अभिव्यक्ति गरिएकोले यो बाल कविता विशिष्ट बन्न पुगेको छ। बालकलाई चराले खेल्न बोलाएको जस्तो लाग्छ। विनु वा नाम विनाको फूल फुलेको ठाउँमा अथवा कसैले पत्ता नलगाएको कुरा पत्ता लगाउने ठाउँमा उड्न खोजेको छ। भाषा भनेपछि अले थाहा पाउँछन् त्यसैले अरुले थाहा नपाउन भनेर प्रकृति परमेश्वरको कुनै लाम नभएको नयाँ कुरा खोज्नका निम्ति बालकलाई प्रेरणा दिइएको छ।

चराको उडाइ सम्बन्धी क्रियाको गतिविधिलाई अवलोकन गरिरहेको वक्ता 'म' को उक्तिको प्रयोग यस बाल कवितामा गरिएको छ। त्यो उक्ति बालकका तर्फ लक्षित देखिन्छ। असाध्यै बाठी चरीले आफ्ना पखेटा उचालेर उड्न खोजीरहेकी र त्यस अवस्थामा वक्ता 'म' लाई डाकेर सुइत्त उडी जाउँ भनेजस्तो आभास वक्ता 'म' लाई भएको छ।

६-६ अक्षरको समानुपातिक वितरण भएको लोकलयात्मक पङ्क्ति योजना, आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोगबाट स्थापित भाषिक रम्यता र लय माधुर्य, झर्रा अनुकरणात्मक शब्दको प्रयोगको मिठासले गर्दा यो कविता श्रुतिमधुर बनेको छ। छोटा छरिता

वाक्यको प्रयोग र वाक्यात्मक पदलोप तथा पदक्रम विचलनको कवितात्मकपन यस कविताका अरू उल्लेखनीय वैशिष्ठ्य हुन् ।

प्रस्तुत कवितामा प्रयोग भएका छोटा छोटा सरल वाक्य ढाँचा तथा चुइँत्त, सुइँत्त जस्ता अनुकरणात्मक बाल भाषाको प्रयोगलाई हेर्दा यो कविता विशेषगरी ६ वर्षदेखि १० वर्ष उमेर समूहका बाल बालिकाका निम्ति उपयुक्त देखिन्छ। बालकलाई बाठो बन्न सिकाउनु नै यस कविताको उद्देश्य हो ।

## ४.५.५ 'बात मारौँ' बाल कविताको विश्लेषण

**बात मारौँ** शीर्षक बाल कविता पन्छी जगत र वनस्पतिसँग रहने उनीहरूको सम्बन्ध जस्तो प्रकृतिपरक विषयवस्तुको रोचक प्रयोग गरिएको छ। कुनै कुरा विना पनि कुराकानी गर्न खोज्ने प्रसङ्गलाई नै यहाँ 'बात मारौँ' भनिएको छ । यस विषयवस्तुको कथन बालक तुल्य वर्णनकर्ता कविकै कोणबाट गरिएको छ। त्यस वर्णनको प्रस्तुतिका निम्ति प्रथमतः बातमार्ने आग्रह गर्दै त्यसपछि रूख, रूखमा रहेका पात र पातमा रहेका चरीको बिचको सम्बन्धलाई व्यक्त गरिएको छ। रूखभरि पात रहेको र पातभरि थरी-थरी चरीहरू रहेको बयान गर्दै बातमार्ने क्रममा ती थरी थरी चरी पातै पात नाची सुखसाथ खेल्थे र चुरुबुरु चुर्र गरी बोल्थे अनि फुरु फुरु फुर्र गरी नाच्थे भनिएको छ। यस कविताको पछिल्लो अंशमा फेरिबात मार्दै रूखका पात झरेर गएपछि ती चराहरू अन्तै गएर अर्को रूखका पातै पातमा नाची सुखसाथ चुरुबुरु चुर्र र फुरूफुरु फुर्र गरी खेल्न पुगेको रमाइलो वर्णन गरिएको छ। यसरी चरा र उनीहरू रहने रूखका पातका बिचको सम्बन्धलाई बालकका निम्ति उपयोगी हुने खालको कल्पना प्रकट गरी यो कविता रचिएको छ र त्यो कल्पना पनि बालकको मानसिक कल्पनाशक्तिलाई विकास गराउन सक्षम हुने देखिन्छ ।

प्रस्तुत कविताको उक्तिढाँचा बालकतुल्य वर्णनकर्ता कविकै कोणबाट गरिएको छ। त्यस वर्णनको प्रस्तुतिका प्रथमतः बात मार्ने आग्रह, त्यसपछि रूखमा रहेका पात र पातभरि बसेका चरीका बिचको सम्बन्धलाई व्यक्त गरिएको छ ।

प्रस्तुत बाल कवितामा पनि प्रत्येक हरफमा ६ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग गरिएको छ। आन्तरिक अनुप्रास र अन्त्यानुप्रासका सौन्दर्यबाट यस कविताको भाषिक वर्ण योजना र लय योजना पनि ओतप्रोत देखिन्छ। चुरुबुरु चुर्र, फुरूफुरु

फुर्र जस्ता चरा सम्बन्धी अनुकरणात्मक शब्दको प्रयोगका साथै झर्रा र छोटा छरिता तद्भव शब्दको प्रयोगले यस कविताको शैली सुमधुर तथा सरल बन्न पुगेको देखिन्छ । छोटा छरिता सरल वाक्यको प्रयोग र तिनमा देखापर्ने पदक्रम विचलनका साथसाथै कतिपय पदलोपका प्रवृत्ति पनि देखिन्छन् र ती यस कविताका भाषा शैलीगत सरलता र सरसताकै सूचक बनेका छन् ।

प्रस्तुत कवितामा प्रयोग भएका छोटा छरिता सरल वाक्य ढाँचा आदिले गर्दा यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ । बालकलाई बोल्न वा कुरा गर्न सिकाउने उद्देश्यले यो बाल कविता रचिएको हो ।

### ४.५.६ 'बालमेला' बाल कविताको विश्लेषण

बालमेला शीर्षक बाल कविता बालकहरूको खेल भेला र मेलालाई विषयवस्तु बनाइ रचिएको छ । बालकहरू एक्ला-एक्लै पनि खेल्छन्, साथीभाइ मिलेर पनि खेल्छन् र उनीहरू भेला भई खेलिने खेल रमाइलो मेलामा परिणत हुन्छ भन्ने विषयको सुन्दर चित्रण यस कवितामा गरिएको छ। बालक खेलमा मग्न छ । ऊ घामछायासित पनि खेलिरहन्छ । घामछाया या प्रकृति पनि बालकजस्तै बनेर उसको साथमा खेल्छ । बालकले आफ्नो खेलमा जुनसुकै धर्म, वर्णका बालक होस् त्यो ऊ भेदभाव गर्दैन । सेतु, कालु, अर्थात् काला गोरा वर्णका, ज्ञान प्राप्त गरेका र केही नजानेका सबै साथी बनेर आए भनेर राष्ट्रिय एकता र विश्व बन्धुत्वको भावना पनि यसमा देखाइएको छ । यस कविताको उठान संसारै भुलेर एक्लै खेलीरहेको बालकको चित्रणबाट भएको छ। त्यस एक्लो बालक साथीले रमाइ रमाइ खेलेको देखेपछि र हरर चलेको हावासँगै खेल्ने रहर लागेपछि अनि घाम छाया लोलाएपछि अरू बालकहरू पनि नबोलाइकनै सो एक्लै खेलीरहेको बालकसँग खेल्न आएको कुराको बयान गरिएको छ। त्यस क्रममा सेतु,कालु, बाठी, लाटी, लगायतका थरी-थरीका साथीहरू खेल्न आएका कुराको पनि बयान गरिएको छ। यस कविताका अन्त्यमा सबै जना साथीहरू जातिपातिको भेदभाव विना जे जसरी खेल्न भेला भए त्यो अति राम्रो मेलामा परिणत भयो भन्ने कुरा विस्मयकारी ढङ्गमा व्यक्त गरेको छ; जस्तैः

सबै जना साथी
विनुजाति पाती

भए खेल्न भेला
कति राम्रो मेला !

(**बिजुले र बिजुला,** पृ. ६)

प्रस्तुत कविता कवि कथनकै रूपमा आएको छ र त्यो बालकहरूप्रति लक्षित देखिन्छ। त्यस क्रममा वक्ता कवि बालक सरह भई बालकका खेलमेल र भेलाबाट बन्न जाने मेलाको आकर्षक बयान गर्न सफल भएका छन् ।

६-६ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग यस बाल कवितामा पनि गरिएको छ। चार-चार पङ्क्तिका चारवटा पङ्क्ति गुच्छबाट यो कवितापूर्ण भएको छ। अन्त्यानुप्रास र आन्तरिक अनुप्रासको प्रयोगले कविताको लयगत माधुर्यमा मिठास छाएको छ भने सजिला, रसिला झर्रा नेपाली तद्भव शब्दहरूको वितरण, सरल वाक्यढाँचाको प्रयोग, सामान्यार्थक वाक्यका साथै विध्यर्थक र विस्मयार्थक वाक्यको उपयुक्त प्रयोग, पदलोप गर्ने र पदक्रम विचलन ल्याउने कवितात्मक भाषाशैलीगत विचित्रताबाट यस कविताको शैलीपक्ष उपकृत देखिन्छ।

प्रस्तुत बाल कविताले जाति पातिको भेदभाव रहन हुँदैन भन्ने सन्देश दिएको छ। बालकहरूको खेलमेल रमाइलो हुने, उनीहरूको बालखेलको शुद्धता, समानता, भातृत्व र भगिनीत्वको भावना पनि यसमा पाइन्छ। यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ।

### ४.५.७ 'अनिकाल' बाल कविताको विश्लेषण

आकाशमा सलह उडे भने अनिकाल पर्छ भनेर बुढापाकाहरूले डराइ-डराइ गर्ने खलबल र त्यसप्रति बालकहरूले देखाउने सकारात्मक तथा नकारात्मक भावात्मक प्रतिक्रियालाई विषयवस्तु बनाइ यो बाल कविता रचिएको छ। यस कविताको प्रारम्भमा घाम लागेको घमाइलो वातावरण, सलह उड्नाले बालकहरूका निम्ति रमाइलो भएको कुराको अभिव्यक्ति गरिएको छ। वातावरणमा देखापरेको परिवर्तन अनुसार सानो खोला पनि सुकेर कमिलाले तरेको परिप्रेक्ष्यमा र आकाशमा सलह उडेको सन्दर्भमा बुढाहरू डराएको र उनीहरूले अनिकाल पर्ने हो कि वा छोराछोरी मर्ने हुन् कि भन्ने आशङ्काकासाथ खलबल गरेको कुराको बयानबाट यो कविता अगाडि बढेको छ। यसपछि प्रस्तुत कविताको उत्तरार्ध

अंश थालिन्छ र त्यस अन्तर्गत सलहका उडाइ, खोलाको सुकाइ, कमिलाको खोलो तराइका सन्दर्भमा बुढापाकाले अनिकाल पर्ने वा छोराछोरी मर्ने जुन अनिष्ट आशङ्का गरेका छन् त्यसप्रतिको बालकीय मनोगत उहापोह (खुल्दुली) र प्रतिक्रियालाई व्यक्त गरिएको छ । त्यस क्रममा बालकहरूले अनिकाल कस्तो होला अनिकाल परे कस्तो हुन्थ्यो र हामी छोराछोरी मरे कस्तो हुन्थ्यो भन्ने प्रश्न उठाएको र त्यस्तो अवस्थामा बुढापाकाहरू रोई-रोई गरेको देख्दा क्या रमाइलो हुन्थ्यो हइ भन्ने खालका विचित्र बालकीय मनोगत भावनालाई अभिव्यक्ति दिइएको छ । यसपछि प्रस्तुत कविताका अन्त्यमा सो नकारात्मक मनोवृत्तिलाई उल्ट्याउँदै कंकाल जस्तो अनिकाल पर्नु हुन्न र आमालाई रुवाउन छोराछोरी मर्न हुन्न भन्दै आमा रोएको नरमाइलो हुन्छ भन्ने बाल मनोविज्ञान व्यक्त गरिएको छ । यसरी वातावरणीय परिवर्तन, अनिष्ठ सूचना, त्रास र आशंका विस्मय र शोक तथा शान्तिजस्ता विभिन्न मनोभावद्वारा आच्छादित रहेको अनिकाललाई विषय बनाइ यो कविता रचिएको देखिन्छ। वातावरणीय परिवर्तनका बारेमा बालकलाई जानकारी गराउनु नै यस कविताको उद्देश्य देखिन्छ ।

प्रस्तुत कविताको कथन बालकका तर्फबाट गरिएको छ र त्यो बालकीय कथन स्वयम् कविको नै कथनका रूपमा प्रकट भएको छ । त्यो कथन दुई-दुई हरफका जम्मा सातवटा पङ्क्ति गुच्छमा पूर्ण भएको छ । हर्ष, त्रास, आशङ्का, अनिष्टता र मातृभक्ति जस्ता भावनालाई क्रमिक रूपमा कथन गरिएकाले यस कविताको उक्तिगत बुनोट ज्यादै आकर्षक बनेको छ ।

प्रस्तुत कवितामा नेपाली लोकलयको श्रुतिरम्य प्रयोग गरिएको छ र त्यसका दुई थरी ढाँचाको उपयोगबाट यसको लय विधान प्रतिफलित भएको छ । ती दुई थरी ढाँचा हुन् - क) एकपङ्क्तिमा ६-६ वा सातवटा वर्णको नियमित वा अनियमित वितरण गरिने ढाँचा र ख) प्रत्येक पङ्क्तिमा चौध अक्षरको वितरण गरिने ढाँचा ।

यस्तो लय ढाँचाको प्रयोगले गर्दा प्रस्तुत बाल कविताको लयात्मक सङ्गीतमा आरोहअवरोहको विचित्र श्रुति रम्यता भरिन पुगेको देखिन्छ ।

प्रस्तुत कविताको भाषाशैली बालोचित रूपमा सजिलो र रसिलो प्रकारको देखिन्छ । यस कविताका भाषिक वर्ण योजनामा आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको श्रुति माधुर्य व्याप्त नै छ भने छोटा छरिता र बालकहरूले चिनेजानेकै सजिला तथा रसिला शब्दको प्रयोगले गर्दा यस कविताको भाषाशैली सुमधुर बनेको छ । मसिनो आख्यानात्मक वर्णनका साथै सामान्यतया

प्रश्न र विस्मयका उक्तिद्वारा पनि यस कविताको शैली आकर्षक भएको छ। रुवाइ र रमाइलोको विरोधाभास तथा अनिकालको कंकालसँगको दँजाइमा आधारित उपमाको प्रयोगले पनि यस कविताको शिल्पगत सौन्दर्य बढाएको छ। यस कवितामा प्रयुक्त छोटा, छोटा बालोचित भाषा शैलीको प्रयोगले गर्दा यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ।

### ४.५.८ 'जाल गऱ्यो जुत्ताले' बाल कविताको विश्लेषण

बालकको खुट्टाअनुसार सही तरिकाले जुत्ता लगाउन नसकेको र तत्जन्य विकारबाट उत्पन्न हुने हास्यमूलक अवस्थालाई विषयवस्तु बनाइ प्रस्तुत जाल गऱ्यो जुत्ताले भन्ने कविता रचिएको छ। जुत्ताको बनोट दाहिने तथा देब्रे दुबै खुट्टाका निम्ति अलग-अलग प्रकारको हुन्छ र सोही अनुसार मिलाएर खुट्टामा जुत्ता लगाउनु पर्छ तर यस कवितामा बालकले आफ्ना दाहिने र देब्रे खुट्टा अनुसारको बनोट भएका जुत्तालाई उल्टो पाल्टो गरी लगाएको कुराको घतलाग्दो वर्णनबाट गरिएको छ। बालक आफू कामप्रति सावधान नहुने तर काम बिग्रेकोमा त्यो चिज वा वस्तुसँग रिसाउने बानीको चित्रण यसमा छ। बालकलाई हरेक काममा सावधान हुनुपर्छ भनेर बालकलाई सिकाएको छ। यसैले प्रस्तुत कवितामा जुत्ता लाउने ठिटाले खुट्टाको बनोट अनुसार जुत्ता लाउन नजान्नुलाई जुत्ताले जाल गऱ्यो भनिएको छ। दाहिने खुट्टामा लाउनु पर्ने जुत्ता देब्रे खुट्टामा र देब्रे खुट्टामा लाउनुपर्ने जुत्ता दाहिने खुट्टामा लगाइदिनुलाई जुत्ताले नै ठाउँ फेरेको भनी रोचक वर्णन गरिएको छ। यस कविताका मध्य भागमा खुट्टा अनुसार नमिलाई जुत्ता लगाएको, छिटो दौडिंदा खुट्टा बाउँडिन पुगेको, दुखेको र ठिटोले पनि 'ऐया' भन्न पुगेको बयान छ। यसपछि ठिटो जुत्तासँग रिसाएको र उसले दुनियाँलाई हसाउँदै लात्ताले हुत्याइ जुत्ता फ्याँकेको चित्रण पनि प्रस्तुत कवितामा छ। यस कविताका अन्त्यमा आफैं जुत्ता लाउन नजान्ने ठिटोले जुत्तासँग रिस पोखेकोमा जुत्ता हाँस्न पुगेको र जुत्ता लाउन नजान्ने ठिटोले चाल पाएको कुराको वर्णन गरिएको छ।

ठिटो र जुत्तासँग सम्बद्ध प्रस्तुत कवितामा एकातर्फ ठिटोतुल्य कविकै कथन देखापर्छ भने अर्कातर्फ जुत्तालाई समेत मानव सरह जाल गर्ने, ठाउँ फेर्ने, हाँस्ने र भन्ने भाव वा बोल्ने क्रियापद दिई उसैका तर्फबाट गरिएको उक्तिको पनि उपयोग गरिएको पाइन्छ। यी दुईथरी

उक्तिको क्रिया प्रतिक्रियामूलक संयोजनले गर्दा प्रस्तुत कविताको संरचना ज्यादै प्रभावकारी बन्न पुगेको छ ।

प्रस्तुत कवितामा त्यस्तो नेपाली लोकलयको सुमधुर प्रयोग गरिएको छ  जस अन्तर्गत प्रत्येक हरफमा सात अक्षरको समानुपातिक वितरण गरिन्छ । यस कविताको त्यस लोकलयलाई सुमधुर बनाउनमा यसै कवितामा प्रयोग गरिएको आन्तरिक अनुप्रासका साथै 'जुत्ताले' 'ठिट्टाले' आदिका प्रयोगबाट मिलाइएको अन्त्यानुप्रास समेतको उल्लेख्य भूमिका छ । दुई पङ्क्तिको एउटा पङ्क्ति पुञ्ज र चार - चार पङ्क्तिका जम्मा चार पङ्क्ति पुञ्ज गरी जम्मा पाँच पङ्क्ति पुञ्जमा यो कविता पूर्ण भएको देखिन्छ र यसमा प्रयोग गरिएको आख्यानमूलक वर्णन शैलीका साथै जुत्ताको उल्टापाल्टी पहिरन गर्नु र त्यसबाट हास्यास्पद स्थितिमा पुग्नु जस्ता कार्यव्यापारले यस कविताको शैलीलाई रोचक बनाएका छन् । छोटा छरिता र रसिला शब्दको प्रयोग, छोटै खालका सरल वाक्यको उपयोग, सामान्यार्थकता, विस्मय र प्रश्नमा आधारित वर्णनशैली तथा पदक्रमगत विचलन यस कविताका भाषाशैली पक्षसँग सम्बन्धित विशेषता हुन् । यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ । अरुलाई दोष दिनुभन्दा आफू सतर्क बन्नुपर्छ भनेर सिकाउनु नै यस कविताको उद्देश्य हो ।

### ४.५.९ 'चङ्खे जुरेली' बाल कविताको विश्लेषण

**चङ्खे चुरेली** शीर्षक बाल कविता चङ्ख स्वभावकी जुरेलीलाई विषयवस्तु बनाइ रचिएको छ । यस कविताको प्रारम्भमा जुरेली चराको चिनारी दिइएको छ र त्यस अनुसार जुरेलीलाई चङ्खे चराका रूपमा चिनाएको पाइन्छ । त्यो जुरेली चरो हो भन्ने आधार पनि त्यहीं दिइएको छ र त्यो आधार हो जुरेली पङ्ख फुक्दै आएको । यसरी जुरेली एक पखेरु चरी हो र त्यो चङ्खे स्वभावको छ भन्ने कुराबाट यो कविताको थालनी गरिएको छ । प्रस्तुत कविताको मध्य भागमा जुरेली चराको जुरो र मिठो बोलीको चित्रण गरिएको छ । त्यस क्रममा जुरेली चराका शिरमा रहने जुरोलाई कपाल कोरीबाटी शङ्खे आकार दिइएको कुराको कल्पना गरिएको छ भने जुरेली चरो भाका सुसेली असाध्यै मिठो बोल्छ भन्ने कल्पना पनि त्यही क्रममा व्यक्त गरिएको छ । त्यसै गरी कविताको  मध्य भागको अन्त्यमा त्यस चङ्खे जुरेली चरासँग उसको जस्तै मिठो बोल्न सिकाइदे भन्ने आग्रह पनि गरिएको छ; जस्तैः

कोरीबाटी कपाल शिरमा शङ्खे जुरो

मुखमा बोल्न भाउन्न पेटमा आउने कुरो
बोल्छस् कति मीठो भाका सुसेली
मीठो बोल्न सिकाइदे चङ्खे जुरेली

(**बिजुले र बिजुला,** पृ. ९)

प्रस्तुत कविताको अन्त्य भागमा जुरेली चराका पङ्ख तन र मनको वर्णन गरिएको छ । त्यहाँ वर्णन गरिए अनुसार जुरेली चरो रूखमा बसिरहेको अवस्थामा पनि उसका पङ्खहरू उडूँ उडूँ गरिरहे झैं देखिन्छन् । त्यस जुरेली चराको तन पनि चङ्ख छ र मनपनि चङ्ख छ । त्यही चङ्ख पनको कारणले गर्दा नै गुलेली देख्दा त्यो जुरेली चरो छिटै उडी हाल्छ । यिनै कुराको बयान गर्दै प्रस्तुत कविताको अन्त्यमा चङ्खे जुरेलीसँग आफूलाई पनि चङ्ख बन्न सिकाइदे भन्ने कुरा कविताका कथयिताले व्यक्त गरेको छ । बालकलाई चलाख बन्न सिकाउनु नै यस कविताको उद्देश्य हो ।

प्रस्तुत कविता चङ्ख स्वभावको जुरेली चरालाई सम्बोधन गरी रचिएको छ । त्यो सम्बोधन यस कविताको वक्ता प्रथम पुरुषका तर्फबाट नै गरिएको हो । त्यो प्रथम पुरुष वक्ता चाहिँ बालकतुल्य भई यस कविताको रचना गर्ने कवि नै हुन् तसर्थ यो कविता कवि कथनमूलक सम्बोधनका ढाँचामा रचिएको देखिन्छ र त्यो उक्ति ढाँचा निकै आकर्षक छ ।

प्रस्तुत कवितामा दुई हरफको एउटा पङ्क्ति गुच्छा र पाँच-पाँच हरफका अरू दुई पङ्क्ति गुच्छा छन् र तिनैका समष्टि योगबाट यो कविता पूर्ण भएको छ । यस कवितामा दश, एघार, बाह्र, तेह्र वटा वर्णको समानुपातिक वितरण गरिएको लोकगीतमूलक लय ढाँचाको प्रयोग गरिएको छ र त्यस असमानुपातिक अक्षर वितरणमा आधारित पङ्क्ति गुच्छाको वैविध्यले गर्दा यस कविताको लयगत साङ्गीतिक तान-वितानका आरोह अवरोहको श्रुति रम्यता व्याप्त बनाइएको छ । वर्णगत आवृत्ति, पदगत आवृत्ति र अन्त्यानुप्रास समेतको प्रयोगले गर्दा खेरी यस कविताको लय माधुर्य तीव्र बनेको देखिन्छ ।

प्रस्तुत कविताको भाषिक प्रयोग तर्फ दृष्टि दिंदा त्यसको वर्ण योजनामा आन्तरिक प्रासीय र अन्त्यानुप्रासीय शैलीगत सौन्दर्य सम्प्रसादित रहेको पाइन्छ । यसमा प्राय दुई तीन अक्षरयुक्त शब्दहरूको नै प्रयोग पाइन्छ र त्यसले गर्दा यस कविताको शैली छरितो तथा बालकहरूका निम्ति नर्तनशील बनेको भेटिन्छ । प्रस्तुत कवितामा 'चङ्खे' विशेषणको प्रयोग सुरुदेखि मध्य हुँदै अन्त्य सम्ममा पनि दोहोऱ्याइएको छ र त्यसले गर्दा यस कविताको शैली

आकर्षक भएको छ। छोटा छरिता शब्दहरूको प्रयोग अनि केही सरल, संयुक्त अनि मिश्रवाक्यको उपयुक्त प्रयोग, सामान्यार्थक, विध्यर्थक, विस्मयार्थक तथा सम्बोधनार्थक वाक्यको प्रयोग, वाक्यगत पदलोप र पदक्रमगत विचलन जस्ता भाषिक लक्षणहरू यस कवितामा पनि छँदैछन् र त्यसै भाषिक प्रयोगको वैशिष्ठ्यका कारणले गर्दा यो कविता मनोहर हुन पुगेको पाइन्छ। यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ।

### ४.५.१० 'फूलैफुलको तरेली' बाल कविताको विश्लेषण

**फूलैफूलको तरेली** शीर्षक बाल कविता बोटै भरि फुलेको आरुको फूललाई विषयवस्तु बनाइ रचिएको छ। यस कविताका प्रारम्भमा फूल बारीमा रहेको आरुको बोटै भरि फूलै फूलको तरेली परेको कुराको वर्णन गरिएको छ र त्यो फूलै फूलको तरेली कसलाई कोसेली दिउँ भनी प्रश्न पनि गरिएको छ। यस कविताको मध्य भागमा फूलै फूलको तरेलीबाट एउटा डाली भाँचेर मान्छेलाई दिउँकी देउतालाई दिउँ भन्ने अन्योल ग्रस्त मानसिकताको रोचक वर्णन गरिएको छ। साथै फूलै फूलको तरेली कसैलाई कोसेली दिउँकी नदिउँ भन्ने दोधारे मनस्थितिको अभिव्यक्ति पनि त्यहीँ गरिएको छ। प्रस्तुत कविताका अन्त्यमा उपर्युक्त आदि भागको प्रश्नको उत्तर तथा मध्य भागमा व्यक्त अन्योलको समाधान दिइएको छ। त्यहाँ फूलै फूलको तरेली कसलाई कोसेली दिउँ भन्ने उत्तरको रूपमा ती फूलको बास्ना सुँघ्ने नाक अनि फूलको रूप हेर्ने आँखा दुबैलाई त्यो कोसेली दिने निर्णय प्रकट गरिएको छ भने मान्छे वा देवतामध्ये कसैलाई फूलैफूलको तरेली कोसेली दिउँ कि नदिउँ भन्ने अन्योलको समाधानका रूपमा मान्छे वा देवता मध्ये कसैलाई पनि फूलको तरेली कोसेली नदिइ ती फूलको बास्ना लिने नाक तथा ती फूलको सौन्दर्यपरक दृश्य हेर्ने आँखा दुबैलाई फूलैफूलको तरेलीको कोसेली दिने अठोट गरिएको छ।

प्रस्तुत कविता कवि निबद्ध प्रथम पुरुष वक्ताको उक्तिका रूपमा रचिएको छ। सो वक्तालाई बुझाउने नाम वा सर्वनाम लुप्त रहे पनि त्यसका निम्ति प्रयुक्त विध्यर्थ, प्रथम पुरुष, एक वचन 'दिउँ' क्रियाको प्रयोग गरेबाट यस कविताको कथन गर्ने त्यो प्रथम पुरुष वक्ता नै हो भन्ने ठहर छ जुन बालक तुल्य भई यो कविता रच्ने कवि नै हुन्। तिनै कविको कथनका रूपमा आएका चार चार हरफका तीनवटा पङ्क्ति गुच्छमा यो कविता पूर्ण भएको छ।

प्रस्तुत कवितामा प्रत्येक पङ्क्तिमा सात अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग पाइन्छ र वर्णगत आवृत्ति तथा अन्त्यानुप्रासको प्रयोगले गर्दा त्यो लोकलय निकै मधुर बनेको पाइन्छ। भाषिक वर्णयोजनागत अनुप्रासीय रम्यता, छोटा छरिता शब्द प्रयोगमा आधारित शैलीगत नर्तनशीलता, सरल तथा संयुक्त वाक्य प्रयोगमा आधारित रोचक शैली, प्रश्नार्थक र निश्चयार्थक वाक्यको समानान्तरता, वाक्यगत पदलोप र पदक्रमगत विचलन पनि यस कविताका भाषाशैलीगत विशेषता हुन्। यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ। बालकलाई वनस्पतिको रक्षा गर्न सिकाउनु नै यस कविताको उद्देश्य हो।

## ४.५.११ 'थैलो र थैली' बाल कविताको विश्लेषण

**थैलो र थैली** बाल कविता थैलो र थैली दुवैलाई क्रमशः मानवीय पुरुष व्यक्तित्व र नारी व्यक्तित्व दिइएको र ती दुई बिचको कलहलाई विषयवस्तु बनाइ रचिएको छ। तिनका परस्पर प्रतिस्पर्धी अहंकारी वार्तालापका शृङ्खलाबाट अघि बढी अन्त्यमा कविद्वारा गरिएको टिप्पणीबाट यो कविता टुङ्गिएको छ। कविताको सुरुमा पनि थैलो र थैली दुवैका बारेमा कविले गरेको टिप्पणी प्रस्तुत छ। त्यसअनुसार थैलो आफ्ना अन्तरतहमा धेरै सामान जान्छ भनी अभिमानी बनेको र थैलीचाहिँ आफ्ना अन्तरतहमा थोरै वस्तु जाने भए पनि मनज्ञानी रहेको वर्णन गरिएको छ। यिनै कुराका पृष्ठभूमिमा अभिमानी थैलो वा मनज्ञानी थैली 'को ठूलो हो' भनी चर्चा चलेको वर्णन कविले गरेका छन्। यसपछि मानवीय पुरुष व्यक्तित्व दिइएको थैलो उठेको, उसले आफैँ ठूलो भनेको र यति कुरा बोल्न ठूलो मुख खोल्दा उसभित्र रहेको मुरी मुरी धान बुरबुर झरेको रोचक आख्यान कथन गरिएको छ। प्रस्तुत कविताका अन्त्यमा मानवीय स्त्री व्यक्तित्व दिइएकी थैलीले चाहिँ केही नबोले पनि ओठ खोली हाँसिदिँदा साना अनमोला दान झर्न पुगेको आख्यान कथन गरिएको छ र यिनै घटनाक्रमबाट थैलो र थैलीमध्ये 'को ठूलो हो' भन्ने भेद खुल्यो भन्ने कवि टिप्पणी आएको छ। यसरी मानवेत्तर थैलो र थैलीलाई मानवीय पुरुष तथा नारी व्यक्तित्व दिई तिनका चरित्राङ्कनको माध्यमबाट अभिमान, मानसिक ज्ञान, प्रतिस्पर्धा तथा भेद खोलाई जस्ता भावनाहरूलाई व्यक्त गर्ने मसिनो आख्यानको बुनोटका कारणले पनि यो कविता रमाइलो बनेको पाइन्छ। बालकलाई नचाहिँदो कुरा धेरै नबोल आवश्यक कुरा मात्र बोल भनेर सिकाउनु नै यस कविताको उद्देश्य देखिन्छ।

मानवेतर थैलो र थैलीलाई मानवीय पुरुष तथा नारी व्यक्तित्व दिई ती दुई बिचको ठूलो भन्ने भावलाई आख्यान कथनद्वारा यस कवितामा व्यक्त गरिएको छ । त्यो आख्यान कथन कविकै तर्फबाट गरिएको छ । आफ्ना अन्तर तहमा धेरै सामान जान्छ भनी अभिमानी बनेको थैलो र आफ्ना अन्तरतहमा थोरै सामान जाने भए पनि मनज्ञानी थैली को ठूलो हो भनी चलेको चर्चाको वर्णन कविकै तर्फबाट आख्यानात्मक उक्तिद्वारा गरिएको छ ।

चार पङ्क्तिको एउटा, दुई पङ्क्तिको एउटा र तीन-तीन पङ्क्तिको दुईवटा गरी जम्मा चार पङ्क्ति पुञ्जमा यस कविताले पूर्ण रूपाकृति प्राप्त गरेको छ । यस कविताको त्यो रूपाकृति प्रत्येक पङ्क्तिमा ६।६ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयमा आबद्ध छ भने त्यो नेपाली लोकलय पनि वर्णगत आन्तरिक तथा अन्त्यानुप्रासीय आवृत्ति र पङ्क्तिगत समानुपातिक वितरणका कारणले बालकहरूका निम्ति साङ्गीतिक गेयताद्वारा ओतप्रोत बन्न पुगेको भेटिन्छ । अनुप्रास र अन्त्यानुप्रासको प्रयोगगत शैलीगत रम्यता, छोटै खालका मिश्रवाक्यको प्रयोगमा आधारित शैलीगत सघनता, वाक्यगत पदक्रमको विचलनका साथै आख्यानात्मक वर्णन शैलीमा निहित कुतूहलताजन्य रोचकता यस कविताका भाषाशैलीगत वैशिष्ठ्य हुन् । यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालका निम्ति बढी उपयोगी देखिन्छ ।

## ४.५.१२ 'पैले होमवर्क' बाल कविताको विश्लेषण

**पैले होमवर्क** शीर्षक बाल कविता बालबालिकाहरूले गर्ने गृहकार्यलाई विषयवस्तु बनाइ रचिएको छ । लड्का साथीहरू, आमा र ज्यामाका सम्वादका शृङ्खलामा यस कविताका सम्पूर्ण पङ्क्तिहरू उनिएका छन् र तिनैका तर्फबाट भनिएका कुराहरूको क्रमिक प्रस्तुतिबाट यो कविता सङ्गठित भएको देखिन्छ । यस कवितामा पहिलो वक्ताको रूपमा लड्कालाई उभ्याइएको छ र उसले पहिले आफूले होमवर्क गर्नुपर्ने र होमवर्क गरेर नै आफू पहिलो हुनुपर्ने विचारलाई जोडदार ढङ्गले प्रस्तुत गरेको छ । त्यसपछि यस कवितामा साथीहरूको कथन प्रस्तुत छ । उनीहरूले स्कुलबाट छुट्टी भएपछि हिँड्दै गई खुला चौरमाथि सारा साथी खर्ल्याङखुट्टी खेलौँ भन्ने आग्रह पनि जोडदार ढङ्गले व्यक्त भएको पाइन्छ । यसपछि फेरि उही पहिलो वक्ता लड्काले चाहिँ आफ्ना साथीहरूलाई खेल्ने खुला चौरतर्फ जाने क्रममा पर्खन भन्दै आफूले पहिले होमवर्क नै गर्नुपर्छ भन्ने कुरा व्यक्त गरेको पाइन्छ । यस कविताका

अन्त्यतिर एकअर्को वक्ताको रूपमा ज्यामालाई उभ्याइएको छ र उनले लड्कालाई 'आज कुन कथा भनूँ वा दोहोरी गाउँ' भन्दै नीद लागेको भए सुत्न आग्रह गरेको कुरा प्रकट गरिएको छ । लड्काले चाहिँ ज्यामालाई पनि पर्खन भन्दै पहिले आफूले होमवर्क नै गर्नुपर्ने कुरा सुनाएको छ । यस कविताका अन्त्यमा कवि आफूले नै टिप्पणी गरेको पाइन्छ र उनको त्यो टिप्पणी विद्यार्थी बालकका निम्ति होमवर्कको बोझ अत्यधिक रहेको युगीन शैक्षिक वातावरणप्रतिको असन्तुष्टिका रूपमा प्रकट भएको छ । बालकको बाल अधिकार होमवर्कको नाममा खोसिनु हुँदैन भन्ने कुरा यस कविताको उद्देश्यमा देखिन्छ ।

प्रस्तुत कविताको उक्तिढाँचालाई हेर्दा विद्यार्थी बालकतर्फ लक्षित उसका साथीहरू, आमा र ज्यामाका कथनलाई कविका तर्फबाट प्रस्तुत गरिएको छ । कवि आफैंले नै यस कविताका अन्त्य भागमा होमवर्कको बोझ अत्यधिक रहेको युगीन शैक्षिक वातावरण असन्तुष्टिका रूपमा पनि यहाँ प्रकट गरिएको छ । ६-६ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग यस कवितामा पनि पाइन्छ । आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोगका साथै कवितामा कतै कर्तापद लुप्त छ र कतै क्रियापद लुप्त छ भने वाक्यगत पदक्रमको विचलन भने यस कविताभर नै छ । छोटा-छरिता झर्रा शब्दको प्रयोगका साथै **होमवर्क** जस्तो अङ्ग्रेजी स्रोतको आगन्तुक शब्दको प्रयोग यसमा गरिएको भए पनि सो होमवर्क शब्द नेपालीहरूका निम्ति सुबोध्य नै भइसकेको हुनाले यस कविताको भाषा तथा शैली सरल एवम् सरस बनेको देखिन्छ ।

सामान्यार्थक वाक्यका साथै इच्छार्थ र आज्ञार्थ अनि विस्मयार्थ र सम्बोधनार्थको प्रयोगद्वारा यस कविताको शैली ज्यादै रोचक बन्न पुगेको पाइन्छ । यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ ।

## ४.५.१३ 'लाग्यो तिहार' बाल कविताको विश्लेषण

नेपाली हिन्दूहरूले मनाउने तिहार चाड र त्यतिबेला फूलेका फूलप्रतिको बाल मनोगत प्रतिक्रियालाई यस कविताको मुख्य विषयवस्तु बनाइएको छ । त्यो प्रतिक्रिया दिदी र बहिनीको भनाइ मार्फत यस कवितामा प्रकट भएको छ । त्यसैले यो कविता दिदीहरू र बहिनीका बिचको सम्बादात्मक उक्ति प्रत्युक्तिका क्रमबाट निर्मित भएको देखिन्छ । यस कविताका प्रारम्भमा तिहार चाड लागेको बेलामा हसना फूलेको र मगमग वासना चलेको कुरो गर्दै

दिदीहरूले त्यही हसना फूल टिपेर तिहारको शृङ्गार गरिदिउँ कि भनी आफ्नो विचार प्रथमतः व्यक्त गरेको पाइन्छ । त्यसपछि तिहार लागेकै बेला वारीभरि गोदावरी फूल फूलेको कुरा गर्दै त्यो फूल टिपेर म चाहिँ तिहारको शृङ्गार गर्दिन भन्ने प्रतिक्रिया बहिनीले प्रकट गरेको पाइन्छ । त्यसपछि फेरि तिहार लागेको बेला सयपत्री फूल ढकमक्क भै फूलेको कुराको चित्रण गर्दै दिदीहरूले चाहिँ त्यही फूलजस्ती (बहिनी) लाई शृङ्गार चाहिंदैन भनेर आफ्नो प्रतिक्रिया व्यक्त गरेको पाइन्छ । यस कविताका अन्त्यमा तिहार पर्वका अवसरमा सूर्यमुखी फूलफुल्ने, त्यो सूर्यतर्फ झुक्ने र त्यसै फूलसँग सँगै पहार तापेर तिहार मनाउने भावना व्यक्त गरिएको छ । समग्रमा फूलका सौन्दर्यको संरक्षण तर्फको सचेततालाई यस कवितामा व्यक्त गरेको बुझ्िन आउँछ । बालबालिकालाई फूलको सौन्दर्यसँग तुलना गर्दै  हाम्रा चाडपर्व र संस्कृतिको चेतना उनीहरुमा जगाउने उद्देश्य यस कवितामा पाइन्छ ।

प्रस्तुत कविता विशेषगरी दिदी र बहिनी बिचको सम्वादात्मक उक्ति प्रत्युक्तिको क्रमबाट निर्मित भएकोले यसमा सम्वादात्मक उक्ति पाइन्छ । कविताको सुरुमा तिहार चाड लागेकोले बारीभरि हसना फूल ढकमक्क फुलेर वासना फैलिएकोले दिदीहरूले त्यही हसना फूल टिपेर बहिनी वा 'म' पात्रलाई शृङ्गार गरिदिन खोजेको र 'म' पात्र वा बहिनीले शृङ्गार गर्न नमानेको, त्यसपछि तिहारको बेलामा शयपत्री फूल ढकमक्क फुलेको र त्यही फूल जस्ती बहिनीलाई शृङ्गार चाहिंदैन भनेर दिएको उत्तर, प्रत्युत्तरलाई दिदी बहिनी बिचको सम्बादात्मक उक्तिद्धारा व्यक्त गरिएको छ ।

प्रत्येक संवादको पहिलो हरफ सात, दोस्रो तेह्र र चौध अक्षरको वितरण गरिएको लयगत पङ्क्ति योजनाको नियमितता यस बाल कवितामा देखिन्छ र त्यो लयढाँचा क्रमशः साङ्गीतिक आरोह लिंदै अघि बढेको पाइन्छ । आन्तरिक अनुप्रास तथा अन्त्यानुप्रासको सशक्त प्रयोगले गर्दा पनि यस कवितामा प्रयुक्त लयढाँचा अत्यन्त साङ्गीतिक बन्न पुगेको पाइन्छ । भाषिक वर्ण योजनामा विद्यमान अनुप्रासीय रम्यता, सजिला झर्रा र रसिला शब्दहरूको प्रयोग पदावलीहरूको समानान्तर विन्यास,सरल र मिश्र प्रकारका वाक्यहरूको वितरण तथा निश्चयार्थ र विस्मयार्थको मिश्रणमा आधारित शैलीगत मनोहारिता यस कविताका भाषाशैलीसँग सम्बद्ध विशेषताहरू हुन् ।

तिहार चाडको सन्दर्भ, विभिन्न फूलका फुलाइको सौन्दर्य तथा मानव प्रकृति तादात्म्य जस्ता थप विशेषता पनि रहेकाले यो कविता ११ देखि १५ वर्ष उमेरका बालबालिकाका निम्ति बढी उपयोगी हुने देखिन्छ ।

### ४.५.१४ 'बिजुले र बिजुला' बाल कविताको विश्लेषण

बिजुलीको चम्काइलाई बिजुले र बिजुला नाम दिइ तिनीहरूको दृश्य तथा कार्यलाई मुख्य विषयवस्तु बनाइ यो बाल कविता रचिएको छ । यस कविताको सुरुमा बादलको माथि लुकामारी खेल्ने बिजुले र बिजुला बालसाथी हुन् र तिनीहरू दुई जहाँ हुन्छन् त्यहाँ-त्यहाँ झिलिमिली हुन्छ भन्ने कुराको चित्रणबाट यो कविता थालिएको छ । यी दुबै साथीहरू मध्ये एउटा चाहिँ आँखा छली-छली लुकी हेर्ने र अर्को चाहिँ आँखा डुली-डुली खोज्दै हेर्ने यी दुबै बाल साथीका आँखा भरिको माया 'टिलिपिली टिल्ल, इलिमिली इल्ल र झिलिमिली झिल्ल' गरी झल्कन्छ भन्ने मिठो कल्पना प्रकट गरिएको छ । यी दुबै बालसाथी जहाँ-जहाँ मिली-मिली पुग्छन् त्यहाँ, त्यहाँ झिलिमिली हुन्छन्, यिनका चार आँखा मिल्दा ती चारै आँखा खिल्छन् र यिनले खिलिखिली खिल्ल गरी एकैचोटि हाँस्दा इलिमिली इल्ल र झिलिमिली झिल्ल हुन्छ भन्ने अर्को रमाइलो कल्पनाको चित्रण पनि यसमा पाइन्छ । बिजुले र बिजुला एकै ठाउँ बस्दा एकै ज्यान जस्ता देखिने हुनाले यिनीहरू एकै हुन् कि दुई हुन् भनेर लोकै जिल्ल पर्ने कुराको चित्रण कविताको अन्त्य भागतिर पाइन्छ । इलिमिली इल्ल र झिलिमिली झिल्ल गर्नु यिनको समान धर्म हो भन्ने कुरा कविताको अन्त्यमा गरिएको छ । बालबालिकालाई बाठो बन भनेर सिकाउन बिजुले र बिजुला नाम राखिएको छ र उनीहरुलाई मनोरञ्जन दिनु र बाठो बन्न सिकाउनु नै यस कविताको उद्देश्य हो ।

बिजुले र बिजुलालाई मानवीय पुरुष तथा नारीको व्यक्तित्व दिई कवि कथनद्वारा ती दुई तर्फ लक्षित उक्ति ढाँचा यस कवितामा पाइन्छ । बिजुले र बिजुला बाल सखा, ती दुबै एकै ठाउँमा रहँदा झिलिमिली झिल्ल देखिने तिनीहरू एकै ठाउँमा हुँदा एकै हुन् की दुइटा हुन् भनेर सर्वसाधारण जिल्ल पर्ने जस्ता वर्णनात्मक उक्तिढाँचाको प्रयोग यसमा पाइन्छ ।

प्रत्येक लयात्मक उद्गारमा ६-६ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग यस कवितामा पाइन्छ भने यसको प्रत्येक पङ्क्ति पुञ्जका अन्त्यमा 'इलिमिली इल्ल झिलिमिली झिल्ल' भन्ने लयात्मक उद्गारको नियमित पुनरावृत्ति गरिएको

पाइन्छ । उस्तै उस्तै खालका वर्णहरूको पुनरावृत्ति, मध्यानुप्रास र अन्त्यानुप्रासको प्रयोगले गर्दा यस कविताको लय योजना बालकहरूका निम्ति गेय बन्न पुगेको पाइन्छ । छोटा छरिता झर्रा र अनुकरणात्मक शब्दको प्रयोग, सरल र मिश्र वाक्य ढाँचाको संयोजन, पदलोप र पदक्रम विचलन गर्ने कवितात्मक शैलीको रोचकता, बादलमाथि लुकामारी गर्ने बिजुलीलाई दिइएको बिजुले तथा बिजुलाको मानवीय पुरुष तथा नारीको व्यक्तित्व जस्ता कुराहरू यस कविताका वैशिष्ठ्य हुन् र यी विशेषताले गर्दा प्रस्तुत कविता ११ देखि १५ वर्ष उमेर समूहका बालकका निम्ति बढी उपयोगी हुने देखिन्छ ।

### ४.५.१५ 'लाटो साथी' बाल कविताको विश्लेषण

**लाटो साथी** शीर्षक बाल कविता लाटो साथीका समस्याप्रतिको सहानुभूतिलाई विषयवस्तु बनाइ रचिएको छ । यस कविताका प्रारम्भमा लाटो साथीलाई गिज्याउनु हुँदैन भन्ने नैतिक विचार व्यक्त गरिएको छ र त्यसपछि सो लाटो साथीका आमा बाबु दुबै नभएका, उसका आँसु पुछिदिने र पीर बुझिदिने कोही नभएकाले ऊ तप्प तप्प आँसु खसाली चुप्प चुप्प रुन्छ भनी टुहुराका पीर व्यथा र रुवाइको चित्रण गरिएको छ । यस कविताको मध्य भागमा उसको एक्लो रुवाइप्रति रोएर के नै पो हुन्छ भन्ने प्रश्न उठाइ आफन्त कोही नभएकाले शून्य शून्य लागेकैले त्यो टुहुरो लाटो साथी रुने गरेको कुराको चित्रण गर्दै एक्लो परेका साथी प्रतिको सहानुभूति झल्काइएको छ । कसैलाई भनेर पार नपाइने पीरहरूले घेरिएको सो साथीका पीडा देखेर सारा धरती नै दुख्ने गरेको, राति आकाशलाई पनि दुःख लाग्ने गरेको र उक्त लाटो साथीले रुँदा माथि आकाशको रुवाइबाट शीत तप्प तप्प झर्ने गरेको घतलाग्दो कल्पनाको चित्रण गरिएको छ । सबै बालबालिकालाई समान व्यवहार गर्नुपर्छ । शारीरिक रुपले अपाङ्ग साथीलाई जिस्क्याउनु हुँदैन, भन्दै सबै क्षमताका साथीहरुका बिचमा समानताको भावना हुनुपर्छ भन्ने कुरा झल्काउनु यस कविताको उद्देश्य हो ।

प्रस्तुत कविताको उक्तिढाँचालाई हेर्दा वर्णनात्मक शैलीमा वक्ता कविले आफूलाई बालकतुल्य बनाइ तृतीय पुरुष लाटो साथी बालकका व्यक्तिगत बाहिरी परिवेश र भित्री मनका पीडासँग सम्बद्ध भावनाहरूको वर्णनात्मक अभिव्यक्ति गरिएको पाइन्छ । त्यो लाटो साथीका पीर व्यथा बुझिदिने बाबु आमा दुबै नभएका र आफ्ना मनमा लागेका कुरा समेत व्यक्त गर्न

नसक्दा ऊ चुप्प चुप्प रुनु परेको मार्मिक अभिव्यक्तिलाई वर्णनात्मक शैलीमा तृतीय पुरुष लाटो साथी बालकका तर्फबाट व्यक्त गरिएको छ ।

नेपाली लोकलयको प्रयोग गरेको यस कवितामा प्रत्येक ६-६ अक्षरको समानुपातिक वितरण पाइन्छ भने प्रत्येक लयात्मक उद्‌गारका अन्त्यमा भाषिक वर्ण योजनाका तहमा अनुप्रासीय रम्यता, शब्द प्रयोगगत सरलता, छरितोपन र माधुर्य, सरल र छोटा खालकै वाक्य प्रयोगको प्रधानता, निश्चयार्थक र विध्यर्थक वाक्य ढाँचाको प्रयोग, वाक्यगत पदलोप र पदक्रम विचलन जस्ता कवितात्मक शैलीका गुणहरूले पनि यस कवितालाई आकर्षक बनाएको छ । यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति बढी उपयुक्त देखिन्छ ।

### ४.५.१६ 'कमिला र मनुवा' बाल कविताको विश्लेषण

**कमिला र मनुवा** शीर्षक बाल कविता कमिलाको यात्रापथ देखेर बालकका मनमा पैदा हुने विस्मयलाई विषयवस्तु बनाइ यो कविता रचिएको छ। यस कविताको शीर्षकमा नै कमिला र मनुवा दुबैलाई समान महत्व भएका स्वतन्त्र पक्षका रूपमा उभ्याइएको छ र तिनै कमिला तथा मनुवाका सम्वादात्मक उक्ति प्रत्युक्तिका सिलसिलाबाट यस कविताले सङ्गठित भई पूर्णता प्राप्त गरेको छ । यस कवितामा पहिलो वक्ता बालक मनुवा रहेको छ भने दोस्रो वक्ताका रूपमा कमिलालाई नै उभ्याइएको छ। प्रथमतः वक्ता बालक मनुवाले कमिलालाई उसका यात्रापथबाट रोक्दै यतातिर नजा भन्ने आग्रह गरेको देखिन्छ भने बालक तुल्य कविले त्यसको जवाफमा कमिलाका तर्फबाट मनुवालाई सम्बोधन गर्दै यतै जान मजा हुन्छ भन्ने प्रत्युत्तर दिएको छ । त्यसपछि सोही कमिलाले यतैबाट मिठो वास्ना आएको हुनाले त्यो वास्ना सुँघ्दै सुँघ्दै छिटो छिटो जान्छु भनी अडान लिएको देखिन्छ । त्यसपछि फेरि मनुवाले कमिलाको यात्रापथ छेक्न खोजेको र कमिलो चाहिँ आफ्नो यात्रापथ छोड्न तयार नभएको कुरालाई दोहोऱ्याइएको छ । यसपछि वक्ता मनुवाले सानो कमिलाको पनि ठूलो ढिपी देखाएको, टिपेर फाल्दा पनि फर्कि फर्कि आएकोमा फेरि कमिलालाई कतै पनि नजान आग्रह गरेको कुराको चित्रण भएको छ भने कमिलाले चाहिँ आफूलाई मजा आउने बाटो छाड्न नचाहेको प्रतिक्रियालाई व्यक्त गरिएको छ। यसै सिलसिलामा वक्ता ठिटो मनुवालाई कमिलाले चिलिदिएको र त्यसबाट उक्त ठिटो तिल्मिलाएको सन्दर्भमा कमिलो आफूले आँटेको बाटोमा छिटो छिटो हिंड्यो भन्ने वर्णन गरिएको छ । अन्त्यमा ठिटो वा बालक कमिलालाई सताउनुमा

मजा मान्दछ र कमिलो चाहिँ मनुवालाई चेताउनुमा आनन्द मान्दछ भन्ने मानव तथा कमिलाका बिचमा रहेको सम्बन्ध झल्काउने विषयको अभिव्यक्तिद्वारा यो कविता टुङ्गिएको छ। कुनै पनि प्राणीलाई सानो भनेर हेप्नु हुँदैन र उसको गन्तव्यलाई छेक्न हुँदैन भन्दै बालकको इच्छा वा चाहनालाई रोक्नु हुँदैन; उसको इच्छा पुरा गरिदिनु पर्छ भन्ने भाव यस कवितामा पाइन्छ।

प्रस्तुत कवितामा कमिला र मनुवा बिचको सम्वादात्मक उक्ति ढाँचाको प्रयोग गरिएकोछ। वक्ता बालक मनुवाले कमिलालाई उसको गन्तव्य तिर जान रोक्न खोजेको तर दोस्रो वक्ताको रूपमा उभ्याइएको कमिलाले आफूलाई त्यतैतिर जान मजा आएकोले जान खोजेको, मनुवा बालकले कमिलालाई फेरि त्यता नजा भनेर रोकेको तर कमिलो ढिपी गरेर त्यतै गएको र त्यति सानो कीरो कमिलाको यति ठूलो ढिपी देखेर टिपेर फाल्न खोज्दा कमिलाले वक्ता बालकलाई चिलिदिएको र त्यो बालक ठिटो तिल्मिलाएको कुरा बालकपात्र र कमिला बिचको संवादात्मक उत्तर प्रत्युत्तर यस कविताको उक्ति ढाँचामा प्रयोग भएको छ।

एक पङ्क्तिमा चौध अक्षरको वितरण र बाँकी सबैमा बाह्र अक्षरको वितरणमा रहेको मिठो नेपाली लोकलयमा यो कविता रचना गरिएको छ। आन्तरिक अनुप्रास र दुई चरणका बिचमा अन्त्यानुप्रास मिलाइएकोले यस कवितामा प्रयुक्त त्यो लोकलयको श्रुतिमाधुर्य निकै उच्च बनेको छ। यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त मानिन्छ।

## ४.५.१७ 'केरा' बाल कविताको विश्लेषण

**केरा** शीर्षक बाल कविता कविद्वारा कल्पित बालक र केराको बोटको बिचको काल्पनिक उक्ति प्रत्युक्तिलाई विषयवस्तु बनाइ रचिएको छ। त्यस क्रममा वक्ता मानिस र वक्ता केरा दुबैलाई प्रथम पुरुषका रूपमा उभ्याइएको छ।

प्रस्तुत कविताको सुरुवात वक्ता बालकले केरालाई सम्बोधन गर्दै 'केरा तँ त कति नराम्रो छस्' भनी विस्मयपूर्ण प्रश्न गरेकोबाट भएको छ भने केराले पनि 'झुक्दै हो हजुर राम्रो छु' भनी उत्तर दिएको पाइन्छ। त्यसपछि वक्ता मानवले फेरि ए केरा कति नराम्रो छस् भनी विस्मयपूर्ण प्रश्न गरेको छ र केलो पनि उतातर्फ झुकी हो नराम्रै छु भनी प्रत्युत्तर दिएको कुरा झल्काइएको छ। यसपछि फेरि वक्ता मनुष्यले केरालाई नराम्रो हो भने किन राम्रो भनेको त

भन्ने प्रश्न गर्दै मलाई त पहिले राम्रै लागेको थियो भन्ने आफ्नो पक्ष प्रस्तुत गरेको छ। त्यसपछि केराको प्रत्युत्तर आएको छ र उसले प्रश्नकर्ता मनुष्यलाई राम्रो भए किन नराम्रो भनिस् भन्दै आफूलाई त्यसो भनेकोमा नराम्रो लागेको कुरा प्रकट गरेको छ। यस कविताका अन्त्यमा राम्रो र नराम्रो मध्ये कुनचाहिँ ठीक हो भन्ने प्रश्न गर्दै जसलाई जस्तो जस्तो ठानिन्छ त्यस्तो नै ठीक हो भन्ने निर्णय दिइएको छ। यसरी केराका दृश्यरूपलाई कहिले राम्रो र कहिले नराम्रो मानिएका काल्पनिक कुराका सन्दर्भमा प्रस्तुत कवितामा जस्तो ठानिन्छ त्यही नै ठीक हो भनी भित्री मनको दृष्टिकोण नै संसारमा निर्णायक हुन्छ भन्ने नैतिक सन्देश व्यक्त गरिएको छ। वक्ता बालक र केराका बिचको सम्बादहरू प्रस्तुत गर्दै र केरालाई केन्द्र विन्दु बनाउँदै कुनै पनि वस्तु राम्रो वा नराम्रो ठान्नुमा सो वस्तुको दृश्य रूप कारण नभई सो वस्तुलाई हेर्ने भित्री दृष्टिकोण महत्वपूर्ण हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ। यस कविताको मुख्य उद्देश्य पनि यही हो।

प्रस्तुत कवितामा कविद्वारा कल्पित बालक र केराको बोटको बिचको काल्पनिक उक्ति प्रत्युक्तिको प्रयोग पाइन्छ। त्यस क्रममा वक्ता मानिस र वक्ता केरा दुबैलाई प्रथम पुरुषका रूपमा उभ्याइएको छ। यसमा वक्ता बालकले केरालाई तँ कति राम्रो छस् भनि विस्मयपूर्ण प्रश्न गरेको छ भने त्यसै गरी केराले पनि 'झुक्दै हो हो हजुर राम्रो छु' भनि उत्तर दिएको छ। त्यस पछि फेरि वक्ता बालकले ए केरा तँ कति नराम्रो छस् भनि विस्मयपूर्ण प्रश्न गरेपछि केराले पनि उतातर्फ झुकी हो नराम्रै छु भनि उत्तर दिँदै कुनैपनि वस्तु राम्रो वा नराम्रो ठान्नुमा सो वस्तुको दृश्य रूप कारण नभई सो वस्तुलाई हेर्ने भित्री दृष्टिकोण महत्वपूर्ण हुन्छ भन्ने उक्ति प्रत्युक्तिको प्रयोग यस कवितामा पाइन्छ।

प्रस्तुत कवितामा पनि त्यस्तो नेपाली लोकलयको प्रयोग गरिएको छ, जसका प्रत्येक हरफमा १२, १२ अक्षरको समानुपातिक वितरण पाइन्छ। आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोग, तद्भव झर्रा शब्दको प्रयोगले शैली छरितो र आकर्षक देखिन्छ। खासगरी एक-दुई अक्षरे छोटा-छरिता शब्दको प्रयोग गरिएको शैली छरितो खालको देखिन्छ भने शैलीगत सरलता र सरसताका साथै प्रश्नोत्तरात्मक शैलीको प्रयोग पाइन्छ। वक्ता बालक र केराले पालैपालो राम्रा-नराम्रो भनेर प्रश्न गर्ने र पालैपालो उत्तर दिने किसिमको त्यस्तो शैलीगत प्रयोग यसमा पाइन्छ; जुन गाउँखाने कथाको निकट देखिन्छ। छोटा-छोटा मिश्रवाक्यको प्रयोग पनि यस कवितामा पाइन्छ।

भाषाको वर्ण योजनामा अन्त्यानुप्रासको प्रयोग गरिएको छ र त्यसले गर्दा यसको भाषा शैली आकर्षक देखिन्छ । यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ ।

## ४.५.१८ 'सारङ्गीमा राइँ-राइँ' बाल कविताको विश्लेषण

**सारङ्गीमा राइँ राइँ** शीर्षक बाल कविता युद्धकालीन वातावरण, तत्जन्य मृत्युको सन्त्रासका साथै जनधन गुमाउनु परेकाहरूको अश्रुपूर्ण भावनालाई मुख्य विषयवस्तु बनाइ यो कविता रचिएको छ र त्यसलाई सारङ्गीका माध्यमबाट व्यक्त गर्ने पद्धतिको वर्णन गरिएको छ । त्यस क्रममा सारङ्गीमा राइँ राइँ गर्दै सान्नानीलाई नरोउ भनी आग्रह गरिएको छ र ती सान्नानीलाई बाहिर आऊ र आँसु पुँछ भनी सारङ्गीवादकले अनुरोध गरेको मिठो कल्पनाका साथ यो कविता थालिएको छ । तर रुँदी सान्नानीले चाहिँ आफू बाहिर नआउने कुरो पनि त्यहीँ व्यक्त गरिएको छ । यसपछि सान्नानीले मन्दिरमा शहनाइ बज्न छाडेको, उठ्नासाथ मान्छे मरेको खबर सुन्न परेको र तिनकै शोक मनाएर आफू रुन परेको युद्धकालीन सन्त्राशपूर्ण वातावरणलाई व्यक्त गरेको देखिन्छ । त्यसै गरी ती सान्नानीले पढ्न गएको दाजु धरापमा परेर मरेको, पुतलीबम खेलाउँदा बहिनी पनि मरेको र तिनकै बालापन सम्झी आफू रुने गरेको कुराको जुन चित्रण गरिएको छ यसबाट युद्धकालीन वातावरणलाई विषयवस्तु बनाइ यो कविता रचिएको कुरा स्पष्ट गरिएको छ । त्यो सान्नानीले घरमा आमा र गोठमा गाई धुरु धुरु रुने गरेको र तिनको आँसु बहिरहेको कुरा संझँदै आफू पनि रोइरहेको कुराका चित्रणमा पनि युद्धकालीन मृत्युजन्य शोकाश्रुपूर्ण वातावरणकै झझल्को पाइन्छ । यी सबै कुराका सन्दर्भमा सारङ्गी बादकले सारङ्गीमा राइँ राइँ गर्दै नरुन र आँसु पुछ्न भने पनि सान्नानी चाहिँ आँसुमै डुबीरहेको र उसले बाहिर आइ आँसु पुछ्न नखोजेको कुराको चित्रणद्वारा यस कवितामा रुवाइ र शोकका भावनाहरूको नै अभिव्यक्ति गरेको देखिन्छ । युद्धले बालबालिकाको मनस्थितिमा पनि नकारात्मक प्रभाव पार्ने कुरालाई देखाउनु नै यस कविताको उद्देश्य रहेको छ ।

प्रस्तुत गीतको उक्ति प्रथम पुरुषवाचकका कोणबाट नै गरिएको छ र त्यस अन्तर्गत द्वितीय पुरुषप्रतिको सम्बोधनका साथै आख्यानात्मक घटनावर्णनको शैलीको पनि उपयोग गरिएको छ । त्यस क्रममा यस कविताको उक्ति ढाँचा सम्वाद तथा वर्णनका दोहरै शैलीमा आधारित हुन पुगी निकै आकर्षक बनेको पाइन्छ ।

नेपाली लोक छन्दको प्रयोग गरी रचिएको यो बाल कवितामा 'नरौ नरौ सान्नानी, सारङ्गीमा राइँ राइँ, बाहिर आऊ न आँसु पुछूँ, आउन्न म नाइँ नाइँ'लाई स्थायीका रूपमा प्रयोग गरिएको छ। यसमा अन्तरा तीनवटा छन् भने अन्यमा स्थायीकै प्रयोग पाइन्छ। आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोगले कविता श्रुतिमधुर बनेको छ। यसको अन्तरामा चौध अक्षरे नेपाली लोकलयको प्रयोग पाइन्छ भने स्थायीमा नौ र आठ अक्षरे लोकलयको प्रयोग गरिएको छ। स्थायी र अन्तराको प्रयोगले यस कविताको लोकलयात्मक सङ्गीतलाई तीव्रता प्रदान गरेको छ।

भाषिक वर्णयोजनाका तहमा यस कवितालाई हेर्दा आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोग, छोटा छरिता शब्दहरूको प्रयोग, तद्भव झर्रा शब्द, युद्धकालीन वातावरणकै झझल्को दिने खालका शब्दहरूको प्रयोग, द्वित्व र अनुकरण शब्दको सुमधुर प्रयोग, छोटा-छोटा संयुक्त वाक्यको प्रयोग, सामान्यार्थ, विध्यर्थकका साथै विस्मयार्थ वाक्य ढाँचाको प्रयोग यसमा पाइन्छ। पदलोप र पदक्रम विचलन पनि कवितामा पाइन्छ। यी सबै कुराहरूलाई हेर्दा यो कविता १० देखि १४ वर्ष उमेर समूहका बालबालिकाका निम्ति उपयुक्त देखिन्छ।

### ४.५.१९ 'वृन्दावनमा कामधेनु गाई' बाल कविताको विश्लेषण

**वृन्दावनमा कामधेनु गाई** शीर्षक बाल कविता कामधेनु गाई र सो सम्बन्धमा बालकोचित कल्पनालाई विषय बनाइ यो कविता रचिएको छ। यसक्रममा वृन्दावनमा चरिरहेकी कामधेनु गाई कुन बुटी खाएर अलप भइहोलिन भन्ने जिज्ञासाको चित्रण गरिएको छ। त्यस क्रममा बलराम लगायतका गोल्यानी र ग्वाला कामधेनुलाई नदेखेर जिल्लाराम परेको मिठो कल्पना कविताको मध्य भागमा गरिएको छ। कविताको अन्त्यमा चाहिँ कृष्णजीको हेराइद्वारा जङ्गल नै अलप भएको र त्यस ठाउँमा केवल कामधेनु गाई प्रकट भएको अर्को मिठो कल्पना यसमा गरिएको छ। बालकलाई धार्मिक र पौराणिक घटनाको पनि जानकारी गराउनु यस कविताको उद्देश्य देखिन्छ।

प्रस्तुत कविताको उक्ति ढाँचालाई हेर्दा वर्णनात्मक उक्ति ढाँचा देखिन्छ। प्रथम पुरुषका कोणबाट गरिएको वर्णनात्मक र भावात्मक उक्ति र त्यस अन्तर्गत विचित्र कल्पनाको सन्निवेशद्वारा यो कविता पूर्ण भएको छ।

चौध, चौध अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग यस कवितामा गरिएको छ। २-२ हरफका जम्मा ६ श्लोकको यस कवितामा छोटाछरिता संयुक्त वाक्यको प्रयोग पाइन्छ। सामान्यार्थक र विस्मयार्थक वाक्य ढाँचाको प्रयोगका साथै वाक्यमा पदक्रम विचलन पनि पाइन्छ। आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोगले कवितामा श्रुतिमधुरता छाएको छ। यो बाल कविता विशेष गरी १० देखि १४ वर्ष उमेर समूहका बालबालिकाका निम्ति उपयुक्त देखिन्छ।

## ४.५.२० 'के हो ?' बाल कविताको विश्लेषण

नेपालीको 'चाहिने जो' थेगो गाउँखाने कथाको 'के हो' भन्ने विषयलाई लिएर यो बाल कविताको रचना गरिएको छ। गाउँखाने कथाको पाराका प्रश्नात्मक कथनको विन्यासकै क्रमिक शृङ्खलाबाट यो कविता बनेको छ। चाहिने जो हो र चाहिने के हो जस्ता नेपाली थेगोको रोचक प्रयोग गरी यो कविता बालकका निम्ति मनोरञ्जनमूलक बनेको छ। प्रश्नकर्ता कवि र बालकबिचको गाउँखाने कथाको ढाँचाका प्रश्नहरू यस कविताका मध्य र अन्त्य भागमा गरिएका छन्। कविताको अन्त्य भागमा चाहिने जो, हो, चाहिने जो हो थेगोलाई दोहोऱ्याउँदै भन त चाहिने के हो ? भनी प्रश्न गरिएको छ।

प्रस्तुत कवितामा द्वितीय पुरुष शैलीको उक्ति ढाँचाको प्रयोग गरिएको छ। कविद्वारा वक्ता बालकलाई गाउँखाने कथाको ढाँचामा चाहिने जो हो, चाहिने जो हो भन् त चाहिने के हो ? जस्ता प्रश्नात्मक कथन यसमा पाइन्छ। गाउँखाने कथाको माध्यमबाट बाठो बन्न सिकाउनु नै यस कविताको उद्देश्य हो।

गाउँखाने कथाको ढाँचामा लेखिएको यस बाल कवितामा दुई श्लोकमा चाहिने जो, हो, चाहिने जो हो, स्थायीको तीनपटक आवृत्ति र पहिलो आठ र दोस्रो सात अक्षरे स्थायी अनि ६-६ अक्षरे अन्तराको प्रयोगद्वारा यो कविता नेपाली लोकलयमा रचिएको छ। यस बाल कवितामा पनि आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोग पाइन्छ। सामान्यार्थक र प्रश्नार्थक वाक्य ढाँचाको प्रयोग गरिएको यस बाल कवितामा सरल र रोचक शैलीको प्रयोग पाइन्छ। यो बाल कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति पठनीय देखिन्छ।

## ४.५.२१ 'आयो आयो भुइँचालो' बाल कविताको विश्लेषण

**आयो आयो भूइँचालो** शीर्षक बाल कविता भुइँचालो आउँदाको अवस्थालाई विषयवस्तु बनाइ रचिएको छ। आमाले बुढी औँला भुइँमा थिच्दा भुइँचालो आएको बालोचित कल्पनालाई

यस कवितामा देखाइएको छ । भूइँचालो आउँदा कच्ची घरहरू ढलेका, पक्की घरहरू पनि हल्लिएका, मान्छेहरू ज्यान जोगाउन यताउति भाग्दै कोही ककेरामा लुकेका, कोही उघारामा पुगेका, सानी बालिका पनि आफ्नो भाइलाई डोऱ्याउँदै दौडिरहेकी दृश्यलाई देखाएर भुइँचालो आएकोले भाइहरूलाई होस गर भनी यस कविताको मध्य भागमा भनिएको छ । यसै गरी यस कविताको अन्त्य भागमा पछि आउने भुइँचालोका बारेमा थाहा पाएर गौँथलीले गुँड कसरी लाउँछे भन्ने विस्मयपूर्ण कल्पना प्रस्तुत गरिएको छ । भुइँचालोबाट जोगिनका निम्ति चारै चोसा कसिएको जस्तो र बुद्ध ध्यानमा बसेको जस्तो उज्याला चोटाकोठा बुबाले बनाएका अवस्थामा ढुक्क हुन सकिन्छ भन्ने कुरा भाइप्रतिको सम्बोधनद्वारा यहाँ व्यक्त गरिएको छ । प्राकृतिक प्रकोप आउँदा कसरी बच्ने भन्ने कुरा सिकाउनु नै यस कविताको उद्देश्य हो ।

बालकतुल्य भई कविले गरेको कथन र त्यस अन्तर्गत भाइहरूप्रति गरेको सम्बोधन, आख्यानात्मक पात्र तथा घटनाको संयोजन तथा केही विचित्र कल्पनाका साथै आलङ्कारिक वर्णनद्वारा ओतप्रोत भई यस कविताको उक्ति ढाँचा आकर्षक बनेको छ । भुइँचालो आउँदाको अवस्था, त्यसबाट जोगिन अपनाउनु पर्ने सावधानी आदि कुरालाई भाइहरूप्रति सम्बोधन गर्दै आख्यानात्मक ढङ्गले वर्णन गरिएको छ ।

प्रस्तुत बाल कवितामा यस्तो नेपाली लोकलयको प्रयोग गरिएको छ, जसको पहिलो हरफमा सोह्र अक्षरे, दोस्रो र तेस्रो हरफमा क्रमशः सात-सात अक्षरे र तेस्रो हरफमा चौध अक्षरको वितरण गरिएको ३ श्लोक छन् । आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोगले कवितामा श्रुतिमधुरता छाएको छ । सामान्यार्थक, आज्ञार्थक र सम्बोधनार्थक वाक्य ढाँचाको प्रयोग अनि पदक्रम विचलन तथा पदलोप यस कवितामा पनि पाइन्छ । सरल तथा मिश्रवाक्यको प्रयोग कविताभरि नै देखिन्छ भने भुइँचालो आउँदा अपनाउनुपर्ने सतर्कता वा बालबालिकालाई भुइँचालोबाट जोगिन पर्ने कुरालाई यस कवितामा सन्देशका रूपमा व्यक्त गरिएको छ । यो बाल कविता विशेष गरी ११ देखि १४ वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ ।

## ४.५.२२ 'अचम्मको घोडा' बाल कविताको विश्लेषण

**अचम्मको घोडा** शीर्षक बाल कविता बाल खेलमेलसँग सम्बन्धित विषय वस्तुको प्रयोग गरी रचिएको छ । त्यसैले यसको विषयवस्तु मनोरञ्जनमूलक देखापर्छ र त्यो बालकको मनोरञ्जनमूलक खेलको आधार बालकहरूले खेल्ने घोडचढी हो । यस कवितामा टुँडीखेलमा घोडे जात्रा हेरिसकेपछि बालकहरूले त्यसैको अनुकरण गरी खेल्ने घोडचढी खेलको सुमधुर अभिव्यक्ति गरिएको छ । बालकहरूले घोडे जात्रामा मानिस घोडामाथि चढी घोडा कुदाएको खेल हेरिसकेपछि त्यसैको देखासिकी गरी आ-आफैं पालैपालो घोडो बन्ने र पालै पालो सवार बन्ने जुन खेल खेल्छन् त्यसै खेलमा घोडाको भूमिकामा रहने साथीलाई बालकका निम्ति 'अचम्मको घोडा' मानी यो कविता रचिएको छ । सोही विषयलाई व्यक्त गर्नका लागि यस कवितामा प्रथमतः घोडा आएको हुनाले बाटो छोड्न आह्वान गरिएको छ । त्यसपछि त्यस घोडामा मानिसको टाउको रहेको र भुइँमा चार गोडा रहेको चित्रण गर्दै त्यस्तो अचम्मको घोडा कहाँबाट ल्यायौ भनेर प्रश्न गरेको छ र सो प्रश्नको उत्तरमा तीन भाइ मिली एउटा घोडा ल्याएको र त्यस घोडालाई बाटो छोड् भन्ने आग्रह वक्ताका तर्फबाट गरिएको छ । त्यसै क्रममा टुँडीखेलमा घोडेजात्रा हेरेको र घोडामाथि मान्छे चढेको देखेको सन्दर्भ दिंदै आज आफैंले घोडेजात्रा खेलेको र आफ्ना घोडेजात्राका खेलको घोडाको पुच्छर र जगर नभएको अनि सबै पालै पालो चढ्ने रहर भएको र सोही अनुसार कहिले आफैं घोडा र कहिले आफैं सवार भएको कुराको रोचक वर्णन यहाँ गरिएको छ । आफूले खेलीरहेको घोडेजात्रा खेलको घोडाका मुखमा लगाम र पीठमा काठी नभएको, आफ-आफैं पालै पालो घोडा बन्ने खेल जुन बाल बालिकाले खेल्छन्, त्यसै किसिमको घोडा खेललाई विषयवस्तु बनाइ यो कविता रचिएको छ । बालकलाई खेल्न कुनै विशेष खेलौना नै चाहिन्छ भन्ने छैन, ऊ हरेक वस्तुलाई खेलौना बनाएर खेली मनोरञ्जन लिन सक्छ भन्ने कुरा देखाउनु नै यस कविताको उद्देश्य हो ।

बालकहरूले खेल्ने घोडा खेललाई विषयवस्तु बनाइ रचिएको यस कवितामा कविगत उक्ति पद्धतिको प्रयोग गरिएको छ । उक्त उक्ति पद्धतिमा केही प्रश्न र केही विस्मयका साथै आग्रह र आख्यानात्मक वर्णनको संश्लेषित रोचकता पाइन्छ ।

६-६ अक्षरको स्थायी र बाह्र अक्षरे अन्तराको प्रयोग भएको यो बाल कवितामा पनि नेपाली लोकलयको प्रयोग गरी रचिएको छ । त्यस लोकलयमा स्थायी दुई -दुई पङ्क्तिको छ र

६-६ अक्षरको समानुपातिक वितरण र स्थायी चाहिँ बाह्र-बाह्र अक्षरको समानुपातिक वितरणमा रहेको छ ।

आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोग अनि आज्ञार्थ, प्रश्नार्थ र सम्बोधनार्थ वाक्य ढाँचाको प्रयोगले यसको शैलीलाई रोचक बनाएको छ । सरल तथा मिश्रवाक्यको प्रयोग यस कवितामा पनि पाइन्छ । पदक्रम विचलन तथा पदलोप पनि कवितामा पाइन्छ भने यो बाल कविता विशेष गरी ६-१० वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ ।

यो बाल कविता (त्यस्तो हुँदा कस्तो) घाम-पानी बाल कविता सङ्ग्रहमा भएको शीर्षक दोहोरिएकोले यसमा त्यसको विश्लेषण दोहोऱ्याएर गरिएको छैन ।

## ४.५.२३ 'हैन, त्यस्तो के छ र ?' बाल कविताको विश्लेषण

**हैन त्यस्तो के छ र** ? शीर्षक बाल कविता बालकका खेलमेलका सम्बन्धमा आमाका मनमा पैदा हुने खालका खुल्दुली, जिज्ञासा र आश्चर्यलाई विषयवस्तु बनाइ रचिएको छ । आमाले सधैं आफ्नो बालक आफू नजिकै रहिरहोस् भन्ने चाहन्छिन् तर बालक चाहिँ आमाको आँखा छली छली घर बाहिर गइ खेलमेलमा भुलिरहन्छन् भन्ने साझा प्रवृत्तिको रोचक चित्रण यस कवितामा गरिएको छ । यो कविता आमाका उक्तिका रूपमा आएको छ र प्रथमतः आँखा छलेर फुच्चे बालक बाहिर जाने गरेको र त्यहीँ भुल्ने गरेको विषयगत सन्दर्भ लिइ बाहिर त्यस्तो के छ जसले बालकलाई भुलाउँछ भन्ने मातृ जिज्ञासाको चित्रण गरिएको छ । यस क्रममा आमाको मनमा पदा हुने अनेक आश्चर्यलाई प्रस्तुत गरिएको छ र आमाका उक्ति अन्तर्गत नै फुच्चे बालक खुला ठाउँमा पुग्दा आफैं खुले झैं र पुतली बतासमा डुले झैं डुल्छ भन्दै त्यस फुच्चे बालकका पैतालामा कसले कुतकुती लाउँछ भन्ने प्रश्न उठाइएको छ । त्यो बाल कहिले कसैलाई डाके जस्तो गरी सुसेली हाल्छ, कहिले कसैलाई हाँके जस्तो गरी चिच्याउँछ, र कहिले कोइलीले को हो, को हो भन्दा म हो म हो भन्छ भन्दै के कोइलीले त्यो फुच्चेका कुरा बुझ्छ र भन्ने आश्चर्य प्रकट गरिएको छ । आमाकै उक्ति अन्तर्गत प्रस्तुत कविताका अन्त्यमा बाहिर खेल्न गएको बालक नौलो फूल देख्दा सारा जगत् भुले जस्तो गरी आफू त्यसैमा भुले सरह भई त्यसलाई हेरिरहन्छ र आखिर साँझ पख त्यसरी प्राकृतिक दृश्यका अवलोनमा भुलिरहने र बाहिरतिर रमाइ-रमाइ खेलिरहने बालकलाई खोजेर ल्याउनुपर्छ भन्ने आमाका भावना तथा समस्याको चित्रण गरिएको छ । प्राकृतिक पर्यावरणबाट पनि बालकहरू मनोरञ्जन लिन सक्छन् भन्ने कुरा देखाउनु नै यसको उद्देश्य हो ।

प्रस्तुत कवितामा साना-साना फुच्चे बालकहरू आमाको आँखा छली छली बाहिरतिर र वरपर डुल्ने, खेल्ने भुल्ने, सुसेल्ने, चिच्याउने, बोल्ने र हेर्ने जस्ता जे जति बालगतिविधि गर्ने गर्दछन् तिनको चित्रण आमाको उक्ति मार्फत यस कवितामा गरिएको छ र ती बाल गतिविधिका सम्बन्धमा आमाका मनमा पैदा हुने भावनाका साथै बालकका सम्बन्धमा आमाले लिने चिन्ता एवम् चासो समेतको रोचक चित्रण गरिएको छ ।

प्रत्येक चरणमा चौध अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको त्यस्तो प्रयोग यस बाल कवितामा गरिएको छ जुन आन्तरिक अनुप्रास र अन्त्यनुप्रासको योजनाद्वारा अत्यन्त मधुर बनेको छ । वर्ण योजनागत अनुप्रासीयता, छोटा छरिता र झर्रा, भावात्मक शब्दको प्रयोग, छोटा छोटा वाक्य ढाँचाका साथै प्रश्नार्थक र विस्मयार्थक वाक्यको प्रचुर उपयोग तथा पदक्रमगत विचलन र पदलोप जस्ता प्रवृत्तिहरूद्वारा यस कविताको शैली आकर्षक तथा प्रभावकारी बनेको छ । त्यसै गरी कतिपय स्थलमा गरिएको दाँजोमा झल्कने उपमा अर्थालङ्कारको रम्यता पनि यस कविताले प्राप्त गरेको देखिन्छ । यो कविता पनि विशेषगरी ६ देखि १० वर्ष उमेर समूहका बाल बालिकाका निम्ति उपयोगी देखिन्छ ।

## ४.५.२४ 'बिरामी छोरीको रहर' बाल कविताको विश्लेषण

**बिरामी छोरीको रहर** शीर्षक बाल कविता बिरामी परेकी छोरीको मनका रहरलाई विषयवस्तु बनाएर रचिएको छ । त्यसरी विरामी परेकी छोरीको मनमा दाजु, बुबा बाहिर निस्केको देखेर उसलाई पनि बाहिर जान मन लाग्ने, बस्दा बस्दा जीउ दुखेको हुनाले छोरी बाहिर घुम्न जान खोज्ने तर आमाले चाहिँ पछि निको भएपछि घुम्न जाउली बरु झ्यालमा बसेर बाहिर हेरिरहु भनेर सम्झाएकी छिन् । आकाशमा पङ्ख हम्केर पन्छी उडिरहेका र मानिसहरू लम्की लम्की बाटामा हिँडिरहेका देखेर बिरामी छोरीलाई पनि डुल्न रहर भएको र बिरामी भएर घरमा बसिरहँदा जीउ मात्रै दुखेको गुनासो कविताको मध्य भागमा गरिएको छ भने कविताको अन्त्य भागमा सबै साथी सङ्गीहरू रमाई रमाई खेलिरहेका हुनाले मलाई पनि बुइमा बोकेर साथीहरू खेलिरहेका ठाउँमा लैजाऊ मलाई पनि खेल्न रहर लाग्छ, खेल्न पाए पुग्छ भनेर विरामी छोरीको रहरलाई प्रस्तुत गरिएको छ । बालबालिका खेल भने पछि हुरुक्क हुन्छन्, उनीहरु आफू बिरामी पर्दा पनि खेल खेल्न पाए सन्चो ठान्दछन् भन्ने कुरा देखाउनु नै यसको उद्देश्य रहेको छ ।

प्रस्तुत कविता आमा र छोरीका बिचका उक्ति, प्रत्युक्तिको ढाँचामा रचिएको छ र यस कविताका तेस्रो र चौथो श्लोकमा छोरीका प्रत्युक्तिका रूपमा र दोस्रो श्लोक आमाको प्रत्युक्तिको ढाँचामा रचिएको छ । बिरामी छोरीले विरामी भई घरमा बसिरहँदा जीउ मात्रै दुख्ने भएकोले आफूलाई पनि दाजु, बाबु सरह घरबाट निस्केर हिँड्ने रहर भएको कुरा व्यक्त गरेकी छे भने आमाले चाहिँ आफ्नी सानी छोरीलाई फकाउँदै तिमी कतिज्ञानी छ्यौ त्यसैले सन्चो भएपछि घुम्न जाउली बरु झ्यालमै बसेर बाहिर हेरिरहु भनेकी र छोरीले चाहिँ आफूलाई पनि घरबाट बाहिर निस्केर खेल्न, डुल्न जान रहर भएको कुराको प्रत्युक्ति यस कविताको उक्ति ढाँचामा व्यक्त गरिएको छ ।

प्रस्तुत बाल कवितामा यस्तो नेपाली लोक लयको प्रयोग गरिएको छ; जसका प्रत्येक हरफमा १२-१२ अक्षरको समानुपातिक वितरण गरिएको छ । कवितामा आन्तरिक अनुप्रास र अन्त्यानुप्रास समेत मिलाएकोले बालकहरूका निम्ति गाउँदा, सुन्दा मिठो लाग्ने बनेको छ । वर्ण योजनागत अनुप्रास, छोटा छरिता वाक्य अनि सामान्यार्थक, सङ्केतार्थक संभावनार्थक, इच्छार्थक र विस्मयार्थक ढाँचाका वाक्यको प्रयोगले गर्दा यस कविताको शैली आकर्षक र रमणीय भएको छ। वाक्यमा पदक्रम र विचलन र पदलोप पनि पाइन्छ। यो कविता पनि विशेषगरी ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ ।

### ४.५.२५ 'मितेरीको गीत' बाल कविताको विश्लेषण

मानव र प्रकृतिका बिचमा मितेरी कायम गर्नुपर्छ भन्ने उदात्त मानवतावादी भावनालाई विषयवस्तु बनाइ यो कविता रचिएको छ। आकाशका किरण र धरतीका शीतहरूसँगै हामी हाँसी खेली मितेरीका गीत गाउँछौं भनेर यस कविताको सुरुवात गरिएको छ। पुतलीको खेल मेलको चित्रण र रङ्गको चित्रण गर्दै कसको डरले किन तर्सिस पुतली भनेर प्रश्न गरिएको छ भने पुतलीका तर्फबाट ठुङ्न आउने ढुकुरका डरले आफू तर्सिएको कुरा व्यक्त गरिएको र त्यसपछि वक्ता म ले पुतलीसँग मीत लाउने र आफू खेल्न आउने आग्रह गरिएको छ। त्यसपछि फेरि वक्ता म ले ढुकुरका कुरकुर गानका माधुर्यको वर्णन गरेको छ र तर्सिरहेको ढुकुरलाई वक्ता म ले किन तर्सिस् भनेर प्रश्न गर्दै मट्याङ्ग्रा हान्ने मानिसको डरले आफू तर्सिएको उत्तर दिएको कुरो पनि राखिदिएको छ। यस कविताका अन्त्यमा वक्ता बालक म ले ढुकुरलाई नडराउनु भनेको छ र आफूले ऊसित मीत लाउने र उसलाई आफूसित खेल्न आउन आग्रह गरिएको छ। यसरी मानव र प्राकृतिक **किरण, शीत**जस्ता अचेतन वस्तु अनि

पुतली, ढुकुर जस्ता पन्छी वर्गका बिच सुमधुर मितेरी सम्बन्ध हुनुपर्छ भन्ने विचारलाई यस कवितामा व्यक्त गरेको देखिन्छ । बालबालिकाले प्रकृतिका हरेक वस्तुलाई आफ्नो साथी सरह ठानेर तिनीहरुसँग खेलेर मनोरञ्जन लिने स्वभावको चित्रण गर्नु यसको उद्देश्य देखिन्छ ।

प्रस्तुत कविताको उक्ति ढाँचालाई हेर्दा बालकका तर्फबाट गरिएको सम्बोधन र त्यो सम्बोधन मानवेत्तर प्राणी ढुकुर र पुतलीतर्फ लक्षित छ । त्यस क्रममा वक्ता बालक म ले पुतलीलाई किन तर्सिस् भनेर गरेको प्रश्न, त्यसपछि पुतलीले ढुकुरले ठुङ्न आउने भएकोले आफू तर्सिएको कुराको वर्णन अनि वक्ता बालक म ले आफूले पुतलीसित मीत लाउने र आफूसित खेल्न आइज भनेर गरिएको आग्रह र यसै गरी बालकले ढुकुरलाई किन तर्सिस् भनेर गरिएको प्रश्न, मानिसले मट्याङ्ग्राले हान्ने डरले गर्दा आफू तर्सिएको भनेर ढुकुरले दिएको उत्तर अनि बालकले म तँसित मीत लाउँछु तँ मसँग खेल्न आइज भनेर गरेको आग्रह यस कविताको उक्ति ढाँचामा पाइन्छ ।

नेपाली लोक लयमा आधारित १४-१४ अक्षरको एक हरफ भएको यस बाल कविताको वर्ण योजनाका तहमा आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको संयोजनले कविता श्रुतिमधुर बनेको छ । सामान्यार्थ, प्रश्नार्थ र आज्ञार्थ अनि छोटा छरिता वाक्यको प्रयोग कविता भरि नै पाइन्छ । प्रकृति मानिस र अन्य प्राणीबिचको तादात्म्यतालाई यस कविताले देखाएको छ । यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ ।

## ४.५.२६ 'हुलाकी हुलाकी' बाल कविताको विश्लेषण

**हुलाकी हुलाकी !** शीर्षक बाल कविता हुलाकी र चिठीका सम्बन्धमा बालकका मनमा पैदा हुने भावनालाई विषयवस्तु बनाएर रचिएको छ । बालकले हुलाकीसँग एउटा चिठी छ कि भनेर प्रश्न गर्दै हुलाकीले ल्याउने चिठीमा टाढा-टाढा कुनै रमाइलो देशको हालचाल होला की भन्ने कल्पना गरिएको छ । त्यस हुलाकीले ल्याएको चिठीमा टाँसिएको रातो, नीलो र पहेंलो टिकटमा कुनै रमाइलो देशको बालमेला झल्काइएको होला कि भन्ने अर्को रमाइलो कल्पना गरिएको छ । त्यो चिठी कसैले मेरै नाम पुकारेर भलाकुसारी सोधेर कुनै केटा वा केटीले केही लेखेर मैलाई नै पठाएको होला कि भनेर फेरि अर्को विचित्र कल्पना गरिएको छ । त्यो चिठीमा शुभकामना दिएर र मित्र बन्ने चाहना राखेर आफ्नो नाम, ठेगाना सहितको फोटो पनि होला कि भनेर अनौठो कल्पना सहित यो कविता टुङ्ग्याइएको छ । बालकलाई मनोरञ्जनका साथै

संसारका सबै मानिस एकै हुन्, सबैमा मितेरीको भावनाले हेर्नुपर्छ भनेर विश्व बन्धुत्वको भावना जगाउनु यसको उद्देश्य हो ।

प्रस्तुत कविताको उक्तिढाँचालाई हेर्दा बालकका तर्फबाट हुलाकी तर्फ सम्बोधित भावात्मक वर्णनका साथै प्रश्नार्थक उक्ति पनि पाइन्छ । बालकका उक्तिका रूपमा यो कविता आएको छ र त्यो उक्ति हुलाकी प्रति सम्बोधित छ । बालकले हुलाकीसँग एउटा चिठी होला कि भनेर प्रश्न गर्दै हुलाकीले ल्याउने चिठीमा टाढा टाढा कुनै रमाइलो देशको हालचाल होला कि भन्ने कल्पना गरिएको छ । त्यसैले यसको उक्तिढाँचा भावात्मक वर्णनका साथै प्रश्नार्थक पनि छ ।

सात-सात अक्षरमा विश्राम हुने चौध अक्षरे नेपाली लोक लयको प्रयोग यस कवितामा पाइन्छ । त्यस क्रममा हुलाकी हुलाकी यौटा चिठी होला कि ? स्थायी र पाँचवटा अन्तराको प्रयोग गरिएको यसको लोकलय निकै आकर्षक, साङ्गीतिक र बालकहरूका निम्ति मच्ची-मच्ची गाउन लायक देखिन्छ । यसै गरी कवितामा ‘फलाना-ठेगाना, घरको-परको, होला कि कामना-चाहना’ आदि अन्त्यानुप्रासको प्रयोगले श्रुति मधुरता छाएको छ ।

प्रस्तुत कवितामा प्रयुक्त वाक्य ढाँचालाई हेर्दा यस कवितामा सामान्यार्थ, प्रश्नार्थ, सम्बोधनार्थ, इच्छार्थ र विस्मयार्थक वाक्यको प्रयोग पाइन्छ । बालकले हुलाकीले चिठी ल्याएको दृश्यलाई देखेपछि उसका मनमा उत्पन्न भएका कुतुहलताहरूलाई मेटाउने प्रसङ्गमा सामान्यार्थ, सम्बोधनार्थ प्रश्नार्थ आदि छोटा-छरिता सरल र संयुक्त वाक्यको प्रयोग, आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोगले कवितामा श्रुसिमधुरता छाएको छ ।

यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त मानिन्छ ।

### ४.५.२७ ‘म्याउँ बिरालो’ बाल कविताको विश्लेषण

**म्याउँ बिरालो** शीर्षक बाल कविता बिरालाको व्यवहारको सादृश्यमा बालकलाई फकाउने क्रममा आमा र बालकबिचको सम्वादलाई विषयवस्तु बनाएर रचिएको छ । बालकले गर्ने बिरालाका ध्वनिको आवाज अथवा क्रियाको पनि अनुकरण र त्यसक्रममा म्याउँ म्याउँ गर्ने बिरालाका रूपमा स्वयम् बालकलाई उभ्याइएको छ र त्यो बिराला जस्तो बनेको बालकको उक्तिको रूपमा यो कविता आएको छ । त्यो उक्ति आमाप्रति सम्बोधित छ । त्यस क्रममा

प्रथमतः बालकले बिरालो तुल्य भई म्याउँ म्याउँ आमा म्याउँ गर्दै गिलासको दूध अलिकति खाउँ र त्यो दूधबाट मुख मिठ्याइ जाउँ भनी गरेको सम्बोधनमूलक इच्छार्थ व्यक्त गरिएको छ। बालकले बिरालो जस्तै भई म्याउँ, म्याउँ गरी दूध मागेको देख्दा छक्क परेकी आमाले आफ्नो बाबु (छोरा) लाई सम्बोधन गर्दै तँलाई आज के भयो, किन बिरालो जस्तै म्याउँ म्याउँ गरी बोल्छस् ? तँलाई मैले कैले नखा भनेर आज चाहिँ खाउँ खाउँ भन्छस् जस्ता प्रश्न गरेको रोचक वर्णनबाट यो कविता अघि बढेको छ। बालकलाई खानेकुरा बाँडेर खानुपर्छ एकल काटे बन्न हुँदैन भनेर सिकाउनु नै यसको उद्देश्य हो।

बालकले दूध खाँदा त्यो गिलास मुखतिर लैजाँदा मुखतिर र भुईंतिर लैजाँदा भुईंतिर हेरी बिरालाले पनि दूध खाने इच्छा गरेको सन्दर्भमा बिरालाको न्याउँ न्याउँ गर्दा मुखदेखि माया लागेको कुरो पनि यहाँ बताइएको छ। यिनै कुराको सन्दर्भमा प्रस्तुत कविताको अन्त्यमा बालकले आफ्नी आमालाई एकैछिन बिरालो जस्तो भई माया लाग्दो म्याउँ आवाज निकाली बिरालो नै भई गिलासको दूध खाउँ भन्ने इच्छा प्रकट गरेको कुरालाई घतलाग्दो ढङ्गले व्यक्त गरेको छ।

बालक र आमाको उक्ति प्रत्युक्तिका सिलसिला मिलाइ यो बाल कविता रचिएको छ। आमा छोरा बिचको सम्वादमा आधारित भएकोले प्रथम पुरुष र द्वितीय पुरुष उक्ति ढाँचामा बिरालो जस्तो बनेको बालकको उक्तिको रूपमा यो कविता आएको छ र त्यो उक्ति आमाप्रति सम्बोधित छ।

६-६ अक्षरमा विराम हुने र बाह्र अक्षरमा एक चरण पूरा हुने नेपाली लोकलयको सुमधुर प्रयोग यस बाल कवितामा गरिएको छ। अन्त्यानुप्रास र आन्तरिक अनुप्रास मिलाइएको हुनाले त्यो लय निकै साङ्गीतिक बनेको छ र बिरालाका आवाजको अनुकरण बुझाउने शब्दको संयोजन गरेको हुनाले यो कविता बालकहरूलाई बिरालो जस्तो भई म्याउँ म्याउँ गरी गाउन मिल्ने देखिन्छ।

भाषिक वर्ण योजनाका तहमा अनुप्रासीय रम्यता, छोटा-छरिता तद्भव झर्रा र अनुकरणात्मक शब्दको त्यस्तो सुमधुर प्रयोग यस कवितामा गरिएको छ, जुन बालकका निम्ति निकै आकर्षक देखिन्छ। छोटा-छरितै किसिमका वाक्यहरूको प्रयोग र तिनमा ठाउँ ठाउँमा पदलोप र पदक्रम विचलन गर्ने प्रवृत्ति कायमै छ।

प्रश्नार्थक, विध्यर्थक, विस्मयार्थक वाक्यका साथै सम्बोधनको समेत प्रयोगमा आधारित रोचक भाषाशैली यस कवितामा पाइन्छ ।

यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति निकै उपयोगी मानिन्छ । बिरालाको म्याउँ म्याउँ बोली नै यहाँ प्रयोग गरेको हुनाले बाल बालिकाका लागि यो कविता निकै आकर्षक बनेको छ ।

### ४.५.२८ 'खेलौनासित खेल्दै' बाल कविताको विश्लेषण

बालकहरूले खेलौनासित खेल्ने खेललाई विषयवस्तु बनाइ यो कविता रचिएको छ । यस क्रममा खेलौनसित खेल्ने बालकले गर्ने विभिन्न कल्पनाको चित्रण गरिएको छ र ती विभिन्न कल्पनाका कथन वा उक्ति बालककै तर्फबाट गरिएको छ । प्रथमतः सो वक्ता बालकले पाका मान्छेहरू पनि खेलौना भैं साना भइदिए कस्तो हुन्थ्यो भन्ने आफ्नो मनको खुल्दुली व्यक्त गरेको छ । त्यसपछि सो वक्ता बालकले साना खेलौना जस्ता पाका मान्छेलाई देश देशको र भेष भेषका चाचा र नाना मगाइ लगाइदिन्थें भन्ने अर्को रमाइलो कल्पना गरेको कुरा झल्काइएको छ । त्यस्ता खेलौनासँग सँगै खेलिरहने र भुलिरहने गर्दथें भन्दै ती खेलौनासँग गाला जोरी मिठो लोरी गाना गाउँथें भन्ने अर्को कल्पनाको चित्रण  पनि यस कवितामा गरिएको छ । साना बालकहरू पनि सधैं भोलाभाला (सज्जन सिधा) रही उनीहरूका गालापनि सधैं म्वाइँ खाउँ भैं लाग्ने गरी रहिदिए कस्तो हुन्थ्यो भन्ने अर्को विचित्र कल्पनामा पुगी यो कविता टुङ्गिएको छ । यसरी बालक र खेलौना बिचको खेलमेलका सन्दर्भमा मनुष्यका उमेरका अवस्था, खेलौना, लुगा, भेषभूषा, गाना जस्ता कुराका साथसाथै बालककालको रमाइलो सधैं रहिरहेहुन्थ्यो भन्ने भित्री मनसायको चित्रण गरी यो कविता रचिएको छ । बालबालिकाले ठुला-साना मानिस पनि खेलौना जस्तै साना भइ दिए कति रमाइलो हुन्थ्यो होला भनेर गरेको बालकोचित कल्पना र खेलबाट उनीहरुलाई प्राप्त हुने मनोरञ्जनलाई देखाउनु नै यस कविताको उद्देश्य हो ।

बालकहरूले खेलौनासित खेल्ने खेल र त्यस क्रममा खेलौनासित खेल्ने बालकले गर्ने विभिन्न कल्पनाका कथन वा उक्ति बालककै तर्फबाट गरिएको छ । वक्ता बालकले साना केटाकेटीदेखि पाका मानिसहरू पनि खेलौना भैं साना भइदिए कस्तो हुन्थ्यो भन्ने आफ्नो मनको खुल्दुली व्यक्त गरेको छ । वक्ता बालकका तर्फबाट खेलौनालाई मुख्य विषय बनाइ ठूला

मानिसहरू पनि खेलौना झैं साना भइदिए तिनीहरूलाई पनि देश-देशका थरीथरी नाना र चाचा मगाइ लगाइदिन्थें भनेर गरिएको रोचक कल्पना यसमा पाइन्छ ।

तिन तिन पङ्क्तिका लोक लयात्मक चार श्लोक यस बाल कवितामा पाइन्छ । प्रत्येक श्लोकका अघिल्ला दुई हरफमा ७-७ अक्षर र पछिल्ला हरफमा १२-१२ अक्षरको समानुपातिक वितरणमा यो बाल कविता रचिएको छ। प्रत्येक दुई-दुई हरफका बिचमा अन्त्यानुप्रास मिलाइएको छ र त्यसपछि प्रत्येक श्लोकका तेस्रो हरफका अन्त्यमा पनि उस्तै-उस्तै वर्णहरूको आवृत्तिद्वारा अन्त्यानुप्रासगत माधुर्य सिर्जिएको छ । भाषिक वर्ण योजनामा अनुप्रासीय रम्यता पाइन्छ भने यसमा छोटा-छरिता, सजिला-रसिला बाल बोलीका शब्दहरूको पनि रोचक प्रयोग गरिएको रोचक भाषा शैली पाइन्छ । बालकका खेलमेलसँग सम्बन्धित कुरा र बालकले पाका मान्छेहरू पनि उनीहरू जस्तै साना भइदिए र खेलौना खेले हुन्थ्यो भन्ने इच्छार्थक भाव र प्रश्न गर्भित विस्मयार्थक वाक्यको प्रयोग अनि छोटा छरिता सरल वाक्यहरूको प्रयोग पनि यसमा पाइन्छ । ठाउँ-ठाउँमा पदलोप र पदक्रम विचलन गर्ने प्रवृत्ति पनि यस कवितामा कायमै छ अभ्यस्त भूत, सामानार्थक, विध्यर्थक वाक्यको प्रयोगमा आधारित रोचक भाषाशैली यसमा पाइन्छ ।

यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ ।

### ४.५.२९ 'पम्फा मैयाँको कथा' बाल कविताको विश्लेषण

**पम्फा मैयाँको कथा** शीर्षक बाल कविता लोक कथा जस्तो लाग्ने गाउँले पम्फा मैयाँसित सम्बन्धित त्यस आख्यानात्मक विषयवस्तुको प्रयोग गरिएको छ, जसले नेपाली सामाजिक, पारिवारिक परिवेशमा परम्परागत रूपमा रहने गरेको भनि मानिएको भाउजू तथा नन्दका बिचको सम्बन्ध र बालक तथा पन्छी बिचको सम्बन्धलाई पनि विषयवस्तु बनाइएको छ। अर्थात यस कवितामा लोक आख्यानमूलक विषयवस्तुको प्रयोग गरिएको छ र त्यस विषयवस्तुलाई पम्फा मैयाँको कथा भनिएको छ । यस कविताको पहिलो श्लोकमा सात भाइकी बहिनी पम्फाको चिनारी दिइएको छ। तिनी चम्पा फूलजस्तीी राम्री, नौ वर्षकी कन्या वा बालिका, कहिले चित्र लेख्ने र कहिले गट्टा खेल्ने अनि पशु वाक्य समेत बुझ्न सक्थिन भनिएको छ । यस कविताको दोस्रो श्लोकमा नन्द र भाउजू बिचको द्वन्द्वलाई देखाइएको छ । भाउजूद्वारा नन्दलाई गरिने खट्न पटन, अह्राइ, पराइ, हप्की दप्कीको चित्रण गरिएको छ । खासगरी माया

गर्ने दाजु परदेश गएको अवस्थामा भाउजूले नन्दलाई जे जसरी सताउने गर्दछन्, त्यसै गरी पम्फालाई पनि उसकी भाउजुले दिनभरि एकमुरी धान कुट्न अह्राएको र त्यति काम नगरे बेलुका खान नदिने हप्की दप्कीको चित्रण गरिएको छ। त्यसपछि नन्द पम्फाको रुवाइको चित्रण गरिएको छ। उसले आँसुका ढिका गुडाइ रोएको बखत कविले टिप्पणी गर्दै मान्द्रा भरिको धान वा विस्कुन चाहिं सबैले देख्छन् तर मान्छेका पोल्टा भरिका आँसु वा भित्रीमनको रुवाइ वा पीडालाई कसैले देख्दैनन् भनेका छन्। त्यसपछि पम्फाले पन्छीले गाएको गीत सुनेको देखिन्छ र ती गीत गाउने पन्छीले पम्फाको दुःख देख्ने र बुझ्ने हामी छौं भन्दै गाएको कुराको चित्रण यस कवितामा गरिएको छ। बालिका पम्फाले एकमुरी धान कुट्नु सम्भव थिएन र उसले नङले धान छोडाएको, सासले भुस उडाएको र आँसुको ढिका गुडाइ रोइरहेको दया लाग्दो अवस्थाको चित्रण गरेका छन्। कविले गरेको यस टिप्पणीले मान्छेको मनको वह कति गम्भीर तथा मार्मिक हुन्छ भन्ने झल्काइएको छ। प्रस्तुत कविताका सन्दर्भमा चाहिं पम्फाका मनका वह बुझ्ने पक्षका रूपमा पन्छीहरू रहेको देखाइएको छ। त्यस क्रममा चच चच्च चच्च चीं चीं भाकाको भाषाको गीत गाइ माया र दया देखाउने मान्छे नभई भँगेरा पो रहेछन् भन्ने कुरा पम्फाले बुझेको विषय व्यक्त गरिएको छ। त्यसपछि भँगेराका सयसाथी उडेर आइ धान ठुङ्दै, गीत गाउँदै चुच्चा चलाइ धान समेत छोडाई पखेटाले हम्केर धानको भुस उडाएको रोचक वर्णन पनि यसमा गरिएको छ। यसै गरी भँगेराको पङ्खले धानको भुस उडाई चुच्चा चिर्बिर र पङ्ख फिर्फिर चलाई मनको तुस पनि दूर गरेको रमणीय चित्रण पनि यसमा गरिएको छ। यस कविताको अन्त्यमा एकमुरी धानको दसपाथी चामल तुल्याउने उपकारी पन्छीको रूपमा भँगेरालाई चिनाइएको छ। ती उपकारी पन्छी भँगेराहरूले धान कुटिसकेपछि आकाशमाथि उडेका र पम्फा मैयाँले तिनलाई भोक लागेपछि तिनीहरू उडेर आउनू र म तिमीहरूलाई दस नङमा भातका सिता लुकाएर ल्याएर दिउँला भन्दै ती उपकारी पन्छीलाई फेरि उडेर आउन आग्रह गरिएको छ। लोककथाको माध्यमले बालकलाई मनोरञ्जन दिनु र पशुपंक्षीहरुले पनि दुःख पर्दा मद्दत गर्छन् भन्ने कुरा देखाउनु नै यसको उद्देश्य हो।

प्रस्तुत कविताका अन्त्यमा कोष्टकमा लोककथामा आधारित भन्ने उल्लेख गरिएको छ, यसबाट यसको विषयवस्तु लोककथा मूलक भन्ने सिद्ध हुन्छ।

प्रस्तुत कवितामा कवि उक्तिको प्रयोग छ र त्यस उक्ति अन्तर्गत पम्फा मैयाँको कथाको वर्णन, पम्फा मैयाँलाई भाउजूले दिएको आज्ञाको वर्णन र पम्फा मैंयाँ र चराका

बिचको कुराकानीका साथै उनीहरूका पारस्परिक सहयोग आदान प्रदान एवम् वार्तालाप समेतको संयोजन कवि उक्ति अन्तर्गत नै आएको छ ।

६-६ अक्षरमा विराम हुने बाह्र अक्षरको समानुपातिक वितरण गरिने चरण योजनामा आधारित नेपाली लोकलयको मिठो प्रयोग यसमा गरिएको छ । अन्त्यानुप्रास र आन्तरिक अनुप्रास मिलाइएको हुनाले त्यो लय निकै साङ्गीतिक बनेको छ । चच, चच्च, छः छः, चीँ चीँ जस्ता पन्छीका भाषासँग मिल्दा चिरविर, छिरछिर फिरफिर जस्ता अनुकरणात्मक शब्दको प्रयोगले कवितामा झन रोचकता थपेको छ ।

भाषिक वर्ण योजनाका तहमा अनुप्रासीय रम्यता पाइन्छ । उस्तै उस्तै खालका स्वर र व्यञ्जन वर्णको प्रयोगले कवितालाई रमणीयपूर्ण र चारुत्व बनाएको छ । छोटा छरिता तद्भव र अनुकरणात्मक शब्दको प्रयोगका साथै नेपाली भाषाका त्यस्ता अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ जुन पन्छीका ध्वनि तथा क्रियाको अनुकरण बुझाउने र बालकद्वारा प्रयोग गरिने एवम् बुझिने खालका समेत छन् ।

सामान्यार्थ, आज्ञार्थ, विस्मयार्थ, संभावनार्थ वाक्यको विविधतापूर्ण प्रयोग कवितामा पाइन्छ र यस्तो प्रयोगले प्रस्तुत कविताको शैलीलाई प्रभावकारी बनाएको देखिन्छ। अन्य कवितामा झैं यसमा पनि पदलोप र पदक्रम विचलन देखिन्छ ।

यो कविता पनि ६ देखि १० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ ।

### ४.५.३० 'बाँदरको बेहोर' बाल कविताको विश्लेषण

बाबु जोइल जानाले र आमा पोइल गएकीले बेवारिसे बनेको बाँदरको बच्चोलाई कुनै गाउँले कालीबुढीले पालेको प्रसङ्गलाई मसिनो कथानकको डोरोद्वारा प्रस्तुत गरी भित्री रूपमा बाँदर शिशुप्रतिको मानव प्रेमलाई विषयवस्तु बनाइ यो कविता रचिएको छ । यसै गरी आमा बाबु दुबैको माया पियार नपाएर बरालिएको एक्लो बाँदरको बच्चोलाई एक्ली काली बुढीले पालेर बसेको कुराका चित्रणबाट यो कविताको उठान गरिएको छ । यसपछि हुर्कँदै गएको त्यो बाँदरको बच्चाले आफ्नो चकचके बेहोरा देखाउँदै गएको र गाउँका अरू बाल बालिकाले त्यसले चकचक गरी बिगार गरेको प्रति गुनासो गरेको र बुढियाले चाहिँ आफूले पालेको बाँदरको बच्चाको पक्षका क्रममा स्नेह देखाएको कुराको वर्णन गरिएको छ । यस क्रममा

बाँदरको बच्चोले टीठ लाग्दो गरी घरि घरि बुढियाको मुखमा हेर्ने गरेको र बुढियाले चाहिँ त्यस बाँदरलाई काखमा राखेर जुम्रा हेरिदिइ, कपाल कोरीबाटी गरी राम्रो मुहार बनाइदिएको रोचक चित्रणद्वारा यस कवितालाई अघि बढाएको छ। सो बाँदरको बच्चालाई हनुमानको नातिको रूपमा लिंदै उसको छातीमा रौं उम्रेको, धुरीमाथि उफ्रेको, रूखमाथि कुदेको देखेर बुढियाले झन्-झन् साहस बढाउने गरी स्यावास कैलु कुमार भन्दै ताली पिटेको अर्को घतलाग्दो पक्षको चित्रण कविताको मध्य भागमा गरेको छ। यसै गरी गाउँका केटाहरू आइ त्यो नडराउने बाँदरको बच्चो रूखमाथि कुदी, फूल च्यातेर भुँइमा फाली खाली धूलामाथि फालेर विगार मात्र गर्छ भनी बुढियालाई गुनासो गर्ने गरेको अर्को रोचक प्रसङ्ग कवितामा पाइन्छ। बुढियाले चाहिँ बाँदरको पक्ष लिंदै बाँदरले फूल च्यातेको नभई फूलभित्र के को चित्र छ होला भनेर हेऱ्यो होला भनेर दिएको ओठे जवाफ पनि यस कविताको मध्य भागको अन्त्यमा पाइन्छ। यस कविताको अन्त्यमा बाँदर प्रतिको बुढियाको प्रेमको उपहास गर्दै गाउँका केटाकेटीहरूले यो बाँदरको बच्चालाई बुढियाको नाति ठहऱ्याउँदै त्यो तिम्रो नाति केही विगार गर्दैन भनी व्यङ्ग्य कसेको प्रसङ्गको चित्रण गरिएको छ। बालकलाई मनोरञ्जन दिनु र बाँदर जस्तो चकचके हुनुहुँदैन भन्ने नैतिक सन्देशका साथै बालबालिकालाई आमाबाबुको माया चाहिन्छ भन्ने कुरा देखाउनु यसको उद्देश्य रहेको छ।

प्रस्तुत कविताको कथन कविद्वारा नै गरिएको छ र त्यस कथन अन्तर्गत एक्ली कालीबुढीले एक्लो बच्चो बाँदर पालेको, सो बाँदरले चकचक गरेको, गाउँका केटाहरूले बाँदर पाल्ने बुढी कहाँ गुनासो गरेको अनि बुढीले चाहिँ बाँदरले गरेको फूल च्यात्ने चकचकलाई उदात्तीकरण गरी फूलभित्र के-के चित्र छ भन्ने थाहा पाउन नै उसले त्यसो गरेको होला भनेको र अन्त्यमा केटाहरूले बाँदरको बच्चालाई बुढियाको नाति भनि गिज्याएको आख्यान वर्णन गरिएको छ, त्यसैले यसको कवि उक्ति शुद्ध भावात्मक नरही आख्यानात्मक बन्न पुगेको देखिन्छ र त्यो रोचक पनि भएको छ। त्यस क्रममा एकातर्फ बुढियाले बाँदर प्रति देखाएको स्नेह र बाँदरले गरेको चकचके खेलमेलको वर्णन गरिएको पाइन्छ भने यसै गरी अर्कातर्फ बुढिया र गाउँका केटाहरू बिचको उक्ति प्रत्युक्तिमूलक सम्वाद पनि प्रयोग गरिएको छ। उक्ति ढाँचागत यिनै विशेषताले गर्दा यो कविता अत्यन्त रोचक बनेको छ।

छ-छ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग गरी यो कविता रचिएको छ। जम्मा ६ श्लोकमा संरचित यसका प्रत्येक श्लोकमा लोकलयात्मक अन्तरा र स्थायीको व्यवस्थापन गरिएको पाइन्छ। त्यस क्रममा यस कवितामा प्रत्येक श्लोकमा पाँचहरफको वितरणबाट अन्तरा अंश बनेको देखिन्छ भने बाह्र अक्षरको वितरण गरिएको स्थायी अंशको शब्दगत हेरफेर सहितको नियमित पुनरावृत्ति गरिएको पाइन्छ। प्रस्तुत कवितामा 'काली-पाली, जोइल-पोइल, गरी-घरी, मुखमा-काखमा' जस्ता अन्त्यानुप्रासको प्रयोग गरिएको छ भने उस्तै-उस्तै स्वर र व्यञ्जन वर्णको वितरणमा आधारित आन्तरिक अनुप्रासबाट यो कविता ओतप्रोत रहेको देखिन्छ। यस्ता आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोगको कारणले गर्दा यो कविता बालकका निम्ति गेय र श्रुतिमधुर पनि भएको छ।

प्रस्तुत कविताको भाषिक वर्ण योजनालाई हेर्दा क, ल, ब, र, ख, द, म, स जस्ता व्यञ्जनवर्ण र आ, इ, उ, ए र ओ जस्ता स्वरवर्णको अत्यधिक आवृत्ति पाइन्छ र त्यसले गर्दा यस कवितामा भाषिक रम्यता भरिन पुगेको पाइन्छ। प्रस्तुत कवितामा प्रयुक्त भाषिक शब्दभण्डारलाई हेर्दा तद्भव स्रोतका नेपाली झर्रा शब्दहरूको अत्यधिक प्रयोग पाइन्छ र यसमा परेका एकाध तत्सम् शब्दहरू पनि बाल भाषामा प्रचलित किसिमकै देखिन्छन्। त्यसले गर्दा यसको भाषाशैली बालकहरूका निम्ति सुबोध्य बनेको देखिन्छ।

शब्द संरचनाका दृष्टिले हेर्दा प्रस्तुत कवितामा प्रायः दुई अक्षरे र न्यून संख्यामा एक र तीन अक्षरे छोटा छरिता समास रहित शब्दहरूको प्रयोग गरिएको भेटिन्छ। त्यसले गर्दा यसको शैली छरितो र रसिलो पनि हुन पुगेको छ।

प्रस्तुत कवितामा प्रयुक्त भाषिक वाक्यलाई बनोटका दृष्टिले हेर्दा सरल वाक्यको अत्यधिक उपयोग गरिएको पाइन्छ। त्यसैले यसको शैली पनि सरल भई बालकका निम्ति उपयोगी भएको छ। वाक्यार्थका दृष्टिले हेर्दा यस कवितामा सामान्यार्थ, विस्मयार्थ र संभावनार्थ वाक्य ढाँचाको प्रयोग गरिएको पाइन्छ र यसले गर्दा सामान्य मनोभावका साथै संभावनामूलक र विस्मयकारी मनोभावको रसिलो अभिव्यक्ति गर्ने शैलीगत सीपबाट यो कविता उपकृत रहेको देखिन्छ। त्यसै गरी वाक्यगत पदलोप र पदक्रमगत विचलन यस कविताका पनि भाषिक विशेषता हुन्। यी विशेषता कवितात्मक शैलीका परिचायक नै हुन्।

बाँदरको बच्चो पालेकी एक्ली बुढियाको उदात्तीकरण र त्यसप्रति गाउँले केटाहरूले गरेको उपहासलाई पनि मिसाइएको हुँदा यो कविता निकै प्रभावकारी भएको छ। यस कवितामा प्रयोग भएका छोटा छरिता सरल वाक्यहरूलाई हेर्दा यो कविता ६ देखि १० वर्ष उमेर समूहका बालकका लागि बढी उपयोगी देखिन्छ।

### ४.५.३१ 'त्यहाँ ज्योति बल्यो' बाल कविताको विश्लेषण

नेपाल अङ्ग्रेजबिच युद्ध हुँदाको एतिहासिक घटना र त्यस युद्धमा केटाकेटी, आइमाई, बुढाबुढी लगायत वीर बलभद्र र भक्ति थापा जस्ता योद्धाहरूले देखाइएको वीरतालाई विषयवस्तु बनाएर यो कविताको रचना गरिएको छ। कविताको उठान नेपालको माटोमा दुस्मनले पाइला टेकेको दृश्य हिमालमा उड्ने गरुडले समेत देखेको र त्यसपछि भीर पाखामा चारैतिर किल्ला बाँध वीर बलभद्र बसेको कुराको वर्णनबाट भएको छ।

प्रस्तुत कविताको दोस्रो श्लोकमा गएर युद्धको समयमा बारुदको गन्ध धुवाँ कुइरीमण्डल भएर चारैतिर फैलिएको कुराको वर्णन गरिएको छ। बारुदको गन्ध भएको धुवाँ चारैतिर फैलिनाले यता जाउँ, कि उता जाऊँ हुँदै मानिस लगायत पशु पन्छीहरू समेत अलमलमा परेका गाइहरू गोठमा पुगेर आफ्ना लैना बाच्छा बाच्छीलाई सुँघेका, पन्छीका भाले पोथी गुँडै माथि रिङ्गेका विस्मयकारी दृश्यको वर्णन छ। यसै गरी कविताको तेस्रो श्लोकमा अङ्ग्रेजका तोप पहाड नै थर्कने गरी पड्केकाले नेपालीहरू पनि जोश र उत्साहका साथ कसैसँग विदा नै नमागी युद्धको मैदानतिर लागेको रोमाञ्चकारी घटनाको वर्णन पाइन्छ। यस क्रममा सत्तरी वर्षका बूढा पनि चिर्दा चिर्दैको मुढालाई छोडेर खुँडा उजाएर युद्धको मैदानतर्फ लागेका थिए। चारैतिर बारुदको गन्ध र धुवाँ फैलिएकाले काकाकुल जस्ता पन्छी पनि पानी ! पानी बोल्दै आकाशमा उडेका, तेल पेल्न गएका आइमाई पनि तेल पेल्दापेल्दै छोडेर दाँतले डोरी टोकी दाह्रे भीरमा टेकी रसद पानी बोकेर किल्लामाथि चढेका कुराको रोमाञ्चकारी वर्णन कविताको चौथो श्लोकमा गरिएको छ। कविताको पाँचौं श्लोकमा गुलेलीको ताँदो तानी रमाइलो मानी तारो हान्ने खेल खेल्ने गरेका खलंगाका कच्चा उमेरका बच्चा पनि लडाइँ खेल्न दौडेका अर्को रोमाञ्चकारी चित्रण गरिएको छ। यसपछि दुई पक्षका बिच भएको लडाइँको चित्रण गरिएको छ र त्यस क्रममा झिल्झिल् तोप गोला फ्याँक्ने दुस्मनले पर्खाल माथिबाट छाती फर्काइ ढुङ्गा बर्साइ, मुटु थर्काइ चिच्याएको अचम्मको दृश्य देखेको ऐतिहासिक

सन्दर्भको रोचक पक्ष व्यक्तिएको छ । यस कविताका अन्त्यमा नालापानी किल्लामा भएको भयङ्कर लडाइँको सन्दर्भ दिँदै सो लडाइँमा जहाँ केटो ढलेको हो त्यहाँ ज्याति बल्न पुग्यो र त्यो केटाको नाम अज्ञात रहे पनि देशको नामचाहिँ चल्यो भन्ने देश भक्तिपूर्ण भावनाको अभिव्यक्ति गरिएको छ । ऐतिहासिक घटनाको माध्यमले बालकलाई मनोरञ्जन दिनुका साथै राम्रो काम गरेर अमर बन्न सिक भन्ने सन्देश दिनु यसको उद्देश्य देखिन्छ ।

प्रस्तुत कवितामा कवि उक्तिको प्रयोग छ र त्यस अन्तर्गत आख्यानात्मक कथन, बलभद्र कुँवरले किल्ला बाँधेका, बुढाबुढी, बालबालिकाले समेत बहादुरी देखाउनाका साथै बलिदान समेत गरेको कुराको जुन भव्य वर्णन गरिएको छ यसले गर्दा यस कविताको उक्ति साह्रै रमणीय बन्न पुगेको छ । मुख्यतः कविउक्तिको प्रयोग गरिएको यस कवितामा त्यस अन्तर्गत नेपालको इतिहासको त्यस घटनाको आख्यानतुल्य वर्णन गरिएको छ जुन नालापानी युद्धमा नेपालीहरूले देखाइएको वीरता सम्बन्धी वर्णनमा आधारित छ ।

प्रस्तुत कवितामा यस्तो नेपाली लोकलयको प्रयोग गरिएको छ, जसमा १२-१२ अक्षरको समानुपातिक वितरण गरिन्छ र त्यसका बिच बिचमा ६-६ अक्षरको अर्ध पङ्क्तिमा भाँचिएको छ । उस्तै उस्तै स्वर वर्ण र, ल, न, क, र जस्ता व्यञ्जन वर्णको बारम्बार पुनरावृत्ति भएका शब्दहरूको वितरण हुन जानाले यसकवितामा लयगत श्रुतिमाधुर्य तीव्र बनेको छ भने 'टेक्यो-देख्यो, भीर-तिर, बूढा-मुढा' आदिको प्रयोगद्वारा अन्त्यानुप्रासीय श्रुति माधुर्य यस कवितामा भरिन पुगेकोछ । अनुप्रासीय श्रुति रम्यता, तद्भव शब्दको सरलता, केही मात्रामा प्रयोग गरिएका तत्सम शब्दगत भव्यता र गम्भीरता, सरल, संयुक्त र मिश्रवाक्यहरूको प्रयोगमा आधारित विस्तृति रोचकता र खँदिलोपन यस कविताका भाषा शैलीगत विशेषता हुन् । वाक्यगत पदलोप र पदक्रम विचलन यस कविताका पनि भाषिक विशेषता हुन् ।

प्रस्तुत कवितामा प्रयुक्त संयुक्त, मिश्रवाक्यको प्रयोग अनि सामान्यार्थक, विस्मयार्थक, सङ्केतार्थक वाक्यको प्रयोगलाई हेर्दा यो कविता विशेष गरी ११-१४ वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ ।

त्यस क्रममा यस कवितामा नालापानीमा वीर बलभद्रका नेतृत्वमा नेपाली बूढा बूढी आइमाई र बाल बच्चाले अङ्ग्रेजका तोपसँग गुलेली र ढुङ्गाद्वारा साहसपूर्वक लडेको इतिवृत्तिको कथन गरिएको छ । त्यसैले यस कवितामा इतिवृत्तान्तात्मक कथन शैलीको मुख्य

प्रयोग पाइन्छ भने सोहीकथन भित्र नेपाली केटाले गरेको बलिदान ज्योतिर्मय बनेको अनि त्यसैबाट देशको नाम चलेको भावात्मक कथन समेत मिसाइ यस कवितालाई भव्य तथा गम्भीर बनाइएको छ ।

## ४.५.३२ 'बाह्रमासा' बाल कविताको विश्लेषण

बाह्र महिनाका सम्बन्धमा बालकहरूले गाउने गरेको गीतको रूपमा यो कविता रचिएको छ । त्यस गीतमा बाह्र महिनामा पालैपालो देखिने प्राकृतिक परिवर्तनक दृश्यप्रति बालकहरूका मनमा पैदा हुने प्रतिक्रियालाई विषयवस्तु बनाइएको छ र त्यो विषयवस्तु नेपाली बाह्रमासा लोकगीतका निकटको देखिन्छ । यसलाई अर्को किसिमले भन्ने हो भने प्रस्तुत कविताको भित्री विषयवस्तु र बाहिरी ढाँचा समेत नेपाली बाह्रमासा लोकगीसँग मिल्दो पाइन्छ, किनभने यसमा बाह्र महिनाका प्राकृतिक र सांस्कृतिक पक्षसँग सम्बन्धित विषयलाई नेपाली लोकलयमै व्यक्त गर्ने सिर्जनात्मक कुशलता देखाइएको छ । बाह्र महिनाका सन्दर्भमा समाजमा प्रचलित लोक आहान अनुसार वैशाख महिनामा नेपालका पहाडी वन पाखामा काफलगेडी पाक्ने हुनाले काफल गेडी खानुपर्ने र पहाडी डाँडाकाँडा गुराँसले ढकमक्क हुने हुनाले यस्तो देशलाई छोडेर कतै जानुहुँदैन भन्ने देशप्रेमको भावनाको अभिव्यक्तिका साथ यो कविताको थालनी गरिएको छ । त्यसै गरी जेठ महिनाका सांस्कृतिक महिनाका सांस्कृतिक र प्राकृतिक पक्ष प्रतिको मिठो प्रतिक्रिया पनि कवितामा व्यक्त गरिएको छ । जेठ महिनामा खुँदो पानी खाने गरिएको नेपाली पहाडी प्रचलन र त्यति बेला छाया डुल्ने देशको चित्रण गर्दै यस्तो देश छोडी कहाँ जानु र भन्ने अर्को प्रश्न उठाइ आफ्नो देशको संस्कृति र प्रकृतिप्रति प्रेम प्रकट गरिएको छ । कविताको तेस्रो श्लोकमा असार महिनाका प्रचलन र प्रकृतिको चित्रण गरिएको छ । असार महिनामा दुधिला मकै खाने प्रचलन  आकाशमा बादल मडारिइ पानी पर्ने र त्यसबखत बादल डुल्ने हुनाले त्यस्तो देशलाई छोडेर कहाँ जाने भनेर फेरि अर्को प्रश्न गरिएको छ । यसै गरी साउन महिनाको वर्णन गर्दै साउन महिनामा खीर खाने प्रचलन र नदी बोल्ने प्राकृतिक परिप्रेक्ष्यको चित्रण गरिएको छ । साउन महिनामा जताततै हरियाली हुने भएकाले गाई वस्तुहरूले प्रसस्त घाँस खान पाउने भएकोले दूध धेरै दिने हुँदा साउन महिनामा खीर खाने चलन अनि त्यसबखत प्रसस्त पानी पर्ने भएकोले नदीमा बाढी आएर छङ्छङ् आवाज निकाल्दै पानी बहने हुनाले त्यस्तो नदी बोल्ने देशलाई छोडेर कहाँ जानु भनिएको छ । यसै गरी भदौ महिनाको महिमाको बयान गर्दै भदौ महिनामा हिन्दु नारीहरूको महत्वपूर्ण चाड **तीज** पर्ने

भएकोले तीजको दर खाने प्रचलन र त्यसबखत खेतमा धानका बोट लहलह हुने भएकाले बयेली खेल्ने प्राकृतिक परिप्रेक्ष्यको चित्रण गरिएको छ । यसै गरी असोज महिनामा हिन्दुहरूको महान पर्व दसैं पर्ने हुनाले मासु भात खाइने प्रचलन र त्यसबखत रातमा जून टहटह लाग्ने हुनाले जून फुल्ने प्राकृतिक सौन्दर्यको चित्रण क्रमशः रोचक ढङ्गले गरिएको छ । त्यसै गरी कात्तिक महिनामा दोस्रो महान पर्व तिहार पर्ने हुनाले सेल खाइने र धान झुल्ने कुराको वर्णन गरिएको छ भने मंसिर महिनामा न्वागी खाइने र हिमाल झुल्ने, पुस महिनामा काली उखु खाइने र मलेवा डुल्ने, माघ महिनामा तरुल पोली खाइने र झरी खुल्ने अनि फागुन महिनामा सिला खोजी खानुपर्ने  र चारैतिर फूलको बास्ना चल्ने देशलाई छोडेर कतै जानु हुँदैन भनिएको छ । नेपाली पहाडी गाउँले जीवनका प्रचलन र त्यहाँकै प्राकृतिक सेरोफेरोसँग सम्बद्ध वातावरणको घतलाग्दो चित्रण गरिएको छ । यस कविताका अन्त्यमा चैत महिनाको चित्रण गरिएको छ र त्यस महिनामा चाहिँ चिसो पानी खानुपर्ने र कस्तुरी डुल्ने प्रचलन तथा पर्यावरण भएको महिनाका रूपमा चिनाइएको छ । यसरी नेपाली पहाडी जीवनमा बाह्रै महिनामा मनाइने प्रचलन र ती महिनाका प्राकृतिक पर्यावरणीय विविधताको रोचक चित्रण क्रमिक रूपमा गरेको देखिन्छ । प्राकृतिक पर्यावरणीय विविधताको जानकारी गराएर बालकलाई मनोरञ्जन दिनु यस कविताको उद्देश्य देखिन्छ ।

प्रस्तुत कविताको उक्ति वक्ता **म** का कोणबाट गरिएको छ र त्यो **म** बालककै रूपमा चिनिन्छ । त्यस बालकका उक्तिका रूपमा आएका यस कविताका बाह्र ओटै श्लोकका पहिलो हरफमा महिनागत सांस्कृतिक प्रचलन र दोस्रो हरफमा प्राकृतिक पर्यावरणीय परिप्रेक्ष्यको अभिव्यक्ति गर्ने व्यवस्थित ढङ्गको उपयोग गरिएको छ । त्यसै गरी प्रत्येक श्लोकको अन्त्यमा देश छोडी कहाँ जानु भन्ने प्रश्न उठाउँदै प्रकारान्तले आफ्नै नेपाल देशको सांस्कृतिक प्रचलन र प्राकृतिक पर्यावरणीय दृश्यहरू मनमोहक भएको हुँदा यो देश छोडी कहीँ नजाने दृढोक्ति प्रकट गरिएको छ ।

प्रत्येक हरफमा १२-१२ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग यस कवितामा पनि गरिएको छ । यस लोक लयका जम्मा बाह्रवटा द्विपदी श्लोकका वितरणबाट यो कविता पूर्ण भएको छ । यसका ती बाह्रवटै श्लोकहरूमा आन्तरिक अनुप्रासका साथै अन्त्यमा खानु, जानु को नियमित प्रयोग गरी सुदृढ अन्त्यानुप्रासको माधुर्य पनि माधुर्य पनि भरिएको छ । त्यसै गरी यसका प्रत्येक श्लोकको अन्त्यमा 'देशछोडी कहाँ जानु' भन्ने

थेगोको नियमित प्रयोग गरी यस कविताको लय विधानलाई लोकलयका स्वाभाविक माधुर्यद्वारा पनि ओतप्रोत गरिएको छ ।

प्रस्तुत कविताको भाषाशैलीगत पक्षलाई हेर्दा यसका भाषिक वर्ण योजनामा पाइने आन्तरिक तथा अन्त्यगत अनुप्रासले यसको भाषिक शैलीगत रम्यता बढाएको पाइन्छ । यसमा छोटा छरिता सजिला र रसिला नेपाली झर्रा तद्‌भव शब्दहरूको रोचक प्रयोग गरिएको छ र त्यसले गर्दा यसको शैली सरल, सरस तथा आकर्षक बनेको पाइन्छ । यसमा छोटा छरिता सरल वाक्यहरूको समानान्तर प्रयोग गरिएको छ र तिनमा निश्चयार्थक, विध्यर्थक र प्रश्नार्थक आशय झल्काउने विचित्र तर सरल भाषिक शैलीगत कौशल देखाइएको छ ।

### ४.५.३३ 'कलाकार अरनिको' बाल कविताको विश्लेषण

**कलाकार अरनिको** शीर्षक बाल कविता कलाकार अरनिकोको सम्बन्धमा बालकले गर्ने जस्तो कल्पनालाई विषयवस्तु बनाइ रचिएको छ । यस कविताको पहिलो पङ्क्ति गुच्छको थालनी कलाकार अरनिकोले गरेका बालक कालको सम्झनाको चित्रणबाट भएको छ । त्यस क्रममा अरनिकोले चौसट्ठी झ्यालको राम्रो कैलासकूट दरबारको सम्झना गरेका छन् । त्यस क्रममा उनले उत्तरतिर सिर्सिर बतास चल्दा सिन्दूरे खेतमा धानका बालाहरू बयेली खेल्ने गरेका, निधारभरि पसिना आउने गरी बालक कालमा फाँटमा दौडने गरेको, एक-एक साथी मिली बाग्मतीमा हाम फालेर पौडी खेल खेलेको, यस्तै नदीका तीरमा बालुवाको मन्दिर बनाएर खेल्ने गरेको र पछि त्यो मन्दिर भत्काएर हाँस्दै त्यसको धुलो आफ्नै शिरमा फाल्दै खेल्ने गरेको बालक कालको ख्याल ख्यालको खेल आज साँचो भयो नि भन्दै नेपालको संझना आउने गरेको कुरा व्यक्त गरेको पाइन्छ ।

प्रस्तुत कविताको दोस्रो पङ्क्ति गुच्छ वा श्लोकमा चीन पुगेका अरनिकोले नेपाल प्रतिको आफ्नो अटल र गहिरो प्रेम व्यक्त गरेको पाइन्छ । त्यस क्रममा उनले चीन पुगी थालेको काम नसकी कसरी फर्कनु भन्ने एक मनको कुरा राख्दै बालककाल बिताएको नेपाल देशको मायापनि कसरी बिर्सनु भन्ने अर्को मनको कुरा प्रकट गरेको पाइन्छ । त्यस क्रममा उनले जुँगाको रेखी बसेको दिन चीन आएको, हातमा सीप र आँतमा माया लिएर आएको कुरा गर्दै चीनको राजाले नवै तलाको नेपाली कला नजरका निम्ति आकर्षक रहेको र अरनिकोलाई हातमा चुम्दै कामको उपहारका साथै मन्त्रीको मान र चिनियाँ घरबार थपुवा दिन्छु भनेको

कुराको संझना एकातर्फ गरेका छन् भने अर्कातर्फ मालचरीको लामो लहर हिमालपारि उडेको देख्दा आफूलाई जस्तै त्यस मालचरीलाई पनि नेपाल हेर्ने रहर लागेछ भनी मिठो कल्पना गरेका छन् । यस कविताका अन्त्यमा आफूलाई आफ्नै कलाले भुलाएको कुरा स्वीकार गर्दै आफूले बालककाल बिताएको नेपाललाई भुल्न नसकेको कुरा प्रश्नार्थक वाक्यकै प्रयोगद्वारा जोडदार ढङ्गले व्यक्त गरेका छन् । यसरी चीन पुगेका कलाकार अरनिकोले आफ्ना पेसागत बाध्यताका बिचमा रहँदा नेपाल देश प्रति देखाएको राष्ट्रप्रेमसँग सम्बन्धित काल्पनिक विषयवस्तुको प्रयोग गरी यो कविता रचना गरेको देखिन्छ ।

प्रस्तुत कविताको उक्ति 'म' का कोणबाट गरिएको छ र त्यस 'म' लाई कलाकार अरनिकोको रूपमा चिनाइएको छ । ती कलाकार अरनिकोले जुँगाको रेखी बसिसकेपछिको युवावस्थमा पुग्दा आफ्नो कलाकारिताले चीनलाई सिङ्गार्नु परेको बाध्यताका बिचमा रहँदा बाल्यकाल बिताएको आफ्नै जन्मभूमि नेपालको मिठो संझना गरेको सूक्ष्म आख्यान वर्णन गरिएको छ । यस सन्दर्भमा प्रस्तुत कविताको उक्ति वक्ता 'म' को स्मृति तरङ्गले ओतप्रोत देखिन्छ र त्यो स्मृति वक्ताका याथास्थितिगत बाध्यता र बाल्यकालीन सम्झनाका दुईथरी मानसिक भावनामा आधारित देखिन्छ। ऐतिहासिक विषयवस्तुको माध्यमले बालकमा देशभक्तिको भावना जगाउनु यस कविताको उद्देश्य देखिन्छ ।

एक हरफमा १६-१६ अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोक लयको प्रयोग गरी यो कविता रचिएको छ। यस कविताको लय योजना निकै श्रुतिमधुर छ र त्यस श्रुतिमधुरताको वृद्धिमा आन्तरिक अनुप्रास र अन्त्यानुप्रासको प्रयोगले उल्लेख्य भूमिका खेलेको पाइन्छ । यस कवितामा त्यस लोक लयको उन्मुक्त पङ्क्ति विधानमा आधारित दुईवटा पङ्क्ति गुच्छ छन् र तिनमा क्रमशः दश र बाह्र पङ्क्तिको वितरण गरिएको छ । त्यसै गरी 'सम्झन्छु सधैं नेपाल देश बालक कालको' र 'बालक कालको नेपालको माया कसरी विर्सूँ म' को दुई-दुई पटक आवृत्ति गरी देश भक्तिपूर्ण भावनाको गहिराइको साथै लयात्मक साङ्गीतिक माधुर्यको उचाइ पनि सिर्जना गरिएको छ। यस कविताका भाषिक वर्ण योजनाका तहमा आन्तरिक अनुप्रासीय र अन्त्यानुप्रासीय शैलीगत रम्यता पाइन्छ भने यसमा गरिएको शब्द प्रयोग पनि विषयवस्तु अनुरूप सार्थक र सुबोध्य देखिन्छ। सजिलै खालका झर्रा तद्भव शब्द र तत्सम शब्दको प्रयोग र सामान्यार्थ र विस्मयार्थको पनि प्रयोग जस्ता पक्षले यस कविताको शैलीलाई सरल, सरस र आकर्षक बनाएको पाइन्छ। कवितामा पदक्रम विचलन र पदलोप गर्ने

कवितात्मक शैलीका गुणहरू पनि यसमा छँदैछन् । यी सबै कुरा मलाई हेर्दा यो कविता ११ देखि १५ वर्ष उमेर समूहका बालकका निम्ति पठनीय देखिन्छ ।

### ४.५.३४ 'सुकुन्दा' बाल कविताको विश्लेषण

सुकुन्दाको स्वरूप, आकृति र कामको बयान अनि त्यसका बारेमा बालकका मनमा उठ्ने भाव र कल्पनाको चित्रणलाई यस कवितामा विषयवस्तु बनाइएको छ । सुकुन्दा भन्नाले बत्ती बाल्ने दियो वा आरतीलाई बुझाउँछ । यो कलश, पानश दुबैको स्वरूपएकै भएझैं देखिन्छ । यस कविताको उठान सुकुन्दाको वर्णन गर्ने क्रममा ईश्वरले धरती, आकाश, प्राणीको रचना गर्दै जाँदा मानिसको पनि रचना गरेको र यति रचना गर्दा पनि उनलाई चित्त नबुझेर अझै राम्रो मूर्ति रच्न पाए हुन्थ्यो भनेर कल्पना गरेकोबाट भएको छ ।

प्रस्तुत कविताको दोस्रो श्लोकमा कलश, पानस, वत्ती, मानिस, पानी, मन, सुख, ज्ञान र मायालाई मिसमास पारि दिव्य मूर्ति बनाएको र त्यो सुकुन्दा बनी बोलेको र ईश्वरले त्यसको बोलीमा जादू मन्त्र गरी फुकिदिएको वर्णन गरिएको छ । त्यसपछि कलशले बोलेको, उसले आफ्नो पानी अरूलाई पनि बगाइ दिउँ भन्दा र बगाइदिँदा जसले पिउँदा पनि त्यो पानी कहिल्यै नसिद्धिने अचम्म भएको अर्को मिठो कल्पनाको चित्रण गरिएको छ । यसपछि पानसले आफ्नो बत्ती अरूलाई जगाइदिन्छु भन्नासाथै जति बलेपनि बत्ती कहिल्यै नसिद्धिएको अचम्मको घटना घट्न पुगेको कुराको चित्रण गरिएको छ । यस कविताको अन्त्यमा मानिसले आफ्नो माया अरूलाई लगाइदिउँ भन्नासाथै त्यो माया जसलाई लाए पनि कहिल्यै नसिद्धिने भयो भन्ने अर्को अचम्मको चित्रण गरिएको छ । यसरी सुकुन्दाका सम्बन्धमा गरिएका बालकोचित मिठा कल्पनाको बुनोटबाट यो कविता रचिन पुगेको छ । सुकुन्दाको माध्यमले बालकमा दया, ज्ञान र प्रेमको भावना जगाउनु यस कविताको उद्देश्य देखिन्छ ।

प्रस्तुत कविता कविगत उक्ति नै हो तापिन त्यसभित्र सुकुन्दाको वर्णन छ अनि सुकुन्दाका अङ्गका रूपमा रहने कलश, पानस र मानिसका बोलाइको पनि प्रयोग गरिएको छ । उक्तिका यी विविध ढाँचाको मिश्रणले गर्दा प्रस्तुत कविता विचित्र किसिमको बन्न पुगेको छ ।

प्रस्तुत कवितामा प्रत्येक हरफमा चौध चौध अक्षरको समानुपातिक वितरण गरिने नेपाली लोकलयको प्रयोग गरिएको छ । वर्ण योजनागत आन्तरिक अनुप्रास र अन्त्यानुप्रासले गर्दा त्यो लय निकै आकर्षक भएको छ भने ६ हरफे दोस्रो श्लोक बाहेक अरू चार श्लोकहरूमा नेपाली लोकलयको चतुष्पदी ढाँचाको प्रयोग गरिएको छ र साङ्गीतिक दृष्टिले

त्यो निकै उच्च बनेको छ। वर्ण योजनागत आन्तरिक र अन्त्यानुप्रासीय रम्यता, शब्द प्रयोगगत सुबोध्यता, वाक्य रचनागत सरलता, संयुक्तता र मिश्रताको वैविध्य जस्ता पक्षले यसको शैलीलाई सरल, विस्तृत र गहन समेत बनाएका छन् । वाक्यगत सामान्यर्थकता र विस्मयार्थकता अनि पदलोप र पदक्रमगत विचलन जस्ता पक्षहरूको पनि यस कविताको भाषा शैलीगत रम्यताको वृद्धि गरेका छन् ।

यो कविता विशेष गरी ११ देखि १५ वर्ष उमेर समूहका बालकका निम्ति उपयुक्त देखिन्छ ।

## ४.६ फुटकर कविताको विश्लेषण

### ४.६.१ 'राहुल यशोधरा' बाल कविताको विश्लेषण

'राहुल यशोधरा' बाल काव्यको रचना २०४२ सालमा भएको देखिन्छ र यो बालकाव्य घिमिरेको फुटकर कविता सङ्ग्रह **चैत वैशाख** (२०६०) मा संकलित छ ।

गौतमबुद्धका नाबालक छोरा राहुल र गौतमबुद्धकी पत्नी यशोधराबिच गौतम बुद्ध घर छोडेर गएको घटनालाई विषयवस्तु बनाई यो बालकाव्य रचिएको छ। यस कविताको सुरु राहुलले बुबा खोइ भनेर प्रश्नगर्दा आमाले बुबा आउँछन्-आउँछन् भनेर जवाफ दिएको तर कहिल्यै फर्केर नआएपछि बुबा घर नआउनाको कारण नबताएसम्म आफू नसुत्ने अडान लिएको विषय सन्दर्भबाट भएको छ । यसपछि कुनै एक अँधेरो रात हामी आमा छोरा दुबै मस्त निदमा परेको बेला तिम्रा पिता एक्लै घरबाट निस्केछन् भनी यशोधराले दिएको जवाफको अभिव्यक्तिबाट यो कविता अघि बढेको छ। यस क्रममा आमा यशोधराले सो अन्धकारपूर्ण राति कुनै बालक रोएको जस्तो स्वर सुनिएको परिवेशमा नै राहुलका पिता घर छोडी निस्किएको अर्को सन्दर्भ समेत सुनाएको कुरो उल्लिखित छ । यसैका प्रतिक्रियामा राहुलले पनि आफूलाई माया गर्ने आमा यशोधराको मुटु त्यो शिशु रोएको आवाज सुन्दा किन झस्किएन र ती आमा पिता जस्तै रातमा किन घर छोडी निस्किइनन् भनी राखेको जिज्ञासा कवितात्मक रूपमा प्रकट भएको छ । आफू आफ्ना पति तथा राहुलका पितासँग बाहिर ननिस्किएको र अब ती बालकका पिताको चित्र हेर्दै त्यस मनि एक्लै रुँदा पनि रुन्न भनी राहुललाई दिएको प्रत्युत्तर कवितात्मक रूपमा व्यक्त भएको छ । प्रस्तुत काव्यका अन्त्यमा चाहिँ त्यो रुने बच्चा अझै रुँदै छ कि भन्ने आशंका गर्दै राहुलले बुढाहरूले बालकको मर्का नबुझ्ने हुँदा आफैं बालकले त्यो

रुने बच्चालाई फुल्याउने र आफ्नो बुबालाई घर पठाउने अनि दुःख बुझ्न र दुःखीको आँसु पुछ्न आफैं जाने भनी लिएको अठोटको अभिव्यक्ति गरिएको छ । बालकको पीर मर्का बालकले मात्र बुझ्न सक्छ भन्ने कुरा देखाउनु यसको उद्देश्य रहेको छ ।

प्रस्तुत **राहुल यशोधरा** सम्वादात्मक उक्ति ढाँचाको प्रयोग गरिएको बाल काव्य हो । यस काव्यमा जे जति विषयको अभिव्यक्ति गरिएको छ त्यो राहुल र यशोधराका सम्वाद मार्फत नै प्रकट भएको छ । यस कविताको थालनी राहुलका तर्फबाट गरिएको प्रश्नात्मक उक्तिबाट भएको छ भने त्यसपछि यो कविता यशोधाराको उत्तरात्मक अभिव्यक्तिबाट अघि बढेको छ । यसपछि फेरि राहुलको प्रश्न र यशोधरा कै उत्तरका अंशबाट यस कवितामा मुख्य कथ्यलाई व्यक्त गर्ने सीपको प्रयोग गरिएको छ । यस कविताको अन्त्यमा राहुलका तर्फबाट गरिएको त्यस्तो उक्ति अङ्कित छ, जसमा उसले दुःखीको दुःख मेटाउन र आँसु पुछ्न अनि बच्चाको मर्का बुझी बच्चालाई फुल्याउन अठोट लिएको गम्भीर एवम् मार्मिक विषय व्यक्त हुन पुगेको छ । यसरी राहुल र यशोधराका सम्वादात्मक उक्ति प्रत्युक्तिका बुनाइबाटै यो कविता सङ्गठित हुन पुगेको देखिन्छ ।

प्रस्तुत काव्यमा बद्धलय ढाँचाको प्रयोग गरिएको छ र यसमा प्रयोग गरिएको त्यो बद्धढाँचा अनुष्टुप छन्द हो । त्यस अनुष्टुप छन्दका अष्टपदी श्लोक ढाँचाको प्रयोग यस काव्यमा गरिएको छ र यसका जम्मा पाँचवटा सम्वादात्मक उक्ति अन्तर्गत प्रत्येकमा २-२ वटा अष्टपदी श्लोक गरी जम्मा दशवटा अष्टपदी श्लोकको वितरण गरिएको देखिन्छ । ती श्लोकहरूमा अनुष्टुप छन्दको त्यस्तो सुदृढ प्रयोग गरिएको छ जुन भाषाको वर्ण तथा अक्षर र शब्द प्रयोगका समष्टि सन्दर्भमा आन्तरिक तथा अन्त्यको अनुप्रासद्वारा ओतपोत रही अत्यन्त श्रुतिमधुर बनेको छ । यसमा प्रयोग गरिएको नेपाली भाषाका शब्द तथा शब्दावली र प्रायः मिश्रवाक्य ढाँचाको प्रयोगले गर्दा यसको शैली ज्यादै खँदिलो र रसिलो बन्न पुगेको देखिन्छ । त्यसको त्यो खँदिलो पन १३-१६ वर्षको उमेर समूहका बालकहरूका निम्ति नै बढी उपयोगी र ग्राह्य बनेको देखिन्छ ।

### ४.६.२ 'बाललीला' फुटकर बाल कवितासङ्ग्रहका बाल कविताहरूको विश्लेषण

बाललीला फुटकर बाल कवितासङ्ग्रह पाठ्यक्रम विकासकेन्द्र भक्तपुरले वि.सं. २०५७ मा प्रकाशित गरेको हो र यस बाल कविता सङ्ग्रहमा माधव घिमिरेका पनि तिनवटा कविताहरू प्रकाशित छन् । ती तिन कवितामध्ये 'त्यहाँ ज्योति बल्यो' कविता उनको बाल

कविता सङ्ग्रह **बिजुले र बिजुला** (२०६३) मा सङ्कलित छ भने अन्य दुई कविता 'कान्छी औंलाले' र 'बाललीला' हुन् । यी दुई बाल कविताको यहाँ विश्लेषण गरिएको छ ।

### ४.६.२.१ 'कान्छी औंलाले' बाल कविताको विश्लेषण

बुढी औंलाले देखाउँदा बालकले बुझ्न सक्दैन । त्यसैले बालकले सजिलैसँग बुझ्न सकोस् भनेर राम्रो कुरालाई देखाउँदा कान्छी औंला र नराम्रो कुरा देखाउँदा चोर औलाले देखाउनुपर्ने कुरा बालकलाई यस कवितामा सिकाइएको छ । यस कविताको गहन अर्थ वा व्यञ्जनागम्य भाव चाहिँ आजका नेताको प्रवृत्ति र घुस खाने मानिसप्रति संकेत गर्दै बालकलाई भविष्यमा चोर औंलाले देखाउने जस्तो घुस्याहा नबन, कान्छी औंलाले देखाउने जस्तो प्यारो बन भन्ने हो । विशेष गरी कान्छी औंलाले देखाउँदा राम्रो र चोर औंलाले केही बस्तु देखाउँदा नराम्रो हुने भएकोले जसले नाम कमाए तिनलाई श्रद्धाले देखाउनु पर्दा कान्छी औंलाले देखाउने तर आजका नेताहरूले नाम गुमाएर जेथा कमाएकाले तिनलाई कुन औंलाले देखाऊ ? भन्ने विष्मय प्रकट गर्दै तिनलाई चोर औंलाले देखाउनु पर्ने कुराको चित्रण यसमा गरिएको छ । आजभोलिका नेताको स्वभावलाई देखाउने उद्देश्यले रचना गरिएको यस कवितामा गाउँघरमा चलिआएको चोर औंलाले केही कुरा देखाएमा कुहिन्छ । त्यसैले कान्छी औंलाले देखाउनु पर्छ भनेर बालकलाई प्यारो गरेर सिकाएको छ (घिमिरेज्यूसँगको कुराकानीमा आधारित) ।

**कान्छी औंलाले** शीर्षक बाल कविता नेपाली ग्रामीण समाजमा परम्परागत रूपमा चल्दै आएको कुन हातको कुन औंलाले देखाउन हुन्छ र कुन औंलाले देखाउन हुँदैन भन्ने अन्ध विश्वासलाई विषयवस्तु बनाइ रचिएको छ । त्यस विषयवस्तुलाई व्यक्ता 'म' र कान्छो भाइका बिचको वार्तालापका ढाँचामा व्यवस्थित बनाइ व्यक्त गरिएको छ । ती दुबै पात्रका माध्यमबाट उक्त अन्ध विश्वास सम्बन्धी विषयवस्तुलाई व्यक्त गर्नका निम्ति फूलबारीको परिवेशको रचना गरिएको छ । सोही फूलबारीमा वक्ता 'म' को आँखा कहाँ-कहाँ डुलेको बेला कान्छो भाइले कान्छी औलाले केही कुरो देखाएको कुराको बयान गरिएको छ । त्यसपछि वक्ता 'म' ले नै कान्छो भाइले चोर औंलाले देखायो भने फूल कुहिने, तारा तुहिने गर्दछ भन्ने अन्ध विश्वासलाई 'रे' विस्मयसूचक निपातको समेत प्रयोग गरी प्रकट गरेको छ । यसपछि सोही वक्ता 'म' ले कान्छा भाइप्रति सम्बोधन गरी हिजो तिमीलाई कान्छी औंलाले देखाउँदा ठूलो नाम कमाएको तर जेथा गुमाएको कुरा बताएको छ । यसै सन्दर्भमा नै सोही वक्ता 'म' ले कान्छो भाइलाई वर्तमानकालमा चाहिँ नामा गुमाएको र जेथा कमाएको सन्दर्भमा कुन औंलाले देखाउँ भन्ने

प्रश्न गरी यस कवितालाई टुङ्ग्याइएको छ। यसरी फूलबारीका प्राकृतिक परिवेशमा अन्ध विश्वास सम्बन्धी सांस्कृतिक विषयवस्तुलाई धन सम्पत्ति र प्रतिष्ठाका आर्जन एवम् नोक्सानीका परिप्रेक्ष्यसँग पनि जोडेर यस कवितामा अत्यन्त सरलता पूर्वक व्यक्त गरेको देखिन्छ। बालकलाई राम्रा कुरा सिकाउनु पर्छ र भविष्यमा उसलाई राम्रो काम गरेर असल बाटोमा लगाउनुपर्छ, खराब कुरा गरेर चोर औंलाले देखाउने जस्तो बन्नु हुँदैन भनेर देखाउनु नै यसको उद्देश्य हो।

प्रस्तुत कविता प्रथम पुरुष वक्ता 'म' का तर्फबाट गरिएको उक्तिका रूपमा यो कविता रचिन पुगेको छ र त्यो उक्ति द्वितीय पुरुष 'तिमी' कान्छो भाइप्रति सम्बोधित देखिन्छ। त्यस सम्बोधन अन्तर्गत कान्छो भाइका जीवनमा आएका आरोह, अवरोहसँग सम्बन्धित सूक्ष्म आख्यानको नाटकीकृत अभिव्यक्ति गरिएको छ। यसर्थ सम्बोधनमूलक नाटकीकृत प्रथम पुरुषीय उक्ति ढाँचाको विचित्रतापूर्ण प्रयोग यस कविताको विशेषता ठहर्छ र त्यसले गर्दा यो कविता रोचक पनि लाग्दछ।

प्रस्तुत बाल कवितामा जम्मा बाह्र हरफ छन्। यसका प्रत्येक तीन-तीन श्लोक अघिल्ला दुई अन्तरा र तेस्रो हरफ स्थायीका रूपमा आएको छ तर प्रत्येक स्थायी अंश एक अर्कादेखि भिन्न छन् र तिनमा 'औंलाले' मात्र आवृत्ति भएको छ। अन्तराका रूपमा आएका प्रत्येक दुई-दुई हरफमा अन्त्यानुप्रास मिलाइएको छ भने आन्तरिक अनुप्रासद्वारा सिङ्गै कविता ओतप्रोत छ। यस्तो अनुप्रासीय प्रयोगले प्रस्तुत कवितामा प्रयुक्त नेपाली लोकलय ढाँचालाई बालकहरूका निम्ति सुगेय र श्रुतिमधुर बनाएको छ।

प्रस्तुत यस कवितामा 'तारा' तत्सम शब्ददेखि बाहेक फूलबारी, फूल, आँखा, भाइ, कान्छी औंला आदि झर्रा नेपाली तद्भव शब्द नै धेरै रहेका छन् र ती शब्दहरू बालकहरूका निम्ति प्रायः (जेथा बाहेक) परिचित एवम् सुबोध्य रहेबाट यस कविताको शैली सरल रहेको स्पष्ट हुन्छ। छोटा-छोटा छरिता वाक्यको सामान्य प्रयोग र तिनका विस्मयार्थकता र प्रश्नार्थकताले गर्दा यस कविताको भाषा शैली बालकहरूका निम्ति आकर्षक एवम् प्रभावकारी बनेको छ।

माथिका यी सबै कुराहरूलाई हेर्दा यो बाल कविता ६ वर्ष देखि १० वर्ष समूहका बालकका निम्ति उपयुक्त देखिन्छ।

**४.६.२.२ 'बाललीला' बाल कविताको विश्लेषण**

**बाललीला** बाल कवितामा विश्वबन्धुत्वको भावना, समानाताको भावना, प्रकृतिलाई मानवीकरण र सबैजना साथी मिलेर खेलून् भन्दै सबैमा समानताको भाव हुनुपर्छ भन्ने सन्देश पाइन्छ। संसारमा सबभन्दा सुन्दर चिज बालकले डुबेर खेलेको अर्थात् बालकले खेलेको कुरा यस कविताको प्रारम्भमा देखाइएको छ र संसारका सबै उसका खेलमा मग्न छन् । यहाँ लाटी भनेर मूर्खलाई देखाइएको छ भने यसै गरी अज्ञानीहरूको प्रतीकको रूपमा पनि लाटीलाई देखाइएको छ। बाठीलाई ज्ञानी वा साक्षरको प्रतीकको रूपमा देखाइएको छ। यति मात्र नभएर अबको विश्व सबै एक हुनुपर्ने विश्वबन्धुत्वको भावना र समावेशी नेपालको कल्पना पनि यस कवितामा गरिएको छ (घिमिरेज्यूसँगको कुराकानीमा आधारित ०७१।४।१४) ।

**बाललीला** शीर्षक बाल कविता ‘बाललीला’ बाल कविता सङ्ग्रहको पृष्ठ ३१ मा प्रकाशित छ। यसको मुख्य विषयवस्तु बाललीलासँग सम्बन्धित छ र त्यो बाललीला नेपाली पहाडी बालकका मनमा जाग्ने इच्छाका रूपमा प्रकट भएको छ। यस कवितामा कविले बालकलाई नै ‘म’ का रूपमा उभ्याएका छन् । उसैका उक्ति मार्फत उसका बाललीला वा बाल कल्पनाशीलतालाई रोचक ढङ्गमा प्रकट गरेका छन् ।

प्रस्तुत कविताका प्रारम्भमा उक्त वक्ता बालकले सुन्दर फूलबारीका रूपमा रहेको नेपालका पहाडवारि र पहाडपारि चञ्चल भई चहार्दै, छाया उछिन्दै र पुतलीलाई लघार्दै डुलौं भन्ने आफ्नो बाललीलामय इच्छा व्यक्त गरेको छ। यस कविताका दोस्रो श्लोकमा सोही ‘म’ बालकले के हो, कसो हो, किन हो भन्ने जस्ता तर्कशील दृष्टिले हेर्न नजानीकनै आनन्दले गद्गद् जिन्दगानीमा घामछाया मुनि गई नुहाउने र इन्द्रेनीलाई पर्वतमा नुगाउने अर्को अनौठो बाल इच्छा व्यक्त गरेको छ। यस कविताका अन्त्यमा कुटुनी बुढीको बुइमा चढी मनमनै संसार घुम्ने कल्पना गर्दै नक्षत्र ताराहरूसँग डुल्न जाने र सपना उतारेर धरती सिङ्गार्ने इच्छा पनि उक्त वक्ता ‘म’ बालकका तर्फबाट व्यक्त गरिएको छ। यसरी बुइमा चढी संसारको अवलोकन गर्ने एक बालकको मनमा घुम्ने, डुल्ने चहार्ने र सिङ्गार्ने जे जस्ता रहरहरू पलाउँछन् तिनको रोचक काल्पनिक अभिव्यक्ति प्रस्तुत कवितामा गरिएको देखिन्छ। बालकहरु कल्पनाशील हुन्छन्, उनीहरु विभिन्न कुराको कल्पना गरेर प्रकृतिका वस्तुबाट पनि मनोरञ्जन लिन सक्छन् भन्ने कुरा देखाउनु यस कविताको उद्देश्य हो ।

प्रस्तुत कवि कल्पित 'म' बालकको उक्तिका रूपमा यो सिङ्गो कविता सङ्गठित देखिन्छ। त्यो उक्ति वक्ता 'म' को एकालापको रूपमा आएको छ र त्यस एकालाप अन्तर्गत बालकले आफ्ना मन-मनमा गरेका कल्पनालाई उसकै भित्री मनका इच्छाका रूपमा अभिव्यक्ति दिइएको छ। यसर्थ वक्ता म को इच्छार्थक एकालापीय उक्ति ढाँचाको प्रयोग गरी यो कविता रचिएको स्पष्ट हुन्छ। यसमा गरिएको त्यस इच्छार्थक उक्तिले बालकहरूलाई इच्छा लिइ जीवन जिउने कलाको शिक्षा दिने सामर्थ्य राखेको पाइन्छ।

प्रस्तुत कवितामा चतुष्पदी ढाँचाको उपजाति छन्दको प्रयोग गरिएको छ। यो छन्द त, त, ज, गु, गु गण हुने इन्द्रबज्रा र ज, त, ज गु, गु गण हुने उपेन्द्रबज्रा छन्दको मिश्रित प्रयोग गरिएकोले नै यसमा उपजाति छन्दको प्रयोग हुन पुगेको छ।

प, ड, र, न, म जस्ता वर्णको पुनरावृत्ति भएकोले यसमा प्रयोग गरिएको जुन शास्त्रीय उपजाति छन्द हो त्यसको साङ्गीतिक गेयता र श्रुतिमाधुर्य तीव्र बनेको छ। यस कविताको प्रत्येक श्लोकका दुई-दुई पाउका अन्त्यमा अनुप्रास मिलाइएको हुँदा उपजाति छन्दका ३ श्लोकको लघु आयाममा यस कविताले पूर्णता प्राप्त गरेको छ। सुन्दर, चञ्चल, पर्वत, तारा आदि तत्सम, झर्रा तद्भव तथा आगन्तुक (जिन्दगानी) शब्दको प्रयोगका साथै कविताभरि नै इच्छार्थक वाक्यको प्रयोग गरिएको छ। त्यस्ता वाक्यहरूले बाल लीलामय इच्छाहरूलाई रोचक ढङ्गले प्रस्तुत गर्न सघाएका छन्। सरल भाषा शैलीको प्रयोग र माथि उल्लिखित सबै कुरालाई ध्यानमा राख्दा यो बाल कविता पनि ६-१० वर्ष उमेर समूहका बालकका निम्ति उपयोगी देखिन्छ।

## ४.७ निष्कर्ष

माधव घिमिरेको **घामपानी** (२०१०), **बालालहरी** (२०२५), **सुनपङ्खी चरी** (२०५३), र **बिजुले र बिजुला** (२०६३) गरी चारवटा बाल कवितासङ्ग्रह प्रकाशित भएका छन्। यी बाल कविता सङ्ग्रहमध्ये **घामपानी** (२०१०) उपलब्ध नभएकाले **घामपानी** (२०१२) मा १६ वटा र **घामपानी** (२०५८) मा थप ९ वटा बाल कविता गरी जम्मा २५ वटा बाल कविताका साथै **बालालहरी** (२०२५) मा २४ वटा, **सुनपङ्खी चरी** (२०५३) मा ३० वटा, **बिजुले र बिजुला** (२०६३) मा ३४ वटा र **बाललीला** (२०५७) मा २ वटा गरी उनका जम्मा एकसय सोह्र वटा बाल कविता प्रकाशित छन्।

यसै गरी **चैत वैशाख** फुटकर कवितामा उनको **राहुल यशोधरा** बालकाव्य पनि प्रकाशित छ। उनको यी बाल कवितामा बालकको उमेर अनुसारको अक्षरसङ्ख्या र अनुप्रासलाई पनि बढाउँदै लगेको पाइन्छ। उनले यी बाल कविताहरूमा नेपाली लोकलय र शास्त्रीय छन्द अन्तर्गतका उपजाति र अनुष्टुप छन्दको प्रयोग गरेका छन्। उनका बाल कविताको शैली सरल, सुबोध्य र सु-स्पष्ट छ भने बालकहरूले सजिलैसँग बुझ्न सक्ने बालभाषा र अनुकरणात्मक शब्दको प्रयोग पनि यिनमा पाइन्छ। प्रायः जसो सामान्यार्थक, आज्ञार्थक, प्रश्नार्थक र इच्छार्थक वाक्यढाँचाको प्रयोग गरेर उनले यी बाल कविताहरू रची बालकका थरी-थरीका मनोभावको द्योतन गर्न सक्ने कौशल देखाएका छन्। उनको कतिपय बाल कविता बालकको खेलमेलसँग सम्बन्धित छन् भने कतिपय कविता बालकलाई बाठो बनाउन, उनीहरूलाई अक्षर चिनाउन (धुन), सुताउन (लोरी), बालबालिकालाई उठाउन (प्रभाती) र कतिपय कविता उनीहरूलाई नैतिक सन्देश दिने उद्देश्यले पनि लेखिएका छन्। उनका बाल कविताहरू विभिन्न उमेर समूहका बालकलाई लक्षित गरी लेखिएका छन्। त्यसमध्ये **घामपानी**, **बाला लहरी**, **सुनपङ्खी चरी**का बाल कविता छदेखि दशवर्ष उमेर समूहका बालबालिकाका निम्ति बढी उपयोगी देखिन्छन् भने उनले रचेका केही बाल कविता 'थैया-थैया, सानुभाइ, शिशु अवस्था (पाँच वर्षसम्मको उमेर समूह) का बाल बालिकाका निम्ति र केही (सानी बहिनी मैना, त्यहाँ ज्योति बल्यो, बाह्रमासा, कलाकार अरनिको, सुकुन्दा) कविता एघारदेखि चौध वर्षको उमेर समूहका बालकका निम्ति उपयोगी हुने पाइन्छन्। **बिजुले र बिजुला** बाल कविता सङ्ग्रहका बाल कविता प्रायःजसो ११-१४ वर्ष उमेर समूहको बालकलाई सुहाउने खालका देखिन्छन्। माधव घिमिरेले रचेका एकसय सोह्रवटा कवितामा कतै कविले स्वयम् बालक बनेर, कतै बालकजस्तो बनेर र कतै कविले आमाजस्तो बनेर आफ्ना भनाइहरू व्यक्त गरेको पाइन्छ। यसरी उनका बाल कविताको उक्ति पद्धति पनि विचित्रतापूर्ण बनेको पाइन्छ।

**परिच्छेद : पाँच**

# माधव घिमिरेका बाल कविताका प्रवृत्तिको निरुपण

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य माधव घिमिरेका बाल कवितात्मक प्रवृत्तिहरूको विश्लेषण गर्नु हो । यस शोध प्रबन्धका अघिल्ला परिच्छेदमा उनले रचेका सम्पूर्ण बाल कविताहरूको जुन विश्लेषण गरिएको छ त्यसैका आधारमा यस परिच्छेदमा उनका बाल कविताका प्रवृत्तिहरूको अध्ययन प्रस्तुत गरिएको छ । यस परिच्छेदमा उनका बाल कविताका उत्प्रेरणा स्रोतको समेत समीक्षा गर्दै उनका बाल कविताका धारागत प्रवृत्ति एवम् बाल कविताका तत्वगत प्रवृत्ति समेतको विश्लेषण गरिएको छ ।

## ५.१ उत्प्रेरणा स्रोत

माधव घिमिरेका बाल कविताका प्रवृत्तिको अध्ययन गर्दा सर्वप्रथम विश्लेषणीय हुन आउने एउटा महत्वपूर्ण पक्ष उनको बाल कविताका उत्प्रेरणा स्रोत हो । यसका सम्बन्धमा प्रस्ट हुनका निम्ति उपलब्ध कतिपय तथ्यहरूको अवलोकन गर्नुपर्ने हुन्छ । ती तथ्यहरू उपलब्ध हुने स्रोतहरू हुन् :

क) यस शोधकर्तालाई दिएको अन्तर्वार्ता

ख) आफैंले आफ्ना बाल कविता सङ्ग्रहका भूमिकामा भनेका कुराहरू र

ग) जीवनी, व्यक्तित्व, कृतित्व आदिका बारेमा गरिएका अध्ययनहरू

यिनै विषयहरूभित्रबाट उनका बाल कविताका उत्प्रेरणा स्रोतको आकलन गर्न सकिन्छ ।

माधव घिमिरेले आफ्ना बाल कविताका सिर्जनशीलताका निम्ति ज्ञात तथा अज्ञात दुवैथरी स्रोतबाट उत्प्रेरणा प्राप्त गरेको कुरा आफैंले बताएका छन् । उनले यस शोधकर्तालै आफ्नो शोधको प्रयोजनको निम्ति उनीसँग अन्तर्वार्ता लिने क्रममा बालसाहित्य विशेष गरी बाल कविता लेख्ने प्रभाव र प्रेरणा यहाँलाई कसरी मिल्यो भन्ने प्रश्नको जवाफमा यी कुरा उल्लेख गरेका छन् :

> प्रेरणा ज्ञात र अज्ञात गरी दुई प्रकारका हुन्छन् । कुनै विधामा कविले सिर्जना गर्न थाल्छ भने अज्ञात प्रेरणा वा साँस्कृतिक चेतनाले जे स्वीकार गर्छ त्यतैतिर ऊ लाग्छ । परम्परादेखि चल्दै आएको संस्कारले पनि उसलाई प्रभाव पार्छ । हाम्रो लोकसाहित्यमा रहेका गीत र बाल कविताबाट प्रभावित भएर नै बाल कविताको रचना गर्न थालेको हुँ । यस्तै ज्ञात प्रेरणाचाहिँ शास्त्री, परीक्षा दिन बनारस जाँदा त्यहाँ रवीन्द्रनाथका कविताको सङ्कलन हिन्दीमा 'सूर्यकान्त त्रिपाठी' निरालाले गर्नुभएको रहेछ । ती कविताहरू पढ्दा बल्ल कवितालाई साक्षात्कार गरेको अनुभव भयो । यसै गरी बाल कविता पढ्दा बाल कविता भनेको यस्तो हुनुपर्छ भन्ने प्रेरणा मिल्यो (घिमिरेसँगको अन्तर्वार्ता) ।

माधव घिमिरेले बाल कविताका रचनाका निम्ति जुन ज्ञात तथा अज्ञात गरी दुईथरी स्रोतबाट उत्प्रेरणा प्राप्त गरेको बताएका छन्, त्यसबाट उनलाई बाल कविता रच्नका निम्ति घचघच्याउने तत्वचाहिँ उनको आफ्नै सांस्कृतिक अवचेतन तथा लोकसाहित्यसँगको सन्निकटता र उनीद्वारा आर्जित साहित्यिक ज्ञान तथा अनुभव हुन् भन्ने कुरा प्रस्ट हुन आउँछ ।

माधव घिमिरेले बाल कविताको रचनाका निम्ति अज्ञात स्रोतबाट प्रेरणा प्राप्त गरेको कुरा उल्लेख गरेका छन् र त्यस अज्ञात स्रोतलाई उनले सिर्जनात्मक संस्कारका रूपमा चिनाएका छन् । त्यो सिर्जनात्मक संस्कार भनेको साहित्य सिर्जनाका निम्ति उत्प्रेरित गर्ने मनको त्यो सहजात प्रवृत्ति नै हो जुन अवचेतनमूलक संस्कारको रूपमा विद्यमान रही रहन्छ । अर्को किसिमले भन्ने हो भने प्रत्येक साहित्यिक अभिव्यक्ति त्यसका स्रष्टाका अवचेतनमूलक सिर्जनात्मक अहम्को प्रकटीकरण नै हो भने माधव घिमिरेका बाल कविता पनि उनकै भित्री मनको सिर्जनात्मक अहम्कै अभिव्यक्तिका रूपमा रचिन पुगेका ठहर्दछन् । यसै अज्ञात सिर्जनास्रोतलाई संस्कृत साहित्यशास्त्रका शब्दमा 'प्रतिभा' पनि भन्न सकिन्छ । कुनै पनि साहित्यिक अभिव्यक्तिको मुख्य हेतु सम्बन्धित स्रष्टामा रहेको सिर्जनात्मक ऊर्जा वा प्रतिभा नै हुने गर्दछ । माधव घिमिरेका मनमा पनि अज्ञात संस्कारका रूपमा सिर्जनात्मक प्रतिभा रहेको पाइन्छ र उनको त्यसै प्रतिभाका स्रोतको उपज उनले रचेका सम्पूर्ण साहित्यिक कृति हुन् भने उनको त्यसै प्रतिभाका सिर्जनात्मक परिणति उनले रचेका बाल कविता पनि हुन् । उनमा सिर्जनात्मक प्रतिभालाई उदीप्त पार्ने तत्व उनले आफ्ना शैशवदेखि बाल्यकाल हुँदै किशोरकालसम्ममा देखेको, भोगेको लोकसांस्कृतिक अनुभव पनि हो । त्यस लोकसांस्कृतिक अनुभवले उनलाई साहित्य रच्न घच्घच्याएको हो । उनले बालककालमा सुनेका "बस बस

माहुरी" आदि लोक बाल कविता, यसै गरी उनले देखेका सोरठी, घाटु, रोदीघर आदिका नाचहरूबाट पनि उत्प्रेरित भएर उनले बाल कविता रचेको देखिन्छ ।

लोकजीवनमा बालबालिकालाई फुल्याउन र मनोरञ्जनका निम्ति हजुरआमा, आमाहरूले बाल लोककविता सुनाउने गर्दछन् । माधव घिमिरेका बाल कवितामा पनि यसको छाया देखिन्छ । उनका कतिपय बाल कवितामा लोक बालगीत/कविताको प्रत्यक्ष छाया देखिन्छ भने कतिपय बाल कविताचाहिँ उनले लोक बाल कविताका जस्तै शीर्षक राखेर पनि रचेका छन् । उदाहरणका लागि बाल लोककविता 'बस बस माहुरी' सुनेर घिमिरेले पनि 'बस बस माहुरी' शीर्षकको बाल कविताको रचना गरेका छन् र यसमा लोक बाल कविताको प्रभाव पाइन्छ । बाल्यकालमा आफूले भोगेका घटनाबाट पनि घिमिरेलाई बाल कविता लेख्ने प्रेरणा मिलेको देखिन्छ । स्वयम् उनकै भनाइ (२०१२) अनुसार 'एकदिन घोडा किन्नु भन्दा त्यसै हिंड्नु जाती' भनेर निस्कँदा कहाँ हो कहाँ पुगेको, सिस्नुपानीको फोका आफ्नो जिउमा भएको डरले गर्दा मुखमा चण्डी र दुर्गाकवचका फाँकी अनि आँखामा आँसु र मनमा आफ्नै गीत र खेलका संसार, यो घामपानीको बाटोबाट भाइबहिनीहरूलाई त्यही खेल र गीतको संसारमा लान उनले बाल कविता रचेका छन् ।

माधव घिमिरेले यसरी बाल्यकालमा आफूले मनोरञ्जन लिन खेल्नको निम्ति धेरै टाढा जानुपरेको, दुःख पाउनु परेको उल्लेख गर्दै केटाकेटीहरूलाई त्यहीँ खेल र गीतको संसारमा लानका निम्ति आफूले बाल कविता सङ्ग्रह **घामपानी**को रचना गरेको उल्लेख गरेका छन् ।

माधव घिमिरेलाई बाल कविता लेख्न प्रेरणा जगाउने केही साहित्यिक कृति र साहित्यिकारहरू पनि थिए । स्वयम् कविकै भनाइ अनुसार वि.सं. २००२ र २००३ का बिचमा भारतीय साहित्यकार रवीन्द्रनाथ र नेपाली साहित्यकार लक्ष्मीप्रसाद देवकोटाका मनोहर बाल कविताबाट पनि घिमिरेलाई बाल कविता लेख्ने प्रेरणा मिलेको हो" (कविसँगको अन्तर्वार्ता २०६४।७।२८)

बाल्यकालमा आफूले देखेका, सुनेका, भोगेका विभिन्न गीत र खेलहरूबाट प्रभावित भएर पनि माधव घिमिरेले बाल कविताको रचना गरेका थिए । घिमिरे स्वयम् बालक हुँदा आफूले खेलेका विभिन्न खेलमेलबाट प्रभावित थिए भने उनी आफू युवावस्थामा पुगेपछि आफूले बालककालमा खेलेर गाए  जसरी नै आफ्ना बालक छोराछोरीलाई खेलाउँदा खेलाउँदै

उनलाई बाल कविता लेख्ने प्रेरणा मिलेको थियो भन्ने कुरा पनि उनले आफ्नो अन्तर्वार्तामा बताएका छन् ।

माधव घिमिरेले जागिरको सिलसिलामा करिब चौध वर्षसम्म शिक्षक र प्रधान अध्यापक भएर स्कुलमा काम गर्दा केटाकेटीका स्वभाव, तिनका चाहना, तिनका खेल, गीत, तिनका विभिन्न भावनाहरू पनि बुझ्ने अवसर पाएका थिए र त्यसबाट उत्प्रेरित भएर पनि उनले बाल कविताको रचना गरेका हुन् । यसै गरी जीवनको पछिल्लो समयमा पनि आफ्ना नातिनातिनीहरूका खेलमेल, तिनीहरूसँगको सामीप्य आदिले गर्दा पनि उनलाई बाल कविता लेख्ने प्रेरणा मिलेको थियो ।

माधव घिमिरेलाई बाल कविता लेख्न उत्प्रेरणा जगाउने अर्को प्रमुख स्रोत थियो लोकबाल कविता र बालगीत । नेपाली जनजीवनमा प्राचीन कालदेखि नै चल्दै आएका “ताराबाजी लै-लै”, “बस बस माहुरी, बुधबार जाउली”, “एति एति पानी घग्गै रानी”, “चीं मुसी चिं मुसाले खायो धान” ......... जस्ता बालगीतहरूले पनि उनलाई प्रभाव पारेका थिए । उनले यस्ता बालगीतहरू सानामा आफूले सुनेकाबाट पनि प्रभावित भएर बाल कविताको रचना गरेको हुनुपर्छ । पूर्वी नेपालमा प्रचलित खेल र गीतहरूसँग उनले रचेका कतिपय बाल कविता मिल्दाजुल्दा देखिएबाट यसको पुष्टि हुन्छ । काजीमान कन्दङ्वा र विपिनदेव ढुङ्गेलले सङ्कलन गरेको पूर्वी नेपालका बालगीतको सङ्ग्रह **नानीहरूका गीत**मा रहेका कतिपय गीतसँग घिमिरेका बाल कविता मिल्दाजुल्दा छन् । **नानीहरूका गीत**मा ‘दगुर्-दगुर् कुइरा’, ‘बसबस मौरी’, ‘जुरेली’ आदि शीर्षकका बालगीत सङ्कलित छन् भने माधव घिमिरेका बाल कविताका शीर्षक पनि ‘घामपानी’, ‘दगुर्-दगुर् कुहिरा’, ‘बस बस माहुरी’, ‘चङ्खे जुरेली’ आदि छन् ।

माधव घिमिरेले **घामपानी**को भूमिकामा मैले मेरा भाइबहिनीहरूलाई त्यही खेल र गीतको संसारमा लान खोजेको हुँ भनेबाट र **बालालहरीको** भूमिकामा यो बालकको लोरी हो, बालकको आफ्नै गीत हो, शिशुहरू जो देख्दछन्, त्यसैमा आफू पूर्ण प्रतिविम्बित हुन्छन्, त्यसैसँग खेल्छन्, त्यसैसँग बोल्छन्, उनीहरूका जिज्ञासा नै विचार हुन्, चञ्चल लीला नै शिल्प हुन् र सरल बोली नै गीत हुन्, त्यसैले बालकले गाउने गीतमा उसको अङ्ग, प्रत्यङ्ग चल्नुपर्छ, र सारा हृदय नै ढल्नुपर्छ” भनेबाट उनलाई बाल कविता रचनाका निम्ति

बालकहरूबाटै र तिनका खेलमेल तथा गायन, चञ्चलता आदिबाट प्रेरणा प्राप्त भएको सङ्केत मिल्छ ।

हिन्दी साहित्यका साहित्यकार सूर्यकान्त त्रिपाठी (जीवनकाल १८९६-१९६१) का कृतिहरू पढेर पनि माधव घिमिरेलाई बाल कविता लेख्ने रहर लागेको उल्लेख घिमिरे आफैले गरेका छन् । यसरी हिन्दी साहित्यका कृतिहरू पढेर पनि उनलाई बाल कविता लेख्ने प्रेरणा मिलेको देखिन्छ ।

माधव घिमिरेले यसरी विभिन्न साहित्यकारका साहित्यिक कृतिका पठनबाट तथा आफूले जीवनमा देखेका भोगेका कुराबाट उत्प्रेरित भएर बाल कविताको रचना गरेका थिए । त्यसैले उनी आफ्ना बाल कविताहरूमा कतै बालक भएर, कतै बालकतुल्य भएर र कतै आमा जस्तो भएर पनि देखा परेका छन् ।

## ५.२ धारागत प्रवृत्ति

माधव घिमिरे नेपाली साहित्यमा स्वच्छन्दतावादी भावधाराका प्रयोक्ता कविका रूपमा चिनिन्छन् । उनका अन्य कृतिहरूमा झैँ बाल कविताहरूमा पनि स्वच्छन्दतावादी प्रवृत्ति पाइन्छ । स्वच्छन्दतावाद अंग्रेजी साहित्यमा सत्रौं शताब्दीमा सर्वप्रथम जर्मनमा भित्रिएको थियो भने नेपाली साहित्यमा चाहिँ शास्त्रीयतावादी र परिष्कारवादी धारापछि वि.सं. १९९१ देखि कवितामार्फत यो धारा प्रयोगमा आएको देखिन्छ । १९९१ सालदेखि २०१६ सालसम्म नेपाली कविताको केन्द्रीय धाराको रूपमा यस धाराले प्रतिष्ठा प्राप्त गऱ्यो र यस धाराका अग्रणी व्यक्तित्वको रूपमा लक्ष्मीप्रसाद देवकोटापछि माधव घिमिरेलाई लिन सकिन्छ ।

माधव घिमिरेका बाल कविताहरूमा स्वच्छन्दतावादी धाराका मूलभूत प्रवृत्तिहरू पाइन्छन् । उनका जम्मा ११७ ओटा बाल कविताहरूलाई हेर्दा तिनमा वस्तुताका सट्टा आत्मपरकताको वा वैयक्तिक भावाभिव्यक्तिको पद्धतिको प्रयोग गरिएको स्वच्छन्दतावादी रमणीयता पाइन्छ । उनले जुन विषय वा भावलाई बालक समक्ष सम्प्रेषित गर्नु छ त्यसको वस्तुपरक चित्रण नगरी सो वस्तुगत विषयका सम्बन्धमा आफ्ना मनमा पैदा हुने खालका रमाइला कल्पनाको चित्रण गरेको पाइन्छ । त्यो आत्मपरक अनुभूतिको अभिव्यक्ति जस्तो हुन पुगेको छ । त्यसैले स्वच्छन्दतावादी आत्मपरक कल्पनशीलताको अभिव्यक्ति उनका बाल कविताको वैशिष्ट्य बनेको छ ।

स्वच्छन्दतावादको अर्को महत्वपूर्ण पक्ष हो प्रकृति प्रेम। माधव घिमिरेका सबै बाल कविताहरूमा प्रकृतिको चित्रण पाइन्छ। उनले आफ्ना बाल कविताहरूमा प्रकृतिलाई पनि मानव सरह जीवित बनाएर प्रकृति पनि बालकसँग खेलेको, सुतेको, उठेको आदि कल्पना गरेका छन्। उनका यस्ता बाल कविताहरूमा 'घामपानी', 'पानी परपर', 'यो घर कसको आलेको ?', 'बस बस माहुरी', 'हिमचुली', 'नदी' (**घामपानी** बाल कविता सङ्ग्रह), 'बालालहरी', 'बिजुली', 'सयपत्री', 'जूनकीरी' (**बाला लहरी**), 'लोरी', 'प्रभाती', 'हेर बाच्छी हाम्री', 'लुली लुली पाखुरी'
(**सुनपंखी चरी**), 'फूलैफूलको तरेली', 'बाह्रमासा', 'केरा' (**बिजुले र बिजुला**) आदि पर्दछन्। यिनमा स्वच्छन्दतावादी प्रकृति चित्रणको मोहकता पाइन्छ; जस्तैः प्रभाति बाल कवितालाई साक्ष्यका रुपमा यहाँ प्रस्तुत गरिएको छ।

किरन किरिमिरी
झ्यालबाट छिरी
हेर्छ यताउति
उठी नानी उठी (प्रकृति र मानवबिच तादात्म्यता)

(**सुनपङ्खी चरी,** पृ. ९)

स्वच्छन्दतावादको अर्को प्रबल पक्ष हो मानवतावाद। माधव घिमिरेका बाल कविताहरूमा मानवतावादको पनि प्रयोग पाइन्छ। एक मानवले अर्को मानवलाई निःस्वार्थ रूपमा गर्ने सेवालाई नै मानवता भनिन्छ। यस्तो मानवतावादी भावात्मक विचारको प्रयोग भएका उनका यस्ता बाल कविताहरू यी हुन् - 'भोटेसेलो', 'झकझके', 'राष्ट्रिय गीत' ( **घामपानी),** 'बाल लहरी' **(बाला लहरी),** 'के पीर पऱ्यो बोल् बोल', 'बाँडीचुँडी खाने हो', 'लाटो साथी', 'सारंगीमा राइँ राइँ', 'पम्फा मैयाको कथा' **(बिजुले र बिजुला)**। लाटो साथी कवितालाई उदाहरणका रुपमा यहाँ प्रस्तुत गरिएको छ; जस्तैः

लाटो साथीलाई
नगिज्याओ हाइ !
छैनन् आमा पनि
यसका बाबा पनि
आँसु पुछिदिने
पीर बुझिदिने
रुन्छ चुप्प चुप्प
आँसु तप्प तप्प।

(**बिजुले र बिजुला,** पृ. १६)

वास्तवमा मानवीय स्वतन्त्रता समानता, भातृत्व/भगिनीत्वको बोधमा आधारित मानवतावादी दर्शन स्वच्छन्दतावादको मूल दर्शन हो । घिमिरेका बाल कवितामा पनि मानवीय प्रजातान्त्रिक स्वतन्त्रता, सामाजिक आर्थिक विभेदरहित समानता एवं पारस्परिक सहअस्तित्व र भाइचाराका विचारको भावात्मक अभिव्यक्ति भेटिन्छ नै; जस्तैः 'मितेरीको गीत' कवितालाई उदाहरणका रुपमा लिन सकिन्छ ।

गाइरैछ ढुकुर
कति मीठो कुर् कुर्
किन तर्सिस् ढुकुर ! कसको डरले ?
मान्छे हान्छ मट्याङ्ग्रा, त्यसको डरले
नडरा हे ढुकुर ! मीत लाउँछु तँसित
खेल्न आइज मँसित

स्वच्छन्दतावाद यान्त्रिकता, जडता र बन्धनका विरुद्ध मुक्ति र स्वच्छन्दताको चाहनाको उपज पनि हो । माधव घिमिरेका बाल कवितामा पनि यान्त्रिकता, जडता र बन्धनका विरुद्ध मुक्ति र स्वच्छन्दताको चाहना पाइन्छ । यस्ता बाल कविताहरूमा 'बालालहरी', 'ढिकी जाँताको सवाई', 'मै मिरीमिच्चे म्याँ म्या ब्रुक' (**घामपानी**), 'बुख्याचा' (**सुनपङ्खी चरी**), 'बाँदरको वेहोर', 'हैन त्यस्तो के छ र ?' (**बिजुले र बिजुला**) पर्दछन् । उदाहरणका रुपमा 'बुख्याचा' बाल कविताका केही पङ्क्तिलाई लिन सकिन्छ :

खेत कुर्न लगायौ खेत चाहिँ दिएनौ
खेत मेरो हो भनी चेत चाहिँ दिएनौ
मलाई किन भुक्यायौ ? मेरो चित्त दुख्या छ

(**सुनपङ्खी चरी,** पृ. ३१)

यस उद्धरणमा बुख्याचाको मानवीकरण गरी उसको बन्धनका पीडाका साथै उसले बेहोरेको भुक्याइको स्वच्छन्दतावादी आत्मपरक अभिव्यक्ति गरिएको छ ।

प्रखर देशभक्ति एवम् राष्ट्रिय चेत पनि स्वच्छन्दतावादी धाराका मूलभूत मान्यता हुन् भने माधव घिमिरेका बाल कविताहरूमा यीसँग सम्बन्धित प्रवृतिहरू पाइन्छन् । उनले रचेका यस्ता बाल कविताहरू हुन् – 'यो घर कसको आलेको', 'राष्ट्रिय गीत' (**घामपानी**), 'लहै खेली खेली' (**सुनपंखी चरी**), 'चन्द्रसूर्य झण्ड हेर फरर', 'त्यहाँ ज्योति बल्यो', 'कलाकार अरनिको'

(**बिजुले र बिजुला**) । 'कलाकार अरनिको' कविताका केही पङ्क्तिलाई उदाहरणका रुपमा लिन सकिन्छ :

हिमालपारि मालचरी उड्यो क्या लामो लहर
मलाई जस्तै नेपाल हेर्ने त्यसलाई रहर
भुलायो मेरै कलाले मलाई कसरी फर्कूं म
बालक-कालको नेपालको माया कसरी बिर्सूं म !

(**बिजुले र बिजुला,** पृ. ३९)

अन्तर्राष्ट्रिय सचेतता र विश्वबोधका साथै भातृत्वप्रेम पनि स्वच्छन्दतावादी धाराका मान्यताअन्तर्गत नै पर्दछन् । माधव घिमिरेका बाल कविताहरूमा अन्तर्राष्ट्रिय सचेतता र विश्वबन्धुत्वको भावना पनि पाइन्छ । उनका यी प्रवृत्तिहरू भेटिने बाल कविताहरू हुन् – 'चिप्ले किरो', 'भोटेसेलो', 'लहै खेली खेली', 'फोनमा बोल्ने म हो ?', 'हुलाकी हुलाकी' आदि । उदाहरणका लागि चिप्ले किरो बाल कवितालाई लिन सकिन्छ :

सानो कीरा भए पनि ठूलो मेरो आँट
घुम्न निस्कँ नौला नौला वन-खेत-फाँट

अर्कालाई घोच्नेभन्दा आफू सोच्ने सच्चा
कसैलाई घच्चा नलाई गर्नु आफ्नो रक्षा

(**घामपानी,** पृ. २५)

स्वच्छन्दतावादी धारामा सामाजिक आर्थिक रूपान्तरणकारी क्रान्तिचेतलाई पनि जोडदार रूपमा व्यक्त गरिन्छ । माधव घिमिरेका बाल कवितामा पनि स्वच्छन्दतावादी परिवर्तनकारी क्रान्तिचेतको प्रयोग पाइन्छ । यस्ता बाल कविताहरूमा 'नदी', 'हिमचुली' (**घामपानी**), 'बुख्याचा' (**सुनपंखी चरी**) आदि पर्दछन् ।

रिसाइ पाखा-पहरा लछार्छिन्
ढुङ्गा र मुढा तटमा पछार्छिन्
बाढसी र पैह्रासित गड्गडाई
थर्काउँछिन् पर्वत् राजलाई

(**घामपानी,** पृ. २४)

घिमिरेका बाल कवितामा प्रकृतिलाई ईश्वरीय सत्ताको रूपमा व्याख्या गर्ने स्वच्छन्दतावादी प्रवृत्ति पनि पाइन्छ । यस्ता बाल कवितामा 'हिमचुली', 'घामछायाँ' आदि पर्दछन् । यसै गरी उनका बाल कवितामा स्वच्छन्दतावादी सृष्टिगत र जीवनगत रहस्यबोध पनि पाइन्छ । उनले रचेका यस्ता बाल कविताहरूका उदाहरण 'घामपानी', 'सुनपंखी चरी' आदि हुन् ।

स्वच्छन्दतावादी धाराको विशेषता विचित्र कल्पनाशीलता पनि हो । माधव घिमिरेका बाल कवितामा पनि अन्य वस्तुलाई देख्दा बालकका मनोजगत्मा उत्पन्न हुने विचित्र कल्पनाको चित्रण भेटिन्छ । उदाहरणका लागि उनले रचेका 'कति ठूलो संसार', 'यस्तो हुँदा कस्तो' बाल कवितालाई लिन सकिन्छ; जस्तैः

तारा सबै मान्छे बनुन, मान्छे सबै तारा
एक अर्कोलाई हेरी छक्कै परुन् सारा

(**घामपानी,** पृ. २०)

प्रस्तुत उद्गारमा सबै तारा मान्छे बनून् र सबै मान्छे तारा बनून् भन्ने मिठो कल्पना गरिएको छ र यो कल्पना बालकका निम्ति निकै रोचक देखिन्छ ।

प्रकृति र मानवबिचको तादात्म्य स्थापित गर्ने स्वच्छन्दतावादी प्रवृत्ति पनि माधव घिमिरेका बाल कवितामा पाइन्छ । प्रकृतिलाई मानवीकृत गरी प्रकृति पनि मानिस जस्तै सजीव भएर बोलेको, बालकसँग खेलेको, बालकसँगै सुतेको, उठेको आदि कुराको कल्पना गरेर प्रकृति र मानवबिचको सम्बन्धलाई उनले बालोपयोगी हुने गरी देखाएका छन् । उनले रचेका यस्ता बाल कविताहरू प्रशस्त छन् र 'लोरी', 'प्रभाती', 'लुकामारी', 'घामछाया', 'घामका छोराछोरी' आदिलाई त्यसका उदाहरणका रूपमा लिन सकिन्छ ।

वास्तवमा प्रकृतिको मानवीकरण स्वच्छन्दतावादी शिल्पकौशलगत मुख्य प्रवृत्ति हो र यस दृष्टिले हेर्दा माधव घिमिरेका बाल कवितामा प्रकृतिलाई विषयवस्तु बनाएर त्यसको मानवीकरण पनि गर्ने बालोपयोगी उत्कृष्ट कौशल भेटिन्छ । उनका बाल कवितामा प्रकृति स्त्री वा पुरुष र बालकको रूपमा चित्रित छन् । यसरी प्रकृतिलाई मानवीकरण गरेर लेखिएका बाल कविताहरू हुन् : 'घामपानी', 'तारा', 'बस बस माहुरी', 'कमिलारानी', 'हिमचुली', 'नदी', 'बिजुली', 'सयपत्री', 'लोरी', 'प्रभाती', 'हाम्री बहिनी टुल्की', 'घामका छोराछोरी', 'घाम छाया', 'चन्द्रसूर्य झण्डा हेर फरर', 'बिजुले र बिजुला' आदि ।

'घाम पानी' बाल कवितामा घामपानीलाई स्त्रीत्व विधान गरी तिनलाई आकाशकी रानीको रूपमा चित्रण गरिएको छ भने 'तारा' बाल कवितामा बालकहरूले आकाशका तारालाई पनि धरतीका बालकको रूपमा हेर्दै कोही आकाशमा चम्किरहेको र कोही तारा ( बालक) धरतीमा रहेको कल्पना गरेका छन् । 'बस बस माहुरी' बाल कवितामा माहुरीको स्त्रीत्वविधान गरी ती माहुरीले सुनको पटुकी बाँध्ने, छोराछोरी जन्माउने आदि कुराको कल्पना गरिएको छ । 'कमिला रानी' बाल कवितामा पनि कमिलाको स्त्रीत्वविधान गरी कमिलाकी रानीको बिहेमा स्वर्गबाट अप्सराहरू पनि धरतीमा ओर्लने र ती कमिलारानी दरबारमा बस्ने कुराको कल्पना गरिएको छ भने 'हिमचुली' कवितामा अग्लो हिमाललाई बूढा शङ्करको रूपमा उभ्याई स-साना हिमशिखरलाई शङ्करका हजारौं सन्तान र त्यसमध्ये गणेश डल्ला र कुमार फुचुना छन् भनिएको छ । 'नदी' कवितामा नदीको स्त्रीत्वविधान गरी तिनलाई 'सानी' विशेषणले विशेषित गरी 'जान्छिन्', 'हेर्छिन्', 'डुल्छिन्', 'खेल्छिन्' जस्ता स्त्रीलिङ्गी क्रियापदको प्रयोग गरी मानवका रूपमा चिनाइएको छ । 'बिजुली' बाल कवितामा आकाशमा देखिएको बिजुलीको चम्काइलाई स्त्रीत्व विधान गर्दै त्यो एकली छ कि दुकली, कतातिर लुकी भन्दै त्यसका निम्ति स्त्रीलिङ्गी क्रियापदको प्रयोग गरेको पाइन्छ । 'सयपत्री' बाल कवितामा सयपत्री फूललाई एउटी बालिकासँग तुलना गर्दै सयपत्री फूल फुलेदेखि नझरुन्जेलसम्म उत्रै र उस्तै अनि उज्यालो हुन्छ भनिएको छ ।

'लोरी' बाल कवितामा बालकलाई सुताउनका लागि प्रकृतिका फूलहरू पनि सुतेका, धाराको पानी पनि सुतेको, आकाशका तारा पनि सुतेको कल्पना गरी तिनको मानवीकरण गरिएको छ ।

'प्रभाती' बाल कवितामा बालकलाई उठाउन फूलहरू पनि बिम्झेको र तिनले मीठो बास्ना छरेको, सूर्यका किरण पनि किरिमिरी गर्दै झ्यालबाट छिरेको कुराको उल्लेखद्वारा तिनको मानवीकरण गरिएको पाइन्छ ।

'हाम्री बहिनी टुल्की' बाल कवितामा बालिकालाई जून र घामसँग तुलना गरी 'जून' र 'घाम' को मानवीकरण गरिएको छ ।

'घामका छोराछोरी' बाल कवितामा घामका किरणलाई छोराछोरीका रूपमा चित्रण गर्दै तिनीहरू तोरी बारीमा लुकामारी खेल्न आएका र धरतीमा लुकामारी खेले पनि तिनका शरीरमा कहीं धुलो नलागेको कुराको उल्लेखद्वारा घामका किरणको मानवीकरण गरिएको छ ।

'घामछायाँ' बाल कवितामा आकाशमा देखिन घाम र छायालाई बालक र बालिकाको रूपमा चित्रण गर्दै तिनीहरू चउरमा लुकामारी खेल्न आउने कुराको चित्रणबाट प्रकृति र मानवको सहसम्बन्ध दर्साइएको छ ।

'चन्द्र सूर्य झण्डा हेर फरर !' शीर्षक बाल कवितामा सूर्य र चन्द्रलाई मानवतुल्य दाजु र बहिनीको रूपमा चित्रण गरिएको छ र यी दाजु र बहिनी (सूर्य र चन्द्र) एकैचोटि हाँसे कस्तो हुन्थ्यो होला भन्ने आश्चर्य भाव व्यक्त गरिएको छ ।

'बिजुले र बिजुला' बाल कवितामा बिजुलेलाई पुरुष पात्रको रूपमा र बिजुलालाई स्त्री पात्रको रूपमा कल्पना गर्दै यिनीहरू जहाँ जहाँ जान्छन् त्यहाँ झिलिमिली हुन्छ भनिएको छ र प्रकृति 'बिजुली' को दोहरो (पुरुष-स्त्री) मानवीकरण गरिएको छ ।

माधव घिमिरेले यसरी प्रकृतिका घाम (उदा. घामपानी), छाया (उदा. घामछाया), तारा, जून, चन्द्र, सूर्य, बिजुली, वनस्पति, कीरा आदिलाई पनि मानवीकरण गरेर मानिस झैं बोल्ने, खेल्ने, कुराकानी गर्ने आदि कुराको चित्रण गरेर प्रकृति र मानवका बिच सहसम्बन्ध दर्साएका छन् । यसै गरी मानिस वा बालक सुत्दा प्रकृति पनि सुत्ने, फूलहरू सुत्ने, पानी सुत्ने (उदा. लोरी) कुराको अनौठो कल्पना गर्दै बालकको बिम्झाइसँगै प्रकृति पनि उठ्ने, फूलले मीठो बास्ना छर्ने, घामका किरण पनि फैलिने आदि कल्पना गरेका छन् (उदा. प्रभाती) । यसरी उनले आफ्ना बाल कवितामा कतै प्रकृतिलाई स्त्रीका रूपमा (उदा. नदी), कतै पुरूषका रूपमा (उदा. हिमचुली) र कतै बालकका रूपमा चित्रण गरेको हुनाले उनका बाल कवितामा प्रकृतिलाई मानवीकरण गरेको वा प्रकृति तथा मानवका बीच सहसम्बन्ध पनि देखाइएको रहेको पाइन्छ। यी सम्पूर्ण कुराले उनी स्वच्छन्दतावादी धाराका बाल कविताका स्रष्टा हुन् भन्ने पनि सिद्ध गर्दछन् र उनी रोचक बाल कविताका रचयिता पनि हुन् भन्ने निष्कर्ष दिन्छन् ।

स्वच्छन्दतावादी धारालाई अँगालेर परिष्कृत अनि सरल भाषाशैलीमा घिमिरेले आफ्ना बाल कविताहरूको रचना गरेका छन् । त्यसैले उनी स्वच्छन्दतावादी धाराका त्यस्ता कवि पनि हुन्, जसको शैली चाहिँ परिष्कृत र संयमित देखा पर्छ । वास्तवमा स्वच्छन्दतावादी आत्मपरक विचित्र कल्पनालाई परिष्कृत र सघन शैलीमा व्यक्त गर्ने एक कुशल स्वच्छन्दतावादी कविका

रूपमा घिमिरे प्रसिद्ध छन् । उनको त्यो प्रवृत्ति बाल कविताका सृजनात्मक तहमा पनि अझ आकर्षक र मोहक रूपमा झल्किन पुगेको पाइन्छ ।

## ५.३ विषयवस्तुगत विविधता

माधव घिमिरेका बाल कविताहरू विविध विषयमा रचिएका छन् । उनले प्रकृतिका स-साना कीट-पतङ्ग, कमिला, माकुरा, पुतलीदेखि लिएर नक्षत्रमण्डलका तारा, घाम, बादल, कुहिरोसम्मलाई विषयवस्तु बनाई बाल कविताको रचना गरेका छन् । उनका कविताको विषयवस्तु गाउँखाने कथादेखि लिएर आधुनिक सञ्चार जगत्को महत्वपूर्ण माध्यम टेलिफोनसम्म विस्तारित रहेको छ । यस दृष्टिले हेर्दा उनका बाल कविताहरूको विषयवस्तुगत सेरोफेरो मुख्यतः यी पक्षका चित्रणबाट बनेको छ :

क) प्रकृतिजगत् (मानवेतर प्राणी, वनस्पति, कीट पतङ्ग तथा तिनलाई देखेर बालकका मनमा उत्पन्न हुने कल्पना र भावना

ख) मानवजीवन

### क) प्रकृतिजगत्

माधव घिमिरेका कविताको एक मुख्य विषयवस्तु प्रकृति हो र उनले आफ्ना बाल कवितामा पनि मुख्य विषयवस्तुका रूपमा प्रकृतिको प्रयोग गरेका छन् । उनले खासगरी प्रकृतिको स्थान, काल, रूप आदिका साथै प्रकृति परिवर्तनको प्रक्रिया, प्राकृतिक जीवनजगत्, वनस्पति जगत्, वायुमण्डल र नक्षत्रमण्डलका सौन्दर्य रहस्य एवम् तिनका सम्बन्धमा बालकका मनमा पैदा हुने कल्पना आदिको बालोचित मोहक चित्रण गरेको पाइन्छ । प्राकृतिक स्थानका दृष्टिले माधव घिमिरेले आफ्ना बाल कवितामा विशेष गरी नेपालको पहाडी र हिमाली प्रकृतिका विविध पक्षको चित्रण गरेको पाइन्छ । हिमचुली, पहाड, नदी देख्दा बालकका मनमा उत्पन्न हुने विभिन्न भावनालाई विषयवस्तु बनाई उनले बाल कविताको रचना गरेका छन् । प्रकृतिका विभिन्न स्थानलाई विषयवस्तु बनाएर लेखिएका उनका बाल कविताहरूमा 'हिमचुली', 'लहै खेलीखेली', 'कति ठूलो संसार' आदि बाल कविता पर्दछन् । 'हिमचुली' शीर्षक बाल कवितामा बालकहरूले अग्ला सेता हिमालचुली देखेर ती हिमचुचुराहरूले आफूलाई खेल्न बोलाएको बालोचित कल्पना गरिएको छ । हिमचुलीलाई बूढा शङ्करको रूपमा तुलना गर्दै

उनका डल्ला गणेश र फुच्चे कुमार दुई छोराहरू भएको समेत उल्लेख यस कवितामा गरी उनले बालकका निम्ति सूक्ष्माख्यानको मिठास पनि सिर्जेका छन् ।

यसै गरी 'लहै खेली खेली' बाल कवितामा बालबालिकाले नेपाल बनाई खेल्दा यसको ठाउँ-ठाउँमा थुम्की, डाँडाकाँडा आदि नागबेली परेका र यहाँका हिमालहरू आकाश नै छोलान् जस्ता छन् भनिएको छ भने 'कति ठूलो संसार' शीर्षक बाल कवितामा नेपालका खोला, पहाडी झरना आदिको उल्लेख गर्दै पहाडबाट झरना झर्दै खोला आइरहेका, गइरहेका, ती खोलाहरू कहाँ जाने होला, किन जाने होला भन्ने जिज्ञासा राख्दै ती खोलाहरू गंगालाई भेट्न गएका र गंगा पनि कति धेरै भन्दै गंगा सागरलाई भेट्न हतारिँदै बगिरहिछन् र सागरलाई भेटेपछि गंगा पनि हराएको कुराको रम्याख्यानमूलक चित्रण छ । यसरी झरना, खोला, नदी आदि बगेको देख्दा बालकका मनमा उत्पन्न हुने बाल जिज्ञासालाई यसमा चित्रण गरिएको छ र यसरी हेर्दा उनका बाल कवितामा नेपालको पहाड, हिमाल जस्ता प्राकृतिक स्थानबारे गरिएको स्वच्छन्दतावादी आत्मपरकताले ओतप्रोत वर्णन नै बढी पाइन्छ ।

प्रकृतिका काल र रूपलाई विषयवस्तु बनाएर पनि माधव घिमिरेले बाल कविताको रचना गरेका छन् । प्रकृतिमा हुने विभिन्न ॠतु परिवर्तनका प्रक्रिया र त्यसले गर्दा प्रकृतिमा देखा पर्ने विभिन्नतालाई पनि उनले आफ्ना बाल कवितामा विषयवस्तु बनाएका छन् । यस्ता बाल कविताहरूमा 'प्रभाती' 'घामका छोराछोरी' (**सुनपङ्खी चरी**) 'अनिकाल', 'फूलैफूलको तरेली', 'लाग्यो तिहार', 'सारंगीमा राइँ, राइँ', 'आयो आयो भुइँचालो', 'बाह्मासा' (**बिजुले र बिजुला**) आदि उल्लेखनीय छन् ।

'प्रभाती' शीर्षक बाल कवितामा प्रभाती अर्थात् बिहानीको समयको चित्रण गर्दै बिहान भएपछि फूलहरू पनि आफूलाई सम्झिएर फेरि बिम्झेका, तिनले मीठो बास्ना छरेका, आकाशमा सूर्य उदाएको, सूर्यका किरण किरिमिरी गर्दै झ्यालबाट छिरेका हुनाले सानी नानीलाई पनि उठ भनिएको छ । यसरी बिहान भएपछि फूल पनि फक्रिने आदि कुराको चित्रण गर्दै यसै परिवेशमा नै सुतेका बालबालिका पनि उठ्ने कुराको वर्णन पाइन्छ । अर्थात् प्रकृति पनि बालबालिका सरह सुत्ने, उठ्ने आदि कुराको चित्रण यसमा छ । 'घामका छोराछोरी' शीर्षक बाल कवितामा बारीभरि तोरीका पहेंला फूल फुलेको समयमा घामका छोराछोरी पनि फूल-फूलमा डुल्दै खेल्छन् भने गामका छोराछोरी तोरी फूलबारीमा खेल्छन् भन्ने कल्पना गरिएको छ । सूर्यको किरणलाई घामका छोराछोरी भनेर कल्पना गर्दै तिनीहरू कहिले

लुकामारी खेल्ने, कहिले हाराहारीमा भए पनि तिनका जिउमा कतै धुलो छैन भन्दै सूर्यका छोराछोरीका रूपमा झुल्कने किरणमा धुलोमैलो नहुने र गाउँलेका छोराछोरीमा धुलोमैलो हुने भएकोले यी दुईका बीचको वैपरीत्य देखाइएको छ । यसै गरी गाउँका छोराछोरीलाई घामका छोराछोरी जस्ता निष्कलङ्क वा बेदागी बन भनिएको छ ।

'अनिकाल' शीर्षक बाल कवितामा आकाशमा सलहका बथान उडेको देखेर बुढाबुढीहरूले डराउँदै अनिकाल पर्छ कि भनेर शंका गरेको, सानातिना खोलानाला सुकेर कमिला हिंड्न लागेको र अनिकाल पऱ्यो भने छोराछोरी मर्छन्, छोराछोरी मरे भने आमा रून्छिन् र नरमाइलो हुन्छ, त्यसैले अनिकाल पनि पर्नुहुँदैन र आमा पनि मर्नुहुँदैन भन्दै अनिकाल पर्दाको समयलाई विषयवस्तु बनाइएको छ ।

यसै गरी 'फूलै फूलको तरेली' कवितामा वसन्त ऋतुको समयको प्रकृतिका दृश्यको चित्रण गर्दै यस बखत बोटभरि अन्य फूलहरू जस्तै आरुको फूल फुलेको र त्यो फूलै फूलको तरेली देवतालाई कि मानिसलाई कसलाई कोसेली दिऊँ भन्दै बास्ना सुँघ्ने नाक र रूप हेर्ने आँखा दुवैलाई फूलको तरेली कोसेली दिने बताइएको छ ।

'लाग्यो तिहार' बाल कवितामा तिहार लागेपछि बारीभरि हसना फूल फुलेका र हसना फूलजस्तै राम्री बहिनीलाई त्यो फूल सिउरिदिएर शृङ्गार गरिदिऊँ कि भन्दै दिदी बहिनी तिहार लागेपछि खुसी भएको कुराको उल्लेख पाइन्छ ।

'भुइँचालो' शीर्षक बाल कवितामा भुइँचालो आउँदाको समयको चित्रण गर्दै गौंथलीले चारचोसा बाँधेर गुँड लाए जस्तै गरी बलियोसँग घर बनाएमा घर नभत्कने कुराको उल्लेख पाइन्छ ।

प्रकृतिका विविध रूपको चित्रण गरेर पनि माधव घिमिरेले बाल कविता रचेका छन् । उनले प्रकृतिको शान्त स्वरूपलाई विषयवस्तु बनाएर घामपानी, हिमचुली आदि बाल कविता रचेका छन् । घामपानी बाल कवितामा घाम र पानी जस्ता दुई विपरीत तत्व प्रकृतिमा एकैचोटि देखापर्दा बालकका मनमा उत्पन्न हुने कुतूहलता र घामपानी आकाशबाट थोप्ला भई खसेर धरतीमा पसेको दृश्यको बयान, घामपानीलाई बालकहरूले आकाशकी रानीसँग तुलना गरेको कल्पना आदिको रमाइलो वर्णन पाइन्छ ।

'हिमचुली' बाल कवितामा हिमालको शान्त, स्वच्छ अटल स्वरूपको वर्णन गर्दै हिमाललाई बूढा शङ्करका रूपमा लिइएको छ भने हिमालका वरिपरिका स-साना हिमशिखरलाई शङ्करका छोरा कुमार र गणेशको रूपमा कल्पना गरिएको छ ।

माधव घिमिरेले प्रकृतिको भयानक वा रौद्र स्वरूप तथा शान्त स्वरूपलाई विषयवस्तु बनाएर पनि बाल कविता रचेका छन् । यस्ता बाल कविताहरूमा 'पानी पर्', 'नदी', 'अनिकाल', 'भुइँचालो' आदि हुन् ।

'पानी पर' बाल कवितामा पानी दर्केर पर्दा बलेँसीबाट बाछिटा झरेको र पानीका धारा खसेको देखेर बालकका मनमा उत्पन्न हुने जिज्ञासालाई विषयवस्तु बनाएर रचिएको छ । प्रकृतिको चलायमान स्वरूपलाई यसमा देखाइएको छ । पहिले डरलाग्दो स्वरूप भएर देखापरेको पानी पार्ने प्रक्रिया पछि शान्त रूपमा पुगेर पानी पर्न छोडेको छ । यसरी प्रकृतिको चलायमान र शान्त स्वरूपको चित्रण यसमा पाइन्छ ।

'नदी' शीर्षक बाल कवितामा नदीलाई स्त्रीका रूपमा मानवीकृत गर्दै ती सानी नदी पर्वतबाट झरेर वनमा हा-हा र हु-हु गर्दै बहने र तिनी रिसाइन् भने बाढी, पहिरो जाने अनि पर्वतराजलाई समेत थर्काउने कुराको उल्लेख पाइन्छ ।

'अनिकाल' शीर्षक बाल कवितामा अनिकाल पर्दा हुने भयावह स्थितिको चित्रण छ भने 'भुईंचालो' शीर्षक बाल कवितामा पनि भुइँचालो आउँदा मानिस लगायत पशपक्षी पनि त्रसित हुने, घर भत्कने, जनधनको क्षति हुने कुराको उल्लेख गर्दै यदि गौंथलीले गुँड लाएजस्तै गरी बलियोसँग घर बनाएमा घर नभत्कने कुराको वर्णन गरी भयानक तथा शान्त रसको सन्धि गरिएको छ ।

माधव घिमिरेले प्रकृतिका विविध स्वरूपलाई देख्दा बालकका मनमा पैदा हुने बाल जिज्ञासालाई विषयवस्तु बनाएर पनि बाल कविता रचेका छन् । उनले प्रकृतिजगत् अन्तर्गत प्रकृतिमा पाइने विभिन्न वनस्पतिलाई विषयवस्तु बनाएर पनि बाल कविता रचेका छन् । वनस्पति जगत् अन्तर्गत प्रकृतिमा पाइने विभिन्न वनस्पति (सिस्नु, रूख, बिरुवा, फूलको बोट, केराको बोट) लाई विषयवस्तु बनाएर बाल कविताहरू रचिएका छन् । यस्ता बाल कविताहरूमा 'सयपत्री', (**बालालहरी**) 'सानु-सानु रूख', 'लुली लुली पाखुरी' (**सुनपङ्खी चरी**) 'फूलैफूलको तरेली', 'केरा' (**बिजुले र बिजुला**) आदि पर्दछन् ।

'शयपत्री' शीर्षक बाल कवितामा शयपत्री फूलको बोट सधैंभरि उत्रै भएर पनि राम्रो देखिएको र हाम्री बहिनी पनि शयपत्री फूलजस्तै राम्री छे भनेर बालिकालाई शयपत्री फूलसँग दाँजिएको छ ।

'सानु सानु रूख' शीर्षक बाल कविता गाउँखाने कथाको भाकामा 'सानो सानो रूख चढ्नमा दुःख' भन्दै सिस्नुलाई विषयवस्तु बनाई लेखिएको छ  र यसमा गाउँखाने कथाको भाकामा अन्त्यमा बालकले थाहा नपाउने किसिमले उत्तर दिएर बालकलाई बाठो बन्न सिकाइएको छ ।

'लुली लुली पाखुरी' शीर्षक बाल कवितामा काँक्राका मसिना लहरालाई बालबालिकाका कमला, साना हातसँग तुलना गर्दै जसरी काँक्राका मसिना आकुरीले थाक्रालाई बेरेर हजारौं काँक्रा त्यहाँ फुल्दछन् त्यसै गरी आजका साना बालबालिकाहरू पनि भोलि गएर देशनिर्माणका ठूला ठूला काम गर्न सक्दछन् भनिएको छ । यसरी बालबालिकाका कमला साना हातलाई काँक्राका मसिना लहरासँग दाँजिएको सन्दर्भलाई यसको विषयवस्तु बनाइएको छ र प्रकृति तथा बालकका बिच सामञ्जस्य देखाइएको छ ।

'फूलै फूलको तरेली' शीर्षक बाल कविता वनस्पतिजगत् अन्तर्गत आरुको बोटलाई विषयवस्तु बनाई आरुका बोटभरि फुलेका फूलको सौन्दर्यको बयान छ । 'फूलैफूलको तरेली' प्राकृतिक वनस्पतिलाई विषयवस्तु बनाई रचेको कविता हो । यसको विषयवस्तु आरुको बोट हो र आरुका बोटभरि फुलेका फूललाई प्रकृतिको सुन्दर उपहार मान्दै आफैं ती उपहार कसलाई दिऊँ भन्ने विस्मय पनि त्यहाँ व्यक्त भएको छ ।

'केरा' शीर्षक बाल कवितामा वनस्पतिजगत् अन्तर्गत पर्ने केराको बोट हल्लिँदा बालकका मनमा उत्पन्न भएको बाल जिज्ञासालाई विषयवस्तु बनाइएको छ । केराको पात हल्लिएर एकातिर फर्कँदा तँ कति जाती भनेर बालकले केराको बोटलाई प्रश्न गरेको छ भने केराको पातले पनि त्यतैतिर झुकेर 'हो हो हजुर जाती' भनेर जबाफ दिएको छ अनि अर्को पटक केराको पात अर्कोतर्फ झुक्दा फेरि बालकले तँ कति नजाती हकि भनेर प्रश्न गर्दा केराको बोटले 'हो हो हजुर नजाती' भनेर फेरि जवाफ दिन्छ । त्यसपछि बालक रिसाउँदै नजाती हो भने 'अघि किन जाती' भनिस् त भनेर प्रश्न गर्दा केराको बोटले राम्रो नराम्रो भन्ने कुरा कुनै पनि वस्तुलाई हेर्ने दृष्टिकोण मात्र हो भनेको सन्दर्भमा पुऱ्याई यो कविता

टुङ्ग्याइएको छ। वनस्पति जगत् अन्तर्गत पर्ने विभिन्न बोटबिरुवालाई विषयवस्तु बनाई तीसँग बालकका कार्यव्यापारको तादात्म्य पनि देखाई माधव घिमिरेले बाल कविताको रचना गरेका छन् ।

वायुमण्डलका घामपानी, कुहिरो, बिजुली चम्कने प्रक्रिया आदिलाई पनि विषयवस्तु बनाएर माधव घिमिरेका बाल कविताहरू रचिएका छन् । वायुमण्डल भन्नाले हावाको सतह भन्ने बुझिन्छ। घिमिरेका बाल कविताका वायुमण्डलका विभिन्न तत्वलाई विषयवस्तु बनाइएको छ र उनका यस्ता बाल कविताहरूमा 'घामपानी', 'पानी पर्', 'दगुर् दगुर् कुहिरो', 'बिजुली' आदि हुन् ।

**घामपानी** शीर्षक बाल कवितामा वायुमण्डलमा हुने घाम अनि पानी यी दुवै तत्व एकैचोटि देखापर्दाको वातावरण र त्यसबाट बालबालिकाका मनमा उत्पन्न भएको हर्षको भाव अनि आकाशकी रानी पनि भुइँभित्र पसेकी, थोप्लाबाट खसेकी कुराको बयान गर्दै पानी परेपछि नै धरतीमा नयाँ पालुवा आउने, फूल फुल्ने र फूल फुलेपछि नै पुतलीहरू फूलको रस खान आउने कुराको बयान छ। यस्तै 'पानी पर्' कवितामा बालबालिकाले प्रकृति र वायुमण्डलका वस्तुहरूलाई पनि आफ्नो अधीनमा राख्न सकिन्छ भन्ने कल्पना गर्दै पानीलाई पर्न, बादललाई सर्न र धारालाई झर्न आव्हान गरेका छन् । वायुमण्डलका वस्तुहरू पनि उनीहरूको आग्रह अनुसार चल्दछन् भन्ने बाल हठलाई यस कवितामा देखाइएको छ ।

'दगुर् दगुर् कुहिरा' बाल कवितामा चाहिँ कुहिरोले छिटो छिटो दगुरेर आकाश ढाकेको देखेर सबै साथीभाइलाई कुहिरो जस्तै छिटो दगुरेर खेल्ने खेलको बारेमा बताइएको छ ।

'बिजुली' शीर्षक बाल कवितामा आकाशमा बिजुली चम्केको देखेर बालबालिका खुसी हुँदै त्यो कहिले लुक्ने र देखापर्ने एक्ली छ कि दुकली भन्दै प्रश्न गरेको र त्यसपछि त्यो बिजुलीको शरीरभरि ऐना भएको कुराको बयान छ ।

माधव घिमिरेले नक्षत्रमण्डलसँग सम्बन्धित विषयको प्रयोग गरेर 'तारा', 'ध्रुवको कथा', 'तारा पनि सुन्छ रे', 'जूनकिरी' आदि बाल कविताको रचना गरेका छन् ।

'तारा' शीर्षक बाल कवितामा आकाशमा उदाएका तारालाई देखेर बालबालिकाहरू खुसी हुँदै आफूलाई पनि आकाशकै तारासँग तुलना गरेर तिनीहरू **चम चम** चम्किएर हामी सबै छम भनेका होलान् भन्दै कोही तारा आकाशमा चम्किरहेका छन् भने कोही तारा (बालक)

धरतीमा छम् भनेर बालकलाई पनि ताराको रूपमा चित्रण गरिएको छ । बालकहरू पनि भोलि गएर ताराजस्तै चम्किला बन्न सक्छन् भन्ने भाव यसमा पाइन्छ ।

'ध्रुवको कथा' शीर्षक बाल कवितामा आकाशको उत्तरपट्टि देखिने तारा ध्रुवतारा हो भन्दै त्यो ताराको नाम कसरी ध्रुव तारा रह्यो भन्ने कहानी बताएर असल काम गऱ्यो भने अमर भइन्छ र तिमी पनि ध्रुवतारा जस्तै बन भन्ने सन्देश दिइएको छ ।

'तारापनि सुन्छ रे' बाल कवितामा केटाकेटीहरूलाई दिउँसोमात्र होइन, राति पनि अरूको कुरा काट्नु हुँदैन, किनभने राति मानिसले नसुने पनि आकाशका ताराले सुन्छन् भनेर बालकहरूको बानीबेहोरा सुधार्ने उद्देश्य लिइएको छ ।

'जूनकिरी' शीर्षक बाल कवितामा राति आकाशमा उदाउने जूनकीरीलाई देखेर बालबालिका खुसी हुँदै दिनमा उदाउने घामकिरी (घाम) लाई छोडेर जूनकीरीलाई जूनबाट ओर्लेर हामीसँग खेल्न आऊ भनिएको छ ।

माधव घिमिरेले मानवेतर प्राणी कुकुर, बिरालो, बाँदर, चराचुरुङ्गी आदिलाई विषयवस्तु बनाएर पनि बाल कविताको रचना गरेका छन्। मानवेतर प्राणी अन्तर्गत पक्षीजगत् र कीटपतङ्गलाई उनले विषयवस्तु बनाएका छन् । कीटपतङ्गलाई विषयवस्तु बनाएर लेखिएका उनका बाल कवितामा 'घुन', 'कमिला', 'गुनुगुनु माहुरी', (**सुनपङ्खी चरी**) आदि हुन् ।

'घुन' शीर्षक बाल कवितामा काठमा मुख गाडेर बसेको धुनलाई देखेर बालबालिकाले त्यो घुनलाई त्यता मुख फर्काउ, भन्दै त्यो धुनले काठमा धर्का पारेको र त्यो धर्का डाङडुङे ड जस्तो भएको कुराको उल्लेख छ। बालबालिकालाई अक्षर चिनाउने प्रसङ्गमा घुनले काठमा पारेको धर्का डाङ्डुङे ड जस्तो भएको प्रसङ्ग यहाँ उल्लेख गरिएको छ ।

'कमिला रानी' शीर्षक बाल कवितामा कमिलाको लस्करले मिलेर आहारा खोज्न हिंडेका र तिनले आहारा खोजेर ल्याएको दृश्यलाई बालबालिकाले कमिलाको बिहेको लागि जन्ती गएका र कमिलाकी रानी दुलाभित्र बसेकी र दुलाभित्र ठूलो दरवार भएको कुरा उल्लेख गर्दै बालबालिकाले कमिलाको ताँतीलाई देख्दा उनीहरूको मनमा उत्पन्न भएको हर्ष र उत्सुकताको भावलाई यसमा वर्णन गरिएको छ ।

'चिप्लेकीरो' शीर्षक बाल कवितामा चिप्लेकीरो पस्री-पस्री संसार नै नापौँला जस्तो गरी हिँडेको दृश्य देखेर केटाकेटी खुसी हुँदै यति सानो चिप्लेकीरोको पनि यति ठुलो फूर्ति भनेर

छक्क परेर हेरेको कुराको बयान छ । यसै गरी चिप्लेकीरा बाल कविताको माध्यमबाट विश्ववन्धुत्वको भावनाको विकास पनि बालबालिकामा गराएको पाइन्छ भने कुनै पनि वस्तु वा व्यक्तिलाई सानो भनेर हेप्नु हुँदैन,  उसले ठुलो काम पनि गर्न सक्छ भन्ने कुरा पनि देखाइएको छ ।

'घिउ कमिला' शीर्षक बाल कवितामा कुनै सानो वस्तु भनेर हेप्नु हुँदैन, त्यो पनि महत्वपूर्ण हुन्छ भनेर बालबालिकालाई सिकाउँदै घिउ कमिला सानो भए पनि यो पनि महत्वपूर्ण छ भन्ने देखाउन खोजिएको छ ।

"बस बस माहुरी"मा माहुरीका बथानलाई उड्दै आएको देखेर बालबालिकाले खुसी हुँदै तिमी हाम्रो घरघारमा बास बस्यौ भने तोरीबारी विर्ता पाउने, हामीलाई मह दियौ भने तिमीलाई हामी आशीर्वाद दिन्छौँ र त्यो आशीर्वादले धेरै छोराछोरी पाउली भन्दै माहुरीको जस्तै मिहीनेती जीवन, मीठो खाने, रमाइलो गर्ने जिन्दगीको चित्रण यसमा पाइन्छ ।

'गुनुगुनु माहुरी' बाल कवितामा माहुरीको गुनुगुनु आवाजमा पनि संगीतको जस्तै मीठो धून हुन्छ भन्दै माहुरीलाई गुनुगुनु गर्दै कस्तो गीत गाइरहेकी छ्यौ भनेर बालबालिकाले प्रश्न गरिरहेका छन् ।

मानवेतर प्राणी अन्तर्गत पंक्षी जगत्लाई पनि विषयवस्तु बनाएर उनले बाल कविताको रचना गरेका छन् । पंक्षी जगत्जस्तै भँगेरा, भँगेरी, ढुकुर, जुरेली, कुखुरा आदिलाई देख्दा बालकका मनमा उत्पन्न हुने विभिन्न जिज्ञासालाई विषयवस्तु बनाएर उनले बाल कविताको रचना गरेका छन् । त्यस्ता बाल कविताहरू हुन् - 'भँगेरा र भँगेरी', 'उठ् पूता दिउल पुग्यो' (**घामपानी**), 'सुनपङ्खी चरी' (**सुनपङ्खी चरी**), 'चुरिच्याउँ चुइँत्त', 'बात मारौ', 'चङ्खे जुरेली' आदि हुन् ।

'भँगेरा र भँगेरी' बाल कवितामा भँगेरा र भँगेरीले गरेका चुरबुर, चुर्र, चुर्चुर् आदि शब्दलाई सुनेर अनि भँगेराले आहारा चोर्ने बेलामा एउटा आँखाले आहारा र अर्को आँखाले मानिसलाई हेर्ने अनि तैँले पनि एउटा आँखाले आहारा हेर्नु र यदि मान्छे आए भने म चुर्रर गरेर कराउँछु तँ भुर्रर गरेर उड्नु भनेर भँगेराले भँगेरीलाई चारा चोर्न सिकाएको देखाएर बालबालिकालाई पनि बाठो हुनुपर्छ भनेर सिकाएको छ । उनीहरूलाई नैतिक उपदेश दिएर

तिमीहरू भँगेरा जस्तो बाठो हुनुपर्छ भन्नु भन्दा कविताको माध्यमबाट सिकाउँदा चाँडो सिक्छन् ।

'उठ् पुता दिउल पुग्यो' बाल कवितामा ढुकुर र ढुकुर्नीको कथालाई रमाइलो भाकामा, करुण भाकामा र विरहको भाकामा गरी तीन खण्डमा विभाजित गरी रमाइलो भाकामा ढुकुर र ढुकुर्नी असार महिनाको एक दिन आफ्ना बचेरालाई प्रशस्त आहारा पानी छोडेर वनमा डुल्न गएका घाम टन्टलापुर लागेर दिउल (चारा) सुकेर थोरै भएको, विचरा बचरा चारा चर्न नजान्ने हुनाले आमा कहिले आउली र चारा ख्वाउली भनेर पर्खेर बसेको कुराको बयान छ यसै गरी करुण भाकामा बेलुका ढुकुरका भालेपोथी गुँडमा आएपछि बचराले **आँ आँ** गरी मुख बाएका, चारा सुकेर थोरै भएकोले त्यत्रो चारा खाएर पनि हामी आउँदा आँ -आँ गर्ने भनेर ढुकुरले बचेरालाई ठुँगी ठुँगी मार्न आँटेको कुराको बयान छ । विरह भाकामा चाहिँ पानी परेपछि दिउल फुल्दै आएको र बचेराले दिउल खाएको नभई सुकेर थोरै भएको देखेर ढुकुर्नी रुँदै 'उठ् पूता दिउल पुग्यो' पानी पर्‍यो दिउल फुक्यो भनेर विरह गरेको कुराको चित्रण छ । कमाएर ल्याउनलाई कत्रो गाह्रो छ तर खानेलाई जाबो चारो भनेर मुख विगारे हुने यथार्थ कुराको चित्रण यसमा पाइन्छ ।

'सुनपङ्खी चरी' शीर्षक बाल कवितामा प्राणी शास्त्र अनुसार कुखुराले अण्डा पार्ने, त्यस अण्डाबाट चल्ला निस्कने कुराको बयान गर्दै सृष्टिको यो क्रम अनन्तसम्म चलिरहने र यस्तो प्रक्रिया देख्दा बालबालिकाले अनौठो मानेर खुसी हुँदै कुखुराका चल्ला सुनको पखेटा भएका चरा हुन् भनेर खुसी भएको कुराको चित्रण गरिएको छ ।

माधव घिमिरेले पशुजगत्लाई विषयवस्तु बनाएर पनि बाल कविताको रचना गरेका छन् । यस्ता बाल कविताहरूमा विशेष गरी पशु जगत् अन्तर्गत कुकुर, बिरालो, गाई, स्याल, भालु, सिंह, बाँदर, बाख्राको पाठो आदिलाई देख्दा बालकका मनमा उत्पन्न हुने विभिन्न भावलाई विषय बनाएर लेखिएका छन् । यस्ता बाल कविताहरू हुन्– 'मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक', 'काली कुती ब्याइछ', 'कुती कुइँया कुइँया', 'हुइँया हुइँया हुइँया', 'बाघको भान्जो बिरालो' (**बालालहरी**), 'भुक्के कुकुर' (**सुनपङ्खी चरी**), 'हेर बाच्छी हाम्री', 'म्याउँ बिरालो', 'बाँदरको बेहोर' (**बिजुले र बिजुला**) ।

'मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक' बाल कवितामा एउटा बाखाको पाठोको चञ्चले स्वभावको चित्रण गर्दै बालबालिका पनि यस्तै चञ्चले स्वभावका हुन्छन् भनिएको छ यसै गरी बाखाको पाठोले मान्छेलाई 'म जस्तै सच्चा बन्, अरूलाई नढाँट, नछकाउ' भनेर साँचो बन्ने सन्देश पनि दिएको छ ।

'काली कुती ब्याइछ' शीर्षक बाल कवितामा कुकुरले छाउरा छाउरी पाएको देखेर बालकहरू खुसी हुँदै त्यसले कति वटा छाउरा पाइछे, तैँले हेरिआइस मैले त हेरेर आएँ भन्दै पटक पटक कुकुरका छाउरालाई हेरेर आउँदै त्यसले कस्तो रंगको पाइछे इत्यादि भनेर साना बालकहरू एकैचोटि धेरै कुरा सम्भन र भन्न सक्दैनन् । त्यसैले उनीहरू पटक पटक कुकुरको छाउरोलाई हेर्न जाँदै कस्तो रंगको, कतिवटा पाइछे भनेर गरेको वार्तालापलाई यसमा देखाइएको छ ।

'कुती कुइँया कुइँया' शीर्षक बाल कवितामा कुकुरले आफ्नो छाउरालाई टोक्दै तैँले यसरी शिकार गर, यसरी लछार, यसरी पछार, यसरी घिसार भन्दै शिकार गर्न सिकाएको र मानिसले पनि आफ्ना बालबालिकालाई बाठो बन्न सिकाउनु पर्छ  भन्ने सन्देश दिएको पाइन्छ ।

'हुइँया हुइँया हुइँया' शीर्षक बाल कवितामा भालु र सिंहबिचको लडाई हुन लागेकोले स्याल बाठो भएर भालुलाई भेट्दा भालुको जीत हुन्छ र तपाइँ मेरो मित हुनुभयो भनेको र सिंहलाई भेट्दा सिंहकै जित हुन्छ, तपाई मेरो मित हुनुभयो भनेको रमाइलो कुराकानीबाट बालबालिकालाई स्यालजस्तो बाठो वा चलाख हुनुपर्छ भनेर सिकाएको छ ।

'बाघको भान्जो बिरालो' शीर्षक बाल कवितामा पनि बिरालाले बाघलाई देखेपछि बाघले आफूलाई मार्छ भनेर बठ्याई भिकेर म त तिम्रो भान्जा हुँ भनेको देखाएर समय र परिस्थिति अनुसार बाठो हुनुपर्छ भनेर बालबालिकालाई जनावरहरूका उदाहरण देखाएर मानिस पनि त्यस्तै बाठो बन्नुपर्छ भन्ने नैतिक सन्देश दिएको छ ।

'हेर बाच्छी हाम्री' शीर्षक बाल कवितामा प्रकृतिमा हुने दिन र रातको क्रमलाई गाईको विम्वद्वारा  बुझाउन खोजिएको छ । अन्धकार रातमा जून लाग्दा कालो र सेतो मिसिएको झालीमाली रंग हुने र त्यो रात बिहान हुँदा प्वाँली पहेंलो रंग देखिदै क्रमश: उज्यालो देखिने दिनलाई झाली माली गाई, बिहानीमा व्याइ भन्दै यसरी प्रकृतिमा हुने दिन र

रातको क्रम सधैँ चलिरहेको छ, त्यही पनि कसरी नचिनेको भनेर गाउँखाने कथाको भाकामा लेखिएको छ ।

'भुक्के कुकुर' शीर्षक बाल कवितामा कुकुरको गुनी बानी बेहोराको बयान गरिएको छ । कुकुरले असल मानिस र खराब मानिस आएको टाढैबाट थाहा पाउने र असल मानिस आए पुच्छर हल्लाउने र खराब मानिस आए ठाडै टोक्न जाने अनि घर मालिकले गाली गर्नुपर्ने कुरा उसैले भुकेर भनिदिने कुराको बयान गर्दै कुकुरको स्वभावलाई देखेर बालबालिकाको मनमा उत्पन्न हुने बाल जिज्ञासालाई विषयवस्तु बनाएर रचिएको छ ।

'बाँदरको बेहोर' कवितामा बाँदरको चकचके स्वभावको चित्रण गर्दै बालबालिकालाई बाँदरजस्तो ज्यादा चकचके नबन भनेर नैतिक सन्देश दिएको छ ।

## ख)  मानव जीवन

माधव घिमिरेका बाल कवितामा प्रयोग गरिएको अर्को विषयवस्तुगत क्षेत्र मानव जीवन हो । मानव जीवन अन्तर्गत पनि उनले मानिसका दैनिक जीवनमा प्रयोग हुने ढिकी, जाँतो, डोको आदि वस्तुलाई विषयवस्तु बनाएर कविता लेखेका छन् । यसै गरी मानिसको बोलीमा आएको विकारबाट हुने भकभक, मानिसको संवेग अन्तर्गत पर्ने हाँसो, रिस, चकचक आदिलाई पनि विषयवस्तु बनाएर उनले बाल कविताको रचना गरेका छन् । उनले मानवलाई विषयवस्तु बनाएर रचिएका बाल कविताहरू हुन्– 'थैया थैया', 'रडी', 'चकचके', 'भोटे सेलो', 'आए फुर्के फुर्की', 'हाम्री बहिनी टुल्की', 'सानु भाइ', 'यति सानु नानी बोले कस्तो हुन्थ्यो', 'हाम्री बहिनी मैना', 'आमा हाँस्छिन पनि आमा रून्छिन पनि', 'सक्छु म पनि', 'लाटो साथी', 'हैन त्यस्तो के छ र ?', 'बिरामी छोरीको रहर', 'पम्फा मैयाको कथा', 'त्यहाँ ज्योति बल्यो', 'कलाकार अरनिको' आदि ।

माधव घिमिरेले मानवलाई विषयवस्तु बनाएर लेखिएका बाल कविताहरूमध्ये पनि कतिपय चाहिँ बालबालिकालाई मनोरञ्जन दिने उद्देश्यले लेखिएका छन् । त्यस्ता बाल कविताहरू खास गरी खेल जगत्सित सम्बन्धित छन् । बाल खेलमेलसँग सम्बन्धित त्यस्ता बाल कविताहरू हुन्– 'नर्कटको घोडा', 'गुलेली', 'खेलौना', 'पुतली खेल', 'बालालहरी' (**घामपानी**), 'पुङभाङ', 'पुतली', 'गाउँ खाने गीत', 'दगुर दगुर कुहिरो' (**बालालहरी**), 'आभ्भुइ आभ्भुइ आभ्भुइ', 'लहै खेली खेली' (**सुनपङ्खी चरी**), 'बालमेला', 'अचम्मको घोडा', 'खेलौनासित खेल्दै' (**बिजुले र बिजुला**) आदि ।

'नर्कटको घोडा' बाल कवितामा बालबालिकाले नर्कटको हाँगालाई घोडा बनाएर खेलेको खेलको प्रसङ्ग छ। बालबालिकाहरू आफूलाई मनोरञ्जन लिनका लागि हरेक वस्तुलाई आफ्नै तरिकाले प्रस्तुत गरेर खेल्छन् भन्ने कुरालाई यसमा देखाइएको छ ।

'गुलेली' शीर्षक बाल कवितामा बालबालिकाहरू क्रमशः ठुलो हुँदै गएपछि उनीहरू हातमा गुलेली लिएर मात्र कति खेल्ने भन्दै टुँडीखेलमा सेनाले परेड खेलेको देखेर उनीहरू पनि त्यसकै नक्कल गर्दै खेलेको कुराको उल्लेख छ ।

'खेलौना' शीर्षक बाल कवितामा बालबालिकालाई खेल्नको लागि साथीकै आवश्यकता पनि छैन । उनीहरू एक्लै पनि हरेक वस्तुसँग खेल्न सक्छन् भन्ने कुरालाई देखाइएको छ ।

विशेष गरी शिशु अवस्थाका १/२ वर्षका बालक काठको टुक्रा, माटो र अन्य काम नलाग्ने सामान पनि बटुलेर एक्लै खेलिरहेका हुन्छन् भन्ने कुरालाई देखाइएको छ ।

'बालालहरी' शीर्षक बाल कवितामा बालबालिकाहरू मानिसले दैनिक जीवनमा गर्ने क्रियाकलापको पनि नक्कल गरेर खेल्दछन् भनेर कर्मलाई कलामा प्रस्तुत गरिएको कुरालाई देखाइएको छ ।

'पुङभाङ' शीर्षक बाल कवितामा बालबालिकाले दुवैतिर प्वाल भएको एउटा ढुङ्ग्रोलाई फुक्दै खुसी हुँदै खेलेको खेलको बयान छ ।

'पुतली खेल'मा बालबालिकाले कपडाका टाला टुक्रा बटुलेर पुतली बनाएर खेलेको र त्यस पुतलीका नाकमा बुलाकी, निधारमा टीकी, आँखियामा (आँखा) गाजल लाइदिन पाए अझ कति राम्री देखिन्थी होली भन्दै गरेको कल्पना र पुतली खेलको बारेमा वर्णन छ । विशेषगरी शिशुअवस्था (५-६) वर्षका बालबालिकाहरू कपडाका टुक्रा बटुलेर पुतली बनाएर खेल्ने र उनीहरूको सबभन्दा प्यारो खेल नै पुतली खेल भएकोले यसमा त्यही खेलको वर्णन छ ।

'गाउँखाने गीत' शीर्षक बाल कवितामा गाउँखाने खेल खेलेर बालकलाई बाठो बनाउन खोजिएको छ । गाउँखाने गीतमा एकथरीले प्रश्न सोध्ने र अर्काथरीले उत्तर दिने अनि उत्तर दिन नजानेमा गाउँ दिनुपर्ने रोचक खेलको बयान गरिएको छ ।

'दगुर् दगुर् कुहिरा' शीर्षक बाल गीतमा केटाकेटीहरू कुहिरो दौडिएको जस्तै दगुरेर खेल खेलेका र उनीहरूलाई अर्को चोर साथीले छुन खोजेको र अन्य मानिस अचम्म परेर हेर्दा यो हाम्रो खेल ख्याल ख्यालको मात्र हो र साँचो रूपमा चोर बन्यो भने झ्यालखानमा जानुपर्छ भनेर सचेत बनाइएको छ ।

'अचम्मको घोडा' शीर्षक बाल कवितामा बालबालिका आफैं घोडा बन्दै पिठियूँमा साथीलाई राखेर खेलेको खेलको बयान छ । यसमा बालकले अत्यन्त खुसी हुँदै 'मेरो घोडा आयो ज्यानको माया भए बाटो छोड' भनेर खेलेको उल्लेख पाइन्छ ।

माधव घिमिरेले मानव जीवन अन्तर्गत विभिन्न संस्कृतिसँग सम्बन्धित बाल कविता पनि रचेका छन् । त्यस्ता बाल कविताहरूमा 'भोटेसेलो' र 'यो घर कस्को आलेको' हुन् । 'भोटेसेलो'मा हिमाली भेगमा बसोबास गर्ने भोटेको रहन सहन लवाइ खवाइको चित्रण गएिको छ । उक्त बाल कवितामा आफ्नो संस्कृति अनुरुप गीत गाउँदै घरघर पिठो माग्दै र उसकै

घरमा अरु जाँदा चाहिँ चौँरीको घिउँ खान दिने अनि कानमा भिउँ (बहुमूल्य पत्थर) लगाएको भोटे वास्तवमा गरिब नभई महान् हो भन्ने कुराको चित्रण बालोपयोगी रुपमा गरिएको छ । 'यो घर कस्को आलेको' कवितामा राष्ट्रिय एकताको भावना झल्किएको छ । हिमाल, पहाड, तराई सबै क्षेत्रका बसोबास गर्ने हामी सबै नेपाली एउटै हौं भन्ने भावना यसमा पाइन्छ ।

यसरी हेर्दा माधव घिमिरेले विविध विषयवस्तुलाई समेटेर बाल कविताको रचना गरेका छन् । यी विविध विषयका बाल कवितामा उनले कतै मानवजीवनका बाल्यकालीन अवस्था ('थैया -थैया', 'रडी', 'सानुभाइ') कतै किशोरावस्था ('हाम्री बहिनी मैना') र कतै बालबालिकाले दिएको दुःख र सुखका क्षण संझेर आमा हाँस्ने र रुने गरेको अवस्थाको चित्रण गरेर पनि उनले बाल कविता रचेका छन् ।

## ५.४ उक्तिढाँचागत विविधता

माधव घिमिरेले रचेका बाल कविताहरूको उक्तिढाँचा अत्यन्त विचित्र छ र त्यो बालकहरूका निम्ति निकै मोहक बनेको छ । उनले बालकहरूलाई लक्षित गरी रचेका कविताहरूमा व्यक्त गर्न खोजेको विषयवस्तुलाई थरि थरिका उक्तिढाँचा मार्फत प्रस्तुत गरेका छन् । निश्चय नै उनले रचेका बाल कविताहरू उनकै उक्ति हुन् तापनि उनका ती उक्तिहरू बाल कविताका रूपमा रचिन पुग्दा विविध स्वरूपका बन्न पुगेका छन् । उनका समग्र बाल कविताको उक्ति ढाँचालाई दृष्टिगत गर्दा त्यसलाई प्रथमतः यी दुई प्रकारमा विभाजित गर्न सकिने देखिन्छ :

क) कवि उक्ति
ख) पात्रोक्ति

### क) कवि उक्ति

कवि उक्ति भन्नाले त्यस कवितामा वक्ता कविले नै भनेका भनाइहरू भन्ने बुझिन्छ । कवि उक्ति अन्तर्गत पनि स्वयम् कविको उक्ति बालकतुल्य कविउक्ति, र प्रथम पुरूष **म** का कोणबाट गरिएका उक्ति गरी तीन भागमा विभाजन गरेर हेर्न सकिन्छ ।

कवि स्वयम् नै कवितामा मुख्य वक्ता बनेर भनिएका भनाइहरू कविको उक्ति अन्तर्गत पर्दछन् । माधव घिमिरेले आफ्ना कतिपय बाल कवितामा उनी आफैं मुख्य वक्ता बनेर आफ्ना भनाइहरू राखेका छन् । यसै गरी पात्रका तर्फबाट गरिएको कथनलाई पात्रोक्ति भनिन्छ ।

कविताको कथन गर्दा कविले कहिले आफैं भन्दछन् भने कतै पात्रको माध्यमबाट भनेका हुन्छन् । जहाँ कविकल्पित पात्रको माध्यमबाट केही भनिएको हुन्छ, त्यो पात्रोक्ति हो । यस्ता पात्रहरूमा पनि उनले कतिपय ठाउँमा मानवीय पात्रको प्रयोग गरेका छन् भने कति ठाउँमा मानवेतर प्राणी कुकुर, बिरालो, स्याल, भालु, बाघ, बाख्राको पाठो, छेपारो, ढुकुर, भँगेरा, जुरेली, कुखुराको चल्ला, आदिलाई माध्यम बनाएर आफ्ना भनाइहरू व्यक्त गरेका छन् ।

कवि उक्ति अन्तर्गत पनि स्वयम् कवि नै मुख्य वक्ता रही उनैका तर्फबाट कथन गरिएका बाल कविताका उदाहरण यी हुन् :

'भकभके', 'डोको', नदी, ध्रुवको कथा, (**घामपानी**), 'बालालहरी', 'थैया थैया', 'सियो खोइ सियो', 'गाउखाने गीत', 'रडी', 'हा-इ-हा-इ आमा', 'दगुर दगुर कुहिरा', 'खित् खित् खित्का' (**बालालहरी**) 'सानुभाइ', 'सानी बहिनी मैना', 'लोरी', 'प्रभाती', 'सानु सानु रूख', 'हेर बाच्छी हाम्री', 'हेर्दा हेर्दै ढुंगो', 'लुकामारी', 'लुली लुली पाखुरी', 'बाँडी चुँडी खाने हो', 'घिउ कमिला', 'घनौटी', 'गुनुगुनु माउरी', 'आभ्भुइ आभ्भुइ आभ्भुइ', 'घामका छोराछोरी', 'लहै खेली खेली', 'सिपालु हो माकुरो', 'वुख्याचा', 'कति ठूलो संसार' (**सुनपङ्खी चरी**), 'फोनमा बोल्ने म हो', 'बात मारौं अनिकाल', 'जालगर्‍यो जुत्ताले', 'थैलो र थैली', 'पैले होमवर्क', 'बिजुले र बिजुला', 'अचम्मको घोडा', 'पम्फा मैयाको कथा', 'बाँदरको बेहोर', 'त्यहाँ ज्योति बल्यो', 'सुकुन्दा' (**बिजुले र बिजुला**) । यी माथि उल्लेखित बाल कविताका कथनमा स्वयम् कवि नै मुख्य वक्ता भएर तिनीहरूमा रहेको भावात्मक विषयवस्तुको उठान गरिएको छ । यस क्रममा कतै वर्णनात्मक उक्ति ढाँचाको प्रयोग गरिएको छ भने कतै आख्यानात्मक उक्तिढाँचाको प्रयोग पाइन्छ । 'भकभके', 'डोको', 'सियो खोई सियो', 'गाउँ खाने गीत', 'रडी, हा-इ हा-इ !', 'आमा', 'दगुर दगुर कुहिरा', 'खित् खित् खित्का' (**बालालहरी**), 'सानुभाइ सानी बहिनी मैना', 'लोरी', 'प्रभाती', 'सानु सानु रूख', 'हेर बाच्छी हाम्री', 'हेर्दा हेर्दै ढुंगो', 'लुकामारी', 'लुली लुली पाखुरी', 'बाँडी चुँडी खाने हो', आदि अधिकांश कवितामा वर्णनात्मक उक्तिको प्रयोग पाइन्छ । 'भकभके' बाल कवितामा बोलीमा विकार आउँदा हुने भकभके पनालाई विषयवस्तु बनाएर कविका तर्फबाट नै भकभक हुँदा बोल्न अप्ठेरो परेको, विचरा भकभकेको मनमा चाहिँ सबै कुरा भएको तर उसले राम्ररी बोल्न, नसक्दा आफ्ना मनका कुरा भन्न नसकेकोले उसका कुरा नबुझे पनि बुझें भन्नु पर्ने बाध्यताको चित्रण प्रस्तुत गरिएको छ ।

'डोको' शीर्षक बाल कवितामा पनि कविकै तर्फबाट भनिएका भनाइहरू छन् । 'डोको'लाई मिहिनेत र परिश्रमको प्रतीकको रूपमा लिंदै जसको पिठियूँमा डोको हुन्छ, त्यसलाई के खाउँ र के लाउँ भन्ने धोको रहँदैन भन्दै आकाशलाई सिङ्गो डोकोको रूपमा तुलना गर्दै ईश्वरले आकाशरूपी डोको धरतीमा घोप्ट्याएकाले यहाँ अन्नबाली उम्रिएर संसारका प्राणी बाँचेका हुन् भन्ने भनाई कविकै तर्फबाट गरिएको छ ।

'नदी' शीर्षक बाल कवितामा पनि सानी नदीको बहाइ,  तिनका स-साना खोला, खहरे साथी रहेका, तिनी रिसाइन् भने गड्गडाएर बाढी आउने, पर्वतराजलाई थर्काउने र ती नदीले पहाड, पाखा सबैलाई हरियाली बनाई आफू टाढाको समुद्र भेट्न जाने हुनाले कसैले पनि यिनलाई रोक्न सक्दैनन् भन्ने वर्णनात्मक भनाइ कविकै तर्फबाट गरिएकोले यसमा पनि कवि उक्तिको प्रयोग छ ।

'सियो खोइ सियो' शीर्षक बाल कवितामा सियो हराउँदाको क्षणको वर्णन, सियोको उपयोगिता अनि पहिले जाबो सियो भनेर महत्व नदिने र पछि हराएपछि त्यो सानै भएपनि त्यसको काम ठूलो थियो भनेर गरिएको पछुतो आदिको वर्णन पनि कविकै तर्फबाट गरिएको छ ।

'ध्रुवको कथा'मा पनि राति आकाशको उत्तरतर्फ देखिने ताराको नाम कसरी 'ध्रुव तारा' रह्यो भन्ने भनाइलाई आख्यानात्मक उक्तिमा कविकै तर्फबाट भनिएको छ ।

बालालहरीमा सवाइ भाकामा सुन सुन भाइ हो र भन भन भाइ हो को थेगोमा मानिसका दैनिक जीवन र व्यवहारमा गरिने क्रियाकलापको वर्णन कविकै उक्तिबाट गरिएको छ ।

'थैया थैया' बाल कवितामा सानूबालकलाई खेलाउने क्रममा आमा बाबुले थैया थैया गराएको र बालक भोलि भविष्यमा कस्तो होला भनेर गरिएको वर्णन पनि कविकै तर्फबाट गरिएको पाइन्छ ।

'गाउँखाने गीत'मा गाउँखाने भाकामा प्रश्न सोधी उत्तर पनि त्यसै अनुसार दिइएको र सो प्रश्न कविकै तर्फबाट सोधेर उत्तर पनि कविकै तर्फबाट दिइएकोले यसमा पनि कवि उक्तिको प्रयोग पाइन्छ ।

'रडी' शीर्षक बाल कवितामा बालकको जिद्दी स्वभावको वर्णन कवि आफैँले गरेका हुनाले यसमा पनि कवि उक्तिकै वर्णन छ ।

माथि उल्लिखित सबै कवितामा यसरी कवि आफैंको भनाइ प्रस्तुत गरिएकोले यिनीहरूमा कवि उक्तिको प्रयोग पाइन्छ ।

'हा-इ हाइ !' शीर्षक बाल कवितामा एकातिर हा-इ लाई अल्छीको प्रतीकको रूपमा लिइएको छ भने अर्को तिर हाइ ! लाई सबैको प्यारो भन्ने अर्थमा लिइएको भनाइ पनि कविकै तर्फबाट भनिएकोले यसमा पनि कवि उक्तिको प्रयोग पाइन्छ ।

'आमा' शीर्षक बाल कवितामा बालकको स्वभाव देखेर आमा कहिले हाँस्ने र कहिले रूने कुराको वर्णन कविकै तर्फबाट गरिएको छ ।

'दगुर् दगुर् कुहिरा' बाल कवितामा पनि बालकले कुहिरो जस्तो गरी छिटो छिटो दगुरेर खेलेको खेललाई कविकै तर्फबाट बयान गरिएको छ ।

'खित् खित् खित्का' शीर्षक बाल कवितामा मानिसको संवेग अन्तर्गत पर्ने हाँसोलाई विषयवस्तु बनाइ बयान गरिएका कुरा कविकै तर्फबाट छ ।

'सानुभाइ' शीर्षक बाल कवितामा एउटा सानो बालकको कोमल र निश्चल हाँसो अनि उसको म्वाँइको बारेमा कविकै तर्फबाट बयान गरिएको छ ।

'सानी बहिनी मैना' मा बालबालिकाहरू ऐनामा हेरेर आफ्नै रूप देख्दा अचम्ममा परेका र उसकी दिदी किशोरावस्थामा प्रवेश गरेकीले ऊ पनि आफ्नो शारिरीक परिवर्तन देखेर आफू आफैंमा छक्क परेको कुराको वर्णन पनि कविकै तर्फबाट गरिएको छ ।

'लोरी' शीर्षक बाल कवितामा बालबालिकालाई सुताउन आमाले **लोरी** गाएको र त्यस प्रसङ्गमा फूलबारीका फूलहरू पनि सुतेका आदि कुराको बयान पनि कविकै तर्फबाट गरिएको छ ।

'प्रभाती' शीर्षक बाल कवितामा बालकलाई बिहान भएपछि उठाउन फूलबारीका फूलहरू पनि बिम्झेर मीठो बास्ना छरेका, घामका किरणहरू पनि आइसकेका भनेर बालकको बिम्झाइसँगै प्रकृति पनि बिम्झेको कल्पना पनि कविकै तर्फबाट गरिएको छ ।

'सानु-सानु रूख' शीर्षक बाल कविता गाउँखाने कथाको ढाँचामा बालकलाई बाठो बनाउने उद्देश्यले रचिएको छ र यसका भनाइहरू पनि कविकै तर्फबाट भनिएका छन् ।

'हेरबाच्छी हाम्री' शीर्षक बाल कवितामा पनि प्रकृतिमा हुने दिन र रातको क्रमलाई गाई र बाच्छीका रूपमा गरिएको कल्पना कविकै तर्फबाट गरिएको छ ।

'हेर्दाहेर्दै ढुंगो' बाल कवितामा ढुंगालाई हेर्दा हेर्दै त्यसमा कहिले गणेश र कहिले बुद्धको आकृति देखिने कुराको वर्णन पनि कविकै तर्फबाट गरिएको छ ।

'लुकामारी' शीर्षक बाल कविता लगायत 'लुली लुली पाखुरी', 'बाँडचुँडी खाने हो', 'घिउ कमिला', 'घनौटी', 'घामका छोराछोरी', 'बुख्याचा', 'कति ठुलो संसार', 'घामछाया', 'रूपैरूपको पन्छी' (**सुनपङ्खी चरी**), 'तारा पनि सुन्छ रे', 'फोनमा बोल्ने म हो', 'बातमारौँ', 'अनिकाल', 'जाल गऱ्यो जुत्ताले', 'थैलो र थैली', 'पैले होमवर्क', 'बिजुले र बिजुला', 'अचम्मको घोडा', 'पम्फा मैयाको कथा', 'बाँदरको बेहोर', 'त्यहाँ ज्योति बल्यो', 'सुकुन्दा' (**बिजुले र बिजुला**), बाल कविताका कथनमा पनि स्वयम् कवि नै मुख्य वक्ता भएर तिनीहरूमा रहेको भावात्मक विषयवस्तुको उठान गरिएको छ ।

यी बाल कविताहरूमध्ये 'उठ् पुता दिउल पुग्यो', 'ध्रुवको कथा', 'पम्फा मैयाको कथा', 'जहाँ ज्योति बल्यो', 'कलाकार अरनिको' आदिमा आख्यानात्मक उक्तिढाँचाको प्रयोग पाइन्छ ।

कविउक्ति अन्तर्गत बालकतुल्य बनी कवि आफैले भनेका उक्तिहरू पनि पाइन्छन् । यस्तो उक्तिढाँचाको प्रयोग गरिएका उनका बाल कविताहरू यी हुन् : 'घामपानी', 'घुन', 'गुलेली', 'बसबस माहुरी', 'कमिला रानी', 'तारा', 'म के हुँ' (**घामपानी**), 'पुङभाङ', 'पुतली खेल', 'बिजुली', 'चकचके', 'जूनकीरी', 'कुती कुइँया', 'कुइँया', 'हुइँया', 'हुइँया', 'हुइँया' (**बालालहरी**), 'आए फुर्केफुर्की', 'के पीर पऱ्यो बोल् बोल्', 'सुनपङ्खी चरी', 'हाम्री बहिनी टुल्की', 'भुक्के कुकुर', 'भोलि-पर्सि', 'घाम-छाया', 'तारा पनि सुन्छ रे', 'आँखाका नानी' (**सुनपङ्खी चरी**), 'के हो त्यसको नाउँ', 'बात मारौं', 'बालमेला', 'अनिकाल', 'आयो आयो भुइँचालो', 'मितेरीको गीत', 'हुलाकी हुलाकी', 'खेलौनासित खेल्दै बाह्रमासा' (**बिजुले र बिजुला**) । यी बाल कविताहरूमा बालकतुल्य बनी कवि स्वयंको उक्तिशृङ्खला पाइन्छ ।

माधव घिमिरेको बाल कवितामा प्रयुक्त कविगत उक्तिढाँचा अन्तर्गत प्रथम पुरुष 'म' का कोणबाट गरिएको उक्ति पनि प्रशस्त पाइन्छ । यस्तो उक्तिढाँचाको प्रयोग निम्न लिखित

कविताहरूमा पाइन्छ : 'पानी पर पानी पर', 'ढिकी जाँतोको सवाइ', 'नर्कटको घोडा', 'हिमचुली', 'त्यस्तो हुँदा कस्तो' (**घाम-पानी**), 'काली कुती ब्याइछ', 'सयपत्री' (प्रथम पुरुषीय समूहबोधक हामी सर्वनामका तर्फबाट गरिएको कथन) 'बालालहरी', 'सक्छु म पनि', 'हाम्री बहिनी टुल्की', 'गुनुगुनु माहुरी', 'आभ्भुइ, आभ्भुइ आभ्भुइ', 'लहै खेली खेली', 'सिपालु हो माकुरो', 'भुक्के कुकुर' आदि । यस्ता प्रथम पुरुषीय 'म' को उक्तिमा आधारित वर्णनात्मक कविउक्तिका साथै आत्मालापी र सम्बोधनमूलक कवि उक्ति एवम् कविले बालकतुल्य भई र आमातुल्य भई 'म' कै कोणबाट कवितात्मक उक्तिढाँचा बालोपयोगी हुन  गई रमणीय बन्न पुगेको छ ।

**ख) पात्रोक्तिको प्रयोग**

कविले बालक सरह गरेको कथनलाई कवि उक्ति भनिन्छ भने कविकल्पित पात्रका तर्फबाट गरिएको कथनलाई पात्रोक्ति भनिन्छ । कविताको कथन गर्दा कविले कहिले आफ्नै तर्फबाट कथ्य वस्तुको कथन गर्दछन् भने कहिले पात्रको माध्यमबाट कथ्य वस्तु प्रस्तुत गरेका हुन्छन् । जहाँ कल्पित पात्रको माध्यमबाट केही भनिएको हुन्छ त्यो पात्रोक्ति हो । माधव घिमिरेका बाल कविताहरूमा कतिपय ठाउँमा कविले आफ्ना भनाइहरू पात्रका माध्यमबाट प्रस्तुत गरेका छन् । त्यस्ता पात्रहरूमा पनि कतिपय ठाउँमा उनले मानवीय पात्रको प्रयोग गरेका छन् भने कतिपय ठाउँमा मानवेतर कुकुर, बिरालो, स्याल, आदि प्राणीलाई माध्यम बनाएर आफ्ना भनाइहरू व्यक्त गरेका छन् । मानव पात्रको उक्तिका रूपमा रचिएका उनका बाल कविताहरू हुन् : 'सक्छु म पनि', 'पैले होमवर्क', 'लाग्यो तिहार', 'हैन त्यस्तो के छ र ?', 'बिरामी छोरीको रहर', 'कलाकार अरनिको', 'जहाँ ज्योति बल्यो' आदि ।

माथि दिइएका कविताहरूमा क्रमैसँग 'सक्छु म पनि' कविता एउटा 'म' बालकको उक्तिका रूपमा रचिएको छ भने 'पैले होमवर्क' शीर्षक बाल कवितामा स्कुल पढ्ने विद्यार्थी बालकलाई पात्र बनाई उसले पहिले होमवर्क सकिएपछि मात्र खाजा खाने, साथीसँग खेल्ने आदि कुराको बयान गरिएको छ ।

'लाग्यो तिहार' शीर्षक बाल कवितामा तिहार लागेपछि बारीभरि हसना फूल फुलेका र त्यो फुल टिपेर आफ्नी बहिनीलाई शृङ्गार गरिदिन खोजेको तर बहिनीले नमानेको कुरालाई दिदीबहिनी पात्रको माध्यमबाट व्यक्त गरिएको छ । यसै गरी 'बिरामी छोरीको रहर' शीर्षक बाल कवितामा एउटी बिरामी बालिकालाई माध्यम बनाएर बिरामी भएर सधैँभरि घरमा के

बसिरहनु, म पनि अरू साथीहरू सरह खेल्न, डुल्न जान पाए हुन्थ्यो भन्ने भाव व्यक्त गरिएको छ ।

'पम्फा मैयाको कथा' शीर्षक बाल कवितामा पम्फा मैयालाई विषयवस्तु बनाई उनलाई उनकी भाउजूले दुःख दिएकी र बुज्जकी भँगेराहरूले उनलाई सहयोग गरेको कुराको वर्णन पाइन्छ ।

'कलाकार अरनिको' शीर्षक बाल कवितामा अरनिको बालक कालमै चीन गएको र पछि उनको कलाकारितालाई देखेर चिनियाँ सरकारले नेपाल फर्कन नदिएको, चीनमै बसेर उनको जिन्दगी बितेको र आफ्नो देश नेपाललाई कहिल्यै भुल्न नसकेको कुराको उल्लेख पाइन्छ ।

माधव घिमिरेका बाल कविताहरू कुकुर, बिरालो, बाखाको पाठो, स्याल, बाँदर, बाघ, भालु आदि जस्ता मानवेतर पशु प्राणी र कमिला, माहुरी, पुतली, माकुरो, चिप्लेकिरो, छेपारो जस्ता जीव र कीट पतङ्गलाई पनि पात्र बनाएर रचिएका छन् । उनका बाल कविताहरू मानव र मानवेतर प्राणी, कीटपतङ्ग आदिलाई मात्र पात्र बनाएर रचिएका नभई वनस्पति जगत्का रूख, विरूवा, सिस्नु, फूल, केराको बोट आदिलाई पनि विषयवस्तु बनाएर र तिनको तर्फबाट गरिएको उक्तिका रूपमा पनि रचिएका छन् । उनका यस्ता बाल कविताहरूमा स्याल, बिरालो, बाघ, भालु, बाखाको पाठो, विरुवा, बोट, रूख आदि पनि बोलेका छन् । उनले 'मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक' बाल कवितामा बाखाको पाठोलाई बोल्न लगाएका छन् र उसले मानिसको बच्चालाई म जस्तै सच्चा बन्न सिक् भनेको छ ।

'कालीकुती ब्याइछ' मा कुकुरलाई पात्र बनाइएको उसले कतिवटा र कस्ता रंगका छाउरा छाउरी पाइछ, तैंले हेरेर आइस् भनी वार्तालाप गर्ने दुई बालकको कुराकानी छ ।

'हुइँया हुइँया हुइँया' मा स्याल, भालु र सिंहलाई पात्र बनाएर यिनीहरू (भालु र सिंह) बिचको लडाइँमा स्यालले जसको जित हुन्छ, उतैतिर लाग्दै आफू मित भएको कुराको उल्लेख छ ।

'बाघको भान्जो बिरालो' कवितामा बाघ र बिरालो दुबैलाई पात्र बनाएर बिरालो र बाघ बीचको कुराकानी र बाघले बिरालोलाई मार्न खोज्दा बिरालो बाठो भई रूख चढेर ज्यान जोगाएको प्रसङ्ग छ ।

'हेर बाच्छी हाम्री'मा प्रकृतिमा दिन र रात हुने क्रमलाई गाई र बाच्छी पात्रको बिम्बद्वारा बुझाइएको छ। रातलाई गाई र रातपछिको बिहानीलाई बाच्छीको  बिम्बद्वारा बुझाइएको छ।

'कुती कुइँया कुइँया'मा कुकुरलाई पात्र बनाएर कुकुरले आफ्नो छाउरा छाउरीलाई टोक्दै शिकार गर्न, बाठो हुन सिकाएको प्रसङ्ग छ र यी भनाइहरू कुकुरकै माध्यमबाट भनाइएको छ।

'भुक्के कुकुर'मा कुकुरलाई मुख्य पात्र बनाएर उसको बानी बेहोराको वर्णन गरिएको छ। घरको आउने मानिस असल खराब कस्ता हुन् कुकुरले थाहा पाउने र खराब भए तिनीहरूका निम्ति आफू भुक्ने कुरो कुकुर मार्फत व्यक्त भएको छ।

'बाँदरको बेहोर' बाल कवितामा चकचके बाँदरलाई मुख्य पात्र बनाएर त्यसका बाबु आमा दुबैले छोडेर गएकाले कसैको पनि माया नपाएर त्यो यस्तो भएको भन्दै एउटी काली बुढीले त्यस बाँदरको बच्चालाई पालेकी र त्यस बाँदरले गाउँका चकचक गरेर दुःख दिएकोले गाउँका केटाहरूले बुढीलाई गाली गरेको प्रसङ्गहरूमा आख्यानात्मक वर्णन ढाँचाको प्रयोग पाइन्छ।

'म्याउँ बिरालो'मा बालकले बिरालो झैं बनेर म्याउँ-म्याउँ गर्दै गिलासको दूध सबै मै खाउँ भनेर आमासँग सोधेको र आमाले बालकलाई मैले तँलाई कैले नखा भनेको छु र आज सोधिस् भनेर बिरालो झैं बनेर बालकले म्याउँ म्याउँ गरेर कुराकानी गरेको देखाइएको छ।

यसरी मानवेतर प्राणीलाई पनि पात्रका रूपमा उभ्याएर उसलाई पनि मान्छेकै रूपमा बोल्न लगाई उनीहरूकै उक्ति प्रत्युक्तिबाट कवितालाई अगाडि बढाउने  र मानवपात्रलाई मानवेतर पात्रका जस्तो आवाज निकाली बोल्न लगाउने दोहरै प्रवृत्ति उनका बाल कविताका उक्ति ढाँचामा पाइन्छ। उक्ति ढाँचागत यस्तो प्रवृत्तिले उनका बाल कवितालाई बालकहरुका निम्ति आकर्षक एवम् मनोहर बनाएको पाइन्छ।

## ५.५ लयढाँचागत प्रवृत्ति

माधव घिमिरेले रचेका बाल कविताहरू बद्ध लयात्मक प्रकृतिका छन्। उनले रचेका **घामपानी** (२०१०), **बालालहरी** (२०२५), **सुनपङ्खी चरी** (२०५३) र **बिजुले र बिजुला** (२०६३)

बाल कविता सङ्ग्रहका सबै बाल कविताहरू बद्ध लयात्मक किसिमका हुनाले उनी बद्ध लयढाँचाको प्रयोग गरी कविता रच्ने बालकवि हुन् भन्ने ठहर्दछ। उनका समग्र कविताको लयगत पहिचान पनि बद्ध लयढाँचा नै रहेको छ। उनले प्रयोग गरेको लयढाँचा दुई प्रकारको छ, त्यो हो :-

क) शास्त्रीय छन्दढाँचा

ख) नेपाली लोक लयढाँचा

माधव घिमिरेले रचेका सम्पूर्ण कविताहरूको लयगत विभाजन यिनै दुई प्रकारमा हुन्छ भने उनले रचेका बाल कविताहरू पनि शास्त्रीय छन्दढाँचा तथा नेपाली लोक लयढाँचामा रचिएका देखिन्छन्। उनले आफ्नो बाल कवितामा प्रयोग गरेका यी दुवै लयढाँचाको व्याख्या तल गरिएको छ।

### ५.५.१ शास्त्रीय छन्दढाँचाको प्रयोग

नेपाली साहित्यका सन्दर्भमा शास्त्रीय छन्दढाँचा भन्नाले संस्कृत स्रोतका छन्दको प्रयोग भन्ने बुझिन्छ। माधव घिमिरे यस्ता छन्दको प्रयोग गर्ने कविका रूपमा नेपाली साहित्यमा प्रसिद्ध छन् भने उनले आफ्ना कतिपय बाल कवितामा पनि संस्कृत स्रोतको शास्त्रीय छन्दढाँचाको प्रयोग गरेको पाइन्छ। उनले आफ्ना बाल कवितामा शास्त्रीय स्रोतका अनुष्टुप् र उपजाति छन्दको प्रयोग गरेको पाइन्छ। ती छन्दको प्रयोग उनले जे जसरी गरेका छन्, त्यसको जानकारी तल दिइएको छ।

**क) अनुष्टुप् छन्द**

माधव घिमिरेले आफ्ना बाल कवितामा प्रयोग गरेका शास्त्रीय छन्द मध्येको एक छन्द अनुष्टुप् हो। यस छन्दमा आठ अक्षरको एक पाउ हुन्छ र त्यस्ता चारवटा पाउ मिली एक श्लोक बन्दछ। यसमा विषम पाउमा सातौं अक्षर गुरु र सम पाउ सातौं अक्षर लघु हुन्छ। यसका चारै पाउको पाँचौं अक्षर लघु र छैटौं अक्षर गुरु नै हुनुपर्छ। त्यसैले यो चतुष्पदी ढाँचाको छन्द हो। यस्तो नियम भएको अनुष्टुप् छन्दको प्रयोग गरी माधव घिमिरेले जम्मा २ वटा बाल कविता रचेका छन्; ती हुन् : 'ध्रुवको कथा' (**घामपानी**) र 'राहुल यशोधरा' (**बाल लघु काव्य**)। उनले प्रयोग गरेको यस छन्दको उदाहरणका निम्ति 'ध्रुवको कथा' बाल कविताबाट एक श्लोक उद्‌दृत गरी तल दिइएको छ :

श्लोकको पहिलो पाउ

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| लघु गुरु सङ्केत | भु | इँ | मा | साँ | झ | का | बत् | ती |
| | । | । | ऽ | ऽ | । | ऽ | ऽ | ऽ |
| अक्षर संख्या | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |

अक्षर संख्या ८

श्लोकको दोस्रो पाउ

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| लघु गुरु सङ्केत | ब | ले | झि | लि | मि | ली | ब | नी |
| | । | ऽ | । | । | । | ऽ | । | ऽ |
| अक्षर संख्या | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |

श्लोकको तेस्रो पाउ

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| लघु गुरु सङ्केत | ब | ले | नौ | ला | ख | ता | रा | का |
| | । | ऽ | ऽ | ऽ | । | ऽ | ऽ | ऽ |
| अक्षर संख्या | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |

श्लोकको चौथो पाउ

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| लघु गुरु सङ्केत | बत् | ती | आ | का | श | मा | प | नि |
| | । | ऽ | ऽ | ऽ | । | ऽ | ऽ | ऽ |
| अक्षर संख्या | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |

माथिको अनुष्टुप् छन्दको प्रयोग गरिएको उदाहरण हेर्दा कवि माधव घिमिरेले सो छन्दका सम्पूर्ण नियमको पालना गरेको पाइन्छ । अनुष्टुप् छन्दको नियमअनुसार नै माथि उद्धृत श्लोकका प्रत्येक पाउमा ८ अक्षर देखिन्छन् अनि सोही छन्दका नियम अनुसार विषम ( पहिलो र तेस्रो) पाउको सातौँ अक्षर ह्रस्व, चारवटै पाउको पाँचौँ अक्षर ह्रस्व र छैटौँ अक्षर दीर्घ देखिन्छन् । यसरी शास्त्रीय नियमको परिपालना गरी कवि घिमिरेले उपर्युक्त श्लोक रचेको पाइन्छ र यस किसिमको छन्दगत नियमको अनुपालन उनले अनुष्टुप् छन्दको प्रयोगको सन्दर्भमा सर्वत्र गरेको भेटिन्छ ।

**ख)** **उपजाति छन्द**

माधव घिमिरेले आफ्ना बाल कवितामा प्रयोग गरेका शास्त्रीय छन्दमध्येको एक छन्द उपजाति छन्द पनि हो । यो छन्द तगण, तगण, जगण र गुरु गुरु गरी एघार अक्षरको एक पाउ हुने इन्द्रबज्रा र जगण, तगण, जगण, गुरु गुरु हुने उपेन्द्रबज्रा छन्दका पाउहरू मिसिएर बन्दछ । यी दुवै छन्दका प्रत्येक पाउमा पाँच अक्षरमा विश्राम हुन्छ । जस्तै :

श्लोक पाउ १

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लघु गुरु सङ्केत | आफ् | नो | पिठ् | यू | मा | ज | स | को | छ | डो | को |
| | ऽ | ऽ | । | ऽ | ऽ | । | । | ऽ | । | ऽ | ऽ |
| अक्षर संख्या | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |

श्लोक पाउ २

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लघु गुरु सङ्केत | छ | खा | न | को | के | त्य | स | ला | ई | धो | को |
| | ऽ | ऽ | । | ऽ | । | । | । | ऽ | । | ऽ | ऽ |
| अक्षर संख्या | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |

पहिलो पाउमा इन्द्रबज्रा र दोस्रो पाउमा उपेन्द्रबज्रा छन्दको प्रयोगबाट मिश्रित उपजाति छन्दको प्रयोग गरिएको माथिको उदाहरण हेर्दा कवि माधव घिमिरेले सो छन्दको सम्पूर्ण नियमको पालना गरेको पाइन्छ । उपजाति छन्दको नियमअनुसार नै माथि उद्धृत श्लोकका प्रत्येक पाउमा एघार अक्षर देखिन्छन् र सोही छन्दको नियमअनुसार पाँच अक्षरमा विश्राम पनि पाइन्छ । उनले उपजाति छन्दको प्रयोग गरेर लेखेका बाल कविताहरू हुन् – 'भकभके', 'हिमचुली', 'नदी', 'खेलौना' । यी बाल कविताहरूका एक एक उदाहरण क्रमैसँग दिइएको छ :

'भकभके' कविताको श्लोक १

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कु | रा | स | बै | छन् | म | न | मा | दु | रुस् | त |
| । | ऽ | । | ऽ | ऽ | । | । | ऽ | । | ऽ | ऽ |

'हिमचुली' कविताको लघुगुरु संकेत

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हि | मा | ल | दे | खिन् | चु | चु | रा | म | ला | ई |
| । | ऽ | । | ऽ | । | । | । | ऽ | । | ऽ | ऽ |

'नदी' कविताको लघुगुरु संकेत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सा | नी | न | दी | पर् | व | त | बा | ट | झर् | छिन् |
| ऽ | ऽ | । | ऽ | ऽ | । | । | ऽ | । | ऽ | ऽ |

'खेलौना' कविताको लघुगुरु संकेत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| को | ठा | छ | सा | नो | दि | न | को | थ | का | इ |
| ऽ | ऽ | । | ऽ | ऽ | । | । | ऽ | । | ऽ | । |

यसरी माधव घिमिरेले आफ्ना बाल कवितामा शास्त्रीय छन्द अन्तर्गत अनुष्टुप छन्द र उपजाति छन्दको प्रयोग गरेर बाल कविताको रचना गरेका छन् र सो छन्दका अनुशासित एवं श्रुतिमधुर प्रयोग गर्ने कौशल उनले देखाएका छन् ।

## ५.५.२ नेपाली लोक लयढाँचाको प्रयोग

माधव घिमिरे नेपाली लोकलयका कुशल परिचालक कवि हुन् र उनले आफ्ना अधिकांश बाल कवितामा नेपाली लोकलयकै परिचालन गरेका छन् । बालकहरूका निम्ति लोकलय गाउन तथा उफ्री उफ्री खेल्न, नाच्न समेत सघाउने खालको हुने हुनाले नै उनले आफ्ना बाल कवितामा लोकलयको प्रयोग गरेका हुन् । उनी आफैले आफ्नो शैशव र बाल्यकाल लोकलयको खानी रहेको आफ्नो जन्मथलो पुस्तुनको काखमा बिताएको र त्यहाँ सुनेको एवं गाएको लोकलयका माधुर्यको संस्कार उनका अवचेतन मनमा रहँदै आएको परिप्रेक्ष्यमा उनका त्यसै लोकलयात्मक सिर्जनात्मक अहम्का परिणति उनले रचेका बाल कविताहरू हुन् ।

माधव घिमिरेले विभिन्न प्रकारका नेपाली लोक लयढाँचाको प्रयोग गरी बाल कविताहरू रचेका छन् । उनले निकै छोटा छरिता चरण हुने लोकलयका साथै मझौला चौडाइ र दीर्घ चौडाइ रहने चरणहरूमा आधारित लोकलयको प्रयोग गरी आफ्ना बाल कवितामा नेपाली लोक लयढाँचाको प्रयोगगत वैविध्य देखाएका छन् । उनको बाल कवितात्मक लोक

लयढाँचालाई विभिन्न प्रकारले वर्गीकृत गरी अध्ययन गर्न सकिन्छ तापनि यस शोधका सन्दर्भमा त्यसलाई चरणगत अक्षर वितरणका आधारमा हेरी केलाइएको छ ।

माधव घिमिरेले न्यूनतम ६ अक्षरे हरफदेखि अधिकतम १६ अक्षरे हरफसम्मका लोकलयात्मक बाल कविताको रचना गरेका छन् । यस शोधमा उनका ६ अक्षरेदेखि १६ अक्षरे सम्मका चरण योजनामा आधारित नेपाली लोकलयको प्रयोग गरिएका बाल कविताको निरीक्षण एवं परीक्षण गरिएको छ ।

६ अक्षरे हरफका लोक लयात्मक बाल कविताहरू हुन्– 'भोटेसेलो' (**घामपानी**), 'चिर्विर च्याण्टे', 'सियो खोइ सियो', 'रडि', 'हा-ई हाइ !', 'कुती कुइँया', 'कुइँया', 'खित् खित् खित्का' (**बालालहरी**), 'सानो भाइ', 'सानी बहिनी मैना', 'लोरी', 'प्रभाति' (**सुनपङ्खी चरी**), 'फोनमा बोल्ने म हो', 'चुरि च्याउँ चुँइत्त', 'बात मारौँ', 'बालमेला', 'थैलो र थैली', 'पैले होमवर्क', 'लाटो साथी', 'बाँदरको बेहोर' (**बिजुले र बिजुला**) आदि । यस्तो लोकलयको प्रयोगगत उदाहरणका लागि यहाँ 'लोरी, र 'फोनमा बोल्ने म हो' बाल कविताका अंश उद्घृत गरिएको छ

६ अक्षरे हरफ : लोरी (**सुनपङ्खी चरी**)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| झु | लु | ना | नी | झु | लु |
| ना | नी | झु | लु | झु | लु |

'फोनमा बोल्ने म हो' (**बिजुले र बिजुला)**

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| ह | लो ! | ह | लो ! | ओ | हो ! |
| फोन् | मा | बोल् | ने | को | हो ? |

माधव घिमिरेले सात अक्षरे हरफका लोकलयात्मक बाल कविता पनि रचेका छन् । उनले रचेका त्यस्ता बाल कविताहरू हुन् : 'घुन', 'बालालहरी', (**घामपानी**), 'बिजुली' (**बाला-लहरी**), 'जाल गऱ्यो जुत्ताले', 'फूलै फूलको तरेली' (**बिजुले र बिजुला**), 'लाग्यो तिहार', 'लुली

लुली पाखुरी', 'घनौटी', 'गुनुगुनु माउरी' (**सुनपङ्खी चरी**) आदि । यस लयको प्रयोग गरिएका दुई उदाहरण तल प्रस्तुत छन् ।

बालालहरी

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| भ | न | भ | न | भा | इ | हो |
| खे | तै | रो | प्ने | क | स | री |

बिजुले र बिजुला

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| जा | ल | गर् | यो | जुत् | ता | ले |
| था | पा | ए | न | ठिट् | टा | ले |

माधव घिमिरेले रचेका लोकलयबद्ध बाल कविताहरू आठ अक्षरे हरफका पनि छन् । त्यस्ता बाल कविताहरू हुन् – 'उठ् पुता दिउल पुग्यो', 'बाला लहरी', 'मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक' आदि । उदाहरणका लागि यहाँ 'बालालहरी' र 'मै मिरिमिच्चे म्याँ म्या ब्रुक्' बाल कविताका दुई दुई हरफ लिइएको छ ।

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|
| कुल् | कुल् | प | नि | खुल् | खुल् | प | नि |
| तुल् | बुल् | प | नि | चुल् | बुल् | प | नि |

(बालालहरी)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|
| का | न | छ | मे | रो | फट् | फट् | फट् |
| खुट् | टा | छ | मे | रो | खट् | खट् | खट् |

(मै मिरिमिच्चे म्या म्या ब्रुक)

माधव घिमिरेका बाल कवितामा दश अक्षरे हरफ हुने नेपाली लोकलयको प्रयोग पनि पाइन्छ । त्यसको एक उदाहरण हो 'चङ्खे जुरेली' । जस्तैः

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| चङ् | खे | जु | रे | ली | चङ् | खे | जु | रे | ली |

माधव घिमिरेले एघार अक्षरे हरफ हुने नेपाली लोकलयका प्रयोग गरेर पनि बाल कविता रचेका छन् । यस प्रकारको लयको प्रयोग गरी उनले एक कविता रचेका छन् र त्यो हो 'दुगुर् दगुर् कुहिरा !' जस्तै :

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| द | गुर् | द | गुर् | कु | हिरो | छि | टै | छि | टो | बन् |
| पी | ठो | चो | री | कु | हिरा | पी | ठै | पी | ठो | बन् |

माधव घिमिरेका बाल कवितामा बाह्र अक्षरे हरफ हुने नेपाली लोकलयको प्रयोग पनि पाइन्छ । त्यस बाह्र अक्षरे हरफको लोकलयमा रचिएका बाल कविताहरू हुन्– 'गुलेली', 'नानी', 'आभ्भुइ आभ्भुइ', 'भुक्के कुकुर', 'कति ठुलो संसार', 'घामछाया', 'रूपैरूपको पन्छी', 'तारा पनि सुन्छ रे' । यी बाल कविताहरूमध्ये यहाँ 'गुलेली' (**घामपानी**) र 'कति ठुलो संसार' ( **सुनपङ्खी चरी**) बाल कविताबाट एक एक श्लोकका नमुना हरफहरू लिइएका छन् । जस्तैः

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| अ | ब | प | नि | धू | ला | मा | बस् | नु | के | खे | ली |
| जा | औँ | खेल् | न | सि | का | र | भि | रौँ | गु | ले | ली |

(**घामपानी**, 'गुलेली', पृ. १५)

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| अ | घि | अ | घि | धा | रो | प | छि | प | छि | के | टी |
| ह | रा(ई) | ग | यो | धा | रो | खो | ला | ला | ई | भे | टी |

(**सुनपङ्खी चरी**, 'कति ठूलो संसार', पृ. ३३)

माधव घिमिरेका लोकलयबद्ध बाल कविता तेह्र अक्षरे हरफका पनि छन् । त्यसको एक उदाहरण हो - 'बिजुले र बिजुला' । जस्तैः

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| बि | जु | ले | र | बि | जु | ला | दु | वै | बा | ल | सा | थी |

माधव घिमिरेका बाल कवितामा चौध अक्षरे हरफ हुने नेपाली लोकलयको प्रयोग पनि पाइन्छ । त्यसका उदाहरण हुन्– 'यस्तो हुँदा कस्तो', 'हैन त्यस्तो के छ र ?', 'बस बस माहुरी', 'कमिला रानी', 'वृन्दावनमा कामधेनु गाई' आदि ।

नमुनाको लागि यहाँ 'यस्तो हुँदा कस्तो' बाल कविताको एक श्लोक दिइएको छ :

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| यस् | तो | हुँ | दा | य | ति | म | जा | त्यस् | तो | हुँ | दा | कस् | तो |

माधव घिमिरेका बाल कविताहरूमा पन्ध्र अक्षरे हरफ हुने नेपाली लोकलयको प्रयोग पनि पाइन्छ । त्यस्ता बाल कविताको एक उदाहरण हो– 'सारंगीमा राई राइँ' । उदाहरणका लागि यसका एक हरफलाई यहाँ प्रस्तुत गरिएको छ :

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| न | रौ | न | रौ | सान् | ना | नी | सा | रङ् | गी | मा | रा | इँ | रा | इँ |

माधव घिमिरेका बाल कवितामा सोह्र अक्षरे हरफको नेपाली लोकलयको प्रयोग पनि पाइन्छ । सोह्र अक्षरे हरफको नेपाली लोकलयको प्रयोग गरिएका उनका बाल कविता हुन्– 'कलाकार अरनिको', 'राष्ट्रिय गीत' । यहाँ उदाहरणको लागि 'कलाकार अरनिको' कविताका दुई हरफ लिइएको छ :

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| कै | ला | स | कू | ट | दर् | बा | र | राम् | रो | चौ | सठ् | ठी | झ्या | ल | को |
| सम् | झन् | छु | स | धैँ | ने | पा | ल | दे | श | बा | ल | क | का | ल | को |

यसरी माधव घिमिरेले न्यूनतम ६ अक्षरे हरफदेखि अधिकतम सोह्र अक्षरे हरफसम्मको संरचना हुने नेपाली लोकलयको प्रयोग गरी बाल कविताहरू रचेका छन्। उनका बाल कविताहरू तीन अक्षरमा मसिनो विश्राम लिनेदेखि १६ अक्षरमा पूर्ण विश्राम लिनेसम्मका नेपाली लोकलयमा रचिएका छन्। क्रमशः तीन अक्षरमा मसिनो विश्राम, र ६ अक्षरमा पूर्ण विश्राम हुने लोकलयको प्रयोग गरी उनले बाल कविताहरू रचेका छन्। जस्तैः घाम् पानी, घाम् पानी, आकाशकी रानी।

माधव घिमिरेका बाल कविताहरू प्रायः जसो ५ र ६ अक्षरमा मसिनो विश्राम हुने नेपाली लोकलयको प्रयोग गरी रचिएका छन्; जस्तैः

आँखाभित्र आमा ! को हो सानी सानी (६ अक्षरमा मसिनो विश्राम)

माधव घिमिरेका बाल कवितामा आन्तरिक अनुप्रास र अन्यानुप्रास पनि मिलाइएको छ र त्यसले उनका बाल कविताको लयढाँचालाई सुमधुर बनाइएको छ। त्यो अनुप्रास पनि कवि घिमिरेले बालकको उमेर बढ्दै जाँदा बढाउँदै लगेका छन्। उदाहरणको लागि उनको पहिलो बाल कविता **घामपानी**मा पानी-रानी, खस्छिन्-पस्छिन् गरी जम्मा चारवटा मात्र अन्त्यानुप्रासको प्रयोग छ। उनको दोस्रो बाल कविता 'घुन'मा 'फर्काउ धर्काउ कुनले घुनले' गरी जम्मा चारवटा मात्र अन्त्यानुप्रासको प्रयोग छ। त्यसपछि उनको 'भोटेसेलो' बाल कवितामा आन्तरिक अनुप्रासको बढी प्रयोग पाइन्छ। यसै गरी उनको 'पुतली' बाल कवितामा दोहोरो अनुप्रासको प्रयोग पाइन्छ;

*जस्तै :*

यति नाना फाट्यो
मुजुरीले काट्यो
दशैं लाग्न आँट्यो
बादल पनि फाट्यो
फेरि द्यौन बानापुतली

(**घामपानी,** पृ. १८)

यसरी बाल कविताका एउटै श्लोकमा तिनवटा हरफका बिच अन्यानुप्रासको प्रयोग गर्ने कौशल माधव घिमिरेले देखाएका छन्। बालकको उमेरसँगै उसको भाषिक क्षमता पनि वृद्धि हुने भएकोले उनले आफ्ना कवितामा पनि अनुप्रासलाई बढाउँदै लगेका छन्।

माधव घिमिरेले नेपाली लोकलय अन्तर्गत सवाई लयको प्रयोग गरेर पनि कविता लेखेका छन् । यस्ता बाल कवितामा 'ढिकी जाँताको सवाइ' र 'बालालहरी' हुन् भने उनले गाउँखाने भाकाका बाल कविता पनि रचेका छन् । त्यस्ता बाल कवितामा 'गाउँखाने गीत' र 'हेर बाच्छी हाम्री' पर्दछन् । यस्ता विविध लोकलयको प्रयोगले गर्दा नै माधव घिमिरेका बाल कविताहरु बालकका निम्ति गेय बनेका छन् ।

## ५.६ उद्देश्यमूलकता

कुनै पनि साहित्यस्रष्टाले साहित्य रच्नुको निश्चित उद्देश्य हुन्छ । माधव घिमिरे पनि निश्चित उद्देश्य लिई कविता रच्ने स्रष्टा हुन् । बाल कविताका स्रष्टाका रूपमा उनले रचेका बाल कविताहरू पनि सोद्देश्य नै देखिन्छन् । उनले आफ्नो बाल कवितामा मुख्यतः दुई प्रकारको उद्देश्य लिएको पाइन्छ :

क) कुनै वैचारिक वा नैतिक शिक्षा वा सन्देश दिनु

ख) मनोरञ्जन प्रदान गर्नु

माधव घिमिरेले रचेका सम्पूर्ण बाल कविताहरूलाई उद्देश्यमूलकताका दृष्टिले यिनै दुई वर्गभित्र समेट्न सकिन्छ तापनि उनका अधिकांश बाल कविता चाहिँ यी दुवै उद्देश्यको सहउपस्थिति रहेका रचनाका रूपमा देखिन्छन् । यस अर्थमा उनले शुद्ध वैचारिक वा नैतिक सन्देश दिने र शुद्ध मनोरञ्जन दिने कविताभन्दा यी दुवै उद्देश्यको पूर्ति गर्ने बाल कविता नै बढी मात्रामा रचेको पाइन्छ । यसको अर्थ उनले आफ्ना बाल कवितामा निश्चित सन्देशका साथै मनोरञ्जन पनि प्रदान गरिहाल्ने उद्देश्य लिएको कुरा स्पष्ट हुन्छ । यसो भए पनि उनका समग्र बाल कविताहरूलाई उद्देश्यमूलकताका दृष्टिले सन्देशप्रधान र मनोरञ्जन प्रधान जस्ता दुई मुख्य वर्गमा विभाजन गरेर अध्ययन गर्न सकिने नै देखिन्छ । त्यसैले तलका उपशीर्षकहरूमा यिनै दुई उद्देश्य प्राप्तितर्फ लक्षित उनका बाल कविताहरूबारे जानकारी दिइएको छ ।

**माधव घिमिरेले रचेका सन्देशप्रधान बाल कविताहरूमा यी उद्देश्य लिएको पाइन्छ :**

क) नैतिक सन्देशको अभिव्यक्ति

ख) मनोरञ्जनको अभिव्यक्ति

ग) राष्ट्रवादी भावनाको अभिव्यक्ति

घ) विश्वबन्धुत्वको भावनाको अभिव्यक्ति

ङ) प्रकृति प्रेम र पशु अधिकारमा जोड

**क) नैतिक सन्देशको अभिव्यक्ति**

नैतिक सन्देश भन्नाले बालबालिकालाई नीति सिकाउने खालका अर्ती उपदेश भन्ने बुझिन्छ। माधव घिमिरेका बाल कविताहरू एकातिर मनोरञ्जन दिने खालका छन् भने अर्कोतिर मनोरञ्जनका साथै त्यसबाट उनीहरूलाई असल आचरण सिकाइ कसरी असल बनाउने भन्ने शिक्षा दिने खालका पनि छन्। उनले रचेका यस्ता सन्देशमूलक बाल कविताहरूमा 'भोटेसेलो', 'कमिला रानी', 'भँगेरा र भँगेरी', 'बसबस माहुरी', 'भकभके', 'डोको', 'ध्रुवको कथा' (**घामपानी** २०१२), 'मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक' (२०५८), 'सियो खोई सियो', 'अचम्मको फल', 'छेपाराको आहान', 'रिस', 'बाघको भान्जो बिरालो', 'हुइँया हुइँया हुइँया' ( **बाला लहरी**), 'बाँडीचुँडी खाने हो', 'सिपालु हो माकुरो', 'तारा पनि सुन्छ रे', 'घामका छोराछोरी' (**सुनपङ्खी चरी**), 'थैलो र थैली', 'पैले होमवर्क', 'केरा' (**बिजुले र बिजुला**) आदि उल्लेखनीय छन्।

'भोटेसेलो' बाल कवितामा भोटेको जीवनशैलीलाई देखाएर हिमाली भेगको कानमा यूँ लगाएको भोटे जाति गरीब भएर माग्न हिँडेको नभई आफ्नो परम्परा जोगाउन माग्न हिँडेकोले हरेक जातिले आफ्नो परम्परा यसै गरी जोगाउनु पर्छ भन्ने नैतिक सन्देशका साथै जातिगत हिसाबले कोही ठुलो सानो हुँदैन, सबै समान हुन् भन्ने सामाजिक एकताको भावना समेत यसले जगाएको छ।

'कमिला रानी' शीर्षक बाल कविताले बालबालिकामा हामीमा पनि कमिलाको जस्तै एकता हुनुपर्छ भन्ने सन्देश दिएको छ। कमिलाहरू जसरी एकजुट भएर मिलेर आहारा खोज्न जान्छन् र सबै मिलेर बस्छन्, त्यसै गरी हामी पनि मिहिनेती र मिलनसार हुनुपर्छ भन्ने सन्देश दिएको छ।

'भकभके' शीर्षक बाल कविताले बोलीमा विकार भएको भकभकेलाई जिस्क्याउनु हुँदैन, ऊ बोल्न नजाने पनि उसका मनमा सबै कुरा हुन्छन् र त्यो भकभके असाध्यै बाठो हुन्छ भन्दै यस्तालाई माया गर्नुपर्छ, जिस्क्याउनु हुँदैन भन्ने सन्देश दिएको छ।

'भँगेरा भँगेरी' शीर्षक बाल कवितामा भँगेराले मानिसको आँखा छली चारा चोरेको कुराको बयान गरेर बालबालिकालाई बाठो बन्न सिकाएको छ ।

'बस बस माहुरी' बाल कविताबाट बालबालिकालाई जसरी माहुरी सबै एकजुट भएर मह जम्मा पार्छन् र त्यो ६ महिनाको महको सञ्चयले वर्ष दिनसम्म खान्छन् त्यसै गरी सबै मिलेर काम गर्ने र सञ्चय गर्ने बानी बसाल्नु पर्छ भन्ने नैतिक सन्देश दिएको छ ।

'डोको' बाल कविताले जो मिहिनेती र परिश्रमी छ, त्यसलाई खान लाउन दुःख हुँदैन भन्ने सन्देश दिएको छ ।

'ध्रुवको कथा' बाल कविताले बालक ध्रुवलाई सौतेनी आमाले गरेको दुष्ट व्यवहार र त्यसपछि उनी भगवानलाई प्राप्त गर्न घर छोडेर तपस्या गर्न गएका र पछि उनी भगवान भएर आकाशको उत्तरतर्फ ध्रुव तारा बनेर चम्केर बसेको कुरालाई देखाएर बालकहरूलाई ईख लिएर काम गऱ्यो भने सफलता पाइने र सबैले मान्ने हुने होइन्छ भन्ने सन्देश दिएको छ ।

'मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक' बाल कविताले बालबालिका पनि बाख्राका पाठा जस्तै साना र चञ्चल हुन्छन् भन्दै बाख्राको पाठोले म जस्तै सच्चा बन्  भनेकोबाट बालबालिकालाई साँचो बोल्नुपर्छ भनेर सिकाएको छ ।

'सियो खोइ सियो' बाल कविताले कुनै वस्तु सानो हुँदैमा त्यो महत्वहीन हुँदैन, त्यसको महत्व ठूलो हुन्छ, त्यसैले आफूले चलाएको सामान राम्रोसँग जतन गरेर राख भनेर नैतिक सन्देश दिएको छ ।

'अचम्मको फल' शीर्षक बाल कविताले गाउँ खाने कथाको भाकामा प्रश्न गरेर बालबालिकालाई मस्तिष्क तिखार्न लगाएर चलाख बन्ने सन्देश दिएको छ ।

'छेपाराको आह्वान' बाल कविताले बालबालिकालाई अटेरी बन्नु हुँदैन, आजको काम भोलि गर्छु भन्नु हुँदैन, आफ्नो काम समयमै गर्नुपर्छ भन्ने सन्देश दिएको छ ।

'रिस' शीर्षक बाल कविताले रिसाउँदा हाम्रो शरीरका अङ्गहरूले छिटो छिटो काम गर्नुपर्ने हुनाले हाम्रो अनुहार रातो हुने दाह्रा किट्ने आदि गर्दा यसले हामीलाई नोक्सान गर्छ भन्दै रिसले आफू र अरूको समेत नराम्रो गर्ने हुनाले रिसाउनु हुँदैन भन्ने सन्देश दिएको छ ।

'हुइँया हुइँया हुइँया' शीर्षक बाल कविताले स्यालको भालु र सिंहसँगको चलाखी र मित्रतालाई देखाउँदै समय अनुसार बाठो हुन जान्नु पर्छ भनेर सन्देश दिएको छ ।

'बाघको भान्जो बिरालो' शीर्षक बाल कवितामा बिरालाले बाघलाई देखेपछि बाघले मार्छ भनेर 'म तिम्रो भान्जा हुँ' भन्दै बाघलाई छकाएर रूखमा चढेर ज्यान जोगाएको देखाएर बालकलाई पनि बाठो हुनुपर्छ भनेर नैतिक सन्देश दिएको छ ।

'बाँडी चुँडी खाने हो' बाल कविताले कुकुर, बिरालो र बाँदर जस्ता मानवेतर प्राणीलाई देखाउँदै बाँदरले नरिवल एक्लै खाएको कुरा देखाएर बालबालिकालाई खानेकुरा सबैलाई बाँडेर खानुपर्छ, एक्लै खानु हुँदैन भन्ने सन्देश दिएको छ ।

'सिपालु हो माकुरो' बाल कविताले माकुराले पेटबाटो धागो झिकेर जालो बनाए जस्तै मनमा अक्किल वा जुक्ति भए जे कुरा पनि रच्न सकिन्छ भन्दै जुक्तिवाल बन भनेर सन्देश दिएको छ ।

'तारा पनि सुन्छ रे' बाल कविताले बालबालिकालाई बिहान दिउँसो मात्र नभएर राति पनि कसैले सुन्दैन भनेर अरूको कुरा गर्नु हुँदैन, राति मानिसले नसुने पनि आकाशका ताराले सुन्छन् भनेर कहिल्यै अर्काको निन्दा गर्न नहुने नैतिक सन्देश दिएको छ ।

'घामका छोराछोरी' बाल कविताले घामका किरणलाई घामका छोराछोरीका रूपमा हेर्दै गाउँका छोराछोरी तोरी बारीमा लुकामारी खेल्दा घामका छोराछोरी पनि त्यहाँ लुकामारी खेल्न आएका र घामका छोराछोरी खेल्दाखेरी उनीहरूको शरीरमा धुलो नलागे जस्तै तिमीहरू पनि जीवनमा वेदागी वा निस्कलङ्क बन भन्ने नैतिक सन्देश दिएको छ ।

'थैलो र थैली' बाल कवितामा थैलो थैलीको आफू ठूलो हुँ भन्ने घमण्डी स्वभावले गर्दा दुःख पाएको देखाएर कहिल्यै पनि घमण्डी बन्न नहुने सन्देश दिएको छ ।

'पैले होमवर्क' बाल कविताले बालबालिकालाई पहिले होमवर्क गर्नुपर्छ अनि मात्र अरू कुरामा ध्यान दिनुपर्छ भनेर एकातिर होमवर्कको महत्वलाई दर्शाएको छ भनेर अर्कोतर्फ बालबालिकालाई धेरै होमवर्क दिनु हुँदैन यसले उनीहरूको कलिलो मस्तिष्कमा चोट पर्छ र उनीहरू खान, खेल्न समेत होमवर्कले गर्दा राम्ररी सक्दैनन् भनेर ठूलालाई समेत बालबालिकालाई होमवर्कको बोझले थिच्नु हुँदैन भनेर नैतिक सन्देश दिएको छ ।

बालबालिकाको साथीसँग खेल्न पाउने, रमाउने, खाने सबै बाल अधिकार होमवर्कले खोसेकोले बालबालिकाहरू कति होमवर्क मात्रै गरेर बस्ने भन्दै होमवर्कको नाममा बाल अधिकारलाई हनन् गर्नु हुँदैन भन्ने नैतिक सन्देश पनि दिएको छ ।

'केरा' शीर्षक बाल कवितामा केराको पात एकातिर फर्कँदा बालकले राम्रो भनेको र अर्कोतिर फर्कँदा नराम्रो भनेको कुरा देखाउँदै कुनै पनि वस्तु वा मानिस राम्रो नराम्रो हुँदैन, उसलाई हेर्ने दृष्टिकोण मात्र राम्रो र नराम्रो हो भन्दै त्यसैले सबैलाई राम्रो दृष्टिकोणले हेर्नुपर्छ भन्ने नैतिक सन्देश दिएको छ ।

**ख) मनोरञ्जन**

माधव घिमिरेका बाल कविताहरू मनोरञ्जन दिने उद्देश्यले पनि लेखिएका छन् । यस्ता मनोरञ्जनमूलक बाल कविताहरू हुन : 'घाम-पानी', 'पुतली', 'नर्कटको घोडा', 'खेलौना', 'बाल-लहरी', (**घाम-पानी**), 'पानी पर पानी पर !', 'गुलेली', 'बाला लहरी', 'पुङ भाङ', 'थैया थैया', 'पुतली खेल', 'बिजुली', 'जूनकीरी', 'दगुर दगुर', 'कुहिरा' (**बालालहरी**) 'आभ्भुइ आभ्भुइ', 'लहै खेली खेली', 'घाम छाया', 'बालमेला', 'कमिला र मनुवा', 'अचम्मको घोडा', 'हैन त्यस्तो के छ र ?', 'खेलौनासित खेल्दै' आदि ।

'घाम-पानी' शीर्षक बाल कवितामा प्राकृतिक पर्यावरण घाम र पानी दुबै एकैपटक देखापर्दा बालबालिकाहरू खुसी हुँदै खेलेको मनोरञ्जन प्रधान चित्रण पाइन्छ भने बाल लहरी बाल कवितामा बालबालिकाले दैनिक व्यवहारका क्रियाकलापको नक्कल गरेर भात पकाउने, दूध दुहुने, दही मथ्ने, धान रोप्ने, धान काट्ने आदि गर्दै खेलेको खेलको वर्णन छ । यसरी आमा बाबुले गरेको कामको नक्कल गर्दै बालबालिकाले मनोरञ्जन लिएका छन् ।

'पानी पर, पानी पर !' बाल कवितामा पानी परेको वा प्रकृतिको चलायमान अवस्था देखेर खुसी हुँदै पानीलाई पर्न, धुलोलाई मर्न र बादललाई सर्न आव्हान गर्दै पारि पाखाको इन्द्रेनीलाई वारिपाखामा ल्याउने अनौठो कल्पनाको चित्रण गरिएको छ। यसै गरी बालबालिकाहरू प्रकृतिलाई पनि अन्य वस्तु सरह ठानी त्यसलाई आफ्नो नियन्त्रणमा लिन खोज्ने प्रवृत्ति र प्रकृतिका हरेक वस्तु बालकका निम्ति मनोरञ्जनका साधन हुन्छन् भन्ने कुरा यसमा देखाउन खोजिएको छ ।

'गुलेली' शीर्षक बाल कवितामा बालबालिकाको उमेर बढ्दै जाँदा उनीहरूको खेल्ने रूचि पनि फरक हुँदै जान्छ भन्दै सँधै के हातमा मट्याङ्ग्रा लिएर गुलेली खेल्नु बरू सैनिकले

टुँडिखेलमा परेड खेलेको जस्तो कवाज खेलौं भनेर कवाज खेलबाट मनोरञ्जन लिएको कुराको चित्रण छ ।

'पुतली' बाल कवितामा कपडाका टाला टुक्रा बटुलेर पुतली बनाइ खेलेको खेलको बर्णन छ । बालबालिकाको निम्ति पुतली खेल सबभन्दा प्यारो खेल हो ।

'नर्कटको घोडा' बाल कवितामा नर्कटको हाँगोलाई घोडा मानेर बालबालिका रमाउँदै खेलेको खेलको बर्णन छ । बाला-लहरीमा बालबालिकाहरू एक आपसमा रमाउँदै कुल्कुल-खुल्खुल गर्दैखोलाको पानी बगेको जस्तो कमलो ध्वनि निकालेर खेलेको खेलको वर्णन छ ।

'पुङ्माङ' बाल कवितामा बाँसको ढुंग्रो जसको दुबैतिर प्वाल परेको हुन्छ त्यसलाई मुखमा राखेर बजाउँदै आनन्द मानेर खेलेको खेलको वर्णन छ ।

'थैया थैया' बाल कविता सानो बालकलाई उसका आमा बाबुले थैया-थैया गरेर हातमा नचाउँदै खेलाएको र भोलि मेरो नानी कस्तो हुन्छ होला भनेर कल्पना गर्दै राम्रो हुन्छ राम्रो भनेर आशावादी दृष्टिकोण प्रस्तुत गरिएको छ ।

'पुतलीखेल' मा उड्दै आएको पुतलीले आफ्नो रूप फेरेर उडेको देखेर जसरी तिमी लार्भा-प्यूपाबाट पुतली बनेर आफ्नो बाना फेऱ्यौ हाम्रो पनि त्यसै गरी दशैं आउन लागेकोले मुजुरीले काटेको यो नाना फेरेर नयाँ नाना लाइदेउन भनेर खुसी हुँदै खेलेको खेलको वर्णन छ ।

'बिजुली' शीर्षक बाल कवितामा आकाशमा बिजुली चम्केको देखेर बालबालिका खुसी हुँदै कहिले लुक्ने र कहिले झिलिमिली भएर देखिने यो बिजुली एक्ली छ कि दुकली भनेर उत्सुकताका साथ बिजुली चम्केकोलाई हेरेर मनोरञ्जन लिएको कुराको वर्णन छ ।

'जूनकिरी' शीर्षक बाल कवितामा आकाशको जूनलाई देखेर बालबालिका खुसी हुँदै ती जूनकीरीलाई आकाशबाट ओर्लेर धरतीमा आफूसँग खेल्न बोलाएका छन् ।

'दगुर दगुर कुहिरा' बाल कवितामा बालबालिकाहरू कुहिरो दगुरेको जस्तो चारैतिर छिटो छिटो दगुरेर खेलेको खेलको बयान छ । उनीहरूले खेलेको खेललाई देखेर अरू मानिस अचम्म परेर हेर्दा यो हाम्रो खेलमात्र हो, साँचो रूपमा यसरी चोर बनेमा जेल जानुपर्ने चेतावनी पनि दिइएको छ ।

'आभ्भुइ आभ्भुइ आभ्भुइ' मा बालबालिकाहरूले मुखमा मकुण्डो लाएर खेलेको र त्यो देख्दा अन्य बालक डराएर आभ्भुइ आभ्भुइ भन्दै डराएको दृश्यको बयान छ ।

'लहै खेली खेली'मा बालबालिकाले खेल्दा नेपालको नक्सा बनाएर खेलेका र त्यहाँ उनीहरूले अग्ला हिमाल, डाँडा, थुम्की, नागबेली आकारका पहाड आदि बनाएर खेल्दै मनोरञ्जन लिएको कुराको वर्णन छ ।

'घाम छायाँ' बाल कवितामा प्रकृतिमा देखिएका घाम र छायाको दृश्यबाट बालबालिका खुसी हुँदै घाम नरमाइलो मानेर बसेपछि छाया शितल पङ्ख तानेर आउने र यी घामछाया आकाश र धरतीको चेलोचेली हुन् र यिनीहरू सधैं बालापनको झैं हाँसीखेली गर्छन् भनेर मनोरञ्जन लिएको कुराको वर्णन छ ।

'बालमेला' बालबालिकाहरू खुसी हुँदै एक अर्कामा रमाउँदै खेलेर संसार नै भुलेको कुराको वर्णन छ ।बालबालिकाहरू खेल्न पाए भने संसार नै भुल्छन् भन्ने कुरा यसमा देखाइएकोछ ।

'कमिला र मनुवा' बाल कवितामा हिंडिरहेको कमिलालाई बालकले त्यतातिर नजा भनेर रोक्न खोजेको र कमिलो त्यतैतिर जान लाग्दा बालकले छेकेको र कमिलाले टोकेपछि बालकले कमिलालाई चलाउन हुँदैन रहेछ भनेर चेतेको कुराको वर्णन गर्दै कमिला हिंडेको दृश्यबाट पनि बालकहरू मनोरञ्जन लिन्छन् भन्ने कुरा देखाइएको छ ।

'अचम्मको घोडा' शीर्षक बाल कवितामा बालबालिका आफू आफू नै घोडा बनेर साथीको पिठियूँमा चढेर खेलेको खेलको वर्णन छ ।

'हैन त्यस्तो के छ र ?' बाल कवितामा बालबालिकाहरू घरभित्र भन्दा घर बाहिर नै बढी रमाउने हुनाले उनीहरू आमाको आँखा छली छली घरबाट बाहिर निस्केर प्रकृतिका जीव, कीरा, फट्यांग्रा चराचुरूंगी, वनस्पति आदिलाई देखेर पनि खुसी हुँदै मनोरञ्जन लिएको कुराको वर्णन छ ।

'खेलौनासित खेल्दै' बाल कवितामा बालबालिकाहरू प्रकृतिका विभिन्न वस्तुलाई मानिससँग तुलना गर्दै ठूला मानिस पनि यस्तै साना खेलौना भइदिए कस्तो देखिन्थ्यो होला भनेर गरिएको बाल सुलभ कल्पना र उनीहरूले खेलौनालाई मानिससँग दाँजेर खेलेको खेलको वर्णन छ ।

माधव घिमिरेका बाल कविताहरू यसरी बालकलाई मनोरञ्जन दिने उद्देश्यले पनि लेखिएका छन् ।

### ग) राष्ट्रवादी भावनाको अभिव्यक्ति

माधव घिमिरेका बाल कविताहरूमा राष्ट्रवादी भावना पनि व्यक्त भएका छन् । राष्ट्रिय गौरव वा राष्ट्रवादी भावना भएका यस्ता बाल कविताहरूमा - 'यो घर कसको आलेको', 'राष्ट्रिय गीत', 'त्यहाँ ज्योति बल्यो' बाल कविता हुन् ।

'यो घर कसको आलेको' शीर्षक बाल कवितामा एउटा आले थर गरेको व्यक्तिको घरको वर्णन गर्दै यो घर हिमाल पहाड, तराई जहाँसुकै बसोबास गर्ने सारा नेपालीको घर हो भन्दै सिङ्गो राष्ट्र वा देशलाई घरको रूपमा हेरिएको छ । यसै गरी यहाँको वनलाई घाँसीको पेवाको रूपमा हेर्दै उसको हतियारको रूपमा रहेको वन्चरो र आँसी (हँसिया) को पनि त्यो वन पेवा हो भनिएको छ । यस्तै नेपालको एउटा गाउँलाई देखाउँदै यो गाउँ पञ्चको हो र यसमा कसले न्याय पाएको छैन भनेर भन्न सक्छ भन्दै यो सिङ्गो देश नै एउटा बहादुर व्यक्तिको हो भनी हामी सबै नेपाली एकै हौं भन्ने राष्ट्रवादी भावना पाइन्छ ।

'राष्ट्रिय गीत'मा नेपालीको वीरताको वर्णन छ । यसै गरी यसमा जनक, भृकुटी, सीता, बुद्ध जस्ता राष्ट्रिय विभूतिको गौरवमय स्मरण पनि गरिएको छ । नेपाली कहिल्यै शत्रुको सामुन्ने नझुक्ने वीर जाति हो भन्दै नेपाल देशको सधैं जय होस् र यो सुन्दर शान्त विशाल छ भनेर देश भक्तिको भावना नेपाली बालबालिकामा जगाउने उद्देश्य लिइएको छ ।

### घ) विश्व बन्धुत्वको भावनाको अभिव्यक्ति

माधव घिमिरेका बाल कविताहरू बालबालिकालाई विश्वबन्धुत्वको भावना जागृत गराउने उद्देश्यले पनि लेखिएका छन् । यस्ता बाल कविताहरू हुन् : चिप्लेकिरो, हुलाकी हुलाकी

'चिप्लेकीरो' बाल कवितामा चिप्लेकीरो सानु जिन्तु भएपनि त्यसले पस्री पस्री संसार नाप्न हिँडेको कुरालाई देखाएर संसारका सबै प्राणी एकै हुन् भन्ने भावनाको अभिव्यक्ति पाइन्छ भने सिङ्गो विश्व वा पृथ्वीलाई माया गर्ने र सम्पूर्ण प्राणी मात्रका बिचको सहअस्तीत्वको बोधका साथै सबैको बाँच्ने अधिकारको सुरक्षा र आफू पनि बाँच्नुपर्छ भन्ने भावनाको बोध गराइएकोले यसमा विश्वबन्धुत्वको भावना पाइन्छ ।

यसै गरी 'हुलाकी हुलाकी' बाल कवितामा टिकटमा भएका राता, निला, पहेंला रंगबाट विभिन्न देशका बारेमा जान्न सकिने कुरा र संसारका रमाइला रमाइला देशका हालचाल टिकटमा भएका विभिन्न रंगबाट जान्न सकिने सङ्केतका साथै संसारका मानव मानवका मनमा रहने भावनालाई पत्रद्वारा मित्र बन्ने चाहनाको अभिव्यक्तिका समष्टि सन्दर्भमा विश्व बन्धुत्वको भावनालाई झल्काइएको छ ।

**ङ)   प्रकृति प्रेम र पशु अधिकारमा जोड**

माधव घिमिरेका बाल कविताहरू प्रकृतिप्रेम र पशु अधिकारमा जोड दिएर लेखिएका पनि छन् । उनका यस्ता बाल कविताहरूमा नदी, हिमचुली आदिलाई लिन सकिन्छ । नदी कवितामा नदीको बहाइ, नदी रिसाएमा बाढी पहिरो जाने कुरा देखाउँदै नदीलाई जोगाउनु पर्ने कुरामा जोड दिइएको छ भने 'हिमचुली' मा हिमाललाई बूढा शङ्करको रूपमा उभ्याइएको छ । माधव घिमिरे स्वच्छन्दतावादी प्रवृत्तिका कवि भएकाले उनका बाल कवितामा प्रकृति प्रेमको चित्रण पाइन्छ । प्रकृति प्रेमको चित्रण गरेर लेखिएका बाल कविताहरूमा 'घामपानी', 'पानीपर', 'नदी', 'हिमचुली' आदि हुन् । 'घामपानी' बाल कवितामा घाम लाग्ने र पानी पर्ने दृश्य एकैचोटी देखापर्दा बालबालिकाहरू खुसी हुँदै घामपानीलाई आकाशकी रानीका रूपमा तुलना गरेका छन् । ती आकाशकी रानी वा पानी प्रकृतिमा थोप्लाको रूपमा खस्ने, भुइँभित्र पस्ने, त्यसपछि जमिनमा नया पालुवा आई फूल फुल्ने, फूल फूलेपछि पुतलीहरू हुन्हुनाएर फूलको रस खान आउने आदि प्रकृतिमा हुने कुराको चित्रण पाइन्छ ।

'पानी पर' बाल कवितामा पानी परेपछि धारा झर्ने, भुइँको धुलो मर्ने, बाछिटा आउने र पारि पाखाको इन्द्रेनीलाई तानेर वारि पाखामा ल्याउने मिठो कल्पना गरेको पाइन्छ । प्रकृतिमा पानी परेको दृश्यलाई देखेर बालकका मनमा उब्जिएका कौतुहलतालाई यहाँ देखाइएको छ ।

'नदी' बाल कवितामा पनि नदीलाई स्त्रीत्व विधान दिई **सानी** विशेषणले सम्बोधन गरी ती सानी नदी पर्वतबाट झर्ने, तिनी हा हा र हु हु गर्दै वनको बिचबाट बग्ने र तिनी गाउँ घरलाई घुम्दै बगेर सबैतिर हरियाली बनाउँदै टाढाको समुद्रलाई भेट्न जाने अनि तिनलाई कसैले रोक्न नसक्ने कुराको चित्रणबाट बालबालिकामा प्रकृतिका नदी, पहाडहरू प्रति पनिप्रेम रहेको कुराको चित्रण छ ।

'हिमचुली' बाल कवितामा पनि हिमाललाई बूढा शङ्कर र स-साना हिमचुलीलाई गणेश र कुमारको रूपमा चित्रण गरी मानवीय व्यक्ति विधान दिई त्यसप्रतिको प्रेमलाई दर्शाइएको छ ।

माधव घिमिरेका बाल कवितामा पशुअधिकारका कुरापनि पाइन्छन् । उनले बाख्राको पाठो, कुकुर, बिराला जस्ता पशुहरूको चित्रण गरी तिनलाई पात्र बनाएर तिनीहरूले स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारमाथि जोड दिएका छन् । बाख्राको पाठाको चञ्चल स्वभाव र ऊ भऱ्याक-भुरूक गरी यता उति उफ्रेर बाँच्न पाउने अधिकार, कुकुरले आफ्नो मालिकको रक्षाको लागि भुक्न र टोक्न पाउने अधिकार अनि बिराला, बाँदर जस्ता प्राणीले खाने कुरा चोरेर खाने बानी र उनीहरूले त्यसरी भएपनि खान पाउनु पर्ने र यस पृथ्वीमा सबैले समान रूपमा बाँच्न पाउनु पर्छ र उनीहरूको अधिकार खोसिनु हुँदैन भन्ने कुरा देखाएका छन् ।

माधव घिमिरेका बाल कवितामा बाल अधिकारका कुरा पनि देखाइएको छ । बालकले सबैसित रमाएर हाँस्न, खेल्न, बाँच्न पाउनुपर्छ उसको अधिकारलाई ठूलाबडाले खोस्नु हुँदैन भनेर उनले 'सारंगीमा राइँ राइँ' र 'पैले होमवर्क', बाल कवितामा देखाउन खोजेका छन् । विद्यालय पढ्न गएका बालबालिका युद्धको नाममा त्यसको शिकार हुनु हुँदैन र होमवर्कको नाममा बालकका हाँस्ने, खेल्ने अधिकारलाई खोसिनु हुँदैन भन्ने कुरा गरी बालबालिकालाई पनि उनीहरूको स्वतन्त्रतापूर्वक खेल्दै रमाउँदै बाँच्ने अधिकारबाट बञ्चित गराइनु हुँदैन भन्ने विचार कविले व्यक्त गरेका छन् ।

## ५.७ भावविधान

माधव घिमिरेका बाल कविताको भाव विधान पनि निकै प्रभावकारी छ । उनका बाल कविताहरूमा बालमनोविज्ञानलाई स्पर्श गर्ने मानवमनका सूक्ष्म भावनाहरूको सशक्त अभिव्यक्ति पाइन्छ । उनका बाल कवितामा अभिव्यक्त त्यो सूक्ष्म भावविधान बालमनोविज्ञान अनुसार नै कोमल र संवेद्य पनि रहेको देखिन्छ । उनका कविताको भाव विधानगत आलम्बन बालककै निम्ति इन्द्रिय गाह्य विषयका रूपमा रहने प्रकृति र त्यसका रूप, रंग, ध्वनि, स्पर्श, स्वाद, र गन्ध र अरू अनेक पक्षहरू संस्कृति र समाज अनि परिवारको साथै मानवीय तथा मानवेतर प्राणीका विविध चरित्र, कार्य, विशेषता र राष्ट्र, विश्वका विविध पक्षहरू रहेका देखिन्छन् । यी विषयसँग सम्बद्ध भावात्मक आलम्बनको उद्दीपनका रूपमा यिनकै देश काल

वातावरणसँग सम्बद्धपक्षहरू पनि रहेका देखिन्छन् । यिनै विषयका धरातलमा मानिसको मनमा र बालकको मनमा क्षण क्षणमा उद्बुद्ध हुने र बिलाउने खालका थरी थरीका सूक्ष्म सञ्चरणशील भावनाहरूको क्रमिक र व्यवस्थित विधान गरिएको पाइन्छ। त्यस्ता सञ्चरणशील मनोभावनाहरूमध्ये उनका कवितामा व्यक्त उल्लेखनीय भावहरू यी हुन्– हर्ष, आवेग, चिन्ता, ग्लानि, अपमर्स, इर्ष्या आदि ।

माधव घिमिरेले रचेका बाल कविताहरूमा विविध भावहरूको अभिव्यक्ति गरिएको छ । उनका प्रायजसो बाल कवितामा हर्ष, भाव, र औत्सुक्य भाव पाइन्छ। यसै गरी चपलता, चिन्ता, ग्लानि, विषाद, उन्माद, गर्व, त्रास, धृति, शङ्का आदि भावहरूको अभिव्यक्ति पनि उनका बाल कवितामा पाइन्छन् । उनका घामपानी लगायत बिजुले र बिजुला बाल कविता संग्रह सम्मका बाल कवितामा प्रयोग भएका भावहरूको क्रमैसँग तल व्याख्या गरिएको छ ।

'घामपानी' बाल कवितामा हर्ष र तर्क भावको प्रयोग भएको छ । घामपानी एकैचोटी परेको दृश्य देख्दा बालकहरू खुसी हुँदै घामपानीलाई आकाशकी रानीको रूपमा कल्पना गरेकोले यसमा हर्ष भाव पाइन्छ भने यसै गरी ती घामपानी थोप्लाबाट खस्ने, भुइँभित्र पस्ने, तिनी पालुवारूपी झुलमा बसेर फूलमा मुस्कुराउने आदि तर्क वितर्क बालकले गरेकाले यसमा तर्क भाव पनि पाइन्छ ।

'घुन' शीर्षक बाल कवितामा पनि हर्ष र औत्सुक्य भाव पाइन्छ। उनका 'तारा', 'भोटेसेलो', 'पानीपर', 'भँगेरा र भँगेरी', 'बस बस माहुरी', 'पुतली', 'नदी', 'हिमचुली', 'बाला लहरी', 'पुङ्भाङ्', 'थैया थैया', 'कालीकुती ब्याइछ', 'पुतली खेल', 'बिजुली', 'जुनकिरी', 'दगुर दगुर कुहिरा' बाल कवितामा पनि हर्ष र औत्सुक्य भाव पाइन्छ भने यसै गरी 'खित् खित् खित्का', 'सानुभाइ', 'सानी बहिनी मैना', 'प्रभाती', 'सुनपङ्खी चरी', 'हेरबाच्छी हाम्री', 'घिउ कमिला', 'घनौटी', 'हाम्री बहिनी टुल्की', 'घामका छोराछोरी', 'लहैखेली खेली' बाल कविता लगायत **बिजुले र बिजुला** बाल कविता सङ्ग्रहको 'फोनमा बोल्ने म हो', 'बालमेला', 'चङ्खे जुरेली', 'फूलैफूलको तरेली लाग्यो तिहार', 'बिजुले र बिजुला', 'अचम्मको घोडा', 'मितेरीको गीत', 'खेलौनासित खेल्दै', आदि बाल कविताहरू बालबालिकाका खेलमेल, पशु पक्षी कीटपतङ्ग वनस्पति, फूल बिरूवा आदि देख्दा उनीहरूका मनमा उत्पन्न हुने खुसी वा हर्षका भावलाई समेटेर लेखिएकाले हर्ष भाव पाइन्छन् ।

माधव घिमिरेका बाल कवितामा औत्सुक्य भाव पनि प्रशस्त मात्रामा पाइन्छ। बालबालिकाहरू जिज्ञासु स्वभावका हुने भएकाले प्रकृतिका हरेक वस्तु देख्दा यो किन कसरी भयो भनेर उनीहरूका मनमा उत्सुकता उब्जिनु स्वभाविकै हो। त्यसैले घिमिरेका अधिकांश बाल कवितामा औत्सुक्य भाव पाइन्छ। माधव घिमिरेका 'घुन', 'नर्कटको घोडा', 'यो घर कसको आलेको', 'पुतली', 'कमिला रानी', 'यस्तो हुँदा कस्तो', 'हिमचुली', 'चिप्लेकीरा', 'खेलौना', 'गुलेली', 'बाल लहरी', 'थैयाथैया', 'कालीकुती ब्याइछ', 'पुतली खेल', 'सियो खोइ सियो', 'गाउँखाने गीत', 'बिजुली', 'शयपत्री', 'रडी', 'नानी', 'जूनकीरी', 'यति सानु नानी बोले कस्तो हुन्थ्यो', 'सानुभाइ', 'सानी बहिनी मैना', 'सुनपङ्खी चरी', 'सानु सानु रूख', 'हेर बाच्छी हाम्री', 'हेर्दा हेर्दै ढुंगो', 'लुकामारी', 'सक्छु म पनि', 'गुनुगुनु माउरी', 'के पिर पर्‍यो बोल्', 'लुली लुली पाखुरी', 'बाँडीचुडी खाने हो', 'घिउ कमिला', 'आभ्भुइ, आभ्भुइ, आभ्भुइ', 'घामका छोराछोरी', 'भुक्के कुकुर', 'बुख्याचा', 'भोलिपर्सि', 'चन्द्रसूर्य भ्रुण्डा हेर फरर', 'फोनमा बोल्ने म हो', 'सधैं खाने फल', 'फूलैफूलको तरेली', 'बिजुले र बिजुला', 'कमिला र मनुवा', 'केरा', 'अचम्मको घोडा', 'त्यस्तो हुदा कस्तो', 'हैन, त्यस्तो के छ र ?' 'मितेरीका गीत', 'हुलाकी', 'हुलाकी', 'म्याउँ बिरालो', 'खेलौनासित खेल्दै', आदि बाल कवितामा औत्सुक्य भावको प्रयोग पाइन्छ। यी बाल कविताहरूमा बालबालिकाले विभिन्न वस्तुलाई देख्दा तिनीहरूप्रति उत्सुकता देखाइ यो कसरी किन भयो होला भनेर प्रश्न गरेका हुनाले औत्सुक्य भावको प्रयोग पाइन्छ।

माधव घिमिरेका बाल कवितामा तर्कना भावको प्रयोग पनि गरिएको छ। बालबालिकाले कुनै वस्तु देख्दा त्यसको बारेमा अनेक किसिमका तर्कहरू गर्दछन्। उनका बाल कविताहरूमा तर्कना भावको प्रयोग गरिएका बाल कविताहरू निम्न छन् : 'घामपानी' 'तारा', 'भगेरा र भगेरी', 'कमिला रानी', 'खेलौना', 'सियो खोई सियो', 'गाउँ खाने गीत', 'सुनपङ्खी चरी', 'लुली लुली पाखुरी', 'बाँडी चुडी खाने हो', 'घिउ कमिला', 'घामका छोराछोरी', 'फूलैफूलको तरेली', 'लोरी', 'लुकामारी', 'चन्द्रसूर्य भ्रुण्डा हेर फरर !' 'के हो त्यसको नाउँ ?', 'बात मारौं', 'चङ्खे जुरेली', 'केरा', 'हुलाकी हुलाकी', 'बाह्रमासा', 'सुकुन्दा'। माथिका यी बाल कविताहरूमा बालबालिकाले विभिन्न किसिमका कल्पना गरी आफ्ना मनोभाव प्रकट गरेकाले तिनमा तर्कना एवं औत्सुक्य भावको अभिव्यक्ति पनि भएको छ।

माधव घिमिरेका बाल कविताहरूमा आवेग र उग्रता भाव पनि पाइन्छन्। यस्ता बाल कविताहरू हुन् 'उठ् पुता दिउल पुग्यो', 'ढिकी जाताको सवाइ', 'गुलेली', 'नदी', 'रिस', 'दगुर्

दगुर् कुहिरा', 'चकचके', 'हुइया हुइँया हुइँया', 'बाघको भान्जो बिरालो', 'बुख्याचा' यी बाल कविताहरूमध्ये 'उठ् पुता दिउल पुग्यो' मा ढुकुरले आफूले राखेको चारा घामले सुकेर थोरै भएको पत्तो नपाएर आफू आएपछि बचराले आँ आँ मुख बाएको देखेर आवेशमा आएर बचरालाई गाली गर्दै ठुङ्दै गरेको कुराको चित्रण गरेकोले आवेग वा उग्रता भाव पाइन्छ भने यसै गरी ढिकी जाँताको झगडामा ढिकी र जाँतो दुबैको रिस बढ्दै गएको देखाएर आवेग भावको प्रयोग छ भने 'गुलेली'मा बालकले ठूलो भइसकेपछि पनि के गुलेली खेल्नु बरु परेड खेलौं भनेको बाट र 'नदी' कवितामा नदी रिसाएर बाढी पहिरो आएको र पर्वतराजलाई थर्काएको, 'रिस' कवितामा रिसाउँदाको अवस्थाको चित्रणबाट, 'दगुर दगुर कुहिरा'मा खेलको प्रसङ्गबाट, 'हुइँया हुइँया' मा भालु र सिंहको झगडाको दृश्यबाट, 'बाघको भान्जो बिरालो'मा बिरालाले बाघलाई 'मामा' भनेर सम्बोधन गरेपछि बाघ रिसाएकोबाट, 'बुख्याँचा'मा खेत धनीले बुख्याँचालाई गाली गरेको देखाइएकोले बुख्याँचालाई गाली गरेको देखाएकोबाट उग्रता वा आवेग भावको प्रयोग पाइन्छ ।

माधव घिमिरेका बाल कविताहरूमा धृति भावको प्रयोग पनि पाइन्छ । यस्तो भाव भएका बाल कविताहरू हुन् : 'घामपानी', 'डोको', 'खेलौना', 'गुलेली', 'छेपाराको आहान', 'कुती कुइँया कुइँया', 'हेर्दा हेर्दै ढुंगो', 'हाम्री बहिनी टुल्की', 'लहै खेलीखेली', 'सिपालु हो माकुरो', 'प्रभाती' । धृतिभाव भन्नाले ज्ञान आदिबाट हुने इच्छापूर्ति वा सन्ताप र श्रमबाट भएको शरीरको शिथिलता बुझिन्छ ।

माधव घिमिरेका बाल कवितामा उन्माद, मति, स्मृति, चपलता, ग्लानि, असूया, विषाद आदि भावहरूको प्रयोग पनि पाइन्छ । यस्ता भावहरूको प्रयोग भएका बाल कविताहरू हुन्– 'बसबस माहुरी' (मति) 'भकभके' (धृति, मति) 'डोको' (मति) 'चिप्लेकीरो' (मति) 'गुलेली छेपाराको आहान', 'आमा' (धृति, मति) 'दगुर् दगुर् कुहिरा' (चपलता) 'कुती कुइँया कुइँया' (मति) 'बाघको भान्जो बिरालो' (असूया) 'प्रभाती' (मति) 'लुकामारी', 'बाँडी चुँडी खाने हो', 'घनौटी', 'गुनुगुनु माउरी', 'लहै खेलीखेली', 'भुक्के कुकुर', 'बुख्याचा', 'कति ठूलो संसार', 'रूपै रूपको पन्छी', 'फूलै फूलको तरेली', 'सुनपङ्खी चरी' (मति) आदि ।

'बस बस माहुरीमा माहुरीको कर्तव्य मह जम्मा पार्नु, फूलको रस लिनु र बालकको कर्तव्य उसलाई तोरी बारी फूलबारी बिर्ता दिनु देखाएबाट यहाँ मति भावको प्रयोग भएको

पाइन्छ भने 'भकभके', 'डोको', 'चिप्लेकीरो', 'गुलेली', 'छेपाराको आहान' आदिमा पनि कर्तव्यको निर्धारण गरिएकोले मति भावको प्रयोग पाइन्छ ।

यसै गरी 'दगुर् दगुर् कुहिरा'मा बालकहरू कुहिरो कुदे जस्तै छिटो कुदेको देखाएकोले यसमा चपलता भावको प्रयोग छ। यस्तै 'भँगेरा र भँगेरी', 'चिर्विर च्याण्टे' 'त्यस्तो हुँदा कस्तो', 'चकचके', 'बिजुली', 'म्याउँ बिरालो', 'हैन यस्तो के छ र', 'बिजुले र बिजुला', 'बाँदरको बेहोर' आदि बाल कवितामा पनि चपलता भावको प्रयोग पाइन्छ ।

माधव घिमिरेका बाल कविताहरूमा शंका, ग्लानि र स्मृति भावको पनि प्रयोग पाइन्छ। शंका भावको प्रयोग गरिएका बाल कविताहरू हुन् : 'हुइँया, हुइँया, हुइँया', 'के पिर पर्‍यो बोल', 'बाँडीचुँडी खाने हो', 'अनिकाल', 'के हो त्यसको नाउँ ?' ।

माधव घिमिरेका ग्लानि भावको अभिव्यक्ति गरिएका बाल कविताहरू हुन् - 'उठ् पूता दिउल पुग्यो', 'खेलौना', 'जाल गर्‍यो जुत्ताले' आदि ।

माधव घिमिरेका बाल कवितामा चिन्ता, त्रास र विषाद भावको अभिव्यक्ति पनि पाइन्छ। यस्ता बाल कविताहरू हुन् : 'के पिर पर्‍यो बोल्', 'पैले होमवर्क', 'लाटो साथी', 'सारंगीमा राइँ, राइँ' आदि । यी बाल कविताहरूमा क्रमशः 'के पिर पर्‍यो बोल्' मा रोइरहेको बालिकाको तस्विर देखेर यसलाई के पिर परेछ भनेर बालकले लिएको चिन्ताको चित्रण गरिएको छ । जस्तैः

रोऊँ रोऊँ मुख यो
मनमा कहाँ दुख्यो ?

(**सुनपङ्खी चरी,** पृ. ११)

'सुनपङ्खी चरी' जस्तो कवितामा बालकलाई प्राणीशास्त्र र प्रकृतिका जीवनचक्र अनुरुप पहिले बीज वा अण्डा हुने र त्यसपछि मात्र प्राणीको विकास हुने जस्तो गहन ज्ञानलाई सरल तरिकाले व्यक्त गरेको देखिएबाट उनका बाल कविताको भाव विधान सशक्त छ भन्ने कुराको पुष्टि गर्न सकिन्छ । 'पैले होमवर्क'मा बालकले सबैभन्दा पहिले होमवर्क सक्नुपर्ने कुरो देखाइएको छ । जस्तैः

होमवर्क होमवर्क
कति होमवर्क !

(**बिजुले र बिजुला,** पृ. १३)

'लाटो साथी' मा बोल्न नजानेकोले सबैले गिज्याएको र उसका दुःख पीर बुझ्ने बाबुआमा नभएकोले उसमा परेको चिन्ता व्यक्त गरिएको छ । जस्तै :

नकहिने पीर
सर्छ चारैतिर
दुख्छ धर्ती राति
दुख्छ आकाश माथि
रुन्छ चुप्प चुप्प
शीत तप्प तप्प ।

(**बिजुले र बिजुला,** पृ. १६)

'सारंगीमा राइँ राइँ'मा युद्धकालीन समयमा दाजु, बहिनी, भाइ मारिएको चिन्ता र 'भोलिपर्सि' बाल कवितामा छोरी मरेकाले आमाले छोरीलाई सम्झेर रोएको चिन्ता व्यक्त गरिएको छ । जस्तैः

भोलिभोलि मलाई भन्छ्यौ
आजआज आफू रुन्छ्यौ
नरोऊ आमा आँसु बर्सी
दिदी आउँछिन् भोलिपर्सि

(**सुनपङ्खी चरी,** पृ. ३२)

त्रास भावको अभिव्यक्ति गरेर पनि माधव घिमिरेका बाल कविताहरू रचिएका छन् । यस्ता बाल कविताहरूमा कुनै वस्तु वा अवस्था देख्दा बालबालिकाका मनमा उत्पन्न हुने भय वा त्रासको चित्रण गरिएको पाइन्छ । उनका यस्ता बाल कविताहरू हुन्– 'आभ्भुइ, आभ्भुइ, आभ्भुइ', 'अनिकाल', 'आयो आयो भुइँचालो' आदि ।

माधव घिमिरेले आफ्ना बाल कविताहरूमा विषाद भावको अभिव्यक्ति पनि गरेका छन् । उनका बाल कविताहरू हुन् : 'हा-इ हाई', 'लाटो साथी', 'सारंगीमा राइँ राइँ', 'पम्फा मैयाँको कथा' ।

माधव घिमिरेका बाल कवितामा उन्माद र अपस्मार अनि असूया भावको पनि प्रयोग पाइन्छ । उनको 'आमा', 'भोलि पर्सि', कवितामा उन्माद भावको प्रयोग पाइन्छ । उनको अपस्मार भावको प्रयोग पाइने बाल कविता हुन्- 'उठ् पूता दिउल पुग्यो' र 'रिस' । यसै गरी असूया भावको पनि प्रयोग पाइने उनका बाल कविता हुन् - 'हुइँया हुइँया हुइँया', 'ध्रुवको कथा', 'बाघको भान्जो बिरालो' आदि ।

माधव घिमिरेका बाल कवितामा स्मृति भावको अभिव्यक्ति पनि पाइन्छ । उनको यस्ता बाल कविताहरू हुन् - 'खेलौना', 'कलाकार अरनिको' आदि ।

माधव घिमिरेका बाल कवितामा व्याधि र गर्व भावको पनि अभिव्यक्ति पनि भेटिन्छ । उनका यस्ता बाल कवितामा 'बिरामी छोरीको रहरमा' व्याधि भाव र 'त्यहाँ ज्योति बल्यो' र 'राष्ट्रिय गीत'मा गर्व भावको प्रयोग पाइन्छ ।

यसरी माधव घिमिरेले रचेका बाल कवितामा मानव मनमा जागिरहने अनेक थरी सूक्ष्म भावहरूको अभिव्यक्ति पाइन्छ । उनका बाल कविताहरू हेर्दा सरल खालका देखिए पनि तिनका अर्थ भने गहन खालको छ । प्रकृति र प्राणीशास्त्रका रहस्यमय कुराहरूलाई उनले भावमय तुल्याई सरल तरिकाले प्रस्तुत गरेका छन् । त्यसैले उनका बाल कविताको भावविधान ज्यादै सशक्त छ र त्यहाँबाट व्यक्त हुने अर्थ निकै गहन हुने गर्छ ।

## ५.८ भाषाशैली

प्रस्तुत शोधप्रबन्धमा माधव घिमिरेका बाल कविताका भाषाशैलीको विश्लेषण गर्नका निम्ति उनका चारवटा कवितासङ्ग्रहबाट आठवटा कविताहरूको यादृच्छिक नमुना छनोट गरिएको छ । त्यस क्रममा **घामपानी, बाला लहरी, सुनपङ्खी चरी र बिजुले र बिजुला** बाल कविता सङ्ग्रहबाट क्रमशः 'घामपानी', 'भोटे सेलो', 'बाल लहरी' र 'बाघको भान्जो बिरालो', 'सुन पङ्खी चरी' र 'सानु भाइ', 'बिजुले र बिजुला', 'त्यहाँ ज्योति बल्यो' कविताहरूको छनोट गरिएको छ । यी नमुना छनोट गरिएका बाल कविताको विश्लेषण गरी हेर्दा उनको भाषाशैली सरल, सरस, रोचक तथा प्रभावकारी पनि रहेको देखिन्छ । यी आठवटै कविताहरूलाई हेर्दा उनका बाल कविताका भाषाका वर्ण योजनाका तहमा आन्तरिक अनुप्रास तथा अन्त्यानुप्रासको नियमित प्रयोग भएको पाइन्छ र त्यसले उनको भाषाशैलीलाई सुरम्य बनाएको देखिन्छ । यस कुराको पुष्टि गर्नका निम्ति उनका उक्त आठवटै कविताबाट दुई-दुई हरफ उद्धृत गरी तिनको वर्णयोजनागत अनुप्रासीय सौन्दर्यबारे यहाँ प्रकाश पारिएको छ :

***उद्धरण १***

घामपानी घामपानी
आकाशकी रानी
थोप्लाबाट खस्छिन्
भुइँभित्र पस्छिन्

*उद्धरण २*

झ्यामो लोंगो गुम्बा
मेमे पेमे हुम्बा
हामी गाउँछ सेलो
लेली लेलु लेलो

*उद्धरण ३*

कुल्कुल पनि खुल्खुल पनि
तुल्बुल पनि चुल्बुल पनि
ललै लहरी बालै लहरी

*उद्धरण ४*

सुरसुर बिराला ! कता जान लाइस्
हाम्रो जस्तो रूप कसो गरी पाइस्

*उद्धरण ५*

सबैलाई म्वाँई
बाँड्छ सानु भाइ
म्वाइँ कति मीठो !

*उद्धरण ६*

कुखुराका चल्ला
फोरी फुलका डल्ला
ओहो ! हुलका हुल
सधैं आइरहो ! सधैं आइरहे !

*उद्धरण ७*

बिजुले र बिजुला दुबै बालसाथी
लुकामारी खेल्छन् बादलको माथि

इलिमिलि इल्ल
झिलिमिलि झिल्ल !

*उद्धरण ८*

नेपालको माटो दुस्मनले टेक्यो
हिमालमा उड्ने गरुडले देख्यो
छंगाछुर भीर
ढुंगा चारैतिर
किल्ला बाँधी बस्थे बलभद्र कुँवर

उद्धरण १ मा **न्** र **स्** वर्णको पटक पटक आवृत्ति भएकोले त्यसमा आन्तरिक अनुप्रासीय शैलीगत रम्यता भरिएको स्पष्ट हुन्छ । यसै गरी उक्त उद्धरणका चरणका अन्त्यमा 'पानी/रानी', 'खस्छिन्/पस्छिन्' शब्दको प्रयोग गरी अन्त्यानुप्रास मिलाइएको छ र यसले पनि त्यहाँ भाषाशैलीगत रम्यताको वृद्धि गरेको छ ।

उद्धरण २ मा **म्, ग्, ल्** वर्णको बारम्बार आवृत्ति भएकोले त्यसमा आन्तरिक अनुप्रासीय शैलीगत रम्यता भरिएको देखिन्छ । यसै गरी 'हुम्बा/गुम्बा', 'सेलो/लेलो', शब्दको प्रयोग गरी अन्त्यानुप्रास पनि मिलाइएकोले यस उद्गारमा पनि भाषाशैलीगत रमणीयता सन्निहित हुन पुगेको पाइन्छ ।

उद्धरण ३ मा **ल, प, न** वर्णको बारम्बार आवृत्ति भएकोले त्यहाँ आन्तरिक अनुप्रासीय सौन्दर्य सिर्जिएको देखिन्छ भने चरणको अन्त्यमा 'पनि'/'पनि' शब्दको प्रयोग गरी अन्त्यानुप्रास मिलाइएकोले पनि यसमा भाषाशैलीगत रम्यता थपिन पुगेको छ ।

उद्धरण ४ मा **स्, र्** वर्णको बारम्बार प्रयोगले आन्तरिक अनुप्रासीय शैलीगत रम्यता भरिएको पाइन्छ 'लाइस/पाइस्' जस्ता शब्दको प्रयोग गरी अन्त्यानुप्रास पनि मिलाई भाषिक शैलीगत मोहकताको सृजना गरिएको छ ।

उद्धरण ५ मा **ब्, इ, म्** आदि वर्णको पुनरावृत्तिले आन्तरिक अनुप्रासीय शैलीगत रम्यताको सृजना गर्दै 'म्वाइँ'/'भाइ' आदि शब्दको प्रयोगद्वारा अन्त्यानुप्रासीय भाषिक सौन्दर्यको वृद्धि गरिएको छ ।

उद्धरण ६ मा **क्, ल्, ह्** वर्णको बारम्बारको पुनरावृत्ति पूर्ण प्रयोगद्वारा आन्तरिक अनुप्रास मिलेको छ भने 'चल्ला', 'डल्ला' जस्ता शब्दहरूको प्रयोगले अन्त्यानुप्रास पनि मिलाइएको छ । यस्तो आन्तरिक एवं अन्त्यको अनुप्रास प्रयोगबाट यहाँ पनि भाषाशैलीगत चारुत्व देखाइएको छ ।

उद्धरण ७ मा **ब्, ल्, म्** वर्णको बारम्बार पुनरावृत्ति गरी आन्तरिक अनुप्रासीय रम्यता भरिएको देखिन्छ भने 'साथी/माथि', 'इल्ल/झिल्ल' जस्ता शब्दको प्रयोगद्वारा अन्त्यानुप्रास पनि मिलाई त्यहाँ भाषाशैलीगत सौन्दर्यको स्थापना गरिएको छ ।

उद्धरण ८ मा **ल्, म्, र्, क्, ग्, ब्** जस्ता वर्णहरूको पुनरावृत्तिपूर्ण प्रयोग गरी आन्तरिक अनुप्रासीय रम्यता बढाइएको छ भने 'टेक्यो/देख्यो', 'भीर/तिर', 'वीर' आदि शब्दको

प्रयोगद्वारा अन्त्यानुप्रास पनि मिलाइएको छ; त्यसैले यसमा पनि भाषाशैलीगत रम्यता भरिएको भेटिन्छ ।

माधव घिमिरेका कविताको भाषिक अक्षरगत संरचनालाई हेर्दा उनले न्यूनतम एक अक्षरदेखि अधिकतम पाँच अक्षरसम्मको संरचना भएका शब्दको प्रयोग गरेको पाइन्छ । तीमध्ये उनका कवितामा दुई र तीन अक्षरे शब्दको बढी प्रयोग पाइन्छ । यसको लागि यादृच्छिक नमुनाको रूपमा लिइएका आठवटा कवितालाई हेर्दा उनले प्रायः दुई अक्षरे, तीन अक्षरे र एक अक्षरे शब्दको प्रयोग गरी आफ्नो बाल कवितात्मक भाषाशैलीलाई छरितो तथा सुबोध्य बनाएको देखिन्छ । माधव घिमिरेका बाल कवितामा तद्भव, तत्सम र आगन्तुक स्रोतका शब्दको बालबोध्य प्रयोग पाइनुका साथै नेपाली झर्रा र अनुकरणात्मक तथा द्वित्व र समासरहित शब्दको अत्यधिक प्रयोग पाइन्छ अनि केही मात्रामा समासयुक्त शब्दको पनि प्रयोग पनि उनले गरेको भेटिन्छ । यसबाट उनका कविताको पुरै भाषिक शब्दभण्डार बालबोध्य नरहे पनि अत्यधिक शब्दभण्डार भने बालबोध्य रहेको पाइन्छ । त्यस भाषिक शब्दभण्डारमा उनले नेपाली कथ्य बालभाषाको शब्दको पनि रोचक प्रयोग गरी उनले आफ्ना बाल कविताको भाषालाई बालहरू नजिक र बालोच्चार नजिक पुऱ्याएका छन् ।

माधव घिमिरेले रचेका बाल कवितामा तुक्कातुल्य पदावलीहरूको पनि प्रशस्त प्रयोग पाइन्छ र त्यस्ता प्रयोगले उनका बाल कविताको भाषाशैलीलाई सुमधुर बनाएको देखिन्छ । यसको पुष्टि उनका छनोट गरिएका आठवटा बाल कवितामा प्रयोग गरिएका पदावलीले नै गर्दछन् । उनले ती कवितामा क्रियायुक्त तथा क्रियामुक्त दुवैथरी पदावलीको प्रयोग गरेका छन् । तिनमा प्रयुक्त क्रियायुक्त पदावली यी हुन् - थोप्लाबाट खस्नु, भुइँभित्र पस्नु, फूलमा मुस्कुराउनु, धर्म आउनु, छाला काढ्नु, बघिनीको दूध खानु, मामा गोता जानु, बाबु गोता जानु, रगत पिउनु, इज्जत लिनु, इख लाग्नु, म्वाइँ बाँड्नु, दाँत टुसाउनु, बोली अमृतमा घोल्नु, आँखा बोल्नु, आँखा छल्नु, काखमा लिन फुलका डल्ला फोर्नु, थिरी थिरी गर्नु, आँखा डुल्नु, लुकामारी खेल्नु, चार आँखा खिल्नु, खिल्ल हाँस्नु, लडाइँ खेल्नु, छाती फर्काउनु, ढंगा बर्साउनु, ताँदो तान्नु, तारो हान्नु, बढाइँ हुनु, ज्याति बल्नु, देशको नाम चल्नु, केटो ढल्नु आदि । उनले ती बाल कवितामा क्रियामुक्त पदावलीको पनि प्रयोग गरेका छन् ती हुन् - आकाशकी रानी, पालुवा रूपी झुल, ललै लहरी, बालै लहरी, बाघको भान्जो बिरालो, बुट्टे छाला, लुसी बिराली, बाघकी बहिनी, बाघको भान्जो बिरालो, रातो मुख, सपनाको मान्छे, मिठो म्वाइँ, तत्याङतुतुङ

बोली, सुनको देश, सुनपङ्खी चरी, आँखाभरि माया, जिल्ल लोक, छंगाछुर भीर, बारुदको गन्ध, कुइरीमण्डल, धुवाँ, कम्पमान पर्वत, दाह्रे भीरमा, गुँदेलीको ताँदो, कच्चा उमेर, सच्चा लडाइँ आदि । यी पदावलीहरूमध्ये ज्यादाजसो नेपाली श्रुतिपरम्परामा प्रचलित रहेका टुक्का देखिन्छन् भने केही पदावलीको निर्माण भने उनी आफैले गरेको देखिन्छ । ती आठवटा कवितामा टुक्कातुल्य पदावलीको जेजस्तो प्रयोग उनले गरेको पाइन्छ, त्यसबाट उनी पदावलीको प्रयोग गरेर आफ्ना बाल कविताको भाषाशैली बालकहरूका निम्ति रसिलो, भरिलो र रोचक बनाउने कवि हुन् भन्ने कुरा सिद्ध हुन्छ ।

माथि विश्लेषणका निम्ति छनोट गरिएका आठवटा बाल कवितालाई हेर्दा तिनको भाषिक वाक्य बनोटमा छोटा-छोटा सरल वाक्यकै प्रयोगको आधिक्य देखापर्छ भने कहीँ कहीँ उनले संयुक्त तथा मिश्र ढाँचाको वाक्यको प्रयोग गरेको पाइए पनि ती समेत बालकहरूका निम्ति बोध्य हुने गरी छोटा छरिता किसिमकै रहेका देखिन्छन् । यसरी उनको बाल कविताका भाषाको वाक्य बनोट सरल र छोटो छरितो रहेबाट उनका बाल कविताको शैली पनि छरितो एवम् सजिलो र रसिलो समेत बन्न पुगेको पाइन्छ ।

माधव घिमिरेका बाल कवितामा सामान्यार्थक वाक्यढाँचाको प्रयोगगत वर्णनात्मक शैलीका साथै विध्यर्थक वाक्य, सम्भावनार्थक वाक्य, सङ्केतार्थक वाक्य, प्रश्नार्थक वाक्य र विस्मयार्थक वाक्यको प्रयोगगत जुन वाक्यात्मक अर्थ रहेको पाइन्छ, त्यसबाट उनका बाल कविताको भाषाशैली भावात्मक भई बालकहरूका निम्ति संवेद्य भएको देखिन्छ ।

पदक्रम विचलन र पदलोप कविताका भाषाशैलीका विशेषता नै हुन् र माधव घिमिरेका बाल कविताको भाषाशैलीमा पनि यी प्रवृत्तिहरू छँदै छन्, तर यिनले उनको कविताका भाषाशैलीलाई दुर्बोध्य र जटिल नबनाई सुबोध्य र सरल नै बनाएका छन् ।

माधव घिमिरेका लागि बालबालिका ज्यादै प्यारा भएको हुँदा उनले आफ्ना बाल कवितामा बालबोलीका बालभाषाको पनि रोचक प्रयोग गरेका छन् । उनले बालबालिकालाई मानिसका सन्तान नभई भगवान्का घरबाट आएका देवकुमार ठानेका छन् । किनभने ती बालबालिका सुकुमार, निश्छल, जुनकीरी जस्ता आँखा भएका, अबोध र जिज्ञासु स्वभावका हुन्छन् भन्ने उनको धारणा पाइन्छ । बालकलाई प्यारो गर्ने कवि माधव घिमिरेले आफ्ना सबै बाल कवितामा बालभाषाको प्रयोग गरेका छन् । उनले आफ्ना बाल कविता संग्रहको नाम पनि

बालककै बोलीमा **घामपानी, बालालहरी, सुनपङ्खी चरी, बिजुले र बिजुला,** राखेका छन् भने यी कवितासङ्ग्रहका कविताका शीर्षक पनि बालबोलीकै छन्; जस्तै 'घामपानी', 'पानी पर्', 'बस बस माहुरी', 'कमिला रानी', 'हिमचुली', 'खेलौना', 'मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक', 'पुतली', 'पुङ्भाङ्', 'थैया थैया', 'चिर्बिर च्याण्टे', 'कालीकुती ब्याइछ', 'रडी', 'दगुर् दगुर् कुहिरा', 'कुती कुइँया कुइँया', 'हुइँया, हुइँया हुइँया बाघको भान्जो बिरालो, 'लोरी', 'प्रभाती', 'सुनपङ्खी चरी', 'सानु सानु रूख', 'हेर, बाच्छी हाम्री', 'लुली लुली पाखुरी', 'चङ्खे जुरेली', 'आम्भुइ, आम्भुइ, आम्भुइ', 'घामका छोराछोरी', 'भुक्के कुकुर', 'फोनमा बोल्ने म हो', 'चुरी च्याउँ चुइत्त', 'कमिला र मनुवा', 'बिजुले र बिजुला', 'म्याउँ बिरालो' आदि ।

माथि उल्लेखित शीर्षकका बाल कविताहरू बालभाषाको प्रयोग गरेर लेखिएका छन् । बालबालिकाहरू जटिल भाषा बुझ्न सक्दैनन् । उनीहरूका लागि सरल भाषाको प्रयोग गरिएका कृतिहरू हुनुपर्छ । ती सरल भाषाका कृतिहरू पनि प्यारो गरेर बोलिने भाषाका हुनुपर्छ । नेपाली बालबोलीमा उभिनुलाई थिरिथिरी, सुत्नुलाई नुनु झुलु, दूधभातलाई दूदूमाम, बिरालोलाई म्याउँ, कुकुरलाई कुती आदि भनिन्छ भने यस्तो प्रयोग घिमिरेले पनि आफ्ना बाल कवितामा गरेका छन् । घिमिरेका चारवटा बाल कविता संग्रहका माथि उल्लेखित शीर्षकहरू बालबोली अनुसार राखिएका छन् । यसदेखि बाहेक अन्य शीर्षकका बाल कवितामा पनि बालकले प्रयोग गर्ने भाषाको प्रयोग पाइन्छ । उनका बाल कवितामा बालकलाई बुझ्न सजिलो होस् भनेर अधिकांश रूपमा अनुकरणात्मक शब्दको पनि प्रयोग पाइन्छ । उनले आफ्ना बाल कविताको रचना गर्दा स्वयम् नै बालक बनेर पनि गरेका छन् र तिनमा उनी कतै आमा जस्तो पनि बनेका छन्; त्यसै हुनाले ती बाल कविताहरूमा बालबोलीको प्रयोग पाइन्छ । उनका बाल कविताका प्रवृत्तिमध्ये बालभाषाको प्रयोग पनि एक हो । यसले गर्दा उनका बाल कविताहरू बालकका लागि बोध्य र सरल बनेका छन् ।

## ५.९ अलङ्कार प्रयोग

माधव घिमिरेका बाल कवितामा विभिन्न अलङ्कारहरूको प्रयोग पनि पाइन्छ । यसको निम्ति उनका चारवटा बाल कविता सङ्ग्रहका आठवटा बाल कवितालाई यहाँ यादृच्छिक नमुनाको रूपमा छनौट गरिएको छ । ती आठवटा बाल कविता हुन् – 'बसबस माहुरी', 'कमिला रानी' (**घामपानी**), 'नानी', 'यति सानु नानी बोले कस्तो हुन्थ्यो' (**बाललहरी**), 'हाम्री

बहिनी टुल्की', 'सिपालु हो माकुरो' (**सुनपङ्खी चरी**), 'बिजुले र बिजुला', 'लाग्यो तिहार' ( **बिजुले र बिजुला**) । ती कविताको अध्ययन गर्दा उनले रूपक, उपमा समासोक्ति, सन्देह आदि अर्थालङ्कारको प्रयोग गरेको पाइन्छ। बस बस माहुरी बाल कवितामा रूपक, उपमा र व्यक्तिविधान अलङ्कारको प्रयोग भएको पाइन्छ । यस कवितामा 'काँक्री बियाँ जस्तो कोठा' भन्ने पदावलीको प्रयोगमा 'कोठा' उपमेय, 'काँक्री बियाँ' उपमान र 'जस्तो' बाचक शब्दको प्रयोग भएको छ र माहुरीको चाकाका कोठाहरू काँक्री बियाँका आकारप्रकारका हुने हुनाले यी दुई बिचको सादृश्य झल्काई उक्त भनाइद्वारा प्रस्तुत कवितामा उपमा अर्थालङ्कारको प्रयोग गरिएको छ । त्यसै गरी यस किविताामा 'तोरी बारी' र 'फूलबारी', 'संसार र फूलबारी', 'फूल' र 'कचौरी' को बीच अभेद सम्बन्ध (रूप्य रूपक सम्बन्ध) देखाई रूपक अर्थालङ्कारको प्रयोग गरिएको छ । माहुरीलाई मानवीय स्त्री व्यक्तित्व दिँदै त्यसले पटुकी बाँध्ने र छोराछोरी पाउने समेतको चित्रण गरी यस कवितामा प्राकृतलाई मानवीय व्यक्तित्व दिने व्यक्तिविधान अलङ्कारको प्रयोग गरिएको पाइन्छ। यसरी उपमा, रूपक र व्यक्ति विधानजस्ता अर्थालङ्कारको प्रयोगले यस कवितामा रहेको माहुरी सम्बन्धी कथ्य अर्थ वा भावलाई निकै चमत्कारपूर्ण बनाएको पाइन्छ र त्यो बालकहरूका निम्ति आह्लादक बनेको छ ।

'कमिला रानी' बाल कवितामा अतिशयोक्ति, उपमा, व्यक्तिविधान, रूपक, स्वभावोक्ति, व्यतिरेक, प्रश्नालङ्कार आदि अलङ्कारको प्रयोग पाइन्छ। कमिलाको ताँतीको चित्रण गर्दै जाँदा कमिलाको अगुवाको रूपमा कमिलाकी पनि रानी हुने जुन अतिशय चित्रण यस कवितामा गरिएको छ, त्यसबाट यस कविताभरि नै अतिशयोक्ति अलङ्कार पर्न गएको छ । त्यसै गरी दुलाबाट निस्केर धुलामाथि हिँड्दै गरेको कमिलाको ताँतीको जुन चित्रण यसमा गरिएको छ, त्यसबाट यो कविता स्वभावोक्ति अलङ्कारबाट पनि सिँगारिन पुगेको छ। यस कवितामा कमिलाको ताँतीलाई जन्तीका रूपमा चित्रण गर्ने अनि त्यो जन्ती कमिलाकै दुलही लिन जान लागेको कुरा झल्काउने र दरबारमा बस्ने कमिलाकी रानीको विवाह हुनेजस्ता कुराको चित्रणद्वारा कमिलाको मानवीकरण गरिएको छ । त्यसबाट यस कवितामा व्यक्तिविधान अर्थालङ्कारको चमत्कार पनि सिर्जिन पुगेको छ। प्रस्तुत कवितामा 'फूलबारीमा उम्रिएको सेतो च्याउ' र 'छाता'का बिचमा अभेदारोप गरी रूपक अलङ्कारको पनि प्रयोग गरिएको छ । सानु सानु दुलोका बाहिर धुलो भए पनि भित्र ठुलो दरबार छ भन्ने कुराको चित्रणद्वारा दूलोका बाहिरी अवस्था र भित्री अवस्था बिचको भिन्नता झल्काई व्यतिरेक अलङ्कारको प्रयोग

गरिएको छ। यसै गरी यस कवितामा कमिलाको जन्ती कुन देशको कुन घर जाँदैछ र दुलही कहाँ होलिन् भन्ने उक्तिको प्रयोग गरी प्रश्नालङ्कारको सौन्दर्य पनि भरिएको छ। यहाँ कमिलाकी रानी दुलोभित्र दरबारमा बस्छिन् भन्ने उत्तर दिई उत्तरालङ्कारको पनि प्रयोग गरिएको छ। यी सबै अर्थालङ्कारहरूको प्रयोग प्रस्तुत कवितामा स्वाभाविक रूपमा हुन गएको देखिन्छ र कमिलाको ताँतीसँग सम्बन्धित विषयको चित्रण गर्न यी अलङ्कारहरूको प्रयोगद्वारा जुन काल्पनिक विचित्रता यस कवितामा भरिएको छ, त्यसले गर्दा यो कविता बालकहरूका निम्ति निकै मनोहर बनेको छ।

**नानी** शीर्षक बाल कवितामा उपमा, रूपक, प्रश्नालङ्कार, सन्देहको प्रयोग पाइन्छ। यस कवितामा आँखाभित्र देखापर्ने सानी नानीलाई उपमेय बनाई, 'मैया' र 'जून' को उपमान दिएको छ र 'जस्ती' वाचक शब्दद्वारा तिनका बिच झुलाइ एवम् खुलाइको साधर्म्य देखाई उपमा अलङ्कारको प्रयोग गरिएको छ। यस कवितामा 'आँखा' र 'मुजुरपङ्खी झ्याल' तथा 'आँखा' र 'अमृतको ताल'का बिच अभेदारोप गरी रूपक अर्थालङ्कारको सौन्दर्य पनि भरिएको छ। यस कवितामा 'आँखाभित्र देखापर्ने सानी सानी को हो' ? भनी आमाप्रति गरिएको प्रश्नद्वारा प्रश्नालङ्कारको प्रयोग गरिएको छ। यस कवितामा 'आँखाभित्र देखापर्ने सानी अरू कोही नभएर तिमी नै हौ' भनी आफ्नी नानीलाई दिइएको जवाफद्वारा उत्तरालङ्कारको सिर्जना पनि गरिएको छ। यस कवितामा 'आँखाभित्र मैया झुले जस्ती जून खुले जस्ती' देखिने सानी नानी को होली भन्ने सन्देह प्रकट गरिएको छ।

'यति सानु नानी बोले कस्तो हुन्थ्यो' शीर्षक बाल कवितामा प्रश्नालङ्कार, उत्तरालङ्कार, सन्देह, उपमा, अतिशयोक्ति आदि अलङ्कारको प्रयोग भएको छ। यस कवितामा यति सानु नानी बोले कस्तो हुन्थ्यो भन्दै सानु नानीप्रति गरिएको प्रश्नद्वारा प्रश्नालङ्कारको चमत्कार भरिएको छ। यस कवितामा यति सानु नानी बोले दुई पाते फूल बोलेजस्तो हुन्थ्यो भनी दिइएको जवाफबाट उत्तरालङ्कारको सिर्जना पनि गरिएको छ। यस कवितामा यति सानु नानी बोल्दा आँखाको नानी बोलेजस्तो, पानीभित्र जून बोलेजस्तो, मिरमिरेको किरण बोलेजस्तो, मान्छे बोली च्यौता बोलेजस्तो हुन्थ्यो होला भन्ने सन्देह पनि प्रकट गरिएकोले र यति सानु नानी बोले मान्छे बोले पनि देवता बोलेसरह हुन्थ्यो भनी समाधान पनि दिइएको हुनाले सन्देह अलङ्कारको प्रयोग गरिएको छ। सानु नानीलाई उपमेय बनाई त्यसलाई 'दुई पाते फूल', 'पानीभित्रको जून', 'मिरमिरेको किरण'को उपमान दिइएको छ र 'जस्तो' वाचक शब्दद्वारा

तिनका बिचको बोलाइको साधर्म्य देखाई उपमा अलङ्कारको प्रयोग गरिएको छ। यस कवितामा सानु नानी बोलेको दुई पाते फूल बोले जस्तो, घामछाया बोलेजस्तो, मिरमिरेको किरण बोलेजस्तो आदिको अतिशय उल्लेख गरिएबाट अतिशयोक्ति अलङ्कारको सौन्दर्य पनि भरिएको भेटिन्छ।

'हाम्री बहिनी टुल्की' बाल कवितामा उपमा, उत्प्रेक्षा र विरोधाभास अलङ्कारको प्रयोग भएको छ। यस कवितामा बहिनीलाई उपमेय बनाई जून, घाम, नाना-चाचा जस्ता उपमान दिई 'जस्तै' वाचक शब्दद्वारा तिनका बिचको झुल्काइ र टुल्काइको साधर्म्य देखाई उपमा अलङ्कारको प्रयोग गरिएको छ। यस कवितामा सानी बहिनीले यता हेर्दा हेर्दै उता हेरेकी र उता फर्कँदा यता बिर्सिने सम्भावना देखाइएकोले उत्प्रेक्षा अलङ्कारको प्रयोग पनि पर्न गएको छ। यस बाल कवितामा ती सानी बहिनीले अरू सबैलाई बिर्से पनि मलाई बिर्सन्न भन्ने विरोधाभास प्रकट गरिएकोले विरोधाभास अलङ्कारको रमणीयता पनि पाइन्छ।

'सिपालु हो माकुरो' शीर्षक बाल कवितामा उत्प्रेक्षा, अर्थान्तरन्यास, स्वभावोक्ति र अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ। यस कवितामा माकुरोले आफ्नो पेटबाट रेशम झिकी जालो बुनेकोलाई चेतनाको अक्कल झिकी जाली रुमाल बुनिदिएको हो भन्ने सम्भावना झल्काई उत्प्रेक्षा अलङ्कारको प्रयोग गरिएको छ। यस कवितामा माकुराले पेटबाट रेशम झिकी जालो बुन्ने सामान्य उक्तिलाई चेतनाको अक्कल झिकी जाली रूमाल बुन्ने विशेष उक्तिद्वारा समर्थन गरेको हुनाले अर्थान्तरन्यास अलङ्कारको चातुरी पनि पाइन्छ। यस कवितामा माकुराले पेटबाट रेशम झिकी जालो बुन्नु र हातमा सीप भए जेसुकै कुरा पनि रच्न सक्नु स्वाभाविक हो भन्ने कुरा देखाइएकोले स्वभावोक्ति अलङ्कार पनि पर्न गएको छ। यस कवितामा माकुराले जालो बुनेजस्तै चेतनाको अक्किल झिकेर जाली रुमाल बुन्ने कुरा गरिएकोले यसमा अतिशयोक्ति अलङ्कार पनि पर्न गएको छ।

'बिजुले र बिजुला' बाल कवितामा व्यक्तिविधान, उपमा, सन्देह, समानान्तरता र सङ्कर अलङ्कारको प्रयोग गरिएको छ। यस कवितामा आकाशमा चम्कने बिजुली बारेको चित्रण गर्दा त्यसको पुरूष रूप बिजुले र स्त्री रूप बिजुलाको कल्पनाद्वारा प्रकृति बिजुलीको मानवीकरण गरिएकोले व्यक्तिविधान अलङ्कारको प्रयोग गरिएको देखिन्छ। यसमा बिजुले र बिजुलालाई उपमेय बनाई तिनलाई 'उस्तै उस्ता एकै ज्यान'को उपमान दिएको छ र 'जस्ता'

बाचक शब्दद्वारा तिनको उस्तै हुनुको साधर्म्य पनि देखाई जोडेकोले यसमा उपमा अलङ्कारको प्रयोग छ । यस कवितामा बिजुले र बिजुला दुवै उस्तैउस्ता भएकाले यिनीहरू एकै ठाउँ बस्दा एकै ज्यानजस्ता देखिन्छन् तर यिनीहरू एकै हुन् कि दुई भनी लोक नै जिल्ल पर्छ भनेर सन्देह प्रकट गरिएकोले यहाँ सन्देह अलङ्कारको प्रयोग पनि पाइन्छ । यस कवितामा बिजुले र बिजुला जहाँ जहाँ मिल्छन्, त्यहाँ त्यहाँ झिलिमिली हुन्छ, चार आँखा खिल्छ र उनीहरू एकैचोटि हाँस्छन् भनेर दुवैको समानान्तरता देखाइएकोले समानान्तरता अलङ्कारको प्रयोग पनि देखिन्छ । यस कवितामा बिजुले र बिजुला दुवै एकै ज्यानजस्ता देखिए पनि यिनीहरू एउटै हुन् कि दुईटा हुन् लोक नै जिल्ला परेको छ भन्दै यिनीहरू दुवै एकै नभई बेग्लाबेग्लै होलान् भन्ने सम्भावना समेत देखाइएकोले यसमा उपमा, उत्प्रेक्षा र सन्देहजस्ता अलङ्कारको मिश्रण भई सङ्कर अलङ्कारको विचित्र प्रयोग स्वाभाविक रूपमा नै हुन गएको पाइन्छ ।

'लाग्यो तिहार' शीर्षक बाल कवितामा उत्प्रेक्षा, उपमा र स्वभावोक्ति अलङ्कारको प्रयोग भएको छ । यस बाल कवितामा बारीभरि मगमग बासना छरेर हसना फूल फुलेकोले त्यो फूल टिपेर बहिनीलाई सिंगार गरिदिउँ कि भन्ने उत्प्रेक्षा गरिएकोले यसमा उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको छ । यस कवितामा उपमेय बहिनीलाई ढकमक्क फुलेको सयपत्रीको उपमान दिई 'जस्ती' वाचक शब्दद्वारा ती दुवैका बिचको ढकमक्क फुलाइ एवम् हुर्काइको साधर्म्य देखाई उपमा अलङ्कारको प्रयोग गरिएको छ । यस कवितामा सूर्यमुखी फूल सूर्यतिर झुकी फुलेको र तिहार लागेकोले त्यही फूलसँगसँगै पहार ताप्ने स्वाभाविक कल्पना गरिएकोले यसमा स्वभावोक्ति अलङ्कारको पनि प्रयोग गरिएको छ ।

माथिका आठवटा बाल कविताहरूको अलङ्कार प्रयोगगत विश्लेषण गरी हेर्दा तिनमा माधव घिमिरेले उपमा, अतिशयोक्ति, स्वभावोक्ति, सन्देह, सङ्कर, उत्प्रेक्षा, प्रश्नालङ्कार प्रयोग गरेको पाइन्छ । यसबाट उनले आफ्ना बाल कवितामा कथ्य अर्थलाई बालकका निम्ति रोचक र आकर्षक बनाई व्यक्त गर्नका निम्ति विभिन्न अर्थालङ्कारहरूको प्रयोग गरेको कुराको पुष्टि हुन्छ । उनको त्यो अर्थालङ्कारको प्रयोग साधित वा आयोजित किसिमको नभई कथ्य अर्थको सहजात अर्को चमत्कारपूर्ण अर्थकै रूपमा रहेको देखिन्छ ।

## ५.१० निष्कर्ष

प्रस्तुत परिच्छेदमा गरिएको माधव घिमिरेका बाल कविताका प्रवृत्तिको विश्लेषणबाट प्राप्त हुने निष्कर्षका बुँदाहरू यस प्रकार छन् :

१. माधव घिमिरे बाल कविता लेख्नका निम्ति आफूले बालक कालमा सुनेका बाल लोकगीतबाट, आफ्नै बालक जीवनको रमणीय स्मृतिबाट, आफ्नै जन्मथलो पुस्तुनको पहाडी प्राकृतिक परिवेश एवम् ग्रामीण संस्कृतिबाट, आफूले पढाएका बालक विद्यार्थीको व्यवहार एवम् मनोभावबाट, आफ्नै छोराछोरी र नातिनातिना खेलाउँदा आर्जेको अनुभवबाट अनि नेपाली, हिन्दी र बंगला साहित्यका अग्रज स्रष्टाका बाल कविताका पठन तथा आस्वादनबाट बाल कविता लेख्ने प्रेरणा प्राप्त गरेको देखिन्छ ।

२. माधव घिमिरेका बाल कविताको मुख्य धारा स्वच्छन्दतावादी धारा हो । उनले आफ्नो बाल कवितामा आत्मपरक कल्पनाशीलता, प्रकृतिप्रेम, अतीतोन्मुखता, मानवता, विश्वबन्धुत्व, देशप्रेम, समाजसचेतता, युगबोध, मानवप्रकृति तादात्म्य जस्ता स्वच्छन्दतावादी प्रवृत्ति अँगालेका छन् ।

३. विषयवस्तुगत विविधता माधव घिमिरेका बाल कविताको अर्को प्रवृत्ति हो र उनले प्रकृतिका साथै मानव जीवन र ती अन्तर्गत पनि बालकहरूलाई घत पर्ने प्रकृति, जीवन र समाजका विविध दृश्य र कार्य तथा प्रक्रियालाई आफ्ना बाल कविताको विषयवस्तु बनाएका छन् । खास गरी प्रकृति, संस्कृति, समाज, इतिहास, धर्म आदिका साथै प्राचीन जीवनशैली र आधुनिक जीवन शैलीका विभिन्न पक्षलाई उनले बालकलाई मनोरञ्जन दिने, शिक्षा दिने ध्येय लिई आफ्ना बाल कवितामा चित्रण गरेको पाइन्छ ।

माधव घिमिरेले आफ्ना बाल कवितामा पद्य लयकै प्रयोग गरेको पाइन्छ । उनले कवि उक्ति तथा पात्रोक्तिका दुवै थरी उक्तिढाँचाको प्रयोग गर्नुका साथै विविध अर्थालङ्कारको पनि सरल स्वाभाविक र आकर्षक प्रयोग गरेको पाइन्छ । उनका बाल कविताको भाषा पनि सजिलो, रसिलो र बालकहरूका निम्ति मनोहर लाग्ने खालको नै देखिन्छ र त्यस भाषिक प्रयोगका दृष्टिले हेर्दा उनका बाल कविता विशेष गरी ६-१० वर्ष उमेरसमूहका बालकहरूका निम्ति बोध्य रही उपयोगी बनेका देखिन्छन् । यसै गरी उनका बाल कवितामा प्रकृति र मानवबीचको सहसम्बन्धलाई पनि देखाइएको छ । उनले आफ्ना बाल कवितामा प्रकृति पनि मानिस जस्तै

सुत्ने, बिउँझने, खेल्ने अनि प्रकृतिका जीव, पशुपक्षी, कीराले पनि मानिसले जस्तै गरी कुराकानी गर्ने, लुगा लाउने, पटुकी बाँध्ने, छोराछोरी पाउने कुराको उल्लेख गरेका छन् । उनका बाल कविताको मुख्य उद्देश्य मनोरञ्जन दिनु हो तापनि आफ्ना कविताहरूको माध्यमबाट उनले बालकलाई नैतिक सन्देश पनि दिएका छन् । विभिन्न भावहरूको अभिव्यक्ति गरेर लेखिएका उनका बाल कवितामा विशेष गरी हर्ष र औसुक्य भावको बढी प्रयोग पाइन्छ । समग्रमा हेर्दा घिमिरेका बाल कवितात्मक प्रवृत्तिगत वैशिष्ट्य थोरै शब्दमा धेरै कुरा वा भाव व्यक्त गर्न सक्नु र सरल ढङ्गबाट गहन भाव अभिव्यक्ति गर्नु देखिन्छ । यही नै उनका बाल कविताका प्रवृत्तिको निष्कर्ष पनि हो ।

## परिच्छेद छ

# सारांश तथा निष्कर्ष

प्रस्तुत शोधप्रबन्धको यस छैटौँ परिच्छेदका रूपमा रहेको 'सारांश तथा निष्कर्ष' शीर्षक अन्तर्गत प्रथमतः दोस्रो परिच्छेददेखि पाँचौँ परिच्छेदसम्मको सारांश प्रस्तुत गरी त्यसपछि निष्कर्ष र सामान्यीकृत निष्कर्ष दिइएका छन् । यस परिच्छेदका अन्त्यमा भावी शोधकार्यका निम्ति सुझाउ पनि राखिएको छ ।

## ६.१ सारांश

प्रश्तुत शोधप्रबन्धमा छवटा परिच्छेदहरू रहेका छन् । पहिलो परिच्छेद शोध परिचयका रूपमा रहेको छ । यस अन्तर्गत विषय परिचय, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधविधि, शोधको सीमाङ्कन र शोधप्रबन्धको रूपरेखा रहेको छ ।

दोस्रो परिच्छेद माधव घिमिरेको जीवनयात्रा, साहित्यिक यात्रा र कवितायात्रा रहेको छ । यस परिच्छेदमा सवप्रथम माधव घिमिरेको जीवनयात्रा र साहित्यिक यात्राको चर्चा गर्दै उनको जीवन यात्रालाई साहित्य सिर्जनाको समयावधि १९९१ देखि हालसम्म गरी दश-दश वर्षको कालखण्डमा विभाजन गरिएको छ । घिमिरेको जीवनयात्रा र साहित्यिक यात्रासँग उनको बाल कविताको पनि सहसम्बन्ध रहेकोले यस परिच्छेदमा उनको कविता यात्राको पनि चरण विभाजन गरिएको छ । यस क्रममा उनको कविता यात्रालाई प्रथम चरण (१९९२-२०२९) र द्वितीय चरण (२०३० - हालसम्म (२०७१)) गरी दुई भागमा विभाजन गरिएको छ भने बाल

कविता यात्रालाई चाहिँ पूर्वार्द्ध चरण (१९९२-२०२९) र उत्तरार्ध चरण (२०३० - यता) गरी विभाजन गरिएको छ। माधव घिमिरेको जीवनयात्रासँग उनको बाल कविताको पनि सहसम्बन्ध देखिन्छ। उनले आफ्ना बाल कवितामा बालकलाई भगवानका छोराछोरीजस्ता प्यारा, आँखाका नानीजस्ता प्यारा, निश्चल, कोमल, फूलजस्तै, सुकमार भनेको पाइन्छ। उनले आफ्ना बालकथा र निबन्धमा पनि बालकलाई बाल कवितामा जस्तै भगवान्का घरबाट आएका भगवान्का छोराछोरी सरह ठानेका छन्। उनले आफ्ना फुटकर कविता, गीत, खण्डकाव्य, कथा, निबन्धजस्ता विधामा बालक सम्बन्धी धारणाको अभिव्यक्ति दिने प्रसंगमा बालकलाई फूलजस्ता कोमल, जूनकीरी जस्ता उज्याला, आँखाका नानीजस्ता प्यारा भनेका हुनाले उनको बाल कवितासँग उनका अन्य साहित्यिक कृतिको पनि सहसम्बन्ध देखिन्छ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदका रूपमा रहेको माधव घिमिरेका काव्यकृतिमा बालक सम्बन्धी धारणा अन्तर्गत शोधको उद्देश्यअनुसार माधव घिमिरेले आफ्ना फुटकर कविता, गीत, खण्डकाव्य, गीतिनाटक, कथा, निबन्धजस्ता कृतिहरूमा बालकसम्बन्धी धारणालाई प्रस्तुत गर्ने सन्दर्भमा बालकलाई विषयका रूपमा र अलङ्कारका रूपमा पनि प्रयोग गरेको पाइएकोले त्यसलाई पनि यसमा समावेश गरिएको छ। यसै गरी जीवनसम्बन्धी दृष्टिकोणको प्रतिपादनका निम्ति उनले आफ्ना फुटकर कविता, गीत, खण्डकाव्य, गीतिनाटक, कथा, निबन्ध जस्ता कृतिहरूमा प्रकट गरेका बालकसम्बन्धी धारणाहरू पनि यहाँ प्रस्तुत गरिएको छ। माधव घिमिरेको काव्यकृतिमा अभिव्यक्त बालसम्बन्धी धारणा उनको बाल कवितासँग पनि सम्बन्धित देखिन्छ। उनले बालक सम्बन्धी धारणा अभिव्यक्त गर्ने क्रममा बालकलाई कतै शिशु, कतै बालक, कतै बालिका आदि भनेर चिनाउँदै तिनीहरू भगवान्का घरबाट आएका भगवान्का छोराछोरी, फूलजस्ता कोमल, जूनकीरीजस्ता उज्याला, निश्चल, अबोध हुन्छन् भनेका छन् र बालकप्रति आफ्ना मनको सकारात्मक धारणा प्रभावकारी ढङ्गले उपस्थापन गरेका छन्।

प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेदका रूपमा रहेको माधव घिमिरेका बाल कविताहरूको विश्लेषण अन्तर्गत शोधको उद्देश्यअनुसार घिमिरेका बाल कविताहरूको विश्लेषण धारा, विषयवस्तुगत, भावविचार, उक्तिढाँचा, लय, भाषाशैली, उमेरसमूह आदिका दृष्टिकोणले गरिएको छ, जस अन्तर्गत घिमिरेका बाल कविताहरूको विषयवस्तु प्रकृतिका जीव, जनावर, वनस्पति, कीटपतङ्ग हुँदै बालकका खेलसँग र आधुनिक संचारको सशक्त माध्यम

टेलिफोनसँग समेत सम्बन्धित रहेको कुरा प्रस्ट पारिएको छ । यसै गरी स्वच्छन्दतावादी प्रवृत्तिका कवि भएकाले उनका बाल कवितामा स्वच्छन्दतावादी प्रकृतिप्रेम, विश्वबन्धुत्वको भावना, देशभक्ति, युगबोध, प्रकृति र मानवबिचको सहसम्बन्ध पनि बालोपयोगी रुपमा व्यक्त भएका देखिन्छन् । माधव घिमिरेका बाल कवितामा कविउक्ति, पात्रोक्तिको बालानुरूपी प्रभावकारी प्रयोग गरिएको पाइन्छ । लयढाँचाका दृष्टिले हेर्दा उनका बाल कविता नेपाली लोकलय र संस्कृत स्रोतका शास्त्रीय लयढाँचामा रचिएका देखिन्छन् भने भाषाशैलीका दृष्टिले उनका बाल कविताको भाषाशैली बालकको उमेरअनुसार सुहाउँदो, सरल र सरस खालको छ । बालकको उमेर, स्तरअनुसार उनले अनुप्रासको पनि प्रयोग पनि गरी भाषाशैलीलाई रम्य बनाएका छन् । माधव घिमिरेले रचेका बाल कविताको मुख्य उद्देश्य बालकलाई मनोरञ्जन दिनु भए तापनि बालकलाई नजानिँदो तरिकाले नैतिक सन्देश दिने ध्येय पनि उनले लिएको पाइन्छ । उनका बाल कविता केटाकेटी अवस्थामा बालकले मनोरञ्जनका लागि पढ्छ भने त्यसको भाव उसले आफ्नो जीवनको परिपक्व अवस्थामा वा एम्.ए. पढ्ने भएपछि बुझ्दछ ( कविको भनाइअनुसार) । यसै गरी उनका बाल कवितामा हर्ष, औत्सुक्य, अपस्मार, उत्साह आदिजस्ता तेत्तिस वटै भावको अभिव्यक्ति पाइन्छ तापनि उनका धेरै बाल कवितामा हर्ष र औत्सुक्य भावको नै प्रभावकारी अभिव्यक्ति पाइन्छ । उमेर समूहका दृष्टिले उनका बाल कवितालाई हेर्दा ती शैशवावस्थादेखि १४ वर्षसम्मको उमेरसमूहका बालकलाई उपयोगी हुने गरी रचिएका देखिन्छन् ।

प्रस्तुत शोधप्रबन्धको पाँचौं परिच्छेदका रूपमा रहेको **माधव घिमिरेका बाल कवितात्मक प्रवृत्ति** अन्तर्गत शोधको उद्देश्यअनुरूप घिमिरेका बाल कवितात्मक प्रवृत्तिको विश्लेषण गरिएको छ । माधव घिमिरेको बाल कवितात्मक प्रवृत्तिबारे अध्ययन गर्दा प्रथमतः उनको बाल कवितात्मक उत्प्रेरणास्रोत बारे प्रकाश पारिएको छ । उनले बाल्यकालमा आफूले सुनेका बाललोकगीतका साथै लिखित बाल कविताका पूर्व परम्पराबाट प्रेरित भएर बाल कविताको रचना गरेका देखिन्छ । यसै गरी लक्ष्मीप्रसाद देवकोटाका बाल कविताबाट पनि प्रेरित भएर उनले बाल कविताका रचना गरेका छन् भने बङ्ला भाषाका साहित्यकार रवीन्द्रनाथका बाल कविताहरू पढेर पनि उनले बाल कविता लेखेका छन् । शिक्षक भएर जीविकोपार्जन गर्ने प्रसंगमा बालबालिकाका मनोभावनालाई राम्रोसँग बुझ्ने मौका पाएका घिमिरेले आफ्नै छोराछोरी र नातिनातिनालाई हुर्काउँदा आर्जेको अनुभवका आधारमा पनि

बालकको मनोभावना अनुरुप तुल्याई बाल कविताको रचना गरेको देखिन्छ। उनका बाल कविताको मुख्य धारा स्वच्छन्दतावादी भावधारा हो। उनका बाल कवितामा स्वच्छन्दतावादी प्रकृतिप्रेम, मानवतावाद, देशभक्तिको भावना, सामाजिक सचेतता, संस्कृतिप्रेम, इतिहासप्रेम, युगबोध, विश्वबन्धुत्वको भावना, प्रकृति र मानवबिचको सहसम्बन्ध जस्ता प्रवृत्ति देखापर्छन् । उनका बाल कविताको अर्को प्रवृत्ति विषयवस्तुगत विविधता हो। उनले प्रकृतिका जीव, जनावर, वनस्पति, खोला, हिमाल, कीटपतंग आदिलाई विषयवस्तु बनाएर बाल कविताको रचना गरेका छन्। उनले नक्षत्र मण्डलका तारा, बादल, जून, घाम, इन्द्रेणी, कुहिरो आदिलाई विषयवस्तु बनाएर पनि बाल कविताको रचना गरेका छन् । मानिसमा हुने भकभकेपना र लाटोपन अनि दैनिक व्यवहारमा प्रयोग हुने ढिकी, जाँतो, डोको आदिलाई पनि विषयवस्तु बनाएर उनका बाल कविताहरू रचिएका छन्। यस्तै उनका बाल कवितामा आधुनिक संचारको सशक्त माध्यम टेलिफोन समेतलाई विषयवस्तु बनाइएको छ।

माधव घिमिरेका बाल कवितागत लयढाँचा हेर्दा उनले नेपाली लोकलय र शास्त्रीय छन्दअन्तर्गतका अनुष्टुप छन्द र उपजाति छन्दको सुमधुर प्रयोग गरेको देखिन्छ। उनका बाल कविताहरूको मुख्य उद्देश्य बालकलाई मनोरञ्जन दिनु हो तापनि सन्देशमूलकता पनि त्यसभित्रै सन्निहित भेटिन्छ । माधव घिमिरेका बाल कवितामा बालबोलीको प्रयोग पनि पाइन्छ। उनले आफ्नो बाल कविताको शीर्षक नै बालबोलीअनुसार 'घामपानी', 'सुनपंखी चरी', 'बिजुले र बिजुला' राखेका छन्। यस्तै भाषाशैली र अलंकारका दृष्टिले उनका बाल कवितात्मक प्रवृत्तिलाई हेर्दा उनका बाल कवितामा सरल र बालकले बुझ्न सक्ने भाषाशैलीको प्रयोग पाइन्छ भने उपमा, उत्प्रेक्षा, स्वभावोक्ति, सङ्कर, अर्थान्तरन्यास, अतिशयोक्ति जस्ता अलङ्कारको प्रयोगले उनका बाल कविता सुरम्य बनेका छन्। उनका बाल कवितामा प्रकृति र मानवबिच सहसम्बन्ध स्थापित गरिएको देखिन्छ। उनले बालकको उठाइसँगै प्रकृतिलाई पनि उठाएका छन् भने बालकसँगै प्रकृति पनि खेल्न आएको, प्रकृति पनि बालकसँगै सुतेको जस्ता अनौठो कुराको चित्रण गरेर प्रकृति र मानवबिचको सम्बन्धलाई बालोपयोगी रूपमा चित्रण गरी देखाएका छन्।

## ६.२ निष्कर्ष

"माधव घिमिरेका बाल कविताका प्रवृत्ति" शीर्षकको प्रस्तुत अध्ययनमा तिनवटा शोधप्रश्नसँग सम्बद्ध सामग्रीको विश्लेषण गरिएको छ । ती शोधप्रश्नको प्राज्ञिक समाधानका रुपमा प्राप्त हुन आएका निष्कर्षको उल्लेख तल गरिएको छ ।

क) प्रस्तुत शोधको पहिलो शोध प्रश्न माधव घिमिरेका जीवनयात्रा र कविता यात्राका परिप्रेक्ष्यमा उनको बाल कवितायात्राको विकासक्रम कस्तो छ भन्ने रहेको छ । यस शोधप्रश्नसँग सम्बद्ध सामग्रीको विश्लेषण (दोस्रो परिच्छेद) गर्दा माधव घिमिरेका जीवनयात्रा र कवितायात्रासँग उनको बाल कविताको सिर्जनात्मक सहसम्बन्ध रहेको कुराको पुष्टि भएको छ । उनको जीवनयात्राकै अभिन्न अंग उनको सिर्जनयात्रा पनि हो । उनले आफ्नो जीवनयात्रामा कविता, गीत, खण्डकाव्य, गीतिनाटक, कथा, निबन्ध जस्ता विभिन्न प्रकारका साहित्यिक कृति रच्नुका साथै बाल कविताको पनि रचना गरेका छन् । उनका अन्य साहित्यिक कृतिहरू जति महत्वपूर्ण छन् बाल कविता पनि त्यति नै महत्वपूर्ण छन् । उनको जीवनयात्रा कवितायात्राकै महत्वपूर्ण सृजनात्मक परिणति उनका बाल कविता हुन् र उनको बाल कवितायात्रा उनको समष्टि कवितायात्राकै एक अभिन्न र पूरक अङ्गका रुपमा विकसित भइआएको देखिन्छ ।

ख) माधव घिमिरेका साहित्यिक कृतिहरुमा बालकसम्बन्धी धारणा के कस्तो रुपमा भएको छ भन्ने प्रश्न यस शोधको दोस्रो समाधान जिज्ञासा हो । उक्त प्रश्नसँग सम्बद्ध सामग्रीको विश्लेषण (तेस्रो परिच्छेद) गर्दा उनले आफ्ना फुटकर कविता, गीत, खण्डकाव्य, गीतिनाटक, कथा, निबन्धमा बालकसम्बन्धी धारणा अभिव्यक्त गरेको पाइन्छ । त्यस क्रममा उनले क्रममा बालकलाई बुझाउन शिशु, बालिका, नानी, बालक, केटो शब्दको प्रयोग गरेका छन् । उनले बालकसम्बन्धी धारणाको अभिव्यक्ति दिने क्रममा बालकलाई 'आँखाको नानी जस्ता प्यारा', 'जूनजस्ता उज्याला', 'फूलजस्ता हाँसिरहने', 'भगवान्का घरबाट ल्याइएका देवकुमार' आदि उपनाम दिएका छन् । उनका अन्य कृतिमा प्रस्तुत गरिएको बालक सम्बन्धी धारणासँग उनको बाल कविताको पनि सहसम्बन्ध देखिन्छ । उनका बाल कवितामा पनि बालकलाई 'सुकुमार', 'कोमल', 'जूनकीरीजस्ता उज्याला', 'सयपत्री फूलजस्ता राम्रा', 'जून घामजस्ता चम्किला' देखिन्छन् भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । घिमिरेको यस दृष्टिकोण अनुसार 'बाल्यकाल सुखी र आनन्दित हुन्छ', 'बालकहरू ईश्वरका स्वरूप

हुन्', 'बालक निश्छल र निष्कपट हुन्छन्' । उनका अनुसार संसारमा सबभन्दा सुन्दर क्षण भनेको खेलमा मग्न शिशु हो र बालकको लागि सबभन्दा प्यारो वस्तु भनेको खेल हो । उसले आफ्नो खेलमा प्रकृति पनि आफूसँगै खेलिरहेको ठान्दछ । बालकका लागि संसारका सबै वस्तु एकै हुन् । उनका दृष्टिमा बालक र प्रकृतिबिच गहिरो सम्बन्ध रहेको हुन्छ । यी सबै कुराका सन्दर्भमा उनी बालकलाई महत्व दिएर बालभाव र बालभाषामा बाल कविताको रचना गर्ने साहित्य स्रष्टा हुन् भन्ने कुरा स्पष्ट हुन्छ । त्यसैले उनले बालोपयोगी र बालकको मनोभावना बुझेर आफैँ बालक बनेर, बालकजस्तो बनेर र आमाजस्तो बनेर पनि बाल कविताको रचना गरेको देखिन्छ ।

ग) माधव घिमिरेका बाल कवितामा धारागत र विधातत्वगत केकस्ता प्रवृत्ति पाइन्छन् भन्ने शोधप्रश्न यस शोधको मुख्य समाधेय समस्या हो । यस शोधप्रश्नसँग सम्बद्ध सामग्रीको विश्लेषण (चौथो र पाँचौ परिच्छेद) गर्दा यी निष्कर्ष प्राप्त भएका छन् :

(१) माधव घिमिरेले जम्मा चारवटा **घामपानी** (२०१०), **बालालहरी** (२०२५), **सुनपंखी चरी** (२०५३) र **बिजुले र बिजुला** (२०६३) सङ्ग्रहमा सङ्कलित बाल कविताका साथै फुटकर रूपमा प्रकाशित 'बाललीला' र 'राहुल यशोधरा' बालकाव्य समेत गरी जम्मा ११७ वटा बाल कविता रचेका छन् । ती बाल कविताहरू स्वच्छन्दतावादी भावधारागत आत्मपरक अनुभूति एवं सृष्टि रहस्यतर्फको चासो र विचित्र कल्पनाशीलताले ओतप्रोत देखा पर्दछन् । विषयवस्तुगत विविधता, उक्तिगत वैचित्र्य, लोक तथा शास्त्रीय छन्दको माधुर्य, सरल एवम् सरस तथा मधुर भाषाको प्रयोग र अर्थालङ्कारको स्वाभाविक सौन्दर्यको प्राप्तिका साथै समग्रमा बालकहरूका निम्ति संवेद्य एवम् शिक्षाप्रद हुनु जस्ता गुण समेत ती बाल कवितामा भेटिन्छन् ।

(२) माधव घिमिरेका चारवटा बाल कविता संग्रह (**घामपानी, बालालहरी, सुनपङ्खी चरी, बिजुले** र **बिजुला**) र फुटकर रूपमा प्रकाशित 'राहुल यशोधरा' बालकाव्य र 'बाललीला' (२०५८)मा प्रकाशित 'कान्छी औँलाले' र 'बालमेला' गरी जम्मा ११७ वटा कविताका अध्ययनबाट उनका बाल कविताका मुख्य प्रवृत्ति यस प्रकार देखिन्छन् :

- उत्प्रेरणा स्रोतका दृष्टिले लोकबालगीतका साथसाथै लिखित बाल कविताका पूर्व परम्पराबाट प्रेरित भई बाल कविताको रचना गर्नु उनको मुख्य प्रवृत्ति

हो । उनले बाल कविता रच्नका निम्ति आफ्नै गाउँघर र नेपाली समाजमा प्रचलित लोकगीत र लोकभाकाबाट प्रमाण ग्रहण गरेका छन्; तर त्यसो गर्दा उनले आफ्ना बाल कवितामा निकै मौलिकता पनि थपेका छन् । उदाहरणका रुपमा लोकबाल कविता, 'बस बस मौरी' र घिमिरेले रचेको 'बस बस माहुरी' बाल कवितालाई हेर्न सकिन्छ । (जस्तै विषयवस्तु माहुरीकै भए पनि त्यसको प्रस्तुतीकरण शैली फरक पाइन्छ ।)

- माधव घिमिरेले आफूभन्दा अग्रज साहित्यकार लक्ष्मीप्रसाद देवकोटाका बाल कविताबाट उत्प्रेरित भएर पनि बाल कविताको रचना गरेका छन् । यसै गरी लेखनाथ पौड्याल र बंगाली साहित्यकार रवीन्द्रनाथ टैगोरका कविता पढेर पनि उनलाई बाल कविता लेख्ने प्रेरणा मिलेको कुरा स्वयम् कविले अन्तर्वाताको प्रसंगमा अभिव्यक्त गरेका छन् । माधव घिमिरेले आफ्नो लामो जीवनयात्रामा दुईजना धर्मपत्नीबाट जन्मेका आठ छोराछोरी र तिनबाट जन्मेका नातिनातिनीहरु समेतका बाललीला एवं खेलमेलको अवलोकन गर्दै तिनैसँगै खेल्दै तिनैका निम्ति बाल कविता पनि रचेको देखिएबाट उनका आफ्नो परिवारका बालनानीहरु पनि उनको बाल कवितात्मक सृजनशीलताका उत्प्रेरणा स्रोत बनेका छन् । शिक्षक तथा प्रधानाध्यापक भएर लामो समयसम्म बालबालिकासँग घुलमिल हुने अवसर प्राप्त भएकोले पनि माधव घिमिरेले बालबालिकाको मनोभावनालाई बुझेर बाल कविताको रचना गर्न सकेका हुन् ।
- माधव घिमिरेको बाल कविताका मुख्य प्रवृत्तिको रूपमा स्वच्छन्दतावादी धारालाई पनि लिन सकिन्छ । स्वच्छन्दतावाद अन्तर्गत उनका बाल कवितामा प्रकृतिप्रेम, प्रकृति र मानवबिच तादात्म्यता, प्रकृतिलाई मानवीकरण, देशप्रेमको भावना, गहिरो राष्ट्रप्रेम, विश्वबन्धुत्वको भावना पाइन्छ । उनी स्वच्छन्दतावादी प्रवृत्तिको कवि भएकाले पनि उनका बाल कविता स्वच्छन्दतावादी प्रकृतिका हुनु स्वाभाविकै हो । उनले आफ्ना बाल कवितामा प्रकृतिचेत, विश्वबन्धुत्वको भावना, देशभक्ति, युगबोधजस्ता विविध

विषयवस्तुको स्वच्छन्दतावादी आत्मपरक अभिव्यक्ति बालोपयोगी रूपमा गरेको पाइन्छ ।

- माधव घिमिरेका बाल कवितामा विश्वबन्धुत्वको भावना, देशभक्तिको भावना, प्रकृतिगत रहस्यमयताको अभिव्यक्ति पनि पाइन्छ । उनका बाल कविताको मुख्य स्वरगत प्रवृत्ति नै संसारका सबै मानिस एकै हुन् र सबैमा समानताको व्यवहार हुनुपर्छ भन्ने स्वच्छन्दतावादी विश्वबन्धुत्वको भावना हो । यसको लागि उनले बालकको खेलमा पनि विश्वबन्धुत्वको भावना देखाएका छन् ( उदा. 'चिप्ले कीरो', 'हुलाकी हुलाकी', 'मितेरीको गीत', 'भोटेसेलो', 'चन्द्रसूर्य झन्डा हेर फरर !', 'बालमेला' आदि) । माधव घिमिरेका बाल कविताको अर्को मुख्य प्रवृत्ति देशभक्तिको भावना हो । उनले आफ्नो कविताको माध्यमबाट बालकलाई उन्नति, प्रगतिका साथै देशविदेश जहाँ गए पनि पछि आफ्नै देश वा राष्ट्रमा फर्केर आऊ भन्ने सन्देश दिएका छन् (उदा. 'थैया थैया', 'पूर्व घुमे पश्चिम घुमे थकाइ लाग्यो ऐया') ।

- माधव घिमिरेको बाल कविताका अर्को प्रवृत्ति विषयवस्तुगत विविधता हो । उनका बाल कविता प्रकृतिका विविध विषयवस्तुसँग सम्बन्धित छन् । जस्तै प्राकृतिक विषयवस्तु (उदाः घामपानी, पानी पर, नदी, हिमचुली), सामाजिक विषयवस्तुसँग सम्बन्धित (उदा. ढिकी जाँताको सवाइ, भोटेसेलो आदि) । उनका बाल कविताका विषयवस्तु राष्ट्रिय स्तरदेखि अन्तर्राष्ट्रिय स्तरसम्म सुहाउँदा छन् । (उदा. 'राष्ट्रिय झण्डा', 'हुलाकी हुलाकी', 'चिप्ले कीरो', 'मितेरीको गीत', 'राष्ट्रिय झण्डा' बाल कवितामा नेपालीको राष्ट्रिय गौरवको गाथा गाइएको छ भने 'हुलाकी हुलाकी', 'चिप्ले कीरो', 'मितेरीको गीत' बाल कवितामा विश्वबन्धुत्वको भावना देखाइएको छ । उनका बाल कवितामा संसारका जुनसुकै ठाउँमा बसोबास गर्ने मानिस भए पनि ती सबै हाम्रा दाजुभाइ सरह हुन् भन्ने भावना पाइन्छ । माधव घिमिरेका बाल कवितामा प्रकृतिका बनस्पति (उदा. सयपत्री, सिस्नु, केरा) देखि कीटपतंगसम्म (उदाः 'कमिला रानी', 'सिपालु हो माकुरो', 'छेपाराको आहान', 'बसबस माहुरी'),

अनि पशुपंक्षी जगत्का कुकुर बिरालादेखि सिंह, बाघ, भालुसम्मलाई विषयवस्तु बनाएर रचिएका छन् । मानिसको दैनिक व्यवहारमा प्रयोग हुने ढिकी, जाँतोदेखि लिएर टेलिफोनसम्मलाई विषयवस्तु बनाएर उनका बाल कविता रचिएका छन् भने बालकको खेलसँग सम्बन्धित गुलेले, नर्कटको घोडादेखि लिएर प्रकृतिमा आउने विपत्ति भुइँचालो, अनिकालसम्मलाई पनि विषयवस्तु बनाएर उनले बाल कविताको रचना गरेका छन् ।

- माधव घिमिरेको बाल कविताको अर्को मुख्य प्रवृत्ति उक्तिढाँचागत विचित्रता हो । उनले कविउक्ति र पात्रोक्ति दुवैलाई प्रयोग गरी बाल कविताको रचना गरेका छन् । उनको 'घामपानी', 'भोटेसेलो', 'कमिला रानी' कविता जस्ता कविउक्तिको प्रयोग पाइन्छ भने 'ढिकी जाँताको सवाइ', 'म के हूँ', 'भँगेरा र भँगेरी', 'मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक', 'चिप्ले कीरो' आदि जस्ता बाल कवितामा पात्रोक्तिको प्रयोग पाइन्छ। बालकहरूको चित्ताकर्षक हुने गरी उक्तिका विभिन्न ढाँचाहरूको विचित्रतापूर्वक प्रयोग गर्नु र खासगरी 'म' गरी कवि र 'म' बालकका तर्फबाट गरिएको उक्तिमा भावात्मक वर्णनका साथै आफै प्रश्न गर्ने र अघि उत्तर दिने प्रश्नोत्तरात्मक शैलीका साथै संवादात्मक उक्तिशैलीको पनि बालोपयोगी रूपमा उपयोग गर्नु उनका बाल कवितात्मक उक्ति ढाँचाको वैशिष्ट्य हो ।

- माधव घिमिरेको बाल कविताका प्रवृत्तिअन्तर्गत लयढाँचागत प्रवृत्तितर्फ दृष्टि दिँदा उनका बाल कविताहरूमा नेपाली लोकलय र संस्कृत स्रोतका शास्त्रीय छन्दको सुमधुर बालोपयोगी प्रयोग पाइन्छ । उनले रचेका 'भकभके', 'डोको', 'हिमचुली', 'ध्रुवको कथा', 'राहुल यशोधरा', 'खेलौना', 'नदी' जस्ता बाल कवितामा शास्त्रीय स्रोतका अनुष्टुप् छन्द र उपजाति छन्दको श्रुतिमधुर प्रयोग पाइन्छ भने यीदेखि बाहेक उनले रचेका अन्य ११० वटा बाल कवितामा नेपाली लोकलय प्रयोगको माधुर्य सञ्चारित छ । त्यो लयढाँचा बालकहरुका निम्ति मिठो भाका हाली गाउन मिल्ने भई बाल कविता अनुरुपी बन्न पुगेको छ ।

- मनोरञ्जनप्रधान सन्देशमूलकता माधव घिमिरेका बाल कविताको अर्को मुख्य प्रवृत्ति हो । उनका बाल कविताहरू विशेष गरी बालबालिकालाई मनोरञ्जन दिने उद्देश्यले लेखिए पनि ती बाल कविताहरूमा बालबालिकाहरूलाई नैतिक सन्देश पनि उनीहरूले मनोरञ्जनकै रूपमा लिने गरी व्यक्त गरिएको छ । बालबालिकालाई तिमीहरू 'भँगेरा र भँगेरीझैँ बाठो बन' भन्यो भने त्यो उपदेश हुने तर कवितात्मक भाकामा भन्यो भने त्यो उपदेश मनोरञ्जनभित्र सन्निहित रही व्यक्त हुने गर्दछ र उनका बाल कवितामा यस्को प्रवृत्ति महत्वपूर्ण रुपमा रहेको भेटिन्छ । यस्तै प्रक्रियाको अवलम्बन गरी उनले आफ्ना बाल कवितामा नेपालका धर्म, संस्कृति, रीतिरिवाज आदि कुरालाई देखाई त्यसका माध्यमबाट बालकहरूलाई समाजमा राम्रो काम गर्नुपर्छ, आफ्नो धर्म संस्कृतिलाई जोगाउनु पर्दछ भन्ने सन्देश पनि नजाँनिदो तरिकाले दिएका छन् (उदा. 'बाह्रमासा', 'सुकुन्दा', 'कान्छीऔलाले') ।
- माधव घिमिरेका बाल कविता बालकको मनोविज्ञानअनुसार विभिन्न भावमा रचिएका छन् । उनले मानिसका मनमा र बालकका मनमा पैदा हुने अनेकथरी सूक्ष्म भावहरुको अभिव्यक्त गरेका छन् । उनका बाल कवितामा खासगरी उत्साह र वीरता, औत्सुक्य र अद्‌भुत, वात्सल्य र शृङ्गार, शोक र करुण, हास परिहास र हास्य, मानसिक उग्र आवेग र भय, शम र शान्ति जस्ता मनोभावको बालोपयोगी मार्मिक चित्रण भेटिन्छ । यी भावहरुमध्ये पनि उनका बाल कविताहरूमा औत्सुक्य भाव र हर्ष भाव बढी प्रभावकारी ढङ्गमा व्यक्त भएको पाइन्छ ।
- अलङ्कार विधानका दृष्टिले हेर्दा माधव घिमिरेका बाल कवितामा उपमा, अतिशयोक्ति, स्वभावोक्ति, संकर उत्प्रेक्षा, रूपक, अर्थान्तरन्यास, दृष्टान्त, समानान्तरता, प्रश्नालङ्कार आदि अलंकारको सौन्दर्यपूर्ण प्रयोग पाइन्छ । अर्थगत अलङ्कारको यस्तो प्रयोगले उनका बाल कविताको कथ्य अर्थ वा भावलाई बालसंवेद्य तुल्याउनमा उल्लेखनीय भूमिका खेलेको भेटिन्छ ।

- माधव घिमिरेका बाल कवितामा बालबोली र बालभाषाको प्रयोग पाइन्छ । उनका 'घामपानी', 'बालालहरी', 'सुनपङ्खी चरी', 'बिजुले र बिजुला' बाल कविता संग्रहको शीर्षक नै बालबोलीअनुसार राखिएका छन् । यी कवितासंग्रहभित्रका विभिन्न कविताका शीर्षक पनि बालबोलीअनुसारकै छन् ( उदा. 'प्रभाती', 'लुरी', 'भुक्के कुकुर', 'काली कुती ब्याइछ', 'लुली लुली पाखुरी' आदि) ।

- माधव घिमिरेका बाल कवितामा प्रकृतिलाई पनि मानवसरह ठानिएको छ । उनको 'घामपानी' बाल कवितामा बालकले घामपानीलाई 'आकाशकी रानी'को रूपमा तुलना गर्दै ती रानी थोप्लाभित्र बस्ने, भुइँभित्र पस्ने आदि अद्भुत कल्पना गरिएको पाइन्छ । यसै गरी 'प्रभाती' बाल कवितामा प्रभात वा बिहान हुँदा धारा पनि उठ्ने, फूल बिउँझने, मिठो बास्ना छर्ने कल्पना गर्दै बालकको उठाइसँगै प्रकृति पनि उठ्ने र बालक सुत्दा प्रकृतिका धारा, नदी, फूल पनि सुत्ने अनौठो कल्पना पनि उनले गरेका छन् । यस्तै 'बस बस माहुरी' बाल कवितामा माहुरी जस्तो कीराले पनि सुनको पटुकी बाँधेको, तोरीबारी बिर्ता पाएको, उसले मानिसलाई मिठो मह खान दिएर त्यसको धर्मले धेरै छोराछोरी पाएको आदि कल्पना गरिएको छ । यस्तो अद्भुत कल्पना माधव घिमिरे जस्ता स्वच्छन्दतावादी कविले नै गर्न सक्तछन् र यो उनका बाल कविताको मौलिक शक्ति हो ।

- माधव घिमिरेका बाल कवितालाई उमेर समूहका आधारमा पनि वर्गीकरण गरेर हेरिएको छ । शैशवावस्था (जन्मदेखि ६ वर्ष), पूर्व बाल्यावस्था (७ देखि १० वर्ष) र उत्तर बाल्यावस्था (११ देखि १४ वर्ष) उमेरसमूहका बालकलाई सुहाउँने खालका बालककविता उनले रचेका छन् ।

## ६.३ साधारणीकृत निष्कर्ष

प्रस्तुत शोधमा माधव घिमिरेका बाल कविताका प्रवृत्तिका सन्दर्भमा गरिएको अध्ययन नयाँ तथा मौलिक हो र यस अध्ययनबाट उनका बाल कविताका प्रवृत्तिका सम्बन्धमा नवीन रूपमा प्रकाश पर्न गएको छ । उनी नेपाली साहित्यमा मूलतः स्वच्छन्दतावादी धाराका त्यस्ता स्रष्टा ठहर्दछन् जो एउटा सानो शकल र सरल कृतिमा स्वस्थ किसिमको संसार सिर्जिदिने कुशलता देखाउँछन् । नेपाली बाल कविताका परम्परामा पनि उनी स्वच्छन्दतावादी धाराका आत्मपरक अनुभूतिलाई बाल संवेद्य किसिमले छोटो, छरितो, सजिलो र रसिलो लयबद्ध भाषामा व्यक्त गर्ने कविका रूपमा देखापर्दछन् । नेपाली कविताको उनीभन्दा अघिको परम्परामा जहाँ लेखनाथ पौड्याल (जीवनकाल : १९४१-२०२२) ले अर्ती उपदेशमूलक र शैक्षिक प्रयोजनपरक बाल कविता लेखेको देखिन्छ, त्यहीं लक्ष्मीप्रसाद देवकोटा (जीवनकाल, १९६६-२०१६) ले चाहिँ शैक्षिक प्रयोजनबाट मुक्त स्वच्छन्दतावादी उच्च कल्पनाशीलताले र मनोगत वा आत्मगत सूक्ष्म संवेदनाले ओतप्रोत बालप्रयोजनमूलक र खासगरी किशोरबोध्य बाल कविताहरूको रचना गरेको देखिन्छ (घिमिरे, २०७१) । नेपाली बाल कविताको परम्पराका यी दुई अग्रज स्रष्टाहरूका दाँजामा माधव घिमिरेका बाल कवितात्मक प्रवृत्तिहरूलाई हेर्दा देखापर्न आउने उनको नवीन प्रवृत्ति हो- लेखनाथीय अर्ती उपदेशको प्रधानताभन्दा बालमनोरञ्जनको प्रधानता वरण गर्नु र देवकोटेली किशोरबोध्य उच्च कल्पनाशीलताको दाँजामा बालकीय ज्ञानेन्द्रियगम्य स्वाभाविक र सरल तर विचित्र कल्पनाशीलता देखाउनु । वास्तवमा जहाँ माधव घिमिरेका बाल कवितामा नजानिदो पाराले वा मनोरञ्जनका माध्यमद्वारा नै केही शिक्षा र सन्देश पनि दिने नवीन प्रवृत्ति पाइन्छ त्यहीँ उनका बाल कवितामा कुनै पनि वस्तु वा विषयबारे बालकले नै गर्न सक्ने खालका कल्पनाको सरल र विचित्रतापूर्ण चित्रण पनि भेटिन्छ । अग्रज कवि लेखनाथ र लक्ष्मीप्रसादले जहाँ शास्त्रीय स्रोतका छन्दको प्रयोग गरी कविता रचेको देखिन्छ त्यहीँ माधव घिमिरेले चाहिँ ज्यादा जसो बालहृदयलाई स्पर्श गर्ने र बालकका निम्ति भाका हाली हाली गाउन मिल्ने नेपाली लोकलय ढाँचाको प्रयोग गरेको भेटिन्छ । यसै गरी माधव घिमिरेले रचेका **घामपानी, बालालहरी, सुनपङ्खी चरी** र **बिजुले बिजुला** जस्ता बाल कविता सङ्ग्रहमा बालकको बढ्दो उमेर अनुरूप उत्तरोत्तर उमेरका बालकको बोध्य क्षमताप्रतिको सचेतता पनि झल्किन्छ र ती बाल कविता संग्रहहरूमा रहेका बाल कविताहरू सरलताबाट क्रमशः जटिलतातर्फ विकसित हुँदै गएका देखिन्छन् ।

समष्टिमा हेर्दा मनोरञ्जनको प्रधानता र अर्ती उपदेशको गौणता, बालोचित विचित्र कल्पनाशीलता, बालहृदय निकट लोकगीति ढाँचाको प्रयोगका साथै बाल ग्राह्य भाषिक प्रयोग र बालोक्तितुल्य प्रतीत हुने रमणीय वर्णनात्मक प्रस्तुतिशैली माधव घिमिरेका निजी बाल कवितात्मक प्रवृत्ति हुन् भन्ने निष्कर्ष स्थापित हुन्छ । उनले रचेका 'घामपानी', 'कमिला रानी', 'पुतलीखेल', 'मै मिरिमिच्चे', 'सियो खोइ सियो', 'रडी', 'सयपत्री', 'छेपाराको आहान', 'भँगेरा र भँगेरी', 'सानु भाइ', 'सानी बहिनी मैना', 'लौरी', 'आए फुर्के फुर्की', 'टालाटली बटुली', 'बस बस माहुरी', 'नदी', 'लुकामारी' आदि बाल कविताहरू बालबालिकाका निम्ति निकै लोकप्रिय मानिएका छन् र तिनले नेपाली भाषाका विद्यालय तहका पाठ्यपुस्तकमा समेत स्थान पाएका छन् । यी सबै कुराका समष्टि परिप्रेक्ष्यमा माधव घिमिरेको बाल कवितात्मक सृजनशीलता निकै सशक्त छ र त्यसले उनको समष्टि कवित्वकै उचाइमा पनि उल्लेख्य मद्दत पुऱ्याएको छ भन्न सकिन्छ ।

## ६.४ भावी शोधकार्यका निम्ति सम्भाव्य शीर्षक

माधव घिमिरेका बाल कवितालाई विषय बनाई भावी दिनमा निम्नलिखित शीर्षकमा शोधकार्य गर्न सकिन्छ :

(क) नेपाली बाल कविताका परम्परामा माधव घिमिरेले गरेको योगदान ।

(ख) माधव घिमिरेका बाल कविताको संरचना

(ग) माधव घिमिरेका बाल कविता र अन्य कुनै प्रसिद्ध नेपाली बाल कविताका स्रष्टाका कविता बिचको तुलनात्मक अध्ययन ।